# सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था

(महालेखापरीक्षकको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

## २०८३

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

# सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था

(महालेखापरीक्षकको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

## २०८३




महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले आफूले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार ६३औं वार्षिक प्रतिवेदन २०८३ जेठ १ गते पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१)(क) देखि (घ) मा उल्लिखित विषय क्रमशः महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र आवश्यक अन्य कुराहरू वार्षिक प्रतिवेदनमा खुलाइएको छ। वार्षिक प्रतिवेदनमा सङ्गठित संस्था र सङ्घीय कानूनद्वारा तोकिएका संस्थाको लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा समावेश गरिएको छ। वार्षिक प्रतिवेदनमा समावेश गर्नुपूर्व लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइएको छ। लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका विषय सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीलाई जानकारी गराइएको र फर्स्यौंट हुन नसकेका विषय संस्थाको बोर्डसमेतलाई जानकारी गराउनको लागि लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्रमा समावेश गरिएको छ।

सार्वजनिक संस्थाहरूले सम्पादन गरेका काम कारवाही, सेवा प्रवाहलगायतका विषयको अतिरिक्त वित्तीय, व्यवस्थापकीय र उद्देश्य अनुरूप सम्पादन गरेका सेवामूलक कार्य र सोबाट प्राप्त उपलब्धी सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले जारी गरिएका लेखापरीक्षण प्रतिवेदनहरू र प्रमुख बेहोराको सारांश समावेश गरी यो सङ्गालो प्रकाशित गरिएको छ। प्रतिवेदनमा संस्थाका सञ्चालक समिति, संस्थाको स्वामित्व संरचना, वित्तीय तथा सम्पत्तिको अवस्था, आन्तरिक नियन्त्रण, जवाफदेहिता र पारदर्शीतालगायतका विषय रहेका छन्। यो वर्ष पूर्ण स्वामित्वको सङ्गठित संस्थातर्फ ४४ संस्थाको ५४ आर्थिक वर्षको रू.४६ खर्ब ८६ अर्ब ४१ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त अधिकांश स्वामित्वका ४० सङ्गठित संस्थाको ४६ आर्थिक वर्षको लेखापरीक्षण भएको छ।

लेखापरीक्षणबाट संस्थाले आफ्नो सम्पत्ति यकिन गरी प्रभावकारी व्यवस्थापन गर्न नसकेको, प्राप्त गर्नुपर्ने आम्दानी असुल नगरेको, संस्थाहरूको सञ्चालन नतिजा प्रभावकारी हुन नसकेको, सञ्चालकको सेवा सुविधा आफैंले निर्धारण गरेको, संस्थाले सहायक कम्पनीमा सञ्चालक खटाउँदा सरकारको स्वीकृति नलिएको, चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता नआएको, सरकार तथा अन्य निकायसँगको लेनदेन हिसाब मिलान हुन बाँकी रहेको, संस्थाहरू पूर्ण क्षमतामा सञ्चालन नरहेको, दायित्व सिर्जना भएकोमा कोषको पर्याप्त व्यवस्था नगरेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको लगायतका बेहोरा देखिएका छन्।

प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने लेखापरीक्षक, कर्मचारी तथा सार्वजनिक संस्थाका पदाधिकारी सबै प्रति धन्यवाद व्यक्त गर्दछु। साथै, प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सार्वजनिक संस्थाको आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

**(तोयम राया)**
**महालेखापरीक्षक**

# खण्ड-कः परिचय

## लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

**संवैधानिक तथा कानूनी व्यवस्था -** संविधानको धारा २४१(२) अनुसार पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने, त्यस्ता सङ्गठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तका सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानूनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

१. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोगमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निस्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदन उपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ भने अन्य सहायक उद्देश्यहरू देहायअनुसारका विषयमा मूल्याङ्कन एवम् विश्लेषण गरी प्रतिवेदन गर्ने रहेका छन्:

- उद्देश्य, नीति र कार्यक्रम कार्यान्वयन गरेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धी हासिल गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानूनको परिपालना गरेको एवम् पुष्टयाईं गर्ने यथेष्ट प्रमाण राखेको,
- हिसाब यथार्थपरक रहेको र वित्तीय विवरण तोकिएको ढाँचामा तयार भई कारोबारको यथार्थ चित्रण गरेको,
- आय र धरौटी असुली तथा दाखिला गरेको,
- सम्पत्तिको अभिलेख र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी जिन्सी तथा सार्वजनिक सम्पत्ति एवम् स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- सार्वजनिक संस्थाले जवाफदेहिता बहन गरेको।

२. **क्षेत्र** - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्वका संस्थाको लेखापरीक्षण तथा पचास प्रतिशतभन्दा बढी स्वामित्वका संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श महालेखापरीक्षकको क्षेत्राधिकार भित्र रहेका छन्। सङ्गठित संस्था, समिति, बोर्ड, कोष र प्राधिकरणसमेत कानूनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको संस्थाको २०८१।८२ को आर्थिक कारोबार र पेस भएसम्म बक्यौता कारोबारलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। सार्वजनिक संस्थाको वित्तीय कारोवार, आन्तरिक नियन्त्रण, सेवा प्रवाहमा जिम्मेवारी र जवाफदेहिताको विषय लेखापरीक्षणमा समेटिएको छ।

३. **पद्दति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, लेखापरीक्षणका आधारभूत सिद्धान्त, मान्यता, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन र अन्तर्राष्ट्रिय असल अभ्यासको अनुशरण गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र सोको अनुगमन गरिएको छ। जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवम् विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नमूना छनौट गरी नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ।

# खण्ड-खः लेखापरीक्षणबाट देखिएका बेहोरा

महालेखापरीक्षकले नियुक्ति गरेका वा महालेखापरीक्षकको परामर्शमा नियुक्ति भएका लेखापरीक्षकले अन्य कुराका अतिरिक्त सामान्यतः महालेखापरीक्षकले स्वीकृत गरी प्रकाशित गरेको निर्देशिका तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय सङ्गठनले प्रतिपादन गरेको स्वतन्त्रता र वस्तुपरकता, सक्षमता, उचित सतर्कता, सूचनाको गोपनीयता, लेखापरीक्षण योजना, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण कार्य योजना, अन्य लेखापरीक्षक तथा विशेषज्ञसँगको सम्बन्ध, लेखापरीक्षण व्यवस्थापन, सुपरिवेक्षण तथा पुनरावलोकन, प्रमाण अभिलेखाङ्कन, वित्तीय विवरणको विश्लेषण, ऐन नियमको पालना, लेखापरीक्षण समापन, लेखापरीक्षण कार्यपत्र फाइलको पुनरावलोकन, वित्तीय प्रतिवेदनसम्बन्धी र लेखापरीक्षणसम्बन्धी मान अनुरूपका सिद्धान्त अपनाई लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।

१. **लेखापरीक्षण अवस्था** – स्वीकृत वार्षिक लेखापरीक्षण योजनाअनुसार यो वर्ष देहायानुसार सङ्गठित संस्थाहरूको लेखापरीक्षण सम्पन्न भएको छ।

१.१. लेखापरीक्षण ऐन, २०७५ को दफा १० अनुसार नियुक्त बाह्य लेखापरीक्षक तथा कार्यालयको जनशक्तिसमेतबाट यो वर्ष पूर्ण स्वामित्व भएका ३८ संस्थाको ४७ आर्थिक वर्ष र सङ्घीय कानूनद्वारा तोकिएका ६ संस्थाको ७ आर्थिक वर्षसमेत ४४ संस्थाको ५४ आर्थिक वर्षको रू. ४६ खर्ब ८६ अर्ब ४१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

१.२. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ अनुसार सरकारी अधिकांश स्वामित्व भएका संस्थाको बक्यौतासमेत ४६ आर्थिक वर्षको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराइएको लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न भएको छ। उल्लेखित अधिकांश स्वामित्व भएका संस्थाहरुलाई लेखापरीक्षणबाट औंल्याइएका विषय कार्यान्वयन गर्ने सम्बन्धमा २०८३ बैशाख २१ मा लेखापरीक्षण ऐन, २०७५ को दफा ११(४) अनुसार निर्देशन दिइएको छ।

२. **लेखापरीक्षबाट देखिएका प्रमुख बेहोरा** – यो वर्ष पूर्ण स्वामित्व भएका ३८ र सङ्घीय कानूनद्वारा तोकिएका ६ संस्थाको लेखापरीक्षण सम्पन्न भएको र अधिकांश स्वामित्व भएको ४० संस्थाको लेखापरीक्षण गर्न परामर्श दिएकोमा लेखापरीक्षण सम्पन्न भई लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्रमा उल्लेखित बेहोरामध्ये सम्बन्धित सार्वजनिक निकायको जिम्मेवार तहबाट कानूनबमोजिम फर्स्यौंट नभई बाँकी रहेका प्रमुख बेहोरा देहायअनुसार उल्लेख गरिएको छ।

२.१. **सञ्चालक समिति** - नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थानबाट सहायक कम्पनीमा सञ्चालक नियुक्त वा मनोनयन हुँदा नेपाल सरकारको समन्वयमा निर्णय गरेको छैन। सरकारी स्वामित्वमा रहेका संस्थाले अन्य संस्थामा लगानी गर्दा यस्ता संस्थाबाट बहुसङ्ख्यक रूपमा बोर्डमा प्रतिनिधित्व गराएको छ। लेखापरीक्षणको प्रतिवेदन उपर सञ्चालक समितिमा छलफल गर्ने, जवाफ दिने लगायतका व्यवस्थामा सञ्चालक समिति सक्रिय नरहेको हुँदा संस्था सञ्चालनमा समस्या रहेको छ।

२.२. **स्वामित्व संरचना** - नेपाल सरकारले संस्थामा लगानी गर्दा सेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति छैन। संस्थाले सहायक कम्पनीको रूपमा नयाँ संस्था स्थापना गर्ने तथा त्यस्ता संस्थामा सर्व-साधारणलाई समेत सेयर दिनुपर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरको बारेमा अध्ययन नगरेको, कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लाबेग्लै सेयर स्वामित्व कायम गरी संस्था सञ्चालन रहेकोमा समग्रमा नेपाल सरकारकै भएकोले तदनुरूप ऐन, नियममा व्यवस्था भएको छैन।

२.३. **वित्तीय विवरण** - अधिकांश संस्थाको लेखा ढाँचा तथा अभिलेख प्रणालीलाई सफ्ट्वेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत गर्ने नगरेको, नेपाल लेखामानहरु, नोट, टिप्पणी, सम्पत्तिको ह्रासकट्टी, कर्मचारी दायित्वको लागि यकिन आधारबाट बीमाङ्कीय मूल्याङ्कन गरी दायित्व यकिन गरेका छैनन्।

२.४. **सम्पत्ति व्यवस्थापन** - सार्वजनिक संस्थाको सम्पत्ति यकिन गरी उपयोगको प्रभावकारी व्यवस्थापन गर्न नसकेको, संस्थाको सम्पत्तिको लगत यकिन गरी अभिलेख प्रणालीलाई व्यवस्थित नगरेको, पुराना सामग्री लिलाम बिक्री नगरेको, सम्पत्तिको स्वामित्व विवादलाई टुंगो नलगाएको, प्रयोगमा ल्याएको सफ्ट्वेयरको आवश्यकता तथा उपयोग, वार्षिक मर्मतसम्भार र साइबर सुरक्षामा ध्यान नपुगेको जस्ता बेहोरा देखिएका छन्।

२.५. **आन्तरिक नियन्त्रण –** सार्वजनिक संस्थाको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन एकीकृत नियन्त्रण प्रणाली लागू नगरेको, कर्मचारी दायित्वलगायत अन्य दायित्व भुक्तानीको लागि कोषसहितको पर्याप्त व्यवस्था नगरेको, सञ्चालक समिति तथा कर्मचारीको कार्य विवरणमा वित्तीय सुशासनको विषय समावेश नगरेको, अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको अवस्था देखिएको छ।

२.६. **वित्तीय व्यवस्थापन -** तलब, भत्ता, कार्यालय सञ्चालनलगायतका चालु प्रकृतिका कार्यमा बढ्दो खर्च, क्षमताको न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ। कतिपय संस्था विगतदेखि घाटामा सञ्चालन भएकोमा संस्था सुदृढीकरणको कार्य नगरेको कारण सरकारको लगानीको तुलनामा प्रतिफल न्यून रहेको छ। सरकारको तर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्याङ्कन एवम् लगानीको समीक्षा भएको छैन।

२.७. **जवाफदेहिता –** संस्थाहरुले समयमा लेखापरीक्षण नगराएको, लक्ष्यअनुसार प्रगति हासिल नभएको, हिसाब मिलान नगरेको, नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने रकम समयमा नबुझाएको, प्राप्त गर्नुपर्ने आम्दानी तथा नियमानुसार लाग्ने क्षतिपूर्ति असुल नगरेको लगायतका बेहोरा देखिएका छन्।

२.८. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने उल्लेख छ। लेखापरीक्षण प्रतिवेदनले औंल्याएका बेरूजुको अभिलेख राख्ने गरेका छैनन्। जिम्मेवार पदाधिकारीले लेखापरीक्षण प्रतिवेदन, सुझावहरू कार्यान्वयन नगरेकोले सोही बेहोरा पुनः दोहोरिने गरेका छन्। अतः अभिलेख व्यवस्थित गरी प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

३. **सञ्चालन नतिजा एवम् मुख्य बेहोरा -** पूर्ण स्वामित्व र अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षण प्रतिवेदनका मुख्य बेहोरा यसैसाथ संलग्न गरिएको छ।

४. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २५ मा लेखापरीक्षण नगराउने लेखासम्बन्धी कागजात पेस नगर्ने पदाधिकारी वा व्यक्तिलाई महालेखापरीक्षकले विभागीय कारवाहीलगायतका प्रचलित कानूनबमोजिम कारबाही गर्न लेखी पठाउन सक्ने र सम्बन्धित निकायले सम्बन्धित पदाधिकारी वा व्यक्तिलाई यथाशीघ्र कारबाही गरी जानकारी दिनुपर्ने व्यवस्था छ। कार्यालयबाट पटक पटक निर्देशन भएकोमा ३३ सङ्गठित संस्थाले ८९ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्। यो वर्ष पूर्ण स्वामित्व भएका २० संस्थाको ४१ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। उदयपुर सिमेन्ट उद्योग, नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, दुग्ध विकास संस्थान, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण नेपाल) लगायतको लेखापरीक्षण बक्यौता रहेको छ। त्यस्तै, नेपाल सरकारको अधिकांश स्वामित्व भएका १३ सङ्गठित संस्थाको ४८ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। राष्ट्रिय बीमा कम्पनी, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, विशाल बजार कम्पनी, अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, साझा प्रकाशन र नेपाल ओरिण्ड म्याग्नेसाइट प्राईभेट लिमिटेडलगायतको लेखापरीक्षण गर्न बाँकी छ। लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलब्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई आवश्यक कारबाही गर्नुपर्दछ। लेखापरीक्षण गर्न बाँकी सरकारको पूर्ण स्वामित्व रहेका संस्थाको विवरण अनुसूची २ र अधिकांश स्वामित्व रहेका संस्थाको विवरण अनुसूची २क मा उल्लेख गरिएको छ।

# विषयसूची


**महालेखापरीक्षकको भनाई**

**खण्ड-कः परिचय**

**लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति**

**खण्ड-ख लेखापरीक्षणबाट देखिएका बेहोरा**

**सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था** पाना नं.

**अर्थ मन्त्रालय**

१. निक्षेप तथा कर्जा सुरक्षण कोष..... १

२. नेपाल राष्ट्र बैङ्क..... ४

३. लेखापरीक्षणमान बोर्ड..... १२

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

४. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०८०।८१)..... १४

५. जनकपुर चुरोट कारखाना लिमिटेड ..... १८

६. जनकपुर चुरोट कारखाना लिमिटेड (२०८०।८१)..... २०

७. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७९।८०)..... २१

८. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७८।७९)..... २२

९. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७७।७८)..... २३

१०. धौवादी फलाम कम्पनी..... २४

११. नेपाल औषधि लिमिटेड..... २६

१२. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड..... २९

**ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय**

१३. अपर अरुण हाईड्रोइलेक्टिक लिमिटेड..... ३२

१४. उत्तर गंगा पावर कम्पनी लिमिटेड..... ३४

१५. तनहुँ हाईड्रोपावर लिमिटेड..... ३६

१६. तामाकोशी जलविद्युत कम्पनी लिमिटेड..... ३९

१७. दुधकोशी जलविद्युत कम्पनी लिमिटेड..... ४१

१८. नेपाल विद्युत प्राधिकरण..... ४३

१९. बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड..... ५२

२०. मोदी जलविद्युत कम्पनी लिमिटेड..... ५४

२१. रघुगंगा हाइड्रोपावर लिमिटेड..... ५६

२२. राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड..... ५८

२३. स्यार्पु पावर कम्पनी लिमिटेड..... ६१

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

२४. कानून किताव व्यवस्था समिति..... ६३

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

२५. कृषि सामग्री कम्पनी लिमिटेड ..... ६५

२६. कृषि सामग्री कम्पनी लिमिटेड (२०८०।८१)..... ६८

२७. दुग्ध विकास संस्थान (२०८०।८१)..... ७१

२८. स्यार्पु कृषि कम्पनी लिमिटेड..... ७४

**खानेपानी मन्त्रालय**

२९. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०८०।८१)..... ७६

३०. नेपाल खानीपानी संस्थान (२०८०।८१)..... ७९

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

३१. नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड..... ८२

**वन तथा वातावरण मन्त्रालय**

३२. नेपाल वन निगम लिमिटेड ..... ८४

३३. नेपाल वन निगम लिमिटेड (२०८०।८१)..... ८८

३४. वन पैदावर विकास समिति (२०८०।८१)..... ९०

**शहरी विकास मन्त्रालय**

३५. नगर विकास कोष..... ९२

३६. राष्ट्रिय आवास कम्पनी लिमिटेड..... ९५

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

३७. जनक शिक्षा सामग्री केन्द्र (२०८०।८१)..... ९८

**संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

३८. तारागाउँ विकास समिति (२०७९।८०)..... १०१

३९. नेपाल पर्यटन बोर्ड (२०७३।७४)..... १०४

४०. नेपाल पर्यटन बोर्ड (२०७२।७३)..... १०७

४१. नेपाल पर्यटन बोर्ड (२०७१।७२)..... १०९

४२. नेपाल पर्यटन बोर्ड (२०७०।७१)..... ११२

४३. नेपाल वायुसेवा निगम (२०८०।८१)..... ११५

४४. सांस्कृतिक संस्थान..... १२३

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

४५. नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण नेपाल) (२०७९।८०)..... १२५

४६. प्रेस काउन्सिल नेपाल..... १२८

४७. राष्ट्रिय समाचार समिति..... १३०

**सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्था** पाना नं.

**अर्थ मन्त्रालय**

४८. आर बि बि सेक्युरिटिज लिमिटेड..... १३२

४९. आर बि बि मर्चेन्ट बैङ्किङ..... १३३

५०. कृषि विकास बैङ्क..... १३४

५१. कोष व्यवस्थापन कम्पनी लिमिटेड..... १३५

५२. नागरिक स्टक डिलर कम्पनी लिमिटेड..... १३६

५३. नेपाल बैङ्क लिमिटेड..... १३७

५४. नेपाल स्टक एक्सचेन्ज लिमिटेड..... १३९

५५. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०८०।८१)..... १४१

५६. राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड (२०७४।७५ र २०७५।७६)..... १४२

५७. राष्ट्रिय बीमा कम्पनी लिमिटेड (२०७६।७७ र २०७७।७८)..... १४४

५८. राष्ट्रिय वाणिज्य बैङ्क ..... १४६
५९. विशाल बजार (२०७६।७७ र २०७७।७८) ..... १४९
६०. सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड ..... १५१

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

६१. नेपाल आयल निगम ..... १५३
६२. बुटवल धागो कारखाना लिमिटेड ..... १५६
६३. बुटवल धागो कारखाना लिमिटेड (२०८०।८१) ..... १५७
६४. विराटनगर जुट मिल्स (२०७८।७९) ..... १५८
६५. विराटनगर जुट मिल्स (२०७७।७८) ..... १५९
६६. विराटनगर जुट मिल्स (२०७६।७७) ..... १६०

## ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय

६७. अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड (२०८०।८१) ..... १६१
६८. एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड ..... १६२
६९. चिलिमे इन्जिनियरिङ्ग एण्ड सर्भिसेज कम्पनी लिमिटेड ..... १६३
७०. चिलिमे जलविद्युत कम्पनी ..... १६४
७१. चिलिमे सेती जलविद्युत कम्पनी ..... १६५
७२. चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड ..... १६६
७३. जगदूल्ला हाइड्रोपावर कम्पनी लिमिटेड ..... १६७
७४. त्रिशुली जलविद्युत कम्पनी लिमिटेड ..... १६८
७५. नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड ..... १७०
७६. नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड ..... १७१
७७. पावर ट्रान्समिसन कम्पनी लिमिटेड ..... १७२
७८. रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड ..... १७३
७९. रेमिट हाइड्रो लिमिटेड ..... १७४
८०. विद्युत उत्पादन कम्पनी लिमिटेड ..... १७५
८१. सल्लेरी च्याल्सा जलविद्युत कम्पनी ..... १७७
८२. सान्जेन जलविद्युत कम्पनी लिमिटेड ..... १७८
८३. सिम्बुवा रेमिट हाइड्रो लिमिटेड ..... १७९
८४. हाइड्रोइलेक्ट्रिसिटी इन्भेन्टमेन्ट एण्ड डेभेलप्मेन्ट कम्पनी लिमिटेड ..... १८०

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

८५. दोलखा दुग्ध उद्योग लिमिटेड ..... १८१

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

८६. साझा भण्डार सहकारी संस्था लिमिटेड ..... १८२
८७. साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड ..... १८३

## वन तथा वातावरण मन्त्रालय

८८. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड ..... १८४

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

८९. नेपाल डिजिटल पेमेन्ट्स कम्पनी ..... १८५
९०. नेपाल दुरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) ..... १८६

संघीय कानूनद्वारा तोकिएका संस्था पाना नं.

**अर्थ मन्त्रालय**

९१. कर्मचारी सञ्चय कोष..... १९०

९२. नागरिक लगानी कोष..... १९४

९३. नेपाल बीमा प्राधिकरण..... १९८

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

९४. नेपाल पशु चिकित्सा परिषद्..... २०२

९५. पशु स्वास्थ्य तथा पशु सेवा व्यावसायी परिषद् ..... २०४

९६. पशु स्वास्थ्य तथा पशु सेवा व्यावसायी परिषद् (२०८०।८१) ..... २०५

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

९७. गुठी संस्थान (२०७९।८०)..... २०६

**सुधार गर्नुपर्ने क्षेत्रहरू** २०८

**अनुसूची १ लेखापरीक्षण प्रतिवेदन**

सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था..... २१०

सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्था..... ४२५

संघीय कानूनद्वारा तोकिएका संस्था..... ६३५

**अनुसूची २: पूर्ण स्वामित्व भएका संस्थाको लेखापरीक्षण बक्यौता** ६५७

**अनुसूची २क: अधिकांश स्वामित्व भएका संस्थाको लेखापरीक्षण बक्यौता** ६५८

# सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था

# अर्थ मन्त्रालय

## निक्षेप तथा कर्जा सुरक्षण कोष

सर्वसाधारणको निक्षेप र कर्जाको संरक्षण गरी मुलुकको आर्थिक विकासको निमित्त बैकिङ्ग तथा वित्तीय प्रणालीप्रतिको विश्वसनीयता अभिवृद्धि तथा सर्वसाधारणको आर्थिक हित संरक्षण र संबर्धन गर्न निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ अन्तर्गत स्थापित यो कोषमा नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैङ्कको १० प्रतिशत सेयर स्वामित्व रहेको छ। कोषको केन्द्रीय कार्यालय एवं भरतपुर, विराटनगर, पोखरा, बुटवल, धनगढी, जनकपुर र सुर्खेतमा ७ शाखा कार्यालय रहेका छन्। कोषमा स्थायी ६० र करार १३ समेत ७३ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| अमूर्त सम्पत्ति | १५ | | ३१ | |
| सम्पत्ति, प्लाण्ट तथा उपकरण | ४१,६४ | | ४१,२२ | |
| स्थगन कर सम्पत्ति (खुद) | ७,१५ | | ४,९१ | |
| अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी | २ | | २ | |
| **वित्तीय सम्पत्ति** | | | | |
| लगानी | १,०८,०० | | ७५,३९ | |
| कर्मचारी कर्जा सापटी र स्थगन खर्च | ९,१९ | | ८,३२ | |
| **कुल गैर चालु सम्पत्ति** | | **१,६६,१५** | | **१,३०,१७** |
| अन्तिम मौज्दात (पशुधन सुरक्षण सामग्री) | १० | | ६ | |
| अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी | २८ | | ३९ | |
| आयकर सम्पत्ति (खुद) | ४७,७५ | | ४३,९४ | |
| लगानी | २६,२५,०० | | २४,४४,०० | |
| आसामी | ३,५१,३७ | | २,४२,९५ | |
| कर्मचारी कर्जा सापटी र स्थगन खर्च | २७ | | २६ | |
| नगद तथा बैङ्क मौज्दात | १,३०,०५ | | ४४,२८ | |
| **कुल चालु सम्पत्ति** | | **३१,५४,८२** | | **२७,७५,८८** |
| **कुल सम्पत्ति** | | **३३,२०,९७** | | **२९,०६,०५** |
| **पुँजी तथा दायित्व** | | | | |
| कर्मचारी अवकाश सुविधा दायित्व | ६४,७५ | | ६३,२८ | |
| **कुल गैर चालु दायित्व** | | **६४,७५** | | **६३,२८** |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | १,१८,५४ | | ६०,८७ | |
| कर्मचारी अवकाश सुविधा दायित्व | १,२७ | | ९१ | |
| **कुल चालु दायित्व** | | **१,१९,८१** | | **६१,७८** |
| **पुँजी** | | | | |
| सेयर पुँजी | १०,००,०० | | १०,००,०० | |
| अन्य पुँजी (सञ्चित मुनाफासमेत) | २१,३६,४१ | | १७,८०,९९ | |
| **कुल पुँजी** | | **३१,३६,४१** | | **२७,८०,९९** |
| **कुल पुँजी तथा दायित्व** | | **३३,२०,९७** | | **२९,०६,०५** |

गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति २७.६४ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६६ करोड १५ लाख र चालु सम्पत्ति १३.६५ प्रतिशतले वृद्धि भई रु.३१ अर्ब ५४ करोड ८२ लाख पुगेको छ। कुल सम्पत्ति १४.२८ प्रतिशतले वृद्धि भई रु.३३ अर्ब २० करोड ९७ लाख पुगेको देखिन्छ। गैर चालु दायित्व

२.३२ प्रतिशतले वृद्धि भई रु.६४ करोड ७५ लाख, चालु दायित्व ९३.९३ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १९ करोड ८१ लाख र कुल पुँजी १२.७८ प्रतिशतले वृद्धि भई रु.३१ अर्ब ३६ करोड ४१ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **सञ्चालन आम्दानी** | | | | |
| सुरक्षण शुल्कबापत आम्दानी | ४,८८,७६ | | ४,४३,६५ | |
| दाबी भुक्तानी तथा सुरक्षण खर्च | (५६,२९) | | (५४,१६) | |
| **कुल सञ्चालन आम्दानी** | | **४,३२,४७** | | **३,८९,४९** |
| ब्याज आम्दानी | १,३५,४४ | | २,०७,८८ | |
| अन्य आम्दानी | ७,३६ | | ४,३३ | |
| **कुल ब्याज तथा अन्य आम्दानी** | | **१,४२,८०** | | **२,१२,२२** |
| **कुल आम्दानी** | | **५,७५,२७** | | **६,०१,७१** |
| **प्रशासनिक तथा अन्य खर्च** | | | | |
| कर्मचारी सम्बन्धी खर्च | (१०,२८) | | (८,६५) | |
| ह्रास कट्टी तथा परिशोधन खर्च | (१,७२) | | (१,६२) | |
| अन्य सञ्चालन खर्च | (६,५८) | | (३,६७) | |
| **कुल प्रशासनिक तथा अन्य खर्च** | | **(१८,५८)** | | **(१३,९५)** |
| **आयकर, बोनस अघिको मुनाफा** | | **५,५६,६९** | | **५,८७,७६** |
| कोषमा भएको व्यवस्था फिर्ता | – | | ९४ | |
| **आयकर तथा बोनस अघिको मुनाफा/(नोक्सान)** | | | | **५,८८,७०** |
| बोनस खर्च | ५,५७ | | | ५,८९ |
| **आयकर अघिको मुनाफा/(नोक्सान)** | | **५,५१,१२** | | **५,८२,८१** |
| चालु कर खर्च | १,६५,९९ | | १,७४,६२ | |
| विगत वर्षको कर व्यवस्थाबाट फिर्ता | ५१,३६ | | (५८,०६) | |
| स्थगन कर खर्च/(आम्दानी) | (२,७८) | | ७३ | |
| **कुल कर खर्च** | | **२,१४,५७** | | **१,१७,२९** |
| **खुद मुनाफा/(नोक्सान)** | | **३,३६,५५** | | **४,६५,५२** |

गत वर्षको तुलनामा यस वर्ष सञ्चालन आम्दानी ११.०३ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ३२ करोड ४७ लाख पुगेकोमा प्रशासनिक तथा अन्य खर्च ३३.१९ प्रतिशतले वृद्धि भई रु.१८ करोड ५८ लाख पुगेकोले खुद मुनाफामा २७.७ प्रतिशतले कमी आई रु.३ अर्ब ३६ करोड ५५ लाख पुगेको छ।

३. **सुरक्षण शुल्क -** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २१(१) र दफा १९(३) मा सुरक्षित सदस्य संस्थाले बुझाउनुपर्ने वार्षिक सुरक्षण शुल्क कोषद्वारा तोकिएबमोजिम हुने र सुरक्षित निक्षेप रकमको मूल्याङ्कन गर्दा निक्षेप खातामा रहेको साँवा र सोमा आर्जित ब्याजसमेत गणना गर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूले कतिपय मुद्दती निक्षेपको सुरक्षण शुल्क गणना गर्दा आर्जित ब्याज समावेश गरेको देखिएन। यसबाट वास्तविक निक्षेप रकमभन्दा कम रकममा सुरक्षण शुल्कको गणना भएको र कोषको सुरक्षण शुल्क आम्दानीमा कमी भएको पाइयो। यस सम्बन्धमा विगतका प्रतिवेदनमा औल्याएकोमा स्थिति यथावत् छ।

४. **निक्षेप सुरक्षण जोखिम कोष -** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९ मा वार्षिक कुल निक्षेप सरक्षण शुल्कको अधिकतम २० प्रतिशतसम्म प्रशासनिक खर्च गरेर बाँकी रहेको रकम अन्य प्रयोजनमा खर्च गर्न नपाउने गरी निक्षेप सुरक्षण जोखिम कोषको व्यवस्था गरिएको छ। यो वर्ष ५५ बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सुरक्षण रु.१५ खर्ब ७९ अर्ब ५ करोड २४ लाख रहेकोमा 'क' वर्गका बैङ्क तथा वित्तीय

संस्थाको मात्र औसत निक्षेप सुरक्षण रु.६९ अर्ब ३० करोड १ लाख हुने देखिन्छ। निक्षेप सुरक्षण जोखिम कोषमा रु.१२ अर्ब २१ करोड ६६ लाख रहेकोले 'क' वर्गको बैंकको औषत निक्षेप संरक्षण रकमभन्दा रु.५७ अर्ब ८ करोड ३५ लाख उक्त कोषमा कम रहेको देखिन्छ। कोषले निक्षेप सुरक्षणअन्तर्गत बिमाङ्कीय मूल्याङ्कन गराई सोको आधारमा भविष्यमा आउन सक्ने निक्षेप सुरक्षण दाबी भुक्तानीको लागि पर्याप्त हुने गरी कोषको रकम व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. **कर्जा सुरक्षा दायित्व -** कर्जा सुरक्षा दायित्व यकिन गर्न बिमाङ्कीय मूल्याङ्कन गर्नुपर्दछ। यो वर्ष कर्जा सुरक्षणको अधिकतम दायित्व रु.२ खर्ब ५० अर्ब ३५ करोड ८४ लाख रहेकोमा सो को ३.७३ प्रतिशतले हुने रु.९ अर्ब ३४ करोड २५ लाख कर्जा सुरक्षण कोषमा व्यवस्था गरेको छ। यो वर्षको कर्जा सुरक्षणको अधिकतम दायित्वको आधार तथा गत वर्षको वास्तविक खर्चको आधारमा दायित्वको बिमाङ्कीय मूल्याङ्कन गरी कर्जा सुरक्षण दाबी भुक्तानीको लागि दायित्व व्यवस्था मिलाउनुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २१० देखि २१२ मा संलग्न छ।**

# नेपाल राष्ट्र बैङ्क

नेपालको केन्द्रीय बैङ्कको रूपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत २०१३ सालमा यस बैङ्कको स्थापना भएको हो। हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कले नोट तथा सिक्का निष्कासन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय काठमाडौं र उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगन्ज, पोखरालगायत ८ प्रादेशिक कार्यालयमा १ हजार १९७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा बैङ्क मौज्दात | १,९५,५२,२६ | | १,३१,६५,८४ | |
| आईएमएफ सम्बन्धित सम्पत्ति | २३,५५,२१ | | २३,९९,१८ | |
| विदेशी बैङ्कमा सावधिक निक्षेप | ५,६१,७७,७२ | | ५,९८,५०,८५ | |
| विदेशी सेक्युरिटीमा लगानी | १६,६८,२७,६० | | ११,२७,७४,१९ | |
| **कुल वित्तीय विदेशी मुद्रा सम्पत्ति** | **२४,४९,१२,७९** | | **१८,८१,९०,०६** | |
| **गैर वित्तीय विदेशी मुद्रा सम्पत्ति** | | | | |
| सुन प्रमाणपत्रमा लगानी | १,१८,१९,३५ | | ८३,३२,२४ | |
| **कुल विदेशी मुद्रा सम्पत्ति** | | **२५,६७,३२,१४** | | **१९,६५,२२,३०** |
| **स्थानीय मुद्रा वित्तीय सम्पत्ति** | | | | |
| बैङ्क मौज्दात | ८४ | | ६२ | |
| सरकारी सेक्युरिटीमा लगानी | १५,१८,५३ | | २३,०४,७२ | |
| बण्ड तथा सावधिक निक्षेपमा लगानी | ६,८२,२५ | | ७,३८,११ | |
| पेस्की तथा सरकारबाट प्राप्त हुने प्राप्ति | २६,०६ | | १,९४,६७ | |
| बैङ्क तथा वित्तीय संस्थालाई ऋण तथा पेस्की | ११,८२ | | ११,८४ | |
| अन्य ऋण तथा पेस्की | ९,१४,४७ | | ९,३९,९७ | |
| इक्विटी लगानी | ५,००,५७ | | ४,३०,२८ | |
| अन्य प्राप्ति | २१ | | १७ | |
| **कुल स्थानीय मुद्रा (वित्तीय सम्पत्ति)** | **३६,५४,७५** | | **४६,२०,३८** | |
| **स्थानीय मुद्रा (गैर वित्तीय सम्पत्ति)** | | | | |
| सुन तथा चाँदी सम्पत्ति | ५५,४१,६६ | | ४४,००,३५ | |
| जिन्सी मौज्दात | १,९२,२३ | | १,४४,९८ | |
| सम्पत्ति, जायजेथा र उपकरण | ६,३०,९३ | | ६,४३,८० | |
| अमूर्त सम्पत्ति | ३,५३ | | ४,३३ | |
| अन्य सम्पत्ति | ३,६८,७१ | | ३,६६,३० | |
| **कुल स्थानीय मुद्रा गैर वित्तीय सम्पत्ति** | **६७,३७,०६** | | **५५,५९,७६** | |
| **कुल स्थानीय मुद्रा सम्पत्ति** | | **१,०३,९१,८१** | | **१,०१,८०,१४** |
| **कुल सम्पत्ति** | | **२६,७१,२३,९५** | | **२०,६७,०२,४४** |
| **दायित्व** | | | | |
| **विदेशी मुद्रा वित्तीय दायित्व** | | | | |
| बैङ्क तथा वित्तीय संस्थाको निक्षेप | १०,४९,३६ | | १२,८६,८९ | |
| आईएमएफ सम्बन्धित दायित्व | ४१,२३,७७ | | ३८,९५,३४ | |
| **कुल विदेशी मुद्रा वित्तीय दायित्व** | **५१,७३,१३** | | **५१,८२,२३** | |
| **स्थानीय मुद्रा वित्तीय दायित्व** | | | | |

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| भुक्तानी गर्नुपर्ने बिल | ५,४२ | | ११,१७ | |
| बैङ्क तथा वित्तीय संस्थाको निक्षेप | ३,८८,६३,५६ | | २,९०,७१,८३ | |
| सरकारको निक्षेप | ७०,८३,७१ | | ६३,९५,३४ | |
| अन्य संस्थाको निक्षेप | १२,५०,२१ | | २०,०६,३२ | |
| चलन चल्तीमा रहेको मुद्रा | ७,५०,११,२४ | | ६,८०,०४,८८ | |
| बैङ्क तथा वित्तीय संस्थालाई दिन बाँकी रकम | ६,५४,०५,०० | | ३,५५,४५,०० | |
| आईएमएफ सम्बन्धित दायित्व | १२,४६,४८ | | ११,८५,९० | |
| सरकारलाई तिर्नुपर्ने बचत रकम | ४२,००,०० | | ३७,२२,३८ | |
| अन्य दायित्व | २,०२,७० | | १,५९,२६ | |
| **कुल स्थानीय मुद्रा वित्तीय दायित्व** | **१९,३२,६८,३२** | | **१४,६१,०२,०८** | |
| पेन्सन तथा अन्य रोजगारी सम्बन्धी दायित्व रकम | १०,७९,८७ | | ५,३६,३२ | |
| **कुल स्थानीय मुद्रा दायित्व** | **१९,४३,४८,१९** | | **१४,६६,३८,४०** | |
| **कुल दायित्व** | | **१९,९५,२१,३२** | | **१५,१८,२०,६३** |
| **इक्विटी** | | | | |
| पुँजी | ५,००,०० | | ५,००,०० | |
| सञ्चित कोष | ६,७१,०२,६३ | | ५,४३,८१,८१ | |
| **कुल इक्विटी** | | **६,७६,०२,६३** | | **५,४८,८१,८१** |
| **कुल दायित्व र इक्विटी** | | **२६,७१,२३,९५** | | **२०,६७,०२,४४** |

गत वर्षको तुलनामा यस वर्ष विदेशी मुद्रा सम्पत्ति ३०.६४ प्रतिशतले वृद्धि भई रु.२५ खर्ब ६७ अर्ब ३२ करोड १४ लाख र स्थानीय मुद्रा सम्पत्ति २.०७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३ अर्ब ९१ करोड ८१ लाख पुगेको छ।कुल दायित्व ३१.४१ प्रतिशतले वृद्धि भई रु.१९ खर्ब ९५ अर्ब २१ करोड ३२ लाख र इक्विटी २३.१८ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ७६ अर्ब २ करोड ६३ लाख पुगेको छ। कुल सम्पत्ति तथा दायित्व गत वर्षको तुलनामा २९.२३ प्रतिशत वृद्धि भई रु.२६ खर्ब ७१ अर्ब २३ करोड ९५ लाख पुगेको छ।

गत वर्षको तुलनामा बैङ्क तथा वित्तीय संस्था र लघुवित्तसमेतको निक्षेप यस वर्ष ३३.६८ प्रतिशत वृद्धि भई रु.३ खर्ब ८८ अर्ब ६३ करोड पुगेको छ। बैङ्क तथा वित्तीय संस्थामा तरलता बढी भएका कारण निक्षेप वृद्धि भएको देखिन्छ।बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी दिन बाँकी रकम यस वर्ष ८४.०१ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ५४ अर्ब ५ करोड पुगेको छ। बैङ्क तथा वित्तीय संस्थामा भएको अधिक तरलतालाई व्यवस्थापन गर्न नेपाल राष्ट्र बैङ्कले बोलकबोल मार्फत सङ्कलन गरेको रकम वृद्धि भएको कारणले सो रकम वृद्धि भएको देखिन्छ। विदा भुक्तानी, पेन्सन तथा उपदान व्यवस्था र कर्मचारी मेडिकल योगदानकोष आदिमा वृद्धि भएको कारणले सो बापतको दायित्व १०१.३४ प्रतिशत वृद्धि भई रु.१० अर्ब ७९ करोड ८७ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा** -बैङ्कको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **विदेशी मुद्रा आय र व्यय** | | | | |
| विदेशी मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी | ९६,१६,७२ | | ७९,७८,५२ | |
| विदेशी मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च | (१,३५,२५) | | (१,६१,९०) | |
| **खुद विदेशी मुद्रा आय** | | **९४,८१,४७** | | **७८,१६,६२** |
| **स्थानीय मुद्रा आय र व्यय** | | | | |

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| स्थानीय मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी | १,६२,७३ | | ३,३३,६३ | |
| स्थानीय मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च | (९,१३,२३) | | (२,१८,६०) | |
| **खुद स्थानीय मुद्रा आय** | | **(७,५०,५०)** | | **१,१५,०३** |
| **कुल ब्याज आम्दानी** | | **८७,३०,९७** | | **७९,३१,६५** |
| शुल्क र कमिशन आम्दानी | १,८२ | | १२,०७ | |
| सुनबाट प्राप्त आम्दानी | ५३,७२ | | ४२,२३ | |
| विदेशी मुद्रा सटही कारोबारबाट भएको नाफा/(नोक्सान) | (८,९१) | | (२५,७३) | |
| अन्य आय | ९९,७१ | | ९२,०७ | |
| शुल्क र कमिशन खर्च | (६,१३) | | (९,२४) | |
| **कुल अन्य आय** | | **१,४०,२१** | | **१,११,४०** |
| सम्भावित कर्जा(नोक्सान)/ वित्तीय सम्पत्तिमा नाफा | (२४,४३) | | | (१८,५८) |
| **खुद सञ्चालन आय** | | **८८,४६,७५** | | **८०,२४,४७** |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | ५,०६,३४ | | ३,८७,३० | |
| नोट मुद्रण खर्च | ७७,३६ | | ४१,०९ | |
| प्रशासनिक खर्च | १,६६,२७ | | १,८१,५८ | |
| मूल्य ह्रास, परिशोधन र क्षयीकरण खर्च | ४८,५२ | | ३८,२७ | |
| **कुल सञ्चालन खर्च** | | **७,९८,४९** | | **६,४८,२४** |
| **पुनःमूल्याङ्कन अघिको नाफा/(नोक्सान)** | | **८०,४८,२६** | | **७३,७६,२३** |
| सुन र चाँदीको पुनःमूल्याङ्कन नाफा/(नोक्सान) | ४६,८८,६७ | | | २६,५९,६० |
| खुद विदेशी मुद्रा सटही पुनःमूल्याङ्कन नाफा/(नोक्सान) | ४५,०३,०० | | | १४,९९,५४ |
| **खुद नाफा/(नोक्सान)** | | **१,७२,३९,९३** | | **१,१५,३५,३७** |

गत वर्षको तुलनामा यस वर्ष खुद विदेशी मुद्रा आय २१.३० प्रतिशतले वृद्धि भइ रु.९४ अर्ब ८१ करोड ४७ लाख पुगेको छ। खुद स्थानीय मुद्रा आय गत वर्ष रु.१ अर्ब १५ करोड ३ लाख रहेकोमा ब्याज आम्दानीभन्दा ब्याज खर्च बढी भएकोले रु.७ अर्ब ५० करोड ५० लाखले ऋणात्मक रहेको छ। कुल ब्याज आम्दानी १०.०८ प्रतिशतले वृद्धि भई रु.८७ अर्ब ३० करोड ९७ लाख पुगेको छ। अन्य आय २५.८६ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ४० करोड २१ लाख पुगेको छ। खुद नाफा ४९.४५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ७२ अर्ब ३९ करोड ९३ लाख पुगेको छ। खुद नाफामा विदेशी मुद्राको ब्याजबाट प्राप्त आम्दानीको हिस्सा ५५ प्रतिशत रहेको देखिन्छ।

३. **मौद्रिक नीति** - नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम बैङ्कको मुख्य उद्देश्य आर्थिक स्थायित्व हासिल र अर्थतन्त्रको दिगो विकास गर्न तथा मूल्य र शोधनान्तर स्थिरता कायम गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने रहेको छ। यो वर्ष मुद्रास्फिति ५ प्रतिशत भित्र कायम राख्ने, भारित औसत अन्तर बैङ्क ब्याजदरलाई ३ देखि ६.५ प्रतिशतभित्र राख्ने लक्ष्य रहेकोमा यो वर्षको औसत मुद्रास्फिति ४.०६ प्रतिशत, वार्षिक औसत अन्तर बैङ्क ब्याजदर २.९६ प्रतिशत कायम भएको छ। यो वर्ष विस्तृत मुद्रा प्रदायकको वृद्धि दर १२ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धि दर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण रहेकोमा वार्षिक बिन्दुगत आधारमा वर्षको अन्तमा विस्तृत मुद्रा प्रदायक १२.५० प्रतिशतले विस्तार भएको र कर्जा मागमा कमी हुन गई निजी क्षेत्रमा प्रवाह गरिएको कर्जाको वृद्धिदर ८.४ प्रतिशतमा सीमित रहेको छ। मौद्रिक नीतिको लक्ष्य पूरा हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

४. **सुपरिवेक्षण** - नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम १७(२) मा सुपरिवेक्षण कार्यको लागि बैङ्क तथा वित्तीय संस्थाको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकको सङ्ख्या निर्धारण गर्नुपर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूको आकार तथा प्रकृतिको

आधारमा वर्गीकरण गरी सुपरिवेक्षण गर्न खटाउनु पर्नेमा सोअनुसार जनशक्ति परिचालन गरेको देखिएन। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण गरी तयार गरेको २०८१।८२ को प्रतिवेदनअनुसार वाणिज्य बैङ्कहरूसम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

४.१. राष्ट्र बैङ्कको सुपरिवेक्षण प्रतिवेदनमा वाणिज्य बैङ्कहरूमा जोखिम व्यवस्थापन पर्याप्त नरहेको, संस्थागत सुशासन कमजोर रहेको, कर्जा नोक्सानीको व्यवस्था पर्याप्त नगरिएको, प्रिमियम दर वृद्धि गरी ब्याज असुल गरिएको, क्यापिटल एडेक्वेसी फ्रेमवर्क, २०१५ बमोजिम केही कर्जाहरूको जोखिम भारित सम्पत्तिलाई कम देखाई पुँजीकोष पर्याप्तताको यथार्थ विवरण पेस नगरिएको, मौज्दात निरीक्षण र आसामीको प्रमाणीकरण कमजोर रहेको जस्ता बेहोरा उल्लेख छन्। उल्लिखित अवस्थाले वाणिज्य बैङ्कहरूको ऋण व्यवस्थापन कमजोर रहेको देखिन्छ।

४.२. सुपरिवेक्षण सूचना प्रणाली कार्यान्वयन कार्ययोजना, २०२२ का प्रावधान २०२५ सम्म पूर्णरूपमा कार्यान्वयन हुनुपर्नेमा तोकिएको समयसीमाभित्र पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। हालसम्म सुपरिवेक्षण सूचना प्रणाली पोर्टलमार्फत केवल दुई वटा दैनिक प्रतिवेदन मात्र तयार गर्रिदै आएकोमा अन्य पाक्षिक, मासिक तथा त्रैमासिक प्रतिवेदनमा नेपाल राष्ट्र बैङ्कको विद्यमान रिपोर्टिङ पोर्टल नै प्रयोग भएको देखिन्छ।

४.३. बैङ्कहरूको सुपरिवेक्षण गर्दा बासेल कोर प्रिन्सिपलको सिद्धान्त २४ अनुसार बैङ्कका सहायक र सम्बद्ध कम्पनीहरूमा निहित जोखिमहरूको मूल्याङ्कन गरेको देखिएन। समूहव्यापी जोखिमहरूको पहिचान र व्यवस्थापन गरी वित्तीय प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ।

४.४. डिजिटल बैङ्किङको विस्तारसँगै साइबर सुरक्षाका चुनौतीहरूसमेत तीव्र रूपमा बढिरहेको अवस्था छ। सुपरिवेक्षण विभागले यो वर्ष ४ वाणिज्य बैङ्कमा जोखिममा आधारित सूचना प्रविधि तथा साइबर जोखिम निरीक्षण गर्ने योजना रहेकोमा ३ वाणिज्य बैङ्कमा मात्र सुपरिवेक्षण कार्य सम्पन्न गरेको पाइयो।

४.५. नेपाल राष्ट्र बैङ्कको २०८१।८२ को निर्देशिकाअनुसार राष्ट्र बैङ्कले प्रारम्भिक निरीक्षण प्रतिवेदनमा उल्लिखित आवश्यक अनुपालनहरू कार्यान्वयन भएको सुनिश्चित गरेर मात्र बैङ्कहरूलाई साधारण सभा सञ्चालन तथा लाभांश घोषणा गर्न स्वीकृति प्रदान गर्नुपर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको प्रारम्भिक निरीक्षण प्रतिवेदनमा एक बैङ्कको कर्जा नोक्सानी व्यवस्था रु.८४ करोड ३९ लाख थप गर्न बैङ्किङ सुपरिवेक्षण विभागअन्तर्गतको स्थलगत निरीक्षण महाशाखाले निर्देशन गरेकोमा सोही विभाग अन्तर्गतको गैर स्थलगत निरीक्षण महाशाखाले सो को सम्बोधनबेगर साधारण सभा सञ्चालन र वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत दिएकोले उक्त बैङ्कको वास्तविक नाफा रु.१० करोड २८ लाख हुनुपर्नेमा रु.९४ करोड ६७ लाख देखिएको छ। यसरी स्वीकृति दिने व्यक्तिलाई जिम्मेवार बनाउनुपर्दछ।

४.६. बैङ्क तथा वित्तीय संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण पश्चात् तयार गरीएका अन्तिम निरीक्षण प्रतिवेदनहरू सञ्चालक समितिबाट स्वीकृत भई कार्यान्वयनका लागि सम्बन्धित संस्थाहरूमा पठाउने गरिएको छ। स्वचालित अनुगमन प्रणालीको अभावमा उक्त प्रतिवेदनमा औंल्याइएका विषयको पालना र फर्स्यौंट हुन बाँकी विषयहरू भौतिक फाइलमा सीमित रहेकोले अनुगमनपश्चात् दिइएका निर्देशन पालना स्थितिको अनुगमन प्रणाली स्वचालित बनाउनुपर्दछ।

४.७. नेपाल राष्ट्र बैङ्कबाट "घ" वर्गको इजाजत प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.३/०८१ को बुँदा नं. २ ग मा विपन्न तथा न्यून आय भएका समूहमा आबद्ध भएका वा नभएका व्यक्तिहरूलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रतिव्यक्ति बढीमा ७ लाख रुपैयासम्म लघुकर्जा उपलब्ध गराउने र समूहमा आबद्ध भएको सदस्यलाई एकै अवधिमा समूह कर्जामा वा धितो कर्जामध्ये कुनै एक कर्जा मात्र प्रवाह गर्न सकिने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको निर्देशन विपरीत एक लघुवित्तले ६ ऋणीलाई एकै अवधिमा समूह कर्जा तथा धितो कर्जाबापत रु.३८ लाख ३१ हजार दिएकोले कर्जा नोक्सानी बापत रु.८ लाख ८ हजार व्यवस्था गर्न निर्देशन दिएकोमा

सोही प्रकृतिका कैफियत देखिएको अर्को एक लघुवित्तले प्रवाह गरेका १४ ऋणीको हकमा सुपरिवेक्षण प्रतिवेदनमा रकम नखुलाई निर्देशिका पालना गर्न मात्र आदेश दिएको छ।

नेपाल राष्ट्र बैङ्कको निर्देशन नं.२/०८१ बुँदा नं. ७(ग) अनुसार परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीहरूलाई कर्जा चुक्ता गर्न पेरेको कठिनाइ दृष्टिगत गरी आवश्यकता र औचित्यताको आधारमा एक पटकको लागि कर्जा पुनर्तालिकीकरण वा पुनसंरचना गर्न सकिने व्यवस्था रहेकोमा उपरोक्त प्रावधान विपरीत एक लघुवित्तले १४७ ऋणीलाई पटक पटक रु.१ करोड ३३ लाख ४ हजारको कर्जा पुनर्तालिकीकरण गरेकोमा सो अनुसारको कैफियत नदोहोरिने प्रणाली विकास गर्न निर्देशन दिएकोमा अर्को एक लघुवित्तले ९४६ ऋणीको पटक पटक रु.१४ करोड १३ लाख ६७ हजारको कर्जा पुनर्तालिकीकरण गरेकोमा कर्जामा थप रु.३ करोड ५९ लाख ५० हजार नोक्सानी व्यवस्था गर्न निर्देशन दिएकोले निर्देशनमा एकरूपता कायम भएको देखिएन। यसरी राष्ट्र बैङ्कले जारी गरेको एकीकृत निर्देशनको एकै प्रकृतिको प्रावधान उल्लङ्घनको निर्देशनमा एकरूपता नरहेको, कर्जा सुविधा बारम्बार पुनर्संरचना गरिएको त्रुटिका लागि एक संस्थालाई प्रणालीगत सुधारको निर्देशन दिएको र अर्को संस्थालाई थप कर्जा नोक्सानी व्यवस्था कायम गर्न निर्देशन दिएकोले निर्देशनहरूमा एकरूपता नदेखिएकाले एकरूपता कायम गर्नुपर्दछ।

४.८. रेमिट्यान्स विनियमावली, २०७९ को विनियम ९(क) र ९(ख) मा इजाजतप्राप्त रेमिट्यान्स कम्पनीहरूले रेमिट्यान्स कारोबार सञ्चालन गर्दा रेमिट्यान्स रकम अनिवार्य रूपमा बैङ्किङ प्रणाली मार्फत विदेशी मुद्रामा प्रि-फन्डिङको रूपमा नेपाल भित्र्याउनुपर्ने व्यवस्था रहेको र रेमिट्यान्स रकम प्रि-फन्डिङको रूपमा प्राप्त नभई नेपालस्थित लाभग्राहीलाई भुक्तानी गरीसकेपछि मात्र सेटलमेन्टको रूपमा प्राप्त हुने अवस्था भएमा, त्यस्तो रकमको हकमा विदेशी बैङ्कबाट पूर्ण भुक्तानी रकम बराबरको निसर्त ग्यारेन्टी लिनुपर्ने वा सम्बन्धित विदेशी संस्थाबाट विदेशी मुद्रामा नगद धरौटी प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ। एक रेमिट कम्पनीले सन् २०२२ देखि विदेशी बैङ्कको जमानतबेगर पोस्ट-फन्डिङआधारमा रेमिट्यान्स कारोबार सञ्चालन गरिरहेको र अर्को रेमिट कम्पनीलगायतका २५ संस्थामध्ये ४ संस्थाको लेखापरीक्षण गरिएको वित्तीय विवरणको विश्लेषण गर्दा विदेशी रेमिट्यान्स साझेदारहरूसँग रु.१ अर्ब ६१ करोड ७४ लाख रकम प्राप्त गर्न बाँकी रहेको देखिन्छ। विदेशी मुलुकमा रकम राख्ने तथा मनी लाउन्डरिङसम्बन्धी जोखिम कम गर्न अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

४.९. बैङ्कको सञ्चालक समितिको २०८०।१०।१० को निर्णयअनुसार सहुलियतपूर्ण कर्जा, व्यवसाय निरन्तरता कर्जा तथा पुर्नकर्जाको दुरूपयोगसम्बन्धी छानबिन, असुली तथा कारबाही गर्न सुपरिवेक्षण विभागलाई निर्देशन दिइएकोमा उक्त निर्देशन करिब ७ महिना ढिला कार्यान्वयन गरिएको छ। विभागले तयार पारेको प्रतिवेदन अनुसार, स्वतन्त्र परामर्शदाताले पहिचान गरेका कुल रु.७ अर्ब ९८ करोड रकमको ७ हजार ७६५ ऋणीको कैफियतमध्ये ८०२ ऋणीको कैफियत मात्र सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले स्वीकार गरेका छन्। सोबाट २०८२ माघसम्म रु.१३ करोड १३ लाख फिर्ता गरेको र रु.५४ लाख ९० हजार फिर्ता हुन बाँकी रहेको छ। दुरूपयोग भएको कुल कर्जा रकमको विवरण सो प्रतिवेदनमा समावेश नभएको र अस्वीकार गरिएका विषयहरूको स्थलगत निरीक्षणमार्फत पुनः परीक्षणसमेत भएको छैन। स्वतन्त्र परामर्शदाताले कुल ऋणीमध्ये १८.३४ प्रतिशत नमुनाको परीक्षण गरेको देखिएकाले कर्जा दुरूपयोगको सम्भावना न्यून गर्न नमुना परीक्षणको दायरा बढाउनुपर्दछ।

५. **कानुनी अस्पष्टता -** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १५(४) अनुसार उपदफा (३) बमोजिम कुनै उद्योगमा वैदेशिक लगानीको कारणबाट स्वामित्व संरचनामा परिवर्तन भएमा त्यस्तो उद्योगले सोको जानकारी उद्योग विभाग र नेपाल राष्ट्र बैङ्कलाई दिनुपर्ने र सोको अभिलेख उद्योग विभागले राख्नुपर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको वैदेशिक लगानी तथा वैदेशिक ऋण व्यवस्थापन विनियमावली, २०२१, को विनियम ४(३) अनुसार केही अपवाद बाहेक सेयर स्वामित्वमा परिवर्तन हुने गरी वैदेशिक लगानी ल्याउनु वा वैदेशिक मुद्रा पठाउनुअघि नेपाल राष्ट्र बैङ्कबाट पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। उक्त

व्यवस्था वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनसँग मेल खाएको नदेखिएकाले विनियमावली संसोधन गरी एकरूपता कायम गर्नुपर्दछ।

५.१. नेपाल राष्ट्र बैङ्कले वैदेशिक लगानीको अभिलेख व्यवस्थित रूपमा राख्नुपर्दछ। एक कम्पनीले वैदेशिक लगानी अभिलेख गर्न २०७९।६।२५ मा आवेदन पेस गरेकोमा बैङ्कको सम्बन्धित विभागले सो कम्पनीको नियन्त्रण परिवर्तनसँग सम्बन्धित पुँजीगत लाभकर र अन्य सम्बन्धित करका विषयमा स्पष्टीकरण पेस नभएको बेहोरा जनाई लगानीको अभिलेख राखेको देखिएन। वैदेशिक लगानीको अभिलेखीकरणलाई सरलीकृत तथा व्यवस्थित गर्नुपर्दछ।

५.२. एक पब्लिक लिमिटेड कम्पनीको वैदेशिक लगानी लेखाङ्कन सम्बन्धमा कम्पनीको स्वामित्वमा भएको परिवर्तन, ऋण तथा ब्याजलाई सेयरमा रूपान्तरण तथा स्वदेशी र विदेशी लगानीकर्ताबिच सेयर हस्तान्तरण आदिको समीक्षापश्चात् व्यवस्थापन समितिको २०८१।५।१६ को बैठकले सम्बन्धित विषयमा सङ्घीय संसदीय समिति, केन्द्रीय अनुसन्धान ब्युरो र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अद्यावधिक विवरण सङ्कलन गरी पूर्ण जानकारीसहित पुनः प्रस्ताव पेस गर्न विदेशी विनिमय व्यवस्थापन विभागलाई निर्देशन दिएकोमा सोको पालना भएको नदेखिएकाले निर्देशनको पालना गर्नुपर्दछ।

६. **सुन नियमन र व्यवस्थापन -** नेपाल राष्ट्र बैङ्कको विद्यमान सुन सञ्चिति व्यवस्थापन नीति अनुसार कुल विदेशी विनिमय सञ्चितिको न्यूनतम ५ प्रतिशत देखि १० प्रतिशत सुनमा लगानी गर्नुपर्ने व्यवस्था छ। बैङ्कको २०८२ आषाढ मसान्तको वित्तीय विवरणअनुसार कुल विदेशी विनियम सञ्चिति रु.२५ खर्ब ६७ अर्ब ३२ करोडमध्ये सुन सञ्चितीमा रु.१ खर्ब १७ अर्ब ९० करोड (४.५९ प्रतिशत) विनियोजन गरेकोले नीतिमा तोकिएको भन्दा कम लगानी गरेको देखिन्छ।

७. **भुक्तानी प्रणाली -** बैङ्कको भुक्तानी प्रणाली सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

७.१. नेपाल राष्ट्र बैङ्क भुक्तानी प्रणाली एकीकृत निर्देशन ३/०८१ को खण्ड ३(६) अनुसार, बैङ्क र वित्तीय संस्थाहरूसहित सबै भुक्तानी सेवा सञ्चालक/भुक्तानी सेवा प्रदायकहरूले प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक डाटा सेन्टर र डाटा रिकभरी साईट ड्रिल सञ्चालन गर्नुपर्ने र सो पूरा भएको १५ दिनभित्र बैङ्कलाई प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था भएकोमा भुक्तानी सेवा प्रदायकहरूबाट दुई वर्षको अन्तरालमा आवश्यक प्रतिवेदनहरू प्राप्त गरेको नदेखिएकाले निर्देशन अनुसार प्रतिवेदन प्राप्त गर्नुपर्दछ।

७.२. भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ६(१) बमोजिम, भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्न चाहने व्यक्तिले दफा ६(२) मा उल्लिखित बैङ्क वा वित्तीय संस्था बाहेक नेपालमा कम्पनी स्थापना गरेर सेवा सञ्चालन गर्नुपर्ने व्यवस्था छ। बैङ्कले प्रयोग गर्ने मास्टरकार्ड र भिसा कार्ड सेवा कम्पनीको रूपमा नेपालमा दर्ता नभई भुक्तानी प्रणाली सञ्चालकका रूपमा काम गरेको देखिन्छ। सम्बन्धित कम्पनीलाई कानुनी व्यवस्थाको पालना गर्न लगाउनु पर्दछ।

८. **सूचना प्रविधि व्यवस्थापन -** नेपाल राष्ट्र बैङ्कले नेटवर्क टोपोलोजी अनुसार डाटा सेन्टर र डाटा रिकभरी साइटबिच बहुविकल्पीय नेटवर्क मार्गहरू सुनिश्चित गर्ने गरी डिजाइन नगरेको कारण पूर्वाधारमा सिंगल पोइन्ट फेलरको जोखिम रहेको देखिन्छ। यस वर्ष जनरल लेजरलगायत अन्य महत्त्वपूर्ण प्रणालीहरूको लागि ड्रिल सञ्चालन गरिएको पाइएन। नेपाल राष्ट्र बैङ्कमा विपद् पुनःस्थापना पूर्वाधार तयार गर्नुपर्दछ।

९. **मुद्रा व्यवस्थापन -** वित्तीय स्थायित्वका लागि वित्तीय बजारमा ब्याजदर स्थिरता एवं तरलताको सीमा कायम राख्नु नेपाल राष्ट्र बैङ्कको कर्तव्य हो। यसका लागि नेपाल राष्ट्र बैङ्कले खुला बजार कारोबार अन्तर्गत विभिन्न उपकरणको प्रयोग गरे तापनि २०८१।८२ का ७ महिनाका २८ दिनमा भारित औसत अन्तरबैङ्क ब्याजदर, ब्याजदर कोरिडोरको तल्लो सीमाभन्दा ०.०२ प्रतिशत देखि १ प्रतिशत विन्दुले तल झरेको देखिन्छ। वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न अन्तरबैङ्क ब्याजदरलाई कोरिडोरको सीमाभित्र राख्ने व्यवस्था हुनुपर्दछ।

१०. **सञ्चालकको सुविधा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १९ मा गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुने उल्लेख भए तापनि अन्य सुविधाको विवरणबारे स्पष्ट उल्लेख छैन। सोही ऐनको दफा ३२(२) मा समितिमै रहने गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले आफ्नै सुविधाको लागि निर्णय गर्दा स्वार्थ बाझिने कारण सम्बन्धित पदाधिकारीले भाग लिन नपाउने उल्लेख छ। सञ्चालकले पाउने सुविधा समितिले तोक्ने व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

११. **कर्मचारी सुविधा -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) अनुसार बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी तलब, भत्ता, उपदान, निवृत्तिभरणलगायत सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय नीति, कानुन, अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको छ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११०(२)मा सञ्चालक समितिले कर्मचारीको पारिश्रमिक, सेवा सुविधा सम्बन्धी विनियम बनाउन सक्ने व्यवस्था छ। सञ्चालक समितिको निर्णय तथा नेपाल राष्ट्र बैङ्क कर्मचारी विनियमावली, २०६८ मा उल्लेख गरी बैङ्कका कर्मचारीहरूलाई पारिश्रमिक बाहेक केन्द्रीय बैङ्क भत्ता, कर्मचारी कल्याणकारी सञ्चय कोष, वार्षिकोत्सव भत्ता, खाजा भत्तालगायत १५ किसिमका भत्ता तथा सुविधाबापत यो वर्ष रु.१ अर्ब ९३ करोड ३२ लाख उपलब्ध गराएको देखियो।

उक्त भत्ता तथा सुविधामा सेवा निवृत्त भएपछि कर्मचारीले पाउने गरी कर्मचारी कल्याणकारी सञ्चय कोषमा दाखिला गरेको रु.१० करोड ३७ लाख, टिफिन भत्ता रु.१३ करोड ३७ लाख, केन्द्रीय बैङ्क भत्ता रु.४८ करोड ८५ लाख, वार्षिक उत्सव भत्ता रु.१० करोड ७३ लाख, ईन्टरनेट सुविधा रु.४ करोड ४३ लाख, खाता बन्द भत्ता रु.५ करोड ८१ लाख, केन्द्रीय भत्तासमेत थप गरी बढी भुक्तानी भएको दशौं खर्च रु.१३ करोड १२ लाख र कर्मचारी कल्याणकोष मार्फत कर्मचारीलाई भुक्तानी दिएको रु.७३ करोड ३५ लाख समेत समावेश छ।

बैङ्कका कर्मचारीहरूको पारिश्रमिक, सेवा, सुविधा सम्बन्धमा सञ्चालक समितिले निर्णय गर्न सक्ने विद्यमान कानुनी व्यवस्थामा पुनरावलोकन गरी बैङ्कलाई आर्थिक व्ययभार पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वीकृति लिने व्यवस्था मिलाउनुपर्दछ।

१२. **आन्तरिक नियन्त्रण -** नेपाल राष्ट्र बैङ्कले गत वर्षदेखि पूर्णरूपमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण प्रणाली लागु गरे तापनि जोखिम पहिचान तथा मूल्याङ्कनलाई समय सापेक्ष अद्यावधिक नगरेको, जोखिमलाई विभिन्न तहमा वर्गीकरण गरेता पनि सोलाई पुष्ट्याइँ गर्ने कुनै कागजातको अभिलेखीकरण नभएको, लेखापरीक्षण समिति, स्रोत बाँडफाँट, लेखापरीक्षण अभ्यास,तालिम,जोखिम मूल्याङ्कन अभ्यास तथा लेखापरीक्षणको कार्यको समग्र प्रभावकारिता विषय लेखापरीक्षण समितिमा छलफल नहुनु,आन्तरिक लेखापरीक्षण योजनामा जोखिम क्षेत्रको वर्गीकरणअनुसार नहुनु लगायतका अवस्थाले आन्तरिक नियन्त्रण कमजोर भएको छ। यससम्बन्धी बेहोरा गतवर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन।

१३. **सामाजिक उत्तरदायित्व -** नेपाल राष्ट्र बैङ्कले जारी गरेको एकीकृत निर्देशिकाको निर्देशन नं ६ को १७ (क) मा बैङ्क तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वको रकम आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। एक पूर्वाधार बैङ्क समेत २१ बैङ्कको २०८०।८१ मा कुल मुनाफा रु.६४ अर्ब १५ करोड ३१ लाख रहेकोमा सोअनुसार बैङ्कहरूले सामाजिक उत्तरदायित्वमा रु.६४ करोड १५ लाख ३१ हजार खर्च गर्नुपर्नेमा रु.५९ करोड ४२ लाख ६३ हजार खर्च गरेको देखिएकाले तोकिएभन्दा रु.४ करोड ७२ लाख ६८ हजार घटी खर्च गरेको देखिन्छ। बैङ्क तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्वमा गरेको खर्चको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले अनुगमन गरेको नदेखिएकाले सोको अनुगमन गर्नुपर्दछ।

१४. **ऋण पत्र लगानी -** अन्तर्राष्ट्रिय मुद्रा कोष मा रहेको नेपालको कोटाको नेपाली रुपैयाँ र एस.डी.आर.को निश्चित गरिएको विनिमय दरले हुने मूल्याङ्कन समायोजन बापत नेपाल सरकारको तर्फबाट उक्त कोषलाई

तिर्नुपर्ने रकमका लागि ब्रेटन उड्स सम्झौता ऐन, २०१८ अनुरूप नेपाल राष्ट्र बैङ्कको नाममा ऋण पत्र जारी गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले २०८२ आषाढ मसान्तसम्म अन्तर्राष्ट्रिय मुद्रा कोष बण्डमा रु.५ अर्ब १५ करोड ९६ लाख दायित्व देखाएकोमा नेपाल राष्ट्र बैङ्कले रु.३ अर्ब २८ करोड ४० लाखमात्र सो बण्डमा लगानी देखाएको पाइयो। यसबाट फरक परेको रु.१ अर्ब ८७ करोड ५६ लाख सम्बन्धमा हिसाब मिलान गरेको नदेखिएकाले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१५. **मेसिन उपयोग** -नेपाल राष्ट्र बैङ्क र बेलायतस्थित क्यास प्रोसेसिङ्ग सोलुसन लिमिटेडबिच २०७८।१।२३ मा भएको सम्झौताबमोजिम मुद्रा परीक्षण तथा प्रशोधन प्रणाली मेसिन खरिद गरेकोमा मेसिन/ढुवानी पश्चात् उक्त आपूर्तिकर्ता दिवालीया प्रक्रियामा गएको कारणले मेसिन उपयोगमा ल्याएको छैन। नेपाल राष्ट्र बैङ्कले आपूर्तिकर्ताको तर्फबाट भुक्तानी गरेको भन्सार महसुल रु.३ करोड ५० लाख असुली भएको छैन। उक्त रकम असुल गरी खरिद भएको मेसिन उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

१६. **छपाइ सामग्री** - नेपाल राष्ट्र बैङ्कले ५० रुपैयाँ दरका नोट ३० करोड थान तथा एक हजार रुपैयाँ दरका नोट ४३ करोड थान छपाइ गर्न भारतको एक सेक्युरिटी प्रिन्टिङ एण्ड मिन्टिङ कम्पनीसँग क्रमशः २०७९।१० १५ मा अमेरिकी डलर ५० लाख ४९ हजार र २०७९।९।७ मा अमेरिकी डलर १ करोड ११ लाखको सम्झौता गरेकोमा वास्तविक मुद्रण प्रमाण तथा नोटहरूको प्राविधिक परीक्षण प्रतिवेदनमा स्वीकृत नमूनाअनुसार नभएको कारणले क्रमशः २०८१।११।४ र २०८१।१०।५ मा सम्झौता रद्द गरी बैङ्क जमानत जफत गरेको छ। सम्झौता रद्द भएको अवस्थामा नेपाल राष्ट्र बैङ्कले आपूर्तिकर्तासँग रहेको उत्पत्ति सामग्रीको सुरक्षा र गोपनीयता सुनिश्चित गर्न, बैङ्कले नोट तयार गर्न प्रयोग हुने सबै सामग्री निरीक्षण गर्ने र प्रदान गरीएका नमुना बैङ्क नोटहरूको फिर्ता सुनिश्चितता गर्नुपर्नेमा बैङ्कले सम्बन्धित पक्षलाई अनुरोधपत्र मात्र पठाएको छ। बैङ्क नोट मुद्रणका लागि गरिने महत्त्वपूर्ण गोप्य डाटा नेपाल राष्ट्र बैङ्कको भौतिक स्वामित्वमा नरहेकाले बैङ्कको नियन्त्रणमा ल्याउनुपर्दछ। सो सम्बन्धमा गत वर्ष समेत उल्लेख गरेकोमा स्थिति यथावत् छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २१३ देखि २१८ मा संलग्न छ।**

# नेपाल लेखापरीक्षणमान बोर्ड

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १५(घ१) अनुसार २०५९।११।२६ मा नेपाल लेखापरीक्षणमान बोर्डको स्थापना भएको छ। बोर्डमा नेपाल सरकारद्वारा नियुक्त फेलो चार्टर्ड एकाउन्टेन्ट अध्यक्ष, महालेखापरीक्षको कार्यालय र अर्थ मन्त्रालयको एक एक जना प्रतिनिधि, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेका तीन जना चार्टर्ड एकाउन्टेन्ट र एक जना दर्तावाला लेखापरीक्षक सहित ७ जना सदस्य रहने व्यवस्था छ।

१. **वित्तीय स्थिति-** बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | ६,१० | | ५,३१ | |
| अमूर्त सम्पत्ति | १,९४ | | २,६३ | |
| **कुल गैर चालु सम्पत्ति** | | **८,०४** | | **७,९४** |
| अल्पकालिन लगानी | ५०,०० | | ४५,०० | |
४. **ऋण सम्झौता -** कम्पनीले नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार र दातृ निकायहरूसँग सम्झौता गरी लिएको ऋण २०८२ आषाढ मसान्तसम्म रु.१८ अर्ब ५४ करोड ८६ लाख ९४ हजार रहेको छ। कम्पनीले युरोपको एक बैङ्क मार्फत प्राप्त रु.५ अर्ब २५ करोड २३ लाख ९९ हजारलाई थप पुँजीको रूपमा नेपाल विद्युत प्राधिकरणको नाममा सेयर कायम गर्न २०८२।९।३ मा निर्णय गरेको छ। जापान सहयोग नियोग (जाइका) मार्फत प्राप्त रकमलाई पूर्ण रूपमा नेपाल विद्युत प्राधिकरणको ऋण लेखाङ्कन गर्नुपर्ने व्यवस्थाअनुसार २०८२ आषाढ मसान्तसम्म रु.९ अर्ब ६० करोड १७ लाख ९२ हजार ऋण कायम गरेको छ। नेपाल विद्युत प्राधिकरण र कम्पनीबिच भएको ऋण सहायक सम्झौतामा भएको व्यवस्थाअनुसार एसियाली विकास बैङ्कबाट प्राप्त कुल रकममध्ये ऋण ८१.३५ प्रतिशत र इक्विटी १८.६५ प्रतिशत रहने गरी वर्गीकरण गर्नुपर्नेमा सम्पूर्ण रकमलाई ऋणको रूपमा लेखाङ्कन गरेको देखिन्छ। यसरी लेखाङ्कन गर्दा २०८२ आषाढ मसान्तसम्म (एसियाली विकास बैङ्क) ऋणको अवशेष रु.६ अर्ब ३६ करोड ५० लाख ५७ हजार देखिन्छ। यसरी बहुपक्षीय ऋणको लेखाङ्कन गर्दा ऋण र इक्विटी सम्बन्धमा सम्झौताको सर्तअनुसार गर्नुपर्दछ।

५. **निर्माण कार्य -** आयोजनाको मुख्य निर्माण कार्यको ठेक्का अन्तर्गत प्याकेज नं. १ को निर्माण कार्य मे २०२६ सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको र प्याकेज नं. २ को इन्टरफेस लगायतको निर्माणकार्यको लागि भएको खरिद सम्झौताको अवधि थप भई १५ मार्च २०२६ सम्म रहेको छ। प्याकेज नं. १ को कार्य

सम्पन्न नभई प्याकेज नं. २ को कार्यपूर्णरूपमा सम्पन्न गर्न नसकिने अवस्था देखिएकोले प्याकेज नं. १ को निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

६. **स्रोत सुनिश्चितता** - वन ऐन, २०७६ को दफा ४२(६) बमोजिम आयोजनाले प्रयोग गर्ने ४१७.३१ हेक्टर वन क्षेत्र प्रयोग गरेबापत प्रति हेक्टर १ हजार ६०० बिरूवा पुनःरोपण एवं ५ वर्षको स्याहार सम्भार गर्नसमेत रु.२४ करोड ४३ लाख २७ हजार र आयोजना क्षेत्रमा रहेका १ लाख ८१ हजार ५७१ रूख हटाई एक रुख बराबर २५ बिरुवा रोपणका लागि रु.१ अर्ब ५३ करोड ६५ लाख ४० हजारको दायित्व सिर्जना भएको विवरण प्राप्त भएको छ। उक्त खर्च आयोजनाको लागतमा समावेश भएको नदेखिएकोले सो रकमको स्रोत सुनिश्चितता समेत भएको छैन्। कम्पनीले सबै प्रकारका लागत समावेश गर्नुका साथै स्रोत सुनिश्चितता गरी सोही अनुरूप आयोजना कार्यान्वयन गर्नुपर्दछ।

७. **पारिश्रमिक सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहने उल्लेख छ। सोअनुसार कम्पनीले तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा अर्थ मन्त्रालयको सहमति बेगर सञ्चालक समितिको निर्णयबाट तलबको १७४ प्रतिशतसम्म हुने गरी १८ कर्मचारीलाई रु.२ करोड २७ लाख ३६ हजार भत्ता उपलब्ध गराएको नियमसम्मत देखिएन।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २६१ देखि २६६ मा संलग्न छ।**

# तामाकोशी जलविद्युत कम्पनी लिमिटेड

माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको विद्युत उत्पादन पश्चात् सुरुङ्गबाट निस्कने पानी पुनः सुरुङ्गमार्फत उपयोग गरी तामाकोशी पाँचौं जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न २०७६।११।२० मा यस कम्पनीको स्थापना भएको हो। विद्युत उत्पादन क्षमता ९९.८ मेगावाट रहेको यस कम्पनीको संस्थापक सेयरधनी नेपाल विद्युत प्राधिकरण रहेको छ। कम्पनीको अधिकृत पुँजी रु.५ अर्ब, जारी पुँजी रु.२ अर्ब ५५ करोड र चुक्ता पुँजी रु.२ अर्ब २४ करोड ९४ लाख रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ, २०८२ | | ३१ आषाढ, २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| सम्पत्ति, मेसिन र उपकरण | १,२२,३९ | | १,२१,३० | |
| पुँजीगत कार्य प्रगति | १,३८,७७,१७ | | १,०८,३७,७१ | |
| अदृश्य सम्पत्ति | २,३४ | | २,६८ | |
| व्यापारिक तथा अन्य प्राप्ति | १,१० | | १,१० | |
| **कुल गैर चालु सम्पत्ति** | | **१,४०,०३,००** | | **१०९,६२,७९** |
| **चालु सम्पत्ति** | | | | |
| नगद र नगद सरहका अन्य सम्पत्ति | ३,७६,२४ | | ५,७२,१४ | |
| मौज्दात | १,४८ | | ६३ | |
| चालु कर सम्पत्ति | १८,०५ | | १२,१५ | |
| व्यापारिक तथा अन्य प्राप्ति | १,१६,६५,९७ | | ३,४१,७१ | |
| **कुल चालु सम्पत्ति** | | **१,२०,६१,७४** | | **९,२६,६३** |
| **कुल सम्पत्ति** | | **२,६०,६४,७४** | | **१,१८,८९,४२** |
| **पुँजी र दायित्व** | | | | |
| सेयर पुँजी | २,२४,९४,४७ | | १,२७,९४,४७ | |
| जगेडा तथा बचत | (११,८८,६२) | | (१०,०६,४५) | |
| **कुल पुँजी** | | **२,१३,०५,८५** | | **१,१७,८८,०२** |
| **गैर चालु दायित्व** | | | | |
| दीर्घकालीन ऋण | ४५,६४,४२ | | - | |
| व्यापारिक तथा अन्य भुक्तानी | १,८५,८२ | | ६५,९७ | |
| **कुल गैर चालु दायित्व** | | **४७,५०,२४** | | **६५,९७** |
| **चालु दायित्व** | | | | |
| व्यापारिक तथा अन्य भुक्तानी | ८,६५ | | ३५,४३ | |
| **कुल चालु दायित्व** | | **८,६५** | | **३५,४३** |
| **कुल सेयर पुँजी तथा दायित्व** | | **२,६०,६४,७४** | | **१,१८,८९,४२** |

कम्पनीको यो वर्षको गैह्र चालु सम्पत्ति रु.१ अर्ब ४० करोड ३ लाख र चालु सम्पत्ति रु.१ अर्ब २० करोड ६१ लाख ७४ हजार रहेको छ। त्यसैगरी सेयर पुँजी रु.२ अर्ब २४ करोड ९४ लाख ४७ हजार, जगेडा तथा बचत रु.११ करोड ८८ लाख ६२ हजार ऋणात्मक, गैह्र चालु दायित्व रु.४७ करोड ५० लाख २४ हजार र चालु दायित्व रु.८ लाख ६५ हजार समेत कुल पुँजी तथा दायित्व रु.२ अर्ब ६० करोड ६४ लाख ७४ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| अन्य आम्दानी | १,३६ | | ४९ | |
| प्रशासनिक खर्च | (१,७९,६७) | | (५,२०८) | |
| मूल्यह्रास | (३४,९१) | | | |
| **सञ्चित नाफा/(नोक्सान)** | | **(२,१३,२२)** | | **(५,१५९)** |
| वित्तीय आम्दानी | ३४,४९ | | २,५४७ | |
| **विदेशी विनिमय (नाफा/नोक्सानी)** | **(३,४३)** | | | |
| **खुद नाफा (नोक्सान)** | | **(१,८२,१६)** | | **(२,६१२)** |

कम्पनीको खुद नोक्सानी गत वर्षभन्दा ५९७.४० प्रतिशतले वृद्धि भई यो वर्ष रु.१ करोड ८२ लाख १६ हजार पुगेको छ।

३. **ठेक्का व्यवस्थापन -** आयोजनाको स्थायी क्याम्प निर्माण गर्न २०७७।८।४ मा कम्पनी र एक संयुक्त उपक्रमबिच २०७७।९।३ देखि १८ महिना भित्र कार्य सम्पन्न गर्ने गरी रु.२५ करोड ९२ लाखको सम्झौता भएको छ। निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेकोले २०८२।४।१६ सम्म ९ पटक म्याद थप गरेकोमा यो वर्षसम्मको भौतिक प्रगति ७८.९१ प्रतिशत रहेको छ। समग्र आयोजनाको निर्माणमा समय तथा लागत वृद्धि हुने अवस्था नियन्त्रण गर्न निर्माणको कार्यतालिका बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २६७ देखि २७० मा संलग्न छ।**

# दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

दुधकोशी नदीबाट ६७० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ अनुसार नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२० मा यस कम्पनीको स्थापना भएको हो। जलाशययुक्त यस जलविद्युत आयोजनाको कुल अनुमानित लागत अमेरिकी डलर २ हजार ३२० मिलियन रहेको छ। आयोजनाको बाँध निर्माणबाट ३१.५ किलोमिटर लम्बाई र १५८ करोड घनमिटरको कृत्रिम जलाशय (ताल) को निर्माण हुने उल्लेख छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिएका १८ र दैनिक ज्यालादारीमा ८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ अषाढ २०८२ | | ३१ अषाढ २०८१ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, जायजेथा र उपकरण | २,६२,५३ | | २,७८,६७ | |
| पुँजीकृत हुन बाँकी सम्पत्ति | १,२६,४२,१७ | | १,२२,५१,६१ | |
| **कुल गैर चालु सम्पत्ति** | | **१,२९,०४,७०** | | **१,२५,३०,२८** |
| नगद तथा बैङ्क मौज्दात | १,१६,६२ | | ७०,९३ | |
| मौज्दात | २२ | | | |
| चालु कर सम्पत्ति | १,१४ | | ७७ | |
| अन्य गैर वित्तीय सम्पत्ति | ४,०४,१७ | | १,०६,८९ | |
| **चालु सम्पत्ति** | | **५,२२,१५** | | **१,७८,५९** |
| **कुल सम्पत्ति** | | **१,३४,२६,८५** | | **१,२७,०८,८७** |
| **इक्विटी** | | | | |
| सेयर पुँजी | १४,३१,८४ | | १४,३१,८४ | |
| अग्रिम सेयर पुँजी | १,३३,११,३० | | १,२०,१४,५१ | |
| जगेडा तथा कोष | (१४,७५,७२) | | (७,४२,९६) | |
| **कुल इक्विटी** | | **१,३२,६७,४२** | | **१,२७,०३,३९** |
| व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | १,५९,४३ | | ५,४८ | |
| **कुल चालु दायित्व** | | **१,५९,४३** | | **५,४८** |
| **जम्मा इक्विटी तथा दायित्व** | | **१,३४,२६,८५** | | **१,२७,०८,८७** |

कम्पनीको गत वर्षको तुलनामा यस वर्ष चालु सम्पत्ति १९२.३७ प्रतिशतले वृद्धि भई रु.५ करोड २२ लाख १५ हजार रहेको छ। त्यसैगरी कुल सम्पत्ति र कुल इक्विटी तथा दायित्व ५.६४ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ३४ करोड २६ लाख ८५ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **आम्दानी** | - | | - | |
| बिक्री | - | | - | |
| अन्य आम्दानी | ३,०८ | | ९,५० | |
| **कुल आम्दानी** | | ३,०८ | | **९,५०** |
| **खर्च** | | | | |
| कार्यालय सञ्चालन खर्च | ७,०४,६९ | | ६,४६,५९ | |
| मर्मत सम्भार खर्च | - | | २३,२० | |
| बिक्री तथा वितरण खर्च | २० | | | |
| **कुल सञ्चालन तथा प्रशासनिक खर्च** | | **(७,०४,९०)** | | **(६,६९,७९)** |

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **कर ब्याज र ह्रास कट्टी अघिको नाफा/ नोक्सान** | | **(७,०१,८२)** | | **(६६०२९)** |
| ह्रास खर्च | ३०,९४ | | २,५२ | |
| **कर र बोनस अघिको नाफा/(नोक्सान)** | | **(७,३२,७६)** | | **(६,६२,८१)** |
| कर/बोनस | | - | | - |
| **करपछिको नाफा/(नोक्सान)** | | **(७,३२,७६)** | | **(६,६२,८१)** |

कम्पनीको गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानी ६७.५८ प्रतिशतले घटेर रु.३ लाख ८ हजार र कर पछिको खुद नोक्सान १०.५५ प्रतिशतले वृद्धि भई रु.७ करोड ३२ लाख ७६ हजार पुगेको छ।

३. **सेयर संरचना -** कम्पनीको प्रबन्धपत्रमा कम्पनीको अधिकृत पुँजी रु.१० अर्बलाई प्रति सेयर रु.१०० का दरले १० करोड थान साधारण सेयरमा विभाजन गरेको छ। कम्पनीको तत्काल जारी हुने पुँजी रु.३ अर्बलाई प्रति सेयर रु.१०० का दरले ३ करोड थान साधारण सेयरमा विभाजन गरेको छ। कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पुँजी रु.३ अर्ब रहेकोमा विद्युत प्राधिकरणको चुक्ता पुँजी १४ करोड ३१ लाख ८४ हजार र अग्रिम सेयर पुँजी रु.१ अर्ब ३३ करोड ११ लाख ३० हजारसमेत रु.१ अर्ब ४७ करोड ४३ लाख १४ हजार लगानी गरेको देखिन्छ। कबोलअनुसार पुँजी चुक्ता गरी संस्थाको लक्ष्य पुरा गर्नुपर्दछ।

४. **सेवा सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। सो अनुसार तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा अर्थ मन्त्रालयको सहमतिबेगर सञ्चालक समितिको निर्णयबाट तलबको ८१.१० प्रतिशतसम्म हुने गरी १२ कर्मचारीलाई रु.१ करोड ४९ लाख ४७ हजार भत्ता उपलब्ध गराएको नियमसंम्मत देखिएन।

५. **खरिद व्यवस्थापन -** यस आयोजनाको मुख्य संरचनाको निर्माण कार्यको कुल प्रस्तावित वित्त अमेरिकी डलर २ हजार ३२० मिलियन रहने गरी २०८१।८२ मा सुरु गरी २०८८।८९ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। कम्पनीले २०८०।८१ मा भोजे गाउँ नजिक दुधकोशी नदीमा मोटरेबल पुल निर्माण कार्य गर्न रु.२२ करोड ६२ लाख ८२ हजारको सम्झौता गरेकोमा वित्तीय प्रगति ७ प्रतिशत, रबुवा जोड्ने दुधकोशीमा मोटरेबल पुल निर्माण कार्य गर्न रु.१० करोड ८३ लाख १६ हजारको सम्झौता भएकोमा ५ प्रतिशत प्रगति र लैखुखोला मोटरेबल पुल निर्माण कार्य गर्न रु.५ करोड ८ लाख ५ हजारमा खरिद सम्झौता भएकोमा ५ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ। डिजाइन, सर्भे तथा सहायक पूर्वाधार निर्माण कार्य समयमा नभएको कारणले कार्यक्रम सञ्चालन हुन नसकेको हुँदा यसमा सुधार हुनुपर्दछ।

६. **आयोजनाको समग्र प्रगति -** आयोजनाको अद्यावधिक सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनअनुसार २०८२।८३ सम्म आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन डिजाइन, जग्गा अधिग्रहण र आयोजना निर्माण पूर्वको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न हुने उल्लेख गरेकोमा यस वर्षसम्म ९२.३१ प्रतिशत समय व्यतीत हुँदा भौतिक प्रगति ३६.१ प्रतिशत र वित्तीय प्रगति ५.७६ प्रतिशत भएको देखिन्छ। आयोजनाको कुल क्रियाकलापमा मुख्य आयोजना निर्माणको कार्यक्रम र लागतलाई समावेश नगरेकोले कुल अनुमानित लागत यकिन गरेको देखिएन।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २७१ देखि २७३ मा संलग्न छ।**

# नेपाल विद्युत प्राधिकरण

जलविद्युत उत्पादन, प्रसारण र वितरणका लागि नेपाल सरकारको पूर्ण स्वामित्वमा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२।५।१ मा प्राधिकरणको स्थापना भएको हो। प्राधिकरण अन्तर्गत केन्द्रीय कार्यालयसमेत ७ प्रादेशिक कार्यालय तथा १२९ वितरण तथा ग्राहक सेवा केन्द्र रहेका छन्। प्राधिकरणबाट यो वर्ष उत्पादित विद्युत २ हजार ९५३ गिगावाट घण्टा, अन्य स्वतन्त्र ऊर्जा उत्पादकबाट खरिद ११ हजार ६ गिगावाट घण्टा तथा आयात १ हजार ६८१ गिगावाट घण्टासमेत हाल उपलब्ध विद्युत १५ हजार ६४० गिगावाट घण्टा रहेको छ। यो वर्ष ११ हजार ३४३ गिगावाट घण्टा विद्युत आन्तरिक बिक्री तथा २ हजार ३८० गिगावाट घण्टा विद्युत निर्यात भएको छ। प्राधिकरणको २०८२ आषाढ मसान्तसम्म ग्राहक सङ्ख्या ६० लाख ३८ हजार तथा कर्मचारी सङ्ख्या ११ हजार ५१६ (२ हजार ८६० मासिक ज्यालादारीसमेत) रहेको छ।

१. **वित्तीय स्थिति** - प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| सम्पत्ति, मेशिन तथा उपकरण | २,६४,७८,३५ | | २,३४,६८,७४ | |
| निर्माणाधीन संरचना | २,३५,७१,१५ | | २,२०,८५,५१ | |
| अमूर्त सम्पत्ति | ६२,५९ | | ६५,३९ | |
| धितोपत्रमा लगानी | १,६७,५६ | | १,१२,५५ | |
| सहायक कम्पनीमा लगानी | ४१,४३,३४ | | २९,६९,९२ | |
| संयुक्त कम्पनीमा लगानी | ३२,६२ | | ३२,०३ | |
| सम्वद्ध कम्पनीमा लगानी | १२,६५,०८ | | ११,५७,३९ | |
| ऋण लगानी तथा पेस्की | ५१,८७,११ | | ४६,९०,३५ | |
| निक्षेप | ३,२४ | | १,२४ | |
| कर सम्पत्ति | ९,५६,३७ | | ९,२५,२६ | |
| अन्य गैर चालु सम्पत्ति | १,८४,२३ | | १,४७,९५ | |
| **कुल गैर चालु सम्पत्ति** | | **६,२०,५१,६४** | | **५,५६,५६,३३** |
| जिन्सी मौज्दात | १६,८७,५१ | | १८,४४,९७ | |
| व्यापारिक तथा अन्य प्राप्ति | ३८,७७,३२ | | ४०,२२,०२ | |
| पेस्की तथा मुद्दती निक्षेप | ७,१९,३४ | | ६,९०,०६ | |
| अल्पकालीन ऋण | ८,३७ | | ८,१७ | |
| अल्पकालीन लगानी | ३,६१,५३ | | ५,६४,३२ | |
| नगद तथा नगदजन्य सम्पत्ति | १५,३९,५८ | | १०,७१,२७ | |
| कर सम्पत्ति | २,५०,०० | | २,००,०० | |
| अन्य चालु सम्पत्ति | ३,२२,९२ | | ३,२८,२८ | |
| **कुल चालु सम्पत्ति** | | **८७,६६,५७** | | **८७,२९,०९** |
| **कुल सम्पत्ति** | | **७,०८,१८,२१** | | **६,४३,८५,४३** |
| दीर्घकालीन ऋण | २,७२,५८,३३ | | २,४५,११,७७ | |
| स्थगित कर दायित्व | १४,३६,८६ | | १२,०१,०० | |
| अन्य गैर चालु दायित्व | ६८,७५,४७ | | ५८,८३,५९ | |
| **कुल गैर चालु दायित्व** | | **३,५५,७०,६६** | | **३,१५,९६,३६** |
| व्यापारिक तथा अन्य दायित्व | ७६,०८,७१ | | ६३,०२,१८ | |
| अल्पकालीन ऋण | ३,००,०० | | ३,००,०० | |
| अन्य चालु दायित्व | ३,९४,२० | | ४,६२,४१ | |
| **कुल चालु दायित्व** | | **८३,०२,९१** | | **७०,६४,५९** |
| सेयर पुँजी | २,१३,५४,३० | | २,०६,७३,६० | |
| सञ्चित मुनाफा | ५३,४१,९९ | | ४४,६१,५८ | |

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| अन्य जगेडा | २,४८,३५ | | ५,८९,३० | |
| **जम्मा इक्विटी** | | **२,६९,४४,६४** | | **२,५७,२४,४८** |
| **जम्मा पुँजी तथा दायित्व** | | **७,०८,१८,२१** | | **६,४३,८५,४३** |

प्राधिकरणले गत वर्षको वित्तीय विवरणका केही आइटम परिष्कृत गरेकोले सम्पत्ति तथा दायित्व रकममा केही परिवर्तन भएका छन्। गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति ११.४९ प्रतिशतले वृद्धि भई रु.६ खर्ब २० अर्ब ५१ करोड ६४ लाख र चालु सम्पत्ति ०.४३ प्रतिशतले वृद्धि भई रु.८७ अर्ब ६६ करोड ५७ लाख पुगेको छ। गत वर्षको तुलनामा यस वर्ष गैर चालु दायित्व १२.५८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५५ अर्ब ७० करोड ६६ लाख र चालु दायित्व १७.५३ प्रतिशतले वृद्धि भई रु.८३ अर्ब २ करोड ९१ लाख  पुगेको छ। सेयर पुँजीसहितको जम्मा इक्विटी ४.७४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६९अर्ब ४४ करोड ६४ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा** - प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| बिक्री आम्दानी | १,२५,७४,०८ | | १,१५,५०,४५ | |
| बिक्रीको लागत | (९८,१३,८१) | | (८९,६८,२४) | |
| **कुल नाफा** | | **२७,६०,२७** | | **२५,८२,२१** |
| अन्य आय (जरिबाना) | १३,८४,५४ | | १०,३६,६६ | |
| कर्मचारी खर्च | (७,८९,८३) | | (५,९४,५९) | |
| साधारण प्रशासनिक खर्च | (५१,०५) | | (४३,०८) | |
| मूल्य ह्रास | (९,८२,४१) | | (९,१४,२६) | |
| अन्य सञ्चालन खर्च | (८,७२) | | (२२,६२) | |
| **सञ्चालन नाफा** | | **२३,१२,८०** | | **२०,४४,३२** |
| वित्तीय आय | ४,३५,६४ | | ३,९६,४० | |
| वित्तीय खर्च | (६,३३,०५) | | (६,४६,२०) | |
| अन्य नाफा/(नोक्सान) | (३,०८,८८) | | ३३,४१ | |
| इम्पेयरमेन्ट (क्षयीकरण) खर्च | (५,८६,९६) | | (५,१६,१८) | |
| अन्य गैर सञ्चालन खर्च | (२,२३) | | (१,१६) | |
| **कर अघिको नाफा** | | **१२,१७,३२** | | **१३,१०,५९** |
| स्थगित आयकर | (३,२५,९९) | | (३,९३,८२) | |
| **कर पछिको (खुद) नाफा** | | **८,९१,३३** | | **९,१६,७७** |
| अन्य विस्तृत आय | (४,६१,७९) | | (८,४०,४७) | |
| **जम्मा विस्तृत आय** | | **४,२९,५४** | | **७६,३०** |

गत वर्षको वित्तीय विवरणका केही आइटम परिष्कृत गरिएकोले आय तथा व्ययका रकममा परिवर्तन भएका छन्। गत वर्षको तुलनामा यस वर्ष कुल नाफा ६.९० प्रतिशतले वृद्धि भई रु.२७ अर्ब ६० करोड २७ लाख र सञ्चालन नाफा १३.१३ प्रतिशतले वृद्धि भई रु.२३ अर्ब १२ करोड ८० लाख पुगेको छ। कर पछिको नाफा यस वर्ष २.७७ प्रतिशतले घटी भई रु.८ अर्ब ९१ करोड ३३ लाख रहेको छ।

३. **अनुपात विश्लेषण** - प्राधिकरणको प्रमुख वित्तीय तथा अन्य सूचकको अवस्था देहायअनुसार छः

| क्र.सं. | अनुपात | २०८१।८२ | २०८०।८१ |
|---|---|---|---|
| १. | कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा) (प्रतिशतमा) | २१.९५ | २२.३६ |
| २. | खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आय सहित (प्रतिशतमा) | ३.४२ | ०.६६ |

| क्र.सं. | अनुपात | २०८१।८२ | २०८०।८१ |
|---|---|---|---|
| ३. | खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आयबाहेक (प्रतिशतमा) | ७.०९ | ७.९४ |
| ४. | कुल सम्पत्तिमा खुद आम्दानीको अनुपात | २.११ | २.०३ |
| ५. | चालु अनुपात (गुणा) | १.०६:१ | १.२४:१ |
| ६. | दीर्घकालीन ऋण तथा इक्विटीको अनुपात | ५०.५२:४९.४८ | ४९.३७:५०.६३ |
| ७. | स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात | ०.७१:१ | ०.७१:१ |
| ८. | कर्मचारीको खर्च तथा कुल सञ्चालन खर्चको अनुपात (प्रतिशतमा) | १४.३९ | १४.०२ |
| ९. | प्राधिकरणको आफ्नो उत्पादन - गिगावाट घण्टा | २९५३ | २,९११ |
| १०. | स्वतन्त्र ऊर्जा उत्पादकको उत्पादन - गिगावाट घण्टा | ११००६ | ९,१६१ |
| ११. | आयात - गिगावाट घण्टा | १६८१ | १,८९५ |
| १२. | निर्यात - गिगावाट घण्टा | २३८० | १,९४६ |
| १३. | ग्राहक विवरण सङ्ख्या | ६,०३७,५२८ | ५९,४०,००० |

यो वर्ष कुल नाफा अनुपात गत वर्षको तुलनामा ह्रास आए तापनि खुद नाफा अनुपातमा वृद्धि भएको छ। स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात, कर्मचारीको खर्च तथा कुल सञ्चालन खर्चको अनुपात करिब समान रहेकोमा स्वतन्त्र ऊर्जा उत्पादकको उत्पादन एवं प्राधिकरणको ग्राहक सङ्ख्या वृद्धि भएको अवस्था छ।

४. **विद्युत खरिद सम्झौता-** यो वर्षसम्म कनेक्सन सम्झौता भएका ९६ वटा रन अफ रिभर आयोजनामध्ये अदालतमा विचाराधीन रहेका २, विद्युत खरिद सम्झौता मस्यौदा तयार भएका २, विद्युत खरिद सम्झौता व्यवस्थापनद्वारा अनुमोदन भएका १, विद्युत नियमन आयोगद्वारा स्वीकृत ४, विद्युत खरिद सम्झौता सम्पन्न भएका ७१, सूचीबाट हटाइएका १५ र विद्युत नियमन आयोगको स्वीकृतिको लागि पेस भएको १ आयोजना रहेको देखिन्छ। यसैगरी ४४ पिकिङ्ग रन अफ रिभर आयोजनामध्ये प्रक्रिया जारी रहेका १, विद्युत नियमन आयोगद्वारा स्वीकृत १, विद्युत खरिद सम्झौता सम्पन्न भएका ३६ र आयोजनाको कोटा समाप्त भएकाले कारबाही हुन बाँकी रहेको ६ आयोजना रहेको देखिन्छ।

५. **सेयर तथा ऋण -** प्राधिकरणको वित्तीय विवरण अनुसार २०८२ को आषाढ मसान्तसम्म चुक्ता पुँजी रु.२ खर्ब १३ अर्ब ५४ करोड ३० लाख देखिएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखमा नेपाल सरकारको सेयर लगानी रु.१ खर्ब ८५ अर्ब ४७ करोड ३६ लाख मात्र देखिएकोले फरक रु.२८ अर्ब ६ करोड ९४ लाख सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६. **ऋणको ब्याज तथा शुल्क** - प्राधिकरणको वित्तीय विवरणअनुसार गतवर्षसम्म भुक्तानी गर्न बाँकी ब्याज रु.२९ अर्ब ५४ करोड रहेकोमा २०८२ आषाढ मसान्तमा रु.३५ अर्ब ४४ करोड पुगेको छ। प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैङ्क र युरोपेली लगानी बैङ्कसँग ऋण लिँदा आर्थिक व्यवस्थापन योजना तर्जुमा तथा लागत लाभ विश्लेषण नगरी एसियाली पूर्वाधार लगानी बैङ्कसँग २०७७।२।५ मा अमेरिकी डलर ११ करोड २३ लाखको ऋण सम्झौता गरेकोले प्रतिबद्धता शुल्क बापत यो वर्षसम्म रु.१६ करोड २८ लाख खर्च भएको छ। यस्तै प्राधिकरणले एसियाली विकास बैङ्कसँग लिएको ऋण रकममा ग्रेस अवधि समाप्ति पश्चात् पनि ग्रेस अवधिका लागि लाग्ने विधिबाट ब्याज लेखाङ्कन गर्दा रु.३ करोड १६ लाख कम ब्याज लेखाङ्कन भएको देखिन्छ।

त्यसैगरी प्राधिकरण र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबिच प्राधिकरणले विभिन्न आयोजनामा गरेको लगानी रकम यकिन गरी हिसाब मिलान गर्न २०७९।९।४ मा एक समिति गठन भएकोमा सो

समितिले हिसाब मिलानको कार्यसम्पन्न गरेको देखिएन। प्राधिकरण र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबिच समन्वय गरी हिसाब मिलानको कार्य सम्पन्न गर्नुपर्दछ।

७. **नगद तथा बैङ्क -** वर्षान्तमा मार्गस्थ नगद मौज्दात रु.१७ करोड रहेकोमा रु.१६ करोड ६४ लाख २०६२।६३ देखि जिम्मेवारी सार्दै आएको र स्रेस्ताअनुसारको मौज्दात भन्दा बैंङ्क मौज्दात रु.१२ करोड ९२ लाख ऋणात्मक रहेको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

८. **आय लेखाङ्कन** - प्राधिकरणको लेखाङ्कन सफ्टवेयर (एम पावर)मा आसामी रु.४ अर्ब ३१ करोड उल्लेख भए तापनि सोको विस्तृत विवरण उल्लेख भएको देखिएन। आय लेखाङ्कन सफ्टवेयर (सिएआईएस) मा आसामी रु.१ अर्ब ७१ करोड मात्र लेखाङ्कन भएकोले वित्तीय विवरणमा आसामी हिसाब रु.२ अर्ब ६० करोड बढी लेखाङ्कन भएको देखिन्छ। सो सम्बन्धमा उक्त दुई सफ्टवेयरमा रहेको हिसाब विगत वर्षदेखि नै फरक परेको देखिन्छ। दुई सफ्टवेयरमा देखिएको फरक हिसाब भिडान गरी यकिन गर्नुपर्दछ।

९. **स्थिर सम्पत्ति तथा निर्माणाधीन सम्पत्ति -** प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ३६ मा प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र स्थिर सम्पत्तिको भौतिक परीक्षण गर्नुपर्ने उल्लेख छ। प्राधिकरणले यो वर्षसम्म अतिक्रमण भएको ३४७ रोपनी जग्गालगायतका सम्पत्तिको छानबिन तथा यकिन नगरेको, लेखाङ्कन गरेकोमध्ये २ हजार १७९ रोपनी जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त नगरेको, निर्माण कार्य सम्पन्न भइसकेको करिब रु.१३ अर्ब १३ करोडको सम्पत्ति पुँजीकृत नगरेको, सफ्टवेयरमा देखिएको तथा वित्तीय विवरणमा समावेश गरिएको सम्पत्तिबिच रु.७७ करोड फरक देखिएकोले वित्तीय विवरणमा उल्लिखित सम्पत्ति यथार्थपरक रहेको देखिँदैन। त्यसैगरी वर्षान्तमा निर्माणाधीन सम्पत्ति रु.२ खर्ब ३५ अर्ब ७१ करोड रहेकोमा सोको भौतिक परीक्षण नभएको र उक्त सम्पत्तिमध्ये स्थिर सम्पत्तिमा समायोजन गरेको रु.१७ करोड ऋणात्मक मौज्दात रहेको देखिएको छ। प्राधिकरणले स्थिर तथा निर्माणाधीन सम्पत्तिको लेखाङ्कनमा सुधार गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१०. **जिन्सी व्यवस्थापन -** गत वर्षको आषाढ मसान्तसम्म रु.१८ अर्ब ४५ करोडको जिन्सी मौज्दात रहेकोमा यो वर्षको आषाढ मसान्तसम्म रु.१६ अर्ब ८७ करोड मौज्दात रहेको छ। प्राधिकरणले नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप उक्त जिन्सीको मूल्याङ्कन तथा क्षयीकरण (इम्पेयरमेण्ट)को परीक्षण गरेको छैन। साथै, प्राधिकरणले गरेको जिन्सी मौज्दातको भौतिक परीक्षण तथा छानबिन प्रतिवेदनअनुसार केन्द्रीय भण्डार, हेटौंडामा रु.७ करोड ६ लाख र गुल्मी वितरण केन्द्रमा रु.१ करोड ५१ लाख बराबरको जिन्सी घटी रहेको देखिन्छ। सो सम्बन्धमा प्राधिकरणबाट छानबिन गरी स्रेस्ताभन्दा घटी रहेको जिन्सी रकम सम्बन्धित कर्मचारीबाट असुल फर्स्यौंट गर्नुपर्दछ।

११. **आयोजनाहरूको प्रगति** - नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम २२ अनुसार बजेट कार्यान्वयनको समीक्षा गरी कार्यान्वयनमा रहेका कार्यक्रम र थप भएका कार्यक्रमको लाभ लागत विश्लेषण गरी पठाउनु सबै जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा विनियम ३१ अनुसार प्राधिकरणको काम कारबाही प्रचलित कानुनअनुसार भए/नभएको समेत आकस्मिक छानबिन गराउनुपर्ने व्यवस्था छ। प्राधिकरणबाट उपलब्ध प्रगति प्रतिवेदनअनुसार यस वर्ष सञ्चालित आयोजनामध्ये ४ आयोजनाको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

| आयोजना | यो वर्षको | | | हालसम्मको भौतिक प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| | बजेट | खर्च | वार्षिक वित्तीय प्रगति (प्रतिशत) | |
| १३२ के.भी. प्रसारण कन्डक्टर अपग्रेड | ७२,००,०० | १४,५०,५१ | २०.१५ | ६५.३० |
| कोहलपुर-नेपालगन्ज १३२ के.भी. प्रसारण लाइन | ५०,००,०० | १२,५६,५६ | २५.१३ | २५.६३ |

| आयोजना | यो वर्षको | | | हालसम्मको भौतिक प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| | बजेट | खर्च | वार्षिक वित्तीय प्रगति (प्रतिशत) | |
| बोराङ-झार्लाङ-रातमाटे-नौबिसे २२० के.भी. प्रसारण लाइन | ५७,००,०० | ७,८६,६४ | १३.८० | १३.५१ |
| संस्थागत सुदृढीकरण आयोजना | २९,००,०० | ५,९५,४५ | २०.५३ | ०.०१ |

प्राधिकरण अन्तर्गत नेपाल सरकारमार्फत विश्व बैङ्क, एसियाली विकास बैङ्क तथा अन्य अन्तर्राष्ट्रिय दातृ निकायबाट प्राप्त ऋण तथा अनुदान साथै प्राधिकरणको आन्तरिक स्रोतबाट सञ्चालित विद्युत प्रसारण तथा वितरण परियोजनाहरूको अपेक्षित कार्य प्रगति नहुँदा समय तथा लागत वृद्धि हुने देखिन्छ। प्राधिकरणले सञ्चालित आयोजना समयमै सम्पन्न गरी विद्युत उत्पादन प्रसारण तथा वितरणको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

१२. **महसुल बक्यौता** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष ७.७७ प्रतिशतले वृद्धि भई रु.५२ अर्ब १ करोड पुगेको छ। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ५९ ग्राहकबाट विगत वर्षको असुल गर्न बाँकी रु.२६ अर्ब ३ करोड रहेको छ। सो रकम कुल बक्यौताको ५०.०५ प्रतिशत देखिन्छ। सडक बत्तीको बक्यौता रु.७ अर्ब ७३ करोडमध्ये काठमाडौं महानगरपालिकाको रु.१ अर्ब ९९ करोड असुल गर्न बाँकी देखिन्छ। प्राधिकरणले विद्युत महसुल सङ्कलन विनियमावली, २०७८ मा तोकिएअनुसार बक्यौता रकम सम्बन्धमा यकिन गरी असुल गर्नुपर्दछ।

१३. **विद्युत उत्पादन तथा खपत -** प्राधिकरणले यो वर्षसम्ममा ४९४ स्वतन्त्र ऊर्जा उत्पादकसँग ११ हजार ४३६ मेगावाट विद्युतको खरिद सम्झौता गरिसकेको तथा प्राधिकरणको आफ्नै विद्युत जडित उत्पादन क्षमता ६६२ मेगावाट भएकोमा हालसम्म ३ हजार ५९१ मेगावाट राष्ट्रिय ग्रिडमा जोडिएको र आगामी २ वर्ष भित्र थप २ हजार १९० मेगावाटभन्दा बढी जडित क्षमता राष्ट्रिय ग्रिडमा जोडिने चरणमा रहेको छ। विद्युत उत्पादन बढ्दै जाँदा प्राधिकरणले विद्युतको आन्तरिक खपत वृद्धि, वर्षायामको उत्पादन तथा मागलाई ध्यानमा राखी विद्युत निर्यात रणनीति तयार गरी प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

१४. **विद्युत खरिद सम्झौता -** यो वर्षसम्म २५३ स्वतन्त्र ऊर्जा उत्पादकसँग १६ हजार २७ मेगावाट खरिद सम्झौताको प्रक्रियामा रहेको प्राधिकरणले जनाएको छ। यस वर्षका लागि गरिएको योजना र वास्तविक विद्युत उत्पादनको तुलना गर्दा अधिकांश महिनामा योजनाको लक्ष्य भन्दा उत्पादन कम भएका कारण प्राधिकरणलाई करिब रु.२६ करोड ८८ लाख किलोवाट-घण्टा विद्युत उत्पादन घाटा भएको देखिन्छ। उत्पादनमा कमी भएका कारण एक मित्रराष्ट्रबाट थप विद्युत आयात गर्दा प्राधिकरणलाई सोका लागि अनुमानित रु.१ अर्ब २२ करोड ७९ लाख व्ययभार परेको छ। विशेष गरी सुक्खा महिनाहरूमा आयातित विद्युतमा निर्भरता रहेको र रन अफ रिभर प्रकृतिका परियोजनाबाट उत्पादित विद्युत वर्षायाममा खेर गई प्राधिकरणलाई घाटा भइरहेकोले उक्त विषयलाई समेत ध्यान दिई व्यावसायिक विद्युत योजना सहित विद्युत खरिद सम्झौता गर्नुपर्दछ।

१५. **विद्युत नोक्सानी -**प्राधिकरणको विद्युत उत्पादन, प्रसारण तथा वितरणको नोक्सानी (चुहावट दर) गत वर्ष १२.७३ प्रतिशत (संशोधित) रहेकोमा यो वर्ष १२.२६ प्रतिशत रहेको देखिन्छ। विद्युत चुहावटको कारण पहिचान गरी अत्यधिक विद्युत नोक्सानी भएका केन्द्रमा प्रभावकारी नियन्त्रण प्रणाली अवलम्बन गरी चुहावट कम गर्ने व्यवस्था गर्नुपर्दछ।

१६. **विद्युत महसुलको हिसाब मिलान** - नेपाल र भारत सरकारबिच १२ फेब्रुअरी, १९९६ मा भएको महाकाली सन्धिको धारा १ र ९ तथा १० डिसेम्बर, १९९९ मा भएको नेपाल भारत संयुक्त सहकार्य बैठकअनुसार

नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डरअनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सोभन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधानअनुसार नेपाल सरकारले निःशुल्क प्राप्त गरेको विद्युत प्रति युनिट रु.४.७५ का दरले प्राधिकरणलाई उपलब्ध गराएको छ। सो बापत प्राधिकरणले नेपाल सरकारलाई अघिल्लो वर्षसम्म रु.२ अर्ब ७५ करोड र यो वर्षको रु.३३ करोडसमेत रु.३ अर्ब ८ करोड तिर्न बाँकी रहेको देखिन्छ। त्यसैगरी, नेपाल सरकारले विगतमा कोभिड-१९ को समयमा विद्युत महसुलमा छुट दिने घोषणा गरेबमोजिम प्राधिकरणले ग्राहकलाई छुट प्रदान गरेको तथा अन्य छुटको रकमबापत वित्तीय विवरणमा रु.५ अर्ब ६ करोड नेपाल सरकारसँग लिनुपर्ने देखिएको छ। यसरी प्राधिकरणले नेपाल सरकारबाट खुद रु.१ अर्ब ९८ करोड लिन बाँकी देखिएकाले उक्त हिसाब यकिन गरी फरफारक गर्नुपर्दछ।

१७. **कर्मचारी दायित्व** - बिमाङ्कीय (एक्च्युरियल) मूल्याङ्कनअनुसार कर्मचारी लाभ (सुविधा) दायित्वको वर्तमान मूल्य रु.५६ अर्ब ९२ करोड देखिन्छ। सो दायित्व व्यवस्थापन गर्नको लागि प्राधिकरणले लगानी गरेको सम्पत्तिको मूल्य रु.८ अर्ब ९ करोड मात्र रहेको छ। सो अनुसार कर्मचारी लाभ दायित्व बहनको लागि रु.४८ अर्ब ८३ करोड अपुग रहेको छ। कर्मचारीको अवकाश भुक्तानी सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ।

१८. **अन्तर कार्यालय हिसाब -** प्राधिकरणले आवधिक रूपमा अन्तर कार्यालय हिसाब भिडान गरी राफसाफ गर्नुपर्नेमा सो गरेको पाइएन। हिसाब राफसाफ नहुँदा वर्षान्तमा प्राधिकरणको अन्तर कार्यालय हिसाब दिनुपर्ने रु.४४ अर्ब ४३ करोड र लिनुपर्ने रु.४५ अर्ब १४ करोड भई खुद रु.७१ करोड लिनुपर्ने देखिएको छ। समयमै हिसाब भिडान गरी हिसाब राफसाफ गर्नुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन।

१९. **हिसाब हस्तान्तरण -** प्राधिकरणले विद्युत परियोजना विकास गर्नको लागि विभिन्न सहायक कम्पनी स्थापना गरी कम्पनीको स्थापनापश्चात् उक्त कम्पनीमा प्राधिकरणबाट भएको खर्च हस्तान्तरण गरी कम्पनीको लागतमा समावेश गर्नुपर्दछ। प्राधिकरणबाट प्राप्त खर्च विवरणअनुसार प्राधिकरणले २०८२ आषाढ मसान्तमा निम्न कम्पनीहरूको लागि गरेको खर्च सम्बन्धित कम्पनीलाई हस्तान्तरण गरेको पाइएन।

(रु. हजारमा)

| कम्पनी | सम्पत्ति | | दायित्व | | |
|---|---|---|---|---|---|
| | चालु | गैर चालु | चालु | गैर चालु | सेयर पुँजी |
| दुधकोशी जलविद्युत कम्पनी लिमिटेड | ४२,७४ | २,८०,४१,५७ | ८७,३९ | ५२,५३,१३ | २,२७,४३,८० |
| उत्तरगङ्गा पावर कम्पनी लिमिटेड | ४,०३ | १६,४४,९२ | २,१४,२४ | ८,९६,०१ | ५,३८,७० |
| तमोर जलविद्युत कम्पनी लिमिटेड | १०,९६ | २१,१०,३८ | १,२१,१९ | ९,३३,३३ | १०,६६,८१ |
| आँधिखोला जलविद्युत कम्पनी लिमिटेड | १७,४८ | २०,२४,०३ | १८,४८ | ३,३९,२६ | १६,८३,७७ |
| चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड | ८,६०,७८ | १५,६९,६८ | ५,००,२३ | ४,५६,०० | १४,७४,२४ |
| **जम्मा** | **९,३५,९९** | **३,५३,९०,५८** | **९,४१,५३** | **७८,७७,७३** | **२,७५,०७,३२** |

यस प्रकारका सबै हिसाब सम्बन्धित कम्पनीमा हस्तान्तरण गरी सम्बन्धित कम्पनी र आयोजनाको लागतमा समावेश गर्नुपर्दछ।

२०. **म्याद थप** - नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १९८ मा निर्माण व्यवसायीबाट म्याद थपको निवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले जाँचबुझ गराई म्याद थप गर्न सकिने उल्लेख छ। प्राधिकरणबाट प्राप्त ठेक्का विवरण तथा प्रगति प्रतिवेदनअनुसार काठमाडौँ उपत्यका भूमिगत वितरण प्रणाली अन्तर्गत निर्माणाधीन ४ आयोजनाको प्रगति तथा म्याद थप स्थिति निम्नानुसार छः

| आयोजनाको नाम | ठेक्का सम्झौता मिति | सम्झौता रकम | | सम्पन्न गर्नुपर्ने मिति | यो वर्षसम्मको खर्च | | म्याद थप पश्चात्को म्याद | म्याद थप पटक | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अमेरिकी डलर (लाखमा) | ने.रु. (लाखमा) | | अमेरिकी डलर (लाखमा) | ने. रु. (लाखमा) | | | |
| काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजना | १५ मार्च २०१९ | २३९ | ८०,२६ | ९ अक्टोबर २०२१ | २१० | ५८,५९ | १५ जनवरी २०२६ | ६ | ९८ |
| ललितपुर-भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजना | ४ जून २०२१ | २६३ | ९५,२२ | ८ सेप्टेम्बर २०२४ | १३९ | २६,११ | ३० जून २०२६ | २ | ५५ |
| काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजना | २४ जून २०२० | २८७ | १,१२,७० | १९ डिसेम्बर २०२३ | २३८ | ७०,२२ | ३० जून २०२६ | २ | ९२ |
| काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजना | १५ मार्च २०१९ | २५० | १,०१,०२ | ९ अक्टोबर २०२१ | २१३ | ५१,११ | ३१ मार्च २०२६ | ५ | ७७ |

उल्लिखित विवरणअनुसार सम्पन्न गर्नुपर्ने अवधि व्यतीत भइसकेका उल्लिखित ४ आयोजनामध्ये २ पटक र ५ पटक म्याद थप भएका २ आयोजनाको भौतिक प्रगति क्रमशः ५५ र ७७ प्रतिशत रहेको छ। काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजनाको छैटौं पटक र काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजनाको पाँचौं पटक म्याद थप भएको देखिन्छ। यसरी पटक पटक म्याद थप गर्नुपर्ने अवस्था अन्त्य गरी निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नुपर्दछ।

२१. **पूर्वनिर्धारित क्षतिपूर्ति** - त्रिशूली-३ बी हब सब स्टेशन परियोजनामा प्राधिकरणले २०७८।८।२८ मा निर्णय गरी निर्माण व्यवसायीसँग ठेक्का सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति बापतको असुल गर्नुपर्ने जरिबाना अमेरिकी डलर ७ लाख १६ हजार र रु.७ करोड १७ लाख ७० हजार असुल गरेको नदेखिएकोले सो रकम असुल गर्नुपर्दछ।

२२. **सम्पत्तिको मूल्याङ्कन** - विश्व बैङ्कबाट प्रदान गरिएको १९ लाख ५ हजार अमेरिकी डलर ऋण मार्फत सञ्चालन गरिएको सम्पत्तिको भौतिक परीक्षण तथा मूल्याङ्कन परियोजनामा एक परामर्शदातासँग रु.१६ करोड ७० लाखको सम्झौता भएको छ। ठेक्का सम्झौता अभिलेखमा भएको सम्पत्ति र भौतिक परीक्षणमा देखिएको सम्पत्तिबिच भिडान गरी सम्पत्तिको यथार्थ अवस्था मूल्याङ्कन गर्ने, आयु निर्धारण लगायत नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको लेखाङ्कन गरी डाटाबेसमा प्रविष्टि गर्ने गरी २०७७।१।१८ मा कार्यविवरण दिएको देखिन्छ। सो अनुरूप सम्झौता रकमको ९१.५३ प्रतिशतले हुने रु.१५ करोड २९ लाख भुक्तानी भइसकेकोमा कार्यसम्पन्न भएको छैन। बाँकी कार्य सम्पन्न गर्नु गराउनुपर्दछ

२३. **भुक्तानीमा कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार ठेक्का वा करार बापतको ५० हजार रुपैयाँभन्दा बढीको भुक्तानीमा १.५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। उक्त ऐनको दफा ११ अनुसार कर छुट अवधिमा पाउने सुविधासम्बन्धी अभिलेख प्राधिकरणले अद्यावधिक गरेको पाइएन। प्राधिकरणले गत विगत वर्षदेखि नै विद्युत खरिद सम्झौता अन्तर्गतको विद्युत खरिद बापतको भुक्तानीमा कर कट्टी गर्ने गरेको छैन। यस वर्ष भुक्तानी भएको रु.६४ अर्ब ५७ करोडमध्येबाट कर कट्टी गर्नुपर्ने कर रकम यकिन गरेको

छैन। यसै गरी प्राधिकरणले एक प्रसारण लाइन निर्माण आयोजना अन्तर्गतको भुक्तानीमा विदेशी निकायको नेपालमा भएका स्थायी संस्थापनले कर बीजक जारी गरेकोमा सो निकायको विदेशमा सञ्चालित बैङ्क खातामा भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९(३) बमोजिम ५ प्रतिशत स्रोतमा कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरेकोले रु.२६ करोड घटी कर कट्टी भएको देखिन्छ। घटी कर कट्टी भएको रकम यकिन गरी असुल हुनुपर्दछ।

२४. **सञ्चालक समितिको निर्णय** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अन्तर्गत अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको तलब, भत्ता, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने उल्लेख छ। प्राधिकरणको सञ्चालक समितिले अन्य सहायक संस्थामा सञ्चालक नियुक्ति गर्ने सम्बन्धमा नेपाल सरकार र संस्थालाई दीर्घकालीन असर पर्ने निर्णय गर्दा अर्थ मन्त्रालय एवं तालुक निकायबाट पूर्व स्वीकृति लिएको देखिएन। समितिले २ हजार ८६० दैनिक ज्यालादारी कर्मचारीलाई मासिक ज्यालादारीमा परिणत गरेको, १० दिने पर्यटन बिदाको व्यवस्थालाई संशोधन गरी १० दिने पर्यटन काजको व्यवस्था, नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने मुनाफाबाट २०८१।८२ सम्म कर्मचारीको कल्याणकारी कोषमा रु.६० करोड स्थानान्तरण, आन्तरिक लेखापरीक्षणसँग सम्बन्धित दैनिक भ्रमण भत्ता वृद्धि, सहायक र सम्बद्ध कम्पनीमा कर्मचारी काजमा पठाउँदा प्रोत्साहन लगायतका अन्य भत्ता प्रदान, आयोजना, उत्पादन केन्द्र, भार प्रेषण केन्द्रमा प्रोत्साहन भत्ताको व्यवस्था लगायतका निर्णय गरी रु.१४ करोड ७२ लाख खर्च लेखेकोमा अर्थ मन्त्रालयबाट स्वीकृति लिएको देखिएन। यस सम्बन्धी बेहोरा निम्नानुसार छन् :

२४.१. प्राधिकरणको इन्जिनियरिङ्ग निर्देशनालयअन्तर्गतका विभागले विभिन्न परियोजनाको सम्भाव्यता अध्ययनको लागि लक्ष्य निर्धारण गर्ने र प्रगति मापन गरी पूर्वनिर्धारित सूचकका आधारमा प्रोत्साहन भत्ता खर्च लेखेको छ। अन्तरनिर्देशनालयबाट स्वतन्त्र मूल्याङ्कन बेगर निर्देशनालयले कर्मचारीलाई रु.७ करोड ६४ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ।

२४.२. प्राधिकरणले आयोजना व्यवस्थापन निर्देशनालयअन्तर्गतका विभिन्न परियोजनामा रु.३ करोड ४२ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ। समग्र योजनाको कार्यसम्पादन सूचक र प्राप्त उपलब्धिबिचको तुलना बेगर नै वार्षिक लक्ष्यका आधारमा प्रोत्साहन भत्ता वितरण गरेकोले प्रगति न्यून रहेको अवस्थामा पनि प्रोत्साहन भत्ता भुक्तानी भएको छ।

२४.३. प्राधिकरणको उत्पादन निर्देशनालयअन्तर्गत सञ्चालित विभिन्न जलविद्युत आयोजनाको मर्मत सम्भार कार्यमा संलग्न कर्मचारीलाई तलबको ३ सय प्रतिशतसम्म र दशैं तथा बिदाको दिन ४ सय प्रतिशतसम्म प्रोत्साहन भत्ता प्रदान गरेको छ। यस्तो भत्ता दैनिक भत्ताको अलावा सुपरिवेक्षणको लागि जाने अन्य कार्यालयका कर्मचारीलाईसमेत वितरण गरेको देखिन्छ। यो वर्ष उत्पादन निर्देशनालयअन्तर्गतका १८ आयोजनामा कार्यरत कर्मचारीलाई रु.३ करोड ६६ लाख प्रोत्साहन भत्ता खर्च लेखेको पाइयो।

२५. **सहायक कम्पनीमा लगानी तथा सञ्चालक नियुक्ति** - नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ५ (क) अनुसार सेयर लगानी गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्दछ। प्राधिकरणले नेपाल सरकारको स्वीकृति बेगर ३५ निकाय (सब्सिडिएरी, एसोसिएट तथा अन्य) मा रु.५६ अर्ब ८ करोड ६० लाख बराबरको सेयर लगानी गरेको छ। त्यस्तै, गण्डकी प्रदेशका २ मन्त्रालयबाट नेपाल सरकारको स्वीकृति नलिई रु.३८ करोड १३ लाख बराबरको रकम प्राप्त गरेको छ। साथै प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकको रूपमा एक भन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराएको देखिन्छ। यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिएको देखिएन।

२६. **स्वामित्व हस्तान्तरण** - नेपाल विद्युत प्राधिकरण र हिमाल पावर लिमिटेडबिच २०५२।१०।१ मा सम्पन्न विद्युत खरिद सम्झौताबमोजिम निर्माण सम्पन्न भई विद्युत उत्पादन सुरु भएको मितिदेखि २० वर्षको अवधि

समाप्ति पश्चात् खिम्ती जलविद्युत आयोजनाको ५० प्रतिशत सेयर स्वामित्व प्राधिकरणलाई हस्तान्तरण हुनुपर्ने व्यवस्था रहेको देखिन्छ। सम्झौताअनुसार २०७७।३।२८ मा २० वर्ष अवधि पूरा भइसके तापनि सोबमोजिम स्वामित्व हस्तान्तरण नहुँदा सम्पत्ति र लगानी रु.९ अर्ब ४७ करोड प्राप्त हुन बाँकी रहेको छ। सम्झौताबमोजिम सम्पत्ति प्राप्त गरी लेखाङ्कन गर्नुपर्ने बेहोरा गतवर्षको प्रतिवेदनमा उल्लेख भएकोमा यो वर्ष पनि सुधार भएको छैन।

२७. **पदपूर्ति खर्च** - प्राधिकरणले यो वर्ष खुलातर्फ ३८ र आन्तरिक प्रतियोगितातर्फ १३८ विज्ञापनबाट २ हजार ७३३ जनाको पदपूर्तिमा रु.३ करोड खर्च गरेको छ। उक्त खर्चमध्ये प्रश्नपत्र निर्माण तथा परीक्षा सञ्चालनमा रु.१ करोड ८५ लाख खर्च भएको छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २७४ देखि २९० मा संलग्न छ।**

# बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड

बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति २०६९।८।१८ मा गठन भएकोमा जलाशययुक्त आयोजनाको निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने यस आयोजनालाई कम्पनी मोडलमा सञ्चालन गर्न मन्त्रीपरिषद्बाट २०७९।३।२१ मा निर्णय भई कम्पनी ऐन, २०६३ दफा ५(१) बमोजिम २०७९।५।१७ मा बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको स्थापना भएको देखिन्छ। कम्पनीको चुक्ता पुँजी रु.२२ करोड ६० लाखमध्ये नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको रु.११ करोड, अर्थ मन्त्रालयको रु.११ करोड र नेपाल विद्युत प्राधिकरणको रु.६० लाख लगानी रहेको छ। कम्पनीमा स्थायी ५ र करार १९ समेत २४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति,प्लाण्ट र उपकरण | ९,२४,०९ | | ९,०५,१४ | |
| पुँजीगत कार्य प्रगति | १३,६१ | | ० | |
| उपयोग अधिकार सम्पत्ति | १,२६,५३ | | १,५६,४८ | |
| स्थगन कर सम्पत्ति | ५२,५९ | | १२,११ | |
| **जम्मा गैर चालु सम्पत्ति** | | **११,१६,८२** | | **१०,७३,७३** |
| नगद तथा नगद समान | १६,३८,९६ | | ३१,३६,०३ | |
| अन्य चालु सम्पत्ति | ३१,२५,०० | | २१,२०,०० | |
| चालु कर सम्पत्ति | ६३४ | | | |
| **जम्मा चालु सम्पत्ति** | | **४७,७०,३०** | | **५२,५६,०३** |
| **जम्मा सम्पत्ति** | | **५८,८७,१२** | | **६३,२९,७६** |
| **इक्विटी** | | | | |
| सेयर पुँजी | २२,६०,१० | | २२,६०,१० | |
| सेयरको लागि अग्रिम भुक्तानी | ४०,००,०० | | ४०,००,०० | |
| सञ्चित आम्दानी तथा जगेडा | (५,५५,१२) | | (२,७२,४०) | |
| **जम्मा इक्विटी** | | **५७,०४,९८** | | **५९,८७,७०** |
| **गैर चालु दायित्व** | | | | |
| लिज दायित्व | १,१६,८३ | | १,६४,२५ | |
| स्थगन कर दायित्व | ४,४५ | | २,४३ | |
| **जम्मा गैर चालु दायित्व** | | **१,२१,२८** | | **१,६६,६८** |
| **चालु दायित्व** | | | | |
| व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी | ३१,९३ | | १,७४,५९ | |
| अन्य वित्तीय दायित्व | २,६६ | | ७९ | |
| लिज दायित्व | २६,२७ | | - | |
| **जम्मा चालु दायित्व** | | **६०,८६** | | **१,७५,३८** |
| **जम्मा इक्विटी तथा दायित्व** | | **५८,८७,१२** | | **६३,२९,७६** |

गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति ४.०१ प्रतिशतले बढेर रु.११ करोड १६ लाख ८२ हजार पुगेको छ। कुल चालु सम्पत्ति ९.२४ प्रतिशतले घटेर रु.४७ करोड ७० लाख ३० हजार र कुल सम्पत्ति ६.९९ प्रतिशत घटेर रु.५८ करोड ८७ लाख १२ हजार रहेको छ। यसै गरी कुल इक्विटी ४.७२ प्रतिशतले घटेर रु.५७ करोड ४ लाख ९८ हजार पुगेको छ। गैर चालु दायित्व २७.२३ प्रतिशतले

घटेर रु.१ करोड २१ लाख २८ हजार पुगेको छ। चालु दायित्व ६५.२९ प्रतिशतले घटेर रु.६० लाख ८६ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| बिक्री आम्दानी | - | | - | |
| बिक्रीको लागत | - | | - | |
| व्यापार खर्च | - | | - | |
| **कुल नाफा** | | **-** | | **-** |
| अन्य सञ्चालन आम्दानी | ४,११ | | - | |
| कर्मचारी खर्चहरू | २,०८,३२ | | १,०९,५८ | |
| प्रशासनिक तथा अन्य खर्चहरू | १,२७,४६ | | ७५,०५ | |
| ह्रास कट्टी तथा परिशोधन खर्च | ३५,५८ | | २४,५२ | |
| **सञ्चालनबाट प्राप्त नाफा / (नोक्सान)** | | **(३,६७,२५)** | | **(२,०९,१५)** |
| वित्तीय आम्दानी | ५८,८५ | | - | |
| वित्तीय खर्चहरू | १४,७५ | | १२,३८ | |
| **कर अघिको नाफा** | | **(३,२३,१५)** | | **(२,२१,५३)** |
| स्थगन आय कर | ३८,४६ | | ९,६८ | |
| **खुद नोक्सान** | | **(२,८४,६९)** | | **(२,११,८५)** |

गत वर्ष खुद नोक्सान रु.२ करोड ११ लाख ८५ हजार रहेकोमा यो वर्ष रु.२ करोड ८४ लाख ६९ हजार पुगेको छ।

३. **सम्पत्ति तथा दायित्व -** कम्पनीमा साबिकको बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति २०७९।३।२१ मा खारेज भई सो समितिबाट प्राप्त हुने सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिले खुद पुँजीगत खर्च रु ४२ अर्ब ३४ करोड ६३ लाख २५ हजार कायम गरेको छ। सम्पत्ति तथा दायित्व कम्पनीको नाममा नामसारी नभएको बेहोरा गत विगतको प्रतिवेदनमा समेत औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् रहेको छ।

४. **सम्पत्तिको उपयोग -** बुढीगण्डकी जलविद्युत आयोजनाका नाममा हालसम्म अधिग्रहण गरिएको करिब ४९ हजार रोपनी जग्गा र सो मा निर्मित संरचनाहरू स्थानीयले नै उपयोग गरिरहेको देखिन्छ। सो सम्पति उपयोग गरेबापत कम्पनीलाई आम्दानी भएको देखिँदैन। अधिग्रहण गरिएका जग्गाको संरक्षण तथा व्यवस्थापन हुनुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २९१ देखि २९३ मा संलग्न छ।**

# मोदी जलविद्युत कम्पनी लिमिटेड

मोदी जलविद्युत कम्पनी लिमिटेड माथिल्लो मोदी "ए" जलविद्युत आयोजना, (४२ मेगावाट) र माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मेगावाट) को प्रवर्धन एवं सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७५।३।२७ मा स्थापित भई हाल निर्माणाधीन अवस्थामा रहेको छ। नेपाल विद्युत प्राधिरकणको पूर्ण स्वामित्वमा रहेको कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिएका ११ र दैनिक ज्यालादारी १८ समेत २९ कर्मचारी रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, जायजेथा र उपकरण | ३,१७,१५ | | २,८९,४३ | |
| पुँजीकृत हुन बाँकी सम्पत्ति | १,०२,५२,२४ | | ४५,२८,८३ | |
| लिज सम्पत्ति | २९,०८ | | ४२,५१ | |
| बैङ्क मुद्दती निक्षेप | - | | १,००,०० | |
| **कुल गैर चालु सम्पत्ति** | | **१,०५,९८,४७** | | **४९,६०,७७** |
| **चालु सम्पत्ति** | | | | |
| जिन्सी मौज्दात | २३ | | ७१ | |
| नगद वा बैङ्क मौज्दात | १,०३,८७ | | ३८,६१ | |
| चालु कर सम्पत्ति | १७,२१ | | १६,८७ | |
| पेस्की तथा बैङ्क निक्षेप | ४२,६२,२६ | | ४,६०,१८ | |
| **कुल चालु सम्पत्ति** | | **४३,८३,५७** | | **५,१६,३७** |
| **कुल सम्पत्ति** | | **१,४९,८२,०४** | | **५४,७७,१४** |
| **इक्विटी तथा दायित्व** | | | | |
| सेयर पुँजी | ७९,१५,०० | | ४१,००,०० | |
| अग्रिम सेयर पुँजी | ६५,७९,५४ | | १०,९०,०० | |
| अन्य इक्विटी | ७१,०३ | | ५५,९३ | |
| **कुल इक्विटी** | | **१,४५,६५,५७** | | **५२,४५,९३** |
| **दायित्व** | | | | |
| **गैर चालु दायित्व** | | | | |
| अन्य गैर चालु दायित्व | २१,९५ | | ३७,८३ | |
| स्थगन कर दायित्व | ३,५४ | | ४,१९ | |
| **कुल गैर चालु दायित्व** | | **२५,४९** | | **४२,०२** |
| **चालु दायित्व** | | | | |
| व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | २,६८,०५ | | ७७,३१ | |
| अन्य चालु दायित्व | १,२२,९३ | | १,११,८८ | |
| **कुल चालु दायित्व** | | **३,९०,९८** | | **१,८९,१९** |
| **कुल दायित्व** | | **४,१६,४७** | | **२,३१,२१** |
| **कुल इक्विटी तथा दायित्व** | | **१,४९,८२,०४** | | **५४,७७,१४** |

कम्पनीको कुल गैर चालु सम्पत्ति रु.१ अर्ब ५ करोड ९८ लाख ४७ हजार र चालु सम्पत्ति रु.४३ करोड ८३ लाख ५७ हजारसमेत कुल सम्पत्ति रु.१ अर्ब ४९ करोड ८२ लाख ४ हजार रहेको छ। त्यसैगरी इक्विटी रु.१ अर्ब ४५ करोड ६५ लाख ५७ हजार, गैर चालु दायित्व रु.२५ लाख ४९ हजार र चालु दायित्व रु.३ करोड ९० लाख ९८ हजार समेत कुल इक्विटी तथा दायित्व रु.१ अर्ब ४९ करोड ८२ लाख ४ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु .हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| सञ्चालन तथा प्रशासनिक खर्च | १०,२६ | | १३,५४ | |
| **सञ्चालनबाट नाफा/(नोक्सान)** | | **(१०,२६)** | | **(१३,५४)** |
| वित्तीय आम्दानी | ३,३० | | २५,७५ | |
| अन्य आम्दानी | २०,६३ | | १,२६ | |
| **कर अघिको नाफा/(नोक्सान)** | | **१३,६७** | | **१३,४७** |
| स्थगन कर खर्च/(आम्दानी) | (६५) | | ३,८४ | |
| **खुद नाफा/(नोक्सान)** | | **१४,३२** | | **९,६३** |

निर्माणाधीन अवस्थामा रहेकोले कम्पनीको निक्षेपमा राखेको रकमको ब्याज आम्दानी रु.३ लाख ३० हजार र अन्य आम्दानी रु.२० लाख ६३ हजारसमेत रु.२३ लाख ९३ हजार आम्दानी बाट सञ्चालन तथा प्रशासनिक खर्च रु.१० लाख २६ हजार घटाउँदा कर अघिको नाफा रु.१३ लाख ६७ हजार रहेको छ। जसमा स्थगन कर आम्दानी समायोजन गर्दा खुद नाफा रु.१४ लाख ३२ हजार कायम भएको छ।

३. **कार्यान्वयन अवस्था -** माथिल्लो मोदी ए जलविद्युत परियोजना (४२ मेगावाट) को परियोजना अवधि २०८१।१।२५ देखि २०८५।१।२४ सम्म रहेको छ। यो परियोजनाको प्रथम चरणमा सिभिल र हाइड्रोमेकानिकल कार्यको लागि २०८१।१।२६ मा एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भई कार्य सुरु भएको छ। त्यसै गरी माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मेगावाट) को सिभिल र हाइड्रोमेकानिकल निर्माणको लागि २०८२।२।२५ मा निर्माण सम्झौता गरी टोपोग्राफिकल सर्भेको कार्य प्रारम्भ भएको छ। दुवै परियोजनाको लागि क्याम्प सुविधा निर्माण गर्न २०७७।७।२८ मा सम्झौता गरी २०८२ आषाढ मसान्तसम्म ७० प्रतिशत कार्य सम्पन्न भएको छ। निर्माणको लागि २२३ रोपनी सार्वजनिक जग्गा उपयोग भएको देखिन्छ। आयोजनाको निर्माणको लागि आवश्यक पर्ने २५३ रोपनी निजी जग्गा (प्रसारण लाइनबाहेक) मध्ये ९५ प्रतिशत जग्गा अधिग्रहण कार्य सम्पन्न भएको छ। आयोजनाको लागि आवश्यक जग्गा अधिग्रहण गरी समयमै आयोजना निर्माण सम्पन्न गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २९४ देखि २९६ मा संलग्न छ।**

# रघुगङ्गा हाइड्रोपावर लिमिटेड

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२४ मा यो हाइड्रोपावर कम्पनीको स्थापना भएको हो। प्रारम्भमा यसको क्षमता ३२ मेगावाट रहेकोमा हाल ४० मेगावाट रहेको छ। निर्माणाधीन अवस्थामा रहेको यस आयोजनाको कुल लागत रु.९ अर्ब १७ करोड २६ लाख रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, प्लाण्ट र उपकरण | ९,१६,३४ | | १०,११,४२ | |
| पुँजीगत कार्य प्रगति | ९,१३,२३,०४ | | ६,८५,५९,७७ | |
| **जम्मा गैर चालु सम्पत्ति** | | **९,२२,३९,३८** | | **६,९५,७१,१९** |
| अग्रिम भुक्तानी र लगानी | ८०,५९,२८ | | ९८,८५,०१ | |
| नगद तथा नगद समान | १३,३९,०० | | २,५१,५४ | |
| **जम्मा चालु सम्पत्ति** | | **९३,९८,२८** | | **१,०१,३६,५५** |
| **कुल सम्पत्ति** | | **१०,१६,३७,६६** | | **७,९७,०७,७४** |
| सेयर पुँजी | ३,५०,००,०० | | १,३७,४०,०० | |
| अग्रिम सेयर पुँजी | - | | १,८८,१२,७० | |
| सञ्चित नाफा | (२९,३६,१६) | | (२६,७६,११) | |
| **जम्मा इक्विटी** | | **३,२०,६३,८४** | | **२,९८,७६,५९** |
| **दायित्व** | | | | |
| ऋण सापटी | ५,५७,६९,५६ | | ३,७३,७१,९५ | |
| **जम्मा गैर चालु दायित्व** | | **५,५७,६९,५६** | | **३,७३,७१,९५** |
| चालु दायित्व | | | | |
| व्यापारिक तथा अन्य भुक्तानी | १,३८,०४,२६ | | १,२४,५९,२० | |
| **जम्मा चालु दायित्व** | | **१,३८,०४,२६** | | **१,२४,५९,२०** |
| **जम्मा दायित्व** | | **६,९५,७३,८२** | | **४,९८,३१,१५** |
| **कुल इक्विटी र दायित्व** | | **१०,१६,३७,६६** | | **७,९७,०७,७४** |

कम्पनीको गैर चालु सम्पत्ति रु.९ अर्ब २२ करोड ३९ लाख र चालु सम्पत्ति रु.९३ करोड ९८ लाख समेत रु.१० अर्ब १६ करोड ३७ लाख कुल सम्पत्ति रहेको छ। सेयर पुँजी रु.३ अर्ब ५० करोड, दीर्घकालीन कर्जा रु.५ अर्ब ५७ करोड ७० लाख, चालु दायित्व रु.१ अर्ब ३८ करोड ४ लाख र सञ्चित नोक्सानी रु.२९ करोड ३६ लाखसमेत रु.१० अर्ब १६ करोड ३८ लाख कुल पुँजी तथा दायित्व रहेको छ।

२. **सञ्चालन नतिजा**- कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **अन्य आय** | | **१,०३,५९** | | **१,३८,१७** |
| प्रशासनिक खर्च | (३,८८,४६) | | (३,३१,४२) | |
| ह्रास खर्च | (९८,४८) | | (१,१६,१८) | |
| **सञ्चालन नाफा/(नोक्सानी)** | | (३,८३,३५) | | (३,०९,४३) |

आयोजना निर्माणाधीन अवस्थामा रहेकोले कम्पनीको बिक्री आय शून्य रहेको छ। कम्पनीको अन्य आय रु.१ करोड ४ लाखमध्ये प्रमुख हिस्सा ब्याज आम्दानी रहेको छ। कम्पनीको प्रशासनिक खर्च रु.३ करोड ८९ लाख र ह्रास खर्च रु.९९ लाख समेत रु.४ करोड ८७ लाख कुल खर्च रहेको छ।

३. **निर्माण कार्य** - आयोजना कार्यान्वयनको क्रममा कोभिड १९, डिजाइन स्वीकृतिमा ढिलाइ, सामान आपूर्तिमा ढिलाइ, कमजोर भौगोलिक अवस्था लगायत विभिन्न परिस्थितिको कारण समयमा कार्यसम्पन्न नभई म्याद थप भएको छ। सिभिल तथा हाइड्रोमेकानिकल कार्यको लागि २०७४।८।१ मा अमेरिकी डलर ३ करोड ५९ लाख ९९ हजार र रु.२ अर्ब १७ करोड ३३ लाखमा गरेको सम्झौताको म्याद २०७८।१०।१८ सम्म रहेकोमा २०८१।३।१ सम्म थप गरेको पाइयो। त्यस्तै इलेक्ट्रो मेकानिकल कार्यको लागि २०७६।६।२८ मा अमेरिकी डलर ८७ लाख ४८ हजार र रु.१८ करोड १५ लाखमा गरेको सम्झौताको म्याद २०७९।८।१ सम्म रहेकोमा २०८२।८।११ सम्म थप गरेको देखिन्छ। हालसम्म आयोजनाको भौतिक प्रगति ८३ प्रतिशत रहेको छ।

४. **परामर्श खर्च** - आयोजना र परामर्शदाताबिच सिभिल तथा हाइड्रोमेकानिकल कार्यमा परामर्श सेवा उपलब्ध गराउन २०६८।१०।२३ मा अमेरिकी डलर ३८ लाख २४ हजार र रु.७ करोड ५३ लाखको सम्झौता भएको छ। सम्झौताअनुसार २०७२।११।३ सम्म निर्माण कार्य समयमा सम्पन्न हुन नसक्दा २०८३।९।१६ सम्म म्याद थप गरेको छ। आयोजनाको सिभिल तथा इलेक्ट्रोमेकानिकल तर्फको परामर्श सेवामा विनिमय दरको कारण रु.१४ करोड ९२ लाखले लागत बढेको अवस्था छ। निर्माण कार्यको म्याद २०८२।८।११ सम्म थप भएकोमा सोही निर्माण कार्यको परामर्श सेवाको म्याद २०८३।९।१६ सम्म थप गर्नुको औचित्य पुष्टि गर्नुपर्ने अन्यथा लागत बढाउने गरी म्याद थप भएको छ। यस सम्बन्धमा छानबिन गरिनुपर्दछ।

५. **मुआब्जा पेस्की** - कम्पनीले मुआब्जा वितरणको लागि जिल्ला प्रशासन कार्यालय, म्याग्दीलाई दिएको पेस्कीमध्ये २०८१ आषाढसम्म रु.३ करोड ४ लाख फर्स्यौंट हुन बाँकी छ। मुआब्जा वितरणको कार्य समयमा सम्पन्न गरी पेस्की फर्स्यौंट गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ २९७ देखि ३०१ मा संलग्न छ।**

# राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

विद्युत शक्तिको प्रसारण तथा भार सम्प्रेषणका लागि आवश्यक क्षमता, स्तर तथा प्रकृतिअनुसार प्रसारण लाइन, सवस्टेशन तथा अन्य पूर्वाधारहरूको निर्माण, विस्तार, विविधीकरण र मर्मतसम्भार गर्ने उद्देश्यले २०७२।३।२७ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीले प्रसारण ग्रिडको सञ्चालन गर्दै समग्र ग्रिड प्रणालीको समयोचित व्यवस्थापनको कार्य गर्दछ। कम्पनीलाई आफूले निर्माण तथा सञ्चालन गरेका प्रसारण प्रणाली तथा सम्बन्धित संरचनाहरूको प्रयोग गरेबापत नियामक निकायले तोकिएबमोजिम शुल्क सङ्कलन गर्ने अधिकार रहेको छ।

१ **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ, २०८२ | | ३१ आषाढ, २०८१ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, जायजेथा र उपकरण | ४३,७६,१३ | | ४५,२६,७८ | |
| पुँजीकृत हुन बाँकी सम्पत्ति | २,५९,४२,९२ | | १,३९,९५,४८ | |
| अमूर्त सम्पत्ति | १,९० | | २,७१ | |
| जग्गा खरिदको लागि पेस्की | १,१८,९५ | | १,४१,७१ | |
| सेयर लगानी | २,८०,५० | | २,८०,५० | |
| **कुल गैर चालु सम्पत्ति** | | **३,०७,२०,४०** | | **१,८९,४७,१८** |
| **चालु सम्पत्ति** | | | | |
| व्यावसायिक तथा अन्य प्राप्य रकम | ९४,०४,६५ | | ९४,५९,३९ | |
| अग्रिम आयकर | २,७१,१९ | | ३,७९,११ | |
| अग्रिम भुक्तानी, पेस्की, सापटी र धरौटी | ५,३५ | | ५,०६ | |
| बैङ्क तथा नगद मौज्दात | १,६२,६८,०७ | | २,६९,३९,०८ | |
| **कुल चालु सम्पत्ति** | | **२,५९,४९,२६** | | **३,६७,८२,६४** |
| **कुल सम्पत्ति** | | **५,६६,६९,६६** | | **५,५७,२९,८३** |
| सेयर पुँजी | ३,५४,००,०० | | ३,५४,००,०० | |
| सञ्चित नाफा र जगेडा कोष | ८२,०५,८८ | | ८५,६९,८७ | |
| अग्रिम सेयर पुँजी | ९,७६,७३० | | ७७,६८,०० | |
| **कुल इक्विटी** | | **५,३३,७३,१८** | | **५,१७,३७,८७** |
| **दायित्व** | | | | |
| **गैर चालु दायित्व** | | | | |
| कर्मचारी सुविधा दायित्व | ४५,३१ | | ४८,०१ | |
| स्थगन कर दायित्व | २५,७४ | | २६,०० | |
| **कुल गैर चालु दायित्व** | | **७१,०५** | | **७४,०१** |
| **चालु दायित्व** | | | | |
| व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ३१,५९,८६ | | ३७,०२,४६ | |
| आयकर दायित्व | ६३,९७ | | १,४६,३० | |
| कर्मचारी सुविधा दायित्व | १,६० | | ११ | |
| घरभाडा दायित्व | | | ६९,०८ | |
| **कुल चालु दायित्व** | | **३२,२५,४३** | | **३९,१७,९५** |
| **कुल इक्विटी र दायित्व** | | **५,६६,६९,६६** | | **५,५७,२९,८३** |

यस वर्ष गत वर्षको तुलनामा कम्पनीको पुँजीकृत हुन बाँकी सम्पत्ति ८५.३६ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ५९ करोड ४२ लाख ९२ हजार तथा कुल सम्पत्ति १.६९ प्रतिशतले बढेर रु.५ अर्ब ६६ करोड ६९ लाख ६६ हजार रहेको छ। कुल चालु दायित्व १७.६७ प्रतिशतले घटेर रु.३२ करोड २५ लाख ४३ हजार र कुल इक्विटी ३.१६ प्रतिशतले बढेर रु.५ अर्ब ३३ करोड ७३ लाख १८ हजार पुगेको छ।

२ **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| सञ्चालनबाट आम्दानी | **५४८** | | | - |
| बिक्रीको लागत | - | | | - |
| **कुल नाफा/ (नोक्सान)** | **५४८** | | | - |
४. **ऋण र ब्याजको हिसाब मिलान -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८१ अनुसार संस्थानमा नेपाल सरकारको ऋण लगानी रु.१८ अर्ब ६८ करोड र नेपाल सरकारलाई तिर्न बाँकी ब्याज रु.५ अर्ब ७२ करोड रहेकोमा संस्थानले क्रमशः ऋण रु.१६ अर्ब ६० करोड र तिर्न बाँकी ब्याज रु.२ अर्ब १३ करोड देखाएको छ। त्यसैगरी, जाईकाबाट प्राप्त ऋण रु.४८ करोड ३२ लाखसहित रु.३ अर्ब २५ करोड ऋणको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा अद्यावधिक हुन बाँकी रहेको देखिन्छ। अतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र संस्थानको अभिलेखमा फरक परेको उक्त ऋण तथा ब्याज रकमको हिसाब मिलान गर्नुपर्दछ।

५. **भाखा नाघेको साँवा ब्याज-** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथा लगानी सम्बन्धी वार्षिक प्रतिवेदन, २०८१ अनुसार संस्थानले नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा तथा ब्याजमध्ये भाखा नाघेको

साँवा रु.३ अर्ब ७७ करोड र भाखा नाघेको ब्याज रु.५ अर्ब ७२ करोडसमेत रु.९ अर्ब ४९ करोड रहेकोले संस्थानको सञ्चालन क्षमता बढाई समयमै साँवा तथा ब्याज भुक्तानी गर्नुपर्दछ।

६. **अधुरो निर्माण कार्य-** जापान सरकारको अनुदान सहयोगमा पोखरा महानगरपालिका १५ कोलपाटनमा निर्माण भइरहेको पोखरा खानेपानी सुधार आयोजनाअन्तर्गत २ हजार घनमिटर क्षमताको ओभरहेड पानी ट्याङ्की निर्माण कार्य जमिनको सतहदेखि २० मिटरसम्मको कार्य सम्पन्न भएको अवस्थामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन एकाइले संस्थानको पोखरा शाखालाई उक्त ओभरहेड पानी ट्याङ्की निर्माणस्थल क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको पहुँच सतहभित्र परेकोले निर्माण कार्य रोक्न पत्राचार गरेको र जमिनको सतहबाट अधिकतम १५.५७ मिटर उचाइ नबढ्ने गरी निर्माण गर्न सहमति दिएकोमा हालसम्म पुरानो संरचनाको उचाई घटाउने र मापदण्ड अनुसार निर्माण गर्ने कार्य भएको देखिएन। अतः संस्थानले प्राधिकरणसँग समन्वय गरी उक्त संरचनाको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

७. **अवकाश दायित्व -** बिमाङ्कीय मूल्याङ्कनअनुसार संस्थानको जीवन बिमा कोष र अवकाश कोष बापतको दायित्व रु.४७ करोड १६ लाख ८६ हजार रहेकोमा बैङ्क खातामा रु.२५ करोड १७ लाख ६८ हजार लगानी रहेकोले अवकाश दायित्व भुक्तानीको लागि रु.२१ करोड ९९ लाख १८ हजार नपुग रहेको देखिन्छ। भविष्यमा अवकाश भुक्तानीमा रकमको अभाव हुन नदिन कोषको दिगो र उचित उपयोग/ परिचालन गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३४३ देखि ३६० मा संलग्न छ।**

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

नेपालमा पूर्वाधारहरूको विकास, निर्माण र परामर्शसम्बन्धी कार्यलाई दिगो, सुरक्षित र विश्वसनीय ढङ्गबाट गर्न/गराउन नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०६३ अन्तर्गत यसको स्थापना भएको हो। कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब, जारी पुँजी रु.५ अर्ब र चुक्ता पुँजी रु.३ अर्ब रहेकोमा हालसम्म रु.२५ करोड मात्र प्राप्त भएको देखिन्छ। कम्पनीको प्रबन्धपत्रमा अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयको ७५ लाख कित्ताका दरले रु.३ अर्ब बराबरको ३ करोड कित्ता संस्थापक सेयर रहने उल्लेख छ। कम्पनीमा हाल ८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, मेसिन र उपकरण | ४०,२२ | ४०,२२ | ४९,०० | ४९,०० |
| **चालु सम्पत्ति** | | | | |
| प्रिपेड, एडभान्स र डिपोजिट | २२,७९,५० | | २२,६९,०५ | |
| व्यापारिक र अन्य प्राप्ति | - | | ११,५६ | |
| नगद र नगद सरहका अन्य सम्पत्ति | २,९७,३७ | | २,५४,७९ | |
| **जम्मा चालु सम्पत्ति** | | **२५,७६,८७** | | **२५,३५,४०** |
| **कुल सम्पत्ति** | | **२६,१७,०९** | | **२५,८४,४०** |
| **सेयर पुँजी र जगेडा** | | | | |
| सेयर पुँजी | २५,००,०० | | २५,००,०० | |
| जगेडा तथा बचत | ९४,६७ | | ६७,०९ | |
| **जम्मा इक्विटी** | | **२५,९४,६७** | | **२५,६७,०९** |
| **गैर चालु दायित्व** | | | | |
| असुरक्षित ऋण | ९,१० | ९,१० | ९,१० | ९,१० |
| **चालु दायित्व** | | | | |
| चालु दायित्व | ३३ | | २८ | |
| व्यवस्था | १२,९९ | | ७,९३ | |
| **जम्मा चालु दायित्व** | | **१३,३२** | | **८,२१** |
| **कुल सेयर पुँजी तथा दायित्व** | | **२६,१७,०९** | | **२५,८४,४०** |

कम्पनीको गत वर्षको कुल सेयर पुँजी तथा दायित्व रु.२५ करोड ८४ लाख ४० हजार रहेकोमा यो वर्ष रु.२६ करोड १७ लाख ९ हजार पुगेको छ। कम्पनीको जगेडा तथा बचत गत वर्ष रु.६७ लाख ९ हजार रहेकोमा यो वर्ष ४१.११ प्रतिशतले वृद्धि भई रु.९४ लाख ६७ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| सेवा शुल्क | - | | २५,७६ | |
| सेवाको लागत | - | | (६२,१४) | |
| **कुल नाफा/(नोक्सानी)** | **-** | | | **(३६,३८)** |
| प्रशासनिक खर्च | १९,८७ | | ४९,९९ | |
| कर्मचारी सुविधा खर्च | ३६,०० | | ४९,६८ | |
| **सञ्चालन नाफा/(नोक्सानी)** | | **(५५,८७)** | | **(१,३६,०५)** |

| | | | | |
|---|---|---|---|---|
| ब्याज आम्दानी | १,१७,५६ | | १,७९,५३ | |
| छुट आम्दानी | - | | - | |
| ह्रास कट्टी | (९,७१) | | (११,७७) | |
| **कर अघिको नाफा** | | **५१,९८** | | **३१,७१** |
| कर | (१२,९९) | | (७,९३) | |
| **खुद नाफा** | | **३८,९९** | | **२३,७८** |

गत वर्षको तुलनामा यस वर्ष सञ्चालन नोक्सानी ५८.९३ प्रतिशतले घटन गई रु.५५ लाख ८७ हजार रहेको छ। ब्याज आम्दानी ३४.५२ प्रतिशतले घटेर रु.१ करोड १७ लाख ५६ हजार कायम भएको छ। खुद नाफा ६३.९२ प्रतिशतले बढेर रु.३८ लाख ९९ हजार पुगेको छ।

३. **कार्य प्रगति** - नेपाल सरकारले देशमा बढ्दो पूर्वाधारको माग पूरा गर्न, नेपालको पूर्वाधार क्षेत्रलाई आर्थिक रूपमा सक्षम र दिगो रूपमा विकास गर्न र ठुला तथा साना पूर्वाधार आयोजनाहरूको विकास, निर्माण, स्वामित्व र सञ्चालनका लागि सार्वजनिक-निजी साझेदारीको मोडलमा नेपालका विभिन्न लगानीकर्तासँग परियोजनाहरू विकास गर्न यो कम्पनीको स्थापना गरेको हो। नेपाल सरकारले विगतमा यस्तै उद्देश्य राखी नेपाल कन्स्ट्रक्सन कम्पनी लिमिटेड स्थापना गरेकोमा केही समय अस्तित्वमा रही खारेज भइसकेको अवस्थामा हाल यस कम्पनीले समेत स्थापनाको पाँच वर्षसम्म पूर्णता नपाउनु तथा दीर्घकालीन महत्त्वका कार्यहरू गर्न नसक्नुले कम्पनी स्थापनाको औचित्य स्थापित हुनसकेको देखिएन।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३६१ देखि ३६२ मा संलग्न छ।**

# वन तथा वातावरण मन्त्रालय

## नेपाल वन निगम

राष्ट्रिय वन जङ्गलबाट काठ, दाउरा, सङ्कलन गरी बिक्री वितरण गर्ने उद्देश्यले स्थापना भएको यो निगम साबिकको द टिम्बर कर्पोरेसन अफ नेपाल र वन पैदावर विकास समितिलाई गाभेर कम्पनी ऐन, २०६३ अनुसार २०७६।२।२३ देखि सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस निगमअन्तर्गत ४ शाखा कार्यालय रहेका छन्। निगमको कुल दरबन्दी २४७ रहेकोमा स्थायी १८ र दैनिक ज्यालादारी, अस्थायी तथा करारमा ७९ समेत ९७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, जायजेथा र उपकरण | ७,३१,१५,८१ | | ७,३१,४२,२१ | |
| अमूर्त सम्पत्ति | ८० | | – | |
| स्थगन कर सम्पत्ति | ४,५६,१६ | | – | |
| **कुल गैर चालु सम्पत्ति** | | **७,३५,७२,७७** | | **७,३१,४२,२१** |
| **चालु सम्पत्ति** | | | | |
| नगद तथा बैङ्क मौज्दात | ३,९१,६२ | | २,४२,०१ | |
| जिन्सी मौज्दात | २०,२०,२१ | | १८,२५,४३ | |
| प्रिपेड र निक्षेप सम्पत्ति | १५,१३,३७ | | १७,६४,७८ | |
| चालु कर सम्पत्ति | २,००,०७ | | १,९८,९० | |
| **कुल चालु सम्पत्ति** | | **४१,२५,२७** | | **४०,३१,१२** |
| **कुल सम्पत्ति** | | **७,७६,९८,०४** | | **७,७१,७३,३३** |
| **दायित्व** | | | | |
| **चालु दायित्व** | | | | |
| व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | १,६८,४९ | | २,५२,१७ | |
| पेस्की तथा निक्षेप | ३,५२,०१ | | ३,१८,९९ | |
| व्यवस्था | १४,४८,१८ | | १३,६६,४९ | |
| आयकर दायित्व | १२,२९ | | १२,३० | |
| **कुल चालु दायित्व** | | **१९,८०,९७** | | **१९,४९,९५** |
| **गैर चालु दायित्व** | | | | |
| व्यवस्था | ५,६८,५२ | | ६,५२,८० | |
| स्थगन सरकारी अनुदान | १,४७,७६ | | १,४७,८२ | |
| स्थगन कर दायित्व | | | १,७३,०४,६९ | |
| **कुल गैर चालु दायित्व** | | **७,१६,२८** | | **१,८१,०५,३१** |
| **इक्विटी** | | | | |
| सेयर पुँजी | ११,६०,८१ | | ११,६०,८२ | |
| सञ्चित नाफा | १०,७५,७० | | ९,५२,९७ | |
| जगेडा कोष | ७,२७,६४,२८ | | ५,५०,०४,२८ | |
| **कुल इक्विटी** | | **७,५०,००,७९** | | **५,७१,१८,०७** |
| **कुल इक्विटी तथा दायित्व** | | **७,७६,९८,०४** | | **७,७१,७३,३३** |

निगमको गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति ०.५९ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ३५ करोड ७२ लाख ७७ हजार पुगेको र चालु सम्पत्ति २.३३ प्रतिशतले वृद्धि भई रु.४१ करोड २५ लाख

२७ हजार रहेको छ। गत वर्षको तुलनामा चालु दायित्व यस वर्ष १.५९ प्रतिशतले वृद्धि भई रु.१९ करोड ८० लाख ९७ हजार र कुल गैर चालु दायित्वमा ९६.०४ प्रतिशतले कमी भई रु.७ करोड १६ लाख २८ हजार भएको छ। यस्तै कुल इक्विटी ३१.३१ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ५० करोड ७९ हजार र कुल इक्विटी तथा दायित्व ०.६८ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ७६ करोड ९८ लाख ४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** निगमको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| बिक्री आम्दानी | १९,३९,७९ | | १६६७४२ | |
| बिक्रीको लागत | (१४,५०,२४) | | (१००५८८) | |
| **कुल नाफा/(नोक्सान)** | | **४,८९,५५** | | **६,६१,५४** |
| ह्रास कट्टी र अपलेखन खर्च | (२३,९५) | | (२९४५) | |
| अन्य आम्दानी | ३९,४२ | | ५४७५ | |
| कर्मचारी खर्च | (२,९२,४५) | | (५६५९९) | |
| अन्य सञ्चालन खर्च | (१,३७,३०) | | (१५३२०) | |
| **सञ्चालन नाफा/(नोक्सान)** | | **७५,२७** | | **(३२,३५)** |
| वित्तीय आम्दानी | ४६६१ | | ८३८८ | |
| वित्तीय खर्च | | | (३९) | |
| **कर कट्टी गर्नु अघिको नाफा/(नोक्सान)** | | **१,२१,८८** | | **५१,१४** |
| स्थगन कर खर्च/ क्रेडिट | ८५ | | १८०१० | |
| **खुद नाफा/(नोक्सान)** | | **१,२२,७३** | | **२,३१,२४** |

निगमको गत वर्षको तुलनामा यस वर्ष कुल नाफा २६ प्रतिशतले न्यून भई रु.४ करोड ८९ लाख ५५ हजार पुगेको छ। गत वर्ष रु.३२ लाख ३५ हजार सञ्चालन नोक्सान रहेकोमा यो वर्ष रु.७५ लाख २७ हजार सञ्चालन नाफा देखिएको छ। बिक्रीको लागतमा भएको वृद्धि तथा वित्तीय आम्दानीमा भएको कमीका कारण खुद नाफामा गत वर्षको तुलनामा ४६.९२ प्रतिशतले कमी भई रु.१ करोड २२ लाख ७३ हजारमा सीमित भएको छ।

३. **धरौटी** - निगमको २०८२ आषाढ मसान्तमा स्रेस्ताअनुसार फिर्ता गर्न बाँकी धरौटी रु.३ करोड ५२ लाख रहेकोमा बैङ्क खातामा रु.६६ लाख १४ हजार मौज्दात देखिएकोले स्रेस्ताभन्दा बैङ्कमा रु.२ करोड ८५ लाख ८६ हजार घटी मौज्दात देखियो। बैङ्कमा घटी देखिएको धरौटी मौज्दात सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

४. **बिमाङ्कीय मूल्याङ्कन** - नेपाल लेखामान १९ (कर्मचारी सुविधा) बमोजिम संस्थाले आफ्ना कर्मचारीहरूलाई दिइने दीर्घकालीन लाभहरू उपदान, विदा बापतको रकम र औषधी उपचार सुविधा जस्ता दायित्वको लेखाङ्कन गर्न बिमाङ्कीय मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। निगमले बिमाङ्कीय मूल्याङ्कन बेगर कर्मचारी सेवा शर्त नियमावली, २०५२ (चौथो संसोधन, २०७१) को आधारमा भुक्तानी गर्न रु.५ करोड ६८ लाख ५२ हजार व्यवस्था गरेको छ। नियमानुसार दीर्घकालीन दायित्वको बिमाङ्कीय मूल्याङ्कन गरेर मात्र दायित्व भुक्तानीको व्यवस्था गर्नुपर्दछ।

५. **गोलिया चिरान तथा सह उत्पादन -** वन नियमावली, २०५१ अनुसूची २ मा सालको गोलिया "ए" ग्रेड काठको हकमा ६५ प्रतिशत, "बी" ग्रेडको हकमा ४० प्रतिशत भन्दा बढी ६५ प्रतिशतभन्दा कम चिरान काठ उत्पादन हुन सक्ने र "सी" ग्रेडको हकमा ४० प्रतिशत भन्दा कम चिरान काठ उत्पादन हुने व्यवस्था भएकोमा वन नियमावलीमा चिरान प्रतिशतको व्यवस्था भएको देखिँदैन। तर निगमको चिरान काठ प्रशोधन, सिजनिङ्ग तथा बिक्री वितरण कार्यविधि, २०७५ मा शाखा कार्यालय प्रमुखको संयोजकत्वमा गठित "चिरान प्रतिशत निर्धारण

समिति" ले घाटगड्डीबाट प्राप्त लटअनुसार गोलिया काठको जोन र ग्रेडबमोजिम चिरान उत्पादन गर्नुपर्ने र सोको अभिलेख दैनिक रूपमा राख्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार कार्य सम्पादन नहुँदा मुख्य उत्पादन र सहउत्पादन बाकल, अफसाइज र भुस जोड्दासमेत विराटनगर र भरतपुर शाखाको औसत ९०.२२ प्रतिशत उत्पादन भएको देखिन्छ। त्यसैगरी सहउत्पादनतर्फ विराटनगर शाखाले ८.८४ प्रतिशत र भरतपुर शाखाले ७.६३ प्रतिशत अफसाइज उल्लेख गरेकोमा पथलैया शाखाले १४.२० प्रतिशत र धनगढी शाखाले १३.०२ प्रतिशत अफसाइज देखाएको छ। त्यसैगरी बाकलतर्फ धनगढी शाखाले ३६.१९ प्रतिशत, विराटनगर शाखाले ३०.१८ प्रतिशत देखाएकोमा पथलैया शाखाले २४.४४ प्रतिशत र भरतपुर शाखाले २७.८४ प्रतिशत देखाएको छ। साथै मुख्य उत्पादन धनगढी शाखाको सबैभन्दा घटी ४४.७७ प्रतिशत मात्र देखिएको छ। मुख्य उत्पादन चुहावट हुन नदिन मापदण्ड तयार गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ।

६. **जग्गा बिक्री -** निगमको नाममा रहेको भक्तपुर नगरपालिकास्थित १३ रोपनी ९ आना २ पैसा जग्गा बिक्रीको लागि न्यूनतम मूल्याङ्कन रु.२ करोड १८ लाख ४२ हजार कायम गरी पुनः १५ दिनको म्याद राखी सूचना प्रकाशन गरेको देखियो। सूचना अनुरूप सबैभन्दा बढी रु.२ करोड १८ लाख ४४ हजार कबोल गर्ने एक बोलपत्रदाताको बोलपत्र २०५९।३।२४ मा स्वीकृत गरी बोलपत्र अनुसार सकार गरेको रकम दाखिला गर्नको लागि २०५९।३।३१ मा १५ दिने सूचना प्रकाशन भएकोमा बोलपत्रदाताले रु.१ करोड ३८ लाख ५० हजारमात्र २०५९।६।१ मा दाखिला गरेको आधारमा निगमले ८ रोपनी २ पैसा जग्गा रजिष्ट्रेसन पास गरिदिएको देखिन्छ। बोलपत्रमा आंशिक रूपमा जग्गा रजिष्ट्रेसन पास गर्ने उल्लेख नभएकोमा बोलपत्रदाताले राखेको धरौटी रु.६ लाखसमेत जफत गरेको देखिएन। यसरी आंशिक रूपमा जग्गा रजिष्ट्रेसन पास गरेको सम्झौता विपरीत देखिन्छ। बाँकी जग्गाको सम्बन्धमा सर्वोच्च अदालतबाट खरिदकर्तालाई जग्गा हस्तान्तरण गर्न भएको फैसलामा चित्त नबुझी निगमले मुद्दा पुनरावलोकन गरेकोमा सो मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको छ।

७. **केमिकल मौज्दात -** सार्वजनिक खरिद ऐन, २०६३ मा आवश्यकता निर्धारण गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। निगमले २०७५।१२।१५ मा रु.६२ लाख ४ हजार रकम बराबरको नरम काठमा प्रयोग हुने कपर क्रोम बर्न (सीसीबी भाग-२) नामको केमिकल ९ हजार के.जी. खरिद गरी २०८१।८२ को अन्त्यसम्म प्रयोग नगरी मौज्दात राखेको देखिन्छ। केमिकल उत्पादनकर्ताको २०७७।१०।२२ को पत्रानुसार उक्त केमिकलको म्याद ८ देखि १० वर्षसम्म रहने उल्लेख छ। केमिकल खरिद गर्दाको बखत नरम जातको काठ प्राप्तिको सुनिश्चितता नगरी तथा प्लाण्ट सञ्चालन बिना खरिद गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

८. **सम्पत्ति व्यवस्थापन -** निगमको केन्द्रीय भवन रहेको साबिकको द टिम्बर कर्पोरेसन अफ नेपालको नाममा मोही उल्लेख भएको १९ रोपनी जग्गामध्ये करिब २ रोपनी ८ आना जग्गा भोगचलनमा रहेकोमा हालसम्म उक्त जग्गा निगमको नाममा हस्तान्तरण भएको देखिएन। जग्गाको स्वामित्व सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरी दर्ता गर्ने र अतिक्रमण हुन नदिन आवश्यक संरक्षण गर्नुपर्दछ।

९. **सापटी तथा अन्य पेस्की -** आर्थिक वर्ष २०८०।८१ मा कुल पेस्की रु.१७ करोड ७९ लाख १ हजार रहेकोमा यस वर्ष रु.१७ करोड ७३ लाख ५४ हजार कायम रहेको छ। साथै गत विगत वर्षदेखि विभिन्न संस्थासँग लिनुपर्ने बाँकी अन्य पेस्की रकम रु.५ करोड ७० लाख २७ हजार देखिन्छ। वन कार्यालयहरूबाट प्राप्त गर्नुपर्ने रकम निगमले आफ्नो लगानीमा गोलिया तथा दाउरा कटान, मुछान तथा सङ्कलन गरी सम्झौताअनुसार कटान मुछान तथा सङ्कलनबापतको रकम शोधभर्ना लिन बाँकी देखिएकाले उक्त रकम शोधभर्ना प्राप्त गर्नुपर्दछ।

१०. **सम्भावित दायित्व -** डिभिजन वन कार्यालय कञ्चनपुरअन्तर्गत २०८०।८१ मा रुख कटान मुछान तथा सङ्कलनका लागि निगमले एक फर्मसँग ठेक्का प्रक्रिया अगाडि बढाएकोमा निज सम्झौता गर्न नआएकोले धरौटी

जफत गरी कालोसूचीमा राखेको छ। तोकिएको रुख कटान मुछान बाँकी रहेका १ हजार १ सय २६ रूखको प्रति रूख रु.१ हजारका दरले रु.११ लाख २६ हजार वन निर्देशनालयले जरिबाना गरी निगमले मुद्दा दायर गरेकोमा उक्त रिट खारेज भएकोले सो रकम दायित्व देखिएको छ। साथै सब डिभिजन वन कार्यालय सुखड मातहतको राष्ट्रिय वन क्षेत्रबाट २०८१।८२ मा ४८ प्लट निगमलाई उपलब्ध गराएकोमा १७१ रूख फिल्डस्तरमा फेला नपरी हानि-नोक्सानी भएकोमा वन नियमावली, २०७९ अनुसार निगमलाई रु.४६ लाख ४८ हजार जरिबाना गरेको देखिन्छ। सो सम्बन्धमा निगमले कानुनी प्रक्रिया सुरु नगरेको र त्यसरी रूख हटाएकोमा सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाएको छैन। यस्तो दायित्वको लागि सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

११. **सिजनिङ्ग/ट्रिटमेण्ट प्लाण्ट -** निगमले काठ चिरान गरी माग भएअनुसार उपलब्ध गराउने, काठको रासायनिक प्रशोधन तथा सिजनिङ्ग गरी बढी टिकाउ बनाउने, ट्रिटेड काठ उत्पादन, बिक्री वितरण गरी गुणात्मक तथा परिमाणात्मक उपलब्धि हासिल गर्ने र नरम जातको काठलाई टिकाउ बनाई सालको काठको विकल्पका रूपमा सदुपयोग गर्नका लागि निगमको चितवनस्थित भरतपुर शाखा कार्यालयको परिसरमा २०७४।७५ मा रु.२ करोड ३२ लाख ७३ हजारमा सिजनिङ्ग-ट्रिटमेण्ट प्लाण्ट निर्माण गरी २०७५।१०।२५ सम्म सञ्चालनमा रहेकोमा उक्त प्लाण्ट २०७५ फागुनदेखि सञ्चालनमा रहेको देखिएन। निगमले २०७५।१२।१५ मा सोही प्लाण्टको लगि चाहिने रु.६२ लाख ४ हजारको कपर क्रोम बर्न भाग २ केमिकल खरिद गरी मौज्दातमा राखेकोमा प्लाण्ट प्रयोगमा नरहेकोले सो केमिकल प्रयोगविहीन अवस्थामा रहेको बेहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३६३ देखि ३६५ मा संलग्न छ।**

# नेपाल वन निगम (२०८०।८१)

१. **वित्तीय स्थिति** - निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०८१ | | ३१ आषाढ २०८० | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, जायजेथा र उपकरण | ७,३१,४२,२१ | | २१,३०,३४ | |
| अमूर्त सम्पत्ति | – | | | |
| स्थगन कर सम्पत्ति | – | | २,७५,२१ | |
| **कुल गैर चालु सम्पत्ति** | | **७,३१,४२,२१** | | **२४,०५,५५** |
| **चालु सम्पत्ति** | | | | |
| नगद तथा बैङ्क मौज्दात | २,४२,०१ | | २,४२,२६ | |
| जिन्सी मौज्दात | १८,२५,४३ | | ९,३६,५८ | |
| प्रिपेड र निक्षेप सम्पत्ति | १७,६४,७८ | | १८,०९,८२ | |
| चालु कर सम्पत्ति | १,९८,९० | | १,९८,६४ | |
| **कुल चालु सम्पत्ति** | | **४०,३१,१२** | | **३१,८७,३०** |
| **कुल सम्पत्ति** | | **७,७१,७३,३३** | | **५५,९२,८५** |
| **दायित्व** | | | | |
| **चालु दायित्व** | | | | |
| व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | २,५२,१७ | | १,५६,३१ | |
| पेस्की तथा निक्षेप | ३,१८,९९ | | ३,२३,७४ | |
| व्यवस्था | १३,६६,४९ | | ७,५२,५३ | |
| आय कर दायित्व | १२,३० | | ९,४२ | |
| अन्य दायित्व | | | १५ | |
| **कुल चालु दायित्व** | | **१९,४९,९५** | | **१२,४२,१५** |
| **गैर चालु दायित्व** | | | | |
| व्यवस्था | ६,५२,८१ | | ५,८२,०३ | |
| अन्य दायित्व | - | | ३,२२ | |
| स्थगन सरकारी अनुदान | १,४७,८ १ | | १,५८,६३ | |
| स्थगन कर दायित्व | १,७३,०४,६९ | | – | |
| **कुल गैर चालु दायित्व** | | **१,८१,०५,३१** | | **७,४३,८८** |
| **इक्विटी** | | | | |
| सेयर पुँजी | ११,६०,८२ | | ११,६०,८२ | |
| सञ्चित नाफा | ९,५२,९७ | | ७,२१,७३ | |
| जगेडा कोष | ५,५०,०४,२८ | | १७,२४,२७ | |
| **कुल इक्विटी** | | **५,७१,१८,०७** | | **३६,०६,८२** |
| **कुल इक्विटी तथा दायित्व** | | **७,७१,७३,३३** | | **५५,९२,८५** |

निगमको गत वर्षको तुलनामा यस वर्ष गैर चालु सम्पत्ति २९४०.५६ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ३१ करोड ४२ लाख २१ हजार र चालु सम्पत्ति २६.४७ प्रतिशतले वृद्धि भई रु.४० करोड ३१ लाख १२ हजार पुगेको छ। यसै गरी गत वर्षको तुलनामा चालु दायित्व ५६.९८ प्रतिशतले वृद्धि भई रु.१९ करोड ४९ लाख ९५ हजार र कुल इक्विटी तथा दायित्व १२७९.८५ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ७१ करोड ७३ लाख ३३ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - निगमको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|
| बिक्री आम्दानी | १६,६७,४२ | | ९,०५,५८ | |
| बिक्रीको लागत | (१०,०५,८८) | | (११,७८,२४) | |
| **कुल नाफा/(नोक्सान)** | | **६,६१,५४** | | **(२,७२,६६)** |
| ह्रास कट्टी र अपलेखन खर्च | (२९,४५) | | (३४,८७) | |
| अन्य आम्दानी | ५४,७५ | | ५२,५८ | |
| कर्मचारी खर्च | (५,६५,९९) | | (२,५२,८९) | |
| अन्य सञ्चालन खर्च | (१,५३,२०) | | (९७,७५) | |
| **सञ्चालन नाफा/(नोक्सान)** | | **(३२,३५)** | | **(६,०५,५९)** |
| वित्तीय आम्दानी | ८३,८८ | | १,४९,८९ | |
| वित्तीय खर्च | (३९) | | (७३) | |
| **कर कट्टी गर्नु अघिको नाफा/(नोक्सान)** | | **५१,१४** | | **४,५६,४३** |
| स्थगन कर खर्च | १,८०,१० | | २,८९,६७ | |
| **खुद नाफा/(नोक्सान)** | | **२,३१,२४** | | **(७,४६,१०)** |

निगमको कुल नाफा गत वर्षको तुलनामा १४२.६३ प्रतिशतले वृद्धि भई रु.६ करोड ६१ लाख ५४ हजार रहेको छ। गत वर्ष रु.६ करोड ५ लाख ६० हजार सञ्चालन नोक्सान भएकोमा यस वर्ष घटेर रु.३२ लाख ३५ हजार देखिएको छ। गत वर्ष रु.७ करोड ४६ लाख ११ हजार खुद नोक्सान रहेकोमा यो वर्ष रु.२ करोड ३१ लाख २४ हजार खुदा नाफा भएको छ। निगमले गत वर्षको वित्तीय विवरणमा उल्लेख भएको बिक्रीको लागत यस वर्षको वित्तीय विवरणमा रु.१ करोड ८४ लाख ८५ हजार घटाई सो रकम अन्य आम्दानीमा सामावेश गरी नाफा नोक्सान विवरण पेस गरेको छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३६६ देखि ३६८ मा संलग्न छ।**

# वन पैदावर विकास समिति (२०८०।८१)

वन सम्बन्धी परियोजना सञ्चालन गर्न, वन पैदावारको सदुपयोग सम्बन्धमा सोधकार्य गर्न, वन पैदावारको नियमित र व्यवस्थित रूपले आपूर्ति गर्न तथा वन पैदावारमा आधारित उद्योगहरूलाई वन पैदावार उपलब्ध गराई विस्तार गराउने लगायतका उद्देश्य लिई विकास समिति ऐन, २०१३ अन्तर्गत २०३३ मा वन तथा वातावरण मन्त्रालय अन्तर्गत यस समितिको गठन भएको हो। हाल सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षारोपण आयोजना यस समिति अन्तर्गत सञ्चालनमा रहेका छन्।

१. **प्राप्ति र भुक्तानी** - समितिको प्राप्ति र भुक्तानीको विवरण निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८०।८१ | २०७९।८० | विवरण | २०८०।८१ | २०७९।८० |
|---|---|---|---|---|---|
| **प्राप्ति विवरण** | | | **भुक्तानी विवरण** | | |
| **सुरु मौज्दात** | | | **बजेट खर्च** | | |
| मूल कोष ५३२९१ | १६,९२ | २,८८,६९ | कार्यसञ्चालन खर्च | १०,११,७० | ३,७३,३६ |
| मूल कोष ८९६ | २४,०२ | २९,०२ | **राजस्व दाखिला** | | |
| मूल कोष २३०८ | ६ | १,०६ | रोयल्टी दाखिला | १,९३,८२ | ९२,२३ |
| धरौटी खाता | १,८५,७७ | ८०,४५ | मूल्य अभिवृद्धि कर दाखिला | ६०,१९ | ३२,१० |
| विनियोजन खाता | ८४,७४ | ५६,६२ | **अन्य भुक्तानी** | | |
| उपदान कोष | ६९,५३ | ५,१६ | धरौटी फिर्ता | ७,८० | १६,२६ |
| बिमा कोष | ३,२२ | १२,५१ | धरौटी समायोजन बिक्री | ३,६९,५९ | २,७७,३३ |
| **जम्मा सुरु मौज्दात** | **३,८४,२६** | **४,७३,५१** | उपदान कोषबाट भुक्तानी | ९६,८५ | २७,७७ |
| यस वर्षको प्राप्ति | | | बिमा कोषबाट भुक्तानी | ४,५७ | १०,१३ |
| बिक्री आम्दानी | ४,५०,१३ | ३,७९,३८ | रेल्वेबाट खर्च | ४,१० | ६,४४ |
| केन्द्रीय मूल कोष खातामा प्राप्ति | ८,७७,०० | - | मन्त्रालयको खर्च | १९,५८ | - |
| पोखरी आम्दानी | ६,९८ | ४,६८ | उपचार खर्च ५३२९१ | ८,०० | - |
| | | | **जम्मा खर्च** | **१७,७६,२०** | **८,३५,६२** |
| दरभाउपत्र आम्दानी | २१ | ४१ | **अन्तिम मौज्दात** | | |
| ब्याज आम्दानी | २,७३ | २,३८ | मूल कोष ५३२९१ | ४,२९ | १६,९१ |
| विविध आम्दानी | - | - | मूल कोष ८९६ | ६२ | २४,०२ |
| रेल्वेबाट निकासा | - | ६,३७ | मूल कोष २३०८ | २,५६ | ६ |
| धरौटी आम्दानी | ३,७१,४९ | २,७१,०८ | धरौटी खाता | ५१,८७ | १,८५,७७ |
| बिमाकोष खातामा प्राप्ति | ६,३८ | ६१ | विनियोजन खाता | २,३७,६३ | ३,२९ |
| **जम्मा प्राप्ति** | **१७,१४,९२** | **६,६४,९१** | उपादान कोष | २०,९१ | ६९,५३ |
| | | | बिमा कोष | ५,१० | ३,२२ |
| | | | **जम्मा मौज्दात** | **३,२२,९८** | ३,०२,८० |
| **कुल जम्मा** | २०,९९,१८ | **११,३८,४२** | **कुल जम्मा** | **२०,९९,१८** | **११,३८,४२** |

समितिको प्राप्ति भुक्तानी विवरणअनुसार गत वर्षको तुलनामा यो वर्षको प्राप्ति १५७.९२ प्रतिशतले वृद्धि भई रु.१७ करोड १४ लाख ९२ हजार र कार्य सञ्चालन खर्च गत वर्षको तुलनामा १७१ प्रतिशतले वृद्धि भई रु.१० करोड ११ लाख ७० हजार पुगेको छ। समितिको जम्मा खर्च गत वर्षको तुलनामा ११२.५६ प्रतिशतले वृद्धि भई रु.१७ करोड ७६ लाख २० हजार पुगेको छ भने वर्षान्तको बैङ्क मौज्दात रु.३ करोड २२ लाख ९८ हजार रहेको छ।

२. **फरक हिसाब** - समितिको गत वर्ष विनियोजन खाताको अन्तिम बैङ्क मौज्दात रु.३ लाख २९ हजार रहकोमा यो वर्ष रु.८४ लाख ७४ हजार जिम्मेवारी सारेकोले फरक जिम्मेवारी सारेको रु.८१ लाख ४५ हजारको

हिसाब मिलान गरेको छैन। त्यसैगरी धरौटी खातामा धरौटी बापतको रकम जम्मा गरी सोबाट नियमानुसार रोयल्टी दाखिला, मूल्य अभिवृद्धि कर दाखिला र धरौटी फिर्ता गरी बाँकी रहेको रकम मूल कोषमा जम्मा गर्ने गरेकोले सागरनाथ वन विकास परियोजनाको धरौटी रु.२५ हजार फरक परेको छ। यो वर्षको रेल्वेतर्फको सुरु मौज्दात रु.७४ लाख ३३ हजार, निकासा रु.१ करोड १८ लाख ७५ हजार, खर्च रु.४ लाख १० हजार र अन्तिम मौज्दात रु.१ करोड ८८ लाख ९८ हजार रहेकोमा सो आम्दानी विनियोजनतर्फको बैङ्क खाताबाट नै गरिएकोले वित्तीय विवरणमा रेल्वेतर्फको खर्च मात्र देखाइएको छ। समितिको उपदान कोषको सुरु मौज्दात रु.६९ लाख ५३ हजार रहेकोमा रु.९६ लाख ८५ हजार खर्च हुँदा अन्तिम मौज्दात रु.२० लाख ९१ हजार रहेको देखिन्छ। यसबाट उपदान खर्च भुक्तानी उपदान कोष खाताको अतिरिक्त विनियोजन खाताबाटसमेत हुने गरेको देखियो। वित्तीय विवरणमा फरक परेका उल्लिख विवरण सम्बन्धमा हिसाब मिलान गरी यथार्थ विवरण प्रस्तुत गर्नुपर्दछ।

३. **ऋण सापटी -** नेपाल सरकारको (सचिवस्तरीय) २०८०।७।२३ को निर्णयबमोजिम अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले वन पैदावर समितिलाई रु.८ करोड ८५ लाख ऋण लगानी गर्नको निमित्त २०८०।८।०१ मा दुई पक्ष बिच सम्झौता भएको पाइयो। सो रकम वन पैदावर समितिको कर्मचारीहरूको तलब, भत्ता र अवकाश सुविधा भुक्तानीको लागि प्रदान गरेको देखियो। सम्झौताको सर्तअनुसार समितिले ऋण लगानी भएको मितिदेखि साँवा भुक्तानी गरेको दिनसम्मको वार्षिक ७ प्रतिशतका दरले ब्याज लाग्ने उल्लेख छ। साथै समितिले ऋणको साँवा तथा ब्याज ६-६ महिनामा अर्धवार्षिक किस्तामा ३ वर्षभित्र भुक्तानी गर्नुपर्ने र तोकिएको समयमा साँवा तथा ब्याज भुक्तानी नगरेमा वार्षिक १० प्रतिशतका दरले हर्जाना लाग्ने उल्लेख छ। समितिले २०८१।३।१५ मा उक्त ऋणको पहिलो किस्ता बापतको साँवा रकम रु.१ करोड ४७ लाख ५० हजार र ब्याज रु.३० लाख ९८ हजार समेत कुल रु.१ करोड ७८ लाख ४८ हजार भुक्तानी गर्नुपर्नेमा हालसम्म कुनैपनि रकम भुक्तानी गरेको देखिएन। सम्झौताको शर्त बमोजिम समयमा भुक्तानी नगर्दा वार्षिक १० प्रतिशतका दरले रु.८ लाख ९२ हजार हर्जाना लाग्ने देखिनुका साथै समितिले ऋणको लेखासमेत राखेको छैन। सम्झौता बमोजिम ऋणको लेखा स्रेस्ता अद्यावधिक गरी ऋण चुक्ता गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३६९ देखि ३७० मा संलग्न छ।**

# शहरी विकास मन्त्रालय

## नगर विकास कोष

नगरको पूर्वाधार विकासमा वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउन विकास समिति ऐन, २०१३ अन्तर्गत गठन आदेश, २०४५ बमोजिम नगर विकास कोषको स्थापना भएकोमा हाल नगर विकास कोष ऐन, २०५३ बमोजिम कार्य गर्दै आएको छ। कोषमा ४६ कर्मचारीको दरबन्दीमध्ये स्थायी २० र करार १० समेत ३० कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा बैङ्क मौज्दात | ३,३७,९३,०२ | | ७८,६८,६६ | |
| नगरपालिकालाई खुद ऋण र पेस्की | ९,९७,७६,५० | | १०,०१,९१,९६ | |
| कर्मचारीलाई ऋण र पेस्की | १,६३,३४ | | २,०४,५७ | |
| लगानी | ५०,००,०० | | २,७५,००,०० | |
| चालु कर सम्पत्ति | ५,४६,६९ | | ३५,२६ | |
| सम्पत्ति र उपकरण | १४,५०,१९ | | १४,३४,४० | |
| अदृश्य सम्पत्ति | ५,३२ | | ५२ | |
| प्रयोग अधिकार सम्बन्धी सम्पत्ति | १०,०,२२ | | - | |
| स्थगन कर सम्पत्ति | १८,११,३६ | | १८,४७,२१ | |
| योगदान प्राप्य | १५ | | १५ | |
| अन्य सम्पत्ति | ५४,४३,८५ | | ४६,९४,१० | |
| **कुल सम्पत्ति** | | **१४,८०,९०,६४** | | **१४,३७,७६,८३** |
| **दायित्व** | | | | |
| अनुदान पेस्की | ३,६१,९३ | | ३,६१,९३ | |
| सापटी दायित्व | ७,५९,३९,९५ | | ७,३४,४५,३५ | |
| चालु कर दायित्व | ९८,३५ | | ० | |
| अन्य दायित्व | २,९७,५७ | | ३६,२२ | |
| **कुल दायित्व** | | **७,६६,९७,८०** | | **७,३८,४३,५०** |
| इक्विटी | | | | |
| सेयर पुँजी | २,७६,२९,८० | | २,७६,२९,८० | |
| रेस्ट्रिक्टेड कोषहरू | २,०६,६२,४३ | | २,०६,७१,५० | |
| विशेष जगेडा | १५,३०,७८ | | १५,५०,५७ | |
| सञ्चित नाफा | २,१५,६९,८३ | | २,००,८१,४६ | |
| **कुल इक्विटी** | | **७,१३,९२,८४** | | **६,९९,३३,३३** |
| **कुल इक्विटी र दायित्व** | | **१४,८०,९०,६४** | | **१४,३७,७६,८३** |

यस वर्ष गत वर्षको तुलनामा कोषको कुल सम्पत्ति ३ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ८० करोड ९० लाख ६४ हजार र कुल दायित्व ३.८६ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ६६ करोड ९७ लाख ८० हजार पुगेको छ। कुल इक्विटी २.०९ प्रतिशतले वृद्धि भई रु.७ अर्ब १३ करोड ९२ लाख ८४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| आय | | | | |
| ब्याज आम्दानी | ६८,२५,४६ | | ७९,६३,७५ | |
| ब्याज खर्च | १६,६४,३५ | | १२,८५,२९ | |
| **खुद ब्याज आम्दानी** | | **५१,६१,११** | | **६६,७८,४६** |
| फि र कमिसन खर्च | ८ | | ७ | |
| **खुद कमिसन आम्दानी (खर्च)** | | **(८)** | | **(७)** |
| अनुदान आम्दानी | ३,२१,३१ | | ५,९८,८२ | |
| अन्य आम्दानी | ६,६३ | | ४०,१० | |
| **कुल आम्दानी** | | **५४,८८,९७** | | **७३,१७,३१** |
| कर्मचारी खर्च | ३,६२,११ | | ३,६१,२७ | |
| लिज खर्च | ३३,४१ | | ३९,२० | |
| ह्रास र परिशोधन खर्च | १३,५९ | | २४,६६ | |
| अन्य खर्च | ५९,६४३ | | ३,६२,२३ | |
| अनुदान खर्च | ३,२१,३१ | | ५,९८,८२ | |
| कर्जा नोक्सानी व्यवस्था | १६,२०,२५ | | २८,२५,२८ | |
| **कर अघिको नाफा** | | **२५,४१,८७** | | **३१,०५,८५** |
| आयकर खर्च | १०,८६,५५ | | १७,५७,७५ | |
| **खुद नाफा (नोक्सान)** | | **१४,५५,३२** | | **१३,४८,१०** |

गत वर्षको तुलनामा यस वर्ष कोषको खुद ब्याज आम्दानी २२.७२ प्रतिशत घटेर रु.५१ करोड ६१ लाख ११ हजार, कुल आम्दानी २४.९९ प्रतिशतले घटेर रु.५४ करोड ८८ लाख ९७ हजार रहेकोमा खुद नाफा ७.९५ प्रतिशतले वृद्धि भई रु.१४ करोड ५५ लाख ३२ हजार पुगेको छ।

३. **मौज्दात समर्थन -** नगर विकास कोषको कार्य सञ्चालन निर्देशिका, २०६९ मा आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्ना ऋणीहरूसँग भुक्तानी गर्न बाँकी साँवा ब्याज रकमको आँकडा सम्बन्धित ऋणीहरू समक्ष पठाई सोको मौज्दात समर्थन गराउनुपर्ने व्यवस्था छ। कोषले ऋण लगानी गरी उठाउन बाँकी रहेका १४६ नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरूलाई मौज्दात समर्थनको लागि पत्राचार गरेकोमा ३३ संस्थाबाट मौज्दात समर्थन प्राप्त भएको देखिन्छ। तथापि ११३ नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरूबाट रु.८ अर्ब २८ करोड ५९ लाख ११ हजारको मौज्दात समर्थन प्राप्त भएको देखिएन। ऋणीहरूबाट मौज्दात समर्थन प्राप्त गरी सोसम्बन्धी हिसाब यकिन गर्नुपर्दछ।

४. **सेयर र ऋण हिसाब -** कोषले यस वर्षसम्म नेपाल सरकार र दातृ निकायसँग ऋण सम्झौता गरी रु.७ अर्ब ३४ करोड ३६ लाख ऋण लिएको देखिन्छ। कोषले साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको (दोश्रो) अनुदान प्राप्त रकम मन्त्रीपरिषदको २०७५।१०।२१ को निर्णयअनुसार नेपाल सरकारको सेयर लगानीमा परिणत गर्नुपर्नेमा रु.३० करोड ४६ लाख ११ हजार (रु.२४ करोड ८० लाख ७० हजार ऋण रकम र मन्त्रीपरिषद्को निर्णय अवधिसम्म लागेको ब्याज रु.५ करोड ६५ लाख ४१ हजार) को हिसाब मिलान भएको छैन्।

कोषमा २०८२ आषाढ मसान्तसम्म, नेपाल सरकारले रु.२ अर्ब ४५ करोड ८३ लाख ६८ हजार सेयर लगानी तथा रु.७ अर्ब ५९ करोड १६ लाख ९१ हजार ऋण लगानी गरेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखबाट देखिन्छ। तर नगर विकास कोषले वित्तीय विवरणमा रु.२ अर्ब ७६ करोड २९ लाख ७९ हजार सेयर लगानी तथा रु.७ अर्ब ३४ करोड ३६ लाख २१ हजार ऋण लगानी उल्लेख गरी नेपाल सरकारको भन्दा सेयर लगानीतर्फ रु.३० करोड ४६ लाख ११ हजार बढी र ऋण

लगानी तर्फ रु.२४ करोड ८० लाख ७० हजार घटी देखाएको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

५. **ऋण लगानी** - नगर विकास कोष लगानी विनियमावली, २०७९ को परिच्छेद -२ मा शहरी पूर्वाधार निर्माण संस्थागत सुशासन लगायतमा लगानी गर्ने व्यवस्था छ। त्यसैगरी ऋण असुली विनियमावली, २०७९ को परिच्छेद -४ मा ऋण असुली गर्दा तोकिएको प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ। नगर विकास कोषले लगानी विनियमावलीअनुसार उपलब्ध गराएको ऋण २०८२ आषाढ मसान्तसम्म रु.९ अर्ब ९७ करोड ७६ लाख रहेकोमा भाखा नाघेको साँवा रु.९६ करोड ३१ लाख र ब्याज रु.४९ करोड ८५ लाख रहेको छ। तोकिएबमोजिम समयमै साँवा ब्याज असुल गर्नु गराउनु पर्दछ।

६. **निजी संस्थामा ऋण लगानी -** काठमाडौं चक्रपथ क्षेत्रको यातायात सुधारका लागि साबिकका माइक्रो बस र टेम्पोको सट्टा १७ ठुला बस खरिद गरी नयाँ बसपार्क-सिनामङ्गल रुटमा चलाउने गरी नगर विकास कोषको नाममा खरिद गर्न कोषले २०७४।७।३० मा गरेको सम्झौताअनुसार एक सार्वजनिक यातायात कम्पनीलाई रु.१२ करोड ५३ लाख ४० हजारको ८० प्रतिशत अर्थात् रु.१० करोड २ लाख ७२ हजार ऋण भुक्तानी दिनुपर्ने देखिन्छ। कोषले २०७५।४।१५ मा रु.५ करोड ५७ लाख ९१ हजार ऋण दिएकोमा साँवा रु.१ करोड १६ लाख २ हजार र ब्याज रु.५० लाख १ हजार भुक्तानी गरेकोले २०८२ आषाढ मसान्तसम्म साँवा रु.४ करोड ४१ लाख ८९ हजार र ब्याज रु.१ करोड ९ लाख ५० हजारसमेत रु.५ करोड ५१ लाख ३९ हजार प्राप्त गर्न बाँकी रहेको छ। लगानी रकमको सम्झौताअनुसार साँवा, ब्याज प्राप्त गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३७१ देखि ३७३ मा संलग्न छ।**

# राष्ट्रिय आवास कम्पनी लिमिटेड

शहरी क्षेत्रमा आवासको लागि परियोजना सञ्चालन गरी योजनाबद्ध बस्ती विकास गर्ने उद्देश्यले यस कम्पनीको स्थापना भएको हो। नेपाल पुनर्वास कम्पनीको रूपमा स्थापित भई २०२० देखि २०४६ सम्म कृषिमा आधारित पुनर्वास कार्यक्रम सञ्चालन गर्ने यो कम्पनी नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको छ। यो कम्पनी २०४६ मा ग्रामीण आवास कम्पनी र २०६९।३।२८ देखि राष्ट्रिय आवास कम्पनी लिमिटेडको रूपमा सञ्चालन हुँदै आएको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| सम्पत्ति, संयन्त्र तथा उपकरण | २,३३,८२ | | २,२९,२० | |
| निर्माणाधीन सम्पत्ति | ५,७६ | | - | |
| लगानी | २३,७२ | | २१,२५ | |
| अन्य वित्तीय सम्पत्ति | ४५,७२ | | ५७,८८ | |
| कर्मचारी परिभाषित योजना सम्पत्ति | १,५१,७१ | | १,०९,८१ | |
| स्थगन कर सम्पत्ति | १,७५,७० | | ९७,८० | |
| **गैर चालु सम्पत्ति** | | **६,३६,४३** | | **५,१५,९४** |
| जग्गा मौज्दात | ५,१५,५३ | | ४,६३,६२ | |
| अन्य चालु सम्पत्ति | १४,०६ | | ६,१० | |
| अग्रिम आयकर | ८३,०७ | | ७५,३७ | |
| धरौटी | २,७८ | | २,७८ | |
| आसामी, पेस्की तथा सापटी | १,२१,७९ | | १,४७,२५ | |
| नगद तथा नगद सरह | १२,७८,८३ | | १६,५४,६० | |
| **चालु सम्पत्ति** | | **२०,१६,०६** | | **२३,४९,७२** |
| **जम्मा सम्पत्ति** | | **२६,५२,४९** | | **२८,६५,६६** |
| सेयर पुँजी | ५,२०,०० | | ५,२०,०० | |
| जगेडा तथा मुनाफा | ९,६३,२६ | | ११,५९,५५ | |
| **सेयरधनीको पुँजी** | | **१४,८३,२६** | | **१६,७९,५५** |
| कर्मचारीको लागि व्यवस्था | २,७३,८४ | | ३,३८,२४ | |
| जग्गा विकास कोष | २,१६,५२ | | २,४२,४३ | |
| **गैर चालु दायित्व** | | **४,९०,३६** | | **५,८०,६७** |
| कर्मचारीको लागि व्यवस्था | ४१,३३ | | १३,४७ | |
| व्यापारिक तथा अन्य दायित्व | ६,२९,६४ | | ५,८४,०८ | |
| कानुनी दायित्व | ५,१२ | | ५,११ | |
| व्यवस्था | २,७८ | | २,७८ | |
| **चालु दायित्व** | | **६,७८,८७** | | **६,०५,४४** |
| **जम्मा दायित्व** | | **११,६९,२३** | | **११,८६,११** |
| **जम्मा पुँजी तथा दायित्व** | | **२६,५२,४९** | | **२८,६५,६६** |

कम्पनीले यो वर्ष नेपाल वित्तीय प्रतिवेदन मानमा भएका प्रावधानबमोजिम वित्तीय विवरण तयार गरेकोले विभिन्न विवरणहरू संशोधन भएको छ। गत वर्षको सम्पत्ति तथा दायित्व रु.२ अर्ब ४६ करोड १२ लाख ७५ हजार रहेकोमा यस वर्ष संशोधन गरी रु.२८ करोड ६५ लाख ६६ हजार कायम गरेको पाइयो। जग्गा मौज्दातमा रु.२ अर्ब ६ करोड ५० लाख ९८ हजारसमेत रु.२ अर्ब १७ करोड ४७ लाख ९ हजारले संशोधन भएको छ।

गत वर्षको तुलनामा यो वर्ष कम्पनीको कुल गैर चालु सम्पत्ति २३.३५ प्रतिशतले वृद्धि भई रु.६ करोड ३६ लाख ४३ हजार र चालु सम्पत्ति १४.२० प्रतिशतले न्यून भई रु.२० करोड १६ लाख ६ हजार

रहेको छ। यसै गरी गत वर्षको तुलनामा यस वर्ष गैर चालु दायित्व १५.५५ प्रतिशतले न्यून भई रु.४ करोड ९० लाख ३६ हजार र चालु दायित्व १२.१३ प्रतिशतले वृद्धि भई रु.६ करोड ७८ लाख ८७ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| बिक्री आम्दानी | ३,३७,५५ | | ६,८७,११ | |
| बिक्री लागत | (८,३२) | | (२,४१) | |
| **कुल मुनाफा** | | **३,२९,२३** | | **६,८४,७०** |
| अन्य आम्दानी | ५६,३४ | | ७१,१० | |
| प्रशासनिक खर्च | (६,५४,६५) | | (६,४२,८८) | |
| **खुद सञ्चालन नाफा/ नोक्सान** | | **(२,६९,०८)** | | **१,१२,९२** |
| **आयकर पूर्व नाफा/ नोक्सान** | | **(२,६९,०८)** | | **१,१२,९२** |
| स्थगन कर आम्दानी/ (नोक्सान) | ७७,९० | | (३८,३२) | |
| **खुद नाफा/ नोक्सान** | | **(१,९१,१८)** | | **७४,६०** |

कम्पनीको गत वर्ष खुद नाफा रु.७४ लाख ६० हजार रहेकोमा यस वर्ष बिक्री आम्दानीमा घटेको तथा बिक्री लागत र प्रशासनिक खर्च वृद्धि भएकोले कम्पनी रु.१ करोड ९१ लाख १८ हजारले खुद नोक्सानीमा रहेको छ। कम्पनीले यो वर्ष नेपाल वित्तीय प्रतिवेदनमानमा भएका प्रावधानबमोजिम नाफा नोक्सान हिसाब तयार गरेकाले आम्दानी, खर्च र मुनाफा संशोधन भएको छ।

३. **जग्गा अतिक्रमण -** कम्पनीको स्वामित्वमा रु.५ करोड १५ लाख ५३ हजार मूल्यको जग्गा रहेकोमा कञ्चनपुरको ५ कित्ताको ४२ हजार ८४२ वर्गमिटर, बर्दियाको ५ कित्ताको २९ हजार ३१५ वर्गमिटर, नवलपरासी बर्दघाट सुस्तापूर्वको २ कित्ताको ७ हजार ३६४ वर्गमिटर र झापाको १ कित्ताको २६४ वर्गमिटर समेत ७९ हजार ७८५ वर्गमिटर जग्गा अतिक्रमणमा परेको विवरण प्राप्त भएको छ। कम्पनीले जग्गा अतिक्रमण सम्बन्धी अभिलेख अद्यावधिक गरेको छैन। कम्पनीले अतिक्रमित जग्गाहरू अतिक्रमण मुक्त गरी संरक्षण गर्नुपर्ने र सोको मूल्य वित्तीय विवरणमा खुलासा गर्नुपर्ने बेहोरा गत विगत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा यो वर्षसम्म सुधार भएको देखिएन।

४. **जग्गाको क्षेत्रफल -** कम्पनीको योजना कार्यालय, झापाको जग्गाधनी दर्ता प्रमाण/पुर्जाअनुसार जग्गाको क्षेत्रफल ५५ हजार ५८५ वर्ग मिटर रहेकोमा जग्गा मौज्दात खातामा ३४ हजार ३०८ वर्गमिटर मात्र उल्लेख गरेको देखियो। जग्गा धनी दर्ता प्रमाण/पुर्जाभन्दा मौज्दात खातामा २१ हजार २७७ वर्गमिटर घटी जग्गा उल्लेख गर्नुको कारण र आधार खुलाएको छैन। कम्पनीले जग्गाको क्षेत्रफल फरक पर्नुको कारण पहिचानसहित जग्गाधनी पुर्जा अनुसारको क्षेत्रफल अभिलेख राख्नुपर्दछ।

५. **पेस्की -** राष्ट्रिय आवास कम्पनी लिमिटेड, आर्थिक विनियमावली, २०७३ को विनियम १७९ र १८३ मा कम्पनीको कामकाजको लागि केन्द्रीय कार्यालयको हकमा महाप्रबन्धक र अन्य कार्यालयको हकमा कार्यालय प्रमुखको स्वीकृतिमा पेस्की दिन सकिने र तोकिएको म्यादभित्र फर्स्यौंट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याजसमेत असुल गर्ने व्यवस्था छ। कम्पनीका केन्द्रीय तथा योजना कार्यालयबाट विभिन्न कार्यको लागि १० कर्मचारीलाई गत विगत वर्षहरूमा दिएको पेस्की रु.३४ लाख ३३ हजार यो आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौंट गर्न बाँकी देखिएकाले सो पेस्की रकम ब्याजसहित असुल फर्स्यौंट गर्नुपर्दछ।

६. **कर्मचारीद्वारा मिलापत्र -** कम्पनीको अख्तियारी बेगर कम्पनीका कर्मचारीले विपक्षीसँग मिलापत्र गरी विपक्षीलाई दिलाएको १५ कट्ठा जग्गा बदर गरी पाउँ भनी कम्पनीले मुद्दा दायर गरेकोमा रुपन्देही जिल्ला अदालतमा

२०८१ वैशाख तथा उच्च अदालत, तुलसीपुरबाट २०८२ ज्येष्ठमा कम्पनीको पक्षमा फैसला भएको देखिन्छ। कम्पनीले अधिकार क्षेत्रभन्दा फरक हुने गरी मिलापत्र गराई विपक्षीलाई जग्गा दिलाउने कर्मचारीलाई कारबाही गरेको नदेखिएकोले उक्त पदाधिकारीलाई जिम्मेवार बनाई अदालतको फैसला कार्यान्वयन गर्नुपर्दछ।

७. **लेखापरीक्षण समिति** - कम्पनी ऐन, २०६३ को दफा १६४ मा रु.३ करोड वा सोभन्दा बढी चुक्ता पुँजी भएको कम्पनीको दैनिक कार्यसञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा कम्पनीले हालसम्म लेखापरीक्षण समिति गठन गरेको छैन। ऐनमा उल्लिखित व्यवस्थाअनुसार कम्पनीले लेखापरीक्षण समिति गठन गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३७४ देखि ३७७ मा संलग्न छ।**

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०८०।८१)

राष्ट्रिय शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरूको प्रकाशन तथा उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले २०३५।६।८ मा केन्द्रको स्थापना भएकोमा हाल कम्पनी ऐन, २०६३ अनुसार सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस संस्थामा केन्द्र र मातहतका ८ शाखा कार्यालयमा ५१९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** केन्द्रको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०८१ | | ३१ आषाढ २०८० | |
|---|---|---|---|---|
| जायजेथा, प्लाण्ट र उपकरण | ८,४२,९८,४४ | | ८,२९,९२,७० | |
| अमूर्त सम्पत्ति | १२,९० | | १४,३४ | |
| सेयर लगानी | १,०० | | १,०० | |
| **गैर चालु सम्पत्ति** | | **८,४३,१२,३४** | | **८,३०,०८,०४** |
| जिन्सी मौज्दात | १,९४,१४,२० | | १,०६,७३,२० | |
| व्यावसायिक आसामी | ५,२५,०४ | | ८,०१,८० | |
| नगद तथा बैङ्क मौज्दात | २,१७,५५ | | ३२,३६,०१ | |
| अन्य चालु सम्पत्ति | ९,४४,७९ | | १२,९८,१६ | |
| **चालु सम्पत्ति** | | **२,११,०१,५८** | | **१,६०,०९,१७** |
| **कुल सम्पत्ति** | | **१०,५४,१३,९२** | | **९,९०,१७,२१** |
| पुँजीकोष | ४५,६३,८१ | | ४५,६३,८१ | |
| जगेडा तथा सञ्चित मुनाफा | ४,५८,४३,४० | | ४,७१,५२,४४ | |
| **पुँजी तथा दायित्व** | | **५०,४०,७२१** | | **५,१७,१६,२५** |
| दीर्घकालीन ऋण | १,६२,८२,८७ | | १,३३,८२,८७ | |
| कर्मचारी सुविधा दायित्व | ८८,६३,१० | | ८२,२५,७३ | |
| स्थगन अनुदान दायित्व | ६,१९,९२ | | ५,८४,३७ | |
| स्थगन कर दायित्व | १,६४,१५,७७ | | १,६९,७६,५८ | |
| **गैर चालु दायित्व** | | **४२,१८,१६६** | | **३,९१,६९,५५** |
| अल्पकालीन ऋण | ४२,५३,०५ | | - | |
| व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी | ७,१७,३९ | | ८,७६,५६ | |
| अन्य वित्तीय दायित्व | ४५,३७,६६ | | ३८,४४,५१ | |
| कर्मचारी सुविधा दायित्व | १०,११,१८ | | १२,३३,९६ | |
| अन्य चालु दायित्व | १०,८०,६० | | १०,०२,५२ | |
| चालु कर दायित्व | ११,९४,१७ | | १०,७५,६४ | |
| अल्पकालीन व्यवस्था | ३१,०० | | ९८,२२ | |
| **चालु दायित्व** | | **१,२८,२५,०५** | | **८१,३१,४१** |
| **कुल पुँजी तथा दायित्व** | | **१०,५४,१३,९२** | | **९,९०,१७,२१** |

केन्द्रले गत वर्षको वित्तीय विवरणमा अघिल्लो वर्षका तथ्याङ्कको प्रस्तुतीकरणलाई थप स्पष्ट र सान्दर्भिक बनाउन केही वित्तीय शीर्षकहरूको पुनः वर्गीकरण गरेको छ। गत वर्षको तुलनामा यस वर्ष कुल गैर चालु सम्पत्ति १.५७ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ४३ करोड १२ लाख र चालु सम्पत्ति ३१.८१ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ११ करोड २ लाख पुगेको छ। यसै गरी कुल सम्पत्ति यस वर्ष ६.४६ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ५४ करोड १४ लाख पुगेको छ। जगेडा तथा सञ्चित मुनाफा गत वर्ष भन्दा यस वर्ष रु.१३ करोड ९ लाखले घटेको छ।

२. **सञ्चालन नतिजा -** केन्द्रको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|
| सञ्चालन आम्दानी | १,८५,५५,७१ | | २,६३,६६,७३ | |
| अन्य आम्दानी | ९,०६,७० | | २३,११,८३ | |
| **कुल आम्दानी** | | **१,९४,६२,४१** | | **२,८६,७८,५६** |
| सञ्चालन खर्च | (१,३१,८३,१३) | | (१,३६,२२,७१) | |
| कर्मचारी सुविधा खर्च | (५४,६३,५०) | | (६१,११,२९) | |
| प्रशासनिक तथा अन्य सञ्चालन खर्च | (९,६७,०६) | | (१२,९२,६७) | |
| ह्रास खर्च | (६७,५६) | | (५९,३७) | |
| परिशोधन/क्षयीकरण खर्च | (३५) | | (३५) | |
| **कुल खर्च** | | **१,९६,८१,६०** | | **२,१०,८६,३९** |
| **सञ्चालन नाफा/(नोक्सान)** | | **(२,१९,१९)** | | **७५,९२,१७** |
| वित्तीय खर्च | | (११,५१,७२) | | (७,२२,४१) |
| **कर अघिको नाफा/(नोक्सान)** | | **(१३,७०,९१)** | | **६८,६९,७६** |
| चालु आयकर | - | | (१६,५९,८४) | |
| अघिल्लो वर्षको कर | (२७३८६) | | - | |
| स्थगित कर आम्दानी/(खर्च) | ५०७२९ | | (२,२२,३१) | |
| **कर खर्च** | | **(२,३३,४३)** | | **(१८,८२,१५)** |
| **वर्षको खुद नाफा/(नोक्सान)** | | **(११,३७,४८)** | | **४९,८७,६१** |

गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानी ३२.१४ प्रतिशतले न्यून भई रु.१ अर्ब ९४ करोड ६२ लाख र कुल खर्च ६.६६ प्रतिशतले न्यून भई रु.१ अर्ब ९६ करोड ८२ लाख रहेको देखिन्छ। सञ्चालन खर्च गतवर्ष रु.१ अर्ब ३६ करोड २३ लाख रहेकोमा यस वर्ष रु.१ अर्ब ३१ करोड ८३ लाख भएको छ। गतवर्ष रु.४९ करोड ८७ लाख खुद नाफामा रहेकोमा यस वर्ष रु.११ करोड ३७ लाख खुद नोक्सानीमा रहेको छ।

३. **प्रगति -** केन्द्रले नयाँ आधुनिक मेसिन जडान गरी वार्षिक ३ करोड थान पुस्तक उत्पादन गर्ने भौतिक लक्ष्य राखेको छ। आधुनिक मेसिन जडान कार्यमा भएको ढिलाइले गर्दा विद्यमान मेसिनहरूबाट २ करोड ५२ लाख थान पुस्तक मात्र उत्पादन भएकाले भौतिक प्रगति ८४ प्रतिशत रहेको छ। उत्पादन लक्ष्य निर्धारण गर्दा बजार माग र संस्थाको वास्तविक क्षमताअनुसार वस्तुपरक कार्ययोजना बनाउनुपर्दछ।

४. **बढी ऋण लेखाङ्कन -** राष्ट्रिय वाणिज्य बैङ्कबाट रु.७५ करोडको सीमा भएको ओभरड्राफ्ट ऋण लिएकोमा बैङ्क सर्टिफिकेट अनुसार सो ऋणको मौज्दात रु.४० करोड ३४ लाख देखिन्छ। तथापि कम्पनीको वित्तीय विवरणमा रु.४२ करोड ५३ लाख उल्लेख भई रु.२ करोड १९ लाख बढी ऋण लेखाङ्कन भएको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

५. **हिसाब मिलान -** विभिन्न २ बैङ्कको बैङ्क विवरणभन्दा वित्तीय विवरणमा रु.६८ लाखले कम मौज्दात देखिएको छ। साथै केन्द्र र शाखाहरूबिच रु.३ करोड ६७ लाखको हिसाब मिलान हुन बाँकी रहेको देखिन्छ। अतः केन्द्रको बैंक विवरणले देखाएको भन्दा कम मौज्दात र केन्द्र तथा शाखाहरूबिच हिसाब मिलान हुन बाँकी रकमको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६. **दायित्वको समर्थन** - नेपाल सरकारले विगतमा केन्द्रलाई उपलब्ध गराएको सामग्रीको मौज्दातबापत लगानी दायित्व हिसाबमा अन्य चालु दायित्वअन्तर्गत रु.७४ लाख विगत वर्षदेखि देखाउँदै आएको छ। सो सम्बन्धमा अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी हिसाब फरफारख गर्नुपर्दछ।

७. **अग्रिम कर** - अग्रिम कर सम्पत्ति दाबी वा कर दायित्वसँग मिलान गर्न सो अग्रिम कर सम्पत्तिलाई आन्तरिक राजस्व विभागको इन्टिग्रेटेड ट्याक्स सिस्टमको अनुसूची-१० प्रणालीमा देखिनुपर्दछ। साथै नियमानुसार कर वा अग्रिम कर तिरेको निस्सा र विवरण समय सीमामा पेस गरेको हुनुपर्नेमा कम्पनीको वित्तीय विवरणमा रु.७ करोड ४० लाख र प्रणालीको अनुसूची १० मा रु.३ करोड ७७ लाख उल्लेख भएकोले रु.३ करोड ६३ लाख फरक परेको छ। उक्त फरक रकमको टुङ्गो लगाउनुपर्दछ।

८. **विविध साहु** - विविध साहुअन्तर्गत रु.६ करोड ५८ लाख मौज्दात बाँकी रहेको छ। यसमध्ये ३५६ जना साहुको रु.२ करोड २० लाख एक वर्षभन्दा बढी समयदेखि अचल रहेको र रु.१ करोड ७६ लाख २०६१।६२ देखि नै फर्स्यौंट हुन बाँकी रहेको छ। यस्ता पुराना मौज्दातका सम्बन्धमा सम्बन्धित साहुहरूबाट कुनै पनि पुष्टीकरण प्राप्त नभएकाले उक्त मौज्दातहरूको यथार्थता, दायित्वको अस्तित्व तथा फर्स्यौंट योग्यता यकिन गरी हिसाब अद्यावधिक गर्नुपर्दछ।

९. **आसामी हिसाब** - आसामी हिसाब अन्तर्गत पाँच वर्ष भन्दा बढी भाखा नाघेको दुई फर्मको रु.८ करोड ५४ लाख, ३४ पार्टीको एकदेखि दुई वर्षसम्मका रु.१ करोड ९३ लाख देखिन्छ। आसामीको लागि क्षयीकरण व्यवस्थामा यसवर्षसम्म रु.८ करोड ६८ लाख उल्लेख गरेको छ। लामो अवधिसम्म आसामी नउठाई क्षयीकरणको व्यवस्था गर्दै जाने प्रवृत्तिमा सुधार गरी कानुनबमोजिम समयमै आसामी असुल गर्न गराउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१०. **ऋण दायित्व** - अर्थ मन्त्रालयबाट लिएको ऋणको साँवा रु.१ अर्ब ३३ लाख र ब्याज रु.४४ करोड ८ लाखसमेत रु.१ अर्ब ७७ करोडको भुक्तानी गर्ने म्याद २०७६ मा समाप्त भएकोमा नवीकरण वा भुक्तानीको योजना बनाएको देखिएन। म्याद नाघेको ऋणमा वार्षिक रूपमा ब्याज थपिँदै गएको र यस वर्ष मात्र रु.११ करोड ५१ लाख ब्याज खर्च बेहोरेको छ। सञ्चालक समितिले अर्थ मन्त्रालयसँग समन्वय गरी म्याद नाघेको ऋणको उचित व्यवस्थापन गर्नुपर्दछ।

११. **कर्मचारी दायित्व** - केन्द्रले कर्मचारीको सुविधाबापत २०८०।८१ सम्म रु.९८ करोड ७४ लाखको दायित्व एक्चुरी मूल्याङ्कनमार्फत निर्धारण गरेको भए तापनि सो दायित्व भुक्तानीका लागि छुट्टै कोष रहेको देखिएन। कर्मचारीको दायित्व भुक्तानीको लागि आवश्यक रकमलाई सुरक्षित लगानी वा छुट्टै कोषका रूपमा जम्मा गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३७८ देखि ३८२ मा संलग्न छ।**

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## तारा गाउँ विकास समिति (२०७९।८०)

नेपालको पर्यटन उद्योगलाई ग्रामीण क्षेत्रसम्म विकास, विस्तार र प्रवर्धन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार २०३४ मा यस समितिको स्थापना भएको हो। नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रही पर्यटन क्षेत्रको विकास तथा ग्रामीण क्षेत्रको जीवनस्तर उकास्न यस समितिले दीर्घकालीन योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। समितिमा स्थायी २६ र सेवा करारमा १२ समेत ३८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०८० | | ३२ आषाढ २०७९ | |
|---|---|---|---|---|
| **पुँजी** | | | | |
| पुँजी सरेर आएको | ११,०५ | | ११,०५ | |
| पुँजीगत अनुदान | १,१०,०८ | | १,१०,०८ | |
| पुँजीगत जगेडा कोष | ३२०,९६६ | | ३२०,९६६ | |
| मुनाफा कोष(नाफा नोक्सान हिसाबबाट) | ४,०१,२० | | २,७६,७७ | |
| **कुल पुँजी** | | **३७,३१,९९** | | **३६,०७,५६** |
| **सम्पत्ति तथा जायजेथा** | | | | |
| **स्थिर तथा दीर्घकालीन सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | १७,२०,८९ | | १६,२६,०७ | |
| सेयरमा लगानी | १७,००,०० | | १७,००,०० | |
| निर्माणाधीन सम्पत्ति | - | | ६,६,९२ | |
| **कुल स्थिर तथा दीर्घकालीन सम्पत्ति** | | **३४,२०,८९** | | **३३,९२,९९** |
| **चालु सम्पत्तिहरू** | | | | |
| नगद तथा बैङ्क मौज्दात | २,४३,१४ | | ३,३७,२९ | |
| विविध सामानको मौज्दात | १,५४ | | १,७४ | |
| आसामी तथा पेस्की | ५,९०,७१ | | ५,३५,३८ | |
| **जम्मा चालु सम्पत्ति (ख)** | **८३५३९** | | **८,७४,४१** | |
| **चालु दायित्व तथा व्यवस्था (ग)** | (५,२४,३०) | | (६,५९,८४) | |
| **खुद चालु सम्पत्ति (घ = ख-ग)** | | **३,११,०९** | | **२,१४,५७** |
| **कुल जम्मा (क+ घ)** | | **३७,३१,९८** | | **३६,०७,५६** |

गत वर्षको तुलनामा यस वर्षको कुल पुँजी ३.४५ प्रतिशतले वृद्धि भई रु.३७ करोड ३१ लाख ९९ हजार र कुल स्थिर तथा दीर्घकालीन सम्पत्ति ०.८२ प्रतिशतले वृद्धि भई रु.३४ करोड २० लाख ८९ हजार पुगेको छ। गत वर्षको तुलनामा चालु दायित्व तथा व्यवस्था २०.५४ प्रतिशतले न्यून भई रु.५ करोड २४ लाख ३० हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** समितिको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०७९।८० | | २०७८।७९ | |
|---|---|---|---|---|
| बिक्री आय | २६,८७ | | २२,५३ | |
| बिक्रीको लागत | १०,७८ | | ९,४२ | |
| **कुल नाफा** | | **१६,०९** | | **१३,११** |
| अन्य आम्दानी | ५,३९,४३ | | ३,९८,२७ | |
| **जम्मा** | | **५,५५,५२** | | **४,११,३९** |

| | | | | |
|---|---|---|---|---|
| विकास, सञ्चालन एवं प्रशासनिक खर्च | ४,२०,६२ | | ३,५८,६३ | |
| **सञ्चालन नाफा/(नोक्सान)** | | **१,३४,९०** | | **५२,७५** |
| ह्रास कट्टी खर्च | १०,४७ | | ७,३१ | |
| **खुद नाफा** | | **१,२४,४३** | | **४५,४४** |
| यस वर्षको खुद नाफा/(नोक्सान) | १,२४,४३ | | ४५,४४ | |
| गत वर्षको समायोजन | - | | ७,२७ | |
| गत वर्षसम्मको नाफा/(नोक्सान) | २,७६,७७ | | २,२४,०७ | |
| **वासलातमा सरेको खुद नाफा/(नोक्सान)** | | **४,०१,२०** | | **२,७६,७७** |

गत वर्षको तुलनामा यो वर्ष समितिको सञ्चालन नाफा १५५.७३ प्रतिशतले वृद्धि भई रु.१ करोड ३४ लाख ९० हजार र वासलातमा सरेको खुद नाफा ४४.९६ प्रतिशतले वृद्धि भई रु.४ करोड १ लाख २० हजार पुगेको छ।

३. **रिसोर्ट सञ्चालन** -समितिले नगरकोट, ककनी र पोखरामा सञ्चालन गरेका ३ रिसोर्ट घाटामा रहेको देखिन्छ। ती रिसोर्टहरूले यो वर्ष कुल रु.२३ लाख ४९ हजारको बिक्री आम्दानी गरेकोमा बिक्रीको लागत रु.९ लाख ६४ हजार तथा रिसोर्टमा कार्यरत कर्मचारीहरूको पारिश्रमिकमा रु.४० लाख ४६ हजारसमेत रु.५० लाख १० हजार खर्च भई रु.२६ लाख ६० हजार सञ्चालन घाटा रहेको देखिन्छ। समितिले रिर्सोटहरू प्रभावकारी रूपमा सञ्चालन गरी मुनाफा आर्जन गर्नुपर्दछ।

४. **सेयर तथा जग्गा भाडा-** समितिले बौद्धस्थित आफ्नो स्वामित्वमा रहेको ३०४ रोपनी जग्गामध्ये १४९ रोपनी ५ आना १ पैसा ३ दाम जग्गाको मूल्य रु.१५ करोड र अन्य भौतिक संरचनाको रु.२ करोड मूल्य कायम गरी तारागाउँ रिजेन्सी होटेल लिमिटेडमा सेयरको रूपमा लगानी गरेकोमा २०५१।२।२ मा हस्तान्तरण गरी रु.१०० प्रति कित्ताको दरले १७ लाख कित्ता सेयर लगानी गरेको र १४८ रोपनी जग्गा सो होटललाई भाडामा लगाएको छ। सो लगानीबाट यो वर्ष लाभांशबापत रु.१ करोड ४३ लाख १६ हजार र भाडा बापत रु.४२ लाख ९२ हजार प्राप्त गरेको छ। सुरुमा होटलको ३९.७७ प्रतिशत सेयर समितिले प्राप्त गरेकोमा हाल पुष्ट्याइँबेगर नै ९.०१ प्रतिशत कायम गरेको छ। समितिको सेयरको हिसाब घटेको विषयमा गत विगतका प्रतिवेदनमा समेत औँल्याइएकोमा हालसम्म सो उपर कुनै निर्णय भएको छैन। उक्त विषय छानबिन गरिनुपर्दछ।

५. **जग्गाको स्वामित्व -** समितिले २०२६ मा चार किल्ला खोली बौद्धस्थित ३४७ रोपनी ९ आना जग्गा अधिग्रहणको सूचना प्रकाशित गरेकोमा २०४८ मा जग्गा नाप जाँच गर्दा ३०४ रोपनी जग्गा कायम भएको उल्लेख छ। समितिले जग्गाधनी प्रमाणपुर्जा नम्बर १०४०।१२।५ मा कित्ता नम्बर ९६ को क्षेत्रफल ५३६.५४ वर्ग मिटर र ३ हजार ४९७.५८ वर्ग मिटर दोहोरो परेको जग्गाधनी प्रमाणपूर्जा सच्याउन बाँकी रहेको देखिन्छ। अधिग्रहणको सूचनामा उल्लेख भए भन्दा ४३ रोपनी ९ आना घटी जग्गा नापजाँच सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ। समितिले गुठी जग्गा ४ हजार ४७२.८९ वर्ग मिटर दावी गरेकोमा जग्गाधनी प्रमाणपुर्जा लिन बाँकी रहेको तथा मालपोत तिरेको वडा नं ६ कित्ता नं. १५४ को १ रोपनी ११ आना १ दाम १ पैसा र वडा नं ९ को कित्ता नं ४८ को ४ आना जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको छैन। विगतमा कित्ता नं ५० को ७७.५१ वर्ग मिटर कित्ता नं ५९ को १४७.०६ वर्ग मिटर र कित्ता नं ८३ को ७२७.३५ वर्ग मिटरसमेत थप १ रोपनी १३ आना ३ पैसा ३ दाम जग्गा खरिद गरेको र होटलमा सेयर लगानी भएको १४९ रोपनी ५ आना १ पैसा ३ दामसमेत समावेश गर्दा समितिको नाममा २ रोपनी ९ आना ३ पैसाले जग्गाधनी प्रमाणपूर्जामा घटी रहेको छ। समितिको स्वामित्वमा रहेको सम्पूर्ण जग्गाको विवरण अद्यावधिक गरी जग्गाधनी पूर्जा प्राप्त गर्नुपर्ने बेहोरा गत विगत वर्षमा औँल्याइएकोमा यो वर्षसम्म सुधार भएको छैन। सो सम्बन्धमा सम्बद्ध निकायले छानबिन गरी समितिको सम्पत्ति अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६. **भाडा बक्यौता -** समितिले एक इन्टरनेशनल कम्पनीबाट २०७४।७५ देखिको रु.१२ लाख ६७ हजार, एक इन्टरप्राइजेजबाट २०७४।७५ को रु.५ लाख ६३ हजार, एक सेन्टरबाट २०७४।७५ को रु.१४ लाख १४ हजार र एक व्यक्तिबाट २०६६।६७ देखिको रु.१ लाख ४१ हजारसमेत रु.३३ लाख ८५ हजार भाडा असुल गर्न बाँकी रहेको देखिन्छ। उल्लिखित भाडा रकम असुल नभएको अवस्थामा साविकको भवन भत्काई समितिको स्वामित्वमा रहेको नयाँ सडकस्थित ३ आना ३ पैसा क्षेत्रफलमा नयाँ भवन निर्माण गर्न एक प्राइभेट लिमिटेड कम्पनीलाई निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण मोडेलमा ३० वर्षका लागि दिइएकोमा सुरुको दुई वर्षको भाडादर वार्षिक रु.९५ लाख ५० हजार र त्यसपछिका प्रत्येक पाँच वर्षमा ५ प्रतिशतका दरले वृद्धि हुने गरी सम्झौता गरेको देखिन्छ। सो भवनको २०७९।८० सम्मको भाडा रु.८४ लाख ४५ हजार असुल गरेको छैन। उक्त भाडा रकममा नियमानुसार लाग्ने थप शुल्कसमेत असुल हुनुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमासमेत औँल्याइएकोमा सुधार भएको छैन। उक्त बक्यौता भाडा रकम असुल गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३८३ देखि ३८७ मा संलग्न छ।**

# नेपाल पर्यटन बोर्ड (२०७३।७४)

अन्तर्राष्ट्रिय जगतमा नेपाललाई आकर्षक र भरपर्दो पर्यटन स्थलको रूपमा विकसित गरी देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र संवर्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार, प्रवर्धन र राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी रोजगारीका अवसरको सिर्जना गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ अन्तर्गत २०५५।९।१६ मा बोर्डको स्थापना भएको हो।

१. **वित्तीय स्थिति -** बोर्डको वित्तीय स्थिति निम्नानुसार छ।

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०७४ | | ३१ आषाढ २०७३ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | १,१६,२० | | १,३४,१५ | |
| **चालु सम्पत्ति** | | | | |
| कर्मचारी ऋण सापटी तथा पेश्की | ११,४१,८७ | | ६,४१,२३ | |
| नगद तथा बैंक मौज्दात | १,३८,६०,९८ | | १,०६,३९,२४ | |
| धरौटी | ८,८१,७२ | | ४,५३,५७ | |
| लिन बाँकी रकम | १८,३१,९९ | | १४,०७,२८ | |
| लगानी | ८,२४,०० | | ८,२४,०० | |
| स्थगन कर सम्पत्ति | २,७४,३१ | | १,४२,७६ | |
| **जम्मा** | | **१,८९,३१,०७** | | **१,४२,४२,२३** |
| **कोष तथा दायित्व** | | | | |
| **कार्यक्रम दायित्व** | | | | |
| पर्यटन सेवा कोष | २०,५०,०६ | | २०,५०,०६ | |
| पर्यटन पूर्वाधार पुनर्निर्माण कोष | १०,००,०० | | १०,००,०० | |
| यस वर्षसम्म बचत | ४५,७२,२४ | | ३०,११,०५ | |
| **चालु दायित्व** | | | | |
| आयकर व्यवस्था | ३२,९५,३१ | | २२,७३,०८ | |
| विविध साहुहरू | ५५,०९,८१ | | ४१,६५,८२ | |
| **अन्य कोषहरू** | | | | |
| टिम्स कोष | २५,०३,६५ | | १७,४२,२२ | |
| **जम्मा** | | **१,८९,३१,०७** | | **१,४२,४२,२३** |

यस वर्ष बोर्डको स्थिर सम्पत्ति रु.१ करोड १६ लाख, लगानी रु.८ करोड २४ लाख, नगद तथा बैङ्क मौज्दात रु.१ अर्ब ३८ करोड ६१ लाखसमेत कुल सम्पत्ति रु.१ अर्ब ८९ करोड ३१ लाख रहेकोले गतवर्षको तुलनामा ३२.९२ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यस्तै पर्यटन सेवा कोष रु.२० करोड ५० लाख, विविध साहु रु.५५ करोड १० लाख, टिम्स कोष रु.२५ करोड ४ लाख समेत कोष तथा दायित्व रु. १ अर्ब ८९ करोड ३१ लाख रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०७३।७४ | | २०७२।७३ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| पर्यटन सेवा शुल्क | ७७,०३,५९ | | ५०,६१,१७ | |
| पर्यटन मेला सहभागिता शुल्क | १,६३,२१ | | १,४१,६६ | |
| हल भाडा शुल्क | ७,५९ | | १,१३ | |

| विवरण | २०७३।७४ | | २०७२।७३ | |
|---|---|---|---|---|
| अन्य आम्दानी | ७३,३६ | | ३२,८४ | |
| टिम्स आम्दानी | १९,०३,५७ | | १०,४४,५४ | |
| **जम्मा आम्दानी** | | **९८,५१,३२** | | **६२,८१,३४** |
| **खर्च** | | | | |
| प्रशासनिक खर्च | ९,३५,३६ | | ८,६९,२८ | |
| पर्यटन बजारीकरण तथा प्रवर्धन खर्च | १४,७४,२५ | | १२,६६,७३ | |
| पर्यटन सम्पदा तथा संसाधन विकास खर्च | १४,३४,३२ | | १४,६२,४५ | |
| जन सम्पर्क तथा प्रचार प्रसार खर्च | १४,४४,२० | | २,५१,०७ | |
| अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च | ३५,३७ | | २०,२३ | |
| कर्पोरेट सर्भिस कार्यक्रम खर्च | ९६,०९ | | १,००,५० | |
| पोखरा कार्यालय कार्यक्रम खर्च | ४,०४,१९ | | २,९५,१४ | |
| पर्यटन सेवा शुल्क सङ्कलनमा छुट तथा शुल्क | २,०१,४४ | | ३,४५,३९ | |
| ह्रासकट्टी | २८,४२ | | २७,२९ | |
| टिम्स कोष खर्च | १३,३२,५० | | ७,३१,१९ | |
| **जम्मा खर्च** | | **७३,८६,१४** | | **५३,६९,२७** |
| **आयकर व्यवस्था अघिको बचत** | | २४६५१८ | | ९१२०७ |
| **आयकर** | | ८९०६९ | | ५२९३५ |
| यस वर्षको कर | १०,२२,२३ | | ४,९८,५१ | |
| स्थगन कर खर्च आम्दानी | (१,३१,५५) | | (३०,८४) | |
| **यस वर्षको बचत** | | **१५,७४,४९** | | **३,८२,७२** |
| **गत वर्षसम्मको सञ्चित बचत** | | **३०,११,०५** | | **२६,२८,३३** |
| **गत वर्षको खर्च** | | **१३,३१** | | |
| **हालसम्मको बचत** | | **४५,७२,२३** | | **३०,११,०५** |

बोर्डको यो वर्षको पर्यटन मेला सहभागिता शुल्क रु.१ करोड ६३ लाख २१ हजार, टिम्स आम्दानी रु.१९ करोड ३ लाख ५७ हजारसमेत कुल आम्दानी रु.९८ करोड ५१ लाख ३२ हजार रहेको छ। त्यसैगरी प्रशासनिक खर्च रु.९ करोड ३५ लाख ३६ हजार, टिम्स कोष खर्च रु.१३ करोड ३२ लाख ५० हजारसमेत रु.७३ करोड ८६ लाख १४ हजार खर्च भई रु.२४ करोड ६५ लाख १८ हजार आयकर अघिको बचत भएको छ। गत वर्षको खर्च कटाउँदा अघिल्लो वर्षसम्म रु.२९ करोड ९७ लाख ७४ हजार बचत रहेकोमा यो वर्ष रु.१५ करोड ७४ लाख ४९ हजार थप भई हालसम्मको वचत रु.४५ करोड ७२ लाख २३ हजार पुगेको छ।

३. **स्रेस्ता पेस नभएको -** बोर्डले यो वर्षको कारोबारमध्ये आय-व्ययतर्फ रु.११ करोड ८६ लाख कारोबारको भौचर तथा सक्कल स्रेस्ताहरू लेखापरीक्षणका लागि पेस गरेको छैन। श्रेस्ता अद्यावधिक नराख्ने तथा पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउनु पर्दछ।

४. **खर्चको यथार्थता -** बोर्डको आर्थिक तथा खरिद विनियमावली, २०७२ को विनियम (१४) ३ मा स्वीकृत रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको विल भरपाई र आवश्यक कागजात भए, नभएको जांच गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भुक्तानी गर्नुपर्ने उल्लेख छ। बोर्डले बिल भरपाई लगायतका कागजात बेगर होमस्टे कार्यशाला, पर्वतारोहण अभिमुखीकरण तालिम, हिमालयन ट्राभल मार्ट, अवलोकन भ्रमण, कार्यक्रम सहयोगलगायतका कार्यक्रममा रु.४९ लाख ७० हजार खर्च गरेको छ। विल भरपाईलगायत कागजातबेगर खर्च लेखेको सम्बन्धमा छानबिन गरिनुपर्दछ।

५. **घटी सञ्चित कोष दाखिला -** बोर्डको कार्यकारी समितिको २०६४।५।१७ को बैठकले नेपाल पर्यटन बोर्डलाई प्राप्त हुने कुल आयको १० प्रतिशत रकम हरेक वर्ष सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने निर्णय

अनुसार गतवर्षसम्म १० प्रतिशत दाखिला गरेकोमा यो वर्षदेखि ५ प्रतिशत दाखिला गर्ने निर्णय गरी सो अनुसार कुल आय रु.९८ करोड ५१ लाखको ५ प्रतिशत रु.४ करोड ९३ लाख सञ्चित कोष दाखिला गरेको देखियो। यसरी बोर्डसँग उल्लिखित रकम मौज्दात रहँदा रहँदै गत वर्षभन्दा घटी दाखिला गर्नु औचित्यपूर्ण देखिँदैन।

६. **पर्यटन सेवा कोष** - बोर्डको आर्थिक तथा खरिद विनियमावली, २०७२ को दफा १२ र २१ मा बोर्डले कोषको स्थापना गर्न र समितिको निर्णयअनुसार अन्य खाता खोल्न सक्ने उल्लेख छ। बोर्डको पर्यटन सेवा कोषमा गत विगत वर्षको रु.२० करोड ५० लाख मौज्दात रहेको छ। उक्त कोषको आवश्यकता र परिचालन सम्बन्धी कानुनी व्यवस्था नगरी छुट्टै खातामा रकम राख्ने व्यवस्था अन्त्य गर्नुपर्दछ।

७. **लेखापरीक्षण** - नेपाल पर्यटन बोर्ड ऐन, २०५३ को दफा १८ मा बोर्डको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुने व्यवस्था छ। नियमित रूपमा लेखापरीक्षण गराउनु सञ्चालक समितिको कर्तव्यसमेत हो। बोर्डले विगत ८ वर्षदेखि नियमित लेखापरीक्षण गराएको छैन। सम्बन्धित मन्त्रालयबाट तदारुकता देखाई नियमित रूपमा लेखापरीक्षण गराउनुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३८८ देखि ३९० मा संलग्न छ।**

# नेपाल पर्यटन बोर्ड (२०७२।७३)

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०७३ | | ३१ आषाढ २०७२ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | १,३४,१५ | | १,२९,५३ | |
| **चालु सम्पत्ति** | | | | |
| कर्मचारी ऋण सापटी तथा पेश्की | ६,४१,२३ | | ५,९०,९६ | |
| नगद तथा बैङ्क मौज्दात | १,०६,३९,२४ | | ९४,८४,६५ | |
| धरौटी | ४,५३,५७ | | ४४,५५ | |
| लिन बाकी रकम | १४,०७,२८ | | १२,८१,७४ | |
| लगानी | ८,२४,०० | | ८,२४,०० | |
| स्थगन कर सम्पत्ति | १,४२,७६ | | १,७३,६० | |
| **जम्मा** | | **१,४२,४२,२३** | | **१,२५,२९,०३** |
| **कार्यक्रम दायित्व** | | | | |
| पर्यटन सेवा कोष | २०,५०,०६ | | २०,५०,०६ | |
| पर्यटन पूर्वाधार पुनर्निर्माण कोष | १०,००,०० | | १०,००,०० | |
| यस वर्षसम्म बचत | ३०,११,०५ | | २६,२८,३३ | |
| **चालु दायित्व** | | | | |
| आयकर व्यवस्था | २२,७३,०८ | | १७,७४,५७ | |
| विविध साहु | ४१६५८२ | | ३६,४६,२५ | |
| **अन्य कोषहरू** | | | | |
| टिम्स कोष | १७,४२,२२ | | १४,२९,८२ | |
| **जम्मा** | | **१,४२,४२,२३** | | **१,२५,२९,०३** |

बोर्डको स्थिर सम्पत्ति रु.१ करोड ३४ लाख, लगानी रु.८ करोड २४ लाख, नगद तथा बैङ्क मौज्दात रु.१ अर्ब ६ करोड ३९ लाखसमेत कुल सम्पत्ति रु.१ अर्ब ४२ करोड ४२ लाख रहेकोले गतवर्षको तुलनामा १३.६७ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यस्तै पर्यटन सेवा कोषमा रु.२० करोड ५० लाख, विविध साहु रु.२१ करोड ८९ लाख, टिम्स कोष रु. १७ करोड ४२ लाख समेत कोष तथा दायित्व रु.१ अर्ब ४२ करोड ४२ लाख रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०७२।७३ | | २०७१।७२ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| पर्यटन सेवा शुल्क | ५०,६१,१७ | | ७३,१३,४६ | |
| पर्यटन मेला सहभागिता शुल्क | १,४१,६६ | | १,१६,२२ | |
| हल भाडा शुल्क | १,१३ | | १० | |
| अन्य आम्दानी | ३२,८४ | | १,५३,४० | |
| टिम्स आम्दानी | १०,४४,५४ | | १४,५९,६८ | |
| **जम्मा आम्दानी** | | **६२,८१,३४** | | **९०,४२,८६** |
| **खर्च** | | | | |
| प्रशासनिक खर्च | ८,६९,२८ | | ९,०७,८७ | |
| पर्यटन बजारीकरण तथा प्रवर्द्धन खर्च | १२,६६,७३ | | ६,२०,१९ | |

| विवरण | २०७२।७३ | | २०७१।७२ | |
|---|---|---|---|---|
| पर्यटन सम्पदा तथा संसाधन विकास खर्च | १४,६२,४५ | | ११,१९,५७ | |
| जन सम्पर्क तथा प्रचार प्रसार खर्च | २,५१,०७ | | १,६७,०३ | |
| अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च | २०,२३ | | ११,५१ | |
| कर्पोरेट सर्भिस कार्यक्रम खर्च | १,००,५० | | ९७,७६ | |
| पोखरा कार्यालय कार्यक्रम खर्च | २,९५,१४ | | ५०,०२ | |
| पर्यटन सेवा शुल्क सङ्कलन छुट तथा शुल्क | ३,४५,३९ | | १,७५,७७ | |
| प्रधानमन्त्री राहत कोषमा सहयोग | | | ५,००,०० | |
| पर्यटन सम्पदा पुनः निर्माण कोषमा सहयोग | | | १०,००,०० | |
| ह्रास कट्टी | २७,२९ | | ३३,८४ | |
| टिम्स कोष खर्च | ७,३१,१९ | | १०,२१,७७ | |
| **जम्मा खर्च** | | **५३,६९,२७** | | **५७,०५,३३** |
| **आयकर व्यवस्था अघिको बचत** | | **९,१२,०७** | | **३३,३७,५३** |
| यस वर्षको | ४,९८,५१ | | १३,९९,८२ | |
| गत वर्षको | | | ४,९४ | |
| स्थगन कर खर्च आम्दानी | (३०,८४) | | (७५,१७) | |
| **आयकर** | | **५,२९,३५** | | **१३,२९,५९** |
| **यस वर्षको बचत** | | **३,८२,७२** | | **२०,०७,९४** |
| गत वर्षसम्मको सञ्चित बचत | २६,२८,३३ | | ६,२०,३९ | |
| **हाल सम्मको बचत** | | **३०,११,०५** | | **२६,२८,३३** |

बोर्डको यो वर्षको पर्यटन मेला सहभागिता शुल्क रु.१ करोड ४१ लाख ६६ हजार, टिम्स आम्दानी रु.१० करोड ४४ लाख ५४ हजारसमेत कुल आम्दानी रु.६२ करोड ८१ लाख ३४ हजार रहेको छ। त्यसैगरी प्रशासनिक खर्च रु.८ करोड ६९ लाख २८ हजार, टिम्स कोष खर्च रु.७ करोड ३१ लाख १९ हजारसमेत रु.५३ करोड ६९ लाख २७ हजार खर्च भई रु.९ करोड १२ लाख ७ हजार आयकर व्यवस्था अघिको बचत रहेको छ। अघिल्लो वर्षसम्मको बचत रु.२६ करोड २८ लाख ३३ हजार रहेकोमा यो वर्ष रु.३ करोड ८२ लाख ७२ हजार थप भई हालसम्मको बचत रु.३० करोड ११ लाख ५ हजार पुगेको छ।

३. **स्रेस्ता पेस नभएको -** बोर्डको यो वर्षको कारोबारमध्ये आय-व्ययतर्फ रु.२ करोड ९० लाख कारोबारको भौचर तथा सक्कल स्रेस्ताहरू लेखापरीक्षणका लागि पेस गरेको छैन। स्रेस्ता अद्यावधिक नराख्ने तथा पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउनुपर्दछ।

४. **टिम्स कोष -** बोर्डले टिम्स कोषको आवश्यकता तथा परिचालन मापदण्ड बेगर गत विगत वर्षदेखि दायित्व महलमा टिम्स कोषको रु.८ करोड ४६ लाख समावेश गरेको छ। आवश्यकता बेगर कोष खडा गरी राख्नु औचित्यपूर्ण देखिँदैन। यसरी खर्च गर्न नमिल्ने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३९१ देखि ३९४ मा संलग्न छ।**

# नेपाल पर्यटन बोर्ड, (२०७१।७२)

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ, २०७२ | | ३२ आषाढ, २०७१ | |
|---|---|---|---|---|
| **स्थिर सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | १,२९,५३ | १,२९,५३ | १,६३,०७ | १,६३,०७ |
| **चालु सम्पत्ति** | | | | |
| कर्मचारी ऋण सापटी तथा पेस्की | ५,९०,९६ | | ६,४२,७४ | |
| नगद तथा बैङ्क मौज्दात | ९४,८४,६५ | | ३४,९४,८९ | |
| धरौटी | ४४,५५ | | ४४,५५ | |
| लिन बाँकी रकम | १२,८१,७४ | | १०,२८,६५ | |
| लगानी | ८,२४,०० | | १२,७५,५२ | |
| स्थगन कर सम्पत्ति | १,७३,६० | | ९८,४३ | |
| **जम्मा चालु सम्पत्ति** | | **१,२३,९९,५०** | | **६५,८४,७८** |
| **कुल सम्पत्ति** | | **१,२५,२९,०३** | | **६७,४७,८५** |
| **निर्धारित कोष तथा दायित्व** | | | | |
| पर्यटन सेवा कोष | २०,५०,०६ | | २०,५०,०६ | |
| पर्यटन पूर्वाधार पुनर्निर्माण कोष | १०,००,०० | | | |
| यस वर्षसम्म बचत | २६,२८,३३ | | ६,२०,३९ | |
| **चालु दायित्व** | | | | |
| आयकर व्यवस्था | १७,७४,५७ | | ३,६९,८१ | |
| विविध साहुहरू | ३६,४६,२५ | | २८,६१,६५ | |
| **अन्य कोषहरू** | | | | |
| टिम्स कोष | १४,२९,८२ | | ८,४५,९४ | |
| **कुल कोष तथा दायित्व** | | **१,२५,२९,०३** | | **६७,४७,८५** |

बोर्डको स्थिर सम्पत्ति गत वर्ष रु.१ करोड ६३ लाख ७ हजार रहेकोमा यो वर्ष २०.५७ प्रतिशतले घट्न गई रु.१ करोड २९ लाख ५३ हजार पुगेको देखिन्छ। यद्यपि बोर्डको कुल सम्पत्ति गत वर्षको तुलनामा ८५.६७ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २५ करोड २९ लाख पुगेको छ। त्यसैगरी बोर्डको कोष तथा दायित्व गत वर्ष रु.६७ करोड ४७ लाख ८५ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब २५ करोड २९ लाख ३ हजार रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०७१।७२ | | २०७०।७१ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| पर्यटन सेवा शुल्क | ७३,१३,४६ | | ४५,५९,४४ | |
| पर्यटन मेला सहभागिता शुल्क | १,१६,२२ | | २,०५,३४ | |
| हल भाडा शुल्क | १० | | २,३२ | |
| अन्य आम्दानी | १,५३,४० | | ९,०१ | |
| टिम्स आम्दानी | १४,५९,६८ | | १५,६७,७३ | |
| **जम्मा आम्दानी** | | **९०,४२,८६** | | **६३,४३,८४** |
| **खर्च** | | | | |
| प्रशासनिक खर्च | ९,०७,८७ | | ११,९३,८७ | |
| पर्यटन बजारीकरण तथा प्रवर्धन खर्च | ६,२०,१९ | | ११,६८,६२ | |
| पर्यटन सम्पदा तथा संसाधन विकास खर्च | ११,१९,५७ | | ९,६२,५९ | |

| विवरण | २०७१।७२ | | २०७०।७१ | |
|---|---|---|---|---|
| जन सम्पर्क तथा प्रचार प्रसार खर्च | १,६७,०३ | | ६,०४,७४ | |
| अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च | ११,५१ | | १२,०,३७ | |
| कर्पोरेट सर्भिस कार्यक्रम | ९७,७६ | | ३,५८,४३ | |
| पोखरा कार्यालय कार्यक्रम | ५०,०२ | | १,०९,७५ | |
| पर्यटन सेवा शुल्क सङ्कलनमा छुट | १,७५,७७ | | १,१०,१५ | |
| प्रधानमन्त्री राहत कोषमा सहयोग | ५,००,०० | | | |
| पर्यटन सम्पदा पुनर्निर्माण कोषमा सहयोग | १०,००,०० | | | |
| ह्रासकट्टी | ३३,८४ | | ३९,६५ | |
| टिम्स खर्च | १०,२१,७७ | | ७,२४,१२ | |
| **जम्मा खर्च** | | **५७,०५,३३** | | **५३,९२,२९** |
| **बचत** | | **३३,३७,५३** | | **९,५१,५५** |
| **आयकर** | **१३,२९,५९** | | **३,३१,१६** | |
| यस वर्षको | १३,९९,८२ | | ३,३१,१६ | |
| गत वर्षको | ४,९४ | | ० | |
| स्थगन कर खर्च आम्दानी | (७५,१७) | | ० | |
| **यस वर्षको बचत** | | **२०,०७,९४** | | **६,२०,३९** |
| **गत वर्षसम्मको सञ्चित बचत** | | **६२०३९** | | **-** |
| **हालसम्मको बचत** | | **२६२८३३** | | **६२०३९** |

बोर्डको यो वर्षको कुल आम्दानी गत वर्षको तुलनामा ४२.५५ प्रतिशतले वृद्धि भई रु.९० करोड ४२ लाख ८६ हजार तथा खर्च गत वर्षको तुलनामा ५.८१ प्रतिशतले वृद्धि भई रु.५७ करोड ५ लाख ३३ हजार र बचत रु.३३ करोड ३७ लाख ५३ हजार पुगेको छ। आयकरलगायतका खर्च समायोजन गरेपछि अघिल्लो वर्ष रु.६ करोड २० लाख ३९ हजार सञ्चित बचत रहेकोमा यो वर्ष ३२३.६६ प्रतिशतले वृद्धि भई रु.२६ करोड २८ लाख ३३ हजार पुगेको छ।

३. **घटी बैङ्क मौज्दात -** पदयात्री सूचना व्यवस्थापन प्रणाली कार्यविधिमा पदयात्री सूचना व्यवस्थापन प्रणाली अन्तर्गत प्राप्त हुने आयमा लाग्ने कर कटाएर बाँकी हुने आम्दानीको ३० प्रतिशत बोर्डको संस्थागत खातामा राख्नुपर्ने व्यवस्था छ। गतवर्षसम्म उक्त खातामा रु.१५ करोड ६८ लाख आय रहेकोमा यो वर्ष रु.१४ करोड ५५ लाख थपसमेत रु.३० करोड २३ लाख आम्दानी हुनुपर्नेमा दुई बैङ्क खातामा मौज्दात रु.३० करोड मात्र देखिएकोले रु.२३ लाख घटी मौज्दात देखिन्छ। वित्तीय विवरणमा उल्लेख भए भन्दा बैङ्क खातामा घटी देखिएको मौज्दातका सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ।

४. **बैङ्क रिकन्सिलिएसन** - नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १२(१),३४ (१ग) र ३४(२ख) मा बोर्डद्वारा खोलिएको प्रत्येक बैङ्क खाताले देखाएको मौज्दात र बोर्डको लेखाले देखाएको स्रेस्ता अनुसारको मौज्दात हिसाब मिलान गर्नुपर्ने, बोर्डको आम्दानी वा नगद प्राप्त रकम समयमा बैङ्क दाखिला गरी लेखा अद्यावधिक राख्नुपर्ने र नगद मौज्दात तथा बैङ्क सम्पत्ति र लेखाको विवरण अद्यावधिक गर्नुपर्ने उल्लेख छ। त्यस्तै विनियम १६(५) मा बोर्डको आम्दानी तथा खर्च रकमको दैनिक तथा मासिक विवरणमा हिसाब स्पष्ट देखिने गरी लेखा राख्ने र त्यसको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। बोर्डले पेस गरेको विवरणमा देहायअनुसार एक बैङ्क खातामा स्रेस्ताभन्दा घटी तथा ३ बैङ्क खातामा स्रेस्ताभन्दा बढी मौज्दात देखिएको र एक बैङ्क खाताको स्रेस्ता लेखापरीक्षणमा पेस गरेको छैन। बोर्डले आवश्यक छानबिन गरी बैङ्क हिसाब समायोजन मार्फत घटी/बढी देखिएको हिसाब मिलान गर्नुपर्दछ।

(रु. हजारमा)

| विवरण | स्रेस्ताअनुसारको मौज्दात | बैङ्क अनुसारको मौज्दात | फरक रकम | कैफियत |
|---|---|---|---|---|
| नेपाल इन्भेष्टमेन्ट बैङ्क लि. | ११,५१,४९ | ५२,२० | १०,९९,२९ | बैङ्क घटी |
| मेगा बैङ्क लि. | (९५,८७) | ३,७४,९० | २,७९,०३ | बैङ्क बढी |

| विवरण | स्रेस्ताअनुसारको मौज्दात | बैङ्क अनुसारको मौज्दात | फरक रकम | कैफियत |
|---|---|---|---|---|
| नबिल बैङ्क लि. | २२,०९,२८ | २४,८७,४६ | २,७८,१८ | बैङ्क बढी |
| नबिल बैङ्क लि. प.से.सु. खाता | ३८,६३,५२ | - | ३८,६३,५२ | स्रेस्ता पेस नभएको |
| नेपाल इन्भेष्टमेन्ट बैङ्क, पोखरा | ७,९१,१२ | ७,९२,१४ | १०२ | बैङ्क बढी |

५. **भौचर तथा स्रेस्ता परीक्षण -** बोर्डबाट यो वर्ष १२४ वटा आय भौचरको रु.७६ करोड १५ लाख ४२ हजार बराबरको ७७ वटा जर्नल भौचर, रु.५३ लाख बराबरको १६ वटा भुक्तानी भौचर र रु.९९ लाखको १९६ वटा पर्चेज जर्नल भौचर तथा सो सम्बन्धी बिल भरपाई लेखापरीक्षणमा पेस भएको छैन। स्रेस्ता अद्यावधिक नराखेको सम्बन्धमा छानबिन गरी खर्च तथा आम्दानीको यथार्थता यकिन गर्नुपर्दछ।

६. **स्वास्थ्य उपचार भत्ता -** नेपाल पर्यटन बोर्ड कर्मचारी सेवा विनियमावली, २०६४ को विनियम ३८२ मा कर्मचारी तथा निजको आश्रित परिवारको स्वास्थ बिमा गर्नुपर्ने व्यवस्था छ। बोर्डले नियमावलीमा भएको व्यवस्था विपरीत २०७०।२।१३ मा निमित्त कार्यकारी प्रमुखबाट २०७०।४।१३ बाट लागु हुने गरी प्रत्येक कर्मचारीलाई २ महिनाको तलबले हुने रकम स्वास्थ्य उपचार भत्ता बापत २०७१ माघ र फागुन महिनामा रु.३७ लाख ९२ हजार खर्च लेखेको देखियो। कानुन विपरीत भुक्तानी गरेको सम्बन्धमा छानबिन गरिनुपर्दछ।

७. **बजेटभन्दा बढी खर्च** - एक पर्वतारोही समूहको प्रस्ताव अनुसार बोर्डले विश्वका ७ वटै महादेशका सर्वोच्च शिखर हिमाल आरोहण गरेका नेपाली महिलालाई सम्मान गर्ने शीर्षकमा रु.१० लाख बजेट व्यवस्था गरेकोमा रु.३५ लाख २९ हजार खर्च लेखेको देखियो। स्वीकृत बजेटभन्दा बढी रु.२५ लाख २९ हजार खर्च लेख्न आदेश दिने र खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउन छानबिन गरिनुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३९५ देखि ३९७ मा संलग्न छ।**

# नेपाल पर्यटन बोर्ड, (२०७०।७१)

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०७१ | | ३१ आषाढ २०७० | |
|---|---|---|---|---|
| **स्थिर सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | १,६३,०७ | १,६३,०७ | १,३२,७० | १,३२,७० |
| **चालु सम्पत्ति** | | | | |
| कर्मचारी ऋण सापटी तथा पेश्की | ६,४२,७४ | | ६,११,१८ | |
| नगद तथा बैङ्क मौज्दात | ३४,९४,८९ | | २२,६९,५९ | |
| धरौटी | ४४,५५ | | ४४,५५ | |
| लिन बाँकी रकम | १०,२८,६५ | | ४,२९,०३ | |
| लगानी | १२,७५,५२ | | १२,७५,५२ | |
| स्थगन कर सम्पत्ति | ९८,४३ | | ९८,४३ | |
| **जम्मा चालु सम्पत्ति** | | **६५,८४,७८** | | **४७,२८,३०** |
| **कुल सम्पत्ति** | | **६७,४७,८५** | | **४८,६१,००** |
| **निर्धारित कोष तथा दायित्व** | | | | |
| पर्यटन सेवा कोष | २०,५०,०६ | | २,१०२,५७ | |
| यस वर्षसम्म बचत | ६,२०,३९ | | (५२,५०) | |
| **चालु दायित्व** | | | | |
| आयकर व्यवस्था | ३,६९,८१ | | ३८,६५ | |
| विविध साहुहरू | २८,६१,६५ | | १९,२६,३४ | |
| **अन्य कोषहरू** | | | | |
| टिम्स कोष | ८,४५,९४ | | ८,४५,९४ | |
| **कुल कोष तथा दायित्व** | | **६७,४७,८५** | | **४८,६१,००** |

बोर्डको स्थिर सम्पत्ति गत वर्षको तुलनामा २२.८९ प्रतिशतले वृद्धि भई रु.१ करोड ६३ लाख ७ हजार, लगानी रु.१२ करोड ७५ लाख ५२ हजार, कर्मचारी सापटी रु.६ करोड ४२ लाख ७४ हजार, नगद तथा बैङ्क रु.३४ करोड ९४ लाख ८९ हजार तथा अन्य ३ शीर्षकको सम्पत्ति रु.११ करोड ७१ लाख ६३ हजारसमेत कुल सम्पत्ति रु.६७ करोड ४७ लाख ८५ हजार रहेको देखिन्छ। त्यसैगरी पर्यटन सेवा कोष रु.२० करोड ५० लाख ६ हजार, यस वर्षसम्मको बचत रु.६ करोड २० लाख ३९ हजार, आयकर व्यवस्था रु.३ करोड ६९ लाख ८१ हजार, विविध साहु रु.२८ करोड ६१ लाख ६५ हजार र टिम्स कोष रु.८ करोड ४५ लाख ९४ हजारसमेत कुल कोष तथा दायित्व रु.६७ करोड ४७ लाख ८५ हजार रहेको छ।

२. **सञ्चालन नतिजा** - बोर्डको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०७०।७१ | | २०७९।७० | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| पर्यटन सेवा शुल्क | ४५,५९,४४ | | ३३,७१,१८ | |
| पर्यटन मेला सहभागिता शुल्क | २,०५,३४ | | २,०७,८७ | |
| हल भाडा शुल्क | २,३२ | | १५,५७ | |
| अन्य आम्दानी | ९,०१ | | १,१०,७१ | |
| टिम्स आम्दानी | १५,६७,७३ | | १२,८४,४१ | |
| **जम्मा आम्दानी** | | **६३,४३,८४** | | **४९,८९,७४** |
| **खर्च** | | | | |
| प्रशासनिक खर्च | ११,९३,८७ | | ९,४६,५२ | |

| विवरण | २०७०।७१ | | २०७९।७० | |
|---|---|---|---|---|
| पर्यटन बजारीकरण तथा प्रवर्धन खर्च | ११,६८,६२ | | ११,८६,०२ | |
| पर्यटन सम्पदा तथा संसाधन विकास खर्च | ९,६२,५९ | | ८,५८,०७ | |
| जन सम्पर्क तथा प्रचार प्रसार खर्च | ६,०४,७४ | | ६,५०,१५ | |
| अनुसन्धान योजना तथा अनुगमन कार्यक्रम खर्च | १,२०,३७ | | २,००,३७ | |
| कर्पोरेट सर्भिस कार्यक्रम | ३,५८,४३ | | २,८२,५८ | |
| पोखरा कार्यालय कार्यक्रम | १,०९,७५ | | १,९८,७५ | |
| पर्यटन सेवा शुल्क सङ्कलनमा छुट | १,१०,१५ | | - | |
| कार्यक्रम अनुदान | - | | ७,७१ | |
| ह्रासकट्टी | ३९,६५ | | २८,९८ | |
| टिम्स खर्च | ७,२४,१२ | | ८,५६,२८ | |
| **जम्मा खर्च** | | **५३,९२,२९** | | **५२,१५,४३** |
| **बचत** | | **९,५१,५५** | | **(२,२५,६९)** |
| **आयकर** | | **३,३१,१६** | | **३४,४१** |
| यस वर्षको | ३,३१,१६ | | ३८,६५ | |
| गत वर्षको | ० | | ९४,१९ | |
| स्थगन कर खर्च आम्दानी | ० | | (९८,४३) | |
| **यस वर्षको बचत** | | **६,२०,३९** | | **(२,२५,६९)** |
| **गत वर्षसम्मको सञ्चित बचत** | | **-** | | **(१३०५७)** |
| **हालसम्मको बचत** | | **६,२०,३९** | | **(३,५६,२६)** |

बोर्डको कुल आम्दानी गत वर्ष रु.४९ करोड ८९ लाख ७४ हजार रहेकोमा यो वर्ष २७.१४ प्रतिशतले वृद्धि भई रु.६३ करोड ४३ लाख ८४ हजार रहेको देखिन्छ। त्यसै गरी कुल खर्च गत वर्ष रु.५२ करोड १५ लाख ४३ हजार रहेकोमा यो वर्ष रु.५३ करोड ९२ लाख २९ हजार भएको छ। बोर्डको सञ्चित घाटा गत वर्षसम्म रु.३ करोड ५६ लाख २६ हजार रहेकोमा यो वर्ष रु.६ करोड २० लाख ३९ हजार बचत भएको देखिन्छ। सोअनुसार २०७०।७१ सम्मको सञ्चित बचत रु.२ करोड ६४ लाख १३ हजार अहुनुपर्नेमा वित्तीय विवरणमा पुरानो नोक्सानी समायोजन नगरेकोले २०७०।७१ सम्मको सञ्चित बचत रु.६ करोड २० लाख ३९ हजार देखाइएको छ।

३. **वित्तीय विवरण -** बोर्डको वासलात अनुसार स्थिर सम्पत्ति गत वर्ष रु.१ करोड ३३ लाख र यस वर्ष रु.१ करोड ६३ लाख उल्लेख गरेकोमा सोको विस्तृत विवरण तयार गरेको देखिएन। तुलनात्मक आय-व्यय विवरण अनुसार गत वर्षसम्मको सञ्चित बचत ऋणात्मक रु.३ करोड ५६ लाख २६ हजार उल्लेख गरेकोमा यो वर्ष जिम्मेवारी सारेको छैन। गत वर्षको तुलनात्मक वासलातमा समेत सो रकमको सट्टामा रु.५३ लाख ऋणात्मक उल्लेख गरेको छ। तुलनात्मक नगद प्रवाह विवरण अनुसार गत वर्षको अन्तिम मौज्दात रु.१९ करोड ५० लाख उल्लेख भएकोमा यो वर्ष रु.२२ करोड ७० लाख जिम्मेवारी सारेको छ। त्यसैगरी यस वर्षको सञ्चालन गतिविधिबाट जम्मा नगद प्रवाह रु.१२ करोड ९५ लाख उल्लेख गरेकोमा सोअन्तर्गतका शीर्षकहरूको जोडजम्मा रु.१४ करोड ११ लाख हुन आउँछ। यसरी तुलनात्मक वासलात, आय विवरण र नगद प्रवाह विवरणमा मौज्दात, जोडजम्मा फरक परेको र फरक जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाबमिलान गर्नुपर्दछ।

४. **खर्चको विवरण र अनुगमन -** नेपाल पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) बिच २०६९।६।२८ मा भएको समझदारी पत्रको बुँदा नं. १५(ख) मा पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) अन्तर्गत प्राप्त भएको रकमको एक तिहाइ टानले पाउने र उक्त रकम जिम्मेवार पर्यटनका अवधारणा अनुसार पदयात्रा पर्यटनको क्षेत्रमा आफूसँग सम्बन्धित कम्पनीमा कार्यरत मजदुरको बीमा, उद्धार, स्वास्थ्योपचार लगायत मजदुरसँग प्रत्यक्ष सरोकारका विषय र टिम्स व्यवस्थापनको सन्दर्भमा हुने प्रशासनिक

खर्च, टानको क्षमता अभिवृद्धि तथा पदयात्रा मार्ग प्रवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रममा नेपाल पर्यटन बोर्डसँगको सहकार्य तथा समन्वयमा खर्च गर्नसक्ने उल्लेख छ। यो वर्ष बोर्डले टिम्स कार्ड आम्दानीमध्ये रु.१ करोड ६२ लाख टानलाई भुक्तानी गरेकोमा समझदारीपत्रमा उल्लेख भए बमोजिम खर्चको विवरण तथा प्रगति विवरण पेस गरेको छैन। उक्त रकम सम्बन्धित क्षेत्रमा खर्च भएको यकिन हुने प्रमाण तथा अनुगमन प्रतिवेदन पेस हुनुपर्दछ।

५. **बैङ्क रिकन्सिलिएसन -** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १२(१),३४ (१ग) र ३४(२ख) मा बोर्डद्वारा खोलिएको प्रत्येक बैङ्क खाताले देखाएको मौज्दात र बोर्डको लेखाले देखाएको स्रेस्ताअनुसार मौज्दात हिसाब मिलान गर्नुपर्ने, बोर्डको आम्दानी वा नगद प्राप्त रकम समयमा बैङ्क दाखिला गरी लेखा अद्यावधिक राख्नुपर्ने र नगद मौज्दात तथा बैङ्क सम्पत्ति र लेखाको विवरण अद्यावधिक गर्नुपर्ने उल्लेख छ। त्यस्तै विनियम १६(५) मा बोर्डको आम्दानी तथा खर्च रकमको दैनिक तथा मासिक विवरणमा हिसाब स्पष्ट देखिने गरी लेखा राख्ने र त्यसको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। बोर्डले कारोबार सम्पन्न भएको ४ वर्षपछि बैङ्क मौज्दात भिडान तथा बैङ्क हिसाबमिलान विवरण तयार गरेकोमा लेजर (खाता) र बैङ्क प्रमाणपत्र अनुसार ४ बैङ्क खातामा लेजरभन्दा रु.३ करोड ८५ लाख घटी र एक बैङ्क खातामा लेजरमा भन्दा रु.२ करोड ५७ लाख १५ हजार बढी तथा समग्रमा खाताले देखाएको भन्दा बैङ्कमा रु.१ करोड २७ लाख ८५ हजार घटी रहेको देखिन्छ। स्रेस्ताभन्दा बैङ्क घटी रहेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

६. **विविध साहु -** बोर्डले विभिन्न फर्म, व्यक्ति तथा संस्थाहरूलाई तिर्न बाँकी साहु शीर्षकमा रु.७ करोड ३१ लाख देखिएको मध्ये बोर्डकै महाशाखाहरूको नाममा समेत तिर्न बाँकी जनाई एकमुष्ट दायित्व रु.२ करोड २९ लाख देखाएको छ। उक्त तिर्न बाँकी उल्लेख गरी सिर्जना भएको दायित्वलाई बिल, भर्पाई र प्रमाण कागजातबिना बोर्डको २०७१।४।२ को १९२औं बैठकको निर्णयले स्वीकृत गरेको नियमसम्मत देखिएन।

७. **भौचर तथा स्रेस्ता परीक्षण -** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १८ मा बोर्डले नगदी र जिन्सीको भौतिक परीक्षण गरी बोर्डको वार्षिक कारोबारको स्थिति, आय-व्यय तथा अन्य हिसाब र वासलातसहितको आर्थिक विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र पेस गर्नुपर्ने उल्लेख छ। बोर्डको अन्तिम लेखापरीक्षणको लागि आय-व्यय विवरणसहित स्रेस्ता माग गरिएकोमा रु.२४ लाख ३२ हजार बराबरको ९ वटा खर्चको जर्नल भौचर, रु.१६ लाख ५७ हजार बराबरको ६ वटा पर्चेज जर्नल भौचर र रु.१९ करोड ३७ लाख ८५ हजार बराबरको ७३२ वटा भुक्तानी भौचरको स्रेस्ता छानबिनको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाएको जनाएको छ। साथै, रु.३३ लाख ६ हजार बराबरको ७ वटा आम्दानी भौचर, रु.१० करोड ७७ लाख ४३ हजार बराबरको १७६ वटा जर्नल भौचर, रु.७ करोड ४९ लाख ४२ हजार बराबरको २५८ वटा पर्चेज जर्नल भौचर र रु.१२ करोड २७ लाख ७१ हजार बराबरको ३९१ वटा भुक्तानी भौचरको स्रेस्ता हराएको जनाई लेखापरीक्षणका लागि पेस गरेको छैन। स्रेस्ता अद्यावधिक नराख्ने पदाधिकारीलाई आवश्यक कारवाही गरी उक्त कारोबारको सम्बन्धमा छानबिन गरी खर्च तथा आम्दानीको यथार्थता यकिन गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ३९८ देखि ४०१ मा संलग्न छ।**

# नेपाल वायुसेवा निगम (२०८०।८१)

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम यस निगमको स्थापना भई राष्ट्रिय ध्वजावाहकको रूपमा सञ्चालनमा रहेको छ। नेपालभित्र र बाहिर सुरक्षित, कुशल, किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। निगमले हाल १६ आन्तरिक र १० अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडानका अतिरिक्त चार्टर्ड उडान, कार्गो सेवा र भूमिस्थ सेवा प्रदान गर्दै आएको छ। उक्त सेवाको लागि निगममा २ हजार ३६९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा स्थायी ८८३, करार ३०७ र ज्यालादारी २७७ समेत १ हजार ४६७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | ३१ आषाढ २०८१ | | ३१ आषाढ २०८० | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, जायजेथा र उपकरण | ३४,३७,६५ | | ३६,६१,४७ | |
| अमूर्त सम्पत्ति | २,४६ | | ३,३४ | |
| सम्बद्ध कम्पनीमा लगानी | २९,६२ | | २६,४२ | |
| वित्तीय लगानी | २६,६९ | | २६,२५ | |
| स्थगन कर | ३,५७,८६ | | ३,५६,३३ | |
| **कुल गैर चालु सम्पत्ति** | | **३८,५४,२८** | | **४०,७३,८१** |
| **चालु सम्पत्ति** | | | | |
| नगद र बैङ्क मौज्दात | १,३१,२२ | | १,६७,८८ | |
| व्यापारिक प्राप्य | १,२९,८० | | १,२२,७७ | |
| जिन्सी मौज्दात | ४,२६,३९ | | ३,९९,०१ | |
| पेस्की र निक्षेप | ३,८६,३६ | | २,६८,३० | |
| चालु कर सम्पत्ति | ५२,८३ | | ३१,९५ | |
| अन्य चालु सम्पत्ति | ११,४३ | | १२,८६ | |
| **कुल चालु सम्पत्ति** | | **११,३८,०३** | | **१०,०२,७७** |
| **कुल सम्पत्ति** | | **४९,९२,३१** | | **५०,७६,५८** |
| **सेयर होल्डर इक्विटी** | | | | |
| सेयर पुँजी | १६,२३ | | १६,२३ | |
| अन्य इक्विटी | २,९४,१६ | | २,९४,१६ | |
| सञ्चित नाफा/(नोक्सान) | (१७,६७,६०) | | (१५,६२,३७) | |
| अन्य कोष | ७,८७,१६ | | ८,०४,०२ | |
| **कुल इक्विटी** | | **(६,७०,०५)** | | **(४,४७,९६)** |
| **गैर चालु दायित्व** | | | | |
| सापटी | ३५,४५,२५ | | ३५,७०,६९ | |
| व्यवस्था | २,६४,८५ | | २,७०,२४ | |
| अन्य गैर चालु दायित्व | | | | |
| **कुल गैर चालु दायित्व** | | **३८,१०,१०** | | **३८,४०,९३** |
| **चालु दायित्व** | | | | |
| अल्पकालीन सापटी | १४,२३,६८ | | १२,९८,३७ | |
| व्यापारिक दायित्व | २,५०,०८ | | २,२८,३४ | |
| स्थगन आय | १,००,२३ | | १,०७,५६ | |
| चालु कर दायित्व | ० | | ० | |
| व्यवस्था | ७८,२७ | | ४९,३४ | |
| **कुल चालु दायित्व** | | **१८,५२,२६** | | **१६,८३,६१** |

| विवरण | ३१ आषाढ २०८१ | | ३१ आषाढ २०८० | |
|---|---|---|---|---|
| **कुल पुँजी तथा दायित्व** | | **४९,९२,३१** | | **५०,७६,५८** |

गत वर्षको तुलनामा यस वर्ष निगमको कुल गैर चालु सम्पत्ति ५.३९ प्रतिशतले न्यून रु.३८ अर्ब ५४ करोड २८ लाख रहेको छ। कुल चालु सम्पत्ति १३.४९ प्रतिशतले बढेर रु.११ अर्ब ३८ करोड ३ लाख पुगेको छ। सञ्चित नोक्सान १३.१४ प्रतिशतले वृद्धि भई रु.१७ अर्ब ६७ करोड ६० लाख पुगेको छ। त्यसै गरी कुल इक्विटी ४९.५८ प्रतिशतले न्यून रु.६ अर्ब ७० करोड ५ लाख ऋणात्मक रहेको छ। कुल गैर चालु दायित्व ०.८० प्रतिशतले घटी रु.३८ अर्ब १० करोड १० लाख कायम रहेको छ। कुल चालु दायित्व १०.०२ प्रतिशतले बढेर रु.१८ अर्ब ५२ करोड २६ लाख पुगेको छ। कुल सम्पत्ति र पुँजी तथा दायित्व १.६६ प्रतिशतले घटी रु.४९ अर्ब ९२ करोड ३१ लाख रहेको छ।

२. **सञ्चालन नतिजा -** निगमको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|
| सञ्चालन आय | २०,७४,८२ | | २३,३६,९७ | |
| बिक्रीको लागत | १७,४९,१० | | (१९,०४,०९) | |
| **खुद सञ्चालन आय** | | **३,२५,७२** | | **४,३२,८८** |
| प्रशासनिक तथा साधारण खर्च | ७६,१७ | | ७२,०९ | |
| कर्मचारी खर्च | १,३६,७० | | १,२३,४९ | |
| ह्रास कट्टी र परिशोधन खर्च | ३,९७ | | ३,४७ | |
| अन्य सञ्चालन खर्च | | | | |
| **कुल सञ्चालन खर्च** | | **२,१६,८४** | | **१,९९,०५** |
| **कुल नाफा/(नोक्सान)** | | **१,०८,८८** | | **२,३३,८३** |
| **गैर सञ्चालन आय/खर्च** | | | | |
| सम्बद्ध कम्पनीबाट प्राप्त आय | ५,८३ | | ६,४३ | |
| गैर सञ्चालन आय | २७,४८ | | २३,६३ | |
| वित्तीय आम्दानी | ८,२६ | | १२,६१ | |
| गैर सञ्चालन खर्च | (२५) | | - | |
| वित्तीय खर्च | (३,४९,२२) | | (३,५९,५९) | |
| वैदेशिक मुद्रा विनिमय नाफा/(नोक्सान) | (१,८६) | | १,४८ | |
| **कुल गैर सञ्चालन आय/(खर्च)** | | **(३,०९,७६)** | | **(३,१५,४४)** |
| **क्षयीकरण अघिको नाफा/(नोक्सान)** | | **(२,००,८८)** | | **(८१,६१)** |
| **क्षयीकरण (नोक्सान)/फिर्ता** | | **९८** | | **४,४३** |
| **कर अघिको मुनाफा/(नोक्सान)** | | **(१,९९,९०)** | | **(७७,१८)** |
| चालु कर खर्च | ० | | ० | |
| **स्थगन कर आय/(खर्च)** | | **(४,०९)** | | **३५,९४** |
| **करपछि मुनाफा/(नोक्सान)** | | **(२,०३,९९)** | | **(४१,२४)** |

निगमको गत वर्षको तुलनामा यस वर्ष सञ्चालन आयमा ११.२१ प्रतिशतले कमी भई रु.२० अर्ब ७४ करोड ८२ लाख रहेको छ। खुद सञ्चालन आय २४.७६ प्रतिशतले कमी भई रु.३ अर्ब २५ करोड ७२ लाख कायम भएको छ। करपछिको नोक्सानी ३९४.६४ प्रतिशतले बढेर रु.२ अर्ब ३ करोड ९९ लाख पुगेको छ। बिक्री आम्दानी घटेको र सञ्चालन खर्च बढेका कारण निगमको घाटा यो वर्ष ठूलो अनुपातमा बढ्न गएको छ।

निगम निरन्तर नोक्सानीमा रहेकोले निगमको सञ्चित नोक्सानी बढेको, ऋण पुँजीमा सुधार नभएको र गैर चालु सम्पत्ति घटेको स्थितिले निगमको समग्र वित्तीय स्थिति कमजोर रहेको देखिन्छ। निगमले विमानको

प्रकृति तथा उडानको क्षेत्रअनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरी सञ्चालन रणनीति तय गरेको छैन। निगमको व्यवस्थापन दक्षता अभिवृद्धि गरी समग्र वित्तीय स्थितिमा सुधार ल्याउनुपर्दछ।

३. **आसामी -** निगमको २०८१ आषाढ मसान्तको आसामी (व्यापारिक प्राप्य) रु.१ अर्ब २९ करोड ७९ लाख ८६ हजारको सम्बन्धित पार्टीबाट समर्थन नलिएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन। समर्थनपत्र लिई आसामीको लेखाङ्कन गर्नुपर्दछ।

४. **पुँजी संरचना -** निगमको पुँजी संरचना देहायानुसार छः

(रु. लाखमा)

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| अधिकृत पुँजी | ३०,०० | ३०,०० |
| चुक्ता पुँजी | १६,२३ | १६,२३ |
| **अन्य पुँजी (इक्विटी)** | | |
| नेपाल सरकारको लगानी | २१,७० | २१,७० |
| नेपाल सरकारको लगानी (एम.ए-६० को लागि) | २,१३,८९ | २,१३,८९ |
| नेपाल सरकारको लगानी (वाई१२-ई को लागि) | ५८,५७ | ५८,५७ |
| **अन्य पुँजी जम्मा** | **२,९४,१६** | **२,९४,१६** |

निगमको वित्तीय विवरणअनुसार चुक्ता पुँजी रु.१६ करोड २३ लाख र अन्य पुँजी (इक्विटी) रु.२ अर्ब ९४ करोड १६ लाख रहेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार निगममा नेपाल सरकारको सेयर लगानी रु.३ अर्ब १० करोड ३९ लाख रहेको छ। निगमले नेपाल सरकारबाट लगानी भएको रु.२ अर्ब ९४ करोड १६ लाख सेयरको लगत अद्यावधिक गरेको छैन।

५. **विमानको अवस्था** - नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २३ अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने तथा सो प्रतिवेदनको आधारमा आवश्यकताअनुसार मर्मत, सम्भार, संरक्षण, लिलाम बिक्री वा मिनाहा गर्नुपर्ने व्यवस्था छ। निगमको २०८०।८१ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार निगमको स्वामित्वमा निम्नानुसारका १३ विमान रहेको देखिन्छः

| क्र.सं. | विमानको प्रकार | सङ्ख्या | प्राप्त मिति | अवस्था |
|---|---|---|---|---|
| १ | एयरबस ए३२०-२०० | २ | २०१५ | सञ्चालनमा रहेको। |
| २ | एयरबस ए३३०-२०० | २ | २०१८ | सञ्चालनमा रहेको। |
| ३ | एम.ए. ६० | १ | एम.ए. ६० (९एन.ए.के.क्यू.) २०१४ | २०७७।३।१६ देखि सञ्चालनमा नरहेको। (भूमिस्थ) |
| | | १ | एम.ए. ६० (९एन.ए.के.आर.) २०१७ | |
| ४ | वाई १२ ई | १ | वाई १२ ई (९एन.ए.के.एस.) २०१४ | सम्पूर्ण जहाजहरू २०७७।३।१६ देखि सञ्चालनमा नरहेको तथा ४ जहाजमध्ये १ जहाज दुर्घटना भई लगत कट्टा गरेको, ३ जहाज भूमिस्थ। |
| | | १ | वाई १२ ई (९एन.ए.के.टी.) २०१७ | |
| | | १ | वाई १२ ई (९एन.ए.के.यू.) २०१८ | |
| | | १ | वाई १२ ई (९एन.ए.के.भी.) २०१८ | |
| ५ | डी.एच.सी. -६ | ३ | डी.एच.सी. -६-३०० (९एन-ए.बी.टी. र ९एन-ए.बी.यू.) १९८४ | सञ्चालनमा रहेको। |
| | | | डी.एच.सी. -६-३०० (९एन-ए.बी.एक्स) १९८४ | ९एन-ए.बी.एक्स जहाज २०१२ अगष्ट देखि भूमिस्थ रहेको। |

उल्लिखित विवरणअनुसार निगमका १३ विमानमध्ये एक वाई १२ ई जहाज दुर्घटना भई लगत कट्टा गरेको, ३ वाई १२ ई, २ एम.ए. ६० र १ डी.एच.सी.-६ समेत ६ जहाज सञ्चालनमा रहेका छैनन्। उल्लिखित विमानहरूको विङ लाइफ एक्सटेन्सन गर्न बाँकी रहेको, जगेडा इन्जिन नभएको र एयर वर्थिनेस सर्टिफिकेट बाँकी रहेको जस्ता कारणले विमान सञ्चालनमा नभएको जिन्सी प्रतिवेदनमा उल्लेख छ। निगमले भूमिस्थ (ग्राउण्डेड) रहेको जहाजको मर्मत सम्भार नगरेकोले जहाजको भौतिक संरचनामा समेत ह्रास आएको छ। जहाज भूमिस्थ भइरहँदा एकातर्फ निगमको आन्तरिक उडानतर्फको आम्दानी घट्दै गएको र अर्कोतर्फ

नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पार्किङ शुल्क तिर्नुपर्दा निगमलाई थप व्ययभार परेको छ। जहाज भूमिस्थ हुनुको कारण पहिचान गरी उचित व्यवस्थापन गर्नुपर्दछ।

६. **उडान लक्ष्य प्रगति -** निगमको २०८०।८१ को निर्धारित उडान तालिकाको कार्यान्वयन अवस्था निम्नानुसार छः

| क्षेत्र | उडान लक्ष्य | उडान सङ्ख्या | उडान प्रतिशत |
|---|---|---|---|
| अन्तर्राष्ट्रिय | ५१५० | ३३४२ | ६४.८९ |
| आन्तरिक | २८३८ | १६२८ | ५७.३६ |

उल्लखित विवरणअनुसार यो वर्ष अन्तर्राष्ट्रियतर्फ ५ हजार १५० र आन्तरिकतर्फ २ हजार ८३८ उडान गर्ने लक्ष्य रहेकोमा अन्तर्राष्ट्रियतर्फ ३ हजार ३४२ र आन्तरिकतर्फ १ हजार ६२८ उडान मात्र भएको पाइयो। गत वर्षको तुलनामा निगमले अन्तर्राष्ट्रियतर्फ २३७ उडान (६.६२ प्रतिशत) घटी र आन्तरिकतर्फ ५४ उडान (३.४३ प्रतिशत) बढी सञ्चालन गरेको छ।

७. **एयर बस विमान खरिद ऋण -** निगमले एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोषसँग रु.२१ अर्ब ९७ करोड ७२ लाख र नागरिक लगानी कोषसँग रु.१२ अर्ब ऋण लिएकोमा सो सम्बन्धी बेहोरा निम्नानुसार छन्:

७.१. नेपाल वायु सेवा निगम र कर्मचारी सञ्चय कोषबिच २०७०।३।४ मा २ थान एयरबस-३२० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ को सम्झौताअनुसार १ थान एयरबस ३३० विमान खरिद गर्न नेपाल सरकारको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाख ऋण लिएकोमा निगमले नियमित रूपले किस्ता र ब्याज भुक्तानी नगरेका कारण साँवा रु.२० अर्ब ४६ करोड २९ लाख र ब्याज रु.६ अर्ब ४८ करोड ६१ लाखसमेत रु.२६ अर्ब ९४ करोड ९० लाख तिर्न बाँकी देखाएको छ। तथापि सञ्चय कोषले ब्याज र पेनाल ब्याज पुँजीकृत गरी २०८१ आषाढ मसान्तमा साँवा रु.२१ अर्ब ९७ करोड ७२ लाख र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रु.६ अर्ब ५९ करोड ६३ लाखसमेत रु.२८ अर्ब ५७ करोड ३५ लाख देखाएकोले फरक रु.१ अर्ब ६२ करोड ४५ लाख फरक सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

७.२. नेपाल वायुसेवा निगम र नागरिक लगानी कोषबिच २०७४।२।२९ मा १ थान एयरबस ३३० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रु.१२ अर्ब ऋण लिएकोमा निगमले नियमित रूपमा किस्ता र ब्याज भुक्तानी नगरेका कारण साँवा रु.१२ अर्ब र ब्याज रु.५ अर्ब ३८ करोड ५६ लाखसमेत रु.१७ अर्ब ३८ करोड ५६ लाख भुक्तानी गर्न बाँकी देखाएको छ। नागरिक लगानी कोषले ब्याज र पेनाल ब्याजसमेत पुँजीकृत गरी २०८१ आषाढ मसान्तमा साँवा रु.१२ अर्ब र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रु.७ अर्ब ३९ करोड १० लाखसमेत रु.१९ अर्ब ३९ करोड १० लाख देखाएकोले फरक रु.२ अर्ब ५४ लाख सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्न बाँकी ब्याज क्रमशः रु.६ अर्ब ४८ करोड ६१ लाख र रु.५ अर्ब ३८ करोड ५६ लाख लेखाङ्कन गरेको छ। निगम र कर्मचारी सञ्चय कोषबिचको ऋण र ब्याज हिसाबमा रु.१ अर्ब ६२ करोड ४५ लाख र नागरिक लगानी कोषबिचको हिसाबमा रु.२ अर्ब ५४ लाखसमेत रु.३ अर्ब ६२ करोड ९९ लाख फरक देखिएको छ। निगमले फरक हिसाब भिडान गरी मिलान गर्नुका साथै तोकिएको समयमा सम्झौतानुसार ऋणको साँवा/ब्याज चुक्ता गर्नुपर्दछ।

७.३. निगमले ए-३२० र ए-३३० एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषसँग गरेको ऋण सम्झौतामा साँवा र ब्याजको किस्तालाई खाम्ने गरी टिकट बिक्रीबाट प्राप्त हुने कुल आयको कम्तीमा ३० प्रतिशत रकम कर्जा नियमित गर्ने प्रयोजनको लागि कोषले तोकेको बैङ्कमा विशेष कोष खडा

गरी मासिक रूपमा रकम जम्मा गर्ने र सो रकम कोषको कर्जा तिर्ने प्रयोजनको निमित्त उपयोग गर्नुपर्ने उल्लेख छ। निगमले सम्झौताअनुरूप विशेष कोष खडा गरे तापनि आयको निश्चित रकम जम्मा गरेको नदेखिएकाले सम्झौताअनुसार कोषमा रकम जम्मा गर्नुपर्दछ।

८. **अन्य ऋण** - निगमले नेपाल सरकारसँग विभिन्न समयमा लिएको ऋणको सम्झौताबमोजिमको साँवा/ ब्याज तिरेको छैन। यस्तो ऋण दायित्वलाई निगमले असुरक्षित ऋणअन्तर्गत यो वर्ष रु.२ अर्ब १० करोड ११ लाख र अल्पकालीन ऋणअन्तर्गत अर्को वर्ष तिर्नुपर्ने ऋणमा रु.१ अर्ब ५८ करोड ७७ लाखसमेत रु.३ अर्ब ६८ करोड ८८ लाख देखाएको छ। नेपाल सरकारको ऋणको तिर्न बाँकी ब्याज रु.५६ करोड ६० लाख, एम.ए-६० सफ्ट लोनबापतको तिर्न बाँकी ब्याज रु.११ करोड ५५ लाख र वाई१२ई विमानको ऋणबापतको तिर्न बाँकी ब्याज रु.९ करोड ५९ लाखसमेत तिर्न बाँकी ब्याज रु.७७ करोड ७४ लाख रहेको छ। यसरी असुरक्षित ऋण, अल्पकालीन ऋण र सोको ब्याजसमेत रु.४ अर्ब ४६ करोड ६२ लाख तिर्न बाँकी देखिन्छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार नेपाल सरकारले निगमलाई उपलब्ध गराएको ऋण रु.३ अर्ब ६१ करोड ६३ लाखमात्र देखिएकाले लेखाङ्कन गरेको ऋण (ब्याजबाहेक) रु.७ करोड २५ लाखले बढी देखिन्छ। निगमले लेखाङ्कन गरेको ऋणको हिसाब भिडान गरी यकिन गर्नुपर्दछ।

९. **उपदान तथा कर्मचारी सुविधा** - निगमको कर्मचारी सेवा सर्त विनियमावली, २०५८ मा व्यवस्था भएबमोजिम निगमको दीर्घकालीन कर्मचारी उपदानको दायित्वबापतको व्यवस्था रु.१ अर्ब ४७ करोड ५४ लाख र औषधि उपचार तथा बिदाको दायित्वबापतको व्यवस्था रु.१ अर्ब १७ करोड ३१ लाखसमेत २०८१ आषाढ मसान्तसम्म दीर्घकालीन कर्मचारी दायित्व रु.२ अर्ब ६४ करोड ८५ लाख रहेकोमा सो बमोजिम अवकाश कोषमा रकम व्यवस्था हुन सकेको छैन। यसबाट भविष्यमा दायित्व सिर्जना हुने तर कर्मचारीलाई भुक्तानी दिन नसकिने अवस्था हुने हुँदा दायित्व बराबरको रकम व्यवस्था गरी कोषमा जम्मा गर्नुपर्दछ।

१०. **व्यावसायिक योजना** - निगमले २०१४ देखि २०२१ सम्ममा दश वर्षीय योजना (२०१८-२०२८), अन्तरिम व्यावसायिक योजना २०१६ र व्यावसायिक योजना (२०२१-२०३०) समेत तीन व्यावसायिक योजना तर्जुमा गरी कार्यान्वयनमा रहेका छन्। निगमको पछिल्लो कार्य योजनाअनुसार सन् २०२४ सम्म अन्तर्राष्ट्रिय उडानको लागि न्यारोबडी विमान ८ थान, वाईडबडी २ थान र आन्तरिक उडानको लागि ट्रङ्क विमान ४ थान एवं स्टल विमान ४ थान थप गरी विमानको सङ्ख्या १८ पुऱ्याउने लक्ष्य रहेको छ। उक्त योजनामा अन्तर्राष्ट्रियतर्फ १० वर्षको अवधिमा कुल सिट उत्पादनको ३.४ प्रतिशत युरोप र २.६ प्रतिशत अष्ट्रेलियामा केन्द्रित रहने लगायतका बेहोरा उल्लेख भएकोमा हालसम्म न्यारोबडी, वाईडबडी, ट्रङ्क र स्टललगायतका विमानहरू थप हुन नसकेको एवं युरोप र अष्ट्रेलियामा उडान सुरु गर्न सकेको छैन। योजनाको लक्ष्यअनुसार कार्यान्वयनको अवस्था कमजोर देखिएकोले निगमले बजार र प्रतिस्पर्धाको अवस्था अनुरूप अध्ययन, विश्लेषण गरी व्यावसायिक योजनाको पुनरावलोकन गर्नुपर्दछ।

११. **विमान उडान** - निगमको सञ्चालक समितिले २ वाईडबडी विमान सञ्चालनको लागि २०७३।६।८ मा व्यावसायिक योजना स्वीकृत गरी खरिद गरेका जहाज निगमको स्वीकृत कार्यक्रमअनुसार जापानको नारिता, चीनको ग्वानजाउ र दक्षिण कोरियाको सोलमा २०७५ चैत्र मसान्तसम्म उडान गरिसक्ने लक्ष्य रहेकोमा नारिताबाहेक अन्य गन्तव्यमा यो वर्षको अन्त्यसम्म पनि उडान हुन सकेको देखिएन। न्यारोबडी २ विमान ए-३२० ए.के.डब्लु. र ए-३२० एएलजेडको उडान प्रतिदिन १२.११ र ३.७० घण्टा मात्र रहेको छ। लामो दुरीको उडान गन्तव्यको अभावमा वाईडबडी विमान पूर्ण क्षमतामा सञ्चालन गर्न सकेको छैन। वाईडबडी विमान ए-३३० ए.एल.वाई. र ए-३३० ए.एल.जेड. को उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा प्रतिदिन क्रमशः ८.२७ र ८.५७ घण्टा मात्र उडान गरेको देखिन्छ। निगमले थप उडानका क्षेत्रहरू पहिचान गरी विमानको अधिकतम उडान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१२. **पुनर्मूल्याङ्कन तथा बिक्री -** निगमले सन् १९८८ मा खरिद गरेको बोइङ ७५७/९ एन.ए.बी.सी. जहाजको इन्जिनको म्याद ३० वर्ष रहेकोले २०१९ सम्म बिक्री गरी सक्नुपर्ने गरी सञ्चालक समितिबाट २०७५।२।२९ मा लिलाम बिक्रीका लागि प्रक्रिया अगाडि बढाउन निगमलाई निर्देशन दिएको देखिन्छ। निगमले विमान बिक्रीका लागि अमेरिकी डलर ५२ लाख ९६ हजार ७३० र अन्य बाह्य पार्टपूर्जाहरूको बिक्रीका लागि अमेरिकी डलर २३ लाख ८० हजारसमेत अमेरिकी डलर ७६ लाख ७६ हजार ७३० बिक्री मूल्य कायम गरी दुई पटक बोलपत्र आह्वान गरेकोमा पहिलो पटक निर्धारित बिक्री मूल्यभन्दा न्यून कबोल गरेको र दोस्रो पटक कुनै बोलपत्र दर्ता नभएकोले तीन प्रस्तावदातासँग वार्ताको आधारमा प्रस्ताव माग गरी एक प्रस्तावदातासँग सम्झौता गरे तापनि प्रस्तावदाताले कबोल गरेको रकम अमेरिकी डलर ५७ लाख १० हजार तोकिएको समयमा दाखिला गर्न नसकी निजले धरौटीबापत राखेको अमेरिकी डलर २ लाख ८४ हजार ९७५ जफत गरेको छ।

सञ्चालक समितिको २०८०।६।२ बैठकले वार्ताको आधारमा बिक्री/लिलाम गर्ने व्यवस्थाको लागि नेपाल वायुसेवा निगम वार्ताद्वारा वायुयान बिक्री/लिलामसम्बन्धी कार्यविधि, २०७६ को दफा ४ बमोजिम उक्त विमानको पुनः मूल्याङ्कन गराई पेस गर्न निर्देशन भएअनुसार मूल्याङ्कन समितिले २०८१।१।३१ मा निगमका कार्यकारी अध्यक्षसमक्ष मूल्याङ्कन प्रतिवेदन उपलब्ध गराएकोमा कार्यकारी अध्यक्षबाट २०८१।२।३ मा मूल्याङ्कन प्रतिवेदन पेस गरेको देखिन्छ। सञ्चालनमा नरहेको उक्त जहाजको लागि निगमले प्रत्येक वर्ष मर्मत, इन्धन, बिमा, ल्याण्डिङ्ग, पार्किङ्ग र अन्य शुल्कबापत खर्च गर्दै आएको छ। अतः निगमले सञ्चालनमा नरहेको उक्त जहाजको उचित व्यवस्थापन गर्नुपर्दछ।

१३. **सूचना प्रविधि -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली निर्देशिका, २०७१ को बुँदा नं. १८ मा सूचना प्रविधि प्रणालीको सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ। निगमले प्रयोगमा ल्याएका त्यस्ता प्रणालीको सम्परीक्षण गराएको छैन। हरेक वर्ष प्रणालीको सम्भाव्यता अध्ययन नगरी सफ्टवेयर खरिद गर्ने तथा सोको मर्मत सम्भार गरेको छ। निगमले सफ्टवेयर खरिद एवं वार्षिक शुल्क तथा मर्मत शुल्कमा यो वर्ष रु.१५ करोड ५ लाख ३३ हजार खर्च गरेको छ।

निगमको इन्जिनियरिङ विभागको कार्यसम्पादनका लागि निगम र एक भारतीय कम्पनीबिच २० फेब्रुअरी २०१८ मा ५ वर्षको लागि ए.आर.एम.एस. सफ्टवेयर सञ्चालन गर्न सम्झौता भएको छ। निगमले उक्त कम्पनीलाई सेटअप खर्चबापत अमेरिकी डलर ३० हजार र सफ्टवेयर शुल्क वार्षिक अमेरिकी डलर १ लाख १४ हजार भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा यो वर्ष रु.१ करोड ४६ लाख ४६ हजार भुक्तानी गरेको छ। निगमको उक्त सफ्टवेयरको जडान इन्जिनियरिङ स्टोरमा गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनका लागि आवश्यक पर्ने विवरणहरू तयार नहुने अवस्था छ। सफ्टवेयरको उपयोगिता तथा विश्वसनीयता सम्बन्धमा परीक्षण तथा यकिन गरी सोको प्रभावकारी उपयोग गर्नुपर्दछ।

१४. **घर जग्गाको लगत -** नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २६ अनुसार निगमका प्रत्येक कार्यालयले आफ्नो स्वामित्वमा रहेको घर जग्गाको लगत राख्नुपर्ने तथा त्यस्ता घर जग्गाको लालपुर्जासमेत अद्यावधिक गरी सोको विवरण केन्द्रीय अभिलेखको लागि प्रधान कार्यालयको सम्पत्ति व्यवस्थापन महाशाखामा राख्नुपर्ने व्यवस्था छ। निगमको २३ स्थानमा जग्गा र भवन रहेकोमा बैतडीको जग्गाको स्वामित्वको कागजात रहेको छैन। निगमको सिनामङ्गलस्थित ३४ रोपनी १३ आना १ पैसा २ दाम जग्गा निगमको उद्देश्य अनुरूपको प्रयोजनमा लगाउन गत वर्षसमेत सुझाउ दिइएकोमा स्थिति यथावत् छ। निगमले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा भवनहरूको उचित उपयोग तथा व्यवस्थापन गर्नुपर्दछ।

१५. **इन्जिन मर्मत -** नेपाल वायुसेवा निगम आर्थिक विनियमावली, २०६५ को विनियम ११४ मा बोलपत्र आव्हान गर्नु अघि तयार गरिने बोलपत्रसम्बन्धी कागजातमा खरिदको प्रकृति, सोको स्पेसिफिकेशन, परिमाणात्मक मूल्यसूची (बिल अफ क्वान्टिटिज), खरिद सम्झौताका सर्तहरू र सो सम्झौता लागु हुने तरिकालगायतका

विषय उल्लेख गर्नुपर्ने व्यवस्था छ। निगमले एयरबस-ए३२० (९एन.-ए.के.एक्स.) विमानको बायाँ इन्जिन भी.२५२७ई-ए५-एस./एन. भी.-१७६७२ लिजसहितको मर्मत सम्भारको लागि एक विदेशी कम्पनीसँग ४ वर्षको अवधि रहने गरी ३१ अगष्ट, २०२३ मा सम्झौता गरेको देखियो।

निगमले विमानको इन्जिन मर्मतसम्बन्धी कार्यको बोलपत्रसम्बन्धी कागजात तयार गर्दा परिमाणात्मक मूल्यसूची (बिल अफ क्वान्टिटिज), खरिद सम्झौताका सर्तहरू, सम्झौताको नमुना र सो सम्झौता लागु हुने तरिकालगायतका विषयहरू उल्लेख गरेको देखिएन। निगमले बोलपत्रको वित्तीय र प्राविधिक मूल्याङ्कनपश्चात् कम्पनी छनोट गरिसकेपछि कम्पनीसँग सम्झौताको प्रारम्भिक मस्यौदा माग गर्ने र उक्त मस्यौदामा वार्तामार्फत विषय टुङ्गो लगाई सोअनुसार सम्झौता गरेको देखिन्छ। विनियमावलीमा भएको व्यवस्था विपरीत सम्झौता गरेको नियमसम्मत देखिँदैन।

निगम र एक विदेशी कम्पनीबिच भएको सम्झौताको बुँदा ३.१ मा विमानको इन्जिन ६५ दिनमा मर्मत गरिसक्नुपर्नेमा २१४ दिन लागेको देखियो।सो अवधिमा विमान लिजमा लिएको इन्जिनबाट सञ्चालनमा रहेको देखिन्छ। सम्झौतामा तोकिएको अवधिमा इन्जिन मर्मत हुन नसक्दा निगमलाई लिज रकमबापत प्रति दिन अमेरिकी डलर २ हजारका दरले अमेरिकी डलर २ लाख ९८ हजार थप व्ययभार परेको छ। निगमले जगेडा इन्जिन समयमै प्रतिस्पर्धात्मक र लागत प्रभावी हुने गरी व्यवस्थापन गर्न नसक्दा निगमलाई थप व्ययभार परेको छ। सम्झौताबमोजिम काम नगर्ने आपूर्तिकर्ताबाट कानुनबमोजिम क्षतिपूर्ति असुल गर्नुपर्दछ।

१६. **विमान भूमिस्थ -** निगमले विमानलाई लामो समयसम्म भूमिस्थ (ग्राउण्डेड) हुनबाट रोक्न र उडानयोग्य बनाउन आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ। यसबाट निगमको व्यवसायको साख जोगिने र हानि सीमित गर्न समेत मद्दत पुग्दछ। एयरक्राफ्टहरूको भूमिस्थ अवस्थाको विवरण देहायनुसार छः

| क्र.सं. | एयरक्राफ्टको नाम | भूमिस्थ भएको अवधि (दिन) | | |
|---|---|---|---|---|
| | | सन् २०२२ (दिन) | सन् २०२३ (दिन) | सन् २०२४ (दिन) |
| १. | एयरबस ३२० ९एन.-ए.के.डब्लु. | १५३ | ३६ | २५ |
| २. | एयरबस ३२० ९एन.-ए.के.एक्स. | ११ | १३७ | ११३ |
| ३. | एयरबस ३३० ९एन.-ए.एल.जेड | ६१ | ३६ | १०४ |
| ४. | एयरबस ३३० ९एन.-ए.एल.वाई. | ५३ | २७ | ९८ |
| ५. | डी.एच.सी.-६-३००, ९एन. ए.बी.टी. | ११९ | ९२ | २५६ |
| ६. | डी.एच.सी.-६-३००, ९एन. ए.बी.यू. | ११३ | १५९ | १०५ |
| ७. | डी.एच.सी.-६-३००, ९एन.-ए.बी.एक्स. | १५ अगष्ट, २०१२ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको | | |
| ८. | एम.ए.-६०, ९एन.-ए.के.क्यू. | १५ अप्रिल, २०१८ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको | | |
| ९. | एम.ए.-६०, ९एन.-ए.के.आर. | ७ अगष्ट, २०१९ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको | | |
| १०. | वाई.१२-ई., ९एन.-ए.के.एस. | २९ अप्रिल, २०१८ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको | | |
| ११. | वाई.१२-ई., ९एन.-ए.के.टी. | २९ जुलाई, २०१८ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको | | |
| १२. | वाई.१२-ई., ९एन.-ए.के.भी. | २३ डिसेम्बर, २०१९ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको | | |
| १३. | बी.७५७-२००, ९एन.-ए.सी.बी. | १७ जनवरी, २०१९ देखि बिग्रिएर भूमिस्थ अवस्थामा रहेको | | |

लामो समयसम्म विमान भूमिस्थ हुँदा निगमको आम्दानी र साखमा असर परेको छ। निगमले विमान भूमिस्थ हुनुको कारण पहिचान गरी सुधार गर्नुपर्दछ।

१७. **हिसाब समायोजन -** निगमको ४ बैङ्क खाताको मौज्दात ओराकल प्रणालीमा समायोजन नगरेको कारण ओराकल प्रणालीमा रु.१५ लाख २१ हजार बढी मौज्दात देखिएको एवं २ बैङ्क खाताको हिसाब मिलान विवरण पेस नगरेकोले स्रेस्ताभन्दा बैङ्कमा रु.२२ करोड २६ लाख घटी मौज्दात रहेको देखिन्छ। निगमले हिसाब समायोजन गरी सम्बन्धित खाताको मौज्दात यकिन गर्नुपर्दछ।

१८. **भाडा र जरिबाना -** निगमको क्षेत्रीय कार्यालय, पोखरा र एक कम्पनीबिच पोखरास्थित निगमको २ हजार ६३२ वर्गमिटर खाली जग्गा २०७९।१२।१ देखि २०८२।११।३० सम्मका लागि करसहित प्रति महिना रु.१४ लाख ७९ हजारका दरले भाडामा लिने गरी २०७९।१२।२४ मा सम्झौता भएकोमा २०८०।८१ को अन्त्यसम्म निगमले रु.३९ लाख ६८ हजार भाडा असुल गर्न बाँकी रहेकोले जरिबानासहित उक्त भाडा असुल गर्नुपर्दछ।

१९. **पेस्की बाँकी -** निगमको आर्थिक विनियमावली, २०६५ को विनियम ४८ मा निगमले कर्मचारीको नाममा रहेको पेस्की तोकिएको म्यादभित्र फर्स्यौट नगरेमा वा हुन नसकेमा सम्बन्धित कर्मचारीले पाउने तलब भत्तालगायत जुनसुकै सुविधा रकमबाट अग्रिम सूचना दिई वा नदिई वार्षिक १८ प्रतिशतले हुने ब्याजसमेत गणना गरी असुल गर्ने र विभागीय कारबाहीसमेत गरिने उल्लेख छ। निगमले गत विगत वर्ष कर्मचारीहरूलाई दिएको पेस्की रु.५ करोड १८ लाख ९४ हजार फर्स्यौट हुन बाँकी देखिन्छ। विनियमबमोजिम कारबाही गरी बाँकी पेस्की फर्स्यौट गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४०२ देखि ४०७ मा संलग्न छ।**

# सांस्कृतिक संस्थान

नेपाली संस्कृतिको संस्थागत विकासका लागि २०१६ मा स्थापित राष्ट्रिय नाचघरको नाम परिवर्तन भई सञ्चार संस्थान ऐन, २०२८ अनुसार २०२९।३।५ मा यस संस्थानको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस संस्थानले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र पुस्तान्तरणका लागि गायन, वाद्यवादन नाटक लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

१. **वित्तीय स्थिति -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति तथा जायजेथा** | | | | |
| **गैर चालु सम्पति** | | | | |
| स्थिर सम्पत्ति | ९९,०२ | | ८८,९३ | |
| सम्पत्तिमा लगानी | ९८,२५,९५ | | ९८,८५,१९ | |
| **कुल गैर चालु सम्पति** | | **९९,२४,९७** | | **९९,७४,१२** |
| **चालु सम्पति** | | | | |
| धरौटी | ४३ | | ४४ | |
| अन्य आसामी | १,१३,१७ | | १,९१,०७ | |
| निक्षेप (सम्पत्ति) | ५,६६ | | ५,४३ | |
| बैङ्क मौज्दात | ३३,५२ | | ८,७२ | |
| कर्मचारी पेस्की | ५,६० | | ५,६३ | |
| अग्रिम आयकर | १,९३,२९ | | १,६२,६७ | |
| **कुल चालु सम्पति** | | **३,५१,६७** | | **३,७३,९६** |
| **कुल सम्पति** | | **१,०२,७६,६४** | | **१,०३,४८,०८** |
| **पुँजी तथा दायित्व** | | | | |
| **इक्विटी** | | | | |
| सेयर पुँजी | १,३२,०९ | | १,३२,०९ | |
| पुँजीगत जगेडा कोष | ० | | ३,१९ | |
| जगेडा कोष | (५३,२०,३६) | | (५२,९५,९१) | |
| डिमोबिलाइजेशन कोष | ० | | ५,०० | |
| पुनर्मुल्याङ्कन कोष | ८७,००,४१ | | ८७,००,४१ | |
| **कुल इक्विटी** | | **३५,१२,१४** | | **३५,४४,७८** |
| **दायित्व** | | | | |
| **गैर चालु दायित्व** | | | | |
| ऋण तथा सापटी | १,९५,७५ | | ३,७५,०५ | |
| **कुल गैर चालु दायित्व** | | **१,९५,७५** | | **३,७५,०५** |
| **चालु दायित्व** | | | | |
| नेपाल सरकारको ऋण | ३८,२०,७१ | | ३५,४६,३९ | |
| कर दायित्व | ८४,७१ | | १,०३,९३ | |
| हलबापतको धरौटी | ७,१५ | | २४,८८ | |
| विविध दायित्व | २,७४ | | ४,०१ | |
| उपदान दायित्व | २,४०,२४ | | ३,००,६१ | |
| अन्य दायित्व | १२,३६ | | ३०,८६ | |
| कोष तथा अन्य व्यवस्था | १,६३,५४ | | १,७९,८५ | |
| स्थगन कर दायित्व | २२,३७,३० | | २२,३७,७२ | |
| **कुल चालु दायित्व** | | **६५,६८,७५** | | **६४,२८,२५** |
| **कुल पुँजी तथा दायित्व** | | **१,०२,७६,६४** | | **१,०३,४८,०८** |

२. **सञ्चालन नतिजा -** संस्थानको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| हल भाडा आम्दानी | २,२३,४३ | | १,६०,६९ | |
| कार्यक्रम सञ्चालन आम्दानी | ९४,६४ | | १,१५,७८ | |
| **कुल आम्दानी** | | **३,१८,०७** | | **२,७६,४७** |
| **गैर सञ्चालन आय** | | | | |
| अनुदान | १,७०,०० | | १,६०,०० | |
| ब्याज आम्दानी | ८९ | | ८९ | |
| घर बहाल आम्दानी | ३,१२,४६ | | ३,३६,४१ | |
| अन्य आम्दानी | ७६,९४ | | ४५,७९ | |
| **कुल गैर सञ्चालन आय** | | **५,६०,२९** | | **५,४३,०९** |
| **खर्च** | | | | |
| कार्यक्रम सञ्चालन खर्च | १,४६,०१ | | १,२०,०५ | |
| कार्यालय खर्च | ४९,७२ | | ६६,०८ | |
| प्रशासनिक खर्च | ६२,७२ | | ९०,२३ | |
| कर्मचारी खर्च | ३,६४,४७ | | ४,३५,७५ | |
| हल सञ्चालन खर्च | ४९,६९ | | २५,२७ | |
| ह्रास कट्टी, परिशोधन तथा क्षयीकरण | ८०,९० | | ७७,०४ | |
| **कुल खर्च** | | **७,५३,५१** | | **८,१४,४२** |
| **वित्तीय खर्च र कर अघिको नाफा/(नोक्सान)** | | **१,२४,८५** | | **५,१४** |
| **वित्तीय खर्च** | | **९५,०१** | | **९५,०१** |
| **कर र बोनस अघिको मुनाफा/(नोक्सान)** | | **२९,८४** | | **(८९,८७)** |
| **स्थगन कर आम्दानी/(खर्च)** | | **(१,०७)** | | **(४०,४१)** |
| **खुद मुनाफा/(नोक्सान)** | | **२८,७७** | | **(१,३०,२८)** |

गत वर्ष रु.१ करोड ३० लाख २८ हजार खुद नोक्सान रहेकोमा यो वर्ष रु.२८ लाख ७७ हजार खुद नाफा रहेको छ।

३. **ऋण हिसाब -** संस्थानले नेपाल सरकारबाट २०५५।५६ देखि २०७०।७१ सम्म लिएको ऋणको किस्ता तथा ब्याज तोकिएको समयमा बुझाउनुपर्नेमा २०८१।८२ को आषाढ मसान्तसम्म साँवा रु.२१ करोड ८० लाख र ब्याज रु.१६ करोड ४१ लाखसमेत रु.३८ करोड २१ लाख बुझाउन बाँकी देखिन्छ। नेपाल सरकारलाई बुझाउनुपर्ने ऋणको साँवा र ब्याजको रकम समयमै बुझाउनुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४०८ देखि ४०९ मा संलग्न छ।**

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण नेपाल) (२०७९।८०)

सञ्चार क्षेत्रमा टेलिभिजनको माध्यमबाट सूचना प्रवाह गर्ने, श्रव्यदृश्य माध्यममार्फत स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिक तथा नेपाली भाषाप्रेमीहरूलाई जनचेतनामूलक सूचना, समाचार तथा मनोरञ्जन प्रदान गर्ने एवं विकासका लागि सञ्चार गर्ने उद्देश्यले सञ्चार संस्था ऐन, २०२८ अन्तर्गत २०४१ सालमा यस संस्थाको स्थापना भएको हो। संस्थाको कुल सेयर लगानीमा नेपाल सरकारको शतप्रतिशत स्वामित्व रहेको छ। हाल सार्वजनिक सेवा प्रशारण ऐन, २०८१ अन्तर्गत सञ्चालित यस संस्थानमा स्थायी २०७ र करार १४१ समेत ३४८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०८० | | ३२ आषाढ २०७९ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सम्पत्ति, प्लाण्ट र उपकरण | ७२,११,९९ | | ८१,१२,७० | |
| सम्पत्ति प्रयोगको अधिकार | १०,५५,३६ | | - | |
| स्थगन कर सम्पत्ति | २८,५७,१९ | | २२,९८,८९ | |
| **जम्मा गैर चालु सम्पत्ति** | | **१,११,२४,५४** | | **१,०४,११,५९** |
| **चालु सम्पत्ति** | | | | |
| जिन्सी मौज्दात | १,३९,३५ | | ६३,६५ | |
| व्यापारिक प्राप्य | ४८,१४,१३ | | ३१,९०,३५ | |
| चालु कर सम्पत्ति | २,४५,०६ | | ६,७४,२८ | |
| पेस्की तथा मुद्दती | ३,९५,७२ | | ८,९१,५८ | |
| नगद तथा नगद सरह | १,०३,२०,६६ | | ९७,३५,५७ | |
| **जम्मा चालु सम्पत्ति** | | **१,५९,१४,९२** | | **१,४५,५५,४३** |
| **कुल सम्पत्ति** | | **२,७०,३९,४६** | | **२,४९,६७,०२** |
| **इक्विटी** | | | | |
| सेयर पुँजी | १,५०,००,०० | | १,५०,००,०० | |
| सेयरको लागि अग्रिम भुक्तानी | २,३९,९८,९८ | | २,२५,११,९८ | |
| सञ्चित जगेडा | (२,२१,२०,१७) | | (२,०३,०२,४३) | |
| बिमाङ्कीय जगेडा | (३,६७,३४) | | (१,६९,१७) | |
| **जम्मा इक्विटी** | | **१,६५,११,४७** | | **१,७०,४०,३८** |
| **गैर चालु दायित्व** | | | | |
| दीर्घकालीन ऋण | ३८,००,०० | | ३८,००,०० | |
| कर्मचारी दायित्व | ३२,६४,११ | | २५,३३,३१ | |
| लिज दायित्व | ५,९४,२७ | | - | |
| स्थगन सरकारी अनुदान | ६६ | | ९६ | |
| **जम्मा गैर चालु दायित्व** | | **७६,५९,०४** | | **६३,३४,२७** |
| **चालु दायित्व** | | | | |
| व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी | १६,१६,०२ | | १०,०७,२० | |
| कर्मचारी दायित्व | ६,८१,८० | | ५,८४,८५ | |
| लिज दायित्व | ५,७०,९७ | | - | |
| स्थगन सरकारी अनुदान | १६ | | ३२ | |
| **जम्मा चालु दायित्व** | | **२८,६८,९५** | | **१५,९२,३७** |
| **जम्मा इक्विटी तथा दायित्व** | | **२,७०,३९,४६** | | **२,४९,६७,०२** |

संस्थाको गैर चालु सम्पत्ति गत वर्षको तुलनामा यस वर्ष ६.८५ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ११ करोड २४ लाख ५४ हजार र  चालु सम्पत्ति गत वर्षको तुलनामा यस वर्ष ९.३४ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ५९ करोड १४ लाख ९२ हजार पुगेको छ। त्यसैगरी, गैर चालु दायित्व गत वर्षको तुलनामा यस वर्ष २०.९१ प्रतिशतले वृद्धि भई रु.७६ करोड ५९ लाख ४ हजार र चालु दायित्व गत वर्षको तुलनामा यस वर्ष ८०.१७ प्रतिशतले वृद्धि भई रु.२८ करोड ६८ लाख ९५ हजार पुगेको छ। व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने दायित्व र लिज दायित्वमा भएको वृद्धिका कारण चालु दायित्व बढेको छ। संस्थाले २०७९।८० बाट नेपाल वित्तीय प्रतिवेदनमान कार्यान्वयन गरी स्थगन कर सम्पत्तिको लेखाङ्कन सुरु गरेको बिक्री वितरण खर्चको छुट्टै लेखाङ्कन गरेको, व्यापारिक प्राप्यको क्षयीकरणको लेखाङ्कन सुरु गरेको लगायतका कारणले नाफा नोक्सान खातामा रु.२ करोड ३ लाख ६७ हजार बढी र वित्तीय विवरणमा रु.२५ करोड १६ लाख ७४ हजारले कम जिम्मेवारी सारेको छ।

२. **सञ्चालन नतिजा -** संस्थाको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०७९।८० | | २०७८।७९ | |
|---|---|---|---|---|
| सञ्चालन आम्दानी | ३६,३८,९८ | | ५०,०४,९० | |
| सेवाको लागत | (१२,२५,५४) | | (१३,८३,४०) | |
| **कुल नाफा** | | **२४,१३,४४** | | **३६,२१,५०** |
| अन्य सञ्चालन आम्दानी | ८,७१,८० | | ५,६७,०८ | |
| बिक्री वितरण खर्च | (५,६२) | | (९,५३) | |
| प्रशासनिक तथा सञ्चालन खर्च | (५९,९४,१५) | | (५३,६२,३८) | |
| **सञ्चालन आय/(नोक्सानी)** | | **(२७,१४,५३)** | | **(११,८३,३३)** |
| वित्तीय आम्दानी | ६,३८,१९ | | २,१९,६४ | |
| वित्तीय लागत | (२,३३,६४) | | (१,३४,८२) | |
| **सञ्चालन नाफा/(नोक्सानी)** | | **(२३,०९,९८)** | | **(१०,९८,५१)** |
| स्थगन कर आम्दानी/(खर्च) | | ४,९२,२५ | | २३,६२ |
| **खुद नाफा/(नोक्सानी)** | | **(१८,१७,७३)** | | **(१०,७४,८९)** |

संस्थाको सञ्चालन आम्दानी गत वर्षको तुलनामा यस वर्ष २७.२९ प्रतिशतले न्यून भई रु.३६ करोड ३८ लाख ९८ हजार रहेको एवं सेवाको लागत गत वर्षको तुलनामा यस वर्ष ११.४१ प्रतिशतले घटेर रु.१२ करोड २५ लाख ५४ हजार रहेको छ। कुल नाफा गत वर्षको तुलनामा यस वर्ष ३३.३५ प्रतिशतले न्यून भई रु.२४ करोड १३ लाख ४४ हजार पुगेको छ। यसै गरी गत वर्षको तुलनामा यस वर्ष सञ्चालन नोक्सानी ११०.२८ प्रतिशतले वृद्धि भई रु.२३ करोड ९ लाख ९८ हजार पुगेको छ। वित्तीय खर्च र स्थगन कर आम्दानीसमेत समायोजन गर्दा संस्थाको खुद नोक्सानी गत वर्षको तुलनामा ६९.११ प्रतिशतले वृद्धि भई यो वर्ष रु.१८ करोड १७ लाख ७३ हजार पुगेको छ।

३. **गत वर्षको जिम्मेवारी** - संस्थाको गत वर्षको लेखापरीक्षण भएको वासलातअनुसार जिम्मेवारी सार्ने कार्य पूर्णरूपमा नभएकोले यस वर्षको सन्तुलन परीक्षणमा सुरुको रकम र गत वर्षको वित्तीय विवरण (वासलात) मा भिन्नता देखिएको छ। संस्थाको गत वर्षको वासलातभन्दा अचल सम्पत्तितर्फ रु.६९ लाख ४३ हजार, लिनुपर्ने रकमतर्फ रु.२६ लाख ७ हजार, अन्य शीर्षकतर्फ रु.५ करोड १० लाख ७६ हजार बढी जिम्मेवारी सारिएको, भौचर स्वीकृत नगरी सञ्चित नोक्सानी हिसाब डेबिट र अन्तर शाखा हिसाब खाता क्रेडिट गरी रु.२ अर्ब ६ करोड २ लाख ६१ हजार हिसाब समायोजन गरिएको छ। त्यसैगरी संस्थाको २०७८।७९ को वित्तीय विवरणमा अन्तर शाखा हिसाब तथा सञ्चित नोक्सानी हिसाब शून्य रहेकोमा यस वर्षको सन्तुलन परीक्षणमा अन्तर शाखा हिसाबतर्फ रु.१ अर्ब ९९ करोड ४३ लाख २६ हजार र सञ्चित नोक्सानीतर्फ रु.२ अर्ब ६ करोड २ लाख ६२ हजार सुरु मौज्दात देखाइएको कारण सञ्चित नोक्सानी हिसाब खुद रु.६ करोड ५९ लाख ३६ हजार (डेबिट) ले फरक परेको छ। अतः २०७८।७९ र २०७९।८० का सम्पूर्ण

समायोजन भौचरहरू र सोलाई पुष्टि गर्ने कागजातसहित वित्तीय विवरणसँग रुजु भएको सुनिश्चित गरी हिसाब यकिन गर्नुपर्दछ।

४. **बक्यौता असुली** - संस्थाको व्यापारिक तथा अन्य प्राप्ती रु.४८ करोड १४ लाख १३ हजार रहेकोमा सो मध्ये रु.८३ लाख ८० हजार गत वर्षदेखि नै प्राप्त गर्न बाँकी देखाउँदै आएको छ। बक्यौता असुल गर्न आवश्यक लक्ष्य निर्धारण गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

५. **चुक्ता पुँजी** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन २०७९।८० अनुसार संस्थामा नेपाल सरकारको संस्थापक सेयर लगानी रु.३ अर्ब ८९ करोड ९८ लाख ९८ हजार रहेकोमा संस्थाको वासलात अनुसार सेयर पुँजी रु.१ अर्ब ५० करोड र अग्रिम सेयर लगानी बापत रु.२ अर्ब ३९ करोड ९८ लाख ९८ हजार देखाएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेख बमोजिम वित्तीय विवरण अद्यावधिक गर्नुपर्दछ।

६. **ऋणको साँवा ब्याज** - संस्थाले ६/६ महिनामा वार्षिक ५ प्रतिशतका दरले ब्याजसहित ऋणको साँवा तथा ब्याज भुक्तान गर्ने गरी २०७९।८० सम्ममा नेपाल सरकारबाट रु.३८ करोड ऋण प्राप्त गरेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट २०७९।१२।२४ मा प्राप्त विवरणअनुसार २०७९।८० सम्ममा सो ऋणको तिर्न बाँकी ब्याज रु.३ करोड ८६ लाख ७९ हजार रहेको छ। ऋणको सर्तअनुसार भाखा नाघेको साँवा रु.६ करोड ९० लाख र ब्याज रु.३ करोड ८६ लाख ७९ हजार भुक्तानी गर्न नसक्दा संस्थाको ऋण दायित्व निरन्तर बढ्दै गएकोले समयमै भुक्तानी गर्नुपर्दछ।

७. **प्रसारण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(१) बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने संस्थाले वार्षिक कुल आम्दानीको २ प्रतिशत वा वार्षिक कुल नाफाको १० प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम नेपाल सरकारलाई प्रसारण शुल्कबापत बुझाउनुपर्ने व्यवस्था छ। यो वर्ष संस्थाको कुल सञ्चालन आय रु.३६ करोड ३८ लाख ९८ हजार रहेकोमा सोको २ प्रतिशतले हुने प्रसारण शुल्क रु.७२ लाख ७८ हजार सरकारलाई बुझाएको नदेखिएकोले बुझाउनुपर्दछ।

८. **ब्याज आम्दानी -** संस्थाको जम्मा ब्याज आम्दानी रु.९ करोड ९९ लाख १७ हजारमध्ये नागरिक लगानी कोषबाट प्राप्त ब्याज आम्दानी रु.४ करोड १४ लाख ३१ हजार कट्टी गरी खुद ब्याज आम्दानी रु.५ करोड ८४ लाख ८६ हजार देखाउनुपर्नेमा रु.३ करोड ६० लाख ९८ हजार कट्टी गरी खुद ब्याज आम्दानी रु.६ करोड ३८ लाख १९ हजार देखाएको कारणले खुद ब्याज आम्दानीमा रु.५३ लाख ३३ हजार बढी लेखाङ्कन भएको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **अवकाश दायित्व** - संस्थाको कर्मचारी अवकाश दायित्वको वर्तमान मूल्य रु.६६ करोड ५७ लाख रहेकोमा योजना सम्पत्तिको वर्तमान मूल्य रु.४२ करोड २१ लाख रहेकोले दायित्व भुक्तानीको लागि रु.२४ करोड ३६ लाख अपुग रहेको छ। संस्थालाई भविष्यमा अवकाश दायित्व भुक्तानीमा समस्या सिर्जना हुनसक्ने देखिएकोले दायित्वअनुसार सम्पत्तिमा लगानी गर्नुपर्दछ।

१०. **जग्गा** - संस्थाको स्थिर सम्पत्तितर्फ जग्गा रु.३८ लाख २० हजार रहेकोमा त्यसलाई पुष्टि गर्ने जग्गाको लालपुर्जा, जग्गा प्राप्ति सम्बन्धी निर्णय जस्ता कागजात संस्थाले अद्यावधिक गरेको छैन। संस्थाको नाममा विभिन्न २२ स्थानमा जग्गा रहेकोमा यथार्थ मूल्यको आधारमा उक्त जग्गाको मूल्याङ्कन गरेको छैन। सुनसरीको इटहरीस्थित जग्गामा बनेको घरको नक्सापास समेत गरेको छैन। तसर्थ सम्पूर्ण जग्गाको जग्गाधनी प्रमाणपुर्जा, भवनको नक्सा र जग्गा प्राप्तिको नेपाल सरकारको निर्णयसमेतको आधारमा संस्थाको घर जग्गाको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४१० देखि ४१९ मा संलग्न छ।**

# प्रेस काउन्सिल नेपाल

पत्रकारिताको उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धन गर्नका लागि तत्कालीन छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ बमोजिम २०२७।६।६ मा काउन्सिलको स्थापना भएको हो। हाल यो प्रेस काउन्सिल ऐन, २०४८ अन्तर्गत रहेको छ।

१. **वित्तीय स्थिति** - काउन्सिलको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| प्रेस काउन्सिल नेपाल पुँजी कोष | ६,३२,९० | | ६,२१,१८ | |
| कर्मचारी अवकाश कोष | ७,४०,५० | | ७,४७,९५ | |
| गोपालदास पत्रकारिता पुरस्कार कोष | ३८,९४ | | ३९,६६ | |
| पत्रकार कल्याण कोष | १,०६,११ | | १,०६,०० | |
| सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार कोष | ३२,२२ | | ३२,७९ | |
| प्रेस क्लिपिङ्ग सेवा | ४३,०५ | | ४०,२५ | |
| मिडिया विकास कोष | ४,९१,०० | | ४,८९,०७ | |
| कर्मचारी सापटी कोष | ९२,५८ | | ९०,७८ | |
| योगदानमा आधारित अवकाश कोष | १०,५३ | | १०,१४ | |
| पुरस्कार अक्षय कोष | ५२,१३ | | ५०,१८ | |
| **पुँजी तथा दायित्व** | | **२२,३९,९६** | | **२२,२८,००** |
| स्थिर सम्पत्ति (प्रेस काउन्सिल) | १,२५,५० | | १,५९,८० | |
| **कुल स्थिर सम्पत्ति** | | **१,२५,५०** | | **१,५९,८०** |
| धरौटी (प्रेस काउन्सिल) | १,०९ | | १,०९ | |
| आसामी तथा पेस्की (प्रेस काउन्सिल) | ५२,५६ | | ६५,०० | |
| आसामी तथा पेस्की (प्रेस क्लिपिङ्ग) | २,८६ | | ४,१२ | |
| बैङ्क तथा नगद मौज्दात | २०,६१,५९ | | २०,०५,५५ | |
| चालु दायित्व (प्रेस काउन्सिल र क्लिपिङ्ग) | -३,६४ | | -७,५६ | |
| **खुद चालु सम्पत्ति** | | **२१,१४,४६** | | **२०,६८,२०** |
| **जम्मा** | | **२२,३९,९६** | | **२२,२८,००** |

गत वर्षको तुलनामा यस वर्ष कुल स्थिर सम्पत्ति २१.४६ प्रतिशतले घटेर रु.१ करोड २६ लाख र खुद चालु सम्पत्ति २.२३ प्रतिशतले बढेर रु.२१ करोड १४ लाख पुगेको छ। यस वर्ष जम्मा सम्पत्ति ०.५४ प्रतिशतले बढेर रु.२२ करोड ४० लाख पुगेको छ। पुँजीकोष रु.६ करोड ३३ लाख र अन्य ९ कोषमा रु.१६ करोड ७ लाखसमेत कुल कोष रु.२२ करोड ४० लाख रहेको देखिन्छ।

२. **सञ्चालन नतिजा** - काउन्सिलको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| प्रेस काउन्सिल आम्दानी | ५,२३,७२ | | ५,८५,०२ | |
| प्रेस क्लिपिङ आम्दानी | १९,०७ | | १७,६० | |
| मिडिया विकास कोषको आम्दानी | २४,९७ | | ३१,८७ | |
| **जम्मा आम्दानी** | | **५,६७,७६** | | **६,३४,४९** |
| **खर्च** | | | | |
| प्रेस काउन्सिल खर्च | ४,७५,३६ | | ५,२१,८२ | |
| प्रेस क्लिपिङ खर्च | १६,२७ | | १५,८३ | |
| मिडिया विकास कोषको खर्च | २१,१६ | | ३४,७४ | |
| **जम्मा खर्च** | | **५,१२,७९** | | **५,७२,३९** |

| | | | | |
|---|---|---|---|---|
| (घाटा)/बचत | | ५४,९७ | | ६२,१० |

गत वर्षको तुलनामा यस वर्ष काउन्सिलको आम्दानी १०.५२ प्रतिशतले घटेर रु.५ करोड ६७ लाख ७६ हजार र खर्च १०.४१ प्रतिशतले घटेर रु.५ करोड १२ लाख ७९ हजार रहेको छ। साथै यस वर्ष वचत रकम ११.४८ प्रतिशतले घटेर रु.५४ लाख ९७ हजार रहेको छ।

३. **प्रविधि सुरक्षा तथा संरक्षण -** सिंहदरबारमा एक र प्रधान कार्यालयमा चारसमेत काउन्सिलको पाँच सर्भरको सुरक्षाका लागि फायरवाल जडान गरी टेलिभिजनको रेकर्डिङ, पत्रपत्रिका स्क्यान, रेडियो रेकर्डिङका साथै अनलाइन मिडिया र पत्रपत्रिका क्लिपिङ्गको विगत वर्षदेखि तथ्याङ्क भण्डारण गर्दै आएकोमा त्यस्ता तथ्याङ्कहरूको ब्याकअप स्टोरेजको व्यवस्था गरेको देखिएन। अतः काउन्सिलले भण्डारण गरेका तथ्याङ्कको ब्याकअप स्टोरेजको व्यवस्था गर्नुपर्दछ।

४. **खर्च निर्देशिका -** प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७ को विनियम १२ बमोजिम काउन्सिलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको स्वीकृति लिएर आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्ने व्यवस्था छ। काउन्सिलले २०७५।८।६ देखि लागु हुने गरी प्रेस काउन्सिल खर्च निर्देशिका, २०६९ को संशोधन गरी कार्यान्वयनमा ल्याएकोमा अर्थ मन्त्रालयबाट स्वीकृत भएको देखिएन। काउन्सिलले स्वीकृत नभएको निर्देशिकाको आधारमा कर्मचारीहरूलाई थप टेलिफोन सुविधा रु.९२ हजार, पत्रपत्रिका सुविधा रु.१४ हजार र इन्टरनेट सुविधा रु.१ लाख ३८ हजार भुक्तानी गरेको छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४२० देखि ४२२ मा संलग्न छ।**

# राष्ट्रिय समाचार समिति

राष्ट्रिय समाचार समिति ऐन, २०१९ अनुसार राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष, आधिकारिक, शुद्ध, विश्वसनीय एवं वास्तविक समाचार सङ्कलन र वितरण गर्ने उद्देश्यले समितिको स्थापना भई सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस समितिमा ८८ स्थायी र ३७ ज्यालादारीसहित १२५ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **पुँजी तथा दायित्व** | | | | |
| पुँजी तथा लगानी | २१,६८,२२ | | २१,६८,२२ | |
| सञ्चिति, जगेडा तथा अन्य कोष | १६,२९,२६ | | १५,१४,३६ | |
| कर्मचारी दायित्व | ४४ | | २,१४ | |
| अन्य दायित्व | १८,६४ | | २४,२६ | |
| समाचारदाता दायित्व | ६,२८ | | ६,७३ | |
| भुक्तानी गर्नुपर्ने धरौटी | ४५,१४ | | २४,२५ | |
| **कुल पुँजी तथा दायित्व** | | **३८,६७,९८** | | **३७,३९,९६** |
| **सम्पत्ति** | | | | |
| खुद स्थिर सम्पत्ति | २०,०१,३३ | | २०,९४,८२ | |
| कर्मचारी तलब सापटी | ५१,२३ | | ७९,२५ | |
| कर्मचारी कल्याणकारी सापटी | ८९,९३ | | ९४,६१ | |
| कर्मचारी उपचार खर्च सापटी | २,०३,६६ | | १,७१,२७ | |
| पेस्की तथा धरौटी | ३,११ | | ३१,१ | |
| समाचार आसामी | ७७,१२ | | १,०६,८९ | |
| अन्य आसामी | ९५,३२ | | ९९,७६ | |
| नगद तथा बैङ्क मौज्दात | १३,४६,२८ | | १०,९०,२५ | |
| **कुल सम्पत्ति** | | **३८,६७,९८** | | **३७,३९,९६** |

समितिमा नेपाल सरकारको लगानी रु.२१ करोड ६८ लाख २२ हजार र जगेडा तथा अन्य कोषमा रु.१६ करोड २९ लाख २६ हजार रहेको छ। समितिको कुल पुँजी तथा दायित्व एवं कुल सम्पत्ति गत वर्ष भन्दा ३.४२ प्रतिशतले वृद्धि भई यो वर्ष रु.३८ करोड ६७ लाख ९८ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - समितिको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| नेपाल सरकारको अनुदान | १७,३९,०० | | १६,७१,९२ | |
| समाचार आम्दानी | १,९४,४२ | | १,८४,४८ | |
| अन्य आम्दानी | २,४१,७७ | | २,०४,४८ | |
| **जम्मा आम्दानी** | | **२१,७५,१९** | | **२०,६०,८८** |
| **खर्च** | | | | |
| प्रशासकीय खर्च | २०,३७,८८ | | १९,३०,१७ | |
| ह्रास कट्टी | १,५४,६१ | | १,००,७१ | |
| **जम्मा खर्च** | | **२१,९२,४९** | | **२०,३०,८८** |
| **सञ्चालन बचत** | | **(१७,३०)** | | **३०,००** |

समिति गत वर्ष रु.३० लाख सञ्चालन बचतमा रहेकोमा यो वर्ष रु.१७ लाख ३० हजार सञ्चालन नोक्सानी रहेको छ। समितिको कुल आम्दानीमा अनुदानको अंश ७९.९५ प्रतिशत रहेको छ। प्रशासनिक खर्चको लागि समेत समिति नेपाल सरकारको अनुदानमा निर्भर रहनुपर्ने अवस्था छ। समितिले आन्तरिक आम्दानी वृद्धि गरी नेपाल सरकार माथिको निर्भरता कम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

- **लेखापरीक्षण बक्यौता -** पूर्ण स्वामित्व भएका संस्थाको २०८१।८२ सम्मको लेखापरीक्षण बक्यौताको स्थिति निम्नानुसार छः

| क्र.सं. | संस्था | आर्थिक वर्ष | सङ्ख्या |
|---|---|---|---|
| १ | नेपाल पर्यटन बोर्ड | २०७४।७५ देखि २०८१।८२ | ८ |
| २ | नेपाल रेल्वे कम्पनी | २०७८।७९ देखि २०८१।८२ | ४ |
| ३ | राष्ट्रिय सहकारी नियमन प्राधिकरण | २०७९।८० देखि २०८१।८२ | ३ |
| ४ | गोरखापत्र संस्थान | २०७९।८० देखि २०८१।८२ | ३ |
| ५ | उदयपुर सिमेन्ट उद्योग लिमिटेड | २०७९।८० देखि २०८१।८२ | ३ |
| ६ | हेटौंडा सिमेन्ट उद्योग लिमिटेड | २०८०।८१ र २०८१।८२ | २ |
| ७ | गुठी संस्थान | २०८०।८१ र २०८१।८२ | २ |
| ८ | तारा गाउँ विकास समिति | २०८०।८१ र २०८१।८२ | २ |
| ९ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | २०८०।८१ र २०८१।८२ | २ |
| १० | नेपाल टेलिभिजन संस्थान | २०८०।८१ र २०८१।८२ | २ |
| ११ | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | २०८१।८२ | १ |
| १२ | नेपाल वायुसेवा निगम | २०८१।८२ | १ |
| १३ | नेपाल खानेपानी संस्थान | २०८१।८२ | १ |
| १४ | खाद्य व्यवस्था तथा व्यापार कम्पनी | २०८१।८२ | १ |
| १५ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | २०८१।८२ | १ |
| १६ | दुग्ध विकास संस्थान | २०८१।८२ | १ |
| १७ | वन पैदावार विकास समिति | २०८१।८२ | १ |
| १८ | नेपाल धितोपत्र बोर्ड | २०८१।८२ | १ |
| १९ | नेपाल नागरिक उड्डयन प्राधिकरण | २०८१।८२ | १ |
| २० | सामाजिक सुरक्षा कोष | २०८१।८२ | १ |
| | **जम्मा** | | **४१** |

लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलब्ध नगराउने संस्थाका पदाधिकारीसमेतलाई जिम्मेवार बनाउनुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४२३ देखि ४२४ मा संलग्न छ।**

# सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था

# अर्थ मन्त्रालय

## आर.बी.बी. सेक्युरिटिज कम्पनी

नेपाल स्टक एक्सचेन्जमा सुचीकृत धितोपत्रको खरिद, बिक्री गरी बजार निर्माताको कार्य गर्ने, अनलाइन कारोबारको सुविधा उपलब्ध गराउने, लगानीकर्तालाई मार्जिन कारोबार सुविधा उपलब्ध गराउने, ग्राहकका तर्फबाट धितोपत्र खरिद बिक्रीका लागि आदेश प्राप्त गरी कार्यान्वयन गर्नेलगायतका उद्देश्यले राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको सहायक कम्पनीको रूपमा कम्पनी ऐन, २०६३ बमोजिम २०७२।१०।१५ मा कम्पनीको स्थापना भएको हो। कम्पनीले धितोपत्र बोर्डबाट २०७४।२।२८ मा अनुमति प्राप्त गरी २०७९।८० बाट सञ्चालनमा आएको कम्पनीमा ८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको यो वर्षको वित्तीय स्थितिको विवरणअनुसार रु.२४ करोड ८४ लाख ४२ हजार कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.७१ लाख ६५ हजार खुद नाफा हुन गई हालसम्मको सञ्चित नाफा रु.१ करोड ६९ लाख ९ हजार रहेको छ।

२. **सहायक कम्पनीको सञ्चालन र प्रतिनिधित्व** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम न्यूनतम १ जना स्वतन्त्र सञ्चालक रहनुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त भएको देखिएन। सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्ने बेहोरा विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत् छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४२५ देखि ४२७ मा संलग्न छ।**

## आरबीबी मर्चेन्ट बैङ्किङ लिमिटेड

नेपाल सरकारको ९९.९७ प्रतिशत स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको शतप्रतिशत स्वामित्वको सहायक कम्पनीको रूपमा यो संस्था कम्पनी ऐन, २०६३ अनुसार २०७२।१०।१५ मा स्थापना भएको हो। कम्पनीले नेपाल धितोपत्र बोर्डद्वारा मर्चेन्ट बैङ्किङ सञ्चालन इजाजतपत्र प्राप्त गरी कार्य गर्दै आएको छ। कम्पनीमा २९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार रु.५४ करोड ४९ लाख ४९ हजार कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.५ करोड ७७ लाख ४३ हजार खुद नाफा रहेकोमा विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नाफा रु.५ करोड ३० लाख ६१ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४२८ देखि ४३१ मा संलग्न छ।**

# कृषि विकास बैङ्क लिमिटेड

कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि ऋण उपलब्ध गराउने उद्देश्यले संवत २०२४ सालमा यस बैङ्कको स्थापना भई २०३० सालदेखि सेवा सुचारु गरेको छ। बैङ्कको साधारण सेयर पुँजीमा नेपाल सरकारको ५१ प्रतिशत तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। हाल बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको इजाजतपत्र प्राप्त यस बैङ्कले ७७ जिल्लामा आफ्नो सेवा सञ्जाल विस्तार गरी सेवा प्रदान गर्दै आएको छ। यस बैङ्कको केन्द्रीय कार्यालय, प्रदेशस्तरका कार्यालय १०, शाखा कार्यालय २७४ र विस्तारित काउन्टर २३ रहेका छन्। बैङ्कमा २ हजार ६५१ कर्मचारी कार्यरत छन्।

१ **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार रु.३ खर्ब ६१ अर्ब ५२ करोड ८१ लाख कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.३ अर्ब ७३ करोड २४ लाख खुद नाफा रहेकोमा विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.२ अर्ब ८१ करोड ६७ लाख रहेको छ।

२ **वित्तीय अनुपात -** बैङ्कको वित्तीय अनुपातको विगत तीन वर्षको अवस्था देहायअनुसार छः

| क्र.सं. | विवरण | सूचक | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|---|
| १ | जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा | प्रतिशत | ५.१६ | ९.८१ | १४.८३ |
| २ | प्रति सेयर अम्दानी | रुपैयाँ | ७.४२ | १९.१२ | २४.५९ |
| ३ | निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च | प्रतिशत | ७.२४ | ६.४८ | ४.०३ |
| ४ | ऋण लगानीको अनुपातमा प्राप्त ब्याज | प्रतिशत | १३.१० | १३.३४ | १०.५७ |
| ५ | सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च | प्रतिशत | १९.१५ | १९.६४ | २९.५६ |
| ६ | कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा | प्रतिशत | ०.५० | ०.९३ | १.०३ |
| ७ | ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा | प्रतिशत | २.७८ | ३.९१ | ३.४४ |

गत वर्षको तुलनामा जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा र प्रति सेयर आम्दानी बढेको, ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा र निक्षेप एवं ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च घटे तापनि ऋण लगानी अनुपातमा ब्याज आम्दानीमा कमी आएको देखिन्छ।

३ **लगानी -** बैङ्कले सहायक कम्पनीको रूपमा गोबरगयाँस कम्पनीमा लगानी गरेको रु.३२ लाख ४१ हजार सेयर लगानीलाई शतप्रतिशत क्षय भएको जनाई शून्य मूल्यमा देखाएको छ। बैङ्कले कोष व्यवस्थापन कम्पनी लिमिटेडमा रु.२ करोड ९० लाख १३ हजारको ९३.४४ प्रतिशत सेयर लगानी गरेको छ। बैङ्कले लगानी क्षय हुन नदिन व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

४ **गैर बैङ्किङ सम्पत्ति -** गैर बैङ्किङ सम्पत्ति गत वर्ष रु.९४ करोड ३१ लाख रहेकोमा यो वर्ष रु.३६ करोड ३१ लाखले वृद्धि भई रु.१ अर्ब ३० करोड ६२ लाख पुगेको छ। गैर बैङ्किङ सम्पत्तिको बजार मूल्यमा आउने कमीका कारण बैङ्कले वित्तीय नोक्सानीसमेत बेहोर्नु पर्ने जोखिम देखिन्छ। गैर बैङ्किङ सम्पत्ति सिर्जना हुन नदिन ऋण लगानी गर्दा धितो मूल्याङ्कनमा ध्यान दिनुपर्दछ।

५ **निष्क्रिय कर्जा -** बैङ्कको कुल कर्जा रु.२ खर्ब १६ अर्ब १ करोड ८१ लाख ३ हजारमध्ये असल कर्जा रु.१ खर्ब ८६ अर्ब ३६ करोड ५३ लाख २१ हजार र सूक्ष्म निगरानीमा रहेको कर्जा रु.२२ अर्ब २१ करोड ७८ लाख ९१ हजार सक्रिय कर्जाको रूपमा रहेको छ। त्यसैगरी, निष्क्रिय कर्जाअन्तर्गत पुनर्संरचना गरिएको कर्जा रु.२ करोड ८८ लाख ५२ हजार, कमसल कर्जा रु.२८ करोड ८९ लाख ५२ हजार, शंकास्पद कर्जा रु.१ अर्ब १५ करोड ४ लाख १२ हजार र खराब कर्जा रु.५ अर्ब ९६ करोड ६६ लाख ७५ हजार रहेको छ। निष्क्रिय कर्जाको अनुपात गत वर्ष ३.९१ प्रतिशत रहेकोमा यो वर्ष ३.४४ प्रतिशत रहेको देखिन्छ। ऋण सम्झौता र कानुनी प्रक्रियाअनुसार कर्जा असुल गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४३२ देखि ४३७ मा संलग्न छ।**

## कोष व्यवस्थापन कम्पनी लिमिटेड

कृषि विकास बैङ्क लिमिटेड, उक्त बैङ्कका कर्मचारीहरू र सर्वसाधारण समेतको सहभागितामा पुँजी सङ्कलन गरी घर जग्गा व्यवसाय, सङ्गठित संस्थाहरूको धितोपत्र तथा ऋणपत्रहरू र अन्य सम्भाव्य क्षेत्रमा लगानी गरी प्रतिफल प्राप्त गर्ने उद्देश्यले संवत २०५१ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनी ऐन, २०६३ अन्तर्गत हाल कम्पनीमा कुल सेयर सङ्ख्या ३ लाख १० हजार ४८० मध्ये कृषि विकास बैङ्कको २ लाख ९० हजार १३० कित्ता (९३.४४ प्रतिशत) सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.३४ करोड ८२ लाख २४ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.६२ लाख ७९ हजार खुद नाफा हुन गई हालसम्मको सञ्चित नाफा रु.२३ करोड ८९ लाख १२ हजार रहेको छ।

२. **सेयर बाँडफाँट** - कम्पनीको प्रबन्धपत्र र नियमावलीमा १ लाख २७ हजार कित्ता सेयर कायम गरेकोमा २०७६।७७ मा ३ लाख १० हजार ४८० कित्ता सेयरको बाँडफाँट बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट सेयर लगत नलिएकाले वास्तविक सेयर सदस्य यकिन गर्न नसकिएको बेहोरा विगत वर्षको प्रतिवेदनमा औल्याईएकोमा स्थिति यथावत् छ।

३. **प्रतिनिधित्व** - सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४३८ देखि ४४० मा संलग्न छ।**

## नागरिक स्टक डिलर कम्पनी लिमिटेड

धितोपत्र कारोबार गर्नको लागि २०७६।१०।२९ मा कम्पनी ऐन, २०६३ अन्तर्गत यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नागरिक लगानी कोषको ७२.८५ प्रतिशत तथा नेपाल पुनर्बिमा कम्पनी लिमिटेड र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको क्रमशः १४.२९ र १२.८६ प्रतिशत स्वामित्व रहेको छ। कम्पनीले नेपालमा धितोपत्र कारोबार र निक्षेप सदस्यसम्बन्धी कार्यहरूसमेत सञ्चालन गरिरहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५ अर्ब ७ करोड ९२ लाख ३७ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.३६ करोड ४२ लाख १४ हजार खुद नाफा भई हालसम्मको सञ्चित नाफा रु.५७ करोड १० लाख ५३ हजार रहेको छ।

२. **सञ्चालक नियुक्ति -** धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम १८(ख) मा सूचीकृत सङ्गठित संस्थामा सञ्चालक रहेमा कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखको लागि योग्य नहुने व्यवस्था छ। यस कम्पनीले नागरिक लगानी कोष र पुनर्बिमा कम्पनीका कार्यकारी अधिकृत, नेपाल दूरसञ्चार कम्पनीका प्रमुख वित्त अधिकृत र नागरिक लगानी कोषका सञ्चालक तथा उप-प्रबन्धक निर्देशक यस कम्पनीको सञ्चालकका रूपमा नियुक्ति गरेको देखियो। ऐन/नियमको पालना गरी सञ्चालक नियुक्ति गर्नुपर्दछ।

३. **बढी बोनस -** बोनस नियमावली, २०३९ को नियम ६ अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानले प्रत्येक आर्थिक वर्षको खुद नाफाको ५ प्रतिशत बोनसको लागि छुट्याउनुपर्ने व्यवस्था भए तापनि कम्पनीले २०७७।७८ देखि २०८१।८२ सम्म खुद नाफाको १० प्रतिशत बोनसबापत रु.१४ करोड ७ लाख ८३ हजार व्यवस्था गरेको देखियो। नियमावलीले तोकेभन्दा बढी छुट्याएको बोनस रकम संस्थाको आम्दानीमा लेखाङ्कन गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४४१ देखि ४४४ मा संलग्न छ।**

# नेपाल बैङ्क लिमिटेड

नेपाल सरकार र सर्वसाधारण नागरिकको संयुक्त उद्यमको रूपमा सम्वत् १९९४ मा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालनमा रहेको छ। बैङ्कको कुल चुक्ता पुँजी रु.१४ अर्ब ६९ करोड ४० लाखमध्ये नेपाल सरकारको ५१ प्रतिशत र अन्य संस्था तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। बैङ्कमा कुल १४ विभाग, १० डिभिजन र ७ प्रदेश कार्यालय रहेका छन्। बैङ्कले २३१ शाखा, २४१ स्थानमा एटीएम, ६१ विस्तार काउन्टर र अनलाइन बैङ्किङ सेवाको माध्यमबाट देशभर सेवा प्रदान गर्दै आएको छ। बैङ्कमा २ हजार २२८ स्थायी र १ हजार ३२१ करार र ज्यालादारीसमेत ३ हजार ५४९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार रु.३ खर्ब ९८ अर्ब ६४ करोड १७ लाख कुल सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.३ अर्ब ७ करोड ८० लाख खुद नाफा भएकोमा विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नोक्सान रु.१ अर्ब ४१ करोड ८५ लाख रहेको छ।

२. **वित्तीय अनुपात -** बैङ्कको वित्तीय अनुपातको अवस्था देहायअनुसार छः

| क्र.सं. | विवरण | सूचक | २०७९।८० | २०८०।८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| १ | जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा | प्रतिशत | २०.२१ | ०.१० | १२.१८ |
| २ | प्रति सेयर अम्दानी | रुपैयाँ | २३.२९ | ०.१९ | २०.९५ |
| ३ | निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च | प्रतिशत | ६.४३ | ५.७३ | ३.८१ |
| ४ | ऋण लगानीको अनुपातमा प्राप्त ब्याज | प्रतिशत | १४.०९ | १२.४३ | १०.१६ |
| ५ | सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च | प्रतिशत | १७.४८ | १३.५१ | १८.५४ |
| ६ | कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा | प्रतिशत | १.८१ | ०.०१ | ०.८३ |
| ७ | ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा | प्रतिशत | २.८५ | ४.३३ | ४.५६ |

बैङ्कको जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा गत वर्ष ०.१० प्रतिशत रहेकोमा यो वर्ष १२.१८ प्रतिशत, प्रतिसेयर आम्दानी गत वर्ष १९ पैसा रहेकोमा यो वर्ष २०.९५ प्रतिशत, निक्षेप तथा ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च गत वर्ष ५.७३ रहेकोमा यो वर्ष ३.८१ प्रतिशत, कुल सम्पत्तिको तुलनामा खुद नाफा गत वर्ष ०.०१ प्रतिशत रहेकोमा यो वर्ष ०.८३ प्रतिशत र कर्जा लगानीको अनुपातमा निष्क्रिय कर्जा गत वर्ष ४.३३ प्रतिशत रहेकोमा यो वर्ष ४.५६ प्रतिशत पुगेको छ। बैङ्कको निष्क्रिय कर्जा निरन्तर बढेकोले समयमा ऋण तथा ब्याज असुल गर्नुपर्दछ।

३. **योजना, कार्यक्रम र लक्ष्य प्रगति** - बैङ्कको २०८१।८२ मा प्राथमिकतामा रहेका योजना तथा कार्यक्रमको लक्ष्य तथा प्रगति देहायअनुसार छः

(रु. करोडमा)

| विवरण | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| ग्राहकको निक्षेप दायित्व | ३१२०० | ३३६८७ | १०७.९७ |
| कर्जा तथा सापटी | २४४७६ | २२७६८ | ९३.०३ |
| खुद ब्याज आम्दानी | ९०० | १०१४ | ११२.७१ |
| शुल्क तथा कमिसन आम्दानी | १९२ | १४७ | ७६.६३ |
| अन्य सञ्चालन खर्च | १८८ | १०८ | ५७.५२ |
| कर्मचारी खर्च | ५१९ | ३८६ | ७४.३७ |
| पुँजीगत खर्च | १९५ | ४१ | २०.९६ |

उल्लिखित विवरणअनुसार बैङ्कले यो वर्ष ग्राहकको निक्षेप दायित्व र खुद ब्याज आम्दानीमा लक्ष्यभन्दा बढी प्रगति हासिल गरे तापनि कर्जा तथा सापटी, शुल्क तथा कमिसन आम्दानी, अन्य सञ्चालन खर्च, कर्मचारी

खर्च र पुँजीगत खर्चमा लक्ष्य हासिल गर्न सकेको देखिएन। बैङ्कको कार्यसम्पादन व्यवस्थापनमा सुधार गर्नुपर्दछ।

४. **अन्य सम्पत्ति** - बैङ्कको वित्तीय विवरणमा रहेको अन्य सम्पत्ति रु.८ अर्ब ४८ करोड ३२ लाख ९० हजारमध्ये खुद रु.१६ करोड ४८ लाख २५ हजार लामो समयदेखि बक्यौता रहेको र सोको मौज्दात सर्मथन लिएको देखिएन। लामो समयदेखि बक्यौता रहेको हिसाब मिलान हुन बाँकी रकम यकिन गरी फरफारक गर्नुपर्ने सम्बन्धमा विगतका प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार भएको छैन।

५. **अन्य दायित्व** - बैङ्कको वित्तीय विवरण अनुसार अन्य दायित्व रु.१० अर्ब ४८ करोड ८६ लाख ४० हजारमध्ये रु.१६ करोड २८ लाख ९४ हजार लामो समयदेखि फरफारक गर्न बाँकी रहेको र सो को मौज्दात सर्मथन लिइएको देखिएन। शाखा हिसाब मिलान अन्तर्गत रु.२५ लाख ४९ हजार मिलान हुन बाँकी रहेको छ। सरकार सम्बन्धी भुक्तानीयोग्य कारोबार अन्तर्गत रु.६७ करोड ८५ हजारको हिसाब मिलान हुन बाँकी रहेको छ। लामो समयदेखि बक्यौता रहेको हिसाब मिलान हुन बाँकी रकम यकिन गरी फर्स्यौंट गर्नुपर्ने बेहोरा विगत वर्षका प्रतिवेदनमा औँल्याइएकोमा सुधार भएको छैन।

६. **गैर बैङ्किङ सम्पत्ति** - बैङ्कको हिसाबमा विगत वर्षदेखि रु.२६ करोड ४२ लाख मूल्य बराबरको २० वटा गैर बैङ्किङ सम्पत्ति रहेका छन्। बैङ्कले यस वर्ष ३ वटा गैर बैङ्किङ सम्पत्ति सकार गरेको र ३ गैर बैङ्किङ सम्पत्ति बिक्री/फिर्ता गरेको छ। नियमानुसार गैर बैङ्किङ सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ।

७. **कर्जा अपलेखन** - अपलेखन गरेको साँवा तथा ब्याजको छुट्टै अभिलेख राखी असुली गर्ने व्यवस्था मिलाउनुपर्नेमा यो वर्ष अपलेखन गरेको कर्जा रु.१ करोड २४ लाख ८७ हजार र ब्याज रु.२५ करोड ६ लाख ३२ हजार असुल भएको छैन।

८. **निष्क्रिय कर्जा** - बैङ्कले कर्जा प्रवाह गर्दा कर्जा निर्देशिका, कर्जा नीति तथा मूल्याङ्कन मार्गदर्शन र नेपाल राष्ट्र बैङ्कका नीति तथा निर्देशनहरूको अनिवार्य पालना गर्नुपर्दछ। गत वर्ष बैङ्कको निष्क्रिय कर्जा रु.६ अर्ब ५७ करोड ८७ लाख ९५ हजार रहेकोमा यो वर्ष रु.१० अर्ब ७७ करोड ७१ लाख ९२ हजार पुगेको छ। कर्जाको नियमित असुली सुनिश्चित गर्न ठोस रणनीति तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

९. **बिमाङ्कीय अनुमान** - पेन्सन, उपदान तथा अवकाश लाभहरूको मूल्याङ्कनका लागि प्रयोग गरिने बिमाङ्कीय अनुमानहरूमा यो वर्ष गत वर्षको तुलनामा परिवर्तन गरेको छ। अघिल्लो आर्थिक वर्षको बिमाङ्कीय मूल्याङ्कनमा ९ प्रतिशत वार्षिक छुट दर कायम गरिएकोमा चालु वर्षको लागि ७.९६ प्रतिशत वार्षिक दर कायम गरिएको छ। बैङ्कद्वारा गरिएको यस बिमाङ्कीय अनुमानको परिवर्तनले कर्मचारीको पेन्सन/उपदान तथा अवकास लाभसँग सम्बन्धित दायित्व रकम भुक्तानी सामर्थ्यमा असर पर्ने देखिन्छ।

१०. **आन्तरिक नियन्त्रण** - बैङ्कले शााखा तहमा ग्राहकहरूको कर्जा उपयोगको अवस्था अनुगमनको व्यवस्था गरे तापनि केन्द्रीय तथा प्रदेशस्तरमा सोको निरन्तर अनुगमन हुने गरेको देखिएन। साथै, बैङ्कले संस्थागत सुशासनसम्बन्धी प्रतिवेदन तयार गरी लेखापरीक्षण समिति समक्ष पेस गरेको देखिएन। प्रदेश एवं केन्द्रीय स्तरमा अनुगमन संयन्त्र तथा प्रतिवेदन तयार गरी पेस तथा कार्यान्वयन गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४४५ देखि ४५० मा संलग्न छ।**

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सेक्युरिटी खरिद बिक्री केन्द्र लिमिटेडको नाममा साबिक कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ सालमा स्थापना भएको यो संस्था, नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को नामबाट नेपालमा सङ्गठित दोस्रो बजारको रूपमा २०५०।९।२९ देखि कार्य गर्दै आएको छ।यो कम्पनी धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त नेपालको एक मात्र स्टक एक्सचेन्ज हो। यस कम्पनीमा नेपाल सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ९.५१ प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्कको ११.२३ प्रतिशत, लक्ष्मी बैङ्क लिमिटेडको ५ प्रतिशत, प्रभु बैङ्क लिमिटेडको ५ प्रतिशत र अन्यको ०.६० प्रतिशत सेयर रहेको छ। यस लिमिटेडमा २०८२ आषाढ मसान्तसम्म विभिन्न तहका ३४ स्थायी र १३ करार गरी ४७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.९ अर्ब ८८ करोड ५७ लाख ४४ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१ अर्ब ८० करोड २५ लाख ६२ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नाफा रु.२ अर्ब १७ करोड ६५ लाख ९८ हजार रहेको छ।

२. **सीडीएसको सेयर स्वामित्व -** कम्पनी र सीएमसी, भारतबिच १२ सेप्टेम्बर, २०१० मा भएको सम्झौताबमोजिम नेप्सेले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको लागि सीएमसी, भारतबाट स्वचालित कारोबार सफ्टवेयर खरिद गरेको थियो। सोको लागि कम्पनीले नेपाल सरकारमार्फत भारत सरकारबाट प्राप्त अनुदान रु.१४ करोड ७२ लाख खर्च गरेको र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई उक्त सफ्टवेयर हस्तान्तरण गरेबापत रु.१०० का दरले १४ लाख ७२ हजार कित्ता सेयर र नगद भुक्तानी गरी रु.१०० का दरले १५ लाख २८ हजार कित्ता सेयर प्राप्त गरेको छ। यस सम्बन्धमा अर्थ मन्त्रालयको २०८१।३।२४ को पत्रबाट सिडिएस एण्ड क्लियरिङ लिमिटेडको सेयर संरचना परिवर्तन गरी नेपाल सरकारको नाममा १४ लाख ७२ हजार कित्ता र नेप्सेको नाममा १५ लाख २८ हजार कित्ता कायम गर्न निर्देशन भएकोमा सेयर लगत अद्यावधिक गराएको देखिएन।

३. **सूचीकरण विनियमावलीको परिपालना -** धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२ बमोजिम सूचीकृत कम्पनीहरूले आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र वार्षिक प्रतिवेदन र त्रैमासिक समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन अनिवार्य रूपमा नेप्सेको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २७२ सूचीकृत कम्पनीमध्ये ७३ कम्पनीले वार्षिक र १६ कम्पनीले त्रैमासिक प्रतिवेदन तयार गरी वेबसाइटमा अपलोड गरेको देखिएन। विनियमावलीको पालना हुनुपर्दछ।

४. **कारोबार र बजार पुँजीकरण**- गत वर्ष नेप्सेमा २ अर्ब ५२ करोड कित्ता सेयर खरिद बिक्री भई रु.३५ खर्ब ५३ अर्ब ६७ करोडले बजार पुँजीकरण भएकोमा यो वर्ष ४ अर्ब ८४ करोड कित्ता सेयर खरिद बिक्री भई रु.४६ खर्ब ५६ अर्ब ९८ करोडले बजार पुँजीकरण भएको छ। गत वर्षको तुलनामा ३१.०५ प्रतिशतले सेयर कारोबारमा वृद्धि भएको देखिन्छ।

५. **ग्राहक पहिचान कोड** - धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २९ अनुसार वास्तविक ग्राहक पहिचान गर्न नागरिकता नम्बर, जारी मिति र जन्म मिति जस्ता मुख्य विवरण यकिन गरी एउटा लगानीकर्तालाई एउटै युनिक क्लाइन्ट कोड जारी गर्ने व्यवस्था रहेकोमा तथ्याङ्क परिवर्तन भै दोहोरो अभिलेखसमेत देखिएकोले ग्राहक पहिचान गर्ने कार्य अद्यावधिक हुन सकेको देखिएन। प्रणालीमा कानुनी तथा नियामकीय जोखिम न्यून गर्ने उद्देश्यअनुसार कार्य सम्पादन गर्नुपर्दछ।

६. **चुक्ता पुँजी**- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापरी) नियमावली, २०६४ बमोजिम अनुमतिपत्रको प्रकारका आधारमा ब्रोकरहरूले न्यूनतम रु.२० करोड (सीमित कार्य गर्ने धितोपत्र दलाल सेवा) वा रु.६० करोड (पूर्ण कार्य गर्ने धितोपत्र ब्रोकर सेवा) तथा स्टक डिलरले रु.१ अर्ब ५० करोड चुक्ता पुँजी कायम गर्नुपर्ने व्यवस्था छ।विभिन्न ब्रोकर कम्पनीहरूले देहायअनुसार चुक्ता पुँजी वृद्धि गरेकोमा

सो रकम सेयर धनीलाई प्रत्यक्ष पेस्की, स्थिर पुँजीको निमित्त पेस्की, सेयर होल्डर पेस्की ४८ देखि ९२ प्रतिशतसम्म उपलब्ध गराएको कारण कम्पनीको उद्देश्य अनुरूप उपयोग भएको छैन। कम्पनीले अनुगमन गरी पेस्की दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

(रु. हजारमा)

| ब्रोकर कम्पनी | चुक्तापुँजी | सेयर धनीलाई उपलब्ध गराएको पेस्की रकम | पेस्कीको प्रतिशत |
|---|---|---|---|
| एक स्टक हाउस लिमिटेड | २०,४०,०० | ९,७९,३५ | ४८.०१ |
| एक सेयर एक्सचेन्ज | २०,००,०० | १८,५०,०० | ९२.५० |
| एक सेक्युरिटी | २०,००,०० | १६,१२,२५ | ८०.६१ |
| एक शो सेक्युरिटी | २०,००,०० | १३,४७,८८ | ६७.३९ |

७. **दैनिक सुपरिवेक्षण प्रतिवेदन** - नेप्से सुपरिवेक्षण विनियमावलीको विनियम ११(३) र ५(३) बमोजिम कारोबार समयपश्चात् सुपरिवेक्षण विभागले प्रमुख कार्यकारी अधिकृतलाई दैनिक अफ-साइट सुपरिवेक्षण प्रतिवेदन पेस गर्नुपर्ने र अनुसूची ३ को मापदण्ड प्रयोग गरी अस्वाभाविक मूल्य उतारचढावको दैनिक निरीक्षण तथा विश्लेषण गर्नुपर्ने व्यवस्था छ। धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम २३ अनुसार धितोपत्रको बजार मूल्यमा अस्वभाविक उतार चढाव हुन सक्ने गरी कामकारबाही भएको देखिएमा नेप्सेले त्यस्तो संस्थाको धितोपत्र कारोबारलाई बढीमा १५ दिनसम्मका लागि निलम्बन गर्न सक्ने व्यवस्था छ। नेप्सेको मासिक प्रतिवेदनअनुसार २०८१ श्रावणमा मूल्य उतार चढाब भएकामध्ये १९ कम्पनीको ६१.०९ प्रतिशतदेखि ९९.७९ प्रतिशतसम्म मूल्य वृद्धि भएका कम्पनीको अनुगमन मूल्याङ्कन गरेको छैन। कानुनबमोजिम अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

८. **बक्यौता वार्षिक शुल्क र कारोबार**- धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम सूचीकृत कम्पनीहरूले वार्षिक सूचीकरण शुल्क समयमै बुझाउनुपर्ने र विनियम ९ (१) मा शुल्क नबुझाएमा दुई वर्षसम्म कारोबार रोक्का गर्न र कम्पनीहरूको सूचीकरण खारेज गर्न सक्ने व्यवस्था छ। नेप्सेमा दर्ता भएका कम्पनीमध्ये रोक्का रहेका २२ कम्पनीको शून्य कारोबार रहेकोमा ३ कम्पनीले नियमित रूपमा वार्षिक सूचीकरण शुल्क बुझाएको, २ सरकारी कम्पनीको कारोबार नदेखिएको र १७ कम्पनीले वार्षिक नवीकरण शुल्क भुक्तानी गरेको देखिएन। यसरी वार्षिक नवीकरण शुल्क नबुझाउने १७ कम्पनीबाट २०७५।३।३० सम्मको प्रतिवर्ष रु.२५ हजार र तत्पश्चात् २०८१।८२ सम्मको प्रतिवर्ष रु.५० हजारका दरले बक्यौता शुल्क गणना गर्दा रु.९३ लाख असुल गर्न बाँकी रहेको देखिन्छ। कम्पनीले प्रोदभावी लेखाप्रणाली अपनाए तापनि असुल गर्न बाँकी रकम वित्तीय विवरणमा उल्लेख गरेको नदेखिएकोले सोको लेखाङ्कन गरी नियमानुसार उक्त रकम असुल गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४५१ देखि ४५४ मा संलग्न छ।**

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०८०।८१)

उत्पादकत्वसँग सम्बन्धित सौहार्दपूर्ण औद्योगिक सम्बन्ध कायम गर्न तालिम, परामर्श सेवा र अध्ययन, अनुसन्धानमार्फत जनचेतना प्रवर्धन गर्ने उद्देश्यले २०४५ सालमा यस केन्द्रको स्थापना भएको हो। केन्द्रमा नेपाल राष्ट्र बैङ्कको ३१.५२ प्रतिशत, नेपाल सरकारको २३.९५ प्रतिशत, साबिकको नेपाल औद्योगिक विकास निगम (हाल राष्ट्रिय वाणिज्य बैङ्क) को १२.६० प्रतिशत, अन्य ८ सङ्गठित संस्थाको २८.१४ प्रतिशत र कर्मचारीको ३.७९ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८०।८१ को वित्तीय स्थितिको विवरणअनुसार रु.१० करोड ८५ लाख १९ हजार कुल पुँजी तथा दायित्व एवं सम्पत्ति रहेको छ। यो वर्षको कारोबारबाट रु.३९ लाख ७ हजार खुद नोक्सानी रहेकोमा नेपाल सरकारबाट रु.४० लाख अनुदान प्राप्त भएको छ।

२. **सञ्चित नाफा/नोक्सानी -** केन्द्रको सञ्चित नोक्सानी यो वर्ष रु.११ करोड २५ लाख पुगेको छ। प्रत्येक वर्ष आम्दानीभन्दा खर्च बढी रहेकोले सञ्चित नोक्सानी बढ्दै गएको र केन्द्रको सञ्चालन खर्चका लागि नेपाल सरकारको अनुदानमा निर्भर रहेको देखिन्छ। केन्द्रलाई पुनर्संरचना गरी व्यावसायिक कार्ययोजना अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३. **लगानीकर्ता संरक्षण कोष -** कम्पनी ऐन, २०६३ को दफा १८२(९) अनुसार साधारण सभाले पारित गरेको पाँच वर्षभित्र लाभांश वितरण गर्नुपर्ने र सो अवधिभित्र वितरण नभएमा लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा केन्द्रले पाँच वर्ष व्यतीत हुँदासम्म रु.२ लाख ७९ हजार भुक्तानी दिन बाँकी लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गरेको छैन। उक्त रकम कोषमा दाखिला गर्नुपर्दछ।

४. **ऋण -** नेपाल सरकारबाट प्राप्त ऋण रु.९ करोड ३० लाखको ब्याज गणना गरी महालेखा नियन्त्रक कार्यालयले तोकेको तालिकाअनुसार साँवा र ब्याजको किस्ता भुक्तानी गर्नुपर्नेमा नगरेको बेहोरा गतवर्षको प्रतिवेदनमा औल्याएकोमा स्थिति यथावत् छ।

५. **साधारण सभा -** कम्पनी ऐन, २०६३ को दफा ७६ (१) अनुसार पब्लिक कम्पनीले कारोबार सुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने र तत्पश्चात् आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने व्यवस्था छ। केन्द्रले यो वर्ष वार्षिक साधारण सभा गरेको छैन।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४५५ देखि ४५७ मा संलग्न छ।**

# राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड (२०७४।७५ र २०७५।७६)

प्राइभेट कम्पनीको रूपमा २०२४ सालमा स्थापित यो संस्था राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ अनुसार संस्थानमा परिणत भएको हो। संस्थानले संस्थागत जीवन र निर्जीवन बिमा व्यवसाय गर्दै आएकोमा २०७१ सालबाट जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ। बिमा ऐन, २०७९ बमोजिम जीवन बिमा व्यवसाय सञ्चालन गर्नको लागि २०८० सालमा यो संस्थान राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडमा परिणत भएको छ। कम्पनीमा नेपाल सरकारको २७.७८ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ५५.५५ प्रतिशत र नेपाल बैङ्क लिमिटेडको १६.६७ प्रतिशत स्वामित्व रहेको छ। कम्पनीको केन्द्रीय र २३ शाखा कार्यालय समेतमा ८३ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७५।७६ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२८ अर्ब ७ करोड ३ लाख ५ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१२ करोड २६ लाख ८४ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नाफा रु.३६ करोड ४४ लाख ८ हजार रहेको छ।

२. **लेखापरीक्षकको राय** - कम्पनीले वित्तीय विवरण तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानको पूर्ण पालना गरेको छैन। कम्पनीको वित्तीय स्थिति र सञ्चालन नतिजालाई चित्रण गर्ने वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात उपर लेखापरीक्षण राय स्थापित गर्न आवश्यक पर्याप्त तथा उपयुक्त प्रमाणहरू पेस नभएको उल्लेख गरी लेखापरीक्षकले राय अस्वीकरणको प्रतिवेदन जारी गरेको छ। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३. **समायोजन -** कम्पनीले यस वर्षको वित्तीय विवरण तयार गर्दा गत विगत वर्षसहित यस वर्षको सम्पत्ति, दायित्व, आम्दानी तथा खर्च शीर्षकमा समायोजन गरेको रु.४ अर्ब ५० करोड ३१ लाखको समर्थन वा पुष्टि गर्ने प्रमाण, कागजात संलग्न गरेको छैन। अतः कम्पनीले हिसाब समायोजन गर्दा पुष्टि गर्ने प्रमाण कागजातको आधारमा मात्र गर्नुपर्दछ।

४. **कर्जाको विवरण -** बिमालेखको धितोमा प्रवाह भएका कर्जाको मौज्दात रु.१ अर्ब ९० करोड ४१ लाख रहेकोमा कर्जा प्रवाह मिति, असुल गर्न बाँकी, कर्जा रकम, असुली स्थिति र लिन बाँकी ब्याजलगायतको विस्तृत विवरण पेस नभएकोले विश्लेषण गर्न सकिएन।

५. **बैङ्क मौज्दात -** लेखा प्रणालीअनुसार कम्पनीको बैङ्क मौज्दात रु.५१ करोड ६८ लाख रहेकोमा बैङ्क मौज्दात समर्थनपत्रअनुसार रु.४७ करोड ६८ लाख देखिँदा फरक रु.४ करोड बैङ्क अनिश्चय खातामार्फत समायोजन उल्लेख गरेको देखियो। बैङ्क मौज्दातमा गरिएको समायोजन नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमान र लेखाको सर्वमान्य सिद्धान्तअनुरूप देखिँदैन। अतः कम्पनीले नेपाल लेखामान र नेपाल वित्तीय प्रतिवेदनमानअनुसार बैङ्क मौज्दात हिसाब समायोजन गर्नुपर्दछ।

६. **आन्तरिक नियन्त्रण प्रणाली -** बैङ्क हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनुपर्ने तथा दिनुपर्ने, आम्दानी, खर्च तथा दायित्व हिसाबका सहायक खाता अद्यावधिक नगरेको, बजेट तथा वास्तविक आम्दानी खर्चको भिन्नता परीक्षण नगरेको र वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्व, आम्दानी तथा खर्चको गणना र लेखाङ्कनसँग सम्बन्धित नीति तथा अवधारणाको कम्पनीले प्रमुख लेखा नीति तथा टिप्पणीमा खुलासा गरेको छैन। लेखासँग सम्बन्धित आधारभूत कागजात व्यवस्थित रूपमा नराख्नु, कारोबार भएकै समयमा क्रमबद्ध रूपमा भौचरहरू पोष्टिङ्ग नगर्नु, कारोबार पुष्टि गर्ने समुचित कागजात बिना एवं आधिकारिक व्यक्तिबाट प्रमाणित नगरी भौचरहरूको वित्तीय विवरणमा समायोजन गर्नु, बैङ्क खाता नियमित तवरले भिडान नगर्नु र लामो समयदेखि बक्यौता रहेका रकमहरूको हिसाब मिलान तथा समायोजन नगर्नु, पुनर्बिमाको हिसाब लेखाङ्कन नहुनु लगायतका अवस्थाले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको छ। यसमा सुधार गर्नुपर्दछ।

७. **अग्रिम बोनस -** कर्मचारी ऋण सुविधा उपयोग गरी सोबापत बिमालेख लिएका २७ कर्मचारी यस वर्ष अवकाश भएकोमा कम्पनीले अवकाशको समयमा बिमालेखबापत रु.५ करोड २८ लाख अग्रिम बोनस प्रदान गरेको

छ। बिमालेख अवधि समाप्त पूर्व नै बोनस रकम तय नहुने हुँदा अग्रिम बोनस दिनु उपयुक्त देखिँदैन। उक्त बिमालेखमा २०७५।७६ मा कर्मचारीहरूको अवकाशपछि कुनै पनि बिमा शुल्क प्राप्त नभएको र ऋण भुक्तानी भएको देखिँदैन। उक्त ऋणको सुरक्षणमा राखिएको धितो फुकुवा भइसकेकोले ऋणको असुली जोखिमपूर्ण देखिएको र बिमालेखको निरन्तरतामा समेत जोखिम रहेको देखिन्छ। जोखिम न्यूनीकरण हुने गरी कार्य गर्नुपर्दछ।

८. **अनिश्चय खाता -** कम्पनीले वित्तीय विवरणमा सम्पत्ति र आम्दानीको मौज्दात समायोजन गर्न बैङ्क अनिश्चय खाता, बिमालेख अनिश्चय ऋण खाता, कर्मचारी अनिश्चय ऋण खाता र बिमा अभिकर्ता अनिश्चय ऋण खाता खडा गरी आन्तरिक लेखाका तथ्याङ्कहरू र बाह्य वा विभागीय कागजातबिचको भिन्नताहरू समायोजन गर्न प्रयोग गरी बैङ्क अनिश्चय खाताअन्तर्गत खुद रु.३ करोड ८८ लाख डेबिट समायोजन गरिएको र कम्प्युटर प्रणालीभन्दा लेखा प्रणालीमा रु.२८ करोड २४ लाख न्यून भएकोमा आवश्यक प्रमाणहरू बिना व्यवस्थापनको स्पष्टीकरणको आधारमा मात्र हिसाब समायोजन गरेको देखियो। उक्त ऋणको रकमलाई अनिश्चय खाता खोली समायोजन गरेकोले यसरी नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमान र लेखाको सर्वमान्य सिद्दान्त विपरित हिसाब समायोजन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

९. **बिमाङ्कीय मूल्याङ्कन -** बिमाङ्कीय मूल्याङ्कनका लागि प्रदान गरिएका तथ्याङ्कमध्ये जीवन बिमा कोष, ऋणपत्रहरू, पब्लिक लिमिटेडको साधारण सेयर, कर्मचारी ऋण र लगानीबाट प्राप्त हुने आम्दानीमा बिमाङ्कीय मूल्याङ्कन भन्दा वित्तीय विवरणमा रु.१ अर्ब ९३ करोड २१ लाख बढी रहेको छ। साथै सरकारी धितोपत्रहरू, नगद र बैङ्क मौज्दात, माथिल्लो तामाकोशीको ऋण, पुनःबिमाकर्ताहरूबाट प्राप्यमा बिमाङ्कीय मूल्याङ्कनभन्दा वित्तीय विवरणमा रु.३८ करोड ५ लाख घटी रहेको छ। यसरी रु.२ अर्ब ३१ करोड २६ लाख फरक परेकाले यी भिन्नताले वित्तीय विवरणसँग पूर्ण रूपमा मेल नखाने तथ्याङ्कहरू प्रयोग गरेर बिमाङ्कीय मूल्याङ्कन गरेको देखिन्छ। यसरी मूल्याङ्कन गर्ने/गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१०. **मुद्दती फिर्ता -** कम्पनीले ग्लोबल आइ.एम.ई बैङ्क लिमिटेडको मुद्दती खातामा राखेको रु.१ करोड ७५ लाख २०६७।२।१३ मा परिपक्व भएकोमा हालसम्म कम्पनीको बैङ्क खातामा रकम फिर्ता गरेको देखिएन। उक्त मुद्दती रकममा ब्याज प्राप्त गरे नगरेको समेत यकिन गरी कम्पनीको बैङ्क खातामा जम्मा गर्न गराउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४५८ देखि ४८१ मा संलग्न छ।**

# राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७६।७७ र २०७७।७८)

राष्ट्रिय बिमा संस्थानले गर्दै आएको निर्जीवन बिमा व्यवसाय छुट्टै संस्थाबाट सञ्चालन गर्नको लागि २०७१ मा यस कम्पनीको स्थापना भई निर्जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ। कम्पनीको २०७७।७८ मा चुक्ता पुँजी रु.२६ करोड ६६ लाख ३९ हजार रहेको मध्ये नेपाल सरकारको ४७.५० प्रतिशत, कर्मचारी सञ्चयकोषको २२ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको १०.५६ प्रतिशत र सर्वसाधारणको १९.९४ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको २०७७।७८ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.३१ अर्ब ७९ करोड ३३ लाख ३५ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.५२ करोड १३ लाख २६ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नाफा रु.१ अर्ब १० करोड ८१ लाख ५५ हजार रहेको छ।

२. **सेयर संरचना** - कम्पनीको प्रबन्धपत्रअनुसार ७० प्रतिशत संस्थापक सेयर र ३० प्रतिशत सर्वसाधारण सेयर रहने व्यवस्था रहेकोमा नेपाल सरकारको ४७.५० प्रतिशतसमेत संस्थापकको ८०.४६ प्रतिशत र सर्वसाधारणको १९.९४ प्रतिशत सेयर रहेको छ।

३. **लेखापरीक्षकको राय** - कम्पनीले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजा उपर लेखापरीक्षण राय व्यक्त गर्नको लागि पर्याप्त तथा उचित प्रमाणहरू पेस नभएकोले कुनै राय व्यक्त गरेको छैन। यसका प्रमुख कारणहरू निम्नानुसार छन्:

३.१ कम्पनीको यस वर्षको वित्तीय विवरणमा आरबीएस टु आरबीसीएल सस्पेन्स खाता शीर्षकमा रहेको रु.३३ करोड ६६ हजारलाई विविध आसामी हिसाबमा समावेश गरेको पाइयो। कम्पनीले उक्त रकमलाई विविध आसामीमा समावेश गर्न आवश्यक सहायक कागजात तथा राष्ट्रिय बिमा संस्थानबाट मौज्दात समर्थन प्रमाणपत्र प्राप्त गरेको छैन। कम्पनीको गत वर्षको वित्तीय विवरणको विभिन्न खाता शीर्षकमा हिसाब मिलान नभएको र उक्त खाता शीर्षकहरूको हिसाब मिलान गर्न विविध भुक्तानी बाँकी खातामा रु.२५ करोड ४२ लाख ८७ हजार स्थानान्तरण गरेको छ। यस वर्षसम्म सो रकमको हिसाब मिलान भएको छैन।

३.२ कम्पनीले यस वर्षको अन्त्यमा अन्य दायित्वअन्तर्गत राष्ट्रिय बिमा संस्थानलाई तिर्नुपर्ने शीर्षकमा रु.४ करोड ७४ लाख ९४ हजार देखाएकोमा यो वर्ष सुरु मौज्दातमा रु.४ करोड ६६ लाख ६८ हजार जिम्मेवारी सारिएको छ। अन्तिम मौज्दातको रूपमा देखाएको रु.४ करोड ७४ लाख ९४ हजार (क्रेडिट) ड्यु फ्रम टु लाइफ खाताबाट रु.६ करोड १ लाख ५ हजार (क्रेडिट) र स्टाफ लोन एण्ड लाइफ खाताबाट रु.१ करोड २६ लाख ११ हजार (डेबिट) समायोजन भएको छ। उक्त रकमहरूको वास्तविक विवरणको पूर्णरूपमा समायोजन हुन नसकेको तथा सोलाई पुष्टि गर्ने प्रमाण लेखापरीक्षणमा पेस गरेको छैन।

३.३ बिमा नियमावली, २०४९ को नियम ३२(४) अनुसार सर्वेयरले बिमकसमक्ष प्रतिवेदन पेस गरेको साधारणतया ३५ दिनभित्र बिमकले दायित्व ठहर गरी बिमितलाई निर्जीवन बिमाको दाबी भुक्तानी गर्नुपर्नेमा कम्पनीले २०७७।७८ को रु.५३ करोड १९ लाख ४३ हजार, २०७६।७७ को रु.२६ करोड ६१ लाख १ हजार, २०७५।७६ को रु.१० करोड ३ लाख ८३ हजार र २०७४।७५ वा सोभन्दा अघिको रु.४१ करोड ३९ लाख ८२ हजारसमेत रु.१ अर्ब ३१ करोड २४ लाख ९ हजार २०७८ असारमसान्तसम्म दाबी भुक्तानी गरेको छैन।

३.४ बिमा ऐन, २०४९ को दफा २७ अनुसार बिमा शुल्क प्राप्त नगरेसम्म बिमा जोखिम स्वीकार गर्न नहुने र बिमा नियमावली, २०४९ को नियम ३६(ग) अनुसार बिमितले बिमाशुल्क नबुझाएसम्म बिमक र बिमितबिचमा कारोबार भएको नमानिने व्यवस्था रहेकोमा कम्पनीले बिमा प्रिमियम बाँकी राखी बिमा स्वीकार गरी उक्त प्रिमियम आम्दानी बाँधेको उपयुक्त देखिएन।

३.५ हिसाब मिलान नभएका पुराना खाताहरूलाई यथावत् राखी नयाँ खाताको माध्यमबाट हिसाब मिलान गर्नुपर्नेमा कम्पनीले हिसाब मिलान नभएका खाताहरू नै प्रयोग गरिरहेको देखियो। यसरी सालबसाली रूपमा एउटै खाता प्रयोग गरी सुरु मौज्दातमा आएको फरक रकम वार्षिक रूपमा नै फरक पर्ने गरेकोले पुरानो हिसाब मिलान सम्बन्धमा कम्पनीको कार्य प्रभावकारी देखिएन। कम्पनीको ३ लेजरमा रहेको डेबिट मौज्दात रु.८ करोड ७९ लाख ८९ हजार र ५ लेजरमा रहेको क्रेडिट मौज्दात रु.७ करोड ३६ लाख २ हजार विगतदेखि जिम्मेवारी सार्दै आएकोमा सोको पुष्ट्याइँ हुने कागजात पेस गरेको छैन।

३.६ कम्पनीले २०७८ असार मसान्तसम्म कम्पनीको बैङ्क खाताबाट भएको रु.२१ लाख १४ हजार भुक्तानी र बैङ्क खातामा जम्मा भएको रु.५५ लाख ८३ हजार आम्दानी बाँधी वित्तीय विवरणमा अद्यावधिक गरेको छैन।

३.७ कर्मचारीबाट २०७८ असारसम्म असुल गर्नुपर्ने कर्जा रु.७ करोड ६५ लाख ५४ हजार रहेकोमा असुल गरिएको छैन। यसरी म्याद समाप्त भइसकेको र कतिपय ऋण लिएका कर्मचारीहरू अवकाश भैसकेको अवस्थामा उक्त ऋण रकमको असुली अनिश्चित छ। कर्मचारीको सेवाअवधिभन्दा बढी समयसम्मको लागि ऋण प्रदान गर्दा उक्त ऋणको असुलीमा समस्या सिर्जना भएको छ।

मौज्दात समर्थन नलिने, हिसाब मिलान नगर्ने, लेखापरीक्षणमा प्रमाण पेस नगर्ने, कानुनको पालना नगर्ने र त्यस्तो अवस्थाको नियन्त्रण नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

४. **लेखापरीक्षण** - कम्पनीले २०७९।८० देखि २०८१।८२ सम्म ३ वर्षको लेखापरीक्षण गराउन लेखापरीक्षक नियुक्तिका लागि परामर्श लिए तापनि लेखापरीक्षण सम्पन्न गर्न सकेको छैन। समयमै लेखापरीक्षण नगराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४८२ देखि ४९० मा संलग्न छ।**

# राष्ट्रिय वाणिज्य बैङ्क

सर्वसाधारणलाई बैङ्किङ सेवा उपलब्ध गराउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैङ्क ऐन, २०२१ अन्तर्गत २०२२।१०।१० मा यस बैङ्कको स्थापना भएको हो। बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत सेयर स्वामित्व रहेको छ। बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको इजाजतपत्र प्राप्त गरी यस बैङ्कले ७७ वटै जिल्लामा आफ्नो सेवा सञ्जाल विस्तार गरी बैङ्किङ सेवा प्रदान गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय, ७ प्रदेश कार्यालय र २९४ शाखा कार्यालयमा २ हजार ९१६ कर्मचारी कार्यरत छन्।

१ **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५ खर्ब ८५ अर्ब ६४ करोड ६० लाख रहेको छ। यो वर्षको कारोबारबाट रु.२ अर्ब ८३ करोड ६० लाख खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरणपछि हालसम्मको सञ्चित नोक्सानी रु.८५ करोड ३ लाख रहेको छ।

२ **वित्तीय परिसूचक -** बैङ्कको प्रमुख वित्तीय परिसूचकको अवस्था देहायानुसार छः

| क्र.सं. | विवरण | एकाइ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|---|
| १ | कुल आम्दानीको अनुपातमा खुद मुनाफा | प्रतिशत | ११.१४ | ८.०१ | ९.२५ |
| २ | प्रति सेयर आम्दानी | रूपैयाँ | २४.२२ | १६.३२ | १८.१४ |
| ३ | निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च | प्रतिशत | ५.७१ | ४.५८ | ३.३९ |
| ४ | ऋण लगानीको अनुपातमा प्राप्त ब्याज | प्रतिशत | १०.२७ | ९.४८ | ६.८० |
| ५ | सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च | प्रतिशत | १४.५९ | १५.७२ | १८.०३ |
| ६ | कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा | प्रतिशत | ०.९१ | ०.५० | ०.४८ |
| ७ | ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा | प्रतिशत | ३.७७ | ४.२८ | ३.७९ |

गत वर्षको तुलनामा यो वर्ष बैङ्कको कुल आम्दानीको अनुपातमा खुद मुनाफा एवं प्रति सेयर आम्दानी बढेको, निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च घटेको, ऋण लगानीको अनुपातमा प्राप्त ब्याज घटेको, सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च बढेको कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा अनुपात घटेको छ र ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा घटेको देखिन्छ। बैङ्कको व्यवस्थापन र कार्यसम्पादनमा थप सुधार गर्नुपर्दछ।

३ **कर्जा लगानी** - बैङ्कले अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई रु.१० अर्ब १८ करोड ४८ लाख र अन्य ग्राहकहरूलाई रु.२ खर्ब ९२ अर्ब ३३ करोड ७२ लाख खुद कर्जा लगानी गरेको छ। कर्जा नोक्सानी बापत रु.१३ अर्ब ७६ करोड ६१ लाख व्यवस्था र कर्मचारीहरूलाई प्रदान गरेको कर्जा रु.६ अर्ब १ करोड १३ लाखसमेत समायोजन गरी खुद कर्जा गणना गरिएको छ। बैङ्कको निष्क्रिय कर्जा ३.७९ प्रतिशत रहेकोले सोको व्यवस्थापन गर्न रणनीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

४ **निर्देशिकाको पालना -** नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशिकाको पालना नगरी व्यवसाय सञ्चालनमा नरहेका, तोकिएको ऋण इक्विटी अनुपात पुरा नभएका तथा तीन वर्षदेखि लगातार घाटा बेहोरेको व्यवसायलाई ऋण प्रवाह गरेको देखिएको छ। साथै धेरै पटक स्थगन गरिएको चालु पुँजी कर्जा व्यवसायमा कर्जा उपयोग गरिएको सुनिश्चित नगरिएको, ड्रविङ्ग पावर तथा नेट ट्रेडिङ्ग एसेस्टको सुपरिवेक्षण नगरिएको जस्ता निर्देशिकाको व्यवस्था पालना भएको छैन। बैङ्कले निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना गर्नुपर्दछ।

५ **जग्गा उपयोग-** बैङ्कको स्थिर सम्पत्तिको मूल्य रु.४ अर्ब २३ करोड ७६ लाख रहेकोमा केन्द्रीय कार्यालयको १५ रोपनी १ आना ३ पैसा, लहानको ३ बिघा १० कठ्ठा जग्गा र मङ्गलसेन नगरपालिका अछाममा रहेको २ रोपनी जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन। महालक्ष्मी नगरपालिका इमाडोल, ललितपुरस्थित बैङ्कको १ हजार ८२२.९५ वर्गमिटर क्षेत्रफलमा रहेको जग्गा अतिक्रमणमा रहेको, पोखरास्थित ४ हजार ८६१.६ वर्ग मिटर जग्गामध्ये साबिक एक विकास बैङ्क लिमिटेडको नाममा रहेको १ कित्ता जग्गा

नगर विकास कोषले रोक्का गरेको र कानेपोखरी गाउँपालिका, मोरङस्थित बैङ्कको नाममा रहेको ४ बिघा १६ कठ्ठा १ धुर जग्गामा मोहियानी हक दाबी रहेको छ। बैङ्कले सम्पत्ति उपयोग योजना तयार गरी दरबारमार्ग, थापाथली, पोखरा, बुटवल, भरतपुर, धनगढी, सुर्खेत, विराटनगर, नेपालगन्जलगायतका स्थानमा रहेका घर र जग्गासमेत उपयोग एवं संरक्षणगरी उचित प्रतिफल प्राप्त गर्नुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

६ **हिसाब मिलान** - बैङ्कले ग्राहकलाई प्रदान गर्दै आएको डेबिट तथा क्रेडिट कार्ड कारोबार, एटीएम कारोबार, बिना सूचना भुक्तानी दिइएको ड्राफ्ट, आसामी र साहुतर्फको लामो समयदेखि राफसाफ नभएको तथा पहिचान नभएको रकम, एजेन्सी हिसाबअन्तर्गत हिसाब मिलान नभएको रकम, मार्गस्थ नगद रकम, दाबी नपरेको दायित्व, अन्य दायित्व, उज्राती खातालगायतका शीर्षकमा बर्सेनि जिम्मेवारी सारी आएको रकममध्ये यो वर्षको अन्त्यमा खुद क्रेडिट रु.३ करोड ८५ लाख ८० हजार (डेबिटतर्फ रु.१३ करोड ७१ लाख ४० हजार र क्रेडिटतर्फ रु.१७ करोड ५७ लाख २० हजार) हिसाबमिलान गर्न बाँकी रहेको छ। सोमध्ये बैङ्कको बिना सूचना ड्राफ्टको भुक्तानी हिसाबमा लामो समयदेखि रु.७ करोड ४ लाख ९९ हजार रहेकोमा २०६४।३।२० देखि पुमोरी सफ्टवेयरमा विद्युतीय लेखा राख्न सुरु गर्दा देखि नै सार्दै ल्याएको रकम हालसम्म पनि फर्स्यौंट नभई यथावत् रहेको छ।

गत वर्ष शाखा हिसाब मिलान हुन नसकेको रु.५७ करोड ५१ लाख रहेकोमा यो वर्ष रु.५७ करोड २९ लाख (क्रेडिटतर्फ रु.१ अर्ब २६ करोड ८१ लाख र डेबिटतर्फ रु.६९ करोड ५२ लाख) हिसाब मिलान हुन बाँकी रहेको छ। हिसाब मिलान हुन नसकेको शाखा हिसाबको आयुगत वर्गीकरण र चारित्रीकरण गरी पहिचान गरिएको छैन। त्यस्तो हिसाब समयमै मिलान गरी राफसाफ गर्नुपर्दछ।

७ **गैर बैंकिङ्ग सम्पत्ति-** वर्षान्तमा रु.३२ करोड गैर बैङ्किङ्ग सम्पत्ति रहेको देखिन्छ। गैर बैङ्किङ्ग सम्पत्तिको असुलीमा कानुनी प्रक्रियाको पालना गर्दाको अवस्थामा सम्पत्तिको बजार मूल्यमा आउने ह्रासको कारण बैङ्कहरूले वित्तीय नोक्सानीसमेत बेहोर्नुपर्ने जोखिम रहन्छ। बैङ्कले २०६१।६२ देखि सकार गरेको तर बिक्री गर्न नसकेकोले विभिन्न ४ जिल्लामा रहेको रु.२ करोड ८५ लाख ६ हजार मूल्यको घर जग्गा ३ स्थानमा साबिक जग्गाधनी र १ स्थानमा स्थानीय क्लबले कब्जा गरी उपयोग गरेको देखिन्छ। समयमा गैर बैंङ्किङ सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ।

८ **आयकर** - बैङ्कको २०८१।८२ को सुरुको कर सम्पत्ति रु.५ अर्ब ८७ करोड ८५ लाख ९५ हजार रहेकोमा यस वर्ष रु.१ अर्ब २० करोड आयकर अनुमान गरी रु.१ अर्ब कर किस्ताबापत दाखिला गरेको छ। बैङ्कसँग विगत वर्षहरूदेखि सञ्चित अग्रिम आयकर सम्पत्तिको रूपमा मौज्दात रहे तापनि किस्ता कर निरन्तर भुक्तानी गर्दै आएको देखिन्छ। यसले गर्दा यो वर्षको अन्तसम्म अनुमानित कर रु.५ अर्ब ६७ करोड ८५ लाख ९५ हजार बढी दाखिला गरेको देखिन्छ। अतः बैङ्कले आफ्नो वास्तविक कर दायित्वको यकिन गरी सोअनुसार आवश्यक रकम मात्र अग्रिम दाखिला गर्नुपर्दछ।

९ **सहुलियतपूर्ण कर्जा तथा पुनर्कर्जा** - बैङ्कले सहुलियतपूर्ण कर्जा शीर्षकमा आर्थिक वर्षको अन्तसम्म रु.६ अर्ब ८८ करोड ४७ लाख ३१ हजार मौज्दात उल्लेख गरेको छ। नेपाल सरकारबाट प्राप्त हुनुपर्ने ब्याज अनुदान रु.६८ करोड १९ लाख ४८ हजार प्राप्त भएको छैन्। कर्जाको सदुपयोग नभएको रु.४५ लाख ७४ हजारको दाबी नेपाल राष्ट्र बैङ्कले अमान्य गरेकोले खुद प्राप्त हुनुपर्ने अनुदान सोही रकमले घटेको छ। सहुलियतपूर्ण कर्जा तोकिएको क्षेत्रमा उपयोग भए नभएको सम्बन्धमा बैङ्कले प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१० **निष्क्रिय कर्जा** - आयकर ऐन, २०५८ को दफा ५९ को उपदफा १ (क) मा बैङ्किङ व्यवसाय गर्ने संस्थाले जोखिम बेहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण, अपलेखन गरिएको कर्जा तथा गैर बैङ्किङ सम्पत्ति बापत व्यवस्था गरिएको रकमसमेतको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गर्न पाउने व्यवस्था छ। बैङ्कको कुल कर्जा रु.३ खर्ब ८ अर्ब ९० करोड ३५ लाख १६ हजारमध्ये असल कर्जा रु.२ खर्ब ७२ अर्ब ५ करोड ६ लाख ७६ हजार र सूक्ष्म निगरानीमा रहेको कर्जा रु.२५ अर्ब १५ करोड ६३ लाख ९८ हजार

सक्रिय कर्जाको रूपमा रहेको छ। यसै गरी, निष्क्रिय कर्जाअन्तर्गत पुनर्संरचना गरिएको कर्जा रु.२४ करोड ६० लाख १२ हजार, कमसल कर्जा रु.१ अर्ब ७५ करोड ५३ लाख ३० हजार, शंकास्पद कर्जा रु.१ अर्ब ५५ करोड १६ लाख १९ हजार र खराब कर्जा रु.८ अर्ब १४ करोड ३४ लाख ७८ हजार रहेको छ। निष्क्रिय कर्जाको अनुपात गत वर्ष ४.२८ प्रतिशत रहेकोमा यो वर्ष घटेर ३.७९ प्रतिशत पुगेको छ। यो वर्ष भाखा नाघेको कर्जाहरूको कुल कर्जा नोक्सानी रु.१० अर्ब ७० करोड ४ लाख ६५ हजार पुगेको छ। बैङ्कले कर्जा प्रवाह गरेको लघुवित्त वित्तीय संस्थाहरूमध्ये १२ लघुवित्त वित्तीय संस्थामा ५ प्रतिशतको सीमाभन्दा बढी १६.९९ प्रतिशतसम्म निष्क्रिय कर्जा देखिएको छ। ऋण सम्झौता र कानुनी प्रावधान अनुसार गुणस्तरीय कर्जा प्रवाह र असुलीमा जोड दिनुपर्दछ।

११ **लगानी हिसाब -** बैङ्कको सहायक तथा सहयोगी कम्पनीमा गरेको लगानी बाहेक नेपाल धितोपत्र बजारमा सूचीकृत भएका तथा नभएका सेयरमा रु.४ अर्ब ८५ करोड २१ लाख र सरकारी ऋणपत्र तथा ट्रेजरी बिलमा रु.१ खर्ब ४३ अर्ब २३ करोड ८६ लाखसमेत रु.१ खर्ब ४८ अर्ब ९ करोड ७ लाखको लगानी रहेको छ। साथै, सहायक कम्पनीमा रु.४० करोड र सम्बद्ध कम्पनीमा रु.८८ करोड ५१ लाख लगानी रहेको छ। बैङ्कको सहायक कम्पनी एक खाद्य कम्पनीमा रु.५० लाख, सम्बद्ध कम्पनीअन्तर्गत समावेश भएको एक सिमेन्ट कम्पनीमा रु.३ करोड ६८ लाख ९२ हजार, एक सुती धागो उद्योगमा रु.२ करोड ५२ लाख १४ हजार र एक रबर उद्योग लिमिटेडमा रु.१ करोड ४९ लाख ८३ हजार लगानी भएकोमा ती कम्पनीहरू लामो समयदेखि सञ्चालनमा नरहेकोले उक्त लगानी जोखिममा रहेको छ। यसरी गत विगत वर्षदेखि सञ्चालनमा नरहेका र उद्योगमा भएको लगानीको सुरक्षाका लागि बैङ्कले आवश्यक रणनीति बनाई कार्यान्वयन गर्नुपर्ने बेहोरा विगतको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत् छ।

१२ **अवकाश सुविधा -** अवकाश सुविधा योजनाअन्तर्गत पेन्सन तथा उपदान कोषमा यो वर्षमा थप गरेको रु.२ अर्ब १० करोडसमेत २०८२ आषाढ मसान्तमा रु.२३ अर्ब १२ करोड दायित्व लेखाङ्कन गरेकोमा उक्त कोषको योजना सम्पत्तिको वर्तमान मूल्य रु.२१ अर्ब २ करोड रहेको छ। बैङ्कको विगत ६ वर्षको औसत तलब र पेन्सन वृद्धि दर ३.४७ र २.३४ प्रतिशत रहेकोमा पेन्सन तथा उपदानको दायित्व निर्धारण गर्नको लागि बिमाङ्कीय मूल्याङ्कन गराउँदा तलब वृद्धि दर ६ प्रतिशत तथा पेन्सन वृद्धि दर ३ प्रतिशतको अनुमान गरेको छ। बैङ्कले पेन्सन तथा उपदान दायित्व निर्धारण गर्न बिमाङ्कीय मूल्याङ्कन गर्न लिएको ब्याज दर, डिस्काउन्ट दर, तलब वृद्धि दर, पेन्सन वृद्धि दर, अवकाश दरलगायतका आधार खुलाएको छैन। बैङ्कको विगतको तथ्याङ्क तथा बजारमा प्रचलित दरसमेतको आधारमा विश्लेषण तथा पुनरावलोकन गरी यथार्थपरक अनुमानबाट बिमाङ्कीय मूल्याङ्कन गरी वास्तविक दायित्व निर्धारण गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४९१ देखि ४९७ मा संलग्न छ।**

# विशालबजार कम्पनी लिमिटेड (२०७६।७७ र २०७७।७८)

नागरिकलाई दैनिक उपभोग्य सामग्री सर्वसुलभ रूपमा उपलब्ध गराउने, घरजग्गा भाडामा दिने समेतका कार्यहरू गर्ने उद्देश्यले साबिक कम्पनी ऐन, २०२१ अनुसार २०२६।६।१४ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नेपाल सरकार अर्थ मन्त्रालयको ९८.७६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, कृषि सामग्री कम्पनी लिमिटेड र साझा सेवा सहकारी संस्था लिमिटेडको ०.४२ प्रतिशत एवं सर्वसाधारणको ०.८२ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७७।७८ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.४ अर्ब ९० करोड ४२ लाख ३८ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१३ करोड २४ लाख १८ हजार खुद नाफा भई यस वर्षसम्मको सञ्चित नाफा रु.८७ करोड ९३ लाख ११ हजार पुगेको छ।

२. **साधारण सभा -** कम्पनी ऐन, २०६३ को दफा ७६(१) मा आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने व्यवस्था रहेकोमा कम्पनीले २०७२।७३ देखि वार्षिक साधारण सभा गरेको छैन। कम्पनी ऐनको दफा ८०(१) अनुसार कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित सेयरधनीको सङ्ख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कम्पनी रजिस्ट्रारको कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। साथै धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम २६(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र तोकिएबमोजिमको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ। कम्पनीले उक्त व्यवस्थाहरू पालना गरेको देखिएन। नियमको परिपालना गर्नुपर्दछ।

३. **लाभांश -** कम्पनी ऐन, २०६३ को दफा १८२ मा ५ वर्षसम्म भुक्तानी दाबी नभएको लाभांश रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कम्पनीले २०४६।४७ देखि २०६५।६६ सम्मको सेयर लाभांश बापतको रु.३० लाख ९१ हजार भुक्तानी दिन बाँकी रहेकोमा लगानीकर्ता संरक्षण कोषमा जम्मा गरेको देखिएन। कानुनबमोजिम उक्त रकम कोषमा जम्मा गर्नुपर्दछ।

४. **सम्भावित दायित्व -** आन्तरिक राजस्व कार्यालयले २०५५।५६ देखि २०६५।६६ सम्मको रु.८ करोड ८२ लाख संशोधित आयकर निर्धारण भई दाखिला गर्न बाँकी रहेको छ। साथै कम्पनीले संशोधित आयकर निर्धारण उपर प्रशासकिय पुनरावलोकनका लागि निवेदन नदिएको अवस्थामा सो को लागि सम्भावित दायित्व व्यवस्था समेत गरेको छैन। निर्धारण भएको कर नियमानुसार दाखिला गर्नुपर्दछ।

५. **कवल भाडा -** भाडा असुली मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट २०७३।८।२६ मा भएको फैसलाबमोजिम दुई व्यक्तिसँग रु.१ करोड ४० लाख असुल गर्नुपर्ने र अर्को एक मुद्दामा भाडा रकम यकिन गरी दाखिला गर्नुपर्ने फैसला भएकोमा कम्पनीले सोको लेखाङ्कन तथा असुल गरेको छैन। सम्झौता तथा फैसलाअनुसारको बहाल रकम असुल हुनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत् छ।

६. **बहाल आम्दानी -** कम्पनीले बोलपत्र आह्वान गरी बहालमा लगाउदा प्रति वर्गफिट अधिकतम रु.५०६.१० सम्मका दरले बहाल सम्झौता गरी असुल गरेको छ। विगतमा बहालमा लगाएका पसलहरूको सम्झौता अवधि सकिएको अवस्थामा प्रतिस्पर्धा बेगर साबिककै व्यवसायीबाट प्रति वर्गफिट रु.३५ देखि रु.११७.१३ को दरमा बहाल उठाएको देखियो। साबिकको सम्झौता अवधि सकिएपछि प्रतिस्पर्धाबेगर बहालमा दिएको र साबिककै दरमा बहाल उठाएको कारण अधिकतम दरअनुसार वार्षिक रु.१३ करोड १६ लाख घटी आय प्राप्त भएको देखिन्छ। प्रतिस्पर्धाबेगर घटी आय प्राप्त हुने गरी बहाल सम्झौता गर्नेलाई जिम्मेवार बनाउनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत् रहेको छ।

७. **लेखापरीक्षण** - कम्पनी ऐन, २०६३ को परिच्छेद ८ मा प्रत्येक कम्पनीले लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कम्पनीले २०७८।७९ देखि ४ वर्षको लेखापरीक्षण गराएको छैन।सम्बन्धित मन्त्रालयबाट तदारुकता देखाई कम्पनीले नियमित रूपमा लेखापरीक्षण गराउनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ४९८ देखि ५०७ मा संलग्न छ।**

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

धितोपत्रलाई विद्युतीय रूपमा परिवर्तन गरी निक्षेप राख्ने, धितोपत्रको केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रभावकारी विद्युतीय सेवा सञ्चालन गर्ने, निक्षेप सेवासँग आबद्ध सदस्यको सञ्जालमार्फत कार्य गर्ने उद्देश्यले नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पूर्ण स्वामित्वमा २०६७।९।७ मा यस कम्पनीको स्थापना भएकोमा हाल कम्पनीको चुक्ता पुँजी रु.३० करोडमध्ये नेपाल सरकारको ४९.०७ प्रतिशत र नेपाल स्टक एक्सचेञ्जको ५०.९३ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२ अर्ब ५० करोड ४४ लाख ६१ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.७५ करोड ४६ लाख ९७ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.१ अर्ब ८४ करोड ९१ लाख ७८ हजार रहेको छ।

२. **कार्यसम्पादन** - कम्पनीले यो वर्ष १६ कम्पनीसँग धितोपत्र अभौतिकीकरणको लागि सम्झौता गरेको, १० कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरेको, ६ लाख २ हजार हितग्राही खाता खोल्ने कार्य गर्नुका साथै रु.१ अर्ब १६ करोड ४१ लाख धितोपत्र अभौतिकीकरण गरेको छ। त्यसैगरी सेयर एप्स प्रयोगकर्ताको सङ्ख्या यो वर्ष ६ लाख ७ हजारले थप भई ५९ लाख ६६ हजार पुगेको छ।

३. **नियमावली संशोधन** - कम्पनीको २०८१।९।२७ को सञ्चालक समितिको निर्णय र २०८१।९।२८ को वार्षिक साधारण सभाको निर्णयले कम्पनीको नियमावलीको नियम २७ संशोधन गर्दा "सेयर संरचना परिवर्तन गर्नुपर्ने भएकाले" (साबिक नेपाल स्टक एक्सचेन्ज लिमिटेडको मात्र रहेकोमा हाल नेपाल सरकारको समेत थप गर्नुपर्ने) सञ्चालक समितिको गठन एवं संरचना परिवर्तन गरिएको थियो। सोही नियमावलीको उपनियम (३)(क) मा नेपाल स्टक एक्सचेन्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अध्यक्ष र उपनियम (३)(ग) मा नेपाल स्टक एक्सचेन्ज लिमिटेडका उच्च तहका एकजना महिला कर्मचारी सञ्चालक रहने व्यवस्था थप गरिएको छ। कम्पनीले नियमावली संशोधन गर्दा तालुक मन्त्रालयको स्वीकृति लिएको छैन।

४. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ४७(क१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेको सेयर धनीहरूले गाभिएको २ वर्षभित्र आफ्नो सेयर निसर्ग गर्दा भएको लाभमा मात्र पुँजीगत लाभकर नलाग्ने व्यवस्था भएकोले अन्यले पुँजीगत लाभकर दाखिला गर्नुपर्दछ। बैङ्क तथा वित्तीय संस्थाहरू गाभिएको अवस्थामा गाभ्ने बैङ्क तथा वित्तीय संस्थाको सेयर खरिद बिक्रीमा भएको लाभको पुँजीगत कर गणना नगर्दा कर छुट भएको रु.१६ करोड १ लाख ८५ हजारसम्बन्धी बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

५. **सफ्टवेयर सञ्चालन -** कम्पनीले अनलाइन सेयर कारोबार गर्ने कार्यका लागि सन् २०११ मा भारतको एक कम्पनीसँग सफ्टवेयर खरिद गरेको थियो। निज कम्पनीले सफ्टवेयर निर्माण तथा सञ्चालन गरेपछि २०१५ देखि वार्षिक मर्मत सम्भारको खर्च भुक्तानी हुँदै आएको छ। कम्पनीले २८ जनवरी २०१९ मा १९ डिसेम्बर २०१८ देखि ३१ मे २०२० सम्मका लागि भारतीय रूपैयाँ १ करोड २ लाख ३२ हजारमा सम्झौता गरेको देखियो। तत्पश्चात् १ जुन २०२१ मा पहिलो वर्षको लागि भारतीय रुपैयाँ ८१ लाख, दोस्रो वर्षको लागि भारतीय रुपैयाँ ८९ लाख तेस्रो वर्षको लागि भारतीय रुपैयाँ ९८ लाख, चौथो वर्षको लागि भारतीय रुपैयाँ १ करोड ८ लाख र पाँचौ वर्षमा ३१ मे २०२६ सम्मको लागि भारतीय रूपैयाँ १ करोड १९ लाख, १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १५ प्रतिशत करकट्टी रकम सिडिएसले नै बेहोर्ने गरी सम्झौता गरेको देखियो। कम्पनीले यस्तो प्रकारको दीर्घकालीन सम्झौता गर्दा लागत न्यूनीकरण हुने र तिर्नुपर्ने कर तथा शुल्क सम्बन्धित पक्षले नै बेहोर्नुपर्ने गरी सम्झौता गर्नुपर्दछ।

६. **बोनस -** बोनस नियमावली, २०३९ को नियम ६(२) मा नेपाल सरकारको स्वामित्वमा नाफा आर्जन गर्ने उद्देश्यले नेपाल सरकारले तोकिदिएको क्षेत्रमा स्थापना भएको एकाधिकार प्राप्त प्रतिष्ठानले आफूले आर्जन गरेको प्रत्येक आर्थिक वर्षको खुद नाफाको १ प्रतिशत बोनस छुट्टयाउनुपर्ने व्यवस्था छ। कम्पनीले यो वर्ष

आयकर अघिको खुद नाफाको ५ प्रतिशत रकम कर्मचारी बोनसमा छुट्याई रु.३ करोड ८५ लाख ८९ हजार बोनस खर्च लेखाङ्कन गरेको देखिएकोले नियमावली विपरित बढी खर्च लेखाङ्कन गरेको रकम असुल गर्नुपर्दछ।

७. **अनुमति र स्वीकृति -** कम्पनीमा नेपाल सरकार (अर्थ मन्त्रालय) को ४९.०७ प्रतिशत र नेपाल स्टक एक्सचेन्ज लिमिटेड ५०.९३ प्रतिशत सेयर स्वामित्व रहेकाले नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अर्थ मन्त्रालय खण्डको बुँदा नं ३६ अनुसार कम्पनीका महत्त्वपूर्ण रणनीतिक र दीर्घकालीन निर्णय लिनुअघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनुपर्नेमा लिएको देखिएन। कम्पनीले नियमावलीको पालना गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५०८ देखि ५१२ मा संलग्न छ।**

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## नेपाल आयल निगम

पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले संवत २०२७ मा निगमको स्थापना भएको हो। निगममा नेपाल सरकारको ९९.४६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ०.२६ प्रतिशत, राष्ट्रिय बिमा कम्पनी लिमिटेडको ०.१५ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.०८ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ०.०५ प्रतिशत सेयर स्वामित्व रहेको छ। निगमअन्तर्गत ७ प्रादेशिक कार्यालय, ३ शाखा कार्यालय, ३ इन्धन डिपो, २ पेट्रोल पम्प, १० हवाई इन्धन डिपो र ३ हवाई इन्धन रिफ्युलिङ स्टेशन रहेका छन्। निगमको कुल भण्डारण क्षमता १ लाख २ हजार २०७ किलोलिटर रहेको छ। निगममा हाल ५५६ स्थायी र २२७ करार समेत ७८३ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** निगमको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.७१ अर्ब ७६ करोड ९ लाख रहेको छ। यो वर्षको कारोबारबाट रु.१३ अर्ब ६४ करोड ३९ लाख खुद नाफा भई हालसम्मको अन्य पुँजी रु.१७ अर्ब ३१ करोड ३५ लाख रहेको छ।

२. **इन्धन खरिद तथा बिक्री** - निगमको यो वर्षको पेट्रोलियम पदार्थ खरिद तथा बिक्रीको स्थिति देहाय अनुसार छः

(रु. लाखमा)

| क्र.स. | पेट्रोलियम पदार्थ | एकाई | खरिद परिमाण | बिक्री परिमाण | बिक्री मूल्य |
|---|---|---|---|---|---|
| १ | पेट्रोल | किलोलिटर | ७,५२,५३० | ७,३५,०६६ | १,००,१९,९६ |
| २ | डिजेल | किलोलिटर | १,४६,९१,८१ | १४,५७,११८ | १,८४,५४,७९ |
| ३ | मट्टीतेल | किलोलिटर | १३,८०३ | १३,५८३ | १,७१,३५ |
| ४ | ए.टी.एफ. | किलोलिटर | २,१०,२४० | २,०८,३०६ | २६,३३,३२ |
| ५ | एल.पी.जी. | मेट्रिकटन | ५,५५,७५४ | ५,५५,११७ | ५३,२८,९२ |

३. **पाइपलाइन** - भारतको मोतिहारी र नेपालको अमलेखगञ्ज जोड्ने पाइपलाइन परियोजनामा नेपाल सरकारको रु.१ अर्ब २० करोड र भारत सरकारको रु.३ अर्ब २० करोडसमेत रु.४ अर्ब ४० करोड लगानी रहेको छ। उक्त परियोजनाको निर्माण सन् २०१९ जुलाई १९ मा सम्पन्न भई सञ्चालनमा आईसकेको छ। निगमले २०७८।७९ मा डिजेलका अतिरिक्त सोही संरचनाबाट पेट्रोल आपूर्ति, भण्डारण संरचना, ल्याब रूम तथा अपरेसन लोडिङ्ग वे को निर्माणका लागि भारतीय आयल कर्पोरेसनलाई रु.१ अर्ब ४७ करोड १९ लाख पेस्की दिएकोमा फर्स्यौंट भएको छैन। परियोजनाको निर्माण कार्य जिम्मा लिने कम्पनी भारतीय आयल कर्पोरेसनबाट परियोजना सम्पन्न प्रतिवेदन प्राप्त भई नसकेकोले, परियोजनाको कुल लागत यकिन हुन नसकेको तथा नेपाल सरकारबाट हस्तान्तरण नभएकाले स्थिर सम्पत्तिमा लेखाङ्कन हुन सकेको छैन। पेस्की फर्स्यौंट, आयोजना हस्तान्तरण र सम्पत्ति लेखाङ्कन हुनुपर्दछ।

४. **कर्मचारी कल्याण कोष** - निगमले साबिकको श्रम ऐन, २०४८ को दफा ४१ बमोजिम २०७३।७४ सम्म कर्मचारी आवास कोषमा रु.३ अर्ब २५ करोड ८४ लाख रकम छुट्याई जिम्मेवारी सार्दै आएको छ। कोषमा रहेको रकमको परिचालन गर्ने सम्बन्धमा उपयुक्त निर्णय गरी रकमको उपयोग हुनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार भएको छैन।

५. **प्राप्य** - निगमले गत विगत वर्षदेखिको प्राप्य रु.९ करोड ९६ लाख रहेकोमा लिनुपर्ने र दिनुपर्ने हिसाबको सम्बन्धित व्यक्ति/निकायहरूसँग समर्थन लिने/दिने गरेको छैन। सो बेहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरेकोमा कार्यान्वयन भएको पाइएन।

६. **जग्गा उपयोग** - निगमले २०७३।७४ मा चितवन, सर्लाही र झापामा खरिद गरेका रु.१ अर्ब ७५ करोड २६ लाख ८८ हजार लागतको ६६ बिघा जग्गा रहेका छन्। सर्लाहीको जग्गामा एल.पी.जी. ग्याँस बोटलिङ्ग प्लान्ट बनाउने, चितवन र झापाको जग्गामा पाइपलाइन विस्तार गर्ने कार्यहरू सुरु भएको छैन। धनकुटास्थित जग्गा र भवन रेडियो नेपालले प्रयोग गरेकोमा बहाल रकम असुल नगरेको, चारआलीस्थित जग्गामा तारबार नभएकाले अतिक्रमणको जोखिम रहेको, जनकपुरस्थित जग्गाको अधिकांश भू-भाग नेपाली सेनाले प्रयोग गरेको, पोखरामा रहेको ७७ रोपनी जग्गामध्ये करिब १८ रोपनी जग्गा स्थानीय बासिन्दाहरूले खेल मैदान तथा बाटोको रूपमा प्रयोग गरिरहेको र लालबन्दी सर्लाहीस्थित १५ बिघा ६ कट्ठा १४ धुर जग्गामा तारबार नहुनाले स्थानीयले सडक निर्माण गरेका छन्। निगमले आफ्नो स्वामित्वमा रहेको जग्गाको संरक्षण र उपयोग गर्नुपर्दछ।

७. **मूल्य स्थिरीकरण कोष** - पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को नियम ३(२ग) मा निगमले पेट्रोलियम पदार्थ तथा ग्याँसको खुद्रा बिक्री मूल्यको १ प्रतिशतले हुने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त नियमावलीको नियम ४ मा कोषमा जम्मा भएको रकम निर्धारित थोक मूल्यभन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ र ग्याँस पैठारी गर्नु परेको अवस्थामा निगमलाई अनुदान दिन, नेपाल सरकारले तोकेको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ तथा ग्याँसमा राहत प्रदान गर्न, पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य वृद्धिको कारणबाट उपभोक्ता वर्गमा पर्न जाने असरलाई कम गरी मूल्य स्थिरता कायम गर्न प्रयोग गरिने उल्लेख छ। निगमको उक्त कोषमा हालसम्म रु.२९ अर्ब ९३ करोड ५२ लाख मौज्दात रहेको छ। कोषमा रहेको रकममध्ये रु.१८ अर्ब ४४ करोड २९ लाख विभिन्न बैङ्क खातामा रहेको छ। बाँकी रु.११ अर्ब ४९ करोड २३ लाखमध्ये रु.१० अर्ब २५ करोड निगमले सापटीको रूपमा प्रयोग गरेको छ भने रु.१ अर्ब २४ करोड २३ लाख निगमले कोषमा जम्मा गर्न बाँकी छ। कोषको हिसाब अद्यावधिक गर्नुपर्दछ।

८. **मौज्दात** - निगमले आफ्नो वित्तीय विवरणमा रु.२ करोड ३० लाख (रु.१ करोड ८५ लाख क्रेडिट मौज्दात र ४५ लाख डेबिट मौज्दात) विभिन्न डिलर्स, ढुवानीकर्ता तथा एयरलाइन्समा गत आर्थिक वर्षदेखि थपघट नगरी सोही रकम जिम्मेवारी सारेको छ। निगमले सो हिसाबको यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **सफ्टवेयर -** निगमले २०७८।७९ देखि लेखा तथा सञ्चालनका लागि नयाँ ई.आर.पी. सफ्टवेयर खरिद गरी लागु गरेको छ। वित्तीय विवरणको तयारी निगमको सूचना प्रविधि प्रणालीद्वारा सिर्जित प्रतिवेदनहरूमा निर्भर रहन्छ। यद्यपि सफ्टवेयर प्रणालीबाट आएको सन्तुलन परीक्षणमा बिक्री तथा बिक्री प्रतिवेदनको बिक्रीमा भिन्नता, बिक्री सारांश प्रतिवेदन र मूल्य अभिवृद्धि कर प्रतिवेदन, मौज्दात लेखापरीक्षण प्रतिवेदनअनुसारको मौज्दात रकम र सन्तुलन परीक्षणअनुसारको रकममा विभिन्न किसिमका आँकडा/ रकम तथा सोही सफ्टवेयरको रिपोर्टिङ्ग पोर्टफोलियोले देखाएको आँकडा तथा रकम फरक परेको देखिन्छ। यसको अतिरिक्त मौज्दातको मोल तथा बिक्री लागतमा असर पर्ने गरी विभिन्न समायोजन प्रविष्टि म्यानुअली गरेको छ। विभिन्न किसिमका रिपोर्टमा भएका फरक-फरक आँकडा र स्टक हस्तान्तरण दरमा भिन्नताका कारण उत्पन्न हुन सक्ने आर्थिक प्रभाव सम्बन्धमा निगमले विश्लेषण गर्नुपर्दछ।

१०. **भारतीय आयल निगमसँगको हिसाब** - निगमको नोभेम्बर २०२४ को भुक्तानी रु.२० अर्ब ९९ करोड २० लाख (भा.रु.१३ अर्ब १२ करोड) तथा भारतीय आयल निगमबाट प्राप्त विवरणअनुसारको बिक्री रु.२० अर्ब ८६ करोड ४० लाख (भा.रु.१३ अर्ब ४ करोड) हुँदा दुई पक्षबिच रु.१२ करोड ८० लाखले हिसाब फरक परेको देखिन्छ।

क्लियरिङ्ग खाताको हिसाब मिलान गरी समायोजन हुन बाँकी रकम गत वर्ष रु.१७ करोड ७९ लाख ४५ हजार रहेकोमा यो वर्ष रु.४ करोड ३४ लाख ३७ हजार रहेको छ। उक्त हिसाबको यथार्थता यकिन गरी मिलान गर्नुपर्दछ।

११. **बैङ्क हिसाब मिलान -** निगमले बैङ्क हिसाब मिलान तयार गरे तापनि बैङ्कमा रहेको मौज्दात तथा निगमको खातामा प्रविष्ट गरेको रु.१५ करोड ५६ लाखको भिन्नता देखिन्छ। जसमा बैङ्कमा आम्दानी जनाएको तर निगमले अभिलेखमा नजनाएको रु.२ करोड ५७ लाख, बैङ्कले खर्च जनाएको तर निगममा अभिलेख नभएको रु.१६ लाख, निगमले खर्च जनाएको तर बैङ्कमा अभिलेख नभएको रु.२६ लाख, अवधि समाप्त (स्टेल) चेक रु.१४ लाख, ३३ कल तथा चालु खातामा देखिएको ऋणात्मक मौज्दात रु.१२ करोड ४३ लाख समावेश छन्। साथै ६४ बैङ्क खातामा लामो समयदेखि कुनै कारोबार नभई निष्कृय रहेका छन्। हिसाबको यथार्थता यकिन गरी मिलान गर्नुपर्दछ।

१२. **बिमा -** निगमले पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य निर्धारण गर्दा बिक्रेताले पाउने कमिसन, ढुवानी भाडा, सङ्कुचन हानिको अलावा ०.०६ प्रतिशतका दरले बिमा खर्चसहित समावेश गरी मूल्य निर्धारण गर्ने गरेको छ। यो वर्ष बिक्रेतालाई मूल्यमा समावेश गरी बिमा खर्च बापत रु.१७ करोड १८ लाख दिएको छ। निगमको डिपोदेखि पम्पसम्मको ढुवानीको बिमा गर्ने दायित्व सम्बन्धित बिक्रेतामा निहित रहेकोमा सोबमोजिम बिमा गरे नगरेको सम्बन्धमा निगमले अनुगमन गरेको छैन। यसको अनुगमन हुनुपर्दछ।

१३. **हिसाब मिलान** - सामान प्राप्त भएको तर बीजक जारी नगरिएको खातामा रु.५ करोड ६४ लाख, खरिद क्लियरिङ्ग खातामा रु.२५ लाख, मौज्दात समायोजन खातामा रु.१ करोड ९ लाख र अन्तर शाखा खातामा रु.१ करोड ९९ लाखसमेत रु.८ करोड ९७ लाखको हिसाब मिलान हुन सकेको छैन। निगमले तेस्रो पक्षबाट समर्थन पत्र लिएर नियमित रूपमा हिसाब मिलान गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५१३ देखि ५१८ मा संलग्न छ।**

# बुटवल धागो कारखाना लिमिटेड

मुलुकलाई कपडामा आत्मनिर्भर बनाउने उद्देश्यले कम्पनी ऐन, २०२१ अनुसार २०३९।१२।३ मा कारखानाको स्थापना भएको हो। यसमा नेपाल सरकारको ५९.७५ प्रतिशत, जनकपुर चुरोट कारखाना र वीरगन्ज चिनी कारखानासमेत ८ संस्थाको ३१.९३ प्रतिशत, निजीक्षेत्रको ८.३२ प्रतिशत सेयर स्वामित्व रहेको छ। कारखानाको २०६४ चैत्रबाट उत्पादन बन्द भएको र २०६६।६।१ देखि सम्पूर्ण कर्मचारी तथा कामदारलाई अनिवार्य अवकाश दिएपश्चात् कारखाना बन्द रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड १३ लाख रहेको छ। यो वर्षको कारोबारबाट रु.३ करोड ५७ लाख ५१ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.२ अर्ब ७ करोड ८२ लाख ५ हजार रहेको छ।

२. **जग्गाको उपयोग -** औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा रहेको ४३२ रोपनी जग्गामध्ये १४३.७ रोपनी जग्गा कारखानाले लिजमा लिई उपयोग गरेकोमा लिज अवधि २०६२।२।१७ मा समाप्त भएको छ। कारखानाको २३ हजार ३२३ वर्ग मिटर जग्गामा निर्माण भएका भवन, २५ हजार ८८ स्पिण्डलको स्पिनिङ्ग प्लान्ट, डाइङ्ग प्लान्ट र गोदाम भवनहरू उपयोगविहिन तथा जीर्ण हुँदै गएको अवस्था छ। सम्पत्तिको संरक्षण र उपयोग हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५१९ देखि ५२२ मा संलग्न छ।**

## बुटवल धागो कारखाना लिमिटेड, (२०८०।८१)

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८०।८१ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड ३७ लाख ४८ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.३ करोड ५७ लाख १७ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.२ अर्ब ३ करोड ९० लाख ३३ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५२३ देखि ५२६ मा संलग्न छ।**

# विराटनगर जुट मिल्स लिमिटेड (२०७८।७९)

राणा प्रधानमन्त्री जुद्ध शमसेरको पालामा नेपालमा आधुनिक उद्योगहरूको सुरुवात गरी देशलाई औद्योगिकीकरणको दिशामा अघि बढाउने उद्देश्यले संवत १९९३ मा विराटनगरमा यस जुट मिल्सको स्थापना भएको हो। मोरङ्ग-सुनसरी औद्योगिक क्षेत्रमा अवस्थित यस उद्योगले नेपालको औद्योगिक विकासमा योगदान पुऱ्याएको थियो। हाल उद्योग सञ्चालनमा छैन।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७८।७९ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड ५८ लाख ६९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.४४ करोड ५८ लाख ५१ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.६ अर्ब ६० करोड ३६ हजार रहेको छ।

२. **व्यापारिक तथा अन्य प्राप्य** - कम्पनीको १३ आसामीको नाममा रहेको व्यापारिक तथा अन्य प्राप्य रकम यो वर्षसम्म रु.७ करोड ९५ लाख ७० हजार रहेको छ। सम्बन्धित पक्षबाट समर्थनपत्र प्राप्त गरी यस्तो रकम असुल गर्नुपर्दछ।

३. **व्यापारिक तथा अन्य दायित्व** - कम्पनीको व्यापारिक तथा अन्य बक्यौताअन्तर्गत पार्ट तथा स्टोर्स सप्लाई रु.२ करोड २५ लाख ८२ हजार, कर्मचारी मजदुर सञ्चयकोष दायित्व रु.१४ करोड १४ लाख ८९ हजार, तलव सुविधाबापत भुक्तानी दिनुपर्ने रु.२ करोड ६८ लाख ५४ हजारसमेत कुल व्यापारिक तथा अन्य बक्यौता रकम रु.२९ करोड २८ लाख ६० हजार रहेको छ। उक्त बक्यौता रकम पुष्टि हुने समर्थनपत्र कम्पनीले पेस नगरेकोले सोको समर्थनपत्र प्राप्त गरी दायित्व रकम यकिन गर्नुपर्दछ।

४. **जिन्सी मौज्दात** - आर्थिक वर्षको अन्त्यमा कम्पनीको वित्तीय विवरणमा उल्लेख रु.३० लाख ९१ हजारको जिन्सीको भौतिक परीक्षण भएको छैन। अतः कम्पनीले भौतिक परीक्षण गरी जिन्सी मौज्दातको यकिन तथा व्यवस्थापन गर्नुपर्दछ।

५. **ऋण तथा सापटी** - कम्पनीको मिल आधुनिकीकरण कर्जाको साँवा तथा ब्याज रु.६ करोड २५ लाख, नेपाल सरकारबाट प्राप्त ऋणको साँवा तथा ब्याज रु.४९ करोड ५३ लाख र नेपाल सरकारबाट प्राप्त ऋणको साँवा ब्याज रु.१ अर्ब ९९ करोड २१ लाखसमेत गैर चालु ऋण तथा सापटी रु.२ अर्ब ५४ करोड ९९ लाख र चालु पुँजी कर्जा साँवा तथा ब्याज रु.३ अर्ब २४ करोड ८२ लाख, ओडी कर्जा साँवा तथा ब्याज रु.१९ करोड ४ लाख र धितोबन्धक कर्जा साँवा तथा ब्याज रु.३८ करोड ४२ लाखसमेत चालु ऋण तथा सापटी रु.३ अर्ब ८२ करोड २८ लाखसमेत कुल ऋण रु.६ अर्ब ३७ करोड २७ लाख रहेकोमा उक्त ऋणको समर्थनपत्र लिएको देखिएन। सम्बन्धित निकायबाट समर्थनपत्र प्राप्त गरी ऋणको साँवा तथा ब्याज यकिन गर्नुपर्दछ।

६. **जग्गा** - कम्पनीको विराटनगर महानगरपालिकामा ६६ बिघा १० कट्ठा १९.२५ धुर र दमकमा ९ कट्ठा ७.२५ धुरसमेत ६७ बिघा ६.५० धुर जग्गा रहेको छ। वित्तीय विवरणमा उक्त जग्गाको रु.१ लाख ५४ हजार किताबी मूल्य उल्लेख गरिएको छ।विराटनगरको जग्गाको गुठीमा तिरो बुझाउनुपर्ने र दमकको जग्गाको २०६९।७० देखि सम्पत्ति कर बुझाउनुपर्नेमा बुझाएको छैन। कम्पनीले घरजग्गा करबापत रु.१ करोड ९ लाख ४ हजार व्यवस्था गरे तापनि भुक्तानी गरेको छैन। तिरो तथा कर समयमै बुझाउनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५२७ देखि ५३० मा संलग्न छ।**

## विराटनगर जुट मिल्स लिमिटेड (२०७७।७८)

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७७।७८ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड ५९ लाख ३७ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.४४ करोड ८० लाख ६३ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.६ अर्ब १५ करोड ४१ लाख ८५ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५३१ देखि ५३४ मा संलग्न छ।**

## विराटनगर जुट मिल्स लिमिटेड (२०७६।७७)

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०७६।७७ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.८ करोड ५५ लाख १५ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.४५ करोड २५ लाख ७३ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी रु.५ अर्ब ७० करोड ६१ लाख २१ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५३५ देखि ५३८ मा संलग्न छ।**

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## अपर तामाकोशी जलविद्युत लिमिटेड (२०८०।८१)

नेपाल विद्युत् प्राधिकरणद्वारा तामाकोशी नदीको बेसिनमा जलविद्युत परियोजनाको विकास र कार्यान्वयनका लागि कम्पनी ऐन, २०६३ अनुसार २०६३।११।२५ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत, नेपाल टेलिकम, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थान,सर्वसाधारण र अन्य संस्थाको ४९ प्रतिशतसेयर रहेको छ।कम्पनीले ४५६ मेगावाट क्षमता भएको अपर तामाकोशी जलविद्युत परियोजनाको पहिलो चरण सम्पन्न गरेको छ। दोस्रो चरणमा, कम्पनीले रोल्वालिङ खोला जलविद्युत परियोजना निर्माण गर्नेयोजना बनाएको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको २०८०।८१ को वित्तीय स्थितिको विवरण अनुसार कुल सम्पत्ति रु.८६ अर्ब ४५ करोड ८९ लाख ५८ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.२ अर्ब ५२ करोड ३३ लाख १८ हजार खुद नोक्सान भई हालसम्मको सञ्चित नोक्सान रु.९ अर्ब ८८ करोड ११ लाख ६४ हजार रहेको छ।

२. **रोयल्टी -** विद्युत ऐन, २०४९ को दफा ११(१) अनुसार इजाजतप्राप्त व्यक्तिले जलविद्युत आयोजना व्यावसायिक सञ्चालन मितिदेखि औसत बिक्री मूल्यको २ प्रतिशत रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था रहेको र विद्युत नियमावली, २०५० को नियम २६ अनुसार रोयल्टी गणना गर्दा कुल उत्पादित विद्युत (किलोवाट-घण्टा) बाट आयोजनाको सञ्चालनका लागि प्रयोग भएको विद्युत घटाएर बाँकी रहेको परिमाणलाई आधार मानिने व्यवस्था छ। नेपाल विद्युत प्राधिकरणले यस लिमिटेडबाट खरिद गरेको विद्युतको भुक्तानी गर्दा प्रत्येक महिना रोयल्टी कट्टी गर्दै आए तापनि २०७९।८० र २०८०।८१ मा रु.१ करोड १० लाख २५ हजार घटी कट्टी गरेको देखिन्छ। नियमानुसार रोयल्टी यकिन गरी राजस्व दाखिला गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५३९ देखि ५४३ मा संलग्न छ।**

## एनइए इन्जिनियरिङ कम्पनी

ऊर्जा र पूर्वाधार क्षेत्रमा इन्जिनियरिङ सेवा प्रदान गर्न कम्पनी ऐन, २०६३ अनुसार २०७३।११।२० मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको १७ प्रतिशत, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको १७ प्रतिशत र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेडको १५ प्रतिशत सेयर रहेको छ। कम्पनीमा स्थायी र करार समेत १३८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.४० करोड ३१ लाख ५२ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.७ करोड ९ लाख ३३ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.१२ करोड ९३ लाख ८२ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५४४ देखि ५४७ मा संलग्न छ।**

# चिलिमे इन्जिनियरिङ एण्ड सर्भिसेज कम्पनी लिमिटेड

जलविद्युत र पूर्वाधार परियोजनाका लागि इन्जिनियरिङ तथा परामर्श सेवा प्रदान गर्ने उद्देश्यले २०७३।६।११ मा कम्पनीको स्थापना गरिएको हो। नेपाल सरकारको ५१ प्रतिशत स्वामित्व रहेको यस कम्पनीले हाल बुढीगण्डकी (४२० मेगावाट), सेती नदी (३८७ मेगावाट), चुमचेत स्यारखोला (६० मेगावाट) तथा चैनपुर सेती जलविद्युत परियोजनामा परामर्श सेवा प्रदान गरिरहेको छ। कम्पनीमा ६७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२२ करोड ९० लाख ६३ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१ करोड ७३ लाख ९० हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.१२ करोड ६८ लाख २० हजार रहेको छ।

२. **बोनस -** बोनस ऐन, २०३० अनुसार कर्मचारी भन्नाले प्रतिष्ठानमा सुपरिवेक्षण, प्रशासकीय, प्राविधिक वा अन्य कुनै काम गरेबापत तलब वा ज्याला लिई काम गर्ने व्यक्ति तथा कामदारहरूलाई जनाउने व्यवस्था छ। कम्पनीले २०८०।८१ मा बोनसबापत रु.२० लाख ९० हजार व्यवस्था गरेकोमध्ये रु.३ लाख ६६ हजार यस कम्पनीको कर्मचारी बाहेक चिलिमे जलविद्युत कम्पनीका ८ कर्मचारीलाई भुक्तानी गरेको देखियो। ऐनले तोकेभन्दा फरक निकायका कर्मचारीलाई भुक्तानी गरेको बोनस रकम असुल गर्नुपर्दछ।

३. **आसामी -** कम्पनीले चैनपुर सेती र मोदी जलविद्युत आयोजनाको २०८०।८१ मा सम्पन्न कार्यको प्रतिशत गणनाको आधारमा आय लेखाङ्कन गरी २०८१।८२ अन्तसम्म रु.५१ लाख २३ हजार प्राप्त हुन बाँकी रहेको वित्तीय विवरणमा उल्लेख गरेकोमा सो रकमको कर बीजक जारी गरेको देखिएन। यस वर्ष ती आसामीसँग कारोबार गरेको नदेखिएकाले कम्पनीले प्राप्त गर्न बाँकी रकम यकिन गरी आम्दानी गर्नुपर्दछ।

४. **सम्पत्तिको उपयोग -** कम्पनीले २०७६।७७ मा खरिद गरेकोमध्ये रु.९५ लाख १३ हजारमा खरिद गरेका २६ प्रकारका पाइप लगायतका सामान उपयोग नगरी मौज्दातमा राखेको छ। खरिद योजना र आवश्यकता मूल्याङ्कन नगरी खरिद कार्य गर्ने गराउने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५४८ देखि ५५० मा संलग्न छ।**

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

जलस्रोतको अधिकतम उपयोग गरी जलविद्युत उत्पादन गर्ने उद्देश्यले स्थापित यस संस्थाको विद्युत उत्पादन क्षमता २२.१ मेगावाट रहेको छ। कम्पनीको चुक्ता पुँजी रु.७ अर्ब ९८ करोड ३९ लाख ९७ हजारमध्ये नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत, प्राधिकरणका कर्मचारीको २५ प्रतिशत, आयोजना प्रभावित स्थानीय जनताको १० प्रतिशत तथा सर्वसाधारण जनताको १४ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.११ अर्ब ९१ करोड ८५ लाख ७० हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.६८ करोड ३३ लाख ५५ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.२ अर्ब ६८ करोड ५१ लाख १५ हजार रहेको छ।

२. **ठेक्का सम्झौता** - कम्पनीले भवन निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७७।१२।१३ मा २४ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी रु.६३ करोड २८ लाखको सम्झौता गरेकोमा उक्त अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेको कारण २०८१।३।१० सम्म सम्झौताको म्याद थप भएको छ। म्याद थप अवधिभित्र काम सम्पन्न हुन नसकेकोले कम्पनीले म्याद थप नगरी निर्माण व्यवसायीलाई काम लगाई सो अवधिपश्चात रु.७ करोड पेस्की भुक्तानी गरेको छ। म्याद थप अवधि पश्चातको निर्माण कार्य र सोको भुक्तानीमा सम्झौताको सर्तअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३. **सहायक कम्पनीमा प्रतिनिधित्व** - कम्पनीले विभिन्न सहायक कम्पनी स्थापना गरी तिनको सञ्चालक समितिमा कम्पनीबाट सञ्चालकहरू पठाएको छ। सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५५१ देखि ५५४ मा संलग्न छ।**

## चिलिमे सेती जलविद्युत कम्पनी लिमिटेड

चिलिमे जलविद्युत कम्पनीको सहायक कम्पनीको रूपमा बझाङ्ग जिल्लास्थित सेती नदीबाट ८७ मेगावाट विद्युत उत्पादन गर्न २०७९।५।२ मा कम्पनीको स्थापना भएको हो। कम्पनीको कुल पुँजी रु.७८ करोड १८ लाख ३५ हजारमध्ये नेपाल विद्युत प्राधिकरणको २५.५८ प्रतिशत र चिलिमे जलविद्युत कम्पनीको ७४.४२ प्रतिशत हिस्सा रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.७७ करोड ४५ लाख १२ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.२९ लाख ४९ हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नोक्सानी रु.७४ लाख ९४ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५५५ देखि ५५७ मा संलग्न छ।**

# चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा कम्पनी ऐन, २०६३ अनुसार २०७९।१०।१९ मा स्थापित यस कम्पनीको उत्पादन क्षमता २१० मेगावाट र लागत रु.४७ अर्ब ५४ करोड ६१ लाख रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.३७ करोड ९६ लाख ७७ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.२ करोड ६८ लाख ९ हजार खुद नोक्सान भई हालसम्मको सञ्चित नोक्सानी रु.३ करोड ८९ लाख ४ हजार रहेको छ।

२. **कार्य प्रगति** - आयोजनाको कुल लागत अनुमान रु.४७ अर्ब ५४ करोड ६१ लाख रहेकोमा लगानीको लागि वित्तीय व्यवस्थाको हालसम्म टुङ्गो नलागेको कारण जलविद्युत उत्पादनको मुख्य निर्माण कार्य सुरु हुन सकेको छैन। सहायक टनेल निर्माणतर्फ एक संयुक्त उपकरणसँग २०७९।९।२५ मा रु.३० करोड ८५ लाखको सम्झौता भएकोमा दोस्रो पटक २०८३।३।१० सम्म म्याद थप भई २०८२ आषाढ मसान्तसम्म २४.६० प्रतिशत खर्च भएको छ। वित्तीय स्रोत व्यवस्थापनको टुङ्गो लगाई आयोजना कार्यान्वयन गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५५८ देखि ५६० मा संलग्न छ।**

## जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड

डोल्पा जिल्लामा जलविद्युत उत्पादन गर्न २०७४।२।१४ मा स्थापित यस कम्पनीको उत्पादन क्षमता १०६ मेगावाट रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ११.८०८ प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको ५५.७८ प्रतिशत, कर्णाली प्रदेश सरकारको १३.९६ प्रतिशत, जलविद्युत लगानी तथा विकास कम्पनीको १८.४२ प्रतिशत, डोल्पास्थित जगदुल्ला गाउँपालिकाको ०.०१६ प्रतिशत र मुड्केचुला गाउँपालिकाको ०.०१६ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.१ अर्ब ७४ करोड ५२ लाख ४२ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.२५ लाख ९१ हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नाफा रु.५६ लाख २० हजार रहेको छ।

२. **अमूर्त सम्पत्ति र अन्य खर्च -** कम्पनीको निर्माणाधीन अमूर्त सम्पत्ति गत वर्ष रु.१ अर्ब ९ करोड ३८ लाख ७८ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब ५२ करोड ७५ लाख ५७ हजार पुगेको छ। यो वर्ष निर्माणधीन अमूर्त सम्पत्ति खरिदमा भएको खर्च भएको रु.४३ करोड ३६ लाख ७९ हजारमध्ये आयोजनाको पूर्वसञ्चालन खर्च रु.१ करोड ४४ लाख १२ हजार, बाटो, पुल, क्याम्प, कार्यालय भवनलगायतका पूर्वाधार विकास खर्च रु.२९ करोड १६ लाख ७२ हजार, आयोजनाको सुपरिवेक्षण तथा व्यवस्थापन खर्च रु.६ करोड ८ लाख २९ हजार, जग्गाको मुआब्जा खर्च रु.१ करोड १६ लाख २० हजार, जगदुल्ला ए आयोजनाको पूर्व सञ्चालन खर्च रु.५८ लाख ८८ हजार, सोही आयोजनाको विस्तृत इन्जिनियरिङ अध्ययन खर्च रु.४ करोड ३७ लाख ७ हजार र परियोजना विकास खर्च रु.५५ लाख ५१ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५६१ देखि ५६३ मा संलग्न छ।**

# त्रिशूली जलविद्युत कम्पनी लिमिटेड

त्रिशूली जलविद्युत कम्पनी माथिल्लो त्रिशूली ३ए जलविद्युत परियोजनाको रन-अफ-रिभर प्रकारको क्यास्केड परियोजना हो। परियोजनाको दुई उत्पादन युनिटको कुल क्षमता ३७ मेगावाट रहेको छ। कम्पनीले ऋण-इक्विटी अनुपात ७०:३० कायम गरी पुँजी व्यवस्थापन गरेको छ। कम्पनीको चुक्ता पुँजी रु.१ अर्ब ७८ करोड ६१ लाखमध्ये नेपाल विद्युत प्राधिकरणको ४१.४१ प्रतिशत, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको ४१.४१ प्रतिशत र सर्वसाधारणको १७.१८ प्रतिशत स्वामित्व रहेको छ। कम्पनीको दरबन्दी सङ्ख्या ९२ रहेकोमा ५६ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.६ अर्ब ८८ करोड ५२ लाख २९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.२ करोड ९१ लाख ४२ हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नोक्सनी रु.२९ करोड ५६ लाख ३० हजार रहेको छ।

२. **कार्य प्रगति** - आयोजना २०७४।७५ मा सुरु भई २०८१।८२ सम्म सम्पन्न हुनुपर्नेमा उक्त अवधिमा ७५.०१ प्रतिशत भौतिक प्रगति हासिल भएको छ। समयमै आयोजनाको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३. **ठेक्का अन्त्य** - सम्झौताअनुसार कार्य हुन नसकेपछि सञ्चालक समितिको २६ नोभेम्बर, २०२३ को निर्णयले रु.८३ करोड ३४ लाख ३६ हजार कार्यसम्पादन जमानत र रु.३५ करोड ६३ लाख ९० हजार पेस्की जमानत जफत गरी १६ डिसेम्बर, २०२३ बाट लागु हुने गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता अन्त्य गरेको छ। उक्त निर्माण व्यवसायीले १९ सेप्टेम्बर, २०२३ देखि काम रोकेको र पटक-पटक अनुरोध गर्दा कार्य गर्न अस्वीकार गरी आफ्नो दायित्व पूरा नगरेको कारण कम्पनीले उक्त सम्झौता रद्ध गरेको छ। उक्त निर्माण व्यवसायीले छोडेको सामानहरू अर्को निर्माण व्यवसायीलाई भाडामा प्रयोग गर्न दिई भाडा बापत रु.१ करोड ६ लाख ५८ हजार भाडा आम्दानी गरेको छ। तर निर्माण व्यवसायीले उक्त आरोप अस्वीकार गर्दै चीनस्थित अदालतमा मुद्दा दायर गरेको छ। सम्झौताअनुसार कार्यसम्पन्न गर्नुपर्दछ।

४. **पुँजीगत परामर्श खर्च** - आयोजनाको लट नं २ इलोक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल कार्यको लागि अमेरिकी डलर १ करोड २३ लाख ६५ हजार ७५७ (प्रति १ डलर बराबर रु.१३३.६२ को दरले रु.१ अर्ब ६५ करोड २३ लाख १२ हजार) र रु.३३ करोड ९७ लाख २६ हजारसमेत रु.१ अर्ब ९९ करोड २० लाख ३८ हजार लागत अनुमान तयार गरी २०८०।११।११ मा बोलपत्र आह्वान गरेको देखियो। उक्त कार्यका लागि पेस भएको बोलपत्रदाताको न्यूनतम कबोल रकम लागत अनुमान भन्दा ३४.९४ प्रतिशतले बढी देखिएकोले ठेक्का प्रक्रिया रद्ध गरी पुनः रु.२ अर्ब ५ करोड २१ लाख ९१ हजारको लागत अनुमान तयार गरेको देखिन्छ। कम्पनीले २०८१।६।९ मा दोश्रोपटक बोलपत्र आह्वान गरेकोमा न्यूनतम कबोल गर्ने बोलपत्रदाताको कबोल रकम लागत अनुमानभन्दा ८.४७ प्रतिशत बढी भएको कारण उक्त बोलपत्र प्रक्रिया पनि २०८१।१०।१५ मा रद्ध गरेको पाइयो। तेस्रो पटक संशोधित लागत अनुमान रु.२ अर्ब ४५ करोड ३९ लाख ७६ हजार कायम गरी २०८१।१०।२८ मा बोलपत्र आह्वान गरेकोमा सबै भन्दा घटी अमेरिकी डलर १ करोड ३९ लाख २६ हजार ८१४ (प्रति अमेरिकी डलर विनिमय दर रु.१३७.५४ हुने रु.१ अर्ब ९१ करोड ५४ लाख ९४ हजार) र नेपाली रु.२८ करोड ९ लाख २ हजारसमेत रु.२ अर्ब १९ करोड ६३ लाख ९६ हजारको प्रस्ताव स्वीकृत गरेको छ। पटक पटक लागत अनुमान संशोधन गर्नपर्ने अवस्था सिर्जना नहुने गरी समयमा कार्यसम्पन्न हुने व्यवस्था मिलाउनुपर्दछ।

५. **स्वतन्त्र सञ्चालक र प्रतिनिधित्व** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम कम्पनीको सञ्चालक समिति गठन गर्दा सञ्चालकको सङ्ख्या ७ भन्दा कम भएमा कम्तीमा एकजना स्वतन्त्र सञ्चालक रहनुपर्ने व्यवस्था छ। कम्पनीमा ६ जना सञ्चालक रहेकोमा स्वतन्त्र सञ्चालक रहेको देखिएन। सहायक कम्पनीको

सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५६४ देखि ५६८ मा संलग्न छ।**

## नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

जलविद्युत उत्पादन गर्ने उद्देश्यले २०७४ मा स्थापित यस कम्पनीको उत्पादन क्षमता ४१० मेगावाट रहेको छ । नेपाल विद्युत प्राधिकरणको ७५ प्रतिशत र सर्वसाधारण नागरिक, आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा अति विपन्न परिवारको २५ प्रतिशत सेयर स्वामित्व रहने व्यवस्था छ। हाल १ लाख कित्ता चुक्ता पुँजी कायम रहेकोमा विद्युत उत्पादन कम्पनीको मात्र स्वामित्व रहेको र नेपाल सरकारवाट अग्रिम सेयर बापत रु.५ अर्ब ६८ करोड ६६ लाख प्राप्त भएको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५ अर्ब ६६ करोड ११ लाख ३९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१० करोड ८५ लाख ९१ हजार खुद नाफा भई हालसम्मको सञ्चित नोक्सानी रु.९ करोड ३१ लाख २५ हजार रहेको छ।

२. **प्रोत्साहन भत्ता** - समग्र कार्यसम्पादनलाई आधार लिई प्रोत्साहन भत्ताको सूचक निर्धारण गर्नुपर्नेमा हाजिरी, अतिरिक्त कार्य घण्टा, पोशाक र औसत काम गर्ने अनुपातलाई सञ्चालक समितिले प्रोत्साहन सूचक निर्धारण गरेको छ। पुँजीगततर्फ ९.४७ प्रतिशत मात्र प्रगति गरेको अवस्थामा कम्पनीले तहगत आधारमा कार्यसम्पादन भत्ता २५० प्रतिशतसम्म, फिल्ड भत्ता ३० प्रतिशत र इन्धन भत्ता रु.३५ हजारसम्म वितरण गरी यो वर्ष रु.७८ लाख ४८ हजार प्रोत्साहन भत्ता वितरण गरेको छ। प्रोत्साहन भत्ता वितरण गर्दा समग्र कार्य सम्पादनलाई आधार लिनुपर्दछ।

३. **म्याद थप** - जलविद्युत केन्द्रसम्मको पहुँच मार्ग निर्माणको लागत अनुमान रु.४४ करोड ९ लाख रहेकोमा २०७३।७।२ मा सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७२।३।३ मा रु.२४ करोड ७३ लाखको सम्झौता गरी सातौं पटकसम्म म्याद थप भई सम्झौता अवधि २०८२।६।१३ सम्म कायम गरेकोमा सो पश्चात् म्याद थप तथा कार्यसम्पन्न भएको देखिएन। ठेक्का सम्झौताको सर्तअनुसार आयोजनाको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५६९ देखि ५७० मा संलग्न छ।**

# नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेड

स्वदेशी तथा विदेशी उत्पादक एवं आपूर्तिकर्ताहरूबाट उत्पादन तथा बिक्री हुने विद्युत खरिद तथा बिक्री गर्ने गराउने उद्देश्यले २०७३ सालमा यस कम्पनीको स्थापना भएको हो। कम्पनीको अधिकृत पुँजी रु.१ अर्ब र चुक्ता पुँजी रु.१ करोड ५० लाख रहेको छ। उक्त चुक्ता पुँजीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको १७ प्रतिशत, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको १७ प्रतिशत र जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको १५ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.१ करोड ३५ लाख ३३ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.४ लाख १० हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नोक्सानी रु.१८ लाख ८८ हजार रहेको छ।

२. **स्वतन्त्र सञ्चालक र प्रतिनिधित्व** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम कम्पनीको सञ्चालक समिति गठन गर्दा सञ्चालकको सङ्ख्या ७ भन्दा कम भएमा कम्तीमा एकजना स्वतन्त्र सञ्चालक रहनुपर्ने व्यवस्था छ। कम्पनीमा हाल ५ जना सञ्चालक रहेकोमा स्वतन्त्र सञ्चालक रहेको देखिएन। सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५७१ देखि ५७३ मा संलग्न छ।**

## पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड

कम्पनी ऐन, २०६३ अन्तर्गत नेपाल र भारतबिच सीमापार प्रसारण लाइनसँग सम्बन्धित पूर्वाधार निर्माण, मर्मत सञ्चालन र व्यवस्थापन गर्ने उद्देश्यले नेपाल विद्युत प्राधिकरणको ५० प्रतिशत, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड (एच.आई.डि.सी.एल.) को १४ प्रतिशत, पावर ग्रीड कर्पोरेसन अफ इन्डिया लिमिटेडको २६ प्रतिशत, भारतीय आई.एल. एण्ड एफ.एस. इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको १० प्रतिशत सेयर स्वामित्व रहने गरी संयुक्त उद्यमको रूपमा २०६४।५।३० मा यस कम्पनीको स्थापना भएको हो।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.१ अर्ब ६९ करोड १५ लाख ४९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.११ करोड ५१ लाख ५७ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको अन्य ईक्विटी रु.४५ करोड ३३ लाख रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५७४ देखि ५७७ मा संलग्न छ।**

# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेडको सहायक कम्पनीको रूपमा १११ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ अन्तर्गत २०६८ मा यस कम्पनीको स्थापना भएको हो । कम्पनीमा नेपाल विद्युत प्राधिकरणको १८ प्रतिशत, चिलिमे हाइड्रोपावरको ३२.७९ प्रतिशत, रसुवा जिल्लाका स्थानीय तहको ०.२१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२३ अर्ब ७३ करोड २० लाख ७७ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.४२ करोड ९५ लाख ४० हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नोक्सानी रु.८१ करोड ११ लाख ६७ हजार रहेको छ।

२. **परियोजना सञ्चालन -** कम्पनीले २०७५।१।१ बाट व्यावसायिक उत्पादन गर्ने गरी विद्युत खरिद सम्झौता गरेकोमा आठौँ पटक संशोधन गरी २०८१।९।१६ सम्म व्यावसायिक उत्पादन गर्ने अवधि कायम गरे अनुसार व्यावसायिक उत्पादन सुरु गरेको देखिन्छ।

पावरहाउस निर्माणका लागि २०७०।९।२१ र २०७१।४।१५ मा क्रमशः दुई निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार क्रमशः २०७४।३।१९ र २०७४।४।१५ मा रु.२ अर्ब ९६ करोड १ लाख र रु.२७ करोड ५१ लाखमा निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटकको म्याद थपबाट लागत वृद्धि भई क्रमशः रु.३ अर्ब १९ करोड ४२ लाख र रु.६९ करोड २८ लाखमा निर्माण कार्य सम्पन्न भएको देखिन्छ।

३. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८९(३) अनुसार बासिन्दा व्यक्तिले गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कम्पनीले लट नम्बर २ को निर्माण कार्यका लागि एक संयुक्त उपक्रमसँगको सम्झौता अनुसार विदेशी मुद्राको अंश भुक्तानी गर्दा सम्बन्धित निर्माण व्यवसायीको नेपालस्थित बैङ्क खातामा नगरी वैदेशिक निकायको विदेशस्थित बैङ्क खातामा अमेरिकी डलर १ करोड ८६ लाख २६ हजार भुक्तानी गरेकोमा सोको ५ प्रतिशतले हुने अग्रिम कर अमेरिकी डलर ९ लाख ३१ हजार कट्टा गर्नुपर्नेमा अमेरिकी डलर २ लाख ५९ हजार मात्र कट्टा गरेको देखिएकोले छुट कर अमेरिकी डलर ६ लाख ७२ हजारको विनिमय दर रु.१३७।८० ले हुने रु.९ करोड २६ लाख सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५७८ देखि ५८१ मा संलग्न छ।**

# रेमिट हाइड्रो लिमिटेड

ताप्लेजुङ्ग जिल्लास्थित घुन्सा खोलाबाट ७७.५ मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ अन्तर्गत २०७१।८।२८ मा स्थापित यस कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ४१.१८ प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको २९.४१ प्रतिशत र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको २९.४१ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.९७ करोड ८६ लाख ३८ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१ करोड १८ लाख ७ हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नोक्सानी रु.६ करोड ३ लाख ४४ हजार रहेको छ।

२. **कम्पनीको समग्र प्रगति-** कम्पनीले २०७९।४।१८ मा २११४।४।७ सम्म बहाल रहने गरी जलविद्युत उत्पादन गर्ने अनुमति प्राप्त गरेको छ। विस्तृत परियोजना प्रतिवेदनअनुसार सन् २०२७ मार्चसम्म आयोजना सम्पन्न हुनुपर्नेमा हालसम्म रूख कटानको अनुमति प्राप्त भईसकेको छैन। कम्पनीको पुँजीगत कार्य प्रगतिमा यस वर्ष रु.२० करोड ६० लाख ९९ हजार खर्च भएको छ। आवश्यक कानुनी प्रक्रिया पुरा गरी समयमै आयोजनाको कार्य सम्पन्न निर्माण गर्नुपर्दछ।

३. **प्रतिनिधित्व** - सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५८२ देखि ५८४ मा संलग्न छ।**

# विद्युत उत्पादन कम्पनी लिमिटेड

सार्वजनिक निजी साझेदारी मोडेलको माध्यमबाट जलविद्युत परियोजनाको विकास, निर्माण, स्वामित्व र सञ्चालन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ अन्तर्गत २०७३।८।५ मा यो कम्पनी स्थापना भएको हो। कम्पनीमा करारमा ३९ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५ अर्ब २ करोड ९८ लाख ६३ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.६ करोड ४८ लाख ४० हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नाफा रु.३९ करोड १४ लाख ७१ हजार रहेको छ।

२. **सेयर संरचना -** कम्पनी ऐन, २०६३ को दफा ५३ अनुसार सेयरबापतको रकम बुझाउन कम्पनीले प्रत्येक सेयरधनीलाई कम्तीमा ३० दिनको समय सीमा निर्दिष्ट गरी लिखित सूचना पठाउनुपर्ने व्यवस्था छ। यस्तै, सार्वजनिक कम्पनीले यस्ता सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा २ पटक प्रकाशित गर्नुपर्ने र सेयरधनीले सूचनामा उल्लिखित अवधिभित्र सेयर बक्यौता रकम नबुझाएमा थप ३ महिनाको समय सीमा दिई पुनः सूचना पठाउनुपर्ने र सो अवधिमा ब्याजसहित रकम नबुझाए सेयर जफत गर्नुपर्ने व्यवस्था छ। कम्पनीमा अर्थ मन्त्रालयलगायत देहायका ९ निकायको रु.४ अर्ब २८ करोड ९८ लाख सेयर स्वामित्व रहेको छ। जसमध्ये ६ निकायको चुक्ता गर्न बाँकी सेयरबापतको रु.२ अर्ब ८१ करोड २ लाख रहेको छ।

(रु.हजारमा)

| सेयरधनीहरू | कबुल गरेको रकम | चुक्ता गरेको रकम | चुक्ता गर्न बाँकी रकम |
|---|---|---|---|
| उर्जा जलश्रोत तथा सिँचाइ मन्त्रालय | २,००,००,०० | २,००,००,०० | ० |
| अर्थ मन्त्रालय | ५०,००,०० | ५०,००,०० | ० |
| कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय | ५०,००,०० | ५०,००,०० | ० |
| नेपाल विद्युत प्राधिकरण | १,००,००,०० | ३३,००,०० | ६७,००,०० |
| कर्मचारी सञ्चय कोष | १,००,००,०० | ३३,००,०० | ६७,००,०० |
| नागरिक लगानी कोष | ५०,००,०० | १६,५०,०० | ३३,५०,०० |
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | १,००,००,०० | १३,००,०० | ८७,००,०० |
| जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड | ४०,००,०० | २६,८८,०० | १३,१२,०० |
| राष्ट्रिय बिमा संस्थान | २०,००,०० | ६,६०,०० | १३,४०,०० |
| **जम्मा** | **७,१०,००,००** | **४,२८,९८,००** | **२,८१,०२,००** |

कम्पनीले ऐनअनुसार सेयर पुँजी कायम गर्नुपर्दछ।

३. **लगानी र प्रतिफल -** नेपाल सरकार, विद्युत प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल दूरसञ्चार कम्पनी, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड र राष्ट्रिय बिमा संस्थानलगायतका निकायको रु.४ अर्ब २८ करोड ९८ लाख लगानी रहेको यो कम्पनीले स्थापना भएको १० वर्षसम्म कुनै परियोजना सञ्चालन नगरेको तथा परियोजनाको वित्तीय प्रबन्ध समेत गरेको देखिएन। कम्पनीले आफ्नो वार्षिक कार्यक्रम बमोजिम परियोजना कार्य अगाडि नबढाई मुद्दती निक्षेपमा रकम राखी आम्दानी ब्याजमा केन्द्रित भएको देखिएकाले यसमा सुधार गर्नुपर्दछ।

४. **सम्भाव्यता अध्ययन** - संस्थाले २०८०।३।१३ मा एक परामर्शदातासे तयार गरेको सम्भाव्यता प्रतिवेदन विद्युत विकास विभागमा पेस गरी सो परियोजना प्राविधिक,आर्थिक र वातावरणीयरूपमा सम्भाव्य र फाइदाजनक रहेको उल्लेख गरी अन्तिम प्रतिवेदन पेस गरेकोमा यो वर्ष सोही पारियोजनाको सम्भाव्यता अध्ययनका लागि थप रु.११ करोड ४५ लाख ६७ हजार खर्च गरेको देखियो। यसरी नियामक निकायमा परियोजना कार्यान्वयन गर्न उपयुक्त रहेको सम्भाव्यता प्रतिवेदन पेश गरेको २ वर्ष व्यतीत हुँदासमेत सम्भाव्यता अध्ययनको लागि खर्च गर्नु उपयुक्त देखिएन।

५. **सेयर प्रमाणपत्र -** कम्पनी ऐन, २०६३ को दफा ३३ अनुसार प्रत्येक सेयरधनीलाई बाँडफाँट भएको सेयरको सेयर प्रमाणपत्र २ महिनाभित्र जारी गर्नुपर्ने व्यवस्था छ। कम्पनीले यो वर्षको अन्त्यसम्म बेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेडमा रु.२ करोड ५० लाख र नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेडमा रु.२५ लाख ५० हजारसमेत रु.२ करोड ७५ लाख ५० हजार लगानी गरेकोमा सेयर प्रमाणपत्र प्राप्त नगरेको बेहोरा विगत वर्षमा समेत औल्याइएकोमा सुधार भएको छैन।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५८५ देखि ५८८ मा संलग्न छ।**

## सल्लेरी च्याल्सा विद्युत कम्पनी लिमिटेड

स्वीस विकास एजेन्सीको सहयोगमा २०४४ सालमा सोलुखुम्बुमा स्थापित ६०० किलोवाट उत्पादन क्षमताको यस कम्पनीको साधारण सेयर रु.१ करोड र अग्राधिकार सेयर रु.५ करोड १४ लाख १२ हजारमा नेपाल विद्युत प्राधिकरणको साधारण सेयर ३३ प्रतिशत र अग्राधिकार सेयर ५० प्रतिशत, सोलु दुधकुण्ड नगरपालिकाको साधारण सेयर ३३ प्रतिशत र अग्राधिकार सेयर ५० प्रतिशत एवं स्थानीय जनताको साधारण सेयर ३४ प्रतिशत रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.३४ करोड ६३ लाख ६७ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१ करोड ९३ लाख ९१ हजार खुद नाफा भई हालसम्मको सञ्चित नाफा रु.१९ करोड ४ लाख ९८ हजार रहेको छ।

२. **स्वतन्त्र सञ्चालक र प्रतिनिधित्व** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम कम्पनीको सञ्चालक समिति गठन गर्दा सञ्चालकको सङ्ख्या ७ जनाभन्दा बढी भएकोमा २ जना स्वतन्त्र सञ्चालक रहनुपर्ने व्यवस्था छ। कम्पनीमा हाल ९ जना सञ्चालक रहेकोमा स्वतन्त्र सञ्चालक रहेको देखिएन। कम्पनी नेपाल विद्युत प्रधिकरणको सहायक कम्पनीको रूपमा रहेको हुँदा सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५८९ देखि ५९१ मा संलग्न छ।**

# सान्जेन जलविद्युत कम्पनी लिमिटेड

चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सहायक कम्पनीको रूपमा सन् २०१० मा कम्पनी ऐन, २०६३ अनुसार यो कम्पनी स्थापना भएको हो। कम्पनीले १४.८ मेगावाटको सान्जेन (अपर) जलविद्युत परियोजना र ४२.५ मेगावाटको सान्जेन जलविद्युत परियोजनालाई क्रमिक रूपमा विकास गर्ने लक्ष्य लिएको छ। कम्पनीको अधिकृत पुँजी रु.३ अर्ब ७५ करोड रहेकोमा चिलिमे जलविद्युत कम्पनी लिमिटेडको ३९.३६ प्रतिशत, नेपाल विद्युत प्राधिकरणको १०.३६ प्रतिशत, जिल्ला समन्वय समिति रसुवाको ०.६२ प्रतिशत र रसुवाका ५ गाउँपालिकाको ०.६६ प्रतिशत रहेको छ। त्यसैगरी, साधारण सेयरमध्ये सञ्चयकोषका सञ्चयकर्ताको १९.५ प्रतिशत, परियोजना प्रभावित स्थानीयको १० प्रतिशत, संस्थापक र स्थानीय निकायका कर्मचारीको ३.५ प्रतिशत र कर्मचारी सञ्चय कोषका कर्मचारीको १ प्रतिशत तथा सर्वसाधारणको १५ प्रतिशत सेयर रहेको छ। कम्पनीको केन्द्रीय कार्यालय र परियोजनास्थल समेत ३ कार्यालयमा ११८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.१३ अर्ब २५ करोड ३२ लाख ९६ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.२७ करोड ८९ लाख ३९ हजार खुद नोक्सानी हुन गई हालसम्मको सञ्चित नोक्सानी (जगेडा तथा बचत) रु.६७ करोड ४७ लाख ८७ हजार रहेको छ।

२. **आयोजनाको प्रगति -** आयोजनाअन्तर्गत १४.८ मेगावाटको सान्जेन (माथिल्लो) जलविद्युत आयोजना र ४२.५ मेगावाट सान्जेन जलविद्युत आयोजना २०६९।७० देखि सुरु गरी २०७२।७३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा सान्जेन (माथिल्लो) जलविद्युत परियोजनाले आयोजना सम्पन्न गरी २०८०।६।२१ मा नेपाल विद्युत प्राधिकरणबाट उत्पादन स्वीकृत गरेको र कम्पनीको सान्जेन जलविद्युत परियोजनाले आयोजना सम्पन्न गरी २०८१।९।१ मा उत्पादन स्वीकृत गरेको देखियो। सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाले यो वर्ष रु.३० करोड १३ लाख १ हजारको विद्युत बिक्रीबाट आम्दानी प्राप्त गरेको र सान्जेन जलविद्युत परियोजनाले विद्युत बिक्रीबाट यो वर्ष रु.५७ करोड ७१ लाख ५४ हजार आम्दानी गरेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५९२ देखि ५९५ मा संलग्न छ।**

# सिम्बुवा रेमिट हाइड्रो लिमिटेड

ताप्लेजुङ्ग जिल्लामा अवस्थित सिम्बुवा खोलाबाट ७०.३ मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले २०७६।१२।५ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीको प्रबन्धपत्रअनुसार अधिकृत पुँजी रु.४ अर्ब २० करोड र जारी पुँजी रु.२ अर्ब १४ करोड २० लाख रहेकोमा संस्थापक सेयरधनीहरू (नेपाल विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनी लिमिटेड र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एवं डेभलपमेन्ट कम्पनी लिमिटेड)लाई ५१ प्रतिशत, वैदेशिक रोजगारीमा गएका सर्वसाधारणलाई २९ प्रतिशत, सर्वसाधारण जनतालाई १० प्रतिशत र आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई १० प्रतिशत सेयर बाँडफाँट गर्ने व्यवस्था छ। हाल कम्पनीको चुक्ता पुँजी रु.६४ करोड रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.६२ करोड ४१ लाख ४२ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१ करोड १२ लाख ३१ हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित जगेडा तथा बचत रु.५ करोड १७ लाख २६ हजार ऋणात्मक रहेको छ।

२. **प्रतिनिधित्व** - सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५९६ देखि ५९८ मा संलग्न छ।**

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड

कम्पनी ऐन, २०६३ अनुसार सञ्चालित यस कम्पनीले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७६ बमोजिम ऋण लगानी गर्न स्वीकृति प्राप्त गरेको देखिन्छ। कम्पनीमा नेपाल सरकारको ५०.८ प्रतिशत, कर्मचारी सञ्चय कोषको ५.०८ प्रतिशत, नागरिक लगानी कोषको ५.०८ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ५.०८, अन्य संस्थागत लगानीकर्ताको १३.६६ प्रतिशत र सर्वसाधारणको २०.३२ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२८ अर्ब ५३ करोड ३८ लाख १९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.९३ करोड ४३ लाख ३२ हजार खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.६५ करोड ४८ लाख ६९ हजार रहेको छ।

२. **परियोजना अनुगमन -** हाइड्रोपावर अनुगमन निर्देशिका, २०७९ मा तोकिएको ढाँचामा हाइड्रोपावरको अनुगमन गर्नुपर्ने व्यवस्था छ।कम्पनीको सेती नदी जलविद्युत आयोजना (२५ मेगावाट), मिडल मेवा जलविद्युत आयोजना (७३.५ मेगावाट), शिवा खोला जलविद्युत आयोजना (९.३ मेगावाट), म्याग्दी खोला जलविद्युत आयोजना (५७.३ मेगावाट) र जगदुल्ला पीआरओआर आयोजना (१०६ मेगावाट) को निर्देशिकामा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरेको देखिएन। परियोजनाको अनुगमन सम्बन्धी विवरणमा परियोजना स्थान, प्रवर्धकको नाम, प्राविधिक र वित्तीय विवरण, प्रतिनिधिको नाम लगायतका सामान्य विषयमात्र समावेश गरेको देखिन्छ। निर्देशिकाले उल्लेख गरे अनुसार अनुगमन हुनुपर्ने बेहोरा विगतमा समेत औंल्याएकोमा सुधार भएको देखिएन।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ५९९ देखि ६०१ मा संलग्न छ।**

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## दोलखा दुग्ध उद्योग लिमिटेड

व्यावसायिक दुध उत्पादन र बिक्री वितरणको माध्यमबाट दोलखा जिल्लाका कृषकको सामाजिक अवस्थामा सुधार ल्याई गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम २०५६।२।३० मा यस कम्पनीको स्थापना भएको हो। उद्योगको चुक्ता पुँजी रु.२ करोड १५ लाख ५० हजारमध्ये जिल्ला समन्वय समिति र ९ पालिकाको ११.७७ प्रतिशत, दुग्ध विकास संस्थानको ५९.१७ प्रतिशत विभिन्न सहकारी र व्यक्तिको २९.०६ प्रतिशत सेयर रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** उद्योगको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५ करोड ६६ लाख २७ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.८ लाख ८६ हजार खुद नाफा भई हालसम्मको सञ्चित नोक्सानी रु.४१ लाख १ हजार रहेको छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६०२ देखि ६०५ मा संलग्न छ।**

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## साझा भण्डार सहकारी संस्था लिमिटेड

सदस्यहरूबिच आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले २०२१ सालमा यस संस्थाको स्थापना भएको हो। मूलतः सामूहिक बचत र ऋण प्रणालीमा आधारित रहेको संस्थाले सदस्यहरूलाई सस्तो ब्याजदरमा ऋण प्रदान गरी बचत गर्न प्रोत्साहन गर्दछ। यस संस्थामा राष्ट्रिय सहकारी विकास बोर्डको ५७.५७ प्रतिशत र अन्य निकाय तथा सर्वसाधारणको ४२.४३ प्रतिशत सेयर लगानी रहेको छ।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.२ करोड ८० लाख ८९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.१५ लाख ५ हजार कर अघिको खुद नाफा भई हालसम्मको सञ्चित नोक्सानी रु.९३ लाख २ हजार रहेको छ।

२. **कानुनको पालना -** सहकारी ऐन, २०७४ को दफा ३९ मा प्रत्येक वर्ष साधारण सभा गर्नुपर्ने व्यवस्था छ। संस्थाले २०७६ देखि वार्षिक साधारण सभा गरेको छैन। सोही ऐनको दफा ७३ अनुसार संस्थाले आफ्नो नीति तथा कार्यक्रम, सेयर सदस्य र पुँजीलगायतका विषय खुलाई रजिष्ट्रारको कार्यालयमा वार्षिक प्रतिवेदन पेस गरेको छैन। कानुनमा उल्लिखित व्यवस्थाको परिपालना हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६०६ देखि ६०९ मा संलग्न छ।**

## साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

जनसाधारणको स्वास्थ्य प्रति सचेत रहि औषधी क्षेत्रमा सहज, सरल, सुपथ र सुलभ रूपमा सेवा पुऱ्याउने उद्देश्यले २०२१।३।३ मा स्थापित यस संस्थाले सरकारी अस्पताल परिसरभित्र २७ बिक्री कक्षबाट विशिष्ट एवं अत्यावश्यक औषधी र स्वास्थ्य सामग्री बिक्री गर्दै आइरहेको छ। संस्थामा सहकारी विकास बोर्डको ५४.४८ प्रतिशत र विभिन्न सङ्घ संस्था तथा सर्वसाधारणको ४५.५२ प्रतिशत सेयर स्वामित्व रहेको छ। संस्थामा स्थायी र करारसमेत ११८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५६ करोड ४ लाख ८९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.२ करोड ११ लाख ८ हजार खुद नाफा भई हालसम्मको सञ्चित नोक्सानी रु.१२ करोड ४१ लाख ३६ हजार रहेको छ।

२. **आसामी -** संस्थाको २०८०।८१ को अन्त्यसम्म आसामी रु.१३ करोड ९७ लाख ९ हजार रहेकोमा यो वर्ष रु.७ लाख ३६ हजार घट्न गई रु.१३ करोड ८९ लाख ७३ हजार रहेको छ। अधिकांश आसामीको विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको छ। संस्थाले उठाउन बाँकी आसामी रकम असुल उपर गर्नुपर्दछ।

३. **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु.२५ लाखसम्मको औषधी सोझै, नियम ८४(१क) बमोजिम ५० लाखसम्मको खरिद सिलबन्दी दरभाउपत्रबाट र रु.५० लाखभन्दा बढीको औषधी खरिद गर्नुपरेमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। संस्थाले गत वर्ष रु.५२ करोड १६ लाख ९९ हजार र यो वर्ष रु.५७ करोड ४ लाख ५६ हजारको औषधी सोझै खरिद गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमको व्यवस्था बमोजिम प्रतिस्पर्धी तवरबाट औषधी खरिद गर्नुपर्दछ।

४. **बैङ्क हिसाब मिलान -** संस्थाको बैङ्क मौज्दात रु.३ करोड ६५ लाख ६० हजार मध्ये ११ बैङ्क खाताको रु.३ करोड २३ लाखको बैङ्क समर्थन प्राप्त गरेतापनि बाँकी १०१ बैङ्क खाताको रु.४२ लाख ६० हजारको बैङ्क समर्थन प्रत्र तथा बैङ्क विवरण प्राप्त गरेको छैन। बैङ्क मौज्दात यकिन गर्नुपर्दछ।

५. **शाखा हिसाब -** संस्थाको २०७७।७८ भन्दा अघिदेखि अन्तरशाखा लिनुपर्ने (डेबिट) रु.४ अर्ब ७ करोड ५० लाख ९९ हजार र दिनुपर्ने (क्रेडिट) रु.४ अर्ब १२ करोड ३७ लाख २३ हजार रहेकोले खुद अन्तरशाखा हिसाब रु.४ करोड ८६ लाख २४ हजार दिनुपर्ने रकम वित्तीय विवरणमा उल्लेख गरेको छ। उक्त फरक रकमको हिसाब मिलान गर्नुपर्दछ।

६. **घर बहाल -** वित्तीय विवरणमा लिन बाँकी घरभाडा रु.३ करोड ४५ लाख ७५ हजार उल्लेख गरेको देखिन्छ। सो मध्ये गत विगत वर्ष सम्मको उठ्न बाँकी रु.२ करोड ८८ लाख १० हजार मध्ये यो वर्ष रु.७५ लाख ७७ हजार असुल भएको छ। सम्झौताअनुसार बाँकी भाडा रकम असुल गर्नुपर्दछ।

७. **पेस्की -** संस्थाको कर्मचारी तथा आर्थिक प्रशासन नियमावली, २०५४ को नियम ४१ बमोजिम पछि हिसाब फर्स्यौंट गर्ने गरी पेस्की उपलब्ध गराउने र नियम ४२ मा भ्रमणबाट फर्किएको ७ दिनभित्र बिल भरपाई पेस गरी फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। संस्थाको गत वर्षसम्मको कर्मचारी पेस्की रु.३८ लाख ७३ हजार रहेकोमा यो वर्ष रु.१३ लाख ९६ हजार फर्स्यौंट भई रु.२४ लाख ७७ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। संस्थामा हाल कार्यरत नभएका कर्मचारीको समेत पेस्की रकम फर्स्यौंट नभई हरेक वर्ष जिम्मेवारी सर्दै आएको छ। नियमानुसार उक्त पेस्की फर्स्यौंट गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६१० देखि ६१३ मा संलग्न छ।**

# वन तथा वातावरण मन्त्रालय

## जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

स्वदेशी जडीबुटी सङ्कलन, उत्पादन, प्रशोधन, उपयोग र निर्यात गर्ने तथा उत्पादक, कृषकको आयस्रोत बढाउने उद्देश्यले कम्पनी ऐन, २०२१ अन्तर्गत २०३८ सालमा यस कम्पनी स्थापना भएको हो। कम्पनीमा नेपाल सरकारको ८०.७३ प्रतिशत, वन पैदावार विकास समिति र नेपाल औषधि लिमिटेडको ६.७५ प्रतिशत, कृषि विकास बैङ्कको २.८९ प्रतिशत र सर्वसाधारणको ९.६३ प्रतिशत सेयर स्वामित्व रहेको छ। हालसम्म सर्वसाधारणमा सेयर जारी गरेको छैन।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.५५ करोड ३ लाख ६९ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.६ करोड ६३ लाख १७ हजार नोक्सानी भई हालसम्मको सञ्चित नाफा रु.१५ करोड ७८ लाख १ हजार रहेको छ।

२. **ऋण दायित्व -** अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र कम्पनीबिच भएको ऋण सम्झौतामा कम्पनीले आफ्नो आयबाट ऋणको साँवा ब्याज वार्षिक किस्तामा तिर्दै जानुपर्ने उल्लेख छ। कम्पनीले एसियाली विकास बैङ्क र नेपाल सरकारबाट प्राप्त ऋण रु.२४ करोड ९३ लाखको तिर्नुपर्ने ब्याज रु.११ करोड ९८ लाख पुगेको छ। प्रत्येक वर्ष ब्याजको व्यवस्था गरेकोमा भुक्तानी गरेको छैन। ऋण सम्झौताअनुसार ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्दछ।

३. **ट्रेडमार्क -** कम्पनीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न जडीबुटी उत्पादन गर्ने सुत्र तथा बौद्धिक ज्ञान सम्पत्तिको रूपमा सन्चो बामको लोगो विकास गरेको छ। सो लोगो रीतपूर्वक दर्ता गरी कानुनी अधिकार सिर्जना नगरेकोले रोयल्टी जस्ता लाभ प्राप्त हुन सकेको देखिएन। कम्पनीले लोगो दर्ता गरी कानुनी अधिकार प्राप्त गर्नुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्षसम्म स्थिति यथावत् छ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६१४ देखि ६१८ मा संलग्न छ।**

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## नेपाल डिजिटल पेमेन्ट्स कम्पनी

भुक्तानी सेवा प्रदान गर्ने उद्देश्यले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको संयुक्त लगानीमा २०७७।४।१३ मा कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भएको यस कम्पनीले नेपाल राष्ट्र बैङ्कबाट २०७७।१२।३ मा भुक्तानी सेवा सञ्चालनको लागि अनुमति प्राप्त गरेको हो। नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडले २०७८।५।२९ देखि नमस्ते पे ब्रान्डमार्फत आफ्नो सेवा प्रारम्भ गरी देशभर डिजिटल भुक्तानी सेवा प्रदान गरेको छ। कम्पनीमा २८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.४२ करोड ४२ लाख ४१ हजार रहेको छ। यो वर्षको कारोबारबाट रु.४ करोड ४१ लाख ७२ हजार खुद नोक्सानी भई हालसम्मको सञ्चित नोक्सानी रु.१७ करोड ५६ लाख ७३ हजार रहेको छ।

२. **स्वतन्त्र सञ्चालक र प्रतिनिधित्व** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम कम्पनीको सञ्चालक समिति गठन गर्दा सञ्चालकको सङ्ख्या ७ भन्दा कम भएमा कम्तीमा एकजना स्वतन्त्र सञ्चालक रहनुपर्ने व्यवस्था छ। कम्पनीमा हाल ५ जना सञ्चालक रहेकोमा स्वतन्त्र सञ्चालक रहेको देखिएन। सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६१९ देखि ६२१ मा संलग्न छ।**

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)

साबिकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको यस संस्थान २०६१।१।१ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई सेवा उपलब्ध गराउँदै आएको छ। कम्पनीमा नेपाल सरकारको ९१.५० प्रतिशत, नागरिक लगानी कोषको ०.०३ प्रतिशत एवं सर्वसाधारणको ८.४७ प्रतिशत सेयर स्वामित्व रहेको छ। कम्पनीअन्तर्गत् ७ प्रादेशिक निर्देशनालय र १६२ ग्राहक सेवा केन्द्रमा ३ हजार ६३२ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीको २०८१।८२ को वित्तीय स्थितिको विवरणअनुसार कुल सम्पत्ति रु.१ खर्ब ३१ अर्ब ५४ करोड ९३ लाख रहेको छ। यो वर्षको कारोबारबाट रु.६ अर्ब ६७ लाख खुद नाफा भई विभिन्न कोषमा रकम स्थानान्तरण पछि हालसम्मको सञ्चित नाफा रु.८० अर्ब ३४ करोड ७४ लाख रहेको छ।

२. **वित्तीय परिसूचक -** कम्पनीको मुख्य वित्तीय सूचकाङ्क देहायअनुसार छः

| क्र.सं. | अनुपात | आधार | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|---|---|
| १ | खुद नाफा | अर्ब | ८.४७ | ७.९५ | ६.२३ | ६.०१ |
| २ | इक्विटीमा लाभ | प्रतिशत | ८.८९ | ८.४३ | ८.१६ | ६.११ |
| ३ | चालु सम्पत्ति | अनुपात | १.६० | १.६५ | २.६७ | २.३८ |
| ४ | प्रति सेयर आम्दानी | रूपैया | ४७.०६ | ४४.०० | ४४.१६ | ३३.३७ |
| ५ | सेयर मूल्य आम्दानी | अनुपात | १८.६८ | २०.६१ | १९.१३ | २६.२९ |
| ६ | कर्मचारी सङ्ख्या | सङ्ख्या | ३८१७ | ३८७२ | ३७३१ | ३६३२ |
| ७ | खुद नाफा | प्रतिशत | १९.०९ | १७.८३ | १८.८६ | १५.७३ |

उल्लिखित तालिकाअनुसार खुद नाफा, इक्विटीमा लाभ र प्रति सेयर आम्दानी अघिल्लो वर्षभन्दा घटेको देखिँदा प्रभावकारी कार्ययोजनासहित वित्तीय अवस्थामा सुधार गर्नुपर्दछ। कम्पनीले गत वर्षको वित्तीय विवरणमा यो वर्ष परिवर्तन गरी पेस गरेकोले गत वर्षको तथ्याङ्क फरक परेको छ।

३. **फोर जी एल.टी.ई. परियोजना -** कम्पनीले आफ्नो व्यवसायलाई सुदृढ र विस्तार गर्न राष्ट्रव्यापी रूपमा फोर जी एल.टी.ई. नेटवर्क सञ्चालनमा ल्याएको छ। सो परियोजना अन्तर्गत कोर रेडियो एक्सेस नेटवर्क प्रथम तथा दोस्रो संरचनाको लागि भन्सार र कर बाहेक रु.१९ अर्ब ६८ करोडको खरिद सम्झौता गरेको छ। सम्झौताअनुसार २०७६ माघ मसान्तभित्र परियोजना सम्पन्न गर्ने लक्ष्य राखेकोमा २०७८ चैत्र मसान्तसम्म म्याद थप र तत्पश्चात म्याद थप नभई गत वर्ष रु.९७ करोड १० लाख खर्च गरेकोमा यो वर्ष रु.५३ करोड खर्च गरेको देखिन्छ। सञ्चालक समितिको २०८२।६।९ को निर्णयले २०८३।९।१६ सम्म म्याद थप गरेको देखिन्छ। खरिद सम्झौतामा उल्लिखित सर्तअनुसार कार्य गर्न लगाई म्याद थप भएको अवधिभित्र परियोजना सम्पन्न गर्न लगाउनु पर्दछ।

४. **फाइभ जी प्रविधि** - कम्पनीले २०७९।८० मा फाइब जी प्रविधिको उपयोगिता परीक्षण तथा अध्ययनको लागि रु.१ करोड ८४ लाख ३८ हजार खर्च गरेकोमा फाइब जीको कार्यान्वयनमा प्रगति भएको छैन। प्रविधिमा आएको परिवर्तन अनुरूप प्रतिस्पर्धात्मक रूपमा फाइब जीको प्राविधिक दक्षता वृद्धि गर्न योजना र कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **आम्दानी -** ग्राहकसँगको सम्झौताबाट प्राप्त आय गत विगत वर्षदेखि नै घट्दो क्रममा रहेको छ। प्रविधिको विकाससँगै डाटा सेवा प्रयोग गर्ने ग्राहकको सङ्ख्या बढ्दै गएकोले तीव्र गतिको गुणस्तरीय डाटा सेवा उपलब्ध गराउन सेवा प्रवाहलाई सुदृढीकरण गर्नुपर्दछ। कम्पनीले प्रदान गर्ने सेवाको कुल आय सङ्कलन निम्नानुसार घट्दो क्रममा रहेको छः

(रु.दश लाखमा)

| राजस्व वर्गीकरण | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| स्थिर लाइन | ३०,३७ | २६,४८ | २७,८७ | २१,३७ |
| सीडीएमए | ८१ | - | - | - |
| जीएसएम | २,८७,११ | २,८२,९७ | २,७८,५५ | २,८३,८२ |
| अन्तरजडान सेवा | ५१,११ | ४४,३२ | २९,९३ | २५,७४ |
| मूल्य अभिवृद्धि सेवा | ५,७५ | ५,५७ | ५,५३ | ४,५३ |
| वाईम्याक्स राजस्व | ३ | - | - | - |
| आईपीटीभी | ३३ | ३३ | १,२० | ५९ |
| उपकरण बिक्री | - | ३,०४ | २,५२ | २,८९ |
| **जम्मा** | **३,७५,५१** | **३,६२,७१** | **३,४५,६०** | **३,३८,९४** |

कम्पनीले अन्तर्राष्ट्रिय दूरसञ्चारको प्रविधिमा आएको परिवर्तन र राष्ट्रीय बजारको अवस्था र आवश्यकतालाई समेत ध्यान दिई बजार व्यवस्थापन रणनीति अवलम्वन गरी व्यस्थापकीय कुशलता वृद्धि गर्नुपर्ने देखिन्छ।

६. **आय सुनिश्चितता -** कम्पनीको आर्थिक विनियमावली, २०७१ को विनियम १४९(१) मा कम्पनीले प्रत्येक २ वर्षको अन्तरालमा कम्तिमा एक पटक आय सुनिश्चितताको परीक्षण गराउनुपर्ने व्यवस्था रहेकोमा यो वर्षसम्म परीक्षण गराएको छैन। साथै कम्पनीले व्यापार बुद्धिमता प्रणाली सम्बन्धी उपकरणहरू अमेरिकी डलर २३ लाख ५६ हजारको सामान, अमेरिकी डलर ३ लाख ५ हजारको सेवा एवं रु.९ लाख ९४ हजारका स्थानीय सेवा १३ नोभेम्बर २०२० मा खरिद गरेकोमा उक्त उपकरणहरू उपयोग गरी प्रणालीको स्थापना तथा सञ्चालन गरेको छैन। कम्पनीले उक्त प्रणाली उपयोगमा ल्याई आयमा हुन सक्ने क्षतिको जोखिम न्यूनीकरण गर्नुपर्दछ। यस सम्बन्धमा विगतको प्रतिवेदनमा समेत उल्लेख गरेकोमा स्थिति यथावत् रहेको छ।

७. **कन्भरजेन्ट रियल टाइम बिलिङ्ग -** कम्पनीले आफ्नो आम्दानीको हिसाब गर्न, बिल जारी गर्न र अभिलेख राख्न २१ डिसेम्बर २०११ देखि वारेन्टी अवधिअन्तर्गत रहेको कन्भरजेन्ट रियल टाइम बिलिङ्गको प्रयोग गर्दै आएको छ। नयाँ बिलिङ्ग प्रणालीको खरिद प्रक्रिया सुरु नगरी विद्यमान सफ्टवेयर २०७९।६।३० देखि लागु हुने गरी थप ५ वर्ष प्रयोग गर्न अमेरिकी डलर २ करोड ५ लाख ६३ हजारको एक प्रालीसँग २०७९।९।२४ मा सम्झौता गरेको देखिन्छ। सम्झौतामा आधारभूत अवधिको एएमसी समाप्त भएपछि कम्पनीको आवश्यकताअनुसार वार्षिक आधारमा नवीकरण गर्न सकिने व्यवस्था छ। उक्त सफ्टवेयरको सम्झौता अवधि ५ वर्ष रहेकोमा २०७९।६।३ सम्म ज्ञान हस्तान्तरण र स्रोत कोड प्राप्त नगरेकोले मुख्य सम्झौताको व्यवस्थाअनुसार विस्तारित एएमसीको प्रत्येक वर्षको लागत अघिल्लो वर्षको लागतमा ५ प्रतिशत छुट पश्चात हुन आउने रकम बराबर हुने गरी वार्षिक रूपमा नवीकरण गर्नुपर्नेमा कम्पनीले एकैपटक ५ वर्षको लागि सम्झौता गरेको देखियो। सुरुको सम्झौता अनुसार प्रतिशत छुटको पालना नभएको कारण अमेरिकी डलर २४ लाख ४३ हजार ६२० बढी भुक्तानी हुने गरी सम्झौता गरेको विषय विशेष अदालतमा विचाराधीन रहेको छ।

उक्त सफ्टवेयर सञ्चालनको लागि आपूर्तिकर्ताले प्रत्येक दिन २४ सै घण्टा कर्मचारी परिचालन गर्नुपर्नेमा कर्मचारीलाई बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म १२ घण्टा मात्र परिचालन गरेको छ। यसले समयमा मर्मत नहुने भै सेवा अबरुद्ध हुने जोखिम रहेको देखिन्छ। सम्झौताको पालना गर्नु गराउनुपर्दछ।

८. **नयाँ बिलिङ्ग प्रणाली -** नयाँ बिलिङ्ग प्रणाली खरिदको लागि २०७८।३।६ मा तयार पारेको लागत अनुमान र बोलपत्र कागजातका आधारमा २०८०।१२।१८ गते बोलपत्र आह्वान गरिएकोमा प्राविधिक मूल्याङ्कनबाट एक मात्र बोलपत्रदाताले स्पेसिफिकेसनअनुसार विभिन्न प्राविधिक विषयमा अयोग्य देखिएकोले २०८१।१२।८ मा पुनः बोलपत्र आह्वान भई प्राविधिक मूल्याङ्कन गरेकोमा वित्तीय प्रस्ताव समयमा

नखोलिएको कारण खरिद प्रक्रिया स्थगित अवस्थामा रहेको देखियो। वर्तमान बिलिङ्ग प्रणालीले अधिकतम १ करोड ५० लाख ग्राहकसम्म मात्र सेवा दिन सक्ने र हाल ग्राहक सङ्ख्या १ करोड ४० लाख भन्दा बढी भएको र दैनिक रूपमा वृद्धि भइरहेको देखिन्छ। नयाँ बिलिङ्ग प्रणाली समयमै खरिद गर्नुपर्दछ।

९. **आसामी -** कम्पनीले यो वर्षको अन्त्यमा रहेको आसामी रु.३ अर्ब १९ करोड ९३ लाखमा नेपाल वित्तीय प्रतिवेदनमा ९ बमोजिम अपेक्षित नोक्सानी रु.२ अर्ब १० करोड १५ लाख घटाई रु.१ अर्ब ९ करोड ७८ लाख प्राप्त हुन बाँकी देखाएको छ। आसामीबाट असुल गर्न उपयुक्त उपाय अपनाएको छैन। कम्पनीले इन्टरनेट सेवा प्रदायक तथा केबल अपरेटरलाई पोलहरू सःशुल्क प्रयोग गर्न दिएकोमा सोको अभिलेख नराखेको र सुनसरीको इटहरीका १३६० समेत धनकुटा, काठमाडौंको सुन्धारा, बनेपासमेत ८ स्थानमा पोल प्रयोगसम्बन्धी सम्झौताबेगर पोल प्रयोग भएको प्राप्त विवरणबाट देखिन्छ। पोल प्रयोगको अभिलेख यकिन गरी भाडा असुल गर्नुपर्दछ। त्यस्तै पब्लिक स्विच्ड टेलिफोन नेटवर्क (पी.एस.टी.एन.) आसामीतर्फ ३ वर्ष पुरानो रु.२८ करोड ६२ लाख ८० हजार देखिएकोमा उक्त रकम समेत असुल गर्नुपर्दछ।

१०. **रणनीतिक योजना -** द्रुत गतिमा विकास भइरहेको विश्वव्यापी दूरसञ्चार उद्योगको सन्दर्भमा व्यवसायिक रणनीति तथा स्पष्ट मध्यम तथा दीर्घकालीन योजनाको अभावले कम्पनी सञ्चालनगत तथा अस्तित्वगत जोखिममा पर्ने सक्ने देखिन्छ। रणनीतिक योजनाको दस्तावेज २०८१।१०।२० मा बोर्डसमक्ष पेश गरे तापनि हालसम्म स्वीकृति भएको छैन। कम्पनीको व्यावसायिक रणनीतिक योजना तयार गरी फाईभ जी, इन्टरनेट अफ थिङ्स तथा कृत्रिम बुद्धिमता जस्ता उदयीमान प्रवृत्तिअनुरूप सेवा प्रवाह गर्नुपर्दछ।

११. **पुँजीगत खर्च** - कम्पनीले पुँजीगत तर्फ २०८१।८२ मा रु.२१ अर्ब ५० करोड बजेट विनियोजन गरेकोमा रु.४ अर्ब अर्थात १८.६ प्रतिशत मात्र खर्च गरेको देखिन्छ। त्यसैगरी चालुतर्फ रु.१३ अर्ब ८२ करोड बजेट विनियोजन गरेकोमा रु.११ अर्ब ३६ करोड अर्थात् ८२.१९ प्रतिशत खर्च गरेको छ। कम्पनीले स्वीकृत वार्षिक लक्ष्य तथा कार्यक्रमअनुसार पुँजीगत खर्च गरी सेवा प्रवाहमा अभिवृद्धि गर्नुपर्दछ।

१२. **वायरलाइन फाइबर टु द होम सेवा -** वायरलाइन खण्ड अन्तर्गत २०७२ देखि २०८२ आषाढ मसान्तसम्म फाइबर टु द होम मा रु.१२ अर्ब ६६ करोड तथा पीएसटीएन मा रु.३१ करोड ३ लाख लगानी गरेकोमा यस कारोबारबाट रु.२४ करोड २५ लाख ८० हजार सञ्चालन घाटा बेहोरेको छ। कम्पनीले नेपालभर ४ हजार २८३ वटा फाइबर डिस्ट्रिब्युसन क्याबिनेट तथा २२ लाख ५२ हजार ९१० वटा फाइबर एक्सेस पोइन्ट जडान गरे तापनि हाल ४ लाख ८१ हजार ५४२ वटा अर्थात २१.३७ प्रतिशत मात्र प्रयोगमा रहेका छन्। पूर्वाधार विस्तारको सञ्चालन, क्षमता उपयोग र बजारीकरणको प्रभावकारी अध्ययन बेगर लगानी गरेको कारण अपेक्षित उपलब्धि हासिल भएको छैन। कम्पनीले उक्त सेवाको उपयुक्त बजारीकरणको माध्यमबाट पूर्ण क्षमताको उपयोग गरी प्रतिफल प्राप्त गर्नुपर्दछ।

१३. **दायित्व -** वित्तीय विवरणको चालु दायित्व रु.१० अर्ब ८ करोडमध्ये विविध साहुतर्फ गत वर्ष सम्म रु.८ अर्ब ९२ करोड दायित्व देखिएकोमा यो वर्ष रु.७ अर्ब ९८ करोड बाँकी देखिएको छ। सो मध्ये कम्पनीले भुक्तानी दिएको तर नसाटेको चेकतर्फ सन् २०१६ देखिको रु.३ करोड १६ लाख, आपूर्तक वा निर्माण व्यवसायीले राखेको विडवन्डको जफत रकम आम्दानी जनाउनुपर्नेमा दायित्वतर्फ राखेको रु.६ करोड २८ लाख, विगत ५ वर्ष भन्दा बढी अवधिदेखिको विवरण बेगरको अन्य दायित्व रु.५४ करोड २६ लाख र बैठक भत्ता विगत ५ वर्ष अगाडिदेखि दायित्व देखाएको रु.३१ लाख रहेको छ।यसरी वित्तीय विवरणमा प्रत्यक्ष प्रभाव पार्ने हिसाबको उपयुक्त लेखाङ्कन र फरफारख गरेको नदेखिएकाले यथार्थ लेखाङ्कन गरी हिसव फरफारक गर्नुपर्दछ।

१४. **खरिद व्यवस्थापन -** नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०७१ को विनियम ४ (क) र २७ बमोजिम आवश्यकताको आधारमा बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने र प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। कम्पनीमा विभिन्न प्रकारका

मालसामानको सुरु मौज्दात रहेको अवस्थामा यो वर्ष रु.४८ करोड ७७ लाखका समान खरिद गरी २०८१।८२ को अन्त्य सम्म रु.९३ करोड ८८ लाख मूल्यका १ हजार ४७ प्रकारका समान मौज्दात रहको देखिन्छ। साथै कम्पनीले सेल्फ सर्पोटिङ एरियल अप्टिकल फाइबर केवल तथा अप्टिकल डिस्ट्रिव्यूसन नेटवर्क खरिद तथा जडान जस्ता एकै प्रकृतिका सामान खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा ४ टुक्रा पारी प्रतिस्पर्धा सीमित हुने गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट रु.२ करोड ३४ लाख ९८ हजारको खरिद गरेको देखिएकाले विनियमावलीको पालना भएको देखिएन। अतः कम्पनीले आवश्यकताको आधारमा प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

❖ **परामर्श दिइएको लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६२२ देखि ६३४ मा संलग्न छ।**

# सङ्घीय कानुनद्वारा तोकिएका संस्था

# अर्थ मन्त्रालय

## कर्मचारी सञ्चय कोष

सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्देश्यले सम्वत् १९९१ सालमा सैनिक द्रव्य कोष स्थापना भएकोमा हाल निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार यो कोष सञ्चालनमा छ। कोषले निवृत्तभरण कोष ऐन, २०७५ अन्तर्गत योगदानमा आधारित निवृत्तभरण कोष व्यवस्थापनको कार्य समेत गर्दै आएको छ। नेपाल सरकारबाट नियुक्त अध्यक्षसहित ७ सदस्यीय सञ्चालक समिति रहने व्यवस्था छ। कोषमा कर्मचारीको स्वीकृत दरबन्दी ५०० रहेकोमा ३९७ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद समान सम्पत्ति | १७,९२,७५ | | १५,१०,१५ | |
| बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दात | १,५५,४३,२७ | | १,६७,९०,३१ | |
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | २,८२,८८,२६ | | २,६२,५०,०६ | |
| परियोजना तथा संगठित संस्थालाई कर्जा तथा सापटी | ८७,२१,५० | | ८७,३२,५० | |
| कर्मचारीलाई कर्जा तथा सापटी | २,४९,७७ | | २,३१,८४ | |
| धितोपत्रमा लगानी | ७२,२३,४० | | ३०,७३,६९ | |
| सहायक कम्पनीको शेयर पुँजी | २०,०० | | २०,०० | |
| सम्बद्ध कम्पनीमा लगानी | १,४२,८४ | | १,४१,५४ | |
| सम्पत्तिमा लगानी | ९५,७७ | | ९०,८५ | |
| सम्पत्ति र उपकरण | १,१४,२१ | | १,०३,३४ | |
| अमूर्त सम्पत्ति | १,१३ | | १,१५ | |
| अन्य सम्पत्ति | ३,०४,४४ | | १,३९,७६ | |
| **जम्मा सम्पत्ति** | | **६,२४,९७,३४** | | **५,७०,८५,१९** |
| **दायित्व** | | | | |
| कर्मचारी सुविधा दायित्व | ४,०२,३८ | | ४,०७,६८ | |
| अन्य दायित्व | २,०४,१५ | | १,७५,२१ | |
| **जम्मा दायित्व** | | **६,०६,५३** | | **५,८२,८९** |
| कोष तथा जगेडा | | | | |
| सञ्चय कोष | ५,६३,१४,५७ | | ५,१८,४७,५३ | |
| निवृत्तभरण कोष | १५,९७,१४ | | ११,२१,३८ | |
| जगेडा तथा बचत | ३९,७९,१० | | ३५,३३,३९ | |
| **जम्मा कोष तथा जगेडा** | | **६,१८,९०,८१** | | **५,६५,०२,३०** |
| **जम्मा कोष, जगेडा तथा दायित्व** | | **६,२४,९७,३४** | | **५,७०,८५,१९** |

गत वर्षको तुलनामा यस वर्ष कोषको जम्मा सम्पत्ति ९.४८ प्रतिशतले वृद्धि भई रु.६ खर्ब २४ अर्ब ९७ करोड ३४ लाख पुगेको र जम्मा दायित्व ४.०६ प्रतिशतले वृद्धि भई रु.६ अर्ब ६ करोड ५३ लाख पुगेको छ। जम्मा कोष तथा जगेडा ९.५३ प्रतिशतले वृद्धि भई रु.६ खर्ब १८ अर्ब ९० करोड ८१ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा** - कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| ऋण तथा लगानीबाट आम्दानी | ३९,३६,८५ | | ४७,५४,८२ | |
| ब्याज तथा अन्य प्रत्यक्ष खर्च | २९,७८,४२ | | ३६,३५,६९ | |
| **ऋण तथा लगानीबाट खुद आम्दानी** | | **९,५८,४३** | | **११,१९,१३** |
| शुल्क तथा कमिसन आम्दानी | ७२ | | १,७४ | |
| अन्य आम्दानी | ४९,६१ | | २५,२२ | |
| **कुल सञ्चालन आम्दानी** | | **१०,०८,७६** | | **११,४६,०९** |
| वित्तीय सम्पत्तिहरूको खुद क्षयीकरण नाफा/ (नोक्सान) | १,९४,१३ | | ४,२९,७५ | |
| कर्मचारी खर्च | १,२१,७१ | | १,०५,२७ | |
| सञ्चालन खर्च | २७,८२ | | २४,६१ | |
| ह्रास कट्टी, परिशोधन तथा गैह्र वित्तीय सम्पत्तिको क्षयीकरण | ४,५७ | | ४,८८ | |
| **कुल खर्च** | | **३,४८,२३** | | **५,६४,५१** |
| **आय कर अघिको मुनाफा (नोक्सान)** | | **६,६०,५३** | | **५,८१,५८** |
| **आय कर** | | **०** | | **०** |
| **खुद मुनाफा (नोक्सान)** | | **६,६०,५३** | | **५,८१,५८** |

गत वर्षको तुलनामा यस वर्ष कोषको ऋण तथा लगानीबाट खुद आम्दानी १४.३६ प्रतिशतले न्यून भई रु.९ अर्ब ५८ करोड ४३ लाख र कुल सञ्चालन आम्दानी ११.९८ प्रतिशतले न्यून भई रु.१० अर्ब ८ करोड ७६ लाख रहेको छ। यस्तै कुल खर्च ३८.३१ प्रतिशतले घटेर रु.३ अर्ब ४८ करोड २३ लाख भएकोमा खुद मुनाफा १३.५७ प्रतिशतले वृद्धि भई रु.६ अर्ब ६० करोड ५३ लाख पुगेको छ।

३. **वित्तीय सम्पत्तिको क्षयीकरण -** कर्मचारी सञ्चय कोष कर्जा तथा लगानी नीति, २०८० अनुसार नेपाल सरकारको निर्देशन र जमानतमा प्रवाह भएको कर्जामा ५ प्रतिशतले र पुनर्संरचना वा पुनर्तालिकीकरण भएको कर्जाको हकमा १२.५ प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था छ। कोषले परियोजना लगायतमा प्रवाह गरेका कर्जामध्ये खराब कर्जामा परिवर्तन भई नोक्सान व्यवस्था गरी कर्जाको अपलेखनसमेत गर्ने गरेको छ। कोषले वित्तीय सम्पत्तिको खुद क्षयीकरणबापत यो वर्ष रु.१ अर्ब ९४ करोड १३ लाख खर्च लेखेको छ। कर्जा असुली व्यवस्थापनमा सुधार गरी वित्तीय सम्पत्तिको क्षयीकरणलाई न्यूनीकरण गर्नुपर्दछ।

४. **प्राप्त हुन बाँकी ब्याज** - कोषले यो वर्ष परियोजना कर्जातर्फको ब्याजबापत रु.७ अर्ब २९ करोड आय लेखाङ्कन गरेकोमा सोमध्ये निर्माण अवधिको ब्याज निर्माणाधीन परियोजनाअन्तर्गत रु.२ अर्ब ७८ करोड पुँजीकरण गरेको छ। यो वर्ष मध्य भोटेकोशी जलविद्युतको रु.१ अर्ब ३४ करोड ८ लाख, रसुवागढी जलविद्युतको रु.७६ करोड ८८ लाख र सान्जेन जलविद्युतको रु.४४ करोड १३ लाख समेत रु.२ अर्ब ५५ करोड ९ लाख रकम नगदमा प्राप्त नभएकै अवस्थामा वितरणयोग्य नाफामा समावेश गरेको छ। उक्त तीनै परियोजनाको व्यापारिक उत्पादन सुरु भए तापनि रसुवागढी जलविद्युत आयोजनामा बाढीका कारण पुनः सञ्चालनमा अवरोध भई भुक्तानी नियमित हुन सकेको छैन। ब्याज रकम तोकिएको सयममा प्राप्त गर्नुपर्दछ।

५. **विमान खरिद कर्जा** - नेपाल वायुसेवा निगम र कोषबिच ए-३२० तथा ए-३३० जहाज खरिदका लागि नेपाल सरकारको जमानीमा २०७०।३।४ र २०७४।२।२८ मा भएको सम्झौताअनुसार क्रमशः रु.१० अर्ब र रु.१२ अर्ब कर्जा प्रवाह गरिएकोमा निगमले कर्जा सम्झौताअनुसार साँवा तथा ब्याज नियमित रूपमा भुक्तानी गरेको छैन।आर्थिक वर्ष २०८१।८२ सम्म जमानत कर्जा १ र २ गरी कुल कर्जा (साँवा तथा ब्याज) रु.३१ अर्ब ३३ करोड ९२ लाख ६१ हजार पुगेको छ।

६. **परियोजना कर्जा** - कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम निजी क्षेत्रसमेतबाट प्रवर्धन भएका ठुला र दीर्घकालीन परियोजनामा जोखिम विश्लेषण, परियोजनाको सबल

तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजनालगायतका विषयमा विस्तृत अध्ययन,विश्लेषण र मूल्याङ्कनपश्चात् कर्जा प्रवाह गर्नुपर्नेमा सोअनुसार नगरेकोले कोषको कर्जा असुलीमा जोखिम वृद्धि भइरहेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

६.१. कोषले स्वीकृत गरेको लगानी नीतिअनुसार कर्जा/स्वपुँजी अनुपात ७५:२५ हुनुपर्नेमा माथिल्लो तामाकोशी हाइड्रोपावर परियोजनाको २०८२ असार मसान्तसम्म कर्जा/स्वपुँजी अनुपात ८५:१५ देखिन्छ। त्यसै गरी नेपाल वायु सेवा निगममा कर्जा लगानी गर्दा कोषले कर्जा/स्वपुँजी अनुपातको विश्लेषण बेगर विमानको परल मूल्यको शतप्रतिशत ऋण प्रवाह गरेको देखिन्छ। कोषको लगानी नीति अनुरूप न्यूनतम कर्जा/स्वपुँजी अनुपात कायम हुने गरी कर्जा प्रवाह गर्नुपर्दछ।

६.२. कोषले २०५० को दशकमा लगानी गरेका २६ परियोजनामध्ये ५ परियोजनामा गरेको लगानीलाई खराब कर्जामा वर्गीकरण गरेकोमा साँवा रु.१ अर्ब ३ करोड ४२ लाख र ब्याज रु.१ अर्ब ५९ करोड ६२ लाख उठ्न बाँकी रहेको छ। सोमध्ये ८ परियोजना कर्जाको साँवा रु.२६ करोड ६२ लाख र ब्याज रु.९१ करोड ५२ लाख उठ्न बाँकी रहेको छ। कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौता अनुसार साँवा र ब्याज असुल गर्नु पर्दछ।

७. **अस्थायी सञ्चयकर्ता खाता -** कोषको सङ्कलन शाखाले पठाएको फाँटवारी सम्बन्धित शाखाले प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा वा विवरणमा अपूर्ण वा दुविधा भएको खण्डमा फाँटवारी शाखाले नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेको छ। कोषले यस वर्षसम्म १८ हजार ८३५ अस्थायी सञ्चयकर्ता खातामा रु.९३ करोड २१ लाख प्रविष्ट गरेको छ। सञ्चयकर्तालाई सो खाताको बारेमा सामान्यतः जानकारी नहुने हुँदा सञ्चयकर्ताले पूरा कोष रकम पाउनको लागि अस्थायी सञ्चयकर्ता खाता पहिचान गरी उक्त रकम स्थायी सञ्चयकर्ता खातामा जम्मा गर्ने प्रभावकारी व्यवस्था मिलाउन गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ।

८. **बेचालु खाता -** कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५(क) को उपदफा ३(क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरु मितिले ६ वर्षसम्म यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्ति फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिने र छुट्टै खातामा जम्मा गरेपछि सो रकममा ब्याज नदिने व्यवस्था छ। कोषबाट प्राप्त विवरण अनुसार यो वर्षको अन्त्यसम्म ८८ हजार १० बेचालु खातामा रु.३ अर्ब ३७ करोड मौज्दात रहेको छ। बेचालु खातामा भएको मौज्दातको पहिचान गरी त्यस्ता बेचालु खाताको रकम न्यून गर्नेतर्फ कोषले ध्यान दिनुपर्दछ।

९. **भाडा असुली -** कोषको असुल हुन बाँकी बहाल तथा महसुल रु.७१ करोड ३ लाख रहेकोमा सोमध्ये रु.३० करोड ७० लाख शङ्कास्पद असुली व्यवस्था कायम गरेको छ। सो असुल गर्न बाँकी बहालमध्ये रु.६१ करोड ७३ लाख बराबरको रकम विभिन्न बहालवालाले मुद्दा दायर गरी अदालतमा विचाराधीन रहेकोले असुल हुन सकेको छैन। बक्यौता भाडा असुलीका लागि कोष क्रियाशील हुनुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

१०. **बैङ्क हिसाब मिलान -** स्रेस्ता र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा विगतका वर्षदेखि नै कोषको केही बैङ्क खाताको हिसाब मिलान विवरण तयार गरेको छैन। यस वर्षको अन्त्यमा कोषको लेजरअनुसार रु.१७ अर्ब ९२ करोड ७५ लाख रहेकोमा बैङ्क विवरणअनुसार रु.१९ अर्ब ८० करोड ४१ लाख मौज्दात देखिएकाले फरक रु.१ अर्ब ८७ करोड ६६ लाखको बैङ्क हिसाब मिलान गर्नुपर्दछ।

११. **घर जग्गा व्यवस्थापन कम्पनी** - कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ९(ट) मा कोष आफैंले आवास परियोजनाहरू सञ्चालन गर्न सक्ने प्रावधान रहेकोमा कोषले भवन तथा आवास योजना सञ्चालन गर्ने उद्देश्यले २०७६।९।१३ मा रु.२० करोड लगानी गरी सञ्चय कोष घर जग्गा व्यवस्थापन कम्पनी प्राइभेट लिमिटेड

स्थापना गरेको छ। छुट्टै कम्पनी स्थापना गरी उक्त कार्य गर्दा कोषलाई थप व्ययभार पर्न जाने, कोषलाई प्राप्त हुने कर छुट सुविधा कायम नरहने लगायतका समस्या उत्पन्न हुने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६३५ देखि ६३८ मा संलग्न छ।**

# नागरिक लगानी कोष

नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत बचत परिचालन, लगानी प्रवर्धन र पुँजी बजार सेवा प्रदान गर्ने लगायतका कार्य गर्न कोषको स्थापना भएको हो। कोषले कर्मचारी, कामदार तथा संगठित संस्थाहरूबाट समेत विभिन्न शीर्षक अन्तर्गत बचत सङ्कलन गरी लगानी प्रबन्ध गर्दै आएको छ। कोषले हालसम्म ७ कोष तथा योजना सञ्चालन/व्यवस्थापन गरिरहेको छ। कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरू विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा रहेका छन्। कोषमा नेपाल सरकारको २३.३४ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ३१.५५ प्रतिशत, नेपाल स्टक एक्सेन्जको १० प्रतिशत, बैङ्क तथा वित्तीय संस्थाको १५.११ प्रतिशत र सर्वसाधारण जनताको २० प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| सम्पत्ति | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **गैर चालु सम्पत्ति** | | | | |
| सहायक कम्पनीमा लगानी | २,७२,४६,७५ | | २,७२,४६,७५ | |
| सम्पत्ति तथा उपकरण | २,१४,५९,५४ | | २,२०,०१,२८ | |
| पुँजीगत निर्माण | ३५,०० | | ३५,०० | |
| सम्पत्ति प्रयोग गर्ने अधिकार | २,०२,०४ | | ८२१७ | |
| अमुर्त्त सम्पत्ति | २,८८,५५ | | १,७१,७३ | |
| अन्य सम्पत्ति | २,००,८४,५२ | | ११,८६,६६,७० | |
| **कुल गैर चालु सम्पत्ति** | | **६,९३,१६,४०** | | **१६,८२,०३,६३** |
| **चालु सम्पत्ति** | | | | |
| नगद तथा नगद समान | ८७,८०,३४ | | १,३४,८३,१४ | |
| नेपाल राष्ट्र बैङ्कमा नगद तथा लिनुपर्ने | २,७६,९१ | | ४,३६,७१ | |
| बैक तथा वित्तीय संस्थामा रहेको मुद्दती निक्षेप | ९,१३,७८,५६ | | ४,२०,२६,१९ | |
| अन्य व्यापारिक सम्पत्तिहरू | - | | २० | |
| कर्मचारीलाई दिएको कर्जा तथा सापटी | १४,४३,५४ | | १७,१८,१८ | |
| धितोपत्र लगानी | २,३२,८६,६८ | | १,३५,२६,९३ | |
| चालु कर सम्पत्ति | २५,२५,२१ | | १७,९८,५० | |
| **कुल चालु सम्पत्ति** | | **१२,७६,९१,२४** | | **७,२९,८९,८५** |
| **कुल सम्पत्ति** | | **१९,७०,०७,६४** | | **२४,११,९३,४८** |
| **योजना/कार्यक्रमहरूको कुल सम्पत्ति** | | **२,९८,९२,३८,००** | | **२,८५,७१,६७,१०** |
| **जम्मा सम्पत्ति** | | **३,१८,६२,४५,६४** | | **३,०९,८३,६०,५८** |
| **इक्विटी** | | | | |
| सेयर पुँजी | ६,४८,१७,१२ | | ६,०५,७६,७५ | |
| सञ्चित मुनाफा | १,२३,७२,२१ | | १,०९,४५,७६ | |
| जगेडा तथा कोषहरू | १,६२,७३,९४ | | १,३७,६१,९५ | |
| सेयरधनीहरूलाई बाँड्न योग्य इक्विटी | १,३८,३१,३० | | १,२२,६५,६३ | |
| **दायित्व तथा व्यवस्था** | | | | |
| स्थगन कर दायित्व | २६,१०,७० | | २३,४८,५८ | |
| अन्य दायित्व | ८,७१,०२,३७ | | १४,१२,९४,८१ | |
| **कुल दायित्व तथा व्यवस्था** | | **८,९७,१३,०७** | | **१४,३६,४३,३९** |
| **कुल दायित्व र इक्विटी** | | **१९,७०,०७,६४** | | **२४,११,९३,४८** |
| **योजनाहरूको कुल कोष तथा दायित्व** | | **२,९८,९२,३८,००** | | **२,८५,७१,६७,१०** |
| **जम्मा दायित्व तथा इक्विटी** | | **३,१८,६२,४५,६४** | | **३,०९,८३,६०,५८** |

कोषको २०८२ आषाढ मसान्तमा सेयर पुँजी रु.६ अर्ब ४८ करोड १७ लाख १२ हजार, सञ्चित नाफा रु.१ अर्ब २३ करोड ७२ लाख २१ हजार, जगेडा तथा कोष रु.१ अर्ब ६२ करोड ७३ लाख ९४ हजार, सेयरधनीलाई बाँड्नयोग्य इक्विटी रु.१ अर्ब ३८ करोड ३१ लाख ३० हजार र दायित्व तथा व्यवस्था रु.८ अर्ब ९७ करोड १३ लाख ७ हजारसमेत कुल दायित्व तथा इक्विटी रु.१९ अर्ब ७० करोड ७ लाख ६४ हजार रहेको छ। त्यसै गरी कोषद्वारा सञ्चालित योजनाहरूको कुल दायित्व रु.२ खर्ब ९८ अर्ब ९२ करोड ३८ लाखसमेत जम्मा दायित्व र इक्विटी रु.३ खर्ब १८ अर्ब ६२ करोड ४५ लाख ६४ हजार रहेको देखिन्छ। कुल चालु सम्पत्ति रु.१२ अर्ब ७६ करोड ९१ लाख २४ हजार र गैर चालु सम्पत्ति रु.६ अर्ब ९३ करोड १६ लाख ४० हजार समेत कुल सम्पत्ति रु.१९ अर्ब ७० करोड ७ लाख ६४ हजारमा कोषबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको सम्पत्ति रु.२ खर्ब ९८ अर्ब ९२ करोड ३८ लाख थप गर्दा जम्मा सम्पत्ति रु.३ खर्ब १८ अर्ब ६२ करोड ४५ लाख ६४ हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** कोषको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| शुल्क तथा कमिशन आम्दानी | १,७८,८९,४४ | | १,५९,६९,०४ | |
| ब्याज आम्दानी | ३४,५९,४१ | | ४४,६०,०३ | |
| अन्य सञ्चालन आम्दानी | ९,२७,२० | | ३,३५,७३ | |
| **जम्मा आम्दानी** | | **२,२२,७६,०५** | | **२,०७,६४,८०** |
| शुल्क तथा कमिसन खर्च | - | | ५८,२० | |
| ब्याज खर्च | ६,४९ | | ८,०५ | |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | २८,७२,३३ | | २८,७२,३९ | |
| अन्य सञ्चालन खर्च | ७,५३,३५ | | ७,७६,३३ | |
| ह्रास कट्टी | ७,४०,२७ | | ६,४२,९० | |
| **जम्मा खर्च** | | **४३,७२,४४** | | **४३,५७,८७** |
| **आयकर अघिको नाफा** | **१,७९,०३,६१** | | **१,६४,०६,९३** | |
| **कर्मचारी बोनस व्यवस्था** | **८,६५,९८** | | **८,०५,७९** | |
| **आयकर खर्च** | | | | |
| चालु कर | ४४,३१,१२ | | ४०,५१,४१ | |
| स्थगन कर | ४६,६१ | | (३७,६३) | |
| **यस अवधिको मुनाफा** | | **१,२५,५९,९१** | | **१,१५,८७,३५** |

कोषको यस वर्षको कुल आम्दानी रु.२ अर्ब २२ करोड ७६ लाख ५ हजार तथा खर्च रु.४३ करोड ७२ लाख ४४ हजार र कर्मचारी बोनस व्यवस्था रु.८ करोड ६५ लाख ९८ हजार रहेको छ। करपछिको मुनाफा गत वर्षको तुलनामा ८.३९ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २५ करोड ५९ लाख ९१ हजार पुगेको छ।

३. **ऐनको पालना-** नागरिक लगानी कोष ऐन, २०४७ को दफा १९ (४) बमोजिम कोषले सञ्चालन गरेका विभिन्न बिमा कोष तथा योजनाअन्तर्गत योगदानकर्तालाई सञ्चालक समितिले तोकेको ब्याज (६.५ देखि ९ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा राखेको छ। ऐनको दफा २५(१) बमोजिम कोषको सञ्चालक समितिमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रबन्धक सञ्चालक रहने व्यवस्था र धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम १४(ख) अनुसार धितोपत्र बजारमा लाभको पदमा रहेको व्यक्ति सञ्चालक नियुक्त हुन अयोग्य रहने व्यवस्था एक अर्कासँग बाझिएको छ।साथै कोषको ऐनमा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार नतोकिएको एवं ऐनको दफा २५(२) को प्रावधानअनुसार महिला सञ्चालक नियुक्त भएको देखिँदैन।

४. **नेपाल सरकारको सेयर लगानी -** नागरिक लगानी कोषको वार्षिक प्रतिवेदनअनुसार नेपाल सरकारको सेयर स्वामित्व २३.३४ प्रतिशत उल्लेख छ। वित्तीय विवरणअनुसार सेयर पुँजी रु.६ अर्ब ४८ करोड १७ लाखको २३.३४ प्रतिशतले नेपाल सरकारको सेयर लगानी रु.१ अर्ब ५१ करोड २८ लाख रहेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८१।८२ अनुसार कोषमा नेपाल सरकारको सेयर लगानी रकम रु.६८ करोड २४ लाखमात्र देखिएकोले फरक परेको रु.८३ करोड ४ लाख हिसाब भिडान गरी यकिन गर्नुपर्दछ।

५. **बैङ्क मौज्दात -** केन्द्रीय हिसाबतर्फ २०८२ आषाढ मसान्तमा ११ बैङ्क खातामध्ये ९ बैङ्क खातामा रु.१ अर्ब ९ करोड ७७ लाख धनात्मक मौज्दात तथा २ बैङ्क खातामा रु.२१ करोड ९७ लाख ऋणात्मक मौज्दात समायोजन गर्दा कुल बैङ्क मौज्दात रु.८७ करोड ८० लाख रहेको देखिन्छ। तथापि बैङ्क समर्थन पत्र अनुसारको मौज्दात रु.६२ करोड १४ लाखमात्र भएकोले फरक देखिएको रु.२५ करोड ६६ लाख सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्ने, अन्यथा जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्दछ।

६. **अन्तर हिसाब राफसाफ -** कोषको केन्द्रीय हिसाब लगायत कोषले सञ्चालन गरेका ७ कोष तथा योजनाहरूको अन्तर योजना हिसाब तथा लेनदेन रकम राफसाफ गरेको देखिएन। कोषले २०८१।८२ को अन्त्यमा राफसाफ हुन बाँकी रहेको लेनदेन रु.१३ करोड ८१ लाख वित्तीय विवरणमा अन्य दायित्वमा लेखाङ्कन गरेको देखिन्छ। कोषले योजनाहरूसँग सम्बन्धित कतिपय बैङ्क कारोबारको लेखा अभिलेख सम्बन्धित बैङ्क लेजरमा नगरी अन्य बैङ्क लेजरमा गरेको, अन्य कोष तथा योजनाको कारोबार फरक कोष तथा योजनाहरू तथा कोषको लेखामा समावेश गरेको साथै लेखा पद्धतिमा देखिएका अन्य त्रुटिले अन्तर योजना हिसाब तथा लेनदेनका रकम सम्बन्धित कोष तथा योजनाले लिनु/दिनुपर्ने हो वा होइन भन्ने यथार्थपरक चित्रण नभएको र उक्त कारोबारको वास्तविकता यकिन गर्न नसकिएको अवस्था छ।

७. **नेपाल राष्ट्र बैङ्कसँगको कारोबार -** कोषको वासलातमा नेपाल राष्ट्र बैंङ्कमा रहेको मौज्दात तथा लिनुपर्ने रकम रु.२ करोड ७६ लाख ९१ हजार उल्लेख छ। नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात रु.५ करोड ६ लाख ७० हजारमा रु.२ करोड २९ लाख ७९ हजार ब्याज समायोजनपश्चात् उक्त रकम वासलातमा उल्लेख गरेको पाईयो। मौज्दात रु.५ करोड ६ लाख ७० हजारको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कको २०८२।४।२१ को समर्थन पत्रानुसार रु.९३ लाखमात्र रहेको देखिन्छ। मौज्दात फरक रु.४ करोड १३ लाख ७० हजारको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

योजना तथा कार्यक्रमको कुल कोष तथा दायित्व रु.२ खर्ब ९८ अर्ब ९२ करोड ३८ लाखमध्ये कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ नेपाल राष्ट्र बैङ्कलाई तिर्न बाँकी रु.३४ करोड ७३ लाख उल्लेख छ। गत विगत वर्ष नेपाल राष्ट्र बैङ्कमा रहेको सो कोषको खाता बन्द रहेकोमा सो सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

८. **वायुसेवा निगमको ऋण लगानी -** नेपाल वायुसेवा निगमलाई कोषले २०७४।२।२९ मा नेपाल सरकार जमानत रहने गरी ऋण लगानी गर्ने सम्झौताअनुसार प्रदान गरेको रु.१२ अर्बको ऋण लगानीलाई कोषले वित्तीय विवरणमा लगानी उल्लेख गरेको छैन। उक्त ऋण लगानीलाई कर्मचारी बचत वृद्धि अवकाश कोषको वित्तीय विवरणमा देखाएको छ। निगमले २०८१।८२ मा कोषलाई कर्जा भुक्तानी तालिकाअनुसार रु.३ अर्ब ३५ करोड ६७ लाख भुक्तानी गर्नुपर्नेमा रु.४० करोड मात्र भुक्तानी गरेको देखिन्छ। यसरी भुक्तानी तालिकाअनुसार किस्ता भुक्तानी नभई ब्याजलाई पुँजीकरण गर्दा २०८२ असार मसान्तसम्म कर्जाको मौज्दात रु.२१ अर्ब १२ करोड १७ लाख (साँवा रु.१२ अर्ब र पुँजीकृत ब्याज रु.९ अर्ब १२ करोड १७ लाखमध्ये भाखा नाघेको साँवा रु.५ अर्ब २० करोड ५४ लाख र ब्याज रु.९ अर्ब १२ करोड १७ लाखसमेत भाखा नाघेको किस्ता रु.१४ अर्ब ३२ करोड ७१ लाख) पुगेको देखिन्छ। सम्झौताबमोजिम निगमले टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन। सम्झौताको पालना सुनिश्चित गर्दै उल्लिखित साँवा, ब्याज असुल गर्नुपर्दछ।

९. **समस्याग्रस्त बैङ्क/वित्तीय संस्थामा रहेको मुद्दति निक्षेप -** समस्याग्रस्त बैङ्क/वित्तीय संस्थामा रहेको मुद्दती निक्षेपमा कायम गरिएको साधारण ब्याजदर (४ प्रतिशत) कोष तथा योजनाहरूको औषत कोष लागत ५.७१ प्रतिशतभन्दा कम रहेको छ।

समस्याग्रस्त बैङ्क/वित्तीय संस्थामा कोष तथा योजनाअन्तर्गत २०८२ आषाढ मसान्तसम्म कुल मुद्दती निक्षेप (पुँजीकृत ब्याजसहित) रु. ४४ करोड १६ लाख रहेको देखिन्छ। उक्त रकमको सम्बन्धित वित्तीय संस्थाबाट मौज्दात समर्थन पत्र लिएको देखिएन। दर्ता खारेजी भइसकेको क्रिष्टल फाइनान्स कम्पनी लिमिटेडबाट पाउनुपर्ने साँवा रु.१ करोड १५ लाख र ब्याज रु.१ करोड ५० लाख उच्च जोखिमयुक्त देखिएकाले प्रचलित कानुनबमोजिम असुल गर्नुपर्दछ।

१०. **लेखा सफ्टवेयर -** कोषले प्रयोगमा ल्याएको रु.३ करोड ३३ लाख लागतको एन. एल. के. वेब. बेस सफ्टवेयरबाट उपलब्ध हुने तथ्याङ्क तथा विवरणहरूको नमुना रुजु गर्दा एक आपसमा मेल खाएको पाइएन। उदाहरणको लागि बक्यौता ऋण रकममा फरक परेको, सन्तुलन परीक्षण नमिलेको, अघिल्लो वर्षको अन्तिम मौज्दात यो वर्षको सुरु मौज्दातमा सारेको देखिँदैन। यसमा सुधार गरी लेखा सफ्टवयेर विश्वसनीय बनाउनुपर्दछ।

११. **कर्मचारी बचत वृद्धि अवकाश कोष -** कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ २०८२ आषाढ मसान्त सम्म २७ बैङ्क खातामध्ये १२ बैङ्क खातामा रहेको रु.१० अर्ब ४८ करोड ४ लाख धनात्मक मौज्दात तथा १५ बैङ्क खातामा रु.८ अर्ब ४ करोड ७० लाख ऋणात्मक मौज्दात समायोजन गर्दा कुल बैङ्क मौज्दात रु.२ अर्ब ४३ करोड ३४ लाख धनात्मक देखिन्छ। तथापि बैङ्कको समर्थन पत्रअनुसार कोषको बैङ्क मौज्दात रु.२ अर्ब ६५ करोड २ लाख रहेकोले बैङ्क विवरणभन्दा वित्तीय विवरणमा घटी देखिएको रु.२१ करोड ६८ लाख बैङ्क मौज्दात सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६३९ देखि ६४४ मा संलग्न छ।**

# नेपाल बिमा प्राधिकरण

नेपालमा बिमा व्यवसायलाई व्यवस्थित एवं नियमित गर्न, निरीक्षण तथा सुपरिवेक्षण गर्ने नियामक निकायको रूपमा २०२६ मा बिमा समितिको स्थापना भएकोमा हाल यो संस्था बिमा ऐन, २०७९ अनुसार नेपाल बिमा प्राधिकरणमा परिणत भएको छ। प्राधिकरणको केन्द्रीय कार्यालय र ६ प्रादेशिक कार्यालयमा स्थायी ११२ र अस्थायी/करार ५० समेत १६२ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| सम्पत्ति | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| अमूर्त सम्पत्ति | १,०२ | | ४७ | |
| सम्पत्ति तथा उपकरण | १,६९,५८ | | १,३२,११ | |
| लगानी सम्पत्ति | ० | | ० | |
| स्थगन कर सम्पत्ति | २,५५ | | १,१५ | |
| लगानी | ७,७०,६८ | | ६,२४,५२ | |
| ऋण तथा सापटी | १०,७० | | २४,४४ | |
| चालु कर सम्पत्ति (खुद) | ३,२७ | | ० | |
| अन्य सम्पत्ति | १८,६१ | | ३२,२३ | |
| अन्य वित्तीय सम्पत्ति | ६९,१७ | | १,६८,५९ | |
| नगद तथा नगद सम्पत्ति | ५१,७७ | | २२,३३ | |
| **कुल सम्पत्ति** | | **१०,९७,३५** | | **१०,०५,८४** |
| **कोष तथा दायित्व** | | | | |
| सञ्चित कोष | ७,७८,८९ | | ८६५९१ | |
| अन्य कोषहरू | ३,०५,३५ | | १२९०५ | |
| **कुल सञ्चित कोष** | | **१०,८४,२४** | | **९,९४,९६** |
| **दायित्व** | | | | |
| व्यवस्था | ९,८१ | | ४,१२ | |
| चालु कर दायित्व (खुद) | | | ३,८४ | |
| अन्य वित्तीय दायित्व | ७८ | | १,१२ | |
| अन्य दायित्व | २,५२ | | १,८० | |
| **कुल दायित्व** | | **१३,११** | | **१०,८८** |
| **कुल सञ्चित कोष एवं दायित्व** | | **१०,९७,३५** | | **१०,०५,८४** |

प्राधिकरणको गत वर्षको तुलनामा यस वर्ष सम्पत्ति तथा उपकरण २८.३७ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६९ करोड ५८ लाख र लगानी २३.४ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ७० करोड ६८ लाख पुगेको छ। यसै गरी कुल सञ्चित कोष ८.९७ प्रतिशतले वृद्धि भई रु.१० अर्ब ८४ करोड २४ लाख र कुल दायित्व २०.४९ प्रतिशतले वृद्धि भई रु.१३ करोड ११ लाख पुगेको छ।

२. **सञ्चालन नतिजा -** प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **बिमा बजारबाट प्राप्त हुने आम्दानी** | | | | |
| सेवा शुल्क | १,८६,४८ | | १,६१,१३ | |
| दर्ता एवं नवीकरण शुल्क | ८,८२ | | ५,६० | |
| दण्ड, जरिबाना तथा अतिरिक्त शुल्क आम्दानी | ० | | ८ | |
| नेपाल सरकारबाट प्राप्त अनुदान | ९ | | | |
| ब्याज आम्दानी | ३३,२० | | ५१,७० | |

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| अन्य आम्दानी | २,४२ | | १,४५ | |
| **कुल आम्दानी** | | **२,३१,०१** | | **२,१९,९६** |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च एवं भत्ता | २३,४२ | | १९,६० | |
| सञ्चालन खर्च | १६,१९ | | १६,३३ | |
| वित्तीय खर्च | ३५ | | १८ | |
| ह्रास कट्टी तथा परिशोधन खर्च | ३,३८ | | २,८२ | |
| **कुल खर्च** | | **४३,३४** | | **३८,९३** |
| **आयकर अघिको खुद बचत** | | **१,८७,६७** | | **१,८१,०३** |
| आयकर व्यवस्था | ४७,९७ | | ४६,८६ | |
| स्थगन कर खर्च/(आम्दानी) | (९५) | | १,७१ | |
| **कुल कर खर्च** | | **४७,०२** | | **४८,५७** |
| **आयकर पछिको खुद बचत** | | **१,४०,६५** | | **१,३२,४६** |

प्राधिकरणको गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानी ५.०२ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ३१ करोड १ लाख, कुल खर्च ११.३२ प्रतिशतले वृद्धि भई रु.४३ करोड ३४ लाख र खुद बचत ६.१८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ४० करोड ६५ लाख पुगेको छ।

३. **सञ्चित कोष दाखिला -** बिमा ऐन, २०७९ को दफा २० मा प्राधिकरणको एउटा छुट्टै कोष हुने र उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, बिमा कम्पनीको स्थापना, पूर्व स्वीकृति, इजाजत प्रदान गरेबापतको रकम, बिमा मध्यस्थकर्ताको इजाजतपत्र प्रदान वा नवीकरण गरेबापतको रकम, बिमा व्यवसायको नियमन शुल्क बापतको रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट प्राप्त रकम रहने व्यवस्था छ। साथै उपदफा ६ मा कोषमा जम्मा भएको रकम मध्ये प्राधिकरणको कार्य सञ्चालन, व्यवस्थापन तथा बिमा विकासको लागि वार्षिक रूपमा छुट्याएको रकमको अतिरिक्त ५० प्रतिशतले हुने रकमबाहेक अन्य रकम वार्षिक रूपमा सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यस वर्ष रु.५० करोड सङ्घीय सञ्चित कोषमा दाखिला गरेको देखिन्छ। प्राधिकरणको कोषमा २०८२ आषाढ मसान्तमा रु.७ अर्ब ७८ करोड ८९ लाख मौज्दात रहेको छ। प्राधिकरणले दाखिला गर्नुपर्ने र दाखिला गर्न बाँकी रकम खुलाई विवरण तयार गरेको छैन। ऐनको व्यवस्थाअनुसार तोकिएको कोषलगायतमा रकम छुट्याई बाँकी रकम यकिन गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

४. **आसामी हिसाब -** प्राप्त हुनुपर्ने सेवा शुल्क र ब्याज जस्ता रकम आसामीबाट समयमै प्राप्त गर्नुपर्दछ। प्राधिकरणले प्राप्त गर्नुपर्ने रकम गत वर्षको अन्तमा रु.१ अर्ब ६८ करोड ५९ लाख रहेकोमा यो वर्ष ५८.९७ प्रतिशतले घट्न गई रु.६९ करोड १७ लाख भएको छ। उक्त रकममा प्राप्त हुन बाँकी सेवा शुल्क रु.६५ करोड ३५ लाख र प्राप्त हुन बाँकी ब्याज आम्दानी रु.३ करोड ८२ लाखसमेत समावेश छ। बिमा कम्पनीहरूबाट चौथो त्रैमासिकसम्म प्रकाशित अपरिष्कृत त्रैमासिक वित्तीय विवरणअनुसार सेवा शुल्क रु.१ अर्ब ८८ करोड ६५ लाख उल्लेख गरेकोमा प्राधिकरणले लेखाङ्कन गरेको सेवा शुल्क रु.१ अर्ब ८६ करोड ४८ लाख आम्दानी देखाएकोले रु.२ करोड १७ लाख फरक परेको छ। प्राधिकरणले बिमा कम्पनीहरूको समयमै लेखापरीक्षण गर्न लगाई सेवा शुल्कको रकम यकिन गरी दाखिला गराउनुपर्दछ।

५. **पुँजी पर्याप्तता -** बिमक दर्ता तथा बिमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ४ (क) र (ख) बमोजिम जीवन बिमा कम्पनीको रु.५ अर्ब र निर्जीवन बिमा कम्पनीको रु.२ अर्ब ५० करोड चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। सञ्चालनमा रहेको एक जीवन बिमा कम्पनीको रु.४ अर्ब ८१ करोड ९० लाख र ४ निर्जीवन बिमा कम्पनीको रु.३ अर्ब ५७ करोड २४ लाखले तोकिएभन्दा घटी चुक्ता पुँजी रहेको देखिन्छ। प्राधिकरणले बिमा कम्पनीहरूलाई निर्देशिकाको व्यवस्था पालना गर्न लगाउनुपर्दछ।

६. **व्यतीत तथा समर्पित बिमालेख** - गत वर्ष १४ जीवन बिमा कम्पनीबाट जारी भएका १ लाख १३ हजार ९७६ बिमालेख समर्पण भएकोमा यो वर्ष १ लाख ८ हजार २३८ समर्पण भएको छ। समर्पण मूल्य गत वर्ष रु.१४ अर्ब ५० करोड १३ लाख रहेकोमा यो वर्ष ४.४९ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब १५ करोड २२ लाख रहेको छ। त्यसै गरी गत वर्ष ११ लाख ५८ हजार २९९ व्यतीत बिमालेख रहेकोमा यो वर्ष ७.३४ प्रतिशतले वृद्धि भई १२ लाख ४३ हजार ३६५ पुगेकोमा यस रकममा २.८८ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब १ करोड ७८ लाख पुगेको छ। प्राधिकरणले बिमालेखको समर्पण दर वृद्धि हुनुका कारण पहिचान गरी सोको समाधानका लागि उचित व्यवस्थापन गर्नुपर्दछ।

७. **लघु बिमा** - कम्पनीहरूले बिमा ऐन, २०७९ को दफा २७ बमोजिमको सर्त पूरा गरेकोमा दफा २९ बमोजिम दर्ता गरी इजाजत प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारको २०७९।८० को बजेट बक्तव्यमा उल्लेख भए बमोजिम बिमा प्राधिकरणले लघु बिमक संस्थापन तथा दर्ता सम्बन्धी निर्देशिका, २०८० अनुसार सम्बन्धित लघु बिमा कम्पनीले पेस गरेको प्रस्तावअनुसार बिमा प्राधिकरणको सञ्चालक समितिको २०७९।८।७ को निर्णयबाट मापदण्ड पूरा गरेको ३ जीवन र ४ निर्जीवन सहित ७ कम्पनीलाई पूर्व सहमति दिएको छ। बिमा कम्पनीहरू एकआपसमा गाभिएर १४ जीवन तथा १४ निर्जीवन बिमा कम्पनी सञ्चालनमा रहेका छन्। लघु बिमा व्यवसायको स्तर न्यून रहे तापनि ठुला बिमा कम्पनीहरूसँग प्रतिस्पर्धा गरी व्यवसाय गर्नुपर्ने अवस्था छ। साथै, लघु बिमा कम्पनीहरूको दिगोपना, बजारको जोखिम तथा अन्तर्राष्ट्रिय अभ्यासलगायतका आधारमा प्राधिकरणले उपयुक्त व्यवस्था गर्नुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा उल्लेख भएकोमा यो वर्षसम्म सुधार भएको छैन।

८. **बिमालेख** - बिमा ऐन, २०७९ को दफा १२३ अनुसार बिमकले बिमालेखमा उल्लेख भए बमोजिम बिमा दाबी पेस हुन आएमा पेस भएको मितिबाट तोकिएको अवधिभित्र दाबी फर्स्यौंट गर्ने, कुनै बिमित दाबी भुक्तानी लिन नआएमा दाबी भएका बखत भुक्तानी गर्ने गरी दाबी नभएको कोष (अनक्लेम्ड फण्ड) मा जम्मा गर्नुपर्ने व्यवस्था छ। जीवन बिमा परिपक्व दाबी भुक्तानीसम्बन्धी निर्देशन, २०८१ मा यस सम्बन्धी अवधि र प्रक्रिया उल्लेख छ। जीवन बिमा कम्पनीहरूले बिमितलाई भुक्तानी गर्न बाँकी दाबी सम्बन्धमा जीवन बिमा कम्पनीबाट पूर्ण परिपक्व दाबी, चुक्ता दाबी, समर्पण दाबी तथा मृत्यु दाबी अन्तर्गत १ वर्षभन्दा बढी समयदेखि भुक्तानी हुन बाँकी रकम गत वर्ष रु.१ अर्ब १९ करोड ९४ लाख १३ हजार रहेकोमा यो वर्षको अद्यावधिक विवरण पेस गरेको छैन। उक्त रकममा समावेश बिमालेख परिपक्व भइसकेको भुक्तानी हुन बाँकी रु.३७ करोड ३७ लाख ९ हजार जीवन बिमा कम्पनीले नै प्रयोग गर्दै आइरहेको देखिन्छ। प्राधिकरणले भुक्तानी नहुनुको कारणबारे बिमकहरूसँग जानकारी लिने गरेको देखिएन। साथै बिमा दाबी भुक्तानीमा ढिलाइ हुनुको कारण बिमित मात्र नभई बिमकसमेत जिम्मेवार हुने हुँदा सो सम्बन्धमा प्राधिकरणले अनुगमन गरी आवश्यक निर्देशन दिनुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन।

९. **मुद्दा फर्स्यौंट** - बिमा ऐन, २०७९ को दफा १२८ अनुसार बिमकले बिमालेखमा उल्लिखित अवधिभित्र बिमितलाई बिमा दाबी भुक्तानी नगरेमा, दायित्व निर्धारण नगरेमा वा बिमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित बिमितले प्राधिकरणसमक्ष उजुरी गर्न सक्ने व्यवस्था छ। अघिल्ला वर्षदेखिको फर्स्यौंट गर्न बाँकी मुद्दाको सङ्ख्या २८७ र यो वर्षको नयाँ निवेदन २३५ र पुनरावेदनबाट ३ थप भई ५२५ पुगेकोमा १३१ मुद्दा फर्स्यौंट भई ३९४ मुद्दा फर्स्यौंट गर्न बाँकी रहेको देखिन्छ। विगत ५ वर्षको मुद्दाको विवरणको विश्लेषण गर्दा फर्स्यौंट गर्न बाँकी मुद्दा तथा दर्ता भएका थप निवेदनको सङ्ख्यामा वृद्धि भएको देखिन्छ। प्राधिकरणले बाँकी रहेका मुद्दाहरू प्राथमिकतामा राखी फर्स्यौंट गर्नुपर्दछ।

१०. **बिमा सूचना केन्द्र** - बिमा ऐन, २०७९ को दफा १५५ अनुसार बिमा प्राधिकरणले बिमा क्षेत्रको सूचना सङ्कलन गरी एकीकृत र व्यवस्थित गर्नका लागि बिमा सूचना केन्द्र स्थापना गर्न सक्ने व्यवस्था छ। प्राधिकरणले सो केन्द्र स्थापना नगर्दा बिमासम्बन्धी सूचनाको सङ्कलन, भण्डारण तथा वितरण, बिमा ठगी, जालसाजी, किर्तेलगायतका बिमा अपराध गरेको वा अस्वाभाविक वा शङ्कास्पद बिमा गतिविधि गर्ने बिमितलाई

आवश्यकता अनुसार कालोसूची वा शङ्कास्पदको सूचीमा राख्ने एवं ऐनको दफा १४३(४) बमोजिमको सूचना सङ्कलन गरी अभिलेख राख्ने कार्य हुन सकेको छैन। प्राधिकरणले बिमा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११. **क्रस होल्डिङ्ग -** बिमा ऐन, २०७९ को दफा २५(३) मा एकाघरको परिवारले बिमा कम्पनीको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी हुने गरी सेयर लगानी गर्न नसक्ने र दफा २५(५) अनुसार कुनै एक व्यक्ति, संस्था तथा सम्बद्ध व्यक्तिले दुई वा दुईभन्दा धेरै बिमा कम्पनीमा एक प्रतिशतभन्दा धेरै हुने गरी लगानी गर्न नपाउने व्यवस्था छ। एक बिमा कम्पनीले अर्को बिमा कम्पनीमा लगानी गर्दा स्वार्थ बाझिने हुँदा ऐनको उक्त व्यवस्थाबमोजिम बिमा प्राधिकरणले बिमकको सेयर लगानीमा क्रस होल्डिङ्गसम्बन्धी निरन्तर रूपमा अनुगमन गरी तोकिएको सीमाभन्दा बढी लगानी गरेको संस्थापक वा संस्थापक समूहको सेयर सीमाभित्र कायम गर्नु गराउनुपर्दछ। यस सम्बन्धमा गत विगतको प्रतिवेदनमा समेत बेहोरा उल्लेख गरेकोमा स्थिति यथावत् रहेको छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६४५ देखि ६४७ मा संलग्न छ।**

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी तथा व्यवस्थित बनाउन आवश्यक नीति, कार्ययोजना तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकारसमक्ष पेस गर्ने, पशु चिकित्सकको योग्यता निर्धारण गरी नाम दर्ता तथा नियमन गर्ने लगायतका कार्य गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ५ अनुसार नेपाल सरकारबाट मनोनित पशु चिकित्सक अध्यक्षसमेत ११ सदस्यीय पदाधिकारी रहने गरी परिषद्को गठन भएको छ। परिषदमा ५ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | ३,६१,८३ | | ३,५३,०४ | |
| चालु सम्पत्ति | ३,२५,६१ | | २,९२,३२ | |
| **जम्मा सम्पत्ति** | | **६,८७,४४** | | **६,४५,३६** |
| **कोष र दायित्व** | | | | |
| परिषद् कोष र सञ्चित बचत | ३,१३,३६ | | २,८२,३७ | |
| पुँजीगत अनुदान | ३,७४,०८ | | ३,६२,९९ | |
| **जम्मा कोष तथा दायित्व** | | **६,८७,४४** | | **६,४५,३६** |

परिषद्को जम्मा सम्पत्ति र जम्मा कोष तथा दायित्व गत वर्षको तुलनामा ६.५२ प्रतिशतले वृद्धि भई यो वर्ष रु.६ करोड ८७ लाख ४४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - परिषद्को सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| नेपाल सरकारबाट प्राप्त अनुदान | १,७९,२० | | १,६२,७२ | |
| ब्याज आय | १३,९५ | | १९,१८ | |
| दर्ता शुल्कबाट आय | ३३,१० | | ३१,९६ | |
| उपदान कोषको लागि प्राप्त निकासा | ८,४४ | | ८,४४ | |
| शिक्षण संस्थाहरूको अस्थायी मान्यता शुल्क | ८,०२ | | - | |
| इथिकल क्लियरेन्स तथा नो अब्जेक्सन लेटर | २,३६ | | - | |
| विविध आय | २,०६ | | ३,९५ | |
| अनुदानबाट प्राप्त सम्पत्तिको ह्रासकट्टी आम्दानीमा सारिएको | ३०,३१ | | ३३,९९ | |
| **कुल आम्दानी** | | **२,७७,४४** | | **२,६०,२४** |
| **खर्च** | | | | |
| प्रशासनिक खर्च | ५६,४४ | | ५४,९७ | |
| कार्यालय सञ्चालन खर्च | ९७,२१ | | ८४,९१ | |
| ह्रास खर्च | ३१,८७ | | ३६,१७ | |
| कार्यक्रम खर्च | ६०,९३ | | ४३,४० | |
| **कुल खर्च** | | **(२,४६,४५)** | | **(२,१९,४५)** |
| **बचत** | | **३०,९९** | | **४०,७९** |

परिषद्को कुल आम्दानी गत वर्षको तुलनामा यो वर्ष ६.६१ प्रतिशतले वृद्धि भई रु.२ करोड ७७ लाख ४४ हजार पुगेको छ। त्यसैगरी, परिषद्को कुल खर्च गत वर्षको तुलनामा १२.३० प्रतिशतले वृद्धि भई रु.२ करोड ४६ लाख ४५ हजार पुगेको छ। परिषद्को बचत गत वर्षको तुलनामा २४.०३ प्रतिशतले घटेर यो वर्ष रु.३० लाख ९९ हजार पुगेको छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६४८ देखि ६४९ मा संलग्न छ।**

# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

पशु चिकित्सा बाहेकका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय र मर्यादित् ढङ्गले परिचालन गर्न पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ अन्तर्गत परिषद्को स्थापना भएको हो। नेपाल सरकारबाट नियुक्त अध्यक्षसहित १८ सदस्यीय परिषद् रहेको छ।

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३२ आषाढ २०८२ | | ३१ आषाढ २०८१ | |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| स्थिर सम्पत्ति | ४९,८५ | | २३,९८ | |
| चालु सम्पत्ति | ३,६६,१३ | | - | |
| **जम्मा सम्पत्ति** | | **४,१५,९८** | | **२३,९८** |
| **कोष तथा दायित्व** | | | | |
| सञ्चित वचत | ३,३९,१५ | | (२८) | |
| स्थगन अनुदान दायित्व | ७६,५५ | | २३,९८ | |
| चालु दायित्व | २८ | | २८ | |
| **जम्मा कोष तथा दायित्व** | | **४,१५,९८** | | **२३,९८** |

परिषद्को जम्मा सम्पत्ति र कोष तथा दायित्व गत वर्ष रु.२३ लाख ९८ हजार रहेकोमा यो वर्ष रु.४ करोड १५ लाख ९८ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** परिषद्को सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | | २०८०।८१ | |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| सदस्यता शुल्क | ३,३९,४३ | | - | |
| अनुदान आय | १,४०,१९ | | ६३,५३ | |
| स्थगत अनुदान आय | ५,४७ | | ७१ | |
| **कुल आम्दानी** | | **४,८५,०९** | | **६४,२४** |
| **खर्च** | | | | |
| कर्मचारी सुविधा खर्च | ६,०६ | | ८,६५ | |
| प्रशासनिक खर्च | १,३४,१३ | | ५५,१७ | |
| ह्रास खर्च | ५,४७ | | ७० | |
| **कुल खर्च** | | **१,४५,६६** | | **६४,५२** |
| **बचत/(नोक्सानी)** | | **३,३९,४३** | | **(२८)** |

परिषद्को कुल आम्दानी गत वर्ष रु.६४ लाख २४ हजार रहेकोमा यो वर्ष रु.४ करोड ८५ लाख ९ हजार रहेको छ। परिषद्ले कर्मचारी सुविधा, प्रशासनिक खर्च र ह्रास खर्च शीर्षकमा कुल रु.१ करोड ४५ लाख ६६ हजार खर्च गरी रु.३ करोड ३९ लाख ४३ हजार बचत गरेको छ।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६५० देखि ६५१ मा संलग्न छ।**

# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् (२०८०।८१)

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०८१ | |
|---|---|---|
| **सम्पत्ति** | | |
| स्थिर सम्पत्ति | २३,९८ | |
| चालु सम्पत्ति | - | |
| **जम्मा** | | **२३,९८** |
| **कोष र दायित्व** | | |
| सञ्चित बचत | (२८) | |
| स्थगन अनुदान दायित्व | २३,९८ | |
| अन्य चालु दायित्व | २८ | |
| **जम्मा** | | **२३,९८** |

परिषद्को स्थिर सम्पत्ति रु.२३ लाख ९८ हजार रहेको छ। त्यसैगरी कोष तथा दायित्व रु.२३ लाख ९८ हजार रहेकोमा सञ्चित नोक्सानी रु.२८ हजार रहेको छ।

२. **सञ्चालन नतिजा** - परिषद्को सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८०।८१ | |
|---|---|---|
| नेपाल सरकारबाट अनुदान प्राप्त | ६४,२४ | |
| ब्याज आय | | |
| विविध आय | | |
| **कुल आम्दानी** | | **६४,२४** |
| कर्मचारी खर्च | ८,६५ | |
| कार्यालय सञ्चालन खर्च | ५५,१७ | |
| ह्रास खर्च | ७० | |
| **कुल खर्च** | | **६४,५२** |
| **बचत/(नोक्सानी)** | | **(२८)** |

परिषद्को यो वर्ष दर्ता शुल्क, नवीकरण शुल्क लगायतको आम्दानी शून्य रहेको र नेपाल सरकारबाट प्राप्त अनुदान रु.६४ लाख २४ हजार खर्च भई यो वर्ष रु.२८ हजार सञ्चालन नोक्सानी रहेको छ।

३. **कार्यसञ्चालन** - नेपालको पशु स्वास्थ्य तथा पशु सेवाको क्षेत्रमा कार्यरत आधारभूत तहका प्राविधिक जनशक्तिदेखि विषय विज्ञ सम्मका जनशक्तिलाई दर्ता र नियमन गर्ने प्रमुख उद्देश्यले स्थापित यस परिषद्मा नेपाल पशु चिकित्सा परिषद्मा दर्ता हुन योग्य जनशक्ति बाहेकका पशु स्वास्थ्य तथा पशु सेवा क्षेत्रमा कार्यरत पशुपन्छी, मत्स्य र दुग्ध विज्ञानसम्बन्धी जनशक्ति दर्ता हुने व्यवस्था रहेको छ। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को परिधिभित्र रहेर प्रदेश कानुन बनाउने र सो कानुनले तोकेको निकायले समेत प्रदेशस्तरमा जनशक्ति दर्ता हुने व्यवस्था छ। प्रदेश कानुन नबनेसम्म त्यसले गर्ने सम्पूर्ण काम पनि यसै परिषद्ले गर्नुपर्ने व्यवस्था ऐनमा उल्लेख छ। परिषद्मा दर्ता नभई पशु स्वास्थ्य तथा पशु सेवाका कुनै पनि व्यवसाय गर्न नपाइने र दर्ता नभई उक्त व्यवसाय गरेमा दण्डनीय हुने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। परिषद् यसै वर्ष स्थापना भएकोले यो वर्ष उद्देश्य अनुरूप दर्ता नवीकरणका कार्य प्रारम्भ भएको देखिएन।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६५२ देखि ६५३ मा संलग्न छ।**

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## गुठी संस्थान (२०७९।८०)

देशभित्र रहेका राजगुठी, छुट गुठी, निजी गुठीलगायतका सबै गुठीको उचित व्यवस्था गर्ने उद्देश्यले संस्थान ऐन, २०२१ बमोजिम यस संस्थानको स्थापना भएको हो। संस्थानअन्तर्गत काठमाडौं उपत्यकामा कालमोचन, भद्रकाली, पशुपतिनाथ मन्दिर परिसर, भक्तपुर, ललितपुर, धुलिखेल, जनकपुरधाम, जलेश्वर र वीरगन्जमा शाखा कार्यालयहरू रहेका छन्। यसका साथै कुत तथा बाली असुली विभिन्न मालपोत कार्यालयबाट पनि हुने गरेको छ।

१. **आय व्यय विवरण -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | ३१ आषाढ २०८० | | ३२ आषाढ २०७९ | |
|---|---|---|---|---|
| **गत वर्षको जिम्मेवारी** | | **५,२२,१९,६८** | | **४,७३,१४,८४** |
| **गत वर्षको धरौटी जिम्मेवारी** | | **७,०४,९३** | | |
| यस वर्षको आय | | | | |
| कर्मचारी कल्याण कोष | २,१६ | | १,९१ | |
| घर जग्गा सापटी कोष | ३०,३० | | ६०,३९ | |
| पेन्सन उपदान कोष | ३०,३९,४० | | १७,७३,६३ | |
| अक्षय कोष | ११,७४,११ | | ६,२०,६८ | |
| शाखा आम्दानी | १७,६८,७२ | | १४,९८,३५ | |
| मालपोत कार्यालयबाट आम्दानी | ३,७२,२७ | | १,३९,८२ | |
| ब्याज | ४४,५८,६७ | | २९,८९,३४ | |
| घर भाडा | ४,१४,५८ | | २,०९,५२ | |
| धरौटी | २,६४,३५ | | | |
| **यस वर्षको आय** | | **१,१५,२४,५६** | | **७२,९३,६४** |
| **कुल आय** | | **६,४४,४९,१७** | | **५,४६,०८,४८** |
| प्रशासनिक खर्च | १३,६५,१९ | | १३,२७,४० | |
| पर्व पूजा खर्च | १२,५६,९९ | | ११,०२,६२ | |
| निर्माण तथा मर्मत सम्भार | १,०९,९२ | | १,३६,७७ | |
| विविध खर्च | ३९,९५ | | ४५,८२ | |
| **कुल खर्च** | | **(२७,७२,०५)** | | **(२६,१२,६१)** |
| कर्मचारी कल्याण तथा घरजग्गा कोष | ५ | | १,५३ | |
| पेन्सन उपदान अक्षय कोष | १,४९,३९ | | १,६०,६६ | |
| गुठी कोष तथा अन्य खर्च | ३७,५२,३३ | | ६,०४,१८ | |
| धरौटी खर्च | ३,३२,०४ | | | |
| **कुल कोष खर्च** | | **(४२,३३,८१)** | | **(७,६६,३७)** |
| आगामी वर्षको लागि जिम्मेवारी | | ५,७४,४३,३१ | | ५,१२,२९,५० |
| **कुल व्यय** | | **६,४४,४९,१७** | | **५,४६,०८,४८** |

संस्थानको गत वर्षको तुलनामा यस वर्षको आय ५८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १५ करोड २४ लाख ५६ हजार पुगेकोमा कुल खर्च ६.१० प्रतिशतले वृद्धि भई रु.२७ करोड ७२ लाख ५ हजार पुगेको छ। गत वर्ष रु.६ करोड ४ लाख १८ हजार रहेकोमा यस वर्ष ५२१.०६ प्रतिशतले वृद्धि भई पेन्सन कोष निकासा रु.२० करोडसमेत गुठी कोष तथा अन्य खर्च रु.३७ करोड ५२ लाख ३३ हजार पुगेको छ। कुल कोष खर्च यस वर्ष गत वर्षको तुलनामा ४५२.४५ प्रतिशतले वृद्धि भई रु.४२ करोड ३३ लाख ८१ हजार रहेको छ।

२. **गत वर्षको जिम्मेवारी -** गत वर्षको वित्तीय विवरणमा आगामी वर्षको लागि जिम्मेवारी रु.५ अर्ब १२ करोड २९ लाख उल्लेख गरेकोमा यो वर्ष रु.५ अर्ब २२ करोड २० लाख जिम्मेवारी सारेको छ। गत वर्षको वित्तीय विवरणमा भन्दा रु.९ करोड ९१ लाख बढी जिम्मेवारी सारेको छ। सो सम्बन्धमा हिसाब मिलान सहितको विवरण पेस हुनुपर्दछ।

३. **स्थिर सम्पत्ति -** संस्थानले आफ्नो स्वामित्वमा भएको जग्गा, भवन, कार्यालय उपकरण तथा अन्य सम्पत्तिको लगत दुरुस्त तथा अद्यावधिक नराखेको, सम्पत्तिको भौतिक परीक्षण नगरेको र सङ्केत सहितको लगत राख्ने गरेको छैन। संस्थानले यस वर्ष रु.२५ लाख २५ हजारको पुँजीगत खरिदलाई स्थिर सम्पत्तिमा नदेखाई सञ्चालन खर्चमा लेखाङ्कन गरेको छ।स्थिर सम्पत्तिको भौतिक परीक्षण गरी अद्यावधिक अभिलेख राख्नुपर्दछ।

४. **सम्पत्ति व्यवस्थापन -** गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम १७(१) बमोजिम कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र संस्थानले जग्गासम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। संस्थानले विभिन्न ६८ जिल्लाअन्तर्गत पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० बिघा जग्गा गुठीको नाममा रहेको देखाएको छ। संस्थानसँग जिल्लागत जग्गाको अभिलेख तथा जग्गाको अद्यावधिक विवरण नरहेकाले कुल जग्गाको क्षेत्रफल यकिन हुने अवस्था छैन। संस्थानको नाममा रहेको जग्गा तथा सम्पत्तिको एकीकृत र कार्यालयगत अभिलेख तयार गरी जग्गाको संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

संस्थानबाट प्राप्त विवरणअनुसार संस्थानको नाममा रहेका जग्गामध्ये धनुषा जिल्लामा ४३.५ बिघा, महोत्तरीमा १२२ बिघा, बारामा २७ बिघा, पर्सामा ७ बिघा तथा काठमाडौं, ललितपुर र भक्तपुरमा क्रमशः १४, १२ र २ रोपनी जग्गा अतिक्रमण भएको देखिन्छ। यद्यपि संस्थानले यसको पूर्ण लगत तयार नगरेकोले सो लगत तयार गर्नुपर्ने र अन्य जिल्लामा अतिक्रमण भएका जग्गाको एकीकृत तथा अद्यावधिक लगत तयार गरी अतिक्रमित जग्गाहरूको संरक्षण गर्नुपर्दछ।

५. **बक्यौता असुली -** गुठी संस्थान (कार्यव्यवस्था) विनियम, २०४९ को विनियम १७ (२) र (३) मा संस्थानको स्वीकृति बेगर कुनै सरकारी कार्यालय वा अन्य कुनै निकायले कुनै गुठी जग्गा उपभोग गरी राखेको पत्ता लागेमा त्यसको सूचना सम्बन्धित गुठी कार्यालयले संस्थानमा पठाउनुपर्ने र सूचना प्राप्त भएपछि संस्थानले सम्बन्धित निकायसँग सम्पर्क राखी जग्गाको क्षतिपूर्ति वा मुआब्जा वा कानुन बमोजिमको कुत इत्यादी जे जति लिनुपर्ने हो सो को लगत बनाई असुलउपर गर्नुपर्ने व्यवस्था छ। संस्थानको स्वीकृतीबिना उपयोग गरेका गुठी जग्गाहरूबाट यस वर्षसम्म रु.१६ अर्ब ७२ करोड २५ लाख संस्थानले लिनुपर्ने उल्लेख गरी संस्थानको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा राख्ने गरेको देखिन्छ। उक्त बक्यौता रकम उठाउने कार्य भएको छैन। बक्यौता रकम असुल गर्नुपर्दछ।

६. **लगानी नीति -** संस्थानले १४ बैङ्कमा मौज्दात रहेको अक्षय कोषको रु.३ अर्ब ३७ करोड तथा पेन्सन कोषको रु.१ अर्ब १३ करोडसमेत रु.४ अर्ब ५० करोड मुद्दती खातामा राखेकोमा उक्त लगानीको स्थिति र प्रतिफल सम्वन्धमा सञ्चालक समितिले विश्लेषण गरेको छैन। सो को लगानी नीति पनि तयार गरेको देखिँदैन। विगत वर्षदेखि नै बचतमा रहेकोले अधिक प्रतिफल आउने सुरक्षित क्षेत्रमा लगानी गर्नुपर्दछ।

७. **मुद्दाको अभिलेख तथा फर्स्यौट -** संस्थानसँग सम्बन्धित २ हजार १५३ मुद्दा सर्वोच्च अदालतसमेत ६ अदालतमा विचाराधीन रहेको देखिन्छ। यसबाट संस्थानलाई पर्न सक्ने दायित्व यकिन हुन सकेको छैन। संस्थानले हालसम्म दर्ता भएका मुद्दाको अभिलेख राखेको भएपनि फर्स्यौट भएका र कार्यप्रगतिमा रहेका मुद्दाको व्यवस्थित अभिलेख राखेको छैन।

❖ **लेखापरीक्षकको रायसहितको प्रतिवेदन अनुसूची १ को पृष्ठ ६५४ देखि ६५६ मा संलग्न छ।**

# सुधार गर्नुपर्ने क्षेत्रहरू

संगठित संस्थाको सञ्चालनमा वित्तीय जवाफदेहिता, पारदर्शीता प्रवर्द्धन, संस्थालाई व्यावसायिक कार्ययोजना बनाई सञ्चालन गरेर मुलुकको विकासमा योगदान गर्ने अभिन्न अंगको रूपमा लैजान देहायका सुधार गर्नुपर्दछः

१. नेपाल सरकारले संस्था स्थापना, संस्थामा गर्ने लगानी, सेयर संरचना, रूग्ण संस्थाको सञ्चालन सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था हुनुपर्दछ।

२. सार्वजनिक संस्थानको स्थापनाको उद्देश्य प्राप्तिका लागि व्यावसायिक योजना तयारी, त्यसको कार्यान्वयन, आवधिक समीक्षा र सामयिक सुधार हुनुपर्दछ ।

३. नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थानवाट सहायक कम्पनीमा सञ्चालक नियुक्त वा मनोनयन हुँदा नेपाल सरकारको समन्वयमा निर्णय गर्नेगरी नीतिगत व्यवस्था हुनुपर्दछ ।

४. सार्वजनिक संस्थानको दीर्घकालीन दायीत्वमा असर पार्ने निर्णय गर्दा अर्थ मन्त्रालयको सहमतिमा मात्र गर्नेगरी नीतिगत व्यवस्था हुनुपर्दछ ।

५. सार्वजनिक संस्थानको सम्पत्तिको यथोचित संरक्षण, उपयोग र लेखाङ्कन हुनुपर्दछ ।

६. सार्वजनिक संस्थान र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयविचको ऋण हिसाब आवधिकरुपमा भिडान गरी फरफारक गर्नुपर्दछ ।

७. कतिपय सार्वजनिक संस्थानहरूमा रहेको कोषको परिचालन सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था नभएको एवम् त्यस्तो कोषमा ठूलो रकम मौज्दात रहेकोले कोष परिचालन सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था हुनुपर्दछ।

८. भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको व्यवस्था नगरिँदा सार्वजनिक संस्थानहरूले दीर्घकालमा भुक्तानी गर्नुपर्ने दायित्व अन्ततः नेपाल सरकारलाई नै पर्न जाने देखिएकोले खर्चमा मितव्ययिता, उत्पादन तथा दैनिक कार्य सञ्चालनमा पारदर्शिता एवम् जवाफदेहिता अभिवृद्धि गरी संस्थागत सुधारमा सबै सरकारी संस्थालगायत सरोकारवालाको सक्रिय सहभागिता रहनुपर्दछ। साथै सार्वजनिक संस्थानले बिमाङ्कीय मुल्याङ्कनअनुसार कर्मचारी दायित्वको व्यवस्था र सो अनुसार कर्मचारी सुविधा योजनामा लगानी गर्नुपर्दछ ।

९. सार्वजनिक संस्थानले बक्यौता रकम असुलीका लागि प्रभावकारी तवरले कार्य गर्नुपर्दछ ।

१०. विद्युतीय प्रविधिमा आधारित लेखा प्रतिवेदन तयार गर्न एकाउन्टिङ्ग सफ्टवेयरको प्रयोगमा जोड दिने, सबै वित्तीय सूचना समेट्ने गरी वित्तीय विवरण तयार गर्ने, प्रविधि र संरचनाको प्रयोग एकीकृत ढङ्गबाट गर्ने व्यवस्था मिलाउने लगायतका विषयलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ।

११. संस्था सुधारका लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने एवम् सो अनुरूप भए नभएको नियमन गर्नुपर्दछ।

१२. प्रचलित कानुनमा तोकेबमोजिम प्रत्येक वर्ष लेखापरीक्षण गर्ने, सम्बन्धित संस्थाले तयार गरेको वित्तीय विवरण नियमन निकायले परीक्षण गरी आवश्यक निर्देशन दिने, सम्बन्धित संस्थाको कार्यक्षेत्र समीक्षा गर्ने, समयमा नै लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग गर्ने र विगत वर्षको लेखापरीक्षण समयमा नै गरी देखिएका बेहोरा फरफारक गरी वित्तीय जवाफदेहितामा अभिवृद्धि गर्नुपर्दछ।

१३. जनसरोकारसँग सम्बन्धित आधारभूत सेवा प्रदान गर्ने संस्थानको कार्यशैलीमा आधुनिकता ल्याउनुपर्ने आवश्यकता छ। त्यस्तै सेवाको लागतमा कमी ल्याई विद्युतीय प्रणालीबाट प्रवाह गर्न संरचनात्मक सुधारलाई जोड दिनुपर्दछ। आधुनिक सूचना प्रविधि, सेवामा टोकन प्रणाली, विद्युतीय माध्यमबाट भुक्तानी प्रणालीमा सुधार, अन्तरसञ्जाल सूचनाको उपयोग तथा वेवसाइटलगायतका प्रविधिको उपयोग गरी सेवा प्रवाहलाई चुस्त, दुरूस्त र छिटो छरितो पार्नुपर्दछ।

१४. सार्वजनिक संस्थानमा स्वतन्त्र सञ्चालक नियुक्ति गर्दा विज्ञ सदस्यलाई नियुक्ति गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ।

१५. सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वित्तीय विवरण पेश गरी लेखापरीक्षण गराउनुपर्ने कानूनी व्यवस्था गर्नुपर्दछ।

१६. सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको वित्तीय विवरण प्रमुख कार्यकारीलगायत सञ्चालक समितिले प्रमाणित गरेर लेखापरीक्षणको लागि पेस गर्ने कानूनी व्यवस्था हुनुपर्दछ।

# अनुसूचीहरू

# विषयसूची

## लेखापरीक्षण प्रतिवेदन

**सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था** — पाना नं.


### अर्थ मन्त्रालय

१. निक्षेप तथा कर्जा सुरक्षण कोष..... २१०
२. नेपाल राष्ट्र बैङ्क..... २१३
३. लेखापरीक्षणमान बोर्ड..... २१९

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

४. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०८०।८१)..... २२२
५. जनकपुर चुरोट कारखाना लिमिटेड ..... २२७
६. जनकपुर चुरोट कारखाना लिमिटेड (२०८०।८१)..... २३१
७. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७९।८०)..... २३५
८. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७८।७९)..... २३९
९. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७७।७८)..... २४३
१०. धौवादी फलाम कम्पनी..... २४७
११. नेपाल औषधि लिमिटेड..... २४९
१२. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड..... २५३

### ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय

१३. अपर अरुण हाईड्रोइलेक्टिक लिमिटेड..... २५६
१४. उत्तर गंगा पावर कम्पनी लिमिटेड..... २५८
१५. तनहुँ हाईड्रोपावर लिमिटेड..... २६१
१६. तामाकोशी जलविद्युत कम्पनी लिमिटेड..... २६७
१७. दुधकोशी जलविद्युत कम्पनी लिमिटेड..... २७१
१८. नेपाल विद्युत प्राधिकरण..... २७४
१९. बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड..... २९१
२०. मोदी जलविद्युत कम्पनी लिमिटेड..... २९४
२१. रघुगंगा हाइड्रोपावर लिमिटेड..... २९७
२२. राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड..... ३०२
२३. स्यार्पु पावर कम्पनी लिमिटेड..... ३०६

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२४. कानून किताब व्यवस्था समिति..... ३०९

### कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२५. कृषि सामग्री कम्पनी लिमिटेड ..... ३११
२६. कृषि सामग्री कम्पनी लिमिटेड (२०८०।८१)..... ३१८
२७. दुग्ध विकास संस्थान (२०८०।८१)..... ३२५
२८. स्यार्पु कृषि कम्पनी लिमिटेड..... ३३४

### खानेपानी मन्त्रालय

२९. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०८०।८१)..... ३३७
३०. नेपाल खानीपानी संस्थान (२०८०।८१)..... ३४३

### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

३१. नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड..... ३६१

**वन तथा वातावरण मन्त्रालय**

३२. नेपाल वन निगम लिमिटेड ..... ३६३

३३. नेपाल वन निगम लिमिटेड (२०८०।८१)..... ३६६

३४. वन पैदावर विकास समिति (२०८०।८१)..... ३६९

**शहरी विकास मन्त्रालय**

३५. नगर विकास कोष..... ३७१

३६. राष्ट्रिय आवास कम्पनी लिमिटेड..... ३७४

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

३७. जनक शिक्षा सामग्री केन्द्र (२०८०।८१)..... ३७८

**संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

३८. तारागाउँ विकास समिति (२०७९।८०)..... ३८३

३९. नेपाल पर्यटन बोर्ड (२०७३।७४)..... ३८८

४०. नेपाल पर्यटन बोर्ड (२०७२।७३)..... ३९१

४१. नेपाल पर्यटन बोर्ड (२०७१।७२)..... ३९५

४२. नेपाल पर्यटन बोर्ड (२०७०।७१)..... ३९८

४३. नेपाल वायुसेवा निगम (२०८०।८१)..... ४०२

४४. सांस्कृतिक संस्थान..... ४०८

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

४५. नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण नेपाल) (२०७९।८०)..... ४१०

४६. प्रेस काउन्सिल नेपाल..... ४२०

४७. राष्ट्रिय समाचार समिति..... ४२३

**सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्था** **पाना नं.**

**अर्थ मन्त्रालय**

४८. आर बि बि सेक्युरिटिज लिमिटेड..... ४२५

४९. आर बि बि मर्चेन्ट बैङ्किङ..... ४२८

५०. कृषि विकास बैङ्क..... ४३२

५१. कोष व्यवस्थापन कम्पनी लिमिटेड..... ४३८

५२. नागरिक स्टक डिलर कम्पनी लिमिटेड..... ४४१

५३. नेपाल बैङ्क लिमिटेड..... ४४५

५४. नेपाल स्टक एक्सचेन्ज लिमिटेड..... ४५१

५५. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०८०।८१)..... ४५५

५६. राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड (२०७४।७५ र २०७५।७६)..... ४५८

५७. राष्ट्रिय बीमा कम्पनी लिमिटेड (२०७६।७७ र २०७७।७८)..... ४८२

५८. राष्ट्रिय वाणिज्य बैङ्क..... ४९१

५९. विशाल बजार (२०७६।७७ र २०७७।७८)..... ४९८

६०. सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड..... ५०८

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

६१. नेपाल आयल निगम..... ५१३

६२. बुटवल धागो कारखाना लिमिटेड..... ५१९

६३. बुटवल धागो कारखाना लिमिटेड (२०८०।८१)..... ५२३

६४. विराटनगर जुट मिल्स (२०७८।७९)..... ५२७

६५. विराटनगर जुट मिल्स (२०७७।७८)..... ५३१

६६. विराटनगर जुट मिल्स (२०७६।७७)..... ५३५

**ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय**

६७. अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड (२०८०।८१)..... ५३९
६८. एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड..... ५४४
६९. चिलिमे इन्जिनियरिङ्ग एण्ड सर्भिसेज कम्पनी लिमिटेड..... ५४८
७०. चिलिमे जलविद्युत कम्पनी..... ५५१
७१. चिलिमे सेती जलविद्युत कम्पनी..... ५५५
७२. चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड..... ५५८
७३. जगदूल्ला हाइड्रोपावर कम्पनी लिमिटेड..... ५६१
७४. त्रिशुली जलविद्युत कम्पनी लिमिटेड..... ५६४
७५. नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड..... ५६९
७६. नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड..... ५७१
७७. पावर ट्रान्समिसन कम्पनी लिमिटेड..... ५७४
७८. रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड..... ५७८
७९. रेमिट हाइड्रो लिमिटेड..... ५८२
८०. विद्युत उत्पादन कम्पनी लिमिटेड..... ५८५
८१. सल्लेरी च्याल्सा जलविद्युत कम्पनी..... ५८९
८२. सान्जेन जलविद्युत कम्पनी लिमिटेड..... ५९२
८३. सिम्बुवा रेमिट हाइड्रो लिमिटेड..... ५९६
८४. हाइड्रोइलेक्ट्रिसिटी इन्भेन्टमेन्ट एण्ड डेभेलप्मेन्ट कम्पनी लिमिटेड..... ५९९

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

८५. दोलखा दुग्ध उद्योग लिमिटेड..... ६०२

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

८६. साझा भण्डार सहकारी संस्था लिमिटेड..... ६०६
८७. साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड..... ६१०

**वन तथा वातावरण मन्त्रालय**

८८. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड..... ६१४

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

८९. नेपाल डिजिटल पेमेन्ट्स कम्पनी..... ६१९
९०. नेपाल दुरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)..... ६२२

**संघीय कानूनद्वारा तोकिएका संस्था** पाना नं.

**अर्थ मन्त्रालय**

९१. कर्मचारी सञ्चय कोष..... ६३५
९२. नागरिक लगानी कोष..... ६३९
९३. नेपाल बीमा प्राधिकरण..... ६४५

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

९४. नेपाल पशु चिकित्सा परिषद्..... ६४८
९५. पशु स्वास्थ्य तथा पशु सेवा व्यावसायी परिषद् ..... ६५०
९६. पशु स्वास्थ्य तथा पशु सेवा व्यावसायी परिषद् (२०८०।८१) ..... ६५२

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

९७. गुठी संस्थान (२०७९।८०)..... ६५४

# सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था

# अर्थ मन्त्रालय

## निक्षेप तथा कर्जा सुरक्षण कोष

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले निक्षेप तथा कर्जा सुरक्षण कोष (यस पछि कोष भनिएको) को यसै प्रतिवेदन साथ संलग्न मिति २०८२ आषाढ ३२ (१६ जुलाई २०२५) को वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाहको विवरण, इक्विटीमा भएका परिवर्तनको विवरण र प्रमुख लेखानीतिहरू तथा टिप्पणीहरू समावेश भएको वित्तीय विवरणका लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, "कैफियत सहितको रायको आधारहरू" अनुच्छेदमा उल्लेख गरिएका विवरणहरूले वित्तीय विवरणमा पर्ने असर बाहेक संलग्न वित्तीय विवरणहरूले कोषको २०८२ आषाढ मसान्त (तदनुसार १६ जुलाई २०२५) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनको अधिनमा रही कोषलाई लागू हुने नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard – NFRS) अनुसार सारभूत रूपमा यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको रायको आधारहरू**

**सेयर पुँजीः** नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको मिति २०७४।१२।२९ को निर्देशनबमोजिम २०७४।७५ मा कर्जा सुरक्षण कोषबाट रु.३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट रु.२ अर्ब ५४ करोड ७७ लाख पुँजीकरण गरी चुक्ता पुँजी रु.२ अर्ब ९३ करोड ४० लाखले वृद्धि भएको छ, जुन निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९(४) को निक्षेप तथा कर्जा सुरक्षण कोषमा रहेको रकम सुरक्षित निक्षेपको दाबी भुक्तानी वा शोधभर्ना गर्न बाहेक कोषको अन्य कुनै प्रयोजनका लागि खर्च गर्न नसकिने प्रावधानअनुसार रहेको छैन। जसका कारण कोषको सेयर पुँजी उल्लिखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लिखित रकम बराबर घटि भएको छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। निक्षेप तथा कर्जा सुरक्षण कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य विषयहरू (Key Audit Matters)**

मुख्य लेखापरीक्षण विषयहरू ती विषयहरू हुन् जुन हालको अवधिको वित्तीय विवरणहरूका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले तल वर्णन गरिएका विषयहरूलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरीक्षणसम्बन्धी मुख्य विषयहरूका रूपमा निर्धारण गरेका छौं।

| लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरू | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| **१. लगानी पहिचान, मूल्याङ्कन तथा परिशोधन** | |
| कोषको लगानीअन्तर्गत ऋणपत्रमा लगानी र आवधिक बचतमा लगानी रहेको छ। उल्लेखित लगानीहरुको मूल्याङ्कन गर्दा NAS 39 र NFRS 9 को अनुपालनमा | लगानी पहिचान, मूल्याङ्कन र परिशोधन प्रमाणीकरणका सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्धति देहायबमोजिम रहेको छः |

| | |
|---|---|
| गरिएको छ। ऋणपत्र र आवधिक बचतमा भएको लगानीलाई परिशोधित लागत मूल्यमा उल्लेखित गर्नुपर्छ। नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मूल्याङ्कन पद्धति, व्यावसायिक प्रणाली, गणनाको जटिलता र त्यस्ता लगानीहरुमा संलग्न रकमको महत्वलाई हाम्रो लेखापरीक्षणको मुख्य विषय मानिएको छ। | • नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कोषको लगानी र यसको मूल्याङ्कन सम्बन्धी विवरणहरुको जाँच गर्‍यौं।<br>• उपलब्ध प्रमाणहरुको आधारमा हामीले लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति र व्यवस्थापनले अपनाएको व्यावसायिक प्रणालीको मूल्याङ्कन गर्‍यौं र सोको आधारमा लगानीको वर्गीकरण भए नभएको बारेमा सुनिश्चित गर्‍यौं।<br>• परिशोधित लागतअन्तर्गत मूल्याङ्कन गरिएको लगानीको मूल्याङ्कनका लागि हामीले नमुना छनौट गरी प्रभावकारी ब्याजदर तथा परिशोधित तालिकाबमोजिम लगानीको मूल्याङ्कन परीक्षण गर्‍यौं। |
| **२. सूचना प्रविधि (सामान्य नियन्त्रण)** | |
| कोषमा व्यवसाय सञ्चालनका लागि सूचना प्रविधि प्रणालीको विश्वसनीयताले महत्वपूर्ण भूमिका खेल्दछ। कोषको अधिकांश व्यावसायिक कारोबारहरु कोषको सूचना प्रविधि प्रणालीमार्फत भइरहेका तथा कोषको सहज कार्य सम्पादन र वित्तीय विवरणहरुको यथार्थ चित्रणका लागि पनि सूचना प्रविधि पूर्वाधारहरु महत्वपूर्ण हुने गर्दछन्।<br>कारोबारको लेखाङ्कन र विभिन्न नियामक निकायको निर्देशनको अनुपालनका लागि आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरुको उत्पादनहरुको विश्वसनीयता सूचना प्रविधि, सफ्ट्वेयर र अन्य सम्बन्धित प्रणालीको प्रभावकारितामा भर पर्छ।<br>सूचना प्रविधि माथिका नियन्त्रण तथा प्रमाणीकरणमा भएका त्रुटिहरु, गलत तथ्याङ्कको प्रविष्टि तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन र नियामकहरुलाई गलत प्रतिवेदन पेश हुन सक्ने भएकाले हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयको रुपमा लिएका छौं। | कोषको सूचना प्रविधि प्रणाली सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्धति देहायबमोजिम रहेको छः<br>• कोषद्वारा प्रयोग गरिएको सफ्ट्वेयरको प्रणाली बारे बुझ्यौं।<br>• कोषमा रहेको हाल अवस्थित सूचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरुको उत्पादन प्रक्रिया बारे बुझ्यौं।<br>• कोषको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सूचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरण समेत परिवर्तन भएको सुनिश्चित गर्‍यौं।<br>• प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्‍यौं।<br>• कोषद्वारा हामीलाई उपलब्ध गराइएको सूचना प्रविधि प्रणालीको लेखापरीक्षण प्रतिवेदनमा हामीले विश्वास गरी हाम्रो लेखापरीक्षण सम्पन्न गर्‍यौं। |

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कोषको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै कोषलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कोष व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखाअनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८२।१२।२६ मा पठाइएको छ।**

# नेपाल राष्ट्र बैङ्क

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Report on the Audit of the Financial Statements**

**Opinion**

We have audited the accompanying financial statements of **Nepal Rastra Bank ("the Bank" or "NRB" hereafter)** which comprise the Statement of Financial Position as at Ashad 32, 2082, (July 16, 2025), the Statement of Net Income and Other Comprehensive Income, the Statement of Change in Equity and the Statement of Cash Flows for the year then ended, and a summary of the significant accounting policies and other explanatory information.

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid financial statements present fairly, in all material respects, the financial position of the Bank, as at Ashad 32, 2082, (July 16, 2025), and its financial performance, changes in equity, cash flows for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Opinion**

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Bank in accordance with the Handbook of the Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants 2023. We believe that the audit evidence we have obtained are sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

**Key Audit Matters (KAM)**

Key audit matters are those matters that, in our professional judgement, were of most significance in the audit of financial statements of the current period. These matters were addressed, and our results are based on procedures undertaken, in the context of, and solely for the purpose of, our audit of the financial statements as a whole, and in forming our opinion thereon, and consequently are incidental to that opinion, and we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters in our report.

| Key Audit Matters | The risk | How the matters were addressed in our audit |
|---|---|---|
| **Investment in foreign securities and term deposits with foreign banks:**<br>NRB's balances held in foreign securities and term deposits with foreign banks amounting to NPR 2,230.05 billion, equivalent to 83.48 % of NRB's total assets, impact | NRB holds a huge amount of its assets in foreign currency. Considering the nature of these investments, their impairment assessment requires judgement and significant estimates.<br>Further, the value of foreign investment fluctuates along with the change in foreign currency exchange rates | Our audit procedures to address the risk of material misstatement relating to the foreign investments, which was considered to be a significant risk included:<br>• Assessment of the design and testing of the operating effectiveness of management's control in assessing the carrying value of investments in foreign currencies, |

| Key Audit Matters | The risk | How the matters were addressed in our audit |
|---|---|---|
| of which is significantly material to the financial statements. | resulting in foreign exchange gain loss which are material. The measurement, presentation and disclosures of the investment in foreign securities and term deposits and recognition of income from those investments require management judgement and hence has been identified as a Key Audit Matter. | • Obtaining direct confirmation from the related banks to confirm the balances of the investment reported in the financial statements. Upon receipt of the confirmations, necessary reconciliations were made, and<br>• Detailed analysis of exchange rates used and valuation procedures, recalculation of interest income, and evaluation of recognition, measurement, presentation and disclosures in the financial statements in accordance with applicable NFRSs.<br>Based on our procedures performed we concluded that the investment in foreign securities disclosed in the financial statements are acceptable. |
| **Balances with International Monetary Fund (IMF):**<br>NRB's assets held with International Monetary Fund (IMF) at the year-end amounted to NPR 23.55 billion equivalent to 0.88% of total assets, impact of which is material to the financial statements. NRB has been allocated SDR on the basis of member's quota. Liabilities with IMF represent 2.01% of the total liabilities of the NRB.<br>NRB's disclosures relating to transactions with IMF are included in Note 5. 14 of the financial statements. | Due to the unique structure, terms, valuation, foreign currency translation and periodic interest accrual of the IMF holdings and allocations, it was considered key audit matters to our audit. | Our audit procedures to address the risk of material misstatement relating to IMF holdings and allocations included verification of the SDR holdings provided by the IMF and allocations with information published on the IMF website, obtaining direct confirmation from IMF and subsequently testing the exchange rates used to translate those amounts into the reporting currency as at the year end. Furthermore, we examined relevant documents and the basis of computation of interest income on SDR holding and expenses on SDR allocation and transactions undertaken during the year.<br><br>Based on our audit procedures performed, we concluded that the balances with IMF in both assets and liabilities reported in the financial statements are acceptable. |
| **Valuation of Gold and Silver:**<br>NRB maintained gold and silver as stock for minting purposes and for reserves. | The valuation of these gold and silver are carried out in line with the international market which is subject to | Our audit procedures included reviewing the valuation methodology adopted (rate published by Federation of Nepal Gold and Silver Dealers Association) and |

| Key Audit Matters | The risk | How the matters were addressed in our audit |
|---|---|---|
| The value of gold and silver maintained as reserves for notes in circulation amounts to NPR 55.42 billion.<br><br>NRB's disclosures about gold and silver are included in Note 5.1 of the financial statements. | market volatility and other external economic factors.<br>Due to the unique nature of the asset's valuation methodology adopted and associated risk, it was considered key audit matters. | carrying out the physical verification of gold and silver on a sample basis.<br>Based on our procedures performed, we concluded that the valuation of gold and silver carried out consistently and disclosed in the financial statements are acceptable. |
| **Transaction with Government of Nepal:**<br>NRB acts as the banker, advisor and fiscal agent of the Government of Nepal (GoN) and is primarily responsible for managing banking transactions on behalf of GoN including loan and grant received from foreign countries and entities, collection and administration of funds of various ministries and the national exchequer.<br>NRB's assets held as advances and receivable from Government amounts to NPR 260.55million. Similarly, Deposit of Government is NPR 70.84 billion. | Given the unique nature as well as the high volume of transactions undertaken by NRB on behalf of the GoN, it was considered key audit matter. | Our audit procedures to address the risk of material misstatement relating to Deposit, advances and payments of Government included:<br>• Assessment of the design and testing of the operating effectiveness of management's control in assessing the carrying value of Deposit of Government, and<br>• Confirm the balances from records maintained by the Financial Comptroller General Office (FCGO), Nepal and reconciliation mechanism of NRB to reconcile the balances with the record of the FCGO.<br>• NRB's disclosure about the advances and receivable from Government and Deposit of Government are included in Note 4.9 and Note 4.21 of the financial statements respectively.<br>Based on our procedure performed, we concluded that the balances with the Government of Nepal reported in the financial statements are acceptable. |
| **Currency in Circulation:**<br>The balance of currency in circulation represents the value of all bank notes issued in Nepal and the liability is measured at face value of all bank notes issued less any bank notes cancelled/destroyed and withdrawn from | Issuance of banknotes is one of the key roles of NRB as defined in the Nepal Rastra Bank Act, 2058 and is a key audit matter due to:<br>• Significant importance to the users of the financial statements,<br>• The balance is significantly material to | We performed the following audit procedures in relation to currency in circulation:<br>• Tested those general controls which are relevant to the accurate recording of the issuance and return of bank notes within the system responsible for recording the balance of currency in circulation,<br>• We performed a comparison of current year's movements against the prior |

| Key Audit Matters | The risk | How the matters were addressed in our audit |
|---|---|---|
| circulation and maintained in the note chest vault of NRB.<br>NRB's disclosures about currency in circulation are included in Note 4.23 of the financial statements | the NRB's financial statements, and<br>• Complexity in assessing the accuracy of the liability for banknotes that are in circulation in the economy of Nepal. | periods focusing on the number of bank notes issued by denomination, and<br>• Our audit procedures included communicating with the concerned department to understand the note issue process and carrying out physical inspection of notes held at NRB vault including note chest against currency in circulation on sample basis.<br>Based on the procedure we performed we concluded that the balance of currency circulation disclosed in the financial statements are acceptable. |
| **IT System and Control:**<br>The financial information of NRB is primarily generated through NRB's IT systems, which is continuously undergoing changes to meet its operating needs and to address internal and external threats. | The primary information for the financial statements is generated from the IT system and its controls. Therefore, we considered NRB's IT system as a key audit matter. | We performed the following audit procedures:<br>• Tested the design and operating effectiveness of NRB's IT access controls over the information systems that are critical to financial reporting,<br>• Tested IT general controls (logical access, changes management and aspects of IT operational controls) including testing of request for access to systems,<br>• Tested NRB's periodic review of access rights and reviewed requests for changes to system for appropriate approval and authorization,<br>• Considered the control environment relating to various interfaces, configurations and other application layer control, and<br>• Performed test of IT General Controls to evaluate the application development and database, hosting platforms and segregation of incompatible duties relevant to application and database change management.<br>Based on the procedures performed, we considered the change managements, segregation of duties, controls and outputs in relation to financial accounting and reporting systems to be acceptable. |

**Information Other than the Financial Statements and Auditor's Report Thereon**
Bank's Management is responsible for the other information. The other information comprises of macroeconomic and financial situation, activities of the Bank, analysis of assets, liabilities, and income statement included in the annual report but does not include the financial statements.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether that other information are materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**
Bank's Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with NFRSs and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the Bank's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting.
Those charged with governance are responsible for overseeing the Bank's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**
Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditors' report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if individually or in the aggregate they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit.
We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Bank's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.

- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements of the current period and are therefore the key audit matters. We describe these matters in our auditors' report unless law or regulation precludes public disclosure about the matter or when, in extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such communication.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बैङ्कमा २०८२।७।३० मा पठाइएको छ।**

# नेपाल लेखापरीक्षणमान बोर्ड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Report on the Audit of the Financial Statements**

**Opinion**

We have audited the financial statements of "**Auditing Standards Board"** (hereafter referred to as "AuSB") which comprises the Statement of Financial Position as at 32 Ashad 2082, Statement of Income and Expenditure, Statement of Other Comprehensive Income, Statement of Cash Flows, Statement of Changes in Reserves and Funds and Notes to the financial statements for the year then ended, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects the financial position of the **AuSB** as at 32 Ashad 2082 and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Government Accounting Standards (NGASs) that are substantially in compliance with INTOSAI Framework of Professional pronouncements. Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the AuSB in accordance with the ethical requirement that are relevant to our audit of the financial statements and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. There were no key audit matters to be reported in our audit report.

**Other Information**

Management is responsible for the other information. The other information comprises the information included in the Annual Report but does not include the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon. In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards (NFRSs), and for such internal control as

management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.
In preparing the financial statements, management is responsible for assessing AuSB's ability to continue as a going concern, disclosing, as applicable, matters relating to going concern and using the going concern basis of accounting unless management either intend to liquidate AuSB or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing AuSB's financial reporting process.

**Auditors Responsibilities for the Audit of the Financial Statements**
Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion.

Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NGASs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NGASs, we exercise professional judgement and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the AuSB's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the AuSB's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the AuSB to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८२।७।२७ मा पठाइएको छ।**

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०८०।८१)

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको (यसपछि कम्पनी भनिएको) यसै प्रतिवेदन साथ संलग्न ३१ आषाढ २०८१ (१६ जुलाई २०२४) को वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सानीको विवरण, अन्य विस्तृत आयको विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८१ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्तबमोजिम यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु:**

१. **नेपाल वित्तीय प्रतिवेदनमान:** कम्पनी ऐन, २०६३ को दफा १०८ अनुसार लेखा राखिदाँ दोहोरो लेखा प्रणालीमा आधारित र कम्पनीको कारोवारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (Accounting Standard) र कम्पनी ऐनबमोजिम पालना गर्नुपर्ने अन्य सर्त तथा व्यवस्था अनुरुप राख्नुपर्दछ। नेपालमा लेखामान जारी गर्ने अधिकारिक निकाय नेपाल लेखामान बोर्ड हो र सो बोर्डले जारी गरेका लेखामान नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको निर्णयअनुसार कम्पनीले अनिवार्य रुपमा २०७३।७४ देखि नेपाल वित्तीय प्रतिवेदनमान पालना गरी वित्तीय विवरण तयार गर्नुपर्ने गरी तोकेमा सो मानअनुसार कम्पनीले वित्तीय विवरणहरु तयार गरेको छैन।

   कम्पनीले हालको वित्तीय प्रतिवेदनको प्रस्तुती एवम् खाँकालाई नेपाल वित्तीय प्रतिवेदनमानहरुमा (NFRS) परिवर्तन गर्नुपर्ने र कम्तिमा तिन वर्षको वित्तीय विवरण, दुई वर्षको अन्य विस्तृत आय विवरण, दुई वर्षको आयको विवरण, दुई वर्षको नगद प्रवाहको विवरण, दुई वर्षको इक्विटीमा भएको परिर्वतनको विवरण प्रस्तुत गर्नुपर्ने तर यस कम्पनीले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदनमानहरु (NFRS) बमोजिम तयार नगरिएको साथै नयाँ लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुर्नलेखन, प्रस्तुती र खुलासा सम्प्रेषण नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुन सक्छ।

२. **एकिकृत सम्पत्ति तथा दायित्व:** नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।२।१० को निर्णयानुसार नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेड गाभेर "खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड" २०७६।४।२८ मा दर्ता भएको र उक्त मन्त्रिपरिषद्को निर्णयको बुँदा नं. २ र कम्पनी ऐन, २०६३ को दफा १७३(३) बमोजिम संस्थान वा समितिको चलअचल सम्पत्ति मूल्याङ्कन गरी उपदफा (१) बमोजिम संस्थापना हुने कम्पनीको सेयर पुँजीमा परिणत गर्न सकिनेछ र त्यसरी परिणत भएमा नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो संस्थान वा समितिको सम्पूर्ण जायजेथा र दायित्व नयाँ स्थापना भएका कम्पनीमा सर्नुपर्नेमा नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग लिमिटेडको सम्पूर्ण सेयर सम्पत्ति र दायित्व नयाँ कम्पनीमा नामसारी नभएकाले यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुन सक्छ।

   नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।२।१० को निर्णयानुसार साविकको नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा दर्ता कायम रहेको विभिन्न जिल्लाका जग्गा जमिन "खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड" को नाममा नामसारी गर्न २०७६।६।६ मा निर्णय भएअनुसार कम्पनीका सम्बन्धित कार्यालयहरुलाई अख्तियारी दिई जग्गा नामसारी

गरी विवरण उपलब्ध गराउन सबै कार्यालयलाई २०७६।७।४ को च.नं. ६५ पत्रबाट जानकारी गराइएकोमा त्यसको पालना नभएकोमा यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुन सक्छ।

३. **हिसाब समायोजन**: वित्तीय विवरणको अनुसूचीअन्तर्गत शाखा हिसाब रु.६ करोड ३१ लाख ५९ हजार, आसामी हिसाब रु.७१ करोड २६ लाख ९१ हजार, साहुँ हिसाब रु.४४ करोड ६१ लाख ७३ हजारमा सारभूत रकम उल्लेख गरिएको छ। उक्त हिसाबहरुमा मिलान/समायोजन हुन विगतका बर्षहरु देखि बाँकी रहेका रकमहरु समावेश भइरहेको र त्यस्ता रकमहरुको प्रकृति र आयु विश्लेषण अवस्थाको विस्तृत विवरण तयार पारी चारित्रीकरण गरी वित्तीय विवरणमा हिसाब मिलान नगरेसम्म सोबाट कम्पनीको सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चमा पर्न जाने असर परिमाणीकरण गर्न सकिएन।

कम्पनीको २०८१ असार मसान्तसम्मको असुल हुन बाँकी वहाल तथा गोदाम भाडाको विस्तृत विवरण वा लगत तयार गरिएको छैन। भाडावालासँगको सम्झौतामा एकरुपता नभएको, सम्झौताअनुसार भाडावालाहरुले नियमित रुपमा भाडा रकम नबुझाएको, सम्झौताअनुसार भाडा रकम समयमा नबुझाएकोमा ब्याज, हर्जना पनि असुल हुन नसकेको अवस्थाको कारण भाडा वक्यौता असुली प्रभावकारी नभएको र त्यस्ता रकमहरुको प्रकृति र आयु विश्लेषण अवस्थाको विस्तृत विवरण तयार पारी चारित्रीकरण गरी वित्तीय विवरणमा हिसाब मिलान नगरेसम्म सोबाट कम्पनीको सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चमा पर्न जाने असर परिमाणीकरण गर्न सकिएन।

४. **बैङ्क हिसाब मिलान**: कम्पनीको स्रेस्तामा देखाएको र बैङ्कले देखाएको मौज्दातमा रु.४३ लाख ९१ हजार फरक पर्न गई भिडान भएको छैन। बैङ्क हिसाब भिडान नभएको रकम विगत वर्षमा समेत नरहेकोमा स्थिति यथावत छ। तसर्थ फरक रकमको हिसाब भिडान गरी खाता अद्यावधिक गर्नुपर्छ। साथै, त्यस्ता रकमको प्रकृति र आयु विश्लेषण अवस्थाको विस्तृत विवरण तयार पारी चारित्रीकरण गरी वित्तीय विवरणमा हिसाब मिलान नगरेसम्म सोबाट कम्पनीको सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चमा पर्न जाने असर परिमाणीकरण गर्न सकिएन।

५. **अन्य**:

क. वित्तीय विवरणको अनुसूची ५ मा प्रस्तुत गरिएअनुसार कम्पनीले सूचिकृत कम्पनीहरुको सेयरमा गरेको लगानी रु.६ करोड ५२ लाख ३७ हजारलाई बजार दर अनुरुप मूल्याङ्कन गरी भिन्नतालाई जगेडा (Reserves) मार्फत समायोजन (Adjust) गर्नुपर्नेमा परल मूल्य (Cost Price) मा लेखाङ्कन गर्ने नीति लिएको छ।

ख. कम्पनीले आफ्नो प्रधान कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका स्थिर सम्पत्ति रु.३४ करोड ३४ लाख ७७ हजारको विवरण दुरुस्त राखेको पाइएन। स्थिर सम्पत्तिको भौतिक परीक्षणसमेत नभएको पाइयो र वित्तीय विवरणमा देखाइएको स्थिर सम्पत्तिको मौज्दात स्थिर सम्पत्तिको विवरणसँग मिलान नगरेको पाईयो।

ग. कम्पनीले आयकर ऐन, २०५८ मा भएको व्यवस्था अनुरूप ह्रासकट्टी खर्च रु.२ करोड २२ लाख २३ हजार लेखाङ्कन गरेको छ। जुन नेपाल लेखामान १६ अनुरुप रहेको छैन।

घ. कम्पनीले आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, कम्पनी ऐन, २०६३, श्रम ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नियामक निकायहरु तथा कार्यालयहरुमा बुझाउनुपर्ने विवरण र रकमहरु (आयकरतर्फ रु.३ करोड ९५ हजार र मु.अ. करतर्फ रु.१ करोड ५९ लाख ८८ हजार) नबुझाई यी ऐनहरुको पूर्ण पालना नगरेका कारण थप दायित्वहरु समेत सृजना हुन सक्नेमा तिनको असर वित्तिय विवरणमा पर्न जाने देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो

उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)**

लेखापरीक्षणका मुख्य मामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन्। सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै राय व्यक्त गर्दैनौं। लेखापरीक्षण सम्बन्धी अन्य मुख्य व्यहोराहरु निम्नअनुसार रहेका छन्:

| प्रमुख लेखापरीक्षण मामिलाहरू | हामीले गरेको परीक्षणः |
|---|---|
| **लेखा, स्रेस्ता तथा खाता र कागजात सफ्टवेयर बिना म्यान्युअल आधारमा राख्नु** | |
| कम्पनीका लेखा, स्रेस्ता तथा खाता म्यान्युअल आधारमा राखिएका छन्, यो प्रकृयामा समय बढी लाग्ने, अङ्क गणितीय त्रुटिहरु हुने, वित्तीय विवरणहरु ढिला तयार हुने सम्भावना हुन्छन्। | • हामीले कम्पनीका म्यान्युअल रेकर्ड राख्ने प्रणालीको परीक्षण गर्न र मूल्याङ्कन गर्नका लागि कागजातहरूको भौतिक निरीक्षण गर्यौं र कागजातहरूको भण्डारण प्रक्रियामा प्रभावकारीता परीक्षण गर्यौं।<br>• हामीले म्यान्युअल लेखाङ्कन प्रक्रियामा नियन्त्रण र जोखिम मूल्याङ्कन गर्दै, खास कागजातहरूको गुणस्तर र यथासम्भव पुनःप्रमाणीकरण प्रक्रिया पनि परीक्षण गर्यौं।<br>• कम्पनीको व्यवस्थापन र जिम्मेवार कर्मचारीसँग छलफल गरी म्यान्युअल रेकर्डको मान्यता, अद्यावधिक प्रक्रिया र प्रमाणीकरण बारे जानकारी लिएका थियौं। |
| **सूचना प्रविधि सम्बन्धी नियन्त्रणहरू** | |
| • लेखापरीक्षणको क्रममा हामीले कम्पनीका सूचना प्रविधि प्रणाली र नियन्त्रणहरूको मूल्याङ्कन गरेका छौं, जसको प्रभाव वित्तीय रिपोर्टिङमा व्यापक हुन्छ र यी प्रणालीमा निर्भर कारोवारको जाँच गर्न महत्त्वपूर्ण छ।<br>• कम्पनीको थापाथली स्थित प्रादेशिक कार्यालयमा विलिङ्ग कम्प्युटराइज्ड रहेको छ र सो विलिङ्ग कर सूचना प्रणालीलाई आयकर विभाग (IRD) को कम्प्युटराइज्ड विलिङ्ग सिस्टम (CBS) सँग जडान गरिएको छ। | • कम्पनीको वित्तीय रिपोर्टिङको लागि महत्त्वपूर्ण रहेको सूचना प्रणालीहरूको पहुँच नियन्त्रणको प्रभावकारिता परीक्षण गरेका छौं।<br>• IT विक्रेतासँगको सम्झौताका सम्बन्धमा कम्पनीको नीतिहरूको मूल्याङ्कन गरेका छौं।<br>• अडिट अवधिमा IT प्रणाली र नियन्त्रणको समीक्षा गरेका छौं।<br>• कम्पनीको IT प्रणाली IRD को CBMS (Central Billing Monitoring System) मा प्रविष्ट गरेका विवरणको परीक्षण गरेका छौं। |
| **कानूनी (Legal) जोखिम एवम् सम्भाव्य दायित्व (Contingent Liability)** | |
| कम्पनीको विगतका कारोवारबाट सृजित मुद्दा मामिला विभिन्न अड्डा अदालतमा विचाराधीन रहेका छन्। साथै, वित्तीय विवरण र रेकर्डमा दर्शाइएका हिसाबहरु समेत असुल हुने वा नहुने जोखिम रहेका छन्। यी जोखिम र सम्भाव्य दायित्वहरुको कारण कम्पनीको सञ्चालन तथा वित्तीय अवस्थामा प्रतिकूल प्रभाव पर्न सक्छ। | • कानूनी प्रावधान र सम्भाव्य दायित्व उपरको अन्तरिम नियन्त्रण प्रणालीको मूल्याङ्कन र परीक्षण गर्यौं।<br>• जिम्मेवारीमा रहेका पदाधिकारीहरूसँग छलफल गर्दै सबै महत्वपूर्ण मुद्दाहरूको अवस्थाको जानकारी प्राप्त गर्यौं। |

**अन्य सूचनाहरु**

हाम्रो रायमा अन्य सूचना समावेश गरिएको छैन र हामी उक्त सूचनामा कुनै पनि आश्वासन तथा निस्कर्ष व्यक्त गर्दैनौं। वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसँग सारभूत रुपमा असङ्गत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसँग असङ्गत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे मनन गर्नुपर्दछ। यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असङ्गत छन् भने हामीले उक्त तथ्यलाई प्रतिवेदनमा समावेश गर्नुपर्दछ।

**वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्नेको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले निगमको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखाअनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को पालना सम्बन्धमा खुलासा**

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरण उपलब्ध गरेका छौं।

ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब, बहिखाता, स्रेस्ता र लेखासँग सारभूत रूपमा दुरूस्त रहेका छन्।

ग) हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएका छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाबकिताबको परीक्षणको आधारमा कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।९।२१ मा पठाइएको छ।**

# जनकपुर चुरोट कारखाना लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०८२ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागू हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामानदेखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०८१।८२ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन। जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **सञ्चित नोक्सानीः** लिमिटेडले पेस गरेको नाफा/नोक्सान हिसाबअनुसार वासलातमा सारेको सञ्चित नोक्सानी रु.२ अर्ब ९१ करोड ११ लाख ६७ हजार उल्लेख छ। तर वासलातअनुसार सञ्चित नोक्सानी रु.२ अर्ब ९० करोड ४२ लाख २७ हजार सारेकोले फरक रु.६९ लाख ४० हजार नमिलेको हिसाबसम्बन्धमा छानविन तथा यकिन गरिनुपर्दछ।

३. **मध्यम र दीर्घकालीन ऋणः** नेपाल सरकारबाट २०६६।५।३० देखि २०७५।०३।२९ सम्म विभिन्न मितिमा कारखानालाई प्राप्त भएको ऋण रकम सावाँतर्फ रु.२ अर्ब ९४ करोड ६२ लाख ७७ हजार वित्तीय विवरणमा समावेश गरेको भएता पनि ब्याज खर्च वित्तीय विवरणमा लेखाङ्कन नै गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०८२।८।४ को पत्रानुसार रु.१ अर्ब ७७ करोड ३० लाख ३६ हजार ब्याज तिर्न बाँकी रहेको देखिन्छ। नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा र ब्याज रकम भुक्तानी गरेको छैन। कारखानाले ब्याज रकम वित्तीय विवरणमा लेखाङ्कन गरी ऋण तमसुकबमोजिम ऋण र ब्याज रकम तिर्नुपर्दछ।

४. **जग्गाः** कारखानाले पेस गरेको अभिलेखअनुसार देशभरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ। उक्त जग्गाको कर नतिरेको र सम्भावित कर खर्चको व्यवस्थासमेत गरेको पाइएन। तसर्थ कारखानाले कर समयमै भुक्तानी गर्ने र तिर्न बाँकी करको सम्भावित खर्चको व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. **लगानीः** लिमिटेडले वित्तीय विवरणअनुसार निम्नबमोजिम लगानी गरेको देखिन्छः

| क्र.सं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | सुर्ती विकास कम्पनी लिमिटेड | १,००,००,००० | लिक्विडेशन प्रक्रियामा रहेको |
| २. | बुटवल धागो कारखाना लिमिटेड | २,९३,५५,००० | कारखाना बन्द रहेको |
| ३. | सेती चुरोट कारखाना लिमिटेड | १,०१,५९,५०० | कारखाना बन्द रहेको |
| ४. | मुद्दति निक्षेप | ७,३५,००,००० | |
| **जम्मा** | | **१२,३०,१४,५००** | |

लिमिटेडलाई यस वर्ष मुद्दति निक्षेपबाहेक कुनै पनि लगानीबाट प्रतिफल प्राप्त भएको छैन। उपरोक्त लगानीमध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको, सेती चुरोट कारखाना लिमिटेडसमेत बन्द रहको अवस्थामा यी कम्पनीका सेयर मुल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानीबापत जोखिम व्यवस्था नगरेकोले जोखिम व्यवस्था गर्नुपर्ने देखिन्छ।

६. **स्थिर सम्पत्तिः** कारखानाको २०७४।६।२ मा २०७३।७४ सम्मको सम्पत्तिको भौतिक परीक्षण गरेको प्रतिवेदन पेस गरेकोमा सो पश्चात भौतिक परीक्षण गरेको छैन। लिमिटेडको विभिन्न सम्पत्तिको नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयीकरणको गणना नगरेको र कारखानामा रहेका बहुमुल्य मेसिनरी औजारहरु कारखाना बन्द भएदेखि प्रयोगमा नरहेको तथा नियमित मर्मत सम्भार नहुँदा हाल उपयोग र संरक्षणसम्बन्धमा यकिन गर्न सकिएन।

७. **लेखामान पालनासम्बन्धी अन्य बेहोराः** व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा कम्पनी निरन्तर रुपमा सञ्चालन हुने अनुमान गरिएको छ। तर २०६७ फागुनदेखि कम्पनीको उत्पादन बन्द रहेको छ। नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मुल्यमध्ये न्यूनतममा गर्नुपर्नेमा गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई नै यो वर्ष पनि जिम्मेवारी सारेको पाईयो। यस आर्थिक वर्षमा अन्तिम मौज्दातको भौतिक परिक्षण नगरेकोले मौज्दात यकिन गर्न सकिएन। नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको पाइएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामी हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य उल्लेख गर्नुपर्ने मुख्य लेखापरीक्षण विषयहरु छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै लिमिटेडलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले

सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को पालनासम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षणको सिलसिलामा सोधनी तथा कैफियत गरेको कुराहरुको जवाफ पायौं।

२. लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाबकिताब र विवरणहरु ऐनबमोजिम ठिकसँग राखिएको छ।

३. वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण यो प्रतिवेदनले जनाएअनुसार कम्पनीले जनाएको लेखाअनुसार दुरुस्त छ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

६. कम्पनी ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको सेयरधनी संख्या ७ जना हुनुपर्नेमा जम्मा ४ सेयरधनी रहेको पाइयो।

७. ऐनको दफा ८६(२) र ८७ मा पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने र सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७०।३।२० को निर्णयअनुसार उद्योग मन्त्रालयको सह-सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष नियुक्ति गरेको देखियो।

८. दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७८ देखि वार्षिक साधारण सभा गरेको छैन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कारखानामा २०८३।१।२३ मा पठाइएको छ।**

# जनकपुर चुरोट कारखाना लिमिटेड (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०८१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागू हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामानदेखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०८०।८१ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन। जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **सञ्चित नोक्सानीः** लिमिटेडले पेस गरेको नाफा/नोक्सान हिसाबअनुसार वासलातमा सारेको सञ्चित नोक्सानी रु.२ अर्ब ९१ करोड २४ लाख ५२ हजार उल्लेख छ। तर वासलातअनुसार सञ्चित नोक्सानी रु.२ अर्ब ९० करोड ५५ लाख १२ हजार सारेकोले फरक रु.६९ लाख ४० हजार नमिलेको हिसाबसम्बन्धमा छानविन तथा यकिन गरिनुपर्दछ।

३. **मध्यम र दीर्घकालीन ऋणः** नेपाल सरकारबाट २०६६।५।३० देखि २०७५।३।२९ सम्म विभिन्न मितिमा कारखानालाई प्राप्त भएको ऋण रकम सावाँतर्फ रु.२ अर्ब ९४ करोड ६२ लाख ७७ हजार वित्तीय विवरणमा समावेश गरेको भएता पनि ब्याज खर्च वित्तीय विवरणमा लेखाङ्कन नै गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखअनुसार रु.१ अर्ब ६२ करोड ४९ लाख १५ हजार ब्याज तिर्न बाँकी रहेको देखिन्छ। नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा र ब्याज रकम भुक्तानी गरेको छैन। कारखानाले ब्याज रकम वित्तीय विवरणमा लेखाङ्कन गरी ऋण तमसुकबमोजिम ऋण र ब्याज रकम तिर्नुपर्दछ।

४. **जग्गाः** कारखानाले पेस गरेको अभिलेखअनुसार देशभरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ। धनगढी उप-महानगरपालिका वडा नम्बर ४ स्थित जग्गाको २०७२।७३ देखि २०८०।८१ सम्मको सम्पत्ति करबापत एकमुष्ट रू.१ लाख ८३ हजार तिरेको पाइयो। बाँकी २० ठाउँमा भएको जग्गाको कर नतिरेको र सम्भावित कर खर्चको व्यवस्थासमेत गरेको पाइएन। तसर्थ कारखानाले कर समयमै भुक्तानी गर्ने र तिर्न बाँकी करको सम्भावित खर्चको व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. **लगानीः** लिमिटेडले वित्तीय विवरणअनुसार निम्नबमोजिम लगानी गरेको देखिन्छः

| क्र.सं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | सुर्ती विकास कम्पनी लिमिटेड | १,००,००,००० | लिक्विडेशन प्रक्रियामा रहेको |
| २. | बुटवल धागो कारखाना लिमिटेड | २,९३,५५,००० | कारखाना बन्द रहेको |
| ३. | सेती चुरोट कारखाना लिमिटेड | १,०१,५९,५०० | कारखाना बन्द रहेको |
| ४ | मुद्दति निक्षेप | ७,१५,००,००० | ब्याज प्राप्त हुने गरेको |
| **जम्मा** | | **१२,१०,१४,५००** | |

लिमिटेडलाई यस वर्ष मुद्दति निक्षेपबाहेक कुनै पनि लगानीबाट प्रतिफल प्राप्त भएको छैन। उपरोक्त लगानीमध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको, सेती चुरोट कारखाना लिमिटेडसमेत बन्द रहको अवस्थामा यी कम्पनीका सेयर मुल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानीबापत जोखिम व्यवस्था नगरेकोले जोखिम व्यवस्था गर्नुपर्ने देखिन्छ। साथै मुद्दति निक्षेप रु.७ करोड १५ लाखबाट प्राप्त भएको प्रतिफल/ब्याजको खुलासा नगरेकाले यकिन गर्न सकिएन।

६. **स्थिर सम्पत्तिः** कारखानाको २०७४।६।२ मा २०७३।७४ सम्मको सम्पत्तिको भौतिक परीक्षण गरेको प्रतिवेदन पेस गरेकोमा सो पश्चात भौतिक परीक्षण गरेको छैन। लिमिटेडको विभिन्न सम्पत्तिको नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयीकरणको गणना नगरेको र कारखानामा रहेका बहुमुल्य मेसिनरी औजारहरु कारखाना बन्द भएदेखि प्रयोगमा नरहेको तथा नियमित मर्मत सम्भार नहुँदा हाल उपयोग र संरक्षणसम्बन्धमा यकिन गर्न सकिएन।

८. **लेखामान पालनासम्बन्धी अन्य बेहोराः** व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा कम्पनी निरन्तर रुपमा सञ्चालन हुने अनुमान गरिएको छ। तर २०६७ फागुनदेखि कम्पनीको उत्पादन बन्द रहेको छ। नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मुल्यमध्ये न्यूनतममा गर्नुपर्नेमा गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई नै यो वर्ष पनि जिम्मेवारी सारेको पाईयो। यस आर्थिक वर्षमा अन्तिम मौज्दातको भौतिक परिक्षण नगरेकोले मौज्दात यकिन गर्न सकिएन। नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको पाइएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामी हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य उल्लेख गर्नुपर्ने मुख्य लेखापरीक्षण विषयहरु छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै लिमिटेडलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव

आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को पालनासम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षणको सिलसिलामा सोधनी तथा कैफियत गरेको कुराहरुको जवाफ पायौं।

२. लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाबकिताब र विवरणहरु ऐनबमोजिम ठिकसँग राखिएको छ।

३. वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण यो प्रतिवेदनले जनाएअनुसार कम्पनीले जनाएको लेखाअनुसार दुरुस्त छ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

६. कम्पनी ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको सेयरधनी संख्या ७ जना हुनुपर्नेमा जम्मा ४ सेयरधनी रहेको पाइयो।

७. ऐनको दफा ८६(२) र ८७ मा पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने र सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७०।३।२० को निर्णयअनुसार उद्योग मन्त्रालयको सह-सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष नियुक्ति गरेको देखियो।

८. दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७८ देखि वार्षिक साधारण सभा गरेको छैन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कारखानामा २०८३।१।२३ मा पठाइएको छ।**

# जनकपुर चुरोट कारखाना लिमिटेड (२०७९।८०)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०८० आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०८० आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागू हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामानदेखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७९।८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन। जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **सञ्चित नोक्सानीः** लिमिटेडले पेस गरेको नाफा/नोक्सान हिसाबअनुसार वासलातमा सारेको सञ्चित नोक्सानी रु.२ अर्ब ९१ करोड ५१ लाख ९४ हजार उल्लेख छ। तर वासलातअनुसार सञ्चित नोक्सानी रु.२ अर्ब ९० करोड ८४ लाख २७ हजार सारेकोले फरक रु.६७ लाख ६७ हजार नमिलेको हिसाबसम्बन्धमा छानविन तथा यकिन गरिनुपर्दछ।

३. **मध्यम र दीर्घकालीन ऋणः** नेपाल सरकारबाट २०६६।५।३० देखि २०७५।३।२९ सम्म विभिन्न मितिमा कारखानालाई प्राप्त भएको ऋण रकम सावाँतर्फ रु.२ अर्ब ९४ करोड ६२ लाख ७७ हजार वित्तीय विवरणमा समावेश गरेको भएता पनि ब्याज खर्च वित्तीय विवरणमा लेखाङ्कन नै गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखअनुसार रु.१ अर्ब ४७ करोड ७६ लाख २ हजार ब्याज तिर्न बाँकी रहेको देखिन्छ। नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको सावाँ र ब्याज रकम भुक्तानी गरेको छैन। कारखानाले ब्याज रकम वित्तीय विवरणमा लेखाङ्कन गरी ऋण तमसुकबमोजिम ऋण र ब्याज रकम तिर्नुपर्दछ।

४. **जग्गाः** कारखानाले पेस गरेको अभिलेखअनुसार देशभरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ। धनगढी उप-महानगरपालिका वडा नम्बर ४ स्थित जग्गा कित्ता नं. १३५५ को २०७२।७३ देखि २०८०।८१ सम्मको सम्पत्ति करबापत एकमुष्ट रू.१ लाख ८३ हजार तिरेको पाइयो। बाँकी २० ठाउँमा भएको जग्गाको कर नतिरेको र सम्भावित कर खर्चको व्यवस्थासमेत गरेको पाइएन। तसर्थ कारखानाले कर समयमै भुक्तानी गर्ने र तिर्न बाँकी करको सम्भावित खर्चको व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. **लगानीः** लिमिटेडले वित्तीय विवरणअनुसार निम्नबमोजिम लगानी गरेको देखिन्छः

| क्र.सं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | सुर्ती विकास कम्पनी लिमिटेड | १,००,००,००० | लिक्विडेशन प्रक्रियामा रहेको |
| २. | बुटवल धागो कारखाना लिमिटेड | २,९३,५५,००० | कारखाना बन्द रहेको |
| ३. | सेती चुरोट कारखाना लिमिटेड | १,०१,५९,५०० | कारखाना बन्द रहेको |

| | | | |
|---|---|---|---|
| ४. | मुद्दति निक्षेप | ६,८६,७०,००० | ब्याज आम्दानी भएको |
| **जम्मा** | | **११,८१,८४,५००** | |

लिमिटेडलाई यस वर्ष मुद्दति निक्षेपबाहेक कुनै पनि लगानीबाट प्रतिफल प्राप्त भएको छैन। उपरोक्त लगानीमध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको, सेती चुरोट कारखाना लिमिटेडसमेत बन्द रहको अवस्थामा यी कम्पनीका सेयर मुल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानीबापत जोखिम व्यवस्था नगरेकोले जोखिम व्यवस्था गर्नुपर्ने देखिन्छ। साथै मुद्दति निक्षेप रु.६ करोड ८६ लाख ७० हजारबाट प्राप्त भएको प्रतिफल/ब्याजको खुलासा नगरेकाले यकिन गर्न सकिएन।

६. **स्थिर सम्पत्तिः** कारखानाको २०७४।६।२ मा २०७३।७४ सम्मको सम्पत्तिको भौतिक परीक्षण गरेको प्रतिवेदन पेस गरेकोमा सो पश्चात भौतिक परीक्षण गरेको छैन। लिमिटेडको विभिन्न सम्पत्तिको नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयीकरणको गणना नगरेको र कारखानामा रहेका बहुमुल्य मेसिनरी औजारहरु कारखाना बन्द भएदेखि प्रयोगमा नरहेको तथा नियमित मर्मत सम्भार नहुँदा हाल उपयोग र संरक्षणसम्बन्धमा यकिन गर्न सकिएन।

७. **लेखामान पालनासम्बन्धी अन्य बेहोराः** व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा कम्पनी निरन्तर रुपमा सञ्चालन हुने अनुमान गरिएको छ। तर २०६७ फागुनदेखि कम्पनीको उत्पादन बन्द रहेको छ। नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मुल्यमध्ये न्यूनतममा गर्नुपर्नेमा गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई नै यो वर्ष पनि जिम्मेवारी सारेको पाईयो। यस आर्थिक वर्षमा अन्तिम मौज्दातको भौतिक परिक्षण नगरेकोले मौज्दात यकिन गर्न सकिएन। नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको पाइएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामी हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य उल्लेख गर्नुपर्ने मुख्य लेखापरीक्षण विषयहरु छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै लिमिटेडलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## कम्पनी ऐन, २०६३ को पालनासम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षणको सिलसिलामा सोधनी तथा कैफियत गरेको कुराहरुको जवाफ पायौं।

२. लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाबकिताब र विवरणहरु ऐनबमोजिम ठिकसँग राखिएको छ।

३. वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण यो प्रतिवेदनले जनाएअनुसार कम्पनीले जनाएको लेखाअनुसार दुरुस्त छ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून

विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

६. कम्पनी ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको सेयरधनी संख्या ७ जना हुनुपर्नेमा जम्मा ४ सेयरधनी रहेको पाइयो।

७. ऐनको दफा ८६(२) र ८७ मा पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने र सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७०।३।२० को निर्णयअनुसार उद्योग मन्त्रालयको सह-सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष नियुक्ति गरेको देखियो।

८. दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७८ देखि वार्षिक साधारण सभा गरेको छैन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कारखानामा २०८३।१।२३ मा पठाइएको छ।**

# जनकपुर चुरोट कारखाना लिमिटेड (२०७८।७९)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०७९ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०७९ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागू हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामानदेखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७८।७९ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन। जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **सञ्चित नोक्सानीः** लिमिटेडले पेस गरेको नाफा/नोक्सान हिसाबअनुसार वासलातमा सारेको सञ्चित नोक्सानी रु.२ अर्ब ९१ करोड ६३ लाख ४७ हजार उल्लेख छ। तर वासलातअनुसार सञ्चित नोक्सानी रु.२ अर्ब ९० करोड ९५ लाख ८० हजार सारेकोले फरक रु.६७ लाख ६७ हजार नमिलेको हिसाबसम्बन्धमा छानविन तथा यकिन गरिनुपर्दछ।

३. **मध्यम र दीर्घकालीन ऋणः** नेपाल सरकारबाट २०६६।५।३० देखि २०७५।०३।२९ सम्म विभिन्न मितिमा कारखानालाई प्राप्त भएको ऋण रकम सावाँतर्फ रु.२ अर्ब ९४ करोड ६२ लाख ७७ हजार वित्तीय विवरणमा समावेश गरेको भएता पनि ब्याज खर्च वित्तीय विवरणमा लेखाङ्कन नै गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखअनुसार रु.१ अर्ब ३३ करोड २ लाख ८७ हजार ब्याज तिर्न बाँकी रहेको देखिन्छ। नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको सावाँ र ब्याज रकम भुक्तानी गरेको छैन। कारखानाले ब्याज रकम वित्तीय विवरणमा लेखाङ्कन गरी ऋण तमसुकबमोजिम ऋण र ब्याज रकम तिर्नुपर्दछ।

४. **जग्गाः** कारखानाले पेस गरेको अभिलेखअनुसार देशभरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ। धनगढी उप-महानगरपालिका वडा नम्बर ४ स्थित जग्गा कित्ता नं. १३५५ को २०७२।७३ देखि २०८०।८१ सम्मको सम्पत्ति करबापत एकमुष्ट रू.१ लाख ८३ हजार तिरेको पाइयो। बाँकी २० ठाउँमा भएको जग्गाको कर नतिरेको र सम्भावित कर खर्चको व्यवस्थासमेत गरेको पाइएन। तसर्थ कारखानाले कर समयमै भुक्तानी गर्ने र तिर्न बाँकी करको सम्भावित खर्चको व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. **लगानीः** लिमिटेडले वित्तीय विवरणअनुसार निम्नबमोजिम लगानी गरेको देखिन्छः

| क्र.सं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | सुर्ती विकास कम्पनी लिमिटेड | १,००,००,००० | लिक्विडेशन प्रक्रियामा रहेको |
| २. | बुटवल धागो कारखाना लिमिटेड | २,९३,५५,००० | कारखाना बन्द रहेको |
| ३. | सेती चुरोट कारखाना लिमिटेड | १,०१,५९,५०० | कारखाना बन्द रहेको |
| ४ | मुद्दति | ६,००,००,००० | ब्याज आम्दानी प्राप्त |
| **जम्मा** | | **१०,९५,१४,५००** | |

लिमिटेडलाई यस वर्ष मुद्दति निक्षेपबाहेक कुनै पनि लगानीबाट प्रतिफल प्राप्त भएको छैन। उपरोक्त लगानीमध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको, सेती चुरोट कारखाना लिमिटेडसमेत बन्द रहको अवस्थामा यी कम्पनीका सेयर मुल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानीबापत जोखिम व्यवस्था नगरेकोले जोखिम व्यवस्था गर्नुपर्ने देखिन्छ। साथै मुद्दति निक्षेप रु.६ करोडबाट प्राप्त भएको प्रतिफल/ब्याजको खुलासा नगरेकाले यकिन गर्न सकिएन।

६. **स्थिर सम्पत्तिः** कारखानाको २०७४।६।२ मा २०७३।७४ सम्मको सम्पत्तिको भौतिक परीक्षण गरेको प्रतिवेदन पेस गरेकोमा सो पश्चात भौतिक परीक्षण गरेको छैन। लिमिटेडको विभिन्न सम्पत्तिको नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयीकरणको गणना नगरेको र कारखानामा रहेका बहुमुल्य मेसिनरी औजारहरु कारखाना बन्द भएदेखि प्रयोगमा नरहेको तथा नियमित मर्मत सम्भार नहुँदा हाल उपयोग र संरक्षणसम्बन्धमा यकिन गर्न सकिएन।

८. **लेखामान पालनासम्बन्धी अन्य बेहोराः** व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा कम्पनी निरन्तर रुपमा सञ्चालन हुने अनुमान गरिएको छ। तर २०६७ फागुनदेखि कम्पनीको उत्पादन बन्द रहेको छ। नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मुल्यमध्ये न्यूनतममा गर्नुपर्नेमा गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई नै यो वर्ष पनि जिम्मेवारी सारेको पाईयो। यस आर्थिक वर्षमा अन्तिम मौज्दातको भौतिक परिक्षण नगरेकोले मौज्दात यकिन गर्न सकिएन। नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको पाइएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामी हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य उल्लेख गर्नुपर्ने मुख्य लेखापरीक्षण विषयहरु छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै लिमिटेडलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव

आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को पालनासम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षणको सिलसिलामा सोधनी तथा कैफियत गरेको कुराहरुको जवाफ पायौं।

२. लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाबकिताब र विवरणहरु ऐनबमोजिम ठिकसँग राखिएको छ।

३. वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण यो प्रतिवेदनले जनाएअनुसार कम्पनीले जनाएको लेखाअनुसार दुरुस्त छ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

६. कम्पनी ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको सेयरधनी संख्या ७ जना हुनुपर्नेमा जम्मा ४ सेयरधनी रहेको पाइयो।

७. ऐनको दफा ८६(२) र ८७ मा पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने र सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७०।३।२० को निर्णयअनुसार उद्योग मन्त्रालयको सह-सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष नियुक्ति गरेको देखियो।

८. दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७८ देखि वार्षिक साधारण सभा गरेको छैन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कारखानामा २०८३।१।२३ मा पठाइएको छ।**

# जनकपुर चुरोट कारखाना लिमिटेड (२०७७।७८)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०७८ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०७८ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागू हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामानदेखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७७।७८ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन। जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **सञ्चित नोक्सानीः** लिमिटेडले पेस गरेको नाफा/नोक्सान हिसाबअनुसार वासलातमा सारेको सञ्चित नोक्सानी रु.२ अर्ब ९१ करोड ७१ लाख ९६ हजार उल्लेख छ। तर वासलातअनुसार सञ्चित नोक्सानी रु.२ अर्ब ९१ करोड ४ लाख २९ हजार सारेकोले फरक रु.६७ लाख ६७ हजार नमिलेको हिसाबसम्बन्धमा छानविन तथा यकिन गरिनुपर्दछ।

३. **मध्यम र दीर्घकालीन ऋणः** नेपाल सरकारबाट २०६६।५।३० देखि २०७५।०३।२९ सम्म विभिन्न मितिमा कारखानालाई प्राप्त भएको ऋण रकम सावाँतर्फ रु.२ अर्ब ९४ करोड ६२ लाख ७७ हजार वित्तीय विवरणमा समावेश गरेको भएता पनि ब्याज खर्च वित्तीय विवरणमा लेखाङ्कन नै गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखअनुसार रु.१ अर्ब १८ करोड २९ लाख ७४ हजार ब्याज तिर्न बाँकी रहेको देखिन्छ। नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको सावाँ र ब्याज रकम भुक्तानी गरेको छैन। कारखानाले ब्याज रकम वित्तीय विवरणमा लेखाङ्कन गरी ऋण तमसुकबमोजिम ऋण र ब्याज रकम तिर्नुपर्दछ।

४. **जग्गाः** कारखानाले पेस गरेको अभिलेखअनुसार देशभरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ। धनगढी उप-महानगरपालिका वडा नम्बर ४ स्थित जग्गा कित्ता नं. १३५५ को २०७२।७३ देखि २०८०।८१ सम्मको सम्पत्ति करबापत एकमुष्ट रू.१ लाख ८३ हजार तिरेको पाइयो। बाँकी २० ठाउँमा भएको जग्गाको कर नतिरेको र सम्भावित कर खर्चको व्यवस्थासमेत गरेको पाइएन। तसर्थ कारखानाले कर समयमै भुक्तानी गर्ने र तिर्न बाँकी करको सम्भावित खर्चको व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. **लगानीः** लिमिटेडले वित्तीय विवरणअनुसार निम्नबमोजिम लगानी गरेको देखिन्छः

| क्र.सं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | सुर्ती विकास कम्पनी लिमिटेड | १,००,००,००० | लिक्विडेशन प्रक्रियामा रहेको |
| २. | बुटवल धागो कारखाना लिमिटेड | २,९३,५५,००० | कारखाना बन्द रहेको |
| ३. | सेती चुरोट कारखाना लिमिटेड | १,०१,५९,५०० | कारखाना बन्द रहेको |
| **जम्मा** | | **४,९५,१४,५००** | |

लिमिटेडलाई यस वर्ष मुद्दति निक्षेपबाहेक कुनै पनि लगानीबाट प्रतिफल प्राप्त भएको छैन। उपरोक्त लगानीमध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको, सेती चुरोट कारखाना लिमिटेडसमेत बन्द रहको अवस्थामा यी कम्पनीका सेयर मुल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानीबापत जोखिम व्यवस्था नगरेकोले जोखिम व्यवस्था गर्नुपर्ने देखिन्छ।

६. **स्थिर सम्पत्तिः** कारखानाको २०७४।६।२ मा २०७३।७४ सम्मको सम्पत्तिको भौतिक परीक्षण गरेको प्रतिवेदन पेस गरेकोमा सो पश्चात भौतिक परीक्षण गरेको छैन। लिमिटेडको विभिन्न सम्पत्तिको नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयीकरणको गणना नगरेको र कारखानामा रहेका बहुमुल्य मेसिनरी औजारहरु कारखाना बन्द भएदेखि प्रयोगमा नरहेको तथा नियमित मर्मत सम्भार नहुँदा हाल उपयोग र संरक्षणसम्बन्धमा यकिन गर्न सकिएन।

७. **लेखामान पालनासम्बन्धी अन्य बेहोराः** व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा कम्पनी निरन्तर रुपमा सञ्चालन हुने अनुमान गरिएको छ। तर २०६७ फागुनदेखि कम्पनीको उत्पादन बन्द रहेको छ। नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मुल्य र खुद प्राप्य मुल्यमध्ये न्यूनतममा गर्नुपर्नेमा गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई नै यो वर्ष पनि जिम्मेवारी सारेको पाईयो। यस आर्थिक वर्षमा अन्तिम मौज्दातको भौतिक परिक्षण नगरेकोले मौज्दात यकिन गर्न सकिएन। नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको पाइएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामी हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य उल्लेख गर्नुपर्ने मुख्य लेखापरीक्षण विषयहरु छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै लिमिटेडलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत

विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को पालनासम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षणको सिलसिलामा सोधनी तथा कैफियत गरेको कुराहरुको जवाफ पायौं।

२. लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाबकिताब र विवरणहरु ऐनबमोजिम ठिकसँग राखिएको छ।

३. वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण यो प्रतिवेदनले जनाएअनुसार कम्पनीले जनाएको लेखाअनुसार दुरुस्त छ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

६. कम्पनी ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको सेयरधनी संख्या ७ जना हुनुपर्नेमा जम्मा ४ सेयरधनी रहेको पाइयो।

७. ऐनको दफा ८६(२) र ८७ मा पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने र सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७०।३।२० को निर्णयअनुसार उद्योग मन्त्रालयको सह-सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष नियुक्ति गरेको देखियो।

८. दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७८ देखि वार्षिक साधारण सभा गरेको छैन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कारखानामा २०८३।१।२३ मा पठाइएको छ।**

# धौवादी फलाम कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको राय

हामीले धौवादी फलाम कम्पनी लिमिटेड (जसलाई यसपछि "कम्पनी" भनिएको) को यसैसाथ संलग्न २०८२ आषाढ मसान्त, (तदनुसार जुलाई १६, २०२५) को वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको २०८१।८२ को नाफा/नोक्सान तथा अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण एवम् वित्तीय विवरणका नोटहरु सामावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणले २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको स्थिति तथा उक्त अवधिको नाफा/(नोक्सान) हिसाब तथा नगद प्रवाहको विवरणले नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम सारभूत रुपमा यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधार

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। धौवादी फलाम कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं किः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरू सम्पूर्ण रूपमा पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा हाम्रो रायमा कम्पनीको हिसाबकिताब, वहिखाता, स्रेष्ता र लेखासँग सारभूत रूपमा दुरूस्त रहेका छन्।

ग) हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएका छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाबकिताबको परीक्षणको आधारमा कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

ङ) कम्पनीको लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।१२।१९ मा पठाइएको छ।**

# नेपाल औषधि लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले नेपाल औषधि लिमिटेड (यस पछि "कम्पनी" भनिएको) को यसैसाथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका विषयहरूले पार्ने असरबाहेक संलग्न वित्तीय विवरणहरूले कम्पनीको २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको अवस्था नेपाल वित्तीय प्रतिवेदनमानअनुसार यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरू

१. **अवकाश दायित्वः** नेपाल लेखामान १ (वित्तीय विवरणको प्रस्तुती) तथा लेखामान ३७ (व्यवस्था, सांयोगिक दायित्व र सम्पत्ति) बमोजिम वित्तीय विवरण तयारी गर्दा सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा कम्पनीले कर्मचारी दायित्वमध्ये कर्मचारी अवकाश भएका बखत भुक्तानी गर्नुपर्ने दायित्व समावेश गरेको तर त्यसको लागि कुनै पनि कोष खडा गरेको छैन। यस वर्षको अन्त्यसम्म कुल अवकाश दायित्व रू.२४ करोड ३९ लाख ११ हजार रहेकोमा कोषको व्यवस्था गरेको छैन। लिमिटेडले दायित्व बराबरको रकम कोषमा जम्मा गर्नुपर्दछ।

२. **सम्पत्ति करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(१)(ज) तथा अनुसूची-८ बमोजिम स्थानीय तहलाई व्यवसाय दर्ता, नवीकरण र सम्पत्ति कर (घरजग्गा कर) लगाउने तथा असुल गर्ने अधिकार रहेको छ। काठमाडौं महानगरपालिकाको स्थानीय राजपत्र तथा कार्यविधिअनुसार महानगर क्षेत्रभित्र सञ्चालित सबै संस्थाले अनिवार्य व्यवसाय दर्ता गरी घरजग्गाको सम्पत्ति कर नियमित तिर्नुपर्ने व्यवस्था छ। कम्पनीको काठमाडौं महानगरपालिका वडा नं. ११, बबरमहलमा रहेको मुख्य कार्यालय तथा उत्पादन परिसरलाई स्थानीय तहमा व्यावसायिक संस्थाको रूपमा दर्ता गरेको देखिएन। साथै, कम्पनीको नाममा रहेको ४१ रोपनी ९ आना २ पैसा १ दाम जग्गा तथा सोमा निर्मित संरचनाको सम्पत्ति कर (घरजग्गा कर) तिरेको पाइएन। वित्तीय विवरणमा यसको लेखाङ्कन तथा व्यवस्था गरेको छैन। यसबाट कम्पनीमा जरिवाना तथा ब्याजको अतिरिक्त दायित्व सिर्जना हुने अवस्था देखिन्छ।

३. **अदालतको आदेश कार्यान्वयनः** नेपाल औषधि लिमिटेडको काठमाडौं महानगरपालिका बबरमहलस्थित कित्ता नं. १९० (३ रोपनी ४ आना ३ पैसा १ दाम) को जग्गा नेपाल आयल निगमलाई रू.११ करोड ३७ लाख १३ हजारमा बिक्री गरिएको निर्णयलाई सर्वोच्च अदालतले २०७९ भाद्र ९ गते खारेज गरी जग्गा पूर्ववत् अवस्थामा राख्न आदेश दिएको देखिन्छ। अदालतको उक्त फैसलापश्चात् जग्गाको स्वामित्व फिर्ता ल्याउनुपर्ने र आयल निगमबाट प्राप्त रकम फिर्ता गर्नुपर्ने कानूनी दायित्व सिर्जना भएको भएता पनि लिमिटेडले उक्त जग्गालाई सम्पत्तिको रूपमा र फिर्ता गर्नुपर्ने रकमलाई दायित्वको रूपमा वित्तीय विवरणमा लेखाङ्कन गरेको छैन। जग्गा फिर्ता, रजिष्ट्रेशन खारेजीसम्बन्धी अदालतको आदेश कार्यान्वयन नगरिएको कारणले हुने क्षतिपूर्ति तथा मुआब्जाको व्यवस्था गरिएको छैन। यसर्थ, कम्पनीको सम्पत्ति र दायित्व दुबै वित्तीय विवरणमा यथार्थभन्दा कम देखिएका छन्।

४. **कर बक्यौताः** कम्पनीलाई आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरबाट माग भएको शुल्क तथा ब्याजसहितको पछिल्लो आयकर तथा मुल्य अभिवृद्धि कर बक्यौता रकम रू.६ करोड ९६ लाख रहेको छ। आयकरतर्फ् २०५२।५३ पछि तथा मुल्य

अभिवृद्धि करतर्फ् २०६८।६९ पछि हालसम्म कर निर्धारण आदेश जारी भएको देखिएन। उपरोक्त विवरणअनुसारको आयकर तथा मुल्य अभिवृद्धि कर बक्यौताबापतको रकम भुक्तानी र कर चुक्ता लिने कार्य भएको छैन। वार्षिक रूपमा गर्नुपर्ने अन्तःशुल्क इजाजतपत्रको नविकरण, आयात निर्यात प्रयोजनको Exim Code नविकरण, व्यवसाय नवीकरण, बैङ्क खाता खोल्ने तथा बन्द गर्ने लगायतका कार्यहरूको लागि पछिल्लो वर्ष सम्मको कर चुक्ता प्रमाणपत्र पेस गर्नुपर्ने भएकोले वक्यौता कर फरफारक गरी कर चुक्ता प्रमाणपत्र लिनुपर्दछ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षकअन्तर्गत उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका प्रमुख विषयहरू (Key Audit Matters)**

लेखापरीक्षणका मुख्य मामिला (Key Audit Matters) ले चालु अवधिको वित्तीय विवरणको लेखापरीक्षणमा अत्यधिक महत्वपूर्ण ठानिएका विषयवस्तुहरूलाई जनाउँछ। यी मामलाहरू हाम्रो लेखापरीक्षणमा र हाम्रो राय जाहेर गर्नमा समग्र रूपमा लिइएको छ, साथै उक्त प्रमुख विषयहरूका लागि बेग्लै राय व्यक्त गरिएको छैन। लेखापरीक्षणका प्रमुख विषयहरू देहायबमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छ।

| क्र.सं. | मुख्य लेखापरीक्षण मामिला | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|---|
| १. | **बिक्री आम्दानीः** नेपाल वित्तीय प्रतिवेदनमान १५ (Revenue from Contracts with Customer) अनुसार नेपाल औषधि लिमिटेड ले विक्रेतालाई औषधि बिक्री गर्दा Five Step revenue Recognition Model अपनाउनुपर्दछ। औषधिको जोखिम र स्वामित्वको हस्तान्तरण गरेपछि मात्र कम्पनीले आम्दानी बाध्नुपर्दछ, जुन मुख्यतया सामग्रीको ढुवानी भएपछि र आम्दानी प्राप्त हुन सक्ने भरपर्दो सम्भावना सिर्जना भएपश्चात् मात्र लेखाङ्कन गर्नुपर्दछ। | कम्पनीले बिक्री गरेको औषधिबाट आर्जन गरेको आम्दानीको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको विधि निम्नअनुसार रहेकोः<br>▪ नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार Five Step revenue Recognition Model अपनाई कम्पनीले गरेको आम्दानी र सोको लेखाङ्कन तल अनुरूप चेकजाँच गरिएको,<br>▪ बिक्रेतासँग सम्झौताको पहिचान,<br>▪ सम्झौतामा कार्यसम्पादनको दायित्व,<br>▪ बिक्री हुने वस्तुको मुल्य पहिचान,<br>▪ कार्यसम्पादन दायित्वमा बिक्री मुल्यको वितरण गर्नुपर्ने,<br>▪ कार्यसम्पादन गर्नुपर्ने दायित्व पुरा भएपछि आम्दानी पहिचान गर्ने प्रक्रिया,<br>▪ कम्पनीको आम्दानी पहिचान गर्नको निमित्त लेखाङ्कन गरेको आम्दानीको विवरण र सोको विश्वसनीयता पुष्टिकरण गर्नको लागि लेखाङ्कन गर्ने प्रक्रिया, सम्बन्धीत कागजात, नियम तथा नियमावलीको पालना गरे नगरेको चेकजाँच गरिएको,<br>▪ कम्पनीले आन्तरिक राजस्व विभागमा भरेको खरिद तथा बिक्रीको आयकर विवरण र कम्पनीको बिक्री हिसाब भिडान गरी बिक्रीको चेकजाँच गरिएको। |
| २. | **खरिद प्रक्रियाः** नेपाल औषधि लिमिटेडले यस आर्थिक वर्षमा गरेको कच्चा पदार्थ, परामर्श सेवा र अन्य खरिद सार्वजनिक खरिद ऐन, २०६३ र कम्पनीको खरिद | कम्पनीले गरेको खरिदको प्रक्रिया, औचित्यताको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएका विधिहरूः<br>▪ खरिद ऐन तथा नियमावलीबमोजिम भए/नभएको चेकजाँच गरिएको। |

| | | |
|---|---|---|
| | नियमबमोजिम हुनुपर्ने। खरिद प्रक्रियाले कम्पनीमा एक मुख्य भुमिका खेलेको हुँदा सोसँग सम्बन्धित प्रक्रिया, खरिद नीति तथा लेखाङ्कन गर्ने विधिहरूको पहिचान गर्नुपर्ने देखिएको। | ▪ लागत अनुमान, बोलपत्र आव्हान तथा खरिदकर्ताको छनोटको प्रक्रिया।<br>▪ खरिद सामग्रीको चेकजाँच तथा सोको पहिचान र लेखाङ्कनको चेकजाँच। |

**वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरू:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य कानुनी तथा नियमनकारी व्यवस्थाहरू सम्बन्धी प्रतिवेदन**

**कम्पनी ऐन २०६३ को दफा ११५(३) बमोजिम**

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टिकरणहरू पाएका छौं।

(ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा कैफियतसहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियतबाहेक, हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएको छ।

(ग) कैफियतसहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियतबाहेक, यो प्रतिवेदनसँग सम्बन्धित वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) ले तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाबकिताब, स्रेस्ता र लेखासँग दुरूस्त रहेका छ।

(घ) कैफियतसहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियतबाहेक, हामीले लेखापरीक्षणको समयमा कम्पनीको सञ्चालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८३।१।२३ मा पठाइएको छ।**

# नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको लेखापरीक्षकको राय

हामीले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको यसै प्रतिवेदन साथ संलग्न २०८२ असार मसान्तको वित्तीय स्थिति विवरण वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आम्दानी विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणले यस प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाहको विवरण तथा इक्विटीमा भएको परिवर्तनको प्रचलित नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधारहरुः

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **व्यवस्थाः** कम्पनीको वित्तीय विवरणमा शङ्कास्पद आसामी रु.३७ लाख ५९ हजार व्यवस्था गरेको देखियो। सो रकम आर्थिक बर्ष २०७२।७३ देखि अचल रहेको र सो रकमको निर्धारणको आधार यकिन नभएकोले उक्त रकम आसामी नै हुन भनी यकिन गर्न सक्ने अवस्था छैन। यस सम्बन्धमा गत विगतको प्रतिवेदनमा उल्लेख गरेता पनि स्थिति यथावत छ।

२. **उठ्न बाँकी आसामीहरुः** कम्पनीको वित्तीय विवरणअनुसार व्यापारिक तथा अन्य प्राप्य रकम रु.२ करोड ७० लाख ७७ हजार उठ्न बाँकी रहेको छ। सो रकममध्ये आर्थिक बर्ष २०७०।७१ भन्दा अगाडी देखि विभिन्न ९ निकायबाट रु.१ करोड ९७ लाख ४५ हजार उठ्न बाँकी रहेको देखिन्छ। साथै, उक्त आसामीबाट कम्पनीले दाबी गर्न पुष्टि हुने कागजात पेश गरेको छैन। कम्पनीले आसामी रकम कानूनबमोजिम उठाउन आवश्यक देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा सञ्चार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरु छैन।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको

कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरणहरु जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

क. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

ख. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

ग. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

घ. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

ङ. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

च. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

छ. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

### कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

ख. हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाबकिताब सम्बन्धित ऐनबमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठिकसँग राखिएको छ।

ग. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टीकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षणबाट संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

ङ. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८३।१।२३ मा पठाइएको छ।**

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## अपर अरूण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**लेखापरीक्षकको राय**

हामीले अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडको (यस पछि "कम्पनी" भनिएको) यसै साथ संलग्न २०८२ आषाढ ३२ गतेको वित्तीय स्थिति विवरण र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सानी तथा अन्य विस्तृत आम्दानी विवरण, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले सारभूत रुपमा कम्पनीको मिति २०८२ आषाढ ३२ गतेको वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ चित्रण गर्दछ।

**राय व्यक्त गर्ने आधार**

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखाअनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.

- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the entity's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the entities to cease to continue as a going concern.

- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Group to express an opinion on the consolidated financial statements. We are responsible for the direction, supervision and performance of the group audit. We remain solely responsible for our audit opinion.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements of the current period and are therefore the key audit matters. We describe these matters in our auditor's report unless law or regulation precludes public disclosure about the matter or when, in extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such communication.

**Other Reporting Requirement Specific to Loan/Grant Agreement**

As per the requirements of loan, grant and project agreements funding agencies, we report the following ratios:

| S.N. | Particulars | Requirement | Actual |
|---|---|---|---|
| a | Debt Service Coverage Ratio (DSCR) | 1.2 | 2.37 |
| b | Rate of Return on Historic PPE | 6% | 3.37% |
| c | Total loss comprising of Generation Loss, transmission distribution loss | Not Specified | 12.26% |
| d | Debt Equity Ratio | 75:25:00 | 49.37:50.63 |
| e | Current Ratio | At least 1 | 1.06 |
| f | Average Account Receivable Days | Not more than 90 days | 48.07 |

**Note:**

a. Average collection period has been calculated by excluding the receivable of Rs. 18,552.98 million relating to due towards dedicated and trunk lines as these were also outstanding since previous years and there are disputes and legal cases pending.

b. Among total loan, Rs.19,553.09 million has to be classified as current loan on the basis of sample calculation of loan for which repayment schedule were available. If it is classified as current loan, the current ratio will be 0.85.

❖ माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस प्राधिकरणमा २०८२।९।३० मा पठाइएको छ।

# बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको राय

हामीले बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको यसै प्रतिवेदन साथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणले यस प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाहको विवरण तथा इक्विटीमा भएको परिवर्तनको प्रचलित नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा वित्तीय विवरणहरुमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार रहेको छ।

१. **सम्पत्ति तथा दायित्व स्वामित्वः**

कम्पनीमा साबिकको बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति खारेज भई सो समितिबाट प्राप्त हुने सम्पत्ति तथा दायित्वको मुल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिले खुद पुँजीगत खर्च रु.४२ अर्ब ३४ करोड ६३ लाख २६ हजार कायम गरेता पनि सम्पत्ति तथा दायित्व कम्पनीको नाममा नामसारी नभएको देखियो। साथै जग्गाधनी दर्ता प्रमाण पुर्जा नेपाल सरकार बुढीगण्डकी जलविद्युत आयोजनाको नाममा भएको तर जग्गा मुआब्जाको भुक्तानी कम्पनीबाट भएको पाइयो र जग्गाहरु बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको नाममा नामसारी भएको पाइएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण विषयवस्तुहरु (Key Audit Matters)

हाम्रो व्यवसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवम् व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयवस्तुहरु रहेको छैन।

### वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवम् परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु प्रर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार वहन गर्ने व्यक्तिमा रहेको छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनी नेपाल सरकारी लेखापरीक्षण मानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जलसाझी वा गल्तीबाट निम्तिन्छन् र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

क. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्टयाइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधिमा लेखापरीक्षण समावेश हुन्छ। यसरी अवलम्बन गरिने लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्त्याइएको भन्दा अधिक हुन्छ।

ख. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनी यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

ग. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

घ. लेखापरीक्षणको क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

ङ. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

च. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

छ. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता आचारसंहिताको परिपालन गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रलाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं किः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पूर्ण रुपमा पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाबकिताब वहिखाता स्रेस्ता र लेखासँग सारभूत रुपमा दुरुस्त रहेका छन्।

ग) हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएका छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाबकिताबको परीक्षणको आधारमा कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

ङ) कम्पनीको लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरिक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।९।१७ मा पठाइएको छ।**

# मोदी जलविद्युत कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले मोदी जलविद्युत कम्पनी लिमिटेडको यसै प्रतिवेदन साथ संलग्न २०८२ असार मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८२ असार मसान्तको वित्तीय स्थिति तथा उक्त मितिमा अन्त्य भएको आर्थिक वर्षको अवधिको नाफा/नोक्सान तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणको टिप्पणी २.२० मा उल्लेख गरिएअनुसार, कम्पनीले वित्तीय विवरण तयार गर्दा IFRIC 12 – Service Concession Arrangements अन्तर्गत आवश्यक पर्ने अमूर्त सम्पत्ति (Intangible Asset) मोडेल लागू गरेको छैन। यसका कारण कम्पनीले निर्माण गरिएका संरचनाहरूलाई अमूर्त सम्पत्तिको रूपमा पहिचान गर्नुको सट्टा तिनलाई सम्पत्ति, संयन्त्र तथा उपकरण (Property, Plant and Equipment) तथा निर्माणाधीन सम्पत्ति (Capital Work-in-Progress) का रूपमा वित्तीय विवरणमा प्रस्तुत गरेको छ। नाफा वा नोक्सान विवरणमा निर्माण अवधिमा पहिचान गर्नुपर्ने निर्माण सेवासँग सम्बन्धी आम्दानी, खर्च र नाफा पहिचान गरिएको छैन र अमूर्त सम्पत्ति अमोर्टाइजेसनको सट्टा ह्रास कट्टी खर्च देखाउने नीति रहेको छ, जसका कारण संस्थाको सम्पत्ति, आम्दानी र खर्चको लेखाङ्कन तथा नाफामा असर पर्ने हुन्छ। नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय विवरण प्रस्तुत गर्न संस्थाले IFRIC 12 अनुसार अमूर्त सम्पत्ति, आम्दानी र खर्चको लेखाङ्कन गरी वित्तीय विवरण प्रस्तुत गर्नुपर्ने हुन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। मोदी जलविद्युत कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### जोड दिइएका महत्वपूर्ण विषयहरू

हामी वित्तीय विवरणको टिप्पणी ३ तर्फ ध्यानाकर्षण गराउँछौं, जसमा उल्लेख छ कि NEA को ९९८औं बोर्ड बैठकको निर्णय (मिति २०८२।१।२१) अनुसार, माथिल्लो मोदी ए जलविद्युत आयोजना (४२ मे.वा.) र माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मे.वा.) का सम्पत्ति तथा दायित्वहरू मोदी जलविद्युत कम्पनी लिमिटेडलाई हस्तान्तरण गरिएको छ। उक्त हस्तान्तरण मोदी जलविद्युत कम्पनी लिमिटेडको ५२औं बोर्ड बैठक (मिति २०८२।२।१६) मार्फत अनुमोदित गरिएको र कम्पनीको खातामा यसलाई Capital WIP रू.३५ करोड ३० लाख ६६ हजार, Advance and Deposits रू.८७ लाख ४८ हजार, Cash and Bank Balances रू.११ लाख ४८ हजार तथा Trade Payable रू.७ हजार लेखा शीर्षकमा लेखाङ्कन गरिएको छ। उक्त रकमहरू NEA को लेखापरीक्षणपश्चात् प्राप्त गरी सम्बन्धित बोर्डहरूको निर्णयअनुसार समायोजन गरिएको हुँदा यी रकमहरूको हामीले विस्तृत परीक्षण गरेका छैनौं। उक्त विषयका सन्दर्भमा हाम्रो रायमा कुनै परिवर्तन गरिएको छैन।

### लेखापरीक्षणका मुख्य विषयहरू (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरू ती विषयहरू हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छ। यी विषयहरू हाम्रो समग्र वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको हुन्छ र हामी यी विषयहरूमा छुट्टै राय प्रदान गर्दैनौं।

कम्पनी र लेखापरीक्षणका तथ्य र परिस्थितिहरूमा निर्भर गर्दै, हामीले हाम्रो प्रतिवेदनमा उल्लेख गर्न कुनै प्रमुख लेखापरीक्षण विषयहरू छैनन् भनी निर्धारण गरेका छौं।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षण मानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन**

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरण उपलब्ध गरेका छौं।

ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा हाम्रो रायमा कम्पनीको हिसाबकिताब, वहिखाता, स्रेस्ता र लेखासँग सारभूत रूपमा दुरूस्त रहेका छन्।

ग) हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएका छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाबकिताबको परीक्षणको आधारमा कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

ङ) कम्पनीको लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।९।१६ मा पठाइएको छ।**

# रघुगङ्गा हाइड्रोपावर लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले रघुगंगा हाइड्रोपावर लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०८२ असार मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य विस्तृत आम्दानी विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८२ असार मसान्तको वित्तीय स्थिति तथा उक्त मितिमा अन्त्य भएको आर्थिक वर्षको अवधिको नाफा/नोक्सान तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरू

१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सार्वजनिक जवाफदेहिता भएका संस्थाहरूले अनिवार्य रूपमा आर्थिक वर्ष २०७३।७४ देखि वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गर्ने निर्देशन गरेको छ। यसरी नेपाल वित्तीय प्रतिवेदनमानअनुसार सेवा छुट व्यवस्था (Service Concession Arrangement) मा आवद्ध भई पूर्वाधार विकास गरी सञ्चालन गर्ने संस्थाले वित्तीय विवरण तयार गर्दा तल उल्लेखित अवस्थामा अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान व्याख्या समिति (IFRS Interpretation Committee) ले प्रस्तुत गरेको IFRIC- 12 को प्रावधानको पालना गरेको हुनुपर्दछः

- पूर्वाधार सञ्चालकले (Operator) कुन सेवा प्रदान गर्ने, कति मूल्य तय गर्ने, कसलाई सेवा प्रदान गर्ने तथा कुन मूल्यमा सेवा प्रदान गर्ने कुराको नियमन तथा नियन्त्रण अनुदानकर्ताले (Grantor) ले गर्दछ।
- सम्झौताका सर्तहरूको अन्त्यमा अनुदानकर्ताले पूर्वाधारमा, स्वामित्व लाभदायक हक वा अन्यथा कुनै पनि महत्वपूर्ण अवशिष्ट चासोमार्फत् नियन्त्रण गर्दछ।

संस्थाले ऊर्जा मन्त्रालयअन्तर्गत विद्युत विकास विभागबाट अनुमति पत्र प्राप्त गरी विद्युत आयोजना निर्माण गरिरहेको छ। विद्युत खरिद सम्झौताको प्रावधान अनुरूप निर्धारण गरिएको बिक्री मूल्यमा नेपाल विद्युत प्राधिकरणलाई मात्र उत्पादित विद्युत आपूर्ति गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ। अनुमति पत्रको सर्तअनुसार सम्झौताको अन्त्यमा आयोजनाको पूर्वाधारहरूमा महत्वपूर्ण अवशिष्ट हित नेपाल सरकारसँग रहनेछ। यसर्थ यस संस्थालाई IFRIC-12 को प्रावधानहरू लागू हुन्छन्। IFRIC-12 का प्रावधानहरूको पालना गर्दा आयोजनाको पूर्वाधारहरू अमूर्त सम्पत्तिमा वर्गीकरण गरी लेखाङ्कन गर्ने, निर्माण चरण तथा सञ्चालन चरणको आम्दानीको लेखाङ्कन गर्ने तथा सेवा सम्झौताको प्रकृति र मुख्य सर्तहरू, अनुदानकर्ता र सञ्चालकको अधिकार तथा दायित्व, अमूर्त सम्पत्ति छुट्याएको आधार, प्रमुख लेखानीतिहरू (Accounting Policies), सम्झौता अन्त्यपछिको पूर्वाधार सम्बन्धी अवस्थाको आवश्यक खुलासाहरू वित्तीय विवरणमा यथोचित रूपमा प्रतिविम्बित हुनुपर्नेमा सो गरेको छैन र यसको पालन नगर्दा वित्तीय सूचनाको पुर्नस्थापना, प्रस्तुतीकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभूत र व्यापक हुन सक्दछ। यस संस्थाले वित्तीय विवरण तयार गर्दा IFRIC-12 को पालना नगर्दा संस्थाको वित्तीय विवरणमा पार्ने असरको कुल रकम हामीले लेखापरीक्षणका बखत यकिन गर्न सकेनौं।

२. नेपाल विद्युत प्राधिकरणसँगको विद्युत खरिद बिक्री सम्झौताको बुंदा नम्बर २ बमोजिम, सम्बन्धित निकायबाट विधिवत जारी भएको विद्युत उत्पादनको अनुमतिपत्र (Generation License) कम्पनीले प्राधिकरणमा बुझाएको मितिदेखि प्रभावकारी हुने र आयोजनाबाट व्यापारिक उत्पादन शुरू हुने मिति (Commercial Operation Date) ले ३० (तीस) वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधिमध्ये जुन घटी छ सो समयसम्म कायम रहने व्यवस्था रहेता पनि

कम्पनीले भवनको उपयोग योग्य आयु ५० वर्ष अनुमान गरी ह्रासकट्टी गरेको कारण नाफा वा नोक्सान विवरणको ह्रास खर्च साथै सो रकमले संस्थाको वित्तीय अवस्थामा असर पार्ने देखिन्छ।

३. राहुघाट जलविद्युत आयोजनाको सम्पूर्ण, सम्पत्ति खर्च तथा दायित्वको हरहिसाबहरू हस्तान्तरण गरी हिसाब मिलाउन, २०७९।४।१ गते नेपाल विद्युत प्राधिकरणले टिप्पणी र आदेश पेश गरे बमोजिम जायजेथा प्लाण्ट तथा उपकरण रघुगंगा हाइड्रोपावर लिमिटेडमा हस्तान्तरण गरिएको थियो। हस्तान्तरण भएका सम्पत्तिमध्ये कतिपय सम्पत्तिहरू पूर्ण रूपमा ह्रास भैसकेको र सोको खुद किताबी मूल्य वित्तीय विवरणमा रू. एक राखेको पाईयो। नेपाल लेखामान १६ "जायजेथा प्लाण्ट तथा उपकरण" बमोजिम सम्पत्तिको अवशेष मुल्य (Residual Value) तथा उपयोगी आयुको आर्थिक वर्षको अन्त्यमा कम्तिमा एक पटक समिक्षा गर्नुपर्ने व्यवस्था भएता पनि, व्यवस्थापनले सो सम्पत्ति प्राप्ति पश्चात मूल्य तथा उपयोगी आयुको समिक्षा नगरेको कारणले संस्थाको वित्तीय विवरणमा पार्ने असरको कुल रकम हामीले लेखापरीक्षणका बखत यकिन गर्न सकेनौं।

४. रघुगंगा हाईड्रोपावरले आयोजना प्रभावित बासिन्दालाई मुआब्जा तथा क्षतिपूर्ति भुक्तानी गर्नको निमित्त जिल्ला प्रशासन कार्यालय म्याग्दीलाई अग्रिम रकम निकासा गर्ने गरेकोमा विगत वर्षमा रघुगंगाले मुआब्जा तथा क्षतिपूर्तिका लागि निकासा गरेको अग्रिम रकम रू.१९ लाख ८९ हजारलाई क्षतिपूर्तिका रूपमा खर्च लेखाङ्कन गरेको कारण नाफा वा नोक्सान विवरणको खर्च साथै सो रकमले संस्थाको वित्तीय अवस्थामा असर पार्ने देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। रघुगंगा हाइड्रोपावर लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य विषयहरू (Key Audit Matters)**

मुख्य लेखापरीक्षण विषयहरू ती विषयहरू हुन् जुन हालको अवधिको वित्तीय विवरणहरूका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोरा बाहेक सञ्चार गर्नुपर्ने कुनै पनि मुख्य लेखापरीक्षणका विषयहरू छैन। हामीले तल वर्णन गरिएका विषयहरूलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरूका रूपमा निर्धारण गरेका छौं।

| सि.नं. | लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरू | सम्बन्धित जोखिम | लेखापरिक्षकको प्रतिक्रिया |
|---|---|---|---|
| १. | नेपाल विद्युत प्राधिकरणसँगको सहायक वित्तीय सम्झौताअन्तर्गतको ऋण र अन्य लेनादेना हिसाव। | गलत तथ्याङ्कको प्रविष्टि हुन सक्ने जोखिम रहन्छ। | • यस आ.व. को लागि नेपाल विद्युत प्राधिकरणबाट प्राप्त सहायक ऋण सम्झौताका सम्बन्धमा EXIM Bank द्वारा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई पठाएको चिठ्ठीको अध्ययन गर्यौं।<br>• ठेकेदारहरूको सम्बन्धमा लिखित समर्थन पत्र माग्यौ।<br>• अन्यको हकमा हामीले व्यवस्थापनसँग सोधपुछ, कागजहरूको परीक्षण गर्यौं र केहीको हकमा समर्थन पत्र माग्यौ। |

| | | | |
|---|---|---|---|
| २. | ईलेक्ट्रो मेकानिकल कार्य (भारत हेवि ईक्यूमेन्ट लिमिटेड) का सम्बन्धमा परामर्शदाताको सिफारिस बमोजिम खरिद सम्झौताको म्याद ३१ डिसेम्बर २०२५ सम्म थप गर्न स्वीकृति दिने निर्णय गरेकोमा २०८१।८२ को अन्त्यसम्म हाल सम्म ४६.६३ प्रतिशत मात्र कार्य सम्पन्न भएको हुँदा उक्त ठेकेदारले करारबमोजिमको समयावधिमा कार्य गर्न नसक्ने। | आयोजनाको ईलेक्ट्रो मेकानिकल कार्य आयोजनाको निर्माण कार्य पूर्व निर्धारित करार बमोजिमको अवधिमा सम्पन्न हुन नसक्ने तथा करार अवधि थप हुँदा आयोजनाको लागत बढी हुने जोखिम रहन्छ । | • भारत हेवि ईक्यूमेन्ट लिमिटेडसँग गरिएको करारको अध्ययन गर्यौं। |
| ३. | सिभिल तथा हाईड्रो मेकानिकल कार्य (जय प्रकाश लिमिटेड) का सम्बन्धमा सिफारिस बमोजिम खरिद सम्झौताको म्याद २७ नोभेम्बर २०२५ सम्म थप गर्न स्वीकृति दिने निर्णय गरेकोमा २०८१।८२ को अन्त्यसम्म ८६.७९ प्रतिशत मात्र कार्य सम्पन्न भएको हुँदा उक्त ठेकेदारले करार बमोजिमको समयावधिमा कार्य गर्न नसक्ने। | आयोजनाको ईलेक्ट्रो मेकानिकल कार्य आयोजनाको निर्माण कार्य पूर्व निर्धारित करार बमोजिमको अवधिमा सम्पन्न हुन नसक्ने तथा करार अवधि थप हुँदा आयोजनाको लागत बढी हुने जोखिम रहन्छ। | • जय प्रकाश लिमिटेडसँग गरिएको करारको अध्ययन गर्यौं। |
| ४. | कम्पनीले तय गरेको वार्षिक नीति तथा कार्यक्रम अनुरूप कार्यहरू सम्पन्न गर्न नसकेको। | वार्षिक नीति तथा कार्यक्रम अनुरूपका कार्यहरू पूर्ण रूपमा सम्पन्न नहुँदा तय गरेको समयावधिमा आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसक्ने जोखिम रहन्छ। | • कम्पनीको वार्षिक नीति तथा कार्यक्रमको अध्ययन गर्यौं।<br>• कम्पनीको आयोजनाको चौमासिक तथा वार्षिक प्रगति विवरणको अध्ययन गर्यौं।<br>• कम्पनिको वार्षिक पुँजिगत तथा चालु बजेट तथा वास्तविक खर्चको तुलनात्मक विश्लेषण गर्यौं। |

**वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बाहेकको अन्य सूचनाहरू**

अन्य सूचनाहरूको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। अन्य सूचनाहरूमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक सञ्चालक समितिको प्रतिवेदन, अध्यक्षको प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, व्यवस्थापनको प्रतिवेदनलगायतका प्रतिवेदनहरूमा उल्लेख भएका सूचनाहरू पर्दछन्। यस्ता सूचनाहरू हामीलाई लेखापरीक्षण प्रतिवेदन जारी भएपश्चात मात्र प्राप्त हुन्छन्।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य सूचनालाई समावेश गर्दैन तथा यस्ता अन्य सूचनाका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासनको निचोड व्यक्त गर्दैनौं।

वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, माथि उल्लेख गरिएका अन्य सूचनाहरू उपलब्ध हुँदा पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा अन्य सूचनाहरू वित्तीय विवरण वा लेखापरीक्षणका बखत प्राप्त भएको हाम्रो ज्ञानसँग सारभूत रूपमा असङ्गत वा सो सूचनाहरू सारभूत रूपमा गलत व्याख्या भएका छन् कि छैनन भनी विचार गर्नुपर्दछ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षण मानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ।

### लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य बिषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं किः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरू सम्पुर्ण रूपमा पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा हाम्रो रायमा कम्पनीको हिसाबकिताब, वहिखाता, स्रेस्ता र लेखासँग सारभूत रूपमा दुरूस्त रहेका छन्।

ग) हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएका छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाबकिताबको परीक्षणको आधारमा कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस लिमिटेडमा २०८२।९।१३ मा पठाइएको छ।**

# राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको यसै प्रतिवेदन साथ संलग्न २०८२ असार मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य विस्तृत आम्दानी विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको २०८२ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **चुक्ता हुन बाँकी सेयरः** बाँडफाँट भएको सेयरमध्ये नेपाल विद्युत प्राधिकरणबाट चुक्ता हुन बाँकी सेयर संख्या ३ करोड २० लाख ७३ हजार ३३१ कित्ताबापत रु.३ अर्ब २० करोड ७३ लाख ३३ हजार देखिन्छ। नेपाल विद्युत प्राधिकरणबाट उक्त सेयर कित्ता तथा रकम फरफारक गर्नुपर्दछ।

२. **जग्गा प्राप्तिको पेस्की फर्स्यौटः** सुर्खेत, संखुवासभा, कालिकोट, जाजरकोट र गोरखाका जिल्ला प्रशासन कार्यालयलाई दिएको पेस्की जम्मा रु.१ करोड १८ लाख ९५ हजार उक्त सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी जग्गाको लालपुर्जा तथा अन्य सम्बन्धित कानूनी तथा प्रशासनिक खर्चसमेतको बिल भर्पाई प्राप्त गरी फरफारक तथा फर्स्यौट गर्नुपर्दछ।

३. नेपाल सरकारबाट वार्षिक बजेट विनियोजन भई अर्थ मन्त्रालयबाट निकासा प्राप्त भएको सेयर पुँजीबापतको रकम रु.९७ करोड ६७ लाख ३० हजारलाई वासतालमा उल्लेख गरेको देखिन्छ। उक्त रकमको सेयर बाँडफाँट गरी सेयर पुँजीमा परिणत गर्नुपर्दछ।

हामीले नेपाल सरकारी लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेको छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरिक्षणको मुख्य विषयहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। उक्त विषयवस्तुहरु लेखापरिक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकीय व्यवस्था प्रति जिम्मेवारी लिनेलाई सूचित गरिएको विषयवस्तुहरु मध्येबाट गरिएका छन्। वित्तीय विवरणको लेखापरीक्षण र राय गठन गर्दा यी कुराहरु सम्बोधन गरिएको छ र ती कुराहरु उपर अलग्गै राय व्यक्त गर्दैनौं। हाम्रो प्रतिवेदनमा जानकारी गराउनको लागि देहायका विषयवस्तुहरु लेखापरीक्षणका मुख्य विषयहरु हुन् भनी ठानेका छौं।

१. **आयोजनाहरुको बजेट खर्चः**

आर्थिक वर्ष २०८१।८२ मा कम्पनीले विभिन्न आयोजनाहरुको लागि लक्ष्य तथा कार्यक्रम निर्धारण गरेको र सो अनुसार वार्षिक बजेट तयार गरी सञ्चालक समितिमा पेश गरेकोमा सञ्चालक समितिले ती आयोजनाहरुको वार्षिक बजेट स्वीकृत गरेको छ। आयोजनाहरुको बजेट खर्च विश्लेषण यस प्रकार छ।

| विवरण | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| अचल सम्पति | १५,५०,००० | १२,८३,०९३ | ८३ |
| वितरण प्रणाली | २,१९,४७,८४,४०१ | १,१९०,१०४,९९९ | ५४ |
| प्रशासनिक खर्चहरु | ९,९६,१३,३५५ | ५,७५,६४,५५६ | ५८ |

वार्षिक बजेट र वास्तविक खर्चको तुलनात्मक विवरणअनुसार वितरण प्रणाली र प्रशासनिक शीर्षकहरुमा खर्च अपेक्षाकृत देखिएको छैन।

**२. सेयर संरचनाः**

कम्पनीको सेयर पुँजी जम्मा रु.३ अर्ब ५४ करोड अन्तर्गत विभिन्न ८ संघीय मन्त्रालयले रु.३ अर्ब ४९ करोड सेयर पुँजी चुक्ता गरिसकेका छन्। नेपाल विद्युत प्राधिकरणले रु.५ करोड मात्र सेयर रकम चुक्ता गरेको देखिन्छ। कम्पनी स्थापना हुँदा नेपाल विद्युत प्राधिकरणले ३ करोड २० लाख ७३ हजार ३३१ कित्ता सेयरको रकम जम्मा गर्ने व्यवस्था भए पनि सो सेयरको रकम चुक्ता गरेको छैन।

**३. प्रसारण प्रणाली खण्डीकरण तथा रिफोर्म (Transmission System Unbundling and Reform):**

कम्पनी कार्यान्वयनमा आएको ९ वर्ष व्यतित भई सक्दा पनि कम्पनी स्थापनाको उद्देश्यअनुसार नेपाल विद्युत प्राधिकरणको प्रसारण प्रणाली यस कम्पनीसँग मर्ज गर्नुपर्ने उल्लेख भएको तर त्यसतर्फ् कम्पनी, नेपाल विद्युत प्राधिकरण र उर्जा मन्त्रालयबाट उल्लेखनीय कार्य तथा तत्परता भएको देखिएन।

**४. स्रोत सुनिश्चितता भैसकेकेको तर बजेट व्यवस्था तथा निकासा नभएकोः**

अर्थ मन्त्रालयको २०७८।१०।९ को पत्र संख्या ३०८-३(३) चलानी नं. ७३० को पत्रबाट स्रोत सुनिश्चिता भएपश्चात कर्णाली कोरिडोर प्रसारण लाईन आयोजनाको ठेक्कापट्टा भएको पाइयो। समयावधि चार (४) वर्ष रहेको सो आयोजनाको २०७९।१०।१२ मा भएको ठेक्का सम्झौताअनुसार अनुमानित लागत अमेरिकी डलर ४ करोड ३६ लाख ८९ हजार र नेपाली रुपैंया रु.२ अर्ब २४ करोड २० लाख ४७ हजार रहेको देखिन्छ। स्रोत सुनिश्चितता हुँदाहुँदै २०७९।८० मा विनियोजन भएको रु.६० करोड ८० लाख बजेट निकासा नभएको, २०८०।८१ मा रु.४० करोड ८० लाख बजेट व्यवस्था भएकोमा रु.२७ करोड ६८ लाख मात्र निकासा भएको र सम्झौतामा उल्लेखित कार्ययोजनाअनुसार २०८१।८२ मा रकम रु.२ अर्ब ५० करोड बजेट व्यवस्था हुनुपर्नेमा अर्थ मन्त्रालयबाट २०८१।८२ को लागि रु.२० करोड र २०८२।८३ मा समेत जम्मा रु.१८ करोड ५० लाख मात्र बजेट व्यवस्था गरेकोले आयोजनाको निर्माण समय लम्बिन जाने र सोको कारणले ठूलो आर्थिक व्ययभार थपिने देखिन्छ।

**५.** कम्पनीले केराबारी न्यु मर्स्याङ्गदी १३२ के.भी. प्रसारण लाईन निर्माणको ठेक्का २०७८।३।२७ मा लगाएको थियो। उक्त आयोजनाको अनुमानित लागत रु.९५ करोड २४ लाख ३३ हजार रहेकोमा ३०.९३ प्रतिशत मात्र प्रगति भई २०८० भाद्र ९ सम्म सम्पन्न गर्नुपर्नेमा २०८१ भाद्र ९ सम्म सम्पन्न गर्ने लक्ष्य सहित अवधि थप भएको थियो। उक्त थपिएको म्यादभित्र पनि परियोजना सम्पन्न नभएकोले दोश्रो पटक थप १ वर्ष २०८२ भाद्र ८ तथा तेश्रो पटक थप १ वर्ष २०८३ साउन ७ सम्म सम्पन्न गर्ने गरी म्याद थप गरिएको छ। उक्त आयोजनाको समय र मुल्य वृद्धि नबढ्ने गरी थपिएको समयमा कार्य सम्पन्न गराउने व्यवस्था मिलाउनुपर्दछ।

**६.** कम्पनीले मेवा चांगे १३२ के.भी. प्रसारण लाईन निर्माणको ठेक्का २०७८।२।२३ मा लगाएको थियो। उक्त आयोजनाको अनुमानित लागत रु.५९ करोड ४० लाख ३७ हजार रहेकोमा ३५ प्रतिशत मात्र प्रगति भई दोश्रो थप १ वर्ष म्याद थप भएको छ। २०८१ असार २० सम्म सम्पन्न गर्नुपर्नेमा २०८३ मंसिर १८ सम्म बढ्ने गरी अवधि बढाइएकोमा समय र मूल्य वृद्धि नबढ्ने गरी समयमा निर्माण कार्य सम्पन्न गराउने व्यवस्था मिलाउनुपर्दछ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं किः

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरू सम्पूर्ण रूपमा पाएका छौं।
२. हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा हाम्रो रायमा कम्पनीको हिसाबकिताब, वहिखाता, स्रेस्ता र लेखासँग सारभूत रूपमा दुरूस्त रहेका छन्।
३. हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएका छन्।
४. लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाबकिताबको परीक्षणको आधारमा कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।
५. कम्पनीको लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।९।१७ मा पठाइएको छ।**

# स्यार्पु पावर कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरिक्षकको राय

हामीले स्यार्पु पावर कम्पनी लिमिटेडको यसै प्रतिवेदन साथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, विस्तृत आय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले स्यार्पु पावर कम्पनी लिमिटेडको २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा तथा नगद प्रवाहको विवरण नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम सारभूतरुपमा सही र यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधार

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। लेखापरीक्षणका प्रमुख विषयहरु देहायबमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छ।

| मुख्य लेखापरीक्षण विषयहरु | लेखापरीक्षणको क्रममा उक्त विषयहरु सम्बोधन गर्नका लागि अपनाइएका तरिकाहरु |
|---|---|
| **परियोजना कार्य प्रगति (Project WIP) -** वित्तीय विवरणको अनुसूची २७, २०८२ असार ३२ गतेसम्म कम्पनीको परियोजना कार्य प्रगतिमा विकास र निर्माणका लागि रु.४४ करोड १७ लाख ९ हजार खर्च गरेको भएता पनि परियोजना सञ्चालन र कार्यान्वयनमा आउन बाँकी रहेको छ। | खर्च र आय विवरण, वार्षिक प्रगति विवरण तथा प्रतिवेदन र सोको पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात, बिल तथा भर्पाई अध्ययन/परीक्षण गरियो। |

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले केन्द्रको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले केन्द्रको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

### कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेको स्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाबकिताब सम्बन्धित ऐनबमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठिकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु संस्थाले राखेका हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून

विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।१२।२६ मा पठाइएको छ।**

# कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

## कानुन किताब व्यवस्था समिति

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले कानून किताब व्यवस्था समितिको यसै प्रतिवेदन साथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतनको विवरण र तत्सम्बन्धी लेखानीति एवम् टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०८२ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त मितिमा अन्त्य भएको आर्थिक वर्षको अवधिको सञ्चालन नतिजा तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन मान्यताबमोजिम यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

१. **नेपाल वित्तीय प्रतिवेदनमान लागू नभएको:** समितिको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान अन्तर्गतको ढाँचामा तयार गरेको छैन। उक्त मानबमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरु नगरिदा संस्थाको वित्तीय विवरणमा पर्ने समष्टिगत प्रभाव अनिश्चित रहेको छ, जुन समग्रमा सारभूत तथा व्यापक हुन्छ।

   हामीले नेपाल सरकार लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामी हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी समिति व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले केन्द्रको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै समितिलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले केन्द्रको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस समितिमा २०८२।१२।२२ मा पठाइएको छ।**

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि सामग्री कम्पनी लिमिटेड

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले कृषि सामग्री कम्पनी लिमिटेड (यसपछि "कम्पनी" भनिएको) को यसै प्रतिवेदनसाथ संलग्न २०८२ असार मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका विषयहरुले पार्ने असर बाहेक संलग्न वित्तीय विवरणले कम्पनीको २०८२ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको अवस्था नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप सारभूत रुपमा यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु:**

१. **मौज्दातः** कम्पनीले वित्तीय विवरणमा अन्तिम मौज्दातको मूल्य रु.४ अर्ब ४१ करोड ९४ लाख ७५ हजार कायम गरेको भए तापनि सोको मूल्याङ्कन नेपाल लेखामान २ को व्यवस्थाबमोजिम लागत वा खुद प्राप्ति योग्य मूल्य (Net Realizable Value) मध्ये जुन कम हुन्छ सो आधारमा गरिएको छैन। कृषि चुन तथा मार्गस्थलमा रहेका युरिया र डि.ए.पी. मलको मूल्याङ्कन लागतभन्दा बढी मूल्यमा गरिएकाले लेखामानअनुसारको विधि अपनाएको भए शुरु मौज्दात रु.८ करोड ८७ लाख ९५ हजार र अन्तिम मौज्दात रु.११ करोड ७५ लाख २३ हजारले घट्ने देखिन्छ।

२. **मार्गस्थल मौज्दातः** कम्पनीको वित्तीय विवरणको स्टक मौज्दातअन्तर्गत मार्गस्थल मौज्दात भनी रु.३ अर्ब २६ करोड ७ लाख ३९ हजार रकम देखाइएको पाइयो। सो रासायनिक मलहरुको मौज्दात २०८१।८२ मा प्राप्त नभई २०८२।८३ मा प्राप्त भएको पाइन्छ। Conceptual Framework for NFRS अनुसार संस्थाको विगतका कारणले हाल नियन्त्रणमा रहेका स्रोतहरु जसले भविष्यमा आर्थिक लाभ उपलब्ध गराउछ त्यस्तो कुरालाई सम्पत्ति भनिन्छ । २०८१।८२ मा प्राप्त नभएको मार्गस्थल मौज्दात कम्पनीको नियन्त्रणमा नभएकोले उक्त मार्गस्थल मौज्दातलाई नेपाल लेखामान २ अनुसार सम्पत्ति लेखाङ्कन गर्न मिल्दैन।

३. **अनुदानः** नेपाल लेखामान २० अनुसार आम्दानीको लागि पाएको अनुदान सो सँग सम्बन्धी कुनै सर्त भए सो सर्तहरु पुरा भएपछि मात्र लेखाङ्कन गर्न मिल्ने हुन्छ। कम्पनीले २०८१।८२ सँग सम्बन्धित रासायनिक मल खरिदको सरकारी अनुदान सोही वर्षमा प्राप्त भएको परिमाण बराबर आम्दानी मानी २०८१।८२ मा लेखाङ्कन गर्नुपर्नेमा २०८२।८३ मा प्राप्त भएको रासायनिक मलहरु बापतको सरकारी अनुदानसमेत २०८१।८२ मा आम्दानी लेखाङ्कन गरेको छ।

४. **अग्रिम करः** कम्पनीले Global Tender बाट पैठारी गरेको रासायनिक मलहरुको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(३)(क) बमोजिम भुक्तानी रकममा ५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा सोअनुसार नगर्दा रासायनिक मल खरिदको भुक्तानी गर्दा कर कट्टी गर्नुपर्ने बापतको रकम ब्याजसहित २०७१।७२ देखि २०७४।७५ सम्मको लागि २०८०।९।२ सम्म गणना गर्दा रु.४ अर्ब १३ करोड २३ लाख ४३ हजार र २०७५।७६ को लागि २०८०।१।३१ सम्म ब्याजसहितको रकम गणना गर्दा रु.१ अर्ब ९ करोड ६६ लाख गरी जम्मा रु. ५ अर्ब २२ करोड ८९ लाख ४३ हजार तिर्नुपर्ने भनी ठूला करदाता कार्यालयबाट माग भई आएको वक्यौता रकममा सम्भावित दायित्व भनी देखाइएको छ। २०७१।७२ देखि २०७४।७५ सम्मको रु.४ अर्ब १३ करोड २३ लाख ४३ हजारको लागि कम्पनी आयकर ऐन, २०५८ को दफा ११५

बमोजिम प्रशासकीय पुनरावलोकनको लागि विभाग समक्ष निवेदन नदिएको कारणले सम्भावित दायित्व (Contingent Liability) भनी खुलासा मात्र नगरी नेपाल लेखामान ३७ बमोजिम व्यवस्था सृजना गर्नुपर्दछ।

५. **भाडाः** नेपाल लेखामान १ को अनुच्छेद २७ र २८, वित्तीय विवरणको लेखा टिप्पणी २.१. को व्यवस्था र नेपाल वित्तीय प्रतिवेदनमानको Conceptual Framework को प्रावधानले सबै आम्दानी तथा खर्चहरू एक्रुअल आधारमा लेखाङ्कन गर्नुपर्ने र आम्दानी जुन अवधिमा आर्जन भएको हो, सोही अवधिमा वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। तर कम्पनीले आफ्नो "अन्य आम्दानी" अन्तर्गत लेखाङ्कन गरेको कुल आम्दानी रकम रु.६ करोड ३० लाख ७३ हजारमा "गोदाम तथा जग्गा भाडा आम्दानी" लाई एक्रुअल आधारमा लेखाङ्कन नगरी नगद प्राप्तिको आधारमा मात्र लेखाङ्कन गरिएको पाइयो। कम्पनीको प्रधान कार्यालय र विभिन्न प्रादेशिक तथा शाखा कार्यालयहरू (विर्तामोड, दमौली, पोखरा, पर्वत र धनगढी) को भाडा सम्झौता अध्ययन गर्दा २०८१।८२ मा प्रधान कार्यालयको वास्तविक भाडा आम्दानी रु.३ करोड २२ लाख ८८ हजार हुनुपर्नेमा रु.१ करोड ७८ लाख ५१ हजार मात्र रहेको र अन्य शाखाहरूको जम्मा रु.४ करोड ३७ लाख ९७ हजार हुनुपर्नेमा रु.३ करोड ४५ लाख ६१ हजार मात्र लेखाङ्कन गरिएको देखिन्छ। यसका अतिरिक्त, अघिल्ला आर्थिक वर्षहरू देखि प्राप्त हुन बाँकी रहेको कुल रु.७ करोड ८२ लाख २५ हजार बराबरको भाडा रकमलाई समेत "पाउनुपर्ने भाडा" का रूपमा वित्तीय विवरणमा लेखाङ्कन गरिएको पाइएन।

६. **विदेशी मुद्राः** नेपाल लेखामान २१ को अनुच्छेद २३ र २८ को व्यवस्थाबमोजिम प्रतिवेदन अवधिको अन्त्यमा वैदेशिक मुद्रामा रहेको भुक्तानी पाउन वा दिन बाँकी रकमलाई आय वर्षको अन्तिम दिनको प्रचलित विनिमय दरले हिसाब गरी नेपाली मुद्रामा परिणत गर्नुपर्ने र सो बाट भएको नाफा/नोक्सानलाई सो आय वर्षको नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गर्नुपर्दछ। कम्पनीले विदेशी पार्टीहरूलाई भुक्तानी गर्नुपर्ने रु.८ अर्ब ७२ करोड ११ लाख २५ हजार (अमेरिकि डलर ५ करोड ६३ लाख १ हजार ४९६) र प्राप्त हुनुपर्ने रु.१३ करोड ४९ लाख १६ हजार (अमेरिकि डलर ९ लाख ९९ हजार ९९५) रकम वित्तीय विवरणमा प्रस्तुत गरेको छ। सो तिर्नुपर्ने र लिनुपर्ने विदेशी मुद्राको रकमहरुलाई आर्थिक वर्षको अन्तिम रिपोर्टिङ अवधिमा (सो दिनको नेपाल राष्ट्र बैङ्कको बिक्री दर १ अमेरिकि डलर बराबर नेपाली रुपैँया १३७.६० र खरिद दर १ अमेरिकि डलर बराबर रु.१३७) माथि उल्लेखित प्रावधानअनुसार मूल्याङ्कन गर्नुपर्नेमा गरिएको छैन।

७. **बोनसः** बोनस ऐन, २०३० को दफा ५ को ३ख बमोजिम नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले हरेक आर्थिक वर्षको सम्भावित दायित्व (कन्टिन्जेन्ट ल्याबिलिटी) बापतको रकम यकिन गर्ने र त्यसरी यकिन हुन आएको रकम छुट्टै कोष खडा गरी जम्मा गरेपछि मात्र बोनस वितरण गर्न पाउनेछ। कम्पनी विरुद्ध परेका विभिन्न कानूनी मुद्दाहरूका कारण ठूलो रकमको सम्भावित दायित्व सिर्जना भएको देखिन्छ। तर, कम्पनीले ती दायित्वहरूको विश्वसनीय मापन गरेको छैन र सो बापतको रकम छुट्टै कोष खडा गरी जम्मा गरेको पनि पाइएन। यस्तो अवस्थामा सम्भावित दायित्वको खुलासा समेत नगरी कम्पनीले २०७४।७५ देखि २०८१।८२ सम्मको बोनसबापतको व्यवस्थाका लागि कुल रकम रु.१४ करोड ७१ लाख ५२ हजार विनियोजन गरेको छ। ऐनले तोकेबमोजिम सम्भावित दायित्व यकिन बेगर बोनसको व्यवस्था गरिनु प्रचलित कानून सम्मत देखिएन।

८. **परिशोधन (Amortization)**: कम्पनीले आन्तरिक हिसाबकिताब सहजीकरण तथा अद्यावधिक गर्ने उद्देश्यले २०७८।३।३१ मा सफ्ट्वेयर निर्माणका लागि Rigo Technologies Pvt. Ltd. लाई रु.३९ लाख ५० हजार सेवा खरिदबापत अग्रिम पेस्की प्रदान गरेको देखिन्छ। उक्त सफ्ट्वेयर २०७९ भाद्र १ गतेदेखि नै बिक्री बिल तथा खर्च भौचर प्रविष्टिका लागि प्रयोगमा आएको भएता पनि हालसम्म सफ्ट्वेयर निर्माणाधीन अवस्थामा रहेको उल्लेख गर्दै उक्त अमूर्त सम्पत्तिलाई परिशोधन गरिएको पाइएन। नेपाल लेखामान ३८ र कम्पनीको वित्तीय विवरणको टिप्पणी नं. ४ मा उल्लेखित लेखानीतिबमोजिम, सम्पत्ति प्रयोगमा आएको मितिदेखि नै परिशोधन कट्टी गर्नुपर्नेमा सो नगरिएकाले सञ्चित परिशोधन खर्च लेखाङ्कन हुन छुटेको छ। साथै, सफ्ट्वेयर सम्झौता भएको निकै लामो समयसम्म पनि सफ्ट्वेयर पूर्ण रुपमा तयार नहुँदा कम्पनीले दिएको पेस्की रकमको सही उपयोग भएको देखिएन।

९. **कम्पनी गाभिएकोः** नेपाल सरकार संघीय मन्त्रिपरिषद्को २०७५।५।३१ गतेको निर्णयबमोजिम २०७६।४।१६ गतेदेखि राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडलाई कृषि सामग्री कम्पनीमा मर्ज गरी राष्ट्रिय बीउ बिजन कम्पनीको कारोबारसमेत कृषि सामग्री कम्पनीले गर्ने उल्लेख गरिएको थियो। राष्ट्रिय बीउ बिजन कम्पनीको पूर्ण कर परीक्षण भई आन्तरिक राजस्व विभागबाट राष्ट्रिय बीउ बिजन कम्पनीको सम्पूर्ण कर जम्मा गरी उक्त कम्पनीको स्थायी लेखा नम्बर बन्द गरिनुपर्ने निर्देशन गरिएको भएता पनि कृषि सामग्री कम्पनीले करबापतको रकम रु.१ करोड ४ लाख ७२ हजार जम्मा नगरेको कारण राष्ट्रिय बीउ बिजन कम्पनीको हालसम्म स्थायी लेखा नम्बर बन्द नभई कर रकम थप हुँदै गरिएको पाइयो। सो सम्बन्धी कम्पनीले कुनै व्यवस्था गरेको पाइएन।

१०. **पुरानो हिसाबः** कम्पनीको वित्तीय विवरणमा अन्य गैर चालु सम्पत्तिअन्तर्गत "कर्मचारीसँग लिनुपर्ने पुराना कर हिसाब" शीर्षकमा कुल रु.८८ लाख ६३ हजार कायम रहेको देखिन्छ। यसमध्ये बहालमा नरहेका कर्मचारीहरूबाट रु.८८ लाख ३६ हजार र बहालमा रहेका कर्मचारीहरूबाट रु.२७ हजार असुल हुन बाँकी रहेको छ। गत विगत वर्षदेखि नै कर्मचारीहरूसँग लिनुपर्ने भनी देखाइएको उक्त रकम नियमानुसार सरकारी बाँकी सरह असुलउपर गर्नु गराउनुपर्दछ।

११. **आसामी तथा साहुः** कम्पनीले वित्तीय विवरणमा राष्ट्रिय सहकारी संघ लिमिटेड, विभिन्न सरकारी निकाय तथा अन्य संघ संस्थाहरूसँग लिनुपर्ने कुल रकम रु.३३ करोड ६९ लाख ७५ हजारको आसामी र व्यापारिक साहुतर्फ् रु.८ अर्ब ९० करोड ७२ हजारको क्रमशः सम्पत्ति र दायित्व प्रस्तुत गरेको छ। नेपाल लेखापरीक्षणमान ५०५ बमोजिम उल्लेखित मौज्दातहरूको अस्तित्व, पूर्णता र यथार्थता पुष्टि गर्न २०८२।१०।११ मा बाहिरी समर्थन माग गरिएकोमा सो प्राप्त हुन नसकेको र उक्त रकमहरूलाई पुष्टि गर्ने अन्य वैकल्पिक पर्याप्त लेखापरीक्षण प्रमाणहरू समेत उपलब्ध गराइएको छैन। साथै, लिनुपर्ने मौज्दातहरूको समय अवधिअनुसार वर्गीकरण नगरिएकाले ती रकमहरूको असुली योग्यता र वित्तीय विवरणमा पर्न सक्ने सम्भावित प्रभाव यकिन गर्न सकिएको छैन।

१२. **क्षयीकरण तथा ह्रास र नोक्सानीः** नेपाल लेखामान ३६ (सम्पत्तिको क्षयीकरण) को व्यवस्थाबमोजिम कम्पनीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा आफ्ना सम्पत्तिहरूको क्षयीकरण भए वा नभएको जाँच गरी प्राप्तयोग्य रकमको अनुमान गर्नुपर्ने प्रावधान रहेता पनि भवन, जग्गा, मेसिनरी तथा अदृश्य सम्पत्तिहरूको हकमा सो प्रक्रिया अपनाइएको पाइएन। कम्पनीको स्वामित्वमा रहेका भवनहरूको भौतिक परीक्षण गर्दा गोदामघरहरू पुराना भएको, पूर्वाधारहरू कमजोर हुँदै गएको र पर्खाल, ढोका एवम् छतहरूको तत्काल मर्मतसम्भार गर्नुपर्ने देखिन्छ भने कतिपय जग्गाहरू अतिक्रमणमा परेका वा अन्य कार्यालयले ओगटेका कारण वास्तविक स्थिति यकिन हुन सकेको छैन। यसका साथै शाखा कार्यालयहरूमा सम्पत्ति रजिष्टर अद्यावधिक नगरिएकाले परल मूल्य र ह्रास कट्टी पछिको बाँकी रकम स्पष्ट देखिँदैन। साथै, नेपाल वित्तीय प्रतिवेदनमान ९ ले वित्तीय सम्पत्तिहरूको हकमा 'प्रत्याशित कर्जा नोक्सानी' (Expected Credit Loss – ECL) मोडल अवलम्बन गर्नुपर्ने व्यवस्था रहेकोमा सो मोडलअनुसार जोखिम मापन गरिएको छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षकअन्तर्गत उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)**:

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय

प्रदान गर्दैनौं। हामीले तल वर्णन गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं।

| मुख्य लेखापरीक्षण मामिला | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| **बिक्री आम्दानीः**<br>नेपाल वित्तीय प्रतिवेदनमान १५ (Revenue from Contracts with Customer) अनुसार कृषि सामग्री कम्पनी लिमिटेडले विक्रेतालाई रासायनिक मल बिक्री गर्दा Five Step Revenue Recognition Model अपनाउनुपर्ने हुन्छ। रासायनिक मलहरुको जोखिम र स्वामित्वको हस्तान्तरण गरेपछि मात्र कम्पनीले आम्दानी बाँध्नु पर्ने हुन्छ जुन मुख्यतया सामग्रीको ढुवानी भएपछि र आम्दानी प्राप्त हुन सक्ने भरपर्दो सम्भावना सृजना भएपश्चात मात्र लेखाङ्कन गर्न सकिन्छ।<br>कम्पनीले यस आर्थिक वर्षमा गरेको रासायनिक मलहरुको बिक्री र सो सँग सम्बन्धित आम्दानीको लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुरुप भए वा नभएको साथै समयमै लेखाङ्कन भए वा नभएको प्रमाणीकरण गर्न जोखिम रहेको । | कम्पनीले बिक्री गरेको रासायनिक मलबाट आर्जन गरेको आम्दानीको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको विधि निम्नअनुसार रहेकोः<br>नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार Five Step Revenue Recognition Model अपनाई कम्पनीले गरेको आम्दानी र सोको लेखाङ्कन तल अनुरुप चेकजाँच गरिएकोः<br>१. बिक्रेतासँग सम्झौताको पहिचान<br>२. सम्झौतामा कार्यसम्पादनको दायित्व<br>३. बिक्री हुने वस्तुको मूल्य पहिचान<br>४. कार्यसम्पादन दायित्वमा बिक्री मूल्यको वितरण गर्नुपर्ने<br>५. कार्यसम्पादन गर्नुपर्ने दायित्व पुरा भएपछि आम्दानी पहिचान गर्ने प्रक्रिया।<br>कम्पनीको आम्दानी पहिचान गर्नको निमित्त लेखाङ्कन गरेको आम्दानीको विवरण र सोको विश्वसनीयता पुष्टिकरण गर्नको लागि लेखाङ्कन गर्ने प्रक्रिया, सम्बन्धित कागजात, नियम तथा नियमावलीको पालना गरे नगरेको भनी चेकजाँच गरिएको।<br>कम्पनीले आन्तरिक राजस्व विभागमा भरेको खरिद तथा बिक्रीको आयकर विवरण र कम्पनीको बिक्री हिसाब भिडान गरी बिक्रीको चेकजाँच गरिएको। |
| **खरिद प्रक्रियाः**<br>कृषि सामग्री कम्पनी लिमिटेडले यस आर्थिक वर्षमा गरेको रासायनिक मल, ढुवानी सेवा, परामर्श सेवा र अन्य खरिद सार्वजनिक खरिद ऐन, २०६३ र कम्पनीको खरिद नियमबमोजिम हुनुपर्ने।<br>खरिद प्रक्रियाले कम्पनीमा एक मुख्य भूमिका खेलेको हुँदा सो सँग सम्बन्धित प्रक्रिया, खरिद नीति तथा लेखाङ्कन गर्ने विधिहरुको पहिचान गर्नुपर्ने देखिएको। | कम्पनीले गरेको खरिदको प्रक्रिया, औचित्यताको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको<br>**विधिहरुः**<br>१. खरिद ऐन तथा नियमावलीबमोजिम भए नभएको चेकजाँच गरिएको।<br>२. लागत अनुमान, बोलपत्र आह्वान तथा खरिदकर्ताको छनोटको प्रक्रिया।<br>३. खरिद सामग्रीको चेकजाँच तथा सोको पहिचान र लेखाङ्कनको चेकजाँच। |

**विषय उपर जोडः**

(क) हामी वित्तीय विवरणहरुको नोट नम्बर १८.१ मा ध्यानाकर्षण गर्दछौं, जसमा कम्पनीले कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ। कम्पनीले कर्मचारी कल्याण कोष व्यवस्था शीर्षकअन्तर्गत रहेको रु.१२ लाख ८७ हजार २०६६ सालदेखि कुनै परिवर्तन नभई जिम्मेवारी मात्र सार्दै ल्याएको देखिन्छ। कम्पनीले कर्मचारी कल्याण कोष व्यवस्था शीर्षकअन्तर्गत यस आर्थिक वर्षमा २०८१।८२ मा कुनै किसिमको थप व्यवस्था गरेको पाइएन। कर्मचारी कल्याण कोषमा प्रत्येक वर्ष कम्पनीबाट निश्चित रकम छुट्याउनु पर्नेमा नछुट्याउँदा नियमावलीको पालना नभएको देखिन्छ। उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन।

(ख) हामी वित्तीय विवरणहरुको नोट नम्बर १५ मा ध्यानाकर्षण गर्दछौ, जसमा कम्पनीले सेयर पुँजीको विवरण उल्लेख गरेको छ। कम्पनीको प्रबन्धपत्र (MOA) को दफा ६ अनुसार कम्पनीको अधिकृत पुँजी रू.१ अर्ब ९ करोड ६५ लाख ४० हजार (रू.१०० का दरले १ करोड ९ लाख ६५ हजार ४०० सेयर) हुनेछ, जारी पुँजी रू.१ अर्ब ५४ लाख ४० हजार हुनेछ र कम्पनीको चुक्ता पुँजी रू.१ अर्ब ५४ लाख ४० हजार (रू.१०० का दरले १ करोड ५४ हजार ४०० सेयर) हुनेछ भनी उल्लेख गरिएको पाइयो तर वित्तीय विवरणले प्रति सेयर १०० रुपैयाँको दरले ८९ लाख १४ हजार ३८८ सेयरको चुक्ता पुँजी रु.८९ करोड १४ लाख ३९ हजार भएको उल्लेख गर्दछ भने रु.११ करोड ४० लाख १ हजार रकम कम्पनीका सेयरधनीहरुबाट लिनुपर्ने देखिन्छ। उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन।

(ग) हामी वित्तीय विवरणहरुको नोट नम्बर २२, २.१.१२ र ११ मा ध्यानाकर्षण गर्दछौ, जसमा कम्पनीले सरकारी अनुदानको सन्दर्भमा नेपाल लेखामान २० को एकरूपता सम्बन्धी व्यवस्था पालना नगरी नाफा/नोक्सान विवरणमा अनुदानलाई 'कुल आधार' रकम रु.१८ अर्ब ६१ करोड ९३ लाख २१ हजार आम्दानी देखाइएको छ भने वित्तीय विवरणको नोट २.१.१२ र ११ मा मौज्दातको मूल्याङ्कन गर्दा सोही अनुदान कट्टी गरी 'खुद लागत' विधि अपनाइएको छ। एउटै अनुदानलाई दुवै विधिबाट लेखाङ्कन गर्दा लेखामान अनुरूप प्रस्तुत नभएको पाइन्छ। उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन।

**अन्य मामिलाहरुः**

(क) कम्पनीको खरिद प्रकिया अवलोकन गर्दा यस कम्पनीले आफूसँग कति परिमाण मल छ, कति परिमाण चाँहिने हो र आफ्नो गोदामघरले कति परिमाणको क्षमतासम्म थाम्न सक्छ यसको वैज्ञानिक तवरले अनुमान नगरी रासायनिक मलहरु सरकारले अनुदान दिएकै भरमा खरिद गरिएको पाइयो। तसर्थ, प्रत्येक वर्ष समयमा मल आपूर्ति नभई किसानलाई मल अभाव हुने गरेकोमा त्यसमा सुधारको लागि कम्पनीले परिणाममुखी नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

(ख) कम्पनीअन्तर्गत रहेको कार्यालयहरुमा स्थिर सम्पत्ति तथा जिन्सी मौज्दातहरुको बीमा गर्नुपर्नेमा सम्पत्तिहरुमध्ये सवारी साधनहरुको मात्र तेस्रो पक्ष बीमा गरेको पाइयो। सम्पत्तिको बीमा नगरेको कारण विभिन्न जोखिमबाट हुने हानी/नोक्सानीबाट उक्त सम्पत्ति सुरक्षित रहेको देखिएन। कम्पनीको मुख्य सम्पत्तिको रूपमा रहेको मल मौज्दातको सुरक्षाका लागि आवश्यक सी.सी.टी.भी. क्यामेरा जडान, पर्याप्त बत्ती तथा बिजुलीको व्यवस्थालगायतका सुरक्षात्मक उपायहरू नअपनाइएकाले मौज्दातको भौतिक सुरक्षासमेत जोखिममा रहेको देखिन्छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले

सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य कानूनी र नियमक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदनः**

**कम्पनी ऐन, २०६३ को दफा ११५(३) बमोजिमः**

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टिकरणहरु पाएका छौं।

(ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा कैफियत सहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियत बाहेक, हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएको छ।

(ग) कैफियत सहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियत बाहेक, यो प्रतिवेदनसँग सम्बन्धित वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, ईक्युटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) ले तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाबकिताब, स्रेस्ता र लेखासँग दुरुस्त रहेका छ।

(घ) कैफियत सहितको रायका आधारमा उल्लेखित राय तथा व्यवस्थापन पत्रमा उल्लेख गरिएका विषयबाहेक हामीले लेखापरीक्षणको समयमा कम्पनीको सञ्चालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८३।१।२ मा पठाइएको छ।**

# कृषि सामग्री कम्पनी लिमिटेड (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले कृषि सामग्री कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८१ आषाढ ३१ को वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, ईक्युटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू लेखापरीक्षण सम्पन्न गरेका छौं।

कैफियत सहितको रायका आधार शीर्षकअर्न्तगत समावेश भएका विषयवस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिइएको स्पष्टिकरणहरू बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरूले सारभूत रूपमा कम्पनीको २०८१ आषाढ ३१ को वित्तीय स्थिती तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय अवस्था र नगद प्रवाहले नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको रायका आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रूपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. कम्पनीले घरजग्गा/सम्पत्ति कर वक्यौता जरिवानासहित काठमाडौं महानगरपालिकालाई २०७९।८० सम्म रू.४ करोड ९३ लाख ३० हजार, विराटनगरमा २०७९।८० सम्म रू.४९ लाख ३६ हजार, वीरगञ्जमा २०७९।८० सम्म रू.२ करोड २८ लाख ३७ हजार, जनकपुरमा २०५८।५९ देखि २०७८।७९ सम्म रू.१ करोड १० लाख ४२ हजार, पोखरामा २०७५।७६ सम्म रू.६० लाख ५ हजारसमेत रू.९ करोड ४१ लाख ५० हजार दिनुपर्ने रहेको छ। कम्पनीको अन्य कार्यालयहरूको हकमा २०८०।८१ सम्मको घर जग्गा कर गणना गर्न बाँकी रहेको छ। कम्पनीले घर/जग्गा सम्पत्ति करबापत रू.९ करोड ४३ लाख ६१ हजार बराबरको व्यवस्था गरेको तर सो रकम यस वर्षसम्मको नभएको पाइयो। जग्गा तथा गोदामको एकीकृत सम्पत्ति कर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यस कम्पनीको कर दायित्व हुने हुँदा उक्त रकमलाई दायित्वको रूपमा लेखाङ्कन गरी भुक्तानी गर्नुपर्दछ।

२. कम्पनीले आसामीहरूको सूचीमा राष्ट्रिय सहकारी संघ लिमिटेडसँग लिनुपर्ने रू.२७ लाख ६९ हजार, सरकारी कार्यालयसँग रू.३७ करोड ४९ लाख ७५ हजार र अन्यसँग लिनुपर्ने रू.१ अर्ब ५७ करोड ३३ लाख ९८ हजारसमेत रू.१ अर्ब ९५ करोड ११ लाख ४१ हजार लेखाङ्कन गरेको छ। कम्पनीले व्यापारिक साहू तिर्नुपर्ने रू.८ अर्ब ५ करोड ९६ लाख ६९ हजार आर्थिक वर्ष २०८०।८१ को वित्तीय विवरणमा प्रस्तुत गरेको छ। लिनपुर्ने तथा पेस्की हिसाबअन्तर्गत रहेका रकमको ३ महिना, ६ महिना, १२ महिना र सोभन्दा बढी आयुअनुसारको वर्गीकरण गरेको छैन। नेपाल लेखापरीक्षण मान ५०५, बाहिरी समर्थन (External Confirmation) बमोजिम माथि उल्लेखित रकमहरूको अस्तित्व र अवस्था पुष्टि गर्न बाहिरी समर्थन आवश्यक हुनाले २०८१।१०।४ मा माग गरेकोमा उपलब्ध हुन सकेन।

३. कम्पनीको २०८०।८१ को वित्तीय विवरणअनुसार मार्गस्थल मौज्दात रू.१ अर्ब ५० करोड २१ लाख ८८ हजार देखाएको पाइयो। उक्त रासायनिक मलहरूको मौज्दात २०८०।८१ मा प्राप्त नभई २०८१।८२ मा प्राप्त भएको देखिन्छ। Conceptual Framework for NFRS अनुसार संस्थाको विगतका कारणले हाल नियन्त्रणमा रहेका स्रोतहरू जसले भविष्यमा आर्थिक लाभ उपलब्ध गराउछ, त्यस्तो कुरालाई सम्पत्ति भनिन्छ। २०८०।८१ मा प्राप्त नभएको मार्गस्थल मौज्दात कम्पनीको नियन्त्रणमा नभएकोले उक्त मार्गस्थल मौज्दातलाई नेपाल लेखामान २ अनुसार सम्पत्ति लेखाङ्कन गर्न मिल्दैन।

साथै नेपाल लेखामान २० (Accounting for Government Grants and Disclosure of Government Assistance) अनुसार आम्दानीको लागि पाएको अनुदान सोसँग सम्बन्धी कुनै सर्त भए सो सर्तहरू पुरा भएपछि मात्र लेखाङ्कन गर्न मिल्ने छ। कम्पनीले २०८०।८१ सँग सम्बन्धित रासायनिक मल खरिदको सरकारी अनुदान सोही वर्ष प्राप्त भएको परिमाण

बराबर आम्दानी मानी २०८०।८१ मा लेखाङ्कन गर्नुपर्नेमा २०८१।८२ मा प्राप्त भएको रासायनिक मलबापतको सरकारी अनुदानको आम्दानी रू.३ अर्ब ३२ करोड ३४ लाख २९ हजार लेखाङ्कन गरेको छ।

४. कम्पनीको जिन्सी मौज्दात विवरणअनुसार विगत लामो समयदेखि बिक्री हुन नसकी बाँकी रहेका कृषि औजार, बीउ बिजन तथा अन्य जिन्सी सामानलाई मौज्दात विवरणमा मूल्य नखुलाई परिमाण मात्र खुलाएको र आर्थिक विवरणमा सोको लेखाङ्कन गरेको देखिएन। कम्पनीले नेपाल लेखामान २ अनुसार अन्तिम जिन्सी मौज्दातलाई लागत मूल्य वा खुद प्राप्त योग्य मूल्य मध्येको जुन कम हुन्छ सो मूल्यमा देखाउनुपर्नेमा सो अनुसार लेखाङ्कन गरेको पाइएन।

कम्पनीको वित्तीय विवरणमा रासायनिक मल, बीउ तथा कृषि औजारका मौज्दातलाई रू.३ अर्ब २२ करोड ४७ लाख ३३ हजारमा मूल्याङ्कन गरेको छ। कम्पनीले वित्तीय विवरण तयार गरी प्रस्तुत गर्दा नेपाल सरकारबाट प्राप्त अनुदान रकमलाई अन्य आम्दानीमा देखाएको तर वर्षको अन्त्यमा रहेको जिन्सी मौज्दातको गणना गर्दा रासायनिक मल खरिदको लागि प्राप्त सरकारी अनुदानलाई आम्दानी नमानी लगतमा कट्टा गरी देखाएको पाइयो।

५. कृषि सामग्री कम्पनी लिमिटेडको वित्तीय विवरणमा अन्य गैर चालु सम्पत्तिअन्तर्गत "कर्मचारीसँग लिनुपर्ने पुरानो कर हिसाब" शीर्षकमा रू.६ लाख ६९ हजार र "कर्मचारी पेस्की हिसाब" शीर्षकअन्तर्गत "बहालमा रहेका कर्मचारी" को रू.४ लाख ४५ हजार र "बहालमा नरहेका कर्मचारी" अहिलेको अवस्थामा अवकाश प्राप्त भएका कर्मचारीहरूको उपदान करबापतको रकम अन्तर्गत रू.९० लाख ४ हजार गरी कर्मचारीसँग जम्मा रकम रू.९४ लाख ४९ हजार अझै पनि कम्पनीले उठाउनुपर्ने देखिन्छ। यसरी कम्पनीले उठाउनुपर्ने रकम कहिले सम्म र कसरी उठाउनुपर्ने हो सो कुराको विवरण कम्पनीको नीतिमा खुलाउनु पर्नेमा खुलाएको देखिएन।

६. बोनस ऐन, २०३० को दफा ५ को ३(ख) बमोजिम नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले हरेक आर्थिक वर्षको सम्भावित दायित्वबापतको रकम यकिन गर्ने र त्यसरी यकिन हुन आएको रकम छुट्टै कोषमा जम्मा गरेपछि मात्र बोनस वितरण गर्न पाउने उल्लेख छ। कृषि सामग्री कम्पनी लिमिटेडको विगत वर्षहरूमा सबै सम्भावित दायित्व भएको तर वित्तीय विवरणमा भने खुलासा (Disclosure) गरेको पाइएन। हरेक आर्थिक वर्षमा हुन सक्ने सबै सम्भावित दायित्वबापतको रकम संस्थाले यकिन नगरेको तर बोनस २०७४।७५ देखि सार्दै आएको र २०७४।७५ देखि २०८०।८१ सम्म जम्मा रू.१२ करोड ४८ लाख ६० हजार छुट्याएको पाइयो। कम्पनीले २०८०।८१ सम्म सबै सम्भावित दायित्वबापतको रकम छुट्टै कोष खडा नगरी बोनस व्यवस्था गरेको पाइयो।

७. लेखापरीक्षणको क्रममा भवन, जमिन, मेशिनरी, अदृश्य सम्पत्ति तथा अन्य सम्पत्तिको नेपाल लेखामान ३६ अनुसार क्षयीकरण (Impairment) जाँच गर्नुपर्नेमा सो गरेको छैन। साथै Recoverable Amount को पनि अनुमान गरेको पाइएन। कम्पनीको स्वामित्वमा रहेका भवनको भौतिक परीक्षण गर्दा, गोदामघरहरू पुराना रहेको एवम् पूर्वाधारहरू कमजोर हुदै गएको साथै सबै कार्यालयहरूमा सि.सि.टि.भी. क्यामेरा जडान नगरेको, कतिपय शाखाहरूको गोदाममा अति आवश्यक पर्न जाने बत्ती तथा बिजुली र शौचालयसमेत नभएको, भवनहरूको पर्खाल, ढोका, छत र भुइँहरूको मर्मतसम्भार गर्न जरूरी देखिन्छ। कम्पनीको स्वामित्वमा रहेका कतिपय जग्गा तथा भवनहरूमा हाल कार्यालय नरहेकाले सो जग्गाहरू बेवारिसे अवस्थामा रहेको, अन्य कार्यालयहरूले समेतले ओगटेको, अतिक्रमण भएको तथा सार्वजनिक बाटोको रूपमा प्रयोग भई रहेकोले भवनहरूको वास्तविक स्थिति यकिन गर्न सकिएन। कतिपय शाखा कार्यालयहरूले सम्पत्ति रजिष्टरमा सम्पत्ति रहेको स्थान, परलमूल्य, ह्रास कट्टी रकम, बाँकी रकम तथा सम्पत्तिको हालको अवस्था अद्यावधिक गरेको देखिएन।

८. नेपाल लेखामान २१ को अनुच्छेद २१ को अनुसार आर्थिक वर्षको अन्तिम रिपोर्टिङ अवधिमा रहेको मौद्रिक वस्तुहरू संस्थाको वासलातमा उपलब्ध छ भने सो दिनको समापन दर प्रयोग गरी अनुवाद गर्नुपर्ने साथै अनुच्छेद २८ अनुसार त्यसरी अनुवाद गरेर आएको फाइदा वा घाटालाई सोही वर्षको नाफा वा नोक्सानमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। कम्पनीको वित्तीय विवरणअनुसार "व्यापारिक साहू तिर्नुपर्ने" अन्तर्गत रू.८ अर्ब ५ करोड ९६ लाख ६९ हजारमध्ये रू.७ अर्ब ८६

करोड ९६ लाख ९९ हजार तिर्नु पर्ने रकम विदेशी पार्टीलाई विदेशी मुद्रामा तिर्नु पर्ने साथै "व्यापारिक साहू लिनुपर्ने" अन्तर्गत रू.१ अर्ब ५६ करोड ८ लाख १ हजार लिनुपर्ने रकम विदेशी पार्टीबाट विदेशी मुद्रामा लिनुपर्ने देखिन्छ। सो तिर्नुपर्ने र लिनुपर्ने विदेशी रकमहरूलाई आर्थिक वर्षको अन्तिम रिपोर्टिङ अवधिमा माथि उल्लेखित प्रावधानअनुसार अनुवाद गर्नुपर्नेमा गरेको देखिएन।

९. कृषि सामग्री कम्पनी लिमिटेडको अन्य आम्दानीअन्तर्गत "गोदाम तथा जग्गा भाडा आम्दानी" भनी रू.६ करोड २५ लाख २५ हजार लेखाङ्कन गरेको पाइयो, सो मध्ये रू.२ करोड ६२ लाख ६ हजार प्रधान कार्यालयले आम्दानी गरेको पाइयो। कम्पनीको प्रधान कार्यालयको गोदाम तथा जग्गा भाडा सम्झौता अध्ययन गर्दा कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमानअनुसार प्रोदभावी आधारमा आम्दानी जनाउनुपर्नेमा नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको पाइयो। साथै, कम्पनीको प्रादेशिक तथा शाखा कार्यालयहरूले पनि नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको पाइयो।

१०. कृषि सामग्री कम्पनी लिमिटेडले रासायनिक मल आपूर्ति गर्न अन्तर्राष्ट्रिय बजारबाट सार्वजनिक खरिद ऐन, २०६३ को मापदण्डहरू बमोजिम पालना गरी आपूर्ति गर्ने गरेको पाइयो। लेखापरीक्षणको क्रममा अन्तर्राष्ट्रिय बोलपत्र गर्न गरिएको बोलपत्र आह्वान, प्रकाशन र आपूर्तिकर्ताहरूसँग सम्झौताको सर्त तथा नियमहरू अध्ययन गर्दा SCC २३.१, २६.१ र General Conditions of Contract को ८.१, ९.१, १५.३ र ३४.३ फरक परेको पाइयो।

११. आयकर ऐन, २०५८ को दफा ११(१) अनुसार कृषि व्यवसायबाट प्राप्त आयमा ५० प्रतिशत छुट हुने व्यवस्था रहेको र सोही ऐनको दफा २१ अनुसार उक्त आयआर्जन गर्न गरेको खर्चहरू कट्टी गर्न नपाइने व्यवस्था रहेको छ। तर कृषि व्यवसायबाट प्राप्त भएको आम्दानी रू.१ करोड २० लाख २८ हजार रकम छुट लिएको साथै, उक्त छुट आय आर्जन गर्न गरेका खर्चहरू पूर्ण रूपमा कट्टी गर्दा आयकर व्यवस्था कम भएको पाइयो।

१२. कम्पनीले रिगो टेक्नोलोजिज प्राइभेट लिमिटेडसँग २०७८।३।३१ मा संस्थाको हिसाबकिताब सहजीकरण गर्ने मुख्य उद्देश्यको निमित्त रू.३९ लाख ५० हजारको सेवा खरिदबापत अग्रिम पेस्की दिएको पाइयो। सफ्ट्वेयर सम्झौता भएको निकै लामो समयसम्म पनि सफ्ट्वेयर पूर्ण रूपमा तयार नहुँदा कम्पनीले दिएको पेस्की रकमको सही उपयोग भएको देखिएन।

१३. नेपाल सरकार संघीय मन्त्रिपरिषद्को २०७५।५।३१ को निर्णयबमोजिम २०७६।४।१६ देखि राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडलाई कृषि सामग्री कम्पनीमा मर्ज गरी राष्ट्रिय बीउ बिजन कम्पनीको कारोबारसमेत कृषि सामग्री कम्पनीले गर्ने उल्लेख गरेको थियो। राष्ट्रिय बीउ बिजन कम्पनीको पूर्ण कर परीक्षण भई आन्तरिक राजस्व विभागबाट राष्ट्रिय बीउ बिजन कम्पनीको सम्पूर्ण कर जम्मा गरी उक्त कम्पनीको स्थायी लेखा नम्बर बन्द गर्नुपर्ने निर्देशन गरेको भएता पनि कृषि सामग्री कम्पनीले करबापतको रकम रू.१ करोड ४ लाख ७२ हजार जम्मा नगरेको कारण राष्ट्रिय बीउ बिजन कम्पनीको हालसम्म स्थायी लेखा नम्बर बन्द नभई कर रकम थप हुँदै गएको पाइयो। सो सम्बन्धी कम्पनीले कुनै व्यवस्था गरेको पाइएन।

१४. कृषि सामग्री कम्पनी लिमिटेडले अन्तर्राष्ट्रिय बोलपत्रबाट पैठारी गरेको रासायनिक मलहरूको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(३)(क) बमोजिम भुक्तानी रकममा ५ प्रतिशत भुक्तानी गर्दा करकट्टी गर्नुपर्नेमा सो अनुसार नगर्दा रासायनिक मल खरिदको भुक्तानी गर्दा कर कट्टी गर्नुपर्ने बापतको रकम ब्याजसहित २०७१।७२ देखि २०७४।७५ सम्मको लागि २०८०।९।२ सम्म गणना गर्दा रू.४ अर्ब १३ करोड २३ लाख ४३ हजार र २०७५।७६ को लागि २०८०।१।३१ सम्म ब्याजसहितको रकम गणना गर्दा रू.१ अर्ब ९ करोड ६६ लाखसमेत रू.५ अर्ब २२ करोड ८९ लाख ४३ हजार तिर्नुपर्ने भनी ठूला करदाता कार्यालयबाट माग भई आएको वक्यौता रकममा सम्भावित दायित्व भनी देखाएको छ। २०७१।७२ देखि २०७४।७५ सम्मको रू.४ अर्ब १३ करोड २३ लाख ४३ हजारको लागि कम्पनी आयकर ऐन, २०५८ को दफा ११५ बमोजिम प्रशासकिय पुनरावलोकनको लागि विभाग समक्ष निवेदन नदिएको कारणले सम्भावित दायित्व (Contingent Liability) बापत मात्र खुलासा नगरी नेपाल लेखामान ३७ बमोजिम व्यवस्था सृजना

गर्नुपर्दछ।

त्यसैगरी बाँकी रकम रू.१ अर्ब ९ करोड ६६ लाख २०८०।३।२९ मा कृषि सामग्री कम्पनी लिमिटेडले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि आवश्यक कागजातहरू संलग्न गरी निवेदन दिएको पाइयो। दफा ११५(८) बमोजिम निवेदन दिएको मितिले साठी दिनभित्र विभागले सो निवेदन उपरको निर्णयको सूचना कम्पनीलाई प्राप्त नभएको कारणले दफा ११६ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्नुपर्नेमा गरेको देखिएन। सो कारण कम्पनीले सम्भावित दायित्व (Contingent Liability) बापत मात्र खुलासा नगरी नेपाल लेखामान ३७ बमोजिम व्यवस्था सृजना गर्नुपर्दछ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मानबमोजिम सम्पन्न गरेका छौं। नेपाल लेखापरीक्षण मानबमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षकअन्तर्गत थप व्याख्या गरिएको छ। महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुको आचारसंहिताअनुसार हामी कम्पनीसँग स्वतन्त्र छौं र हामीले सो आचारसंहिताबमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं। हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षण मामिला (Key Audit Matters)**

लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters) ती मामिलाहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयको आधारमा यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणमा मुख्य महत्व राख्दछन्। यी मामिलाहरु हाम्रो लेखापरीक्षणमा र हाम्रो राय जाहेर गर्नमा समग्र रुपमा लिइएको छ, साथै उक्त प्रमुख विषयहरुका लागि बेग्लै राय व्यक्त गरिएको छैन। लेखापरीक्षणका प्रमुख विषयहरु देहायबमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छ।

| क्र.सं. | मुख्य लेखापरीक्षण मामिला | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|---|
| १. | **बिक्री आम्दानीः**<br>नेपाल वित्तीय प्रतिवेदनमान १५ (Revenue from Contracts with Customer) अनुसार कृषि सामग्री कम्पनी लिमिटेडले बिक्रेतालाई रासायनिक मल बिक्री गर्दा five step revenue recognition model अपनाउनु पर्दछ। रासायनिक मलहरूको जोखिम र स्वामित्वको हस्तान्तरण गरेपछि मात्र कम्पनीले आम्दानी बाँध्नुपर्दछ जुन मुख्यतया सामग्रीको डेलिभरी भएपछि र आम्दानी प्राप्त हुन सक्ने भरपर्दो सम्भावना सिर्जना भएपश्चात मात्र लेखाङ्कन गर्न सकिन्छ।<br>कम्पनीले यस वर्ष गरेको रासायनिक मलहरूको बिक्री र सोसँग सम्बन्धित आम्दानीको लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुरूप भए वा नभएको साथै समयमै लेखाङ्कन भए वा नभएको प्रमाणीकरण गर्न जोखिम रहेको। | कम्पनीले बिक्री गरेको रासायनिक मलबाट आर्जन गरेको आम्दानीको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको विधि निम्नअनुसार रहेकोः<br>नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार five step revenue recognition model अपनाई कम्पनीले गरेको आम्दानी र सोको लेखाङ्कन देहाय अनुरूप चेकजाँच गरिएकोः<br>१. बिक्रेतासँग सम्झौताको पहिचान<br>२. सम्झौतामा कार्यसम्पादनको दायित्व<br>३. बिक्री हुने वस्तुको मूल्य पहिचान<br>४. कार्यसम्पादन दायित्वमा बिक्री मूल्यको वितरण गर्नुपर्ने<br>५. कार्यसम्पादन गर्नुपर्ने दायित्व पुराभए पछि आम्दानी पहिचान गर्ने प्रक्रिया ।<br>कम्पनीको आम्दानी पहिचान गर्नको निमित्त लेखाङ्कन गरेको आम्दानीको विवरण र सोको विश्वसनीयता पुष्टिकरण गर्नको लागि लेखाङ्कन गर्ने प्रक्रिया, सम्बन्धित कागजात, नियम तथा नियमावलीको पालना गरे नगरेको चेकजाँच गरिएको । |

| | | |
|---|---|---|
| | | कम्पनीले आन्तरिक राजस्व विभागमा भरेको खरिद तथा बिक्रीको आयकर विवरण र कम्पनीको बिक्री हिसाब भिडान गरी बिक्रीको चेकजाँच गरिएको। |
| २. | **खरिद प्रक्रियाः**<br>कृषि सामग्री कम्पनी लिमिटेडले यस वर्ष गरेको रासायनिक मल, ढुवानी सेवा, परामर्श सेवा र अन्य खरिद सार्वजनिक खरिद ऐन, २०६३ र कम्पनीको खरिद नियमबमोजिम हुनुपर्ने।<br>खरिद प्रक्रियाले कम्पनीमा एक मुख्य भूमिका खेलेको हुँदा सो सँग सम्बन्धित प्रक्रिया, खरिद नीति तथा लेखाङ्कन गर्ने विधिहरूको पहिचान गर्नुपर्ने देखिएको। | कम्पनीले गरेको खरिदको प्रक्रिया, औचित्यताको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको विधिहरू देहायबमोजिम रहेका छन्:<br>१. खरिद ऐन तथा नियमावलीबमोजिम भए नभएको चेकजाँच गरिएको।<br>२. लागत अनुमान, बोलपत्र आह्वान तथा खरिदकर्ता छनोटको प्रक्रिया चेकजाँच गरिएको।<br>३. खरिद सामग्रीको चेकजाँच तथा सोको पहिचान र लेखाङ्कनको चेकजाँच गरिएको। |

**विषय उपर जोड**

१. हामी वित्तीय विवरणहरूको नोट नम्बर १८.१ मा ध्यानाकर्षण गराउँछौं, जसमा कम्पनीले कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ। कम्पनीले कर्मचारी कल्याण कोष व्यवस्था शीर्षकअन्तर्गत रहेको रू.१२ लाख ८७ हजार आर्थिक वर्ष २०६६ देखि कुनै परिवर्तन नभई जिम्मेवारी मात्र सार्दै ल्याएको देखिन्छ। कम्पनीले कर्मचारी कल्याण कोष व्यवस्था शीर्षकअन्तर्गत यस आर्थिक वर्ष २०८०।८१ मा कुनै किसिमको थप व्यवस्था गरेको पाइएन। कर्मचारी कल्याण कोषमा प्रत्येक वर्ष कम्पनीबाट निश्चित रकम छुट्याउनुपर्नेमा नछुट्याउँदा नियमावलीको पालना नभएको देखिन्छ। उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन।

२. हामी वित्तीय विवरणहरूको नोट नम्बर ५ मा ध्यानाकर्षण गराउँछौं, जसमा कम्पनीले लगानी उद्देश्य भएका सम्पत्तिको विवरण उल्लेख गरेको छ। कम्पनीले २०७७।७८ मा पहिलो पटक NFRS लागू गर्ने क्रममा लगानी उद्देश्य भएको सम्पत्तिको WDV गणना गर्दा २०७८ को WDV बाट आर्थिक वर्ष २०७६ को WDV हिसाब गर्दा वार्षिक ह्रास रकम जोडी गणना गर्नुपर्नेमा आर्थिक वर्ष २०७६ को WDV गणना गर्दा वार्षिक ह्रास रकम घटाई हिसाब गरेको पाइयो। उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन।

३. हामी वित्तीय विवरणहरूको नोट नम्बर १५ मा ध्यानाकर्षण गराउँछौं, जसमा कम्पनीले सेयर पुँजीको विवरण उल्लेख गरेको छ। कम्पनीको प्रबन्धपत्र (MOA) को दफा ६ अनुसार कम्पनीको अधिकृत पुँजी रू.१ अर्ब ९ करोड ६५ लाख ४० हजार (रू.१०० का दरले १ करोड ९ लाख ६५ हजार ४०० सेयर) हुनेछ, जारी पुँजी रू.१ अर्ब ५४ लाख ४० हजार हुनेछ र कम्पनीको चुक्ता पुँजी रू.१ अर्ब ५४ लाख ४० हजार (रू.१०० का दरले १ करोड ५४ हजार ४०० सेयर) हुनेछ भनी उल्लेख गरिएको पाइयो तर वित्तीय विवरणले प्रति सेयर १०० रूपैयाँको दरले ८९ लाख १४ हजार ३८८ सेयरको चुक्ता पुँजी रू.८९ करोड १४ लाख ३९ हजार भएको उल्लेख गर्दछ भने रू.११ करोड ४० लाख १ हजार रकम कम्पनीका सेयरधनीहरूबाट लिनुपर्ने देखिन्छ। उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन।

**अन्य मामिला**

१. कम्पनीको खरिद प्रक्रिया अवलोकन गर्दा यस कम्पनीले आफूसँग कति परिमाण मल छ, कति परिमाण चाँहिने हो र आफ्नो गोदामघरले कति परिमाणको क्षमतासम्म थाम्न सक्छ यसको वैज्ञानिक तवरले अनुमान नगरी रासायनिक मलहरू सरकारले अनुदान दिएकै भरमा खरिद गर्ने गरेको पाइयो। तसर्थ, प्रत्येक वर्ष समयमा मल आपूर्ति नभई किसानलाई मल अभाव हुने गरेकोमा त्यसमा सुधारको लागि कम्पनीले परिणाममुखी नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

२. कृषि सामग्री कम्पनी लिमिटेडअन्तर्गत रहेको कार्यालयहरूमा स्थिर सम्पत्ति तथा जिन्सी मौज्दातहरूको बीमा गर्नुपर्नेमा सम्पत्तिहरू मध्ये सवारी साधनहरूको मात्र तेस्रो पक्ष बीमा गरेको पाइयो। सम्पत्तिको बीमा नगरेको कारण विभिन्न जोखिमबाट हुने हानी नोक्सानीबाट उक्त सम्पत्ति सुरक्षित रहेको देखिएन।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाको उत्तरदायित्व**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कम्पनी निरन्तर सञ्चालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखानीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनी व्यवस्थापनमा रहेको छ। कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि सञ्चालक समिति तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरू जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरू सम्पूर्ण रूपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रूपमा त्रुटिरहित छ वा छैन भन्ने बारे उचित आश्वास्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वास्तता एक उच्चस्तरीय आश्वास्तता भएता पनि सारभूत त्रुटिहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरूपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटिहरू सधैं पहिचान हुन्छन् भन्ने आश्वास्तता रहदैन। गलत प्रस्तुति, जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरूले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई अलग अलग वा समग्र रूपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने उक्त गलत प्रस्तुतिलाई सारभूत रूपमा गलत प्रस्तुति भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरूप लेखापरीक्षणको क्रममा हामी व्यावसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं। क्रमश हामीले:

१. वित्तीय विवरणमा जालसाजी वा त्रुटिबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरूको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं। मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरू भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरूको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।

२. कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासङ्गिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं।

३. व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरूको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखासम्बन्धी खुलासाहरूको मूल्याङ्कन गर्दछौं।

४. व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थहरूसँग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यावसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निस्कर्ष निकालेकोमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापी भविष्यका घटना तथा अवस्थाहरूले कम्पनी अविच्छिन्न निकायको रूपमा नरहन सक्दछ।

५. वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अन्तर्निहित कारोबार एवम् घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रूपमा प्रस्तुतीकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं। हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरूलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउँदछौं।

सुशासनको जिम्मेवारी वहन गरेकाहरूलाई प्रासङ्गिक नैतिक आवश्यकता पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरू साथै सो सम्बन्धी प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं।

**अन्य कानूनी र नियमक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदनः**

**कम्पनी ऐन २०६३ को दफा ११५(३) बमोजिमः**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टिकरणहरू पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा कैफियत सहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियत बाहेक, हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएको छ।

३. कैफियत सहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियत बाहेक, यो प्रतिवेदनसँग सम्बन्धित वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) ले तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाबकिताब, स्रेस्ता र लेखासँग दुरूस्त रहेका छ।

४. कैफियत सहितको रायका आधारमा उल्लेखित राय तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गरिएका कैफियत बाहेक, हामीले लेखापरीक्षणको समयमा कम्पनीको सञ्चालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।२।९ मा पठाइएको छ।**

# दुग्ध विकास संस्थान (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले दुग्ध विकास संस्थान, लैनचौर काठमाडौंको यसै साथ संलग्न २०८१ आषाढ ३१ को एकीकृत वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत नाफा वा नोक्सान र अन्य विस्तृत आयको विवरण, एकीकृत नगद प्रवाहको विवरण, एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक संस्थानको संलग्न वित्तीय विवरणले २०८१ आषाढ मसान्तको वित्तीय अवस्था, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमानमा भएको व्यवस्था अनुरुप यथार्थ चित्रण गर्दछ।

### १. कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुः

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

**१.१. मुद्दती खाताः** भारतको एक निकायबाट ४१५ मेट्रिक टन स्किम मिल्क पाउडर खरिद गर्न २०५३।१०।१ मा राष्ट्रिय वाणिज्य बैङ्कमा प्रतितपत्र खोलेअनुसार ८० प्रतिशत अग्रिम र बाँकी २० प्रतिशत सामान आयात भएपछि भुक्तानी पठाउनुपर्ने सम्झौता अनुरुपको गुणस्तरयुक्त सामान नआएकोले २० प्रतिशत रकम भुक्तानी नदिई उक्त बैङ्कमा मौज्दात रहेको छ। राष्ट्रिय वाणिज्य बैङ्क सञ्चालक समितिको २०७६।३।२७ र २०७६।३।३० को बैठकले राष्ट्रिय वाणिज्य बैङ्कमा मुद्दती खातामा रहेको रकम उक्त मिल्क पाउडरको कारोबारबाट सिर्जत दायित्वसँग राफसाफ गरी मुद्दती खाताबाट रु.१ करोड ३८ लाख कट्टा हुने निर्णय गरेको छ।

सो रकम दिनु नपर्ने विषयमा पुनरावेदन अदालत, पाटनबाट २०५४।८।१३ र सर्वोच्च अदालतबाट २०६०।७।७ मा भएको फैसलाअनुसार उक्त धुलो दूधमा अखाद्य पदार्थ फेला परेकाले संस्थानले बाँकी २० प्रतिशत रकम भुक्तानी दिन नपर्ने देखिन्छ। मध्यस्थताका लागि क्षेत्रीय केन्द्र क्वालालम्पुर मलेसियामा भएको उक्त निकायको दाबीमा समेत उक्त रकम र ब्याज भुक्तानीको दाबी अस्वीकृत भएको छ। संस्थानको निवेदनअनुसार नेपाल राष्ट्र बैङ्कले २०६६।९।५ मा राष्ट्रिय वाणिज्य बैङ्कले उक्त मुद्दती खाता फुकुवा गर्नुपर्ने र सावाँ तथा ब्याज उक्त बैङ्कबाट असुलउपर गर्ने निर्देशन दिएको देखिन्छ। यसरी सम्बन्धित निकायबाट भुक्तानी गर्नु नपर्ने निर्णय भएता पनि सो विपरीत राष्ट्रिय वाणिज्य बैङ्कको सञ्चालक समितिले मुद्दतीमा रहेको रकमबाट हिसाब मिलान गरेको छ। यसरी नियम विपरीत भएको भुक्तानीलाई स्वीकृत गरी मुद्दतीमा रहेको रकम राफसाफ गरेको हुँदा संस्थानलाई नोक्सानी भएको छ।

यस सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल भई उक्त समितिको २२औं प्रतिवेदनमा राष्ट्रिय वाणिज्य बैङ्कसँग समन्वय गरी उल्लेखित नोक्सानी र ब्याज असुल गरी प्रमाण समितिमा पेश गर्न तथा बैङ्कको सञ्चालक समितिको निर्णयमा सहभागी संस्थानका सञ्चालक सदस्यहरुलाई सचेत गराउन निर्देशन दिएकोमा संस्थानबाट उक्त बैङ्कलाई २०७९।५।५ मा पत्र संख्या २०७९/८० चलानी नं. ३१० मार्फत् पत्राचार र पुनः २०८०।३।३१ मा बैङ्कलाई ताकेता गरी सार्वजनिक लेखा समितिको निर्णय/निर्देशनको जानकारी गराइएको भएता पनि असुल गर्नुपर्ने रकम बारे ठोस पहल भएको पाइएन। संस्थानका सञ्चालक सदस्यहरुलाई उक्त निर्देशनबमोजिम सचेत गराउनुपर्नेमा सो गराएको पाइएन।

**१.२. दूध तथा दुग्ध पदार्थको बिक्रीः** विगत वर्षदेखिको हेटौंडा दुग्ध वितरण आयोजनाको दूध तथा दुग्ध पदार्थ बिक्रीबापतको हिनामिना भएको देवेन्द्र तेल उद्योगसँग लिनुपर्ने रकम रु.१ करोड २० लाख हालसम्म असुल भएको पाइएन। संस्थानले

उक्त डिस्टिब्युटर विरुद्ध केन्द्रीय अनुसन्धान ब्युरोमा उक्त रकम र ब्याज सहितको क्षतिपुर्ति विगो राखी जाहेरी दिएकोमा केन्द्रीय अनुसन्धान ब्युरोले देवेन्द्र तेल उद्योगलाई विपक्षी राखी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ।

साथै, गत विगत वर्षमा दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा कार्यरत एक कर्मचारीले संस्थानले विभिन्न मितिमा साल्ट ट्रेडिङ्ग लिमिटेडबाट रु.४ लाख १० हजार र युगेन डेरी उद्योगबाट रु.६५ लाख प्राप्त गरेको चेक निज संस्थाहरुको लिनुपर्ने मौज्दात नघटाई आफ्नो नाममा रहेको लिनुपर्ने रकम घटाएकोमा उक्त रकम २०८०।८१ मा निज कर्मचारीबाट लिनुपर्ने देखाई संस्थानको विनियमावलीअनुसार कारवाही प्रकृया अगाडी बढाइएको छ। २०८१।३।३१ मा निज कर्मचारीसँग लिनुपर्ने बाँकी रकम रु.८६ लाख ६० हजार रहेको छ।

१.३. **दुग्ध पदार्थ बिक्री रकम सङ्कलनः** विगत वर्षहरु देखि कारोबार नरहेको तर बिक्रीबापतको लिनुपर्ने रकम असुल भै नसकेको तथा संस्थानको नीति विपरीत धरौटी र बैङ्क ग्यारेन्टीको सिमाभन्दा बढी उधारो राखी बिक्री गरी बाँकी देखाइरहेको रकम दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा रु.६ करोड ३८ लाख ६२ हजार, काठमाडौं दुग्ध वितरण आयोजनामा रु.२ करोड ८६ लाख ७५ हजार, जनकपुर दुग्ध वितरण आयोजनामा रु.१ करोड ५ लाख ८७ हजार, विराटनगर दुग्ध वितरण आयोजनामा रु.६२ लाख ३६ हजार र हेटौंडा दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा रु.२ करोड १९ लाख ४२ हजार गरी जम्मा रु.१३ करोड १३ लाख २ हजार असुल गर्न बाँकी रही रहेको छ। उक्त रकम समयमै असुल नहुँदा संस्थानलाई रकम असुलीको जोखिम तथा नगद प्रवाहमा समस्या हुने देखिन्छ।

१.४. **सञ्चालनमा नरहेका बैङ्क खाताः** सञ्चालनमा नरहेको खाता पहिचानसहित समयमै खाता बन्दी नगरेको र समर्थन पत्रसमेत नलिएको अवस्था देखिन्छ। लेखा हिसाबमा देखिएको केन्द्रीय हिसाबमा बैङ्क मौज्दात रु.२५ लाख ६६ हजार, जनकपुर दुग्ध वितरण आयोजनामा रु.९० हजार गरी जम्मा मौज्दात रु.२६ लाख ५६ हजारको समर्थन पत्र निलिएकोले उक्त रकम यथार्थ रहे नरहेको यकिन गर्न सकिएन।

१.५. **लगानीः** संस्थानको गत विगत वर्षहरु देखि चितवन मिल्क लिमिटेडमा रु.२ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रु.४० लाख र दोलखा डेरी उद्योगमा रु.१ करोड २७ लाख ५० हजार सेयर लगानी रहेकोमा चितवन मिल्क लिमिटेड र दोलखा डेरी उद्योगबाट हालसम्म पनि सेयर प्रमाणपत्र जारी भएको पाइएन। लगानी रहेको उक्त संस्थाहरु विगतदेखि नै घाटामा सञ्चालन भैरहेकोले हालसम्म लाभांश पनि प्राप्त गरेको देखिँदैन। विगत धेरै वर्षदेखि लगानी भएको तर लाभांशसमेत प्राप्त नभएकोले सो लगानीहरुको विश्लेषण गरी उक्त लगानीहरु नेपाल वित्तीय प्रतिवेनदमान (NFRS) बमोजिम क्षयीकरण (Impairment) भए नभएको यकिन गरी आवश्यक क्षयीकरणबापत व्यवस्था गर्नुपर्नेमा सो गरेको पाइएन।

१.६. **एकीकृत वित्तीय विवरणः** गत विगत वर्षदेखि यस संस्थानको दोलखा डेरी उद्योग लिमिटेडमा रु.१ करोड २७ लाख ५० हजारको सेयर लगानी भएकोमा यस संस्थाको उक्त उद्योगमा ५९.१६ प्रतिशत लगानी रहेको छ।

उक्त डेरी स्थापना भएपश्चात मात्र संस्थानले लगानी गरेको हुनाले दोलखा डेरीसहितको एकीकृत विवरणमा सो डेरी खरिद गरेबापत ख्याती वा पुँजीगत जगेडा आउनुपर्नेमा सो सम्बन्धी कुनै पनि हिसाब नगरिएकोले एकीकृत विवरण नेपाल वित्तीय प्रतिवेदनमा (NFRS) बमोजिम नरहेको पाइयो।

संस्थानको चितवन मिल्क लिमिटेडमा रु.२ करोडको शेयर लगानी भएकोमा उक्त उद्योगमा भएको लगानी एसोसिएट्स कम्पनीअन्तर्गत आउँछ आउँदैन यकिन गरी एकीकृत वित्तीय विवरण बनाउनुपर्नेमा सो सम्बन्धी आवश्यक विवरण लिइएको देखिँदैन।

१.७. **जग्गाको स्वामित्व पुष्टिः** गत विगत वर्षदेखि यस संस्थानको विभिन्न स्थानमा रहेको जग्गाहरुको संस्थानले एकीकृत विवरण राखेको छैन। भक्तपुरको झौखेलको १६ रोपनी ५ आना जग्गा संस्थानको नाममा ल्याउन सञ्चालक समितिले

दिएको निर्देशनबमोजिम कार्य भएको छैन। साथै, भक्तपुरको ताथलीको १ रोपनी ९ आना, भक्तपुर बागेश्वरीको १ रोपनी १० आना, काभ्रेको ३ रोपनी, रामेछाप क्यामाको ३ रोपनी र माइपोखरीको २ रोपनी र सर्लाही नवलपुरको १ बिघा जग्गाहरुको लालपुर्जा नहुँदा वित्तीय विवरणमा उल्लेख गरेको छैन। उक्त जग्गाहरुको स्वामित्व अद्यावधिक गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ।

१.८. **चिज भण्डारणमा भएको क्षतिः** प्रशोधन शाखामा मालसामानको खपत तथा उत्पादन गर्दा र भण्डारणमा सामान भण्डार गरी राख्दा संस्थानले तोकेको न्यूनतम मापदण्ड (नर्म्स) भन्दा बढी क्षति हुनुहुँदैन। दुग्ध पदार्थ उत्पादन तथा बिक्री वितरण आयोजनाअन्तर्गत ६ चिज केन्द्रमा नर्म्सभन्दा बढी देखिएको चिजको क्षति ६३९.२४ के.जी (मूल्य रु.१० लाख २३ हजार) सम्बन्धित जिम्मेवार पदाधिकारीबाट असुल वा फरफारक नगरी राखेको पाईयो। उक्त क्षतिको रकम नियमानुसार असुल वा फरफारक गर्नुपर्दछ।

१.९. **अग्रिम भुक्तानी र पेस्की फरफारकः** अग्रिम भुक्तानी र पेस्कीबापत दिएको रकम समयमै खर्च/खरिद लेखी वा खर्च/खरिद हुन नसक्दा असुल उपर गरी राफसाफ गर्नुपर्नेमा विगत वर्षहरु देखिको रकम अग्रिम भुक्तानी र पेस्की भनी देखाएको छ। काठमाडौं दुग्ध वितरण आयोजना बालाजुको रु.८ लाख ८५ हजार, जनकपुर दुग्ध वितरण आयोजनाको रु.५ लाख ५४ हजार, दुग्ध पदार्थ बिक्री वितरण आयोजना, लैनचौरको रु.३७ लाख ५२ हजार, हेटौंडा दुग्ध पदार्थ बिक्री वितरण आयोजनाको रु.१६ लाख ७८ हजार र केन्द्रीय कार्यालयको हिसाबमा रु.५० लाख ४३ हजार गरी जम्मा रु.१ करोड १९ लाख ११ हजार गत विगत वर्षहरु देखि बाँकी रही रहेको अग्रिम भुक्तानी र पेस्की फरफारक भएको छैन।

१.१०. **अवकाश कोषको व्यवस्थाः** संस्थानको कर्मचारी अवकाश योजनाअन्तर्गत उपदान र बिदाबापतको दायित्व यस आर्थिक वर्षसम्मको बीमाङ्कीय मापन (Acturial Valuation) अनुमान जम्मा रू.१ अर्ब ४८ करोड ८८ लाख रहेकोमा, संस्थानले सो दायित्व व्यवस्थापन तथा भुक्तानीको लागि नागरिक लगानी कोषमा जम्मा रू.४.३४ लाख मात्र जम्मा गरेको पाइयो। संस्थानले आफ्ना कर्मचारीहरूको अवकाश योजनाअन्तर्गत दायित्व व्यवस्थापन तथा भुक्तानीका लागि रू.१ अर्ब ४८ करोड ८३.५ लाख बराबरको सम्पत्ति छुट्याएको पाइएन। बीमाङ्कीय मूल्याङ्कनअनुसारको दायित्वबापतको रकम सम्बन्धित कोषमा दाखिला गर्नुपर्दछ। यसरी दायित्व बराबरको सम्पत्ति नछुट्याउदा भविष्यमा संस्थानलाई तरलताको समस्या आउने देखिन्छ।

१.११. **सम्झौता विपरीतको उधारोः** नेपाली सेनाको १ नं. बाहिनी अड्डा, फष्ट रेञ्जर बटालियन, हिमालयन ब्यारेक, छाउनी तथा विशेष फौज बाहिनी, लक्ष्मी निवास, महाराजगञ्जमा दैनिक दूध तथा मासिक पनिर र दहि आपूर्ति गर्न श्री प्रभु आदित्य बिजनेस प्राइभेट लिमिटेड भएको सम्झौताअनुसार उक्त प्राइभेट लिमिटेडसँग रु.४५ लाखको बैङ्क जमानत लिई दूध तथा दुग्ध पदार्थहरु उपलब्ध गराईदिन तथा उक्त दूध तथा दुग्ध पदार्थको हुने आसामी रकम प्रथम बिलको ४५ दिनभित्र तथा त्यस पछिको मासिक रुपमा उक्त प्राइभेट लिमिटेडबाट भुक्तानी लिन भनी २०७७।८।२५ मा उप-महाप्रबन्धकस्तरको निर्णय भएको छ। वितरकसँगको उक्त कारोबारमा मासिक बिक्री रकम (औसत हिसाबअनुसार) रु.४० लाख मात्र बाँकी रहनुपर्नेमा डिष्ट्रिब्युटरले वर्षभरी ठूलो रकम भुक्तानी नगरी सम्झौता तथा नियम विपरीत बाँकी राखेको पाइयो।

यस आर्थिक वर्षको अन्त्यमा २०८१।३।३१ को अवस्थाअनुसार संस्थाले वितरणकर्तासँग सम्झौतामा उल्लेखित सुरक्षा सुविधा नलिई ठूलो रकम उधारोमा राखिएको निम्न विवरणबाट देखिन्छ।

गोकुल निर्माण सेवासँग विभिन्न मार्ग बिक्रीबाट प्राप्त रु.१ करोड ५९ लाख ८९ हजार रहेकोमा ढुवानी भाडाबापत दिनुपर्ने रु.१ करोड ४२ लाख १६ हजार कट्टी भई रु.१८ लाख ३० हजार खुद बाँकी असुली देखिएको छ। प्रभु आदित्य व्यवसायसँग बिक्री रकम रु.३ करोड ६० लाख ३ हजार रहेकोमा ढुवानी भाडाबापत रु.६५ लाख २८ हजार

कट्टी भई रु.२ करोड ९४ लाख ५२ हजार खुद बाँकी देखिएको छ। सो मध्ये चालु वर्षमा रु.१७ लाख बराबरको नगद वा बैङ्क ग्यारेन्टी भएको देखिएता पनि रु.१ करोड २४ लाख ५२ हजार रकम ग्यारेन्टी बिना जोखिममा रहेको पाइयो।

जनकपुर दुग्ध वितरण आयोजनाअन्तर्गतको वितरक श्री अन्जन जनरल स्टोरसँग रु.१८ लाख ६ हजार तथा श्री एम.के. जनरल स्टोरसँग रु.१८ लाख ८४ हजार विगत देखिको लिन बाँकी रकम असुलउपर गरिएको छैन। दिनुपर्ने रकम नियम विपरीत बाँकी राखी राखेकोमा निज वितरकहरुसँग ब्याजसमेत उक्त रकम असुलउपर गर्नुपर्ने देखिन्छ।

१.१२. **हिसाबको समर्थनः** काठमाडौं दुग्ध वितरण आयोजनाको लिनुपर्ने हिसाब (Sundry Debtors) मा लिनुपर्ने व्यक्ति वा संस्था पहिचान नभएको लिनुपर्ने रकम रु.१७ लाख १८ हजार समावेश रहेको पाइयो। साथै, केन्द्रीय कार्यालयको व्यवस्था हिसाब अन्तर्गत समर्थन नभएको तथा कारोबार नै यकिन नभएको दिनुपर्ने रु.१ करोड ४३ लाख १२ हजार शङ्कास्पद भनी राखिएको पाइयो। समग्रमा रु.१७ लाख १८ हजारको लिनुपर्ने रकम तथा रु.१ करोड ४३ लाख १२ हजारको दिनुपर्ने रकम भनी राखिएको हिसाबको वास्तविकता यकिन भएन।

१.१३. **बिक्री रकम भिडानः** काठमाडौं दुग्ध वितरण आयोजनामा विभिन्न पार्टीहरूको लेखा शाखामा बिक्री शाखामा भन्दा बढी देखिएको लिनुपर्ने रु.४९ लाख ५० हजार र लेखा शाखामा बिक्री शाखाभन्दा कम देखिएको लिनुपर्ने रु.५५ लाख २२ हजारको हिसाब भिडान भएको छैन।

दुग्ध पदार्थ बिक्री वितरण आयोजना, लैनचौरमा विभिन्न पार्टीहरूको लेखा शाखामा बिक्री शाखाभन्दा बढी देखिएको लिनुपर्ने रु.१ करोड ८९ हजार र लेखा शाखामा बिक्री शाखाभन्दा कम देखिएको लिनुपर्ने रु.३४ लाख २७ हजारको हिसाब भिडान भएको छैन।

हेटौंडा दुग्ध वितरण आयोजनामा विभिन्न पार्टीहरूको लेखा शाखामा बिक्री शाखाभन्दा बढी देखिएको लिनुपर्ने रकम रु.७२ लाख ८० हजार र लेखा शाखामा बिक्री शाखाभन्दा कम देखिएको लिनुपर्ने रु.९१ लाख ३१ हजारको हिसाब भिडान भएको छैन।
जनकपुर दुग्ध वितरण आयोजनामा विभिन्न पार्टीहरूको लेखा शाखामा बिक्री शाखाभन्दा बढी देखिएको लिनुपर्ने रु.४७ लाख २३ हजार र लेखा शाखामा बिक्री शाखाभन्दा कम देखिएको लिनुपर्ने रु.१ लाख ५४ हजारको हिसाब भिडान भएको छैन।

१.१४. **ऋणको किस्ता भुक्तानीः** नेपाल सरकारबाट सार्वजनिक संस्थान ऋण लगानी कार्यक्रमअन्तर्गत दुग्ध विकास संस्थान, काठमाडौंलाई २०७७।७८, २०७८।७९ र २०८०।८१ मा विभिन्न उद्देश्यका लागि कुल रू.६५ करोड ऋण लगानी गरिएको छ। सो ऋण ५ प्रतिशत वार्षिक ब्याजदरमा सम्झौताबमोजिम तोकिएको अवधि र किस्तामा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थाले हालसम्म कुनै पनि वर्षको किस्ता भुक्तानी गरेको देखिएन।

संस्थाले ब्याज भुक्तानी गरे पनि मूलधन फिर्ता नगरेको तथा सम्झौता उल्लङ्घन भई १० प्रतिशत जरिवाना लाग्ने स्थिति सिर्जना भएको छ। यो अवस्था संस्थाको दीर्घकालीन वित्तीय दायित्वमा वृद्धि हुने देखिन्छ।

१.१५. **हिसाब यकिन तथा फछ्यौंटः** २०७८।७९ देखि राष्ट्रिय बीमा संस्थानलाई अग्रिम भुक्तानी देखाएको रु.३ करोड ६० लाख ८९ हजार र तिर्नुपर्ने देखाएको रु.८० लाख १५ हजार यस आर्थिक वर्षसम्म पनि फछ्यौंट भएको छैन। उक्त अग्रिम भुक्तानी तथा तिर्नुपर्ने रकम कुन प्रयोजनका लागि हो यकिन हुन सक्ने गरी हिसाब राखिएको छैन।

१.१६. **मख्खन मौज्दातः** सुजल डेरीबाट Conversion भई मौज्दातमा रहेको ९ हजार के.जी. (बिक्री मूल्य रु.१ करोड २४ लाख २० हजार) मख्खन उपभोग्य मिति समाप्त भई प्रयोग गर्न नमिल्ने भनी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरेको छ। जिल्ला प्रशासन कार्यालयले उक्त मख्खनबाट प्रशोधित दुग्ध पदार्थ

बनाउन मिल्ने नमिल्ने भनी यकिन गर्न समिति गठन गरेकोमा उक्त समितिले जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन बुझाएको छैन। आयोजनाले हाल उक्त मख्खनलाई छुट्टै राख्दै आएको छ।

१.१७. **प्रयोगमा नआएको मालसमानहरुको मूल्याङ्कनः** दुग्ध पदार्थ बिक्री वितरण आयोजना, लैनचौरमा रु.९ लाख ४३ हजार र हेटौंडा दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा रु.७ लाख ७१ हजार गरी जम्मा रु.१७ लाख १४ हजार गत विगत वर्षहरु देखि प्रयोगमा नआई भण्डारणमा राखी रहेको र उक्त प्रयोगमा आउने सम्भावना नरहेको सामानहरु लागत मूल्य मै वित्तीय विवरणमा संलग्न गरेको छ।

नेपाल लेखामान २ बमोजिम व्यापारिक मौज्दातको मूल्याङ्कन लागत मूल्य (Cost) वा प्राप्त गर्न सकिने मूल्य (Net Realizable Value) मध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थानमा उक्त व्यवस्थाको पालना भएको पाइएन। साथै, प्रयोगमा नआउने मालसामान समयमै लिलाम वा मिन्हा वा जिम्मेवार व्यक्तिबाट असुलीबाट फरफारक नगर्दा संस्थानलाई भण्डारणलगायतका खर्चहरु समेत बेहोंनु परेको छ।

१.१८. **बोलपत्र बेगर काठ खरिदः** दुग्ध विकास संस्थान, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६६ र सार्वजनिक खरिद ऐन, २०६३ विपरीत रु.१ करोड ५८ लाख ४ हजार बराबरको काठ बिना कुनै कोटेसन वा टेण्डर प्रक्रिया खरिद गरिएको पाइएको छ। सार्वजनिक खरिदमा प्रतिस्पर्धात्मक, पारदर्शी र पूर्वयोजनाबद्ध प्रक्रिया अवलम्बन गर्नुपर्ने कानूनी व्यवस्था भएता पनि सो खरिदमा सो व्यवस्था पालना नभएको र समान वस्तु विभिन्न दरमा खरिद गरिएको देखिएकोले खरिद प्रक्रिया पारदर्शी नभएको, प्रतिस्पर्धा नअपनाइएको र संस्थालाई अनावश्यक आर्थिक भार पर्ने गरी अनियमितता भएको देखिन्छ। साथै, जनकपुर दुग्ध वितरण आयोजनामा सोही प्रकारको काठ कम मूल्यमा खरिद गरिएको सन्दर्भमा हेटौंडा आयोजनाको खरिद दरको वास्तविकता यकिन हुन सकेन।

१.१९. **भुक्तानीमा फरकः** हेटौंडा दुग्ध पदार्थ बिक्री वितरण आयोजनामा चालु आर्थिक वर्षमा दूध खरिद र भुक्तानी सम्बन्धी परीक्षणको क्रममा रु.२३ लाख ९६ हजारले वास्तविक भुक्तानी हुनुपर्ने भुक्तानीभन्दा बढी भएको देखिएको छ।

संस्थाले सबै दूध भुक्तानीहरू एउटै भुक्तानी लेजर (Total Milk Payment Account) मार्फत् समेटेको पाइएको छ, जसबाट स्पष्ट रूपमा फरकको कारण पहिचान गर्न कठिन भएको छ। संकलन प्रतिवेदनअनुसार दूध खरिद रकम रु.४० करोड ६६ लाख ५ हजार रहेको र यस आर्थिक वर्षमा दिनुपर्ने भुक्तानी रु.२४ करोड ९४ लाख ७ हजार रहेकोमा वास्तविक भुक्तानी रु.२५ करोड १८ लाख ३ हजार गरिएको छ।

उक्त फरकको स्पष्ट कारण व्यवस्थापनले नखुलाएको तथा खातावाहीमा स्पष्ट वर्गीकरण नगरिएकोले, यसले भुक्तानी प्रणालीको पारदर्शिता र आन्तरिक नियन्त्रणमा कमजोरी देखाएको छ।

१.२०. **ब्याज तथा जरिवाना गणनाः** काठमाडौं दुग्ध वितरण आयोजना, बालाजुअन्तर्गतका ९ कर्मचारीबाट असुल गर्न बाँकी जरिवाना रु.१ लाख १७ हजार अविलम्ब असुल गर्नुपर्दछ।

१.२१. **दूध तथा दुग्ध पदार्थको बिक्री फरकः** याक एण्ड यति होटलबाट विगत वर्षदेखि बाँकी रहदै आएको रू.१० लाख ६० हजार मध्ये २०७१।७।२७ गते चेक नं. ६६५१०५५, ६३४५६४१, ६६५०६५३ बाट क्रमश रु.२ लाख ४४ हजार; रु.२ लाख १६ हजार; रु.२ लाख ५५ हजार गरी जम्मा रु.७ लाख १५ हजार दुग्ध विकास संस्थानको बैङ्क अफ काठमाडौंको राजस्व खातामा जम्मा गरेको देखिन्छ र केन्द्रीय कार्यालयले उक्त रकम भौचर नं. ७१७२-००००६९७ बाट आम्दानी जनाएको र काठमाडौं दुग्ध विकास आयोजनासँग बजेट हिसाब मिलान नगरेकोले बजेट हिसाब मिलान गर्नुपर्ने र बाँकी रकम सम्बन्धित पार्टीसँग असुलउपर गर्नुपर्ने देखिन्छ।

## २. विषय उपर जोड (Emphasis of Matter) - संचालन तथा तरलता जोखिम

हामीले वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीहरुको बुँदा नं. ४.१ वित्तीय जोखिम प्रबन्धनअर्न्तगतको खुलासामा उल्लेखित विषयमा ध्यानकृष्ट गराउँदछौं। संस्थानको कारोवार कच्चा दूधको स्थानीय उत्पादनमा भर पर्ने तथा दूध र दुग्ध पदार्थ नासवान प्रकृतिका कारण संस्थानले यस सम्बन्धमा सञ्चालन जोखिम बहन गर्नुपर्ने हुन्छ।

संस्थानले किसानहरुलाई सामान्यता हरेक १५ दिनमा कच्चा दूध खरिदको भुक्तानी दिनुपर्ने हुन्छ। किसानबाट उत्पादित कच्चा दूधको बजार सुरक्षित गर्न किसानहरुसँग तोकिएको मूल्यमा उत्पादित कच्चा दूध खरिद गर्नुपर्ने हुन्छ। संस्थानले किसानहरुलाई छोटो समयमै भुक्तानी दिनुपर्ने तर कच्चा दूध प्रशोधन गरी दुग्ध पदार्थ समयमै बिक्री नहुँदा मौज्दात रहिरहने र बिक्री गरी नगद प्राप्त गर्न समय लाग्ने भएकाले संस्थानको तरलतामा जोखिम रहिरहेको छ।

संस्थानको विगतदेखि कच्चा दूध सङ्कलन घट्दै गइरहेको कारण संस्थानको कारोबारसमेत घट्दो अवस्थामा रहेको छ। विगत ७ वर्षको (आर्थिक वर्ष २०७३।७४ देखि) तुलनामा प्रशोधित दूधको बिक्री परिमाण ३० प्रतिशतभन्दा बढिले घटेको छ। संस्थानमा हाल रहेका मौजुदा मेसिनरीज र ढुवानी साधनहरु पुरानो भई न्यून क्षमतामा सञ्चालन भैरहेको र मर्मत सम्भारमा अत्याधिक रकम खर्च भैरहेको अवस्था छ। उल्लेखित विषयहरुले हाम्रो राय परिमार्जन गरेको छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। दुग्ध विकास संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## ३. अन्य मामिला

**क) सहायक कम्पनीको वित्तीय विवरण र लेखापरीक्षणः** संस्थानको सहायक कम्पनी दोलखा डेरी उद्योग लिमिटेडको हामीले लेखापरीक्षण गरेका छैनौं। उक्त कम्पनीको लेखापरीक्षण बेग्लै नियुक्ति भएको लेखापरीक्षकद्वारा गरिएको छ। हामीले उक्त कम्पनीको यस संस्थानसँग सम्बन्धित वित्तीय तथ्याङ्कको सम्बन्धमा उक्त बेग्लै लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा आधारित रही लेखापरीक्षण सम्पन्न गरेको छौं।

**ख) आन्तरिक नियन्त्रण प्रणालीः** संस्थानको वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, कानून अनुरुप प्रस्तुतीकरण गर्न तथा सम्बन्धित ऐन, कानून नियमबमोजिम दैनिक कार्य सञ्चालन गर्न व्यवस्थापनले आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापना गर्नुपर्दछ। संस्थानको आन्तरिक नियन्त्रण प्रणालीअन्तर्गत विभिन्न शाखा हिसाब तथा शाखा प्रगति विवरण भिडान हुनुपर्ने, आयोजनाबाट सङ्कलित बिक्रीबापतको रकम केन्द्रीय कार्यालयले बैङ्क जम्मा भए नभएको यकिन गरी पार्टी हिसाब कायम गर्नुपर्ने, अन्तर आयोजना हिसाब भिडान गर्नुपर्ने, भौतिक परीक्षणमा देखिएको फरक तथा मापदण्डभन्दा बढी भएको खपत वा क्षति समयमै मिन्हा वा असुल गरी फरफारक गर्नुपर्ने, उधारो बिक्री गर्दा धरौटी वा बैङ्क ग्यारेन्टीसम्मको सिमाभित्र रही उधारो दिनुपर्ने, आयोजना तथा केन्द्रीय कार्यालयको समयमै आन्तरिक लेखापरीक्षण हुनुपर्ने, आन्तरिक तथा बाह्य लेखापरीक्षणमा देखिएको बेरुजुको लगत राखी समयमै असुल तथा फरफारक हुनुपर्ने, संस्थानअन्तर्गतको भौतिक सम्पत्ति तथा संरचनाहरु तथा धरौटी हिसाबको स्वामित्व पुष्टि गर्ने कागजातहरु संस्थानमा सुरक्षित रहनुपर्ने आदि वित्तीय विवरणको उचित प्रस्तुतीकरण तथा नियमित कार्य सञ्चालनका लागि आवश्यक संस्थानले राखेको नियन्त्रण प्रणालीबमोजिम कार्यहरु नभएकाले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ।

## ४. लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराबाहेक सञ्चार गर्नुपर्ने अन्य मुख्य व्यहोराहरु यस प्रकार छन्:

| लेखापरीक्षणका प्रमुख विषयहरु | लेखापरीक्षकको प्रकृया |
|---|---|
| **उत्पादन र स्टोर सामानको खपतको मापन**<br>संस्थानले स्थानीय तहमा दुग्ध सहकारीमार्फत् कच्चा दूध सङ्कलन गरी उक्त कच्चा दूधको प्रशोधन गरी विभिन्न दुग्ध पदार्थ उत्पादन तथा बिक्री गर्ने गरेको छ।<br>उत्पादनको लागत मापन तथा खपत भएको वस्तुहरुको खपत मूल्य निर्धारण गर्ने प्रकृयाको जटिलताका आधारमा उत्पादन र स्टोर सामानको खपतको मापनलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ। | क) स्टोर शाखाले देखाएको प्रशोधन निष्कासन नमूना आधारमा प्रशोधन शाखाले देखाएको खपत यथार्थ भए नभएको यकिन गरेका छौं।<br>ख) स्टोर शाखामा क्षति भए नभएको यकिन गर्न स्टोर शाखाको मौज्दात विवरण र वर्षको अन्त्यमा गरिएको भौतिक परीक्षण नमूना आधारमा भिडान गरी हेरेका छौं। |
| **बिक्री रकमको सङ्कलन तथा दाखिला**<br>संस्थानको उत्पादन देशभरी रहेका विभिन्न ८ दुग्ध पदार्थ वितरण आयोजना र एक पशु आहारा कारखाना र उक्त आयोजनाहरुबाट सञ्चालित डिष्ट्रिब्युटर, बुथम्यान र मिल्कबारहरुबाट बिक्री गर्ने गरेको छ।<br>बिक्रीबापतको रकम आयोजनाहरुले आफैं सङ्कलन गर्ने र सङ्कलित रकम केन्द्रीय मूल खातामा दाखिला गर्ने आन्तरिक प्रणाली अपनाएको छ। केन्द्रीय मूल खाता केन्द्रीय कार्यालयको अधिनमा रहन्छ र सो खाताबाट रकम निकासासमेत केन्द्रीय कार्यालयको मातहतमा रहन्छ। बिकेन्द्रीकृत बिक्री र सो बिक्री रकमको सङ्कलनमा हुने जटिलताका कारण बिक्री रकमको सङ्कलन तथा दाखिलाको विषयलाई लेखापरीक्षणको मुख्य विषयका रुपमा लिइएको छ। | क) बिक्री रकम दाखिला समयमै हुने गरे नगरेको यकिन गर्न आयोजनाहरुले देखाइएको बिक्री रकम असुली र सोको दाखिला आयोजनाको लेखा विवरण र केन्द्रीय मूल खाताको बैङ्क स्टेटमेण्ट नमूना आधारमा भिडान गरेका छौं।<br>ख) आयोजनाको लेखा विवरणमा देखाएको कुल दाखिला र केन्द्रको लेखा विवरणमा देखिएको कुल जम्मा भिडान गरी वार्षिक बिक्री रकम दाखिलाको भिडान गरेका छौं।<br>ग) वर्षको अन्त्यमा मूल खातामा लेखा हिसाबमा देखिएको मौज्दात र बैङ्क समर्थन पत्रअनुसारको मौज्दात भिडान गरी बैङ्क कारोवारमा फरक रहे नरहेको यकिन गरेका छौं। |
| **सूचना प्रविधि प्रणाली तथा उक्त प्रणालीबाट निस्कने तथ्याङ्क तथा विवरणहरु**<br>संस्थानको वित्तीय प्रस्तुतीकरण, संस्थाले अपनाएको सूचना तथा तथ्याङ्क प्रणालीबाट निस्कने तथ्याङ्क तथा विवरणमा आश्रित रहेको छ।<br>तथ्याङ्क प्रणालीअन्तर्गतको तथ्याङ्क तथा विवरण लेखा प्रयोजनको आवश्यकता बमोजिम रहे नरहेको सुनिश्चित गर्न सूचना प्रणालीको आन्तरिक नियन्त्रण आवश्यकता बमोजिम पर्याप्त तथा उपयुक्त हुनुपर्दछ। लेखापरीक्षण प्रक्रिया तथा सोको नतिजासमेत सूचना प्रणालीको उपयुक्ततामा आश्रित रहने भएकाले उक्त विषयलाई लेखापरीक्षणको मुख्य बुँदाको रुपमा लिइएको छ। | संस्थानले अपनाएको सूचना प्रविधि प्रणाली संस्थानको लेखा प्रयोजनका लागि उपयुक्त रहे नरहेको नेपाल लेखापरीक्षण मानको आधारमा जाँच गरिएको छ।<br>उक्त प्रणालीबाट निस्कने तथ्याङ्क तथा विवरणहरुको प्रतिलिपिहरुको आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ।<br>प्रणालीबाट निस्कने तथ्याङ्कहरुको नमुना आधारमा हिसाब गरी चेकजाँच गरिएको छ। |

## ५. वित्तीय विवरणहरु सम्बन्धमा व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, संस्थानलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

## ६. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य

विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थानमा २०८२।५।५ मा पठाइएको छ।**

# स्यार्पु कृषि कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको राय

हामीले स्यार्पु कृषि कम्पनी लिमिटेडको यसै प्रतिवेदन साथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य विस्तृत आय हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले स्यार्पु कृषि कम्पनी लिमिटेडको २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा तथा नगद प्रवाहको विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम सारभूत रुपमा सही र यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधार

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। लेखापरीक्षणका प्रमुख विषयहरु देहायबमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छ।

| मुख्य लेखापरीक्षण विषयहरु | लेखापरीक्षणको क्रममा उक्त विषयहरु सम्बोधन गर्नका लागि अपनाइएका तरिकाहरु |
|---|---|
| **परियोजना कार्य प्रगति (Project WIP) -** वित्तीय विवरणको अनुसूची ५, २०८२ असार ३१ गतेसम्म कम्पनीको परियोजना कार्य प्रगतिमा रु.७ करोड ८१ लाख ३५ हजार रहेकोमा परियोजना सञ्चालन र कार्यान्वयनमा आउन बाँकी रहेको छ। | खर्च र आय विवरण, वार्षिक प्रगति विवरण तथा प्रतिवेदन र सोको पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात, बिल तथा भर्पाई अध्ययन/परीक्षण गरियो। |

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले केन्द्रको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले केन्द्रको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

### कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेको स्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाबकिताब सम्बन्धित ऐनबमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठिकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु संस्थाले राखेका हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सूचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून

विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।१२।१९ मा पठाइएको छ।**

# खानेपानी मन्त्रालय

## काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०८०।८१)

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको यसै प्रतिवेदनसाथ संलग्न २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान र अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक बोर्डको वित्तीय विवरणले २०८१ असार मसान्तको वित्तीय स्थिति तथा उक्त मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको अवस्था प्रचलित कानूनको अधिनमा रही बोर्डलाई लागू हुने नेपाल वित्तीय प्रतिवेदन मानअनुसार सारभूत रुपमा यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **कोषः** बोर्डको कोषमा नेपाल सरकारको सेयर लगानी, तत्कालिन नेपाल खानेपानी संस्थान, काठमाडौं उपत्यका कार्यालयको २०६४।१०।२९ सम्मको खुद नोक्सानी, तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारबाट प्राप्त अनुदान तथा जाईका जापानको अनुदान समावेश गरिएको छ। सेयर लगानीको विस्तृत विवरण लेखापरीक्षणार्थ उपलब्ध भएन। बोर्डको कोषमा तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारबाट प्राप्त अनुदान रु.१८ करोड ३७ लाख १६ हजार तथा जाईका जापानको अनुदान रकम रु.३८ लाख ७८ हजार समावेश भएता पनि उक्त रकमलाई प्रतिनिधित्व गर्ने सम्पत्तिको विवरण तथा अनुदान प्राप्त गर्ने समयका सर्त तथा अवस्थाहरुको विवरण प्राप्त नभएकोले सो सम्पत्तिको हालको अवस्था बारे यकिन गर्न सकिएन।

२. **नेपाल सरकारलगायतका डिफर्ड अनुदानः** एसियाली विकास बैङ्कअन्तर्गत नेपाल सरकारबाट २०७९।८० को अन्त्यसम्म रु.१५ अर्ब ६ करोड ९७ लाख ४६ हजार अनुदान रकम प्राप्त भएकोमा २०८०।८१ मा रु.४१ करोड ७९ लाख ८५ हजार थप भएको अनुदान रकममध्ये रु.२५ करोड ५७ लाख २८ हजार बोर्डलाई प्राप्त नभई आयोजना कार्यान्वयन निर्देशनालयलाई सोझै भुक्तानी प्राप्त भएको रकम बोर्डले डेफर्ड अनुदान शीर्षकमा लेखाङ्कन गरेको देखिन्छ। आयोजना कार्यान्वयन निर्देशनालयलाई सोझै भुक्तानी भएको सो रकमसहित २०८१ आषाढ मसान्तमा कायम रहेको अनुदान रु.१५ अर्ब ४८ करोड ७७ लाख ३१ हजार र ओफिडबाट २०७९।८० को अन्त्यसम्म प्राप्त भएको रु.२५ करोड ८० लाख र २०८०।८१ मा थप भएको अनुदान रु.१ करोड ९ लाख ४५ हजारपश्चात कायम रु.२६ करोड ८९ लाख ४५ हजार रकमबाट कुनै परियोजना वा सम्पत्ति श्रृजित भएको प्रमाण वा विवरण प्राप्त नगरेको र कुनै पनि आम्दानी वा खर्च लेखाङ्कन भएको पाइएन। सो अनुदान रकमबाट कुनै वर्ष पनि आम्दानी लेखाङ्कन नगरेको हुँदा नेपाल वित्तीय प्रतिवेदनमान NAS २० बमोजिम सरकारी अनुदान जुन उद्देश्यको लागि प्राप्त भएको सो सम्बन्धित खर्चको आधारमा अनुदान रकमलाई व्यवस्थित आधारमा नाफा/नोक्सानमा आम्दानी लेखाङ्कन गर्नुपर्ने देखिन्छ।

३. **पुँजीगत अनुदानः** पुँजीगत अनुदानअन्तर्गत वित्तीय विवरणमा उल्लेख रु.१३ करोड ६ लाख ६९ हजार रकमलाई प्रतिनिधित्व गर्ने जायजेथा, प्लाण्ट र उपकरणअन्तर्गत कुन कुन सम्पत्ति डिफर्ड अनुदानसँग सम्बन्धित हो? सोको विस्तृत विवरण प्राप्त

नभएको कारण सो रकम बराबरको सम्पत्तिहरुको वर्तमान अवस्था र अस्तित्व यकिन गर्न सकिएन। बोर्डले पुँजीगत अनुदानसँग सम्बन्धित स्थिर सम्पत्तिहरुको छुट्टै खाता तथा अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४. **दीर्घकालिन ऋण र ब्याज भुक्तानीः** बोर्डले २०८०।८१ को अन्त्यमा एसियाली विकास बैङ्क (एडीबी) ऋण शीर्षकमा प्रस्तुत गरेको रु.९ अर्ब ६१ करोड ७४ लाख ८६ हजार रकममध्ये यस वर्षमा प्राप्त रु.२५ करोड ५५ लाख ८६ हजार छ। सो मध्ये रु.१६ करोड ५३ लाख थप नयाँ कर्जा बोर्डलाई प्राप्त नभई सिधै आयोजना कार्यान्वयन निर्देशनालयलाई निकासा भई दिर्घकालिन ऋणअन्तर्गत बोर्डले लेखाङ्कन गरेको देखिन्छ। दीर्घकालिन ऋणको भुक्तानी दिन बाँकी किस्ताअन्तर्गत २०८०।८१ सम्ममा नेपाल सरकारसँग लिएको ऋणको भुक्तानी गनुपर्ने किस्ताको सावाँ रु.५ अर्ब ५४ करोड ३ लाख ८० हजार प्रस्तुत गरेको देखिन्छ, तर एडीबी र ओफिडको सहयोगबाट प्राप्त ऋणलाई दायित्वमा वर्गीकरण गरेको देखिएन।

यस वर्षको अन्त्यसम्ममा प्राप्त ऋण मौज्दात रु.२९ अर्ब ९५ करोड ३५ लाख २९ हजारमध्ये बिना ब्याज प्राप्त भएको ऋण रु.१ अर्ब ९९ करोड ५८ लाख ५१ हजारमा बजारको चल्ती ब्याज दरअनुसार हुने ब्याज फरक रकमलाई NAS २० मा उल्लेख भएको व्यवस्थाअनुसार अनुदान रकम लेखाङ्कन गर्नुपर्नेमा सो गरेको नदेखिएको हुँदा सम्बन्धित नेपाल वित्तीय प्रतिवेदनमानको पूर्ण पालना गरी अनुदान रकम तथा पुँजीगत ब्याजको हिसाब गर्नुपर्ने देखिन्छ।

५. **चालु दायित्व तथा व्यवस्थाहरुः** भाखा नाघेको २०८०।८१ को अन्त्यसम्म सावाँको ब्याज प्रमाणित हुने पत्र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त भएको देखिएन। बोर्डको वित्तीय विवरणअनुसार २०७९।८० को अन्त्यसम्म रु.४ अर्ब ५७ करोड १७ लाख ५४ हजार भाखा नाघेको सावाँ र रु.१ अर्ब ९८ करोड ९२ लाख ४८ हजार भाखा नाघेको ब्याज प्रस्तुत गरेको देखिन्छ। तर, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० को अन्त्यसम्म भाखा नाघेको सावाँ रु.३ अर्ब ४७ करोड १९ लाख ४१ हजार र भाखा नाघेको ब्याज रु.४ अर्ब ८ करोड ३७ लाख २३ हजार विवरण पेश गरेको हुँदा बोर्डले सावाँतर्फ् अधिक प्रस्तुत गरेको रु.१ अर्ब ९ करोड ९८ लाख १३ हजार र ब्याजतर्फ् न्यून प्रस्तुत गरेको रु.२ अर्ब ९ करोड ४४ लाख ७५ हजार फरक रकमको हिसाब मिलान गरी समायोजन गरेको देखिएन।

६. **बीमा कोष व्यवस्थाः** बीमाङ्कीय मूल्याङ्कनको आधारमा बोर्डले परिभाषित सुविधा योजना दायित्वमा यस वर्ष रु.५० करोड १ लाख ५६ हजारको व्यवस्था गरेको छ। साथै, बोर्डले चालु दायित्व तथा व्यवस्थाअन्तर्गत व्यवस्थाहरु शीर्षकमा जीवन बीमा कोष व्यवस्थाबापत रु.८ करोड ४७ लाख ७८ हजारको व्यवस्था अघिल्लो वर्षबाट जिम्मेवारी सार्दै ल्याएको छ। अघिल्लो वर्षहरु देखि नै जीवन बीमा कोष व्यवस्थाको उपयोग भएको नदेखिएको हुँदा सो जीवन बीमा कोष व्यवस्थाको औचित्य पुष्टि गरी आवश्यकताअनुसार समायोजन गर्नुपर्दछ।

७. **पुँजीगत कार्य प्रगतीः** निर्माणाधिन सम्पत्तिअन्तर्गत यस वर्ष काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट रु.३९ करोड ६० लाख २० हजार र बोर्डबाट रु.७ करोड २५ लाख ९५ हजार थप रकम समावेश गरिएको छ। बोर्डले निर्माणाधिन सम्पत्तिबाट जायजेथा, प्लान्ट तथा उपकरण शीर्षकमा कार्य सम्पन्न भएको विवरणअनुसार यस वर्ष रु.३९ करोड ९५ हजार रकम पुँजीकृत गरेको छ। बोर्डले आयोजना कार्यान्वयन निर्देशनालयलाई २०८१ आषाढ मसान्तसम्म रु.२७ अर्ब ४३ करोड ५३ लाख ३ हजार पेस्की भुक्तानी गरेको भएता पनि चालु वर्षमा पुँजीकरण गर्नुपर्ने कार्य प्रगतिअन्तर्गत कुनै पनि रकम लेखाङ्कन गरेको पाइएन। बोर्डले आयोजना कार्यान्वयन निर्देशनालयबाट अनिवार्य रुपमा कार्य प्रगति र निर्माण सम्पन्नको वार्षिक विवरण प्रमाणीकरण गरी पुँजीगत कार्य प्रगति लेखाङ्कन गर्नुपर्ने देखिन्छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडमार्फत् गरिएका पुँजीगत तथा आयगत खर्चका कानुनी प्रक्रियासँग सम्बन्धित कानूनी निर्णयका कागजात तथा संस्थाका वित्तीय विवरण प्राप्त नभएको कारण लेखाङ्कन गरिएको रकमको यथार्थ बारे यकिन गर्न सकिएन।

८. **आयोजना कार्यान्वयन निर्देशनालय (PID) पेस्कीः** आयोजना कार्यान्वयन निर्देशनालय (PID) लाई बोर्डले २०८१ आषाढ मसान्तसम्म रु.२७ अर्ब ४३ करोड ५३ लाख ३ हजार पेस्की भुक्तानी गरेको छ। आयोजना कार्यान्वयन निर्देशनालयलाई

उपलब्ध गराएको पेस्की रकममा ब्याज प्रगति भुक्तानी रु.४ अर्ब ९७ करोड ३१ लाख ३१ हजारअन्तर्गत Qualifying Assets का लागि प्राप्त गरेको ऋणको ब्याज पुँजीकृत गरेका देखिन्छ। उक्त पेस्की शीर्षकअन्तर्गत निर्माण सम्पन्न आयोजना र खर्च भएको विवरणहरु कम्तीमा वार्षिक रुपमा विस्तृत विवरण प्राप्त गरी निर्माण सम्पन्न भई सकेका आयोजना खर्चहरुलाई स्थिर सम्पत्तिमा लेखाङ्कन गरी पेस्की फछ्यौंट नगरेको साथै सम्पन्न नभई सकेका कार्य प्रगतिमा रहेका आयोजनाहरुको समेत सम्पन्न प्रतिशत यकिन तथा सम्बन्धित पुँजीगत कार्य प्रगति शीर्षकमा हिसाब मिलान गरेको देखिएन। साथै, निर्देशनालयलाई हालसम्म भुक्तानी भएको लिनुपर्ने भनी प्रस्तुत गरिएको पेस्की रकमको मौज्दात समर्थन पत्रसमेत प्राप्त गरेको पाइएन।

९. **आसामीः** यस आर्थिक वर्षको अन्त्यसम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा गरिएको ऋण लगानीमा कुल पाउनुपर्ने ब्याज रु.२० करोड ३३ लाख ५२ हजार लेखाङ्कन भएको छ तर सो रकममध्ये यस अवधिमा उक्त कम्पनीबाट कुनै ब्याज रकम भुक्तानी प्राप्त भएको छैन। अन्य उठाउनुपर्ने रकम रु.३ अर्ब ३२ करोड ७८ लाख २३ हजारमध्ये कम्पनीबाट प्राप्त हुनुपर्ने अनुमति दस्तुरबापत रु.४ करोड २८ लाख ५९ हजार, लिज फि पार्ट ए बापत रु.४९ करोड ४० लाख ४४ हजार र लिज फि पार्ट बी बापत रु.३ अर्ब ३२ करोड ४९ लाख ५९ हजार असुल हुन बाँकी देखिन्छ। साथै, जनसहभागिता आम्दानीअन्तर्गत रु.४६ लाख ३१ हजार र जीवन बीमा कोषबापत रु.१ करोड ६० लाख २० हजार असुल गर्नुपर्ने आसामी मौज्दात विगत वर्षहरु देखि सारेको देखिन्छ र सो अन्य उठाउनुपर्ने रकममध्ये अनुमति दस्तुरबाहेक अधिकांश आसामीबाट यस वर्ष पनि कुनै रकम असुली नभएको हुँदा आयुगत विवरणको अध्ययन तथा विश्लेषण गरी उक्त रकमहरु यकिन गरी असुली गर्नुपर्दछ।

१०. **लिज फि आम्दानी तथा सम्पत्तिः** काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडबीच भएको सम्पत्ति लिजको सम्झौताको अनुसूची ७.१(क) अनुसार बोर्डले काठमाडौं उपत्यका खानेपानी लिमिटेडले खानेपानी वितरण गरेर उठाएको महसुलमध्येको अघिलो त्रैमासिकको ४ प्रतिशत बोर्डलाई फि स्वरुप हस्तान्तरण गर्नुपर्ने र भुक्तानी गर्न ढिलाई भएमा सरकारको तीन महिने ट्रेजरी बिलमा थप ५ प्रतिशत जरिवाना लाग्ने उल्लेख गरिएको तर बोर्डले उक्त लिज फि आम्दानी लिज सम्झौताबमोजिम त्रैमासिक रुपमा लेखाङ्कन गरेको पाइएन। साथै, पाउनुपर्ने आम्दानी दस्तुर समयमा प्राप्त नहुँदा समेत बोर्डले जरिवानाको हिसाब गरेको देखिएन। साथै, बोर्डको वित्तीय विवरणबमोजिम लिज लाग्ने सम्पत्ति रु.१६ अर्ब ११ करोड १७ लाख २ हजार प्रस्तुत गरेको देखिन्छ तर काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त विवरण पत्रअनुसार लिज लाग्ने सम्पत्ति रु.७ अर्ब ५२ करोड ६९ लाख ७२ हजार उल्लेख गरेको भएता पनि सो रकम फरक हुनुको कारण पत्ता लगाई हिसाब मिलान गरेको देखिएन।

११. **वक्यौता थप आम्दानीः** अन्य आम्दानी रु.३ करोड ३४ लाख ९७ लाखअन्तर्गत वक्यौता थप रु.२ करोड ५६ लाख ६ हजार समावेश गरेको देखिन्छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त हिसाब विवरणअनुसारको रकमलाई यसरी वक्यौता थप रकम प्रस्तुत गरेको छ। उक्त कम्पनीले उपत्यकाको विभिन्न शाखा/काउण्टरबाट संकलन गरेको वक्यौता रकम बोर्डलाई प्राप्त भएको र प्राप्त हुन बाँकीको तथ्यगत विस्तृत विवरण र येथेष्ठ प्रमाण बिना हिसाब मिलान गरेको उपयुक्त देखिएन।

१२. **अग्रीम कर कट्टी र आय विवरण सम्बन्धमाः** नेपाल सरकारको २०६३ मसिंर ८ गते जारी गरेको खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ अन्तर्गत काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड एक स्वायत्त संस्थाको रुपमा अन्तर्गत स्थापना भई आएको संस्था हो। बोर्ड आयकर ऐन, २०५८ बमोजिम २०७८ चैत्र महिनामा दर्ता भएको देखिन्छ। बोर्डले हालसम्म कर छुटको प्रमाणपत्र प्राप्त गरेको छैन। साथै, बोर्डले हालसम्म कुनै पनि आय वर्षको आय विवरणसमेत दाखिला गरेको देखिँदैन। आयकर ऐन, २०५८ बमोजिम बोर्डले प्रत्येक आर्थिक वर्षको आय विवरण दाखिला गर्नुपर्ने देखिन्छ। साथै, बोर्डले हालसम्म बैङ्कहरुले ब्याज आम्दानीमा गरेको अग्रिम कर कट्टी रकम फिर्ता दावी नगरी सो करको शत प्रतिशत रकम अनुमानित नोक्सानी व्यवस्था गरेको देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षकअन्तर्गत उल्लेख गरिएको छ। बोर्डको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)**

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले तल वर्णन गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरीक्षणसम्बन्धी मुख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं।

| लेखापरीक्षणका प्रमुख विषयहरु | लेखापरीक्षकको प्रतिक्रया |
|---|---|
| १. **व्यवस्थित लेखा प्रणालीको अभावः**<br>बोर्डको लेखा प्रणाली पूर्ण रूपमा म्यानुअल रूपमा सञ्चालन भइरहेको छ, जसका कारण लेखा हिसाब किताब व्यवस्थित रूपमा राखिएको छैन। कुनै पनि डिजिटल वा कम्प्युटर प्रणाली अवलम्बन नगरिएकाले वित्तीय विवरण तथा आर्थिक कारोबार सम्बन्धी तथ्याङ्कहरू यथार्थपरक र सुव्यवस्थित रूपमा उपलब्ध छैनन्। यसले वित्तीय अभिलेखहरूको विश्लेषण, पारदर्शिता तथा लेखापरीक्षण प्रक्रियामा चुनौती उत्पन्न गरेको छ। यस कारण, वित्तीय विवरणहरूको पूर्णता, शुद्धता तथा प्रमाणीकतामा जोखिम विद्यमान रहेको छ। वित्तीय कारोबारहरूको पर्याप्त विवरण अभावका कारण, प्रत्येक आर्थिक गतिविधिको सही परीक्षण गर्न कठिनाई रहेको देखिन्छ। | यसबाट लेखापरीक्षणको जोखिम न्यूनीकरण गर्न लेखापरीक्षण प्रक्रियामा निम्न उपायहरू अवलम्बन गरिएको छः<br>• प्रत्येक आर्थिक कारोबारको sampling अनुसार भौचर जाँच गर्दै तथ्यहरूको परीक्षण।<br>• अघिल्लो वर्षका वित्तीय विवरणहरूसँग हालको वर्षको कारोबार तुलना गरी वित्तीय प्रवृत्तिको मूल्याङ्कन।<br>• हाल विद्यमान आर्थिक वर्षको वित्तीय कारोबारबाट लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्षको सम्बन्धित कारोबारको पहिचान गर्दै पारदर्शिता सुनिश्चित गर्ने प्रयास।<br>• महत्वपूर्ण वित्तीय अभिलेखहरू, रसिद तथा बिल भर्पाईहरूको कागजातीकरण (Documentation) निरीक्षण गरी वित्तीय व्यवस्थापन यथेष्ठ भए नभएको यकिन गर्ने।<br>• यसरी, यथासम्भव विवरण सङ्कलन, वित्तीय कारोबारको विश्लेषण तथा अघिल्लो वर्षका तथ्याङ्कहरूसँग तुलना गरी लेखापरीक्षणमा हुने जोखिम न्यूनीकरण गरिएको छ। तर, लेखा प्रणाली व्यवस्थित बनाउन डिजिटल प्रणालीको अबिलम्ब अवलम्बन तथा यथेष्ठ हिसाबको कागजातीकरण सहित विस्तृत विवरण राख्ने प्रबन्ध गर्नुपर्ने देखिन्छ। |

**नेपाल वित्तीय प्रतिवेदनमानको पालनाः** बोर्डले नेपाल वित्तीय प्रतिवेदनमान Nepal Financial Reporting Standards, NFRS बमोजिम नेपाल लेखामान १८ "Revenue", नेपाल लेखामान २० "Accounting for Government Grant and Disclosures of Government Assistance", नेपाल लेखामान ३८ "Impairment of Assets", नेपाल लेखामान २३ "Borrowing Cost" र नेपाल लेखामान ३७ "Provision, Contingent Liabilities and Contingent Assets" का व्यवस्थाहरु पालना गरेको छैन। साथै, उल्लेखित नेपाल वित्तीय प्रतिवेदनमान पालना नगरेको कारणबाट वित्तीय विवरणमा परेको असर सम्बन्धमा हामीले राय व्यक्त गर्न असमर्थ छौं।

### वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, बोर्डलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।
२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।
३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।
५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य बिषयहरू

जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८२।१२।१९ मा पठाइएको छ।**

# नेपाल खानेपानी संस्थान (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले नेपाल खानेपानी संस्थान (यसपछि संस्थान समेत भनिएको) को यसै प्रतिवेदनसाथ संलग्न २०८१ असार मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, ईक्विटिमा भएको परिवर्तनसम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका विषयहरुले पार्ने असरबाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८१ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको अवस्था नेपाल वित्तीय प्रतिवेदनमानअनुसार यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुः

**१. स्थिर सम्पत्ति, संयन्त्र र उपकरणः**

**१.१. स्थिर सम्पत्तिको प्रारम्भिक मौज्दातः** संस्थानले नेपाल वित्तीय प्रतिवेदनमानको पहिलो पटक अवलम्बन गर्दा एन.एफ.आर.एस -१ को अनुसूची D को बुँदा D5 अनुसार तोकिएको संक्रमण २०७८।४।१ मा स्थिर सम्पत्तिहरूलाई उचित मूल्य (Fair Value) लाई मानिएको लागत (Deemed Cost) को रूपमा मापन गर्नुपर्ने व्यवस्था रहेको छ। तर, संस्थानले उक्त मितिको उचित मूल्य तय गर्नुको सट्टा चार वर्ष पुरानो २०७४।३।३१ को मूल्याङ्कनलाई आधार मानी प्रारम्भिक मौज्दात निर्धारण गरेको देखिन्छ। यसरी असान्दर्भिक मितिको मूल्याङ्कन प्रयोग गरिएकाले नेपाल लेखापरीक्षणमान ५१० (NSA 510) बमोजिम यस आर्थिक वर्षको स्थिर सम्पत्तिको प्रारम्भिक मौज्दातको सत्यता तथा उपयुक्तता यकिन गर्न सकिने अवस्था रहेन। फलस्वरुप, अघिल्लो वर्षबाट वहन भई आएको मौज्दातको असरका कारण चालु वर्षको वासलातमा देखाइएको स्थिर सम्पत्तिको अङ्क तथा नाफा/नोक्सान हिसाबमा समावेश गरिएको ह्रास खर्च (Depreciation) को यथार्थता पुष्टि हुन सकेन। यो विषय अघिल्लो वर्षको परिमार्जित लेखापरीक्षण रायको आधार रहेको र यसको असर चालु वर्षसम्म निरन्तर रहेको देखिन्छ।

**१.२. स्थिर सम्पत्ति अभिलेख र भौतिक परीक्षणः** संस्थानको आर्थिक विनियमावलीको दफा १५(१)को व्यवस्थाबमोजिम अचल सम्पत्तिको विवरण, खरिद भएको मिति, खरिद मूल्य, अचल सम्पत्ति भएको स्थान आदि प्रष्ट खुल्ने गरी सम्पत्ति रजिष्टर (Fixed Asset Register) राख्नुपर्ने व्यवस्था रहेको छ। साथै, नेपाल लेखामान १६ को अनुच्छेद ७१ ले स्थिर सम्पत्तिको प्रत्येक वर्गको कुल लागत, सञ्चित ह्रास कट्टी र वर्षभरिको थपघटको मिलान (Reconciliation) सहितको विस्तृत विवरण खुलाउनुपर्ने अनिवार्य व्यवस्था गरेको छ।

तर, संस्थानले उपरोक्त व्यवस्थाबमोजिमका विवरणहरू उल्लेख गरी स्थिर सम्पत्ति अभिलेख (FAR) अद्यावधिक गरेको पाइएन। साथै, व्यवस्थापनले सम्पत्तिहरूको आवधिक भौतिक परीक्षण (Physical Verification) गरी मौजुदा अभिलेखसँग मिलान गर्ने परिपाटीसमेत नबसालेका कारण नेपाल लेखापरीक्षण मान ५०० (NSA 500) बमोजिम वासलातमा प्रस्तुत स्थिर सम्पत्तिहरूको भौतिक अस्तित्व (Existence) र पूर्णता (Completeness) का सम्बन्धमा हामीले पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौं। फलस्वरुप, वित्तीय विवरणमा उल्लेखित स्थिर सम्पत्तिको यथार्थतामा हामी आश्वस्त हुन सकेनौं।

१.३. **सम्पत्तिको अपलेखनः** विभिन्न आयोजना र सडक विस्तारका क्रममा संस्थानका पुराना संरचनाहरू (पाइपलाइन, ढल आदि) नष्ट वा विस्थापित भएको अवस्था छ। यद्यपि, व्यवस्थापनले "त्यस्ता सम्पत्तिहरू धेरै पुराना भएकोले तिनीहरूको (Carrying amount) नगण्य (Negligible) रहेको" दाबी गर्दै आएको छ। तर, सो दाबीलाई पुष्टि गर्ने स्थिर सम्पत्ति अभिलेख (Fixed Asset Register), खरिद मिति, वा ऐतिहासिक लागतको विवरण व्यवस्थापनसँग उपलब्ध छैन।

नेपाल लेखामान १६ को अनुच्छेद ५१ अनुसार पूर्ण ह्रास कट्टी भइसकेका सम्पत्तिहरू यदि अझै प्रयोगमा वा अस्तित्वमा छन् भने तिनीहरूको उपयोगी आयु (Useful Life) को पुनरावलोकन गरी लेखाङ्कन गरिनुपर्छ। साथै, यदि ती सम्पत्तिहरू अस्तित्वमा छैनन् भने सोही लेखामानको अनुच्छेद (Paragraph) ६७ बमोजिम अनिवार्य रूपमा अपलेखन (De-recognition) गरिनुपर्छ। बिना आधार 'मूल्य नगण्य छ' भनी व्यवस्थापनले गरेको अनुमानले सम्पत्तिको वास्तविक स्थितिलाई स्पष्ट नगरेकाले वित्तीय विवरणमा सम्पत्तिको न्यून वा अधिक मूल्याङ्कन (Under/Overstatement) भएको जोखिम विद्यमान देखिन्छ।

१.४. **ह्रास कट्टी र घटी लेखाङ्कनः** वित्तीय विवरणअनुसार, स्थिर सम्पत्तिको मौज्दात (opening balance) रु.१० अर्ब १ करोड ६ लाखबाट वृद्धि भई आर्थिक वर्षको अन्त्यमा रु.१५ अर्ब ५७ करोड १३ लाख पुगेको देखिन्छ। यसरी करिब रु.५ अर्ब ५६ करोड बराबरको थप सम्पत्तिहरू (Additions) पुँजीकरण गरिएको भएता पनि सोमा ह्रास कट्टी गणना गरिएको छैन। संस्थानले चालु आर्थिक वर्षमा थपिएका वा पुँजीकरण गरिएका सम्पत्तिहरूमा सोही वर्ष ह्रास कट्टी नगर्ने र आगामी आर्थिक वर्षदेखि मात्र गणना गर्ने नीति अवलम्बन गरेको देखिन्छ। तर, नेपाल लेखामान १६ को अनुच्छेद ५५ बमोजिम कुनै सम्पत्ति 'प्रयोगयोग्य अवस्था' (Available for use) मा आएको मितिदेखि नै ह्रास कट्टी गणना सुरु गर्नुपर्ने अनिवार्य व्यवस्था छ, जसको पालना भएको देखिएन।

साथै, संस्थानले स्थिर सम्पत्तिहरूको उपयोगी आयु (Useful Life) को पुनरावलोकन नगरी तदर्थ आधारमा ह्रास कट्टी गर्ने नीति अवलम्बन गरेको छ भने ठूला पूर्वाधार तथा प्लान्टहरूको हकमा नेपाल लेखामान १६ को अनुच्छेद ४३ बमोजिम छुट्टै ह्रासकट्टी गरिएको छैन। थपिएका सम्पत्तिहरू कुन मितिदेखि प्रयोगयोग्य अवस्थामा आएका हुन् भन्ने यथोचित विवरणको अभाव र घटी, ह्रास कट्टी नगरिँदा वित्तीय विवरणमा परेको वास्तविक आर्थिक असर यसै हो भनी परिमाणन (Quantification) गर्न सकिने आधार भएन। यद्यपि, लेखामान विपरित ह्रास कट्टी गणना गरिएकाले चालु वर्षको नाफा/नोक्सान हिसाबमा ह्रास खर्च (Depreciation Expense) न्यून (Understated) देखिएको छ भने वासलातमा स्थिर सम्पत्तिको वहन मूल्य (Carrying Amount) र नाफा बढी (Overstated) देखिएको छ।

१.५. **स्वामित्वविहीन जग्गाको लेखाङ्कन र मापनः** संस्थानले कानूनी स्वामित्व (लालपुर्जा) प्राप्त नभएका तर भोगचलनमा मात्र रहेका १ लाख ८१ हजार २२३ दशमलव ८२ वर्ग मिटर क्षेत्रफलका जग्गाहरूलाई करिब रु.२ अर्ब ८५ करोड बराबरको सम्पत्ति मानी लेखाङ्कन गरेको छ। नेपाल वित्तीय प्रतिवेदनमान १३ अनुसार सम्पत्तिको उचित मूल्य (Fair Value) निर्धारण गर्दा सम्पत्तिको 'निकास मूल्य' (Exit Price) र बजारमा 'हस्तान्तरण योग्यता' (Transferability) लाई प्रमुख आधार मान्नुपर्दछ।

तथापि, कानूनी रूपमा हस्तान्तरण गर्न नमिल्ने र स्वामित्वमा अस्पष्टता रहेका उक्त जग्गाहरूलाई समेत बजारका अब्बल (Prime) जग्गा सरह मूल्याङ्कन गरिएको देखिन्छ। सम्पत्तिको कानूनी बन्देज र बजार अवरोधलाई बेवास्ता गरी विगतमा गरिएको यो मूल्याङ्कन विधि र सोही आधारमा सारिएको प्रारम्भिक मौज्दात (Opening Balance) को यथार्थता पुष्टि हुन सकेन। तसर्थ, यसबाट स्थिर सम्पत्ति र 'फेयर भ्यालु रिजर्भ' को अङ्कमा पर्न गएको परिमाणात्मक असर (Quantitative Impact) यकिन गर्न सकिने अवस्था रहेन।

संस्थानले आफ्नो स्वामित्वमा रहेको वा नरहेको र भोगचलन गर्दै आइरहेको घर जग्गामध्ये प्रधान कार्यालय (Head Office) लगायत जनकपुर, भद्रपुर, पोखरा, कृष्णनगर, बहादुरगञ्ज, मलंगवा, हेम्जा र वीरगञ्ज जस्ता केही शाखाहरूमा लालपुर्जा लिन बाँकी रहेको र साथै भोगाधिकार कागजातहरू, नक्सा, फिल्ड उतार, वास्तविक क्षेत्रफलसमेत उल्लेख गरिएका कागजातहरू सङ्कलन तथा सुरक्षित राखी अद्यावधिक गर्न बाँकी रहेको अवस्था छ। विगत वर्षहरू देखि लगातार लेखापरीक्षणमा उल्लेख गरिएता पनि स्थिर सम्पत्तिको पुँजीकरण गर्दा शीर्षक उपशीर्षकगत सम्पूर्ण व्यहोरासहितको विवरण तयार गरी कार्य सम्पन्नता तथा यथार्थ स्थिति समिक्षा गरी पुँजीकरण गरिएको पाइएन।

१.६. **स्थिर सम्पत्तिको क्षयीकरणः** संस्थानको वित्तीय विवरणमा देखाइएको खुद स्थिर सम्पत्ति (Net PPE) रु.१५ अर्ब ७७ करोड १३ लाख ७२ हजारको तुलनामा यस वर्षको कुल कारोबार (Turnover) रु.८१ करोड १ लाख ३४ हजार मात्र रहेको छ। स्थिर सम्पत्ति र कारोबारको अनुपात (Fixed Asset Turnover Ratio) करीब ०.०५१ गुणा मात्र रहनुले सम्पत्तिको प्रयोगबाट प्राप्त हुने आर्थिक लाभ लगानीको तुलनामा अत्यन्त न्यून रहेको देखिन्छ। NAS ३६ को अनुच्छेद १५(b) अनुसार सम्पत्तिबाट प्राप्त हुने वास्तविक नगद प्रवाह वा सञ्चालन मुनाफा बजेट गरिएको वा अपेक्षितभन्दा निकै कम हुनु क्षयीकरणको आन्तरिक सङ्केत (Internal Indicator) हो।

यस्तो अवस्थामा, NAS ३६ को अनुच्छेद ९ बमोजिम यदि क्षयीकरणको कुनै सङ्केत विद्यमान छ भने व्यवस्थापनले अनिवार्य रूपमा सम्पत्तिको 'असुलउपर हुन सक्ने रकम' (Recoverable Amount) को अनुमान गरी क्षयीकरण परीक्षण (Impairment Testing) गर्नुपर्ने व्यवस्था छ। तर, संस्थानले मुख्य स्थिर सम्पत्तिहरूको 'Cash Generating Units' (CGUs) पहिचान गरी सोको विस्तृत क्षयीकरण परीक्षण गरेको पर्याप्त आधार तथा प्रमाण पेश गर्न सकेन।

वित्तीय विवरणमा समावेश भएको क्षयीकरण खर्च (Impairment Loss) केवल व्यापारिक आसामी (Trade Receivables) तर्फ रु.८५ लाख ६६ हजार र निर्माणाधीन आयोजना (Capital WIP) तर्फ् रु.१ करोड ९ लाख ७७ हजार गरी कुल रु.१ करोड ९५ लाख ४३ हजारसँग मात्र सम्बन्धित रहेको देखिन्छ। संस्थानको अर्बौंको मुख्य स्थिर सम्पत्ति (PPE) को विस्तृत क्षयीकरण परीक्षण नगरिएकाले सम्पत्तिको वही मूल्य (Carrying Amount) भन्दा असुलीयोग्य मूल्य (Recoverable Amount) कम हुन सक्ने जोखिम र त्यसले संस्थानको नाफा/नोक्सान तथा सम्पत्तिको मूल्यमा पार्ने वास्तविक प्रभाव यकिन (Quantify) गर्न सकिने आधार उपलब्ध रहेन।

२. **निर्माणाधिन सम्पत्तिः** संस्थानको वासलातमा 'निर्माणाधिन सम्पत्ति' (Capital Work in Progress) शीर्षकअन्तर्गत कुल रु.१ अर्ब ७७ करोड २८ लाख ५१ हजार मौज्दात देखाइएको छ। उक्त मौज्दातमध्ये देहायबमोजिमका आयोजनाहरूमा २०७७।७८ देखि हालसम्म कुनै पनि भौतिक तथा वित्तीय प्रगति भएको छैन र लागत रकम स्थिर (Stagnant) रहेको छः

१. हेम्जा खानेपानी आयोजना, पोखराः रु.२ करोड ४२ लाख ५१ हजार
२. बुटवल खानेपानी सुधार आयोजनाः रु.१५ करोड ८१ लाख ६५ हजार
३. पोखरा खानेपानी सुधार कार्यः रु.४ करोड १६ लाख ६१ हजार
४. ट्रसब्रिज निर्माणः रु.६३ लाख ३३ हजार

उल्लिखित आयोजनाहरू लामो समयदेखि स्थिर रहनुले ती सम्पत्तिहरू निर्माण सम्पन्न भई प्रयोगमा आइसकेको वा भविष्यमा आर्थिक लाभ नदिने गरी रद्द (Abandoned) भएको सङ्केत गर्दछ। तथापि, व्यवस्थापनबाट उक्त आयोजनाहरूको वर्तमान भौतिक अवस्था (Physical Status) र सम्पन्न हुने/भए नभएको यकिन विवरण उपलब्ध नभएको हुँदा, वित्तीय विवरणमा देखाइएको सो रकमले सम्पत्तिको यथार्थ चित्रण गरेको छ भन्नेमा हामी विश्वस्त हुन सकेनौं।

## ३. जिन्सी मौज्दात

**३.१. जिन्सी मौज्दातको मूल्याङ्कनः** संस्थानले जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा नेपाल लेखामान-२ को अनुच्छेद ९ को व्यवस्थाबमोजिम 'लागत वा खुद प्राप्य मूल्य (Net Realizable Value - NRV) मध्ये जुन कम हुन्छ' सोमा मूल्याङ्कन गर्ने खुलासा गरेता पनि व्यवहारमा खुद प्राप्य मूल्य (NRV) पहिचान गर्न कुनै अभ्यास गरेको पाइएन। शङ्कास्पद जिन्सी व्यवस्थाको लागि संस्थानको स्पष्ट नीति रहेको छैन। संस्थानले विगत आर्थिक वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको शङ्कास्पद जिन्सी रकम रु.११ लाख ६९ हजार रहेको छ। संस्थानकै अन्तर शाखाको जिन्सी हिसाब समायोजनको लागि केन्द्रको हिसाबमा शङ्कास्पद व्यवस्था गर्नु सामान्य लेखा सिद्धान्त विपरीत रहेबाट प्रस्तुत रकमले यथार्थ चित्रण गरेको छैन।

**३.२. मार्गस्थ जिन्सीको अस्तित्वः** वित्तीय विवरणमा २०७७।७८ देखि नै 'मार्गस्थ जिन्सी' (Goods in Transit) को रूपमा देखाइएको जनकपुरबाट राजविराज पठाइएको रु.४६ हजार, प्रधान कार्यालयको रु.४ हजार र धनगढी शाखाको रु.१ लाख १७ हजार गरी जम्मा रु.१ लाख ६६ हजार बराबरको मौज्दात हालसम्म पनि मिलान भएको छैन। लामो समयसम्म सामान प्राप्त भएको प्रमाण वा सोको भौतिक अस्तित्व यकिन हुन नसकेकोले, उक्त सम्पत्तिको अस्तित्वमा नै शङ्का उत्पन्न भएको छ र यसबापत कुनै नोक्सानी व्यवस्था (Impairment loss) गरिएको छैन। यसमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ।

## ४. व्यापारिक आसामी (उठ्न बाँकी रकम)

**४.१. शङ्कास्पद आसामी व्यवस्था (क्षयीकरण व्यवस्था):** नेपाल वित्तीय प्रतिवेदनमान ९ को अनुच्छेद ५.५.१५ ले व्यापारिक आसामी (Trade Receivables) को हकमा अनिवार्य रूपमा (Lifetime Expected Credit Losses) को व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ। सो नोक्सानीको मापन (Measurement) गर्दा अनुच्छेद ५.५.१७ बमोजिम निम्न विषयलाई आधार मान्नुपर्ने व्यवस्था छ।

(क) निष्पक्ष र सम्भाव्यतामा आधारित (Unbiased and Probability-weighted) अङ्क,
(ख) मुद्राको समय सापेक्ष मूल्य (Time value of money) र
(ग) विगतका घटनाहरू, वर्तमान अवस्था तथा भविष्यको आर्थिक प्रक्षेपण।

तर, संस्थानले उल्लेखित लेखामानको व्यवस्था विपरीत कुनै वस्तुगत आधार र आयु विश्लेषण (Ageing Analysis) विना नै तदर्थ (Ad-hoc) रूपमा २०८१ आषाढ मसान्तमा कायम कुल व्यापारिक आसामी रु.९७ करोड १३ लाख ४३ हजारको १० प्रतिशतका दरले रु.९ करोड ७१ लाख ३४ हजार मात्र शङ्कास्पद आसामी व्यवस्था (Provision for Doubtful Debts) गरेको देखिन्छ।

संस्थानले अनुच्छेद ५.५.१७ ले निर्दिष्ट गरेबमोजिम अपेक्षित कर्जा नोक्सानी (ECL) को मापन नगरेकाले वित्तीय विवरणमा प्रस्तुत आसामीको अङ्क यथार्थपरक देखिएको छैन। यसरी लेखामानबमोजिमको विधि प्रयोग नभएको हुँदा नाफा/नोक्सान र सम्पत्तिको मूल्यमा पर्न गएको वास्तविक वित्तीय असर (Quantification) गर्न सकिने वस्तुगत आधार उपलब्ध रहेन।

## ५. नगद तथा नगद सरहको मौज्दात

क. विगत वर्षदेखि "उपत्यकाभित्रका बैङ्क खाता रकम" मा रु.३० लाख १८ हजार जिम्मेवारी सार्दै ल्याएकोमा सोको आवश्यक प्रमाण र कागजातहरू उपलब्ध हुन सकेन। विगत आर्थिक वर्षदेखि संस्थानको वित्तीय विवरणमा ऋणात्मक मार्गस्थ नगद रु.८५ हजारदेखि रहेको छ, जस बारे संस्थानबाट केही स्पष्टिकरण नआएकाले नगद मौज्दात यथार्थ परक रहेको यकिन गर्न सकिएन।

ख. यस आर्थिक वर्षको आषाढ मसान्तमा संस्थानको राजविराज शाखाको नगद मौज्दात रु.२८ हजार ऋणात्मक देखिएको छ। गत आर्थिक वर्षमा समेत उक्त शाखाको नगद मौज्दात रु.८ हजार ऋणात्मक रहेकोमा यस वर्ष सुधार हुनुको साटो उक्त ऋणात्मक रकम अझ वृद्धि भएको देखिन्छ। सर्वमान्य स्वीकार्य लेखा सिद्धान्तअनुसार नगद मौज्दात कहिल्यै ऋणात्मक हुनु हुँदैन। तसर्थ, सो मौज्दात के कारणले ऋणात्मक भएको हो र सो मौज्दात यथार्थ परक रहेको भन्ने विषय यकिन हुन सकेन।

## ६. कर

### ६.१. चालु कर/स्थगन कर

**६.१.१. करयोग्य नाफा/नोक्सान र लेखासम्बन्धी नाफा/नोक्सानको मिलान (Reconciliation):** संस्थानको वित्तीय विवरणमा लेखा सम्बन्धी नोक्सानी (Accounting Loss) देखिएता पनि कर प्रयोजनको लागि आयकर ऐन, २०५८ अनुसारको करयोग्य आय/नोक्सान (Taxable Income/Loss) को गणना गरिएको छैन। वित्तीय विवरणमा खर्च दाबी गरिएका तर कर ऐनले मान्यता नदिने खर्चहरु (Inadmissible Expenses) जस्तैः ह्रास कट्टीको फरक, उपदान तथा बिदा खर्चको व्यवस्था (Provision), शङ्कास्पद आसामी व्यवस्था र अन्य असम्बन्धित खर्चहरु करयोग्य आय गणना गर्दा फिर्ता (Add-back) गर्नुपर्ने हुन्छ। संस्थानले यस्तो 'Reconciliation of Accounting Profit to Taxable Profit' तयार नगरेको हुँदा, वित्तीय विवरणमा नोक्सानी देखिएता पनि करयोग्य आय धनात्मक (Positive) भई आयकर दायित्व (Current Tax Liability) सिर्जना हुन सक्ने उच्च सम्भावना रहन्छ। करयोग्य आयको गणना नै नगरी आयकर दायित्व शून्य देखाउनु त्रुटिपूर्ण छ।

**६.१.२. स्थगन करः** वित्तीय विवरणको टिप्पणी नं. ३.१०.२ मा 'संस्थान विगत देखि नोक्सानीमा रहेको र भविष्यमा पनि नाफा हुने सम्भावना नदेखिएकोले स्थगन कर गणना नगरिएको' व्यहोरा उल्लेख छ। व्यवस्थापनको यो तर्क नेपाल लेखामान-१२ को अनुच्छेद १५ र २४ सँग पूर्णरूपमा मेल खाँदैन। लेखामानको अनुच्छेद २४ र ३४ बमोजिम भविष्यमा करयोग्य आय नहुने अवस्थामा 'स्थगन कर सम्पत्ति' (Deferred Tax Asset) पहिचान नगर्न सकिने प्रावधान भएता पनि, अनुच्छेद १५ अनुसार सम्पत्ति तथा दायित्वको कर आधार (Tax Base) र लेखा आधार (Accounting Base) बीचको फरकबाट सिर्जना हुने 'स्थगन कर दायित्व' (Deferred Tax Liability) को हकमा यस्तो छुट उपलब्ध छैन। विशेष गरी स्थिर सम्पत्तिको ह्रास कट्टी दरमा हुने भिन्नताका कारण सिर्जना हुने करयोग्य अस्थायी भिन्नता (Taxable Temporary Difference) मा अनिवार्य रूपमा स्थगन कर दायित्व सिर्जना गर्नुपर्ने हुन्छ।

तसर्थ, आयकर ऐनअनुसारको कर दायित्व यकिन नगरी तथा लेखामानअनुसारको अस्थायी भिन्नता (Temporary Difference) को गणना नगरी केवल नोक्सानीमा रहेको कारण देखाई कर र स्थगन करको लेखाङ्कन नगर्दा संस्थानको दायित्व र नोक्सानी यथार्थपरक देखिएको छैन। व्यवस्थापनले सम्पत्ति र दायित्वको कर आधार (Tax Base) र लेखा आधार (Accounting Base) को विस्तृत तुलनात्मक तालिका तयार नगरेकाले यसबाट वित्तीय विवरणमा परेको वास्तविक वित्तीय असर परिमाणन (Quantify) गर्न सकिने वस्तुगत आधार उपलब्ध रहेन।

**६.२. आयकर वक्यौताः** संस्थानले वित्तीय विवरणमा रु.४३ करोड ६ लाख ४ हजार खुद नोक्सानी देखाएको परिप्रेक्ष्यमा, 'चालु सम्पत्ति' अन्तर्गत देखाइएको 'आयकर वक्यौता' रु.१ लाख ८० हजार आगामी एक वर्षभित्र कर दायित्वसँग मिलान (Set-off) हुने ठोस आधार देखिँदैन। माथि बुँदा नं. ६.१.१ बमोजिम करयोग्य आयको गणनासमेत नभएको अवस्थामा, १२ महिनाभित्रै यति ठूलो रकम दायित्वसँग घटाई बाँकी रकम फिर्ता हुने वा समायोजन (Adjustment) हुने सुनिश्चितता बिना यसलाई 'चालु सम्पत्ति' मा राख्दा नेपाल लेखामान १ को अनुच्छेद ६६ को अनुपालन भएको मान्न सकिदैन।

संस्थानको हिसाबमा चालु सम्पत्ति शीर्षकअन्तर्गत अग्रिम आयकर शीर्षकमा रु.१८ करोड २ लाख ४७ हजार देखाएको मध्ये यस वर्षको मात्रै रु.२ करोड ६७ लाख ८७ हजार अग्रिम आयकर कट्टी भएता पनि संस्थाको आन्तरिक राजस्व कार्यालयबाट प्राप्त अनुसूची १० को विवरणअनुसार २०८०।८१ को अग्रिम आयकर मात्र रु.२ करोड १२ लाख २ हजार दाखिला भएको देखिन्छ र बाँकी रकमलाई पुष्टि गर्ने कर दाखिला रसिद तथा प्रमाणहरू केही पनि उपलब्ध नभएकोले सो रकम संस्थानले तिर्नुपर्ने आयकर दायित्वमा मिलान गर्न सकिने आधार देखिएन।

## ७. पेस्की तथा धरौटी

**७.१. क्षयीकरणको मूल्याङ्कनः** संस्थानको वित्तीय विवरणमा पेस्की तथा धरौटी (Advances and Deposits) अन्तर्गत रु.१८ करोड ९९ लाख ४२ हजार देखाइएको छ। उक्त रकममध्ये ४ वटा शाखा कार्यालयहरुको पेस्की रु.३० लाख ३८ हजार गत विगत वर्षदेखि फर्स्यौंट हुन बाँकी रही जिम्मेवारी सार्दै आएको र सोको समर्थन पत्र (Confirmation Letter) समेत प्राप्त नभएको अवस्था छ।

सम्पत्तिबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुने सम्भावना नभएमा वा सम्पत्तिको मूल्यमा गिरावट आएमा नेपाल लेखामान ३६ को अनुच्छेद ९ बमोजिम इम्प्यारमेन्ट परीक्षण (Impairment Test) गरी नोक्सानी व्यवस्था गर्नुपर्ने हुन्छ। लामो समयदेखि वस्तु वा सेवा प्राप्त नभएका र फर्स्यौंटसमेत नभएका पुराना पेस्कीहरूको असुली वा प्राप्तिमा शङ्का उत्पन्न हुनु NAS-३६ को अनुच्छेद १२(g) बमोजिम क्षयीकरणको स्पष्ट सङ्केत (Indication of Impairment) हो। यस्तो अवस्था विद्यमान रहेता पनि संस्थानले सोको परीक्षण गरेको छैन। तसर्थ, इम्पेयरमेन्टबापत कट्टी गर्नुपर्ने रकम यकिन नभएकोले वासलातमा देखाइएको पेस्की रकमको पर्याप्तता र यसले संस्थानको नाफा नोक्सानमा पार्ने प्रभाव (Impact on Profitability) यकिन (Quantify) गर्न सकिने वस्तुगत आधार उपलब्ध रहेन।

## ८. ऋण तथा सापटी

### ८.१. ऋणको अवस्था र वर्गीकरण

| विवरण (Particulars) | २०८१ आषाढ ३१ (रु.) | २०८० आषाढ ३१ (रु.) |
|---|---|---|
| नेपाल सरकारबाट प्राप्त ऋण | १२,१८५,२२३,१९० | ११,४११,२२३,१९० |
| नेपाल सरकारमार्फत् जाइका (JICA) लाई सोझै भुक्तानी | ४,४१५,५३३,७३१ | ३,९३२,३३३,५९३ |
| **ऋणको कुल वहन मूल्य (Gross Carrying Amount)** | **१६,६००,७५६,९२१** | **१५,३४३,५५६,७८३** |

संस्थानको वित्तीय विवरणमा नेपाल सरकारबाट प्राप्त सम्पूर्ण ऋणलाई 'गैर-चालु दायित्व' (Non-Current Liability) अन्तर्गत देखाइएको छ। नेपाल लेखामान-१ को अनुच्छेद ६० र ६९ मा दायित्वहरूलाई चालु (Current) र गैर-चालु (Non-Current) मा अनिवार्य रूपमा वर्गीकरण गर्नुपर्ने व्यवस्था छ। विशेष गरी अनुच्छेद ६९(c) बमोजिम रिपोर्टिङ अवधिको १२ महिनाभित्र भुक्तानी गरिसक्नुपर्ने वा भुक्तानी अवधि व्यतित भइसकेको (Overdue) ऋणलाई 'चालु दायित्व' (Current Liability) को रूपमा वर्गीकरण गर्नुपर्ने अनिवार्य व्यवस्था छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (PDMO) को अभिलेखमा भाखा नाघेको सावाँबापत रु.३७.७८ करोड र पोखरा खानेपानी सुधार आयोजनाअन्तर्गतको जापानी येन १६०.४३ मिलियन (करिब रु.१३.३४ करोड) भुक्तानी योग्य (Due) भइसकेको अवस्था छ।

यसरी कुल रु.५१.१२ करोड बराबरको भाखा नाघेको र आगामी १ वर्षभित्र भुक्तानी हुनुपर्ने ऋणलाई छुट्टै पहिचान गरी लेखाङ्कन नगरिँदा, वित्तीय विवरणमा 'चालु दायित्व' (Current Liabilities) तात्विक रूपमा न्यून (Materially

Understated) र 'गैर-चालु दायित्व' (Non-Current Liabilities) अधिक (Overstated) देखिन गएको छ। यसबाट संस्थाको कार्यशील पुँजी (Working Capital) र वित्तीय अवस्थाको यथार्थ चित्रण हुन सकेको छैन।

### ८.२. सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (PDMO) सँग ऋण मौज्दातको मिलान

क) **ऋण (मूलधन) दायित्वमा देखिएको तात्विक अन्तरः** संस्थानको अभिलेखअनुसार नेपाल सरकार प्रतिको कुल ऋण दायित्व रु.१६ अर्ब ६० करोड ७ लाख ५७ हजार देखिएको छ। तर, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (PDMO) को प्रतिवेदनअनुसार संस्थानको नाममा कायम आन्तरिक ऋण रु.१२ अर्ब २४ करोड २४ लाख ९४ हजार र बाह्य ऋण रु.६ अर्ब ४३ करोड ८४ लाख ३५ हजार गरी कुल रु.१८ अर्ब ६८ करोड ९ लाख २९ हजार रहेको देखिन्छ। यसका अतिरिक्त, संस्थानका लागि प्राप्त भई PDMO को अभिलेखमा अद्यावधिक हुन बाँकी रु.३ अर्ब २४ करोड ५९ लाख ४६ हजार (जसमा २०७७।७८ को रु.८.२६ करोड, २०७८।७९ को रु.१७.४६ करोड, २०७९।८० को रु.१८.९३ करोड र २०८०।८१ को रु.४८।३२ करोड JICA ऋणसमेत समावेश छ) लाई गणना गर्दा संस्थानको कुल ऋण दायित्व रु.२१ अर्ब ९२ करोड ६८ लाख ७५ हजार कायम हुनुपर्ने देखिन्छ। यस आधारमा संस्थानको वित्तीय विवरण र PDMO को तथ्याङ्कबीच करिब रु.५ अर्ब ३२ करोड ६१ लाख १८ हजारको अन्तर देखिएको छ। संस्थानले ऋणको विवरण पुष्टि गर्ने आवश्यक प्रमाण कागजातहरू उपलब्ध गराउन नसकेको र सो सम्बन्धमा PDMO सँग हिसाब मिलान (Reconciliation) गरी अभिलेख अद्यावधिक नगरिएको कारणले गर्दा वित्तीय विवरणमा प्रस्तुत ऋण र ब्याज दायित्वको अंकले 'यथार्थ चित्रण' र 'पूर्णता' प्रदान गरेको भनी आश्वस्त हुन सकिने अवस्था रहेन।

## ९. व्यापारिक तथा अन्य दायित्व

९.१. **धरौटी रकम - नयाँ पाइपलाइन (नयाँ धारा):** संस्थानले ग्राहकहरूबाट नयाँ धारा जडान गर्दा प्राप्त गरेको 'नयाँ धारा धरौटी' (Customer Deposits) को सम्पूर्ण रकमलाई 'चालु दायित्व' (Current Liabilities) अन्तर्गत वर्गीकरण गरेको छ। नेपाल लेखामान-१ को अनुच्छेद ६९ र ७० को प्रावधानअनुसार, रिपोर्टिङ अवधि पछि १२ महिनाभित्र भुक्तानी गरिने अपेक्षा नगरिएका दायित्वहरूलाई 'गैर-चालु दायित्व' (Non-Current Liability) को रूपमा वर्गीकरण गर्नुपर्ने हुन्छ। उक्त रकमको प्रकृति हेर्दा, ग्राहकले धारा बन्द गर्न निवेदन दिएपश्चात मात्र फिर्ता हुने र सामान्यतया खानेपानी सेवा दीर्घकालीन प्रकृतिको हुने हुँदा, सबै रकमलाई बिना विश्लेषण चालु दायित्वमा वर्गीकरण गर्नु लेखामानको मर्म विपरीत देखिन्छ।

साथै, नेपाल वित्तीय प्रतिवेदनमान-९ को अनुच्छेद ५.१.१ र ४.२.१ अनुसार यस्ता वित्तीय दायित्व (Financial Liabilities) हरूलाई सुरुमा उचित मूल्य (Fair Value) मा र त्यसपछि प्रभावकारी ब्याज दर (Effective Interest Rate) विधिको प्रयोग गरी 'एमोर्टाइज्ड कस्ट' (Amortized Cost) मा मापन गर्नुपर्ने हुन्छ। गैर-ब्याज र दीर्घकालीन प्रकृतिका यस्ता निक्षेपहरूलाई वर्तमान मूल्य (Present Value) मा लेखाङ्कन गर्नुपर्नेमा संस्थानले उक्त निक्षेपहरूलाई ऐतिहासिक मूल्य (Carrying Amount) मै लेखाङ्कन गरेको छ। संस्थानले यस सम्बन्धी दायित्वको Fair Value र Obligation को आवधिक मूल्याङ्कन (Periodic Assessment) नगरेको कारणले गर्दा, वित्तीय विवरणमा देखाइएको दायित्वको यथार्थ स्थिति र सो मा हुने नेपाल वित्तीय प्रतिवेदनमान Adjustment को प्रभाव यकिन गर्न सकिएन।

### ९.२. अन्य पेस्की तथा धरौटी रकम

९.२.१. **पेस्की तथा धरौटी रकमको वर्गीकरणः** संस्थानको वित्तीय विवरणमा 'Trade Payables' अन्तर्गत रु.८ करोड ४१ लाख ५९ हजार बराबरको 'Other Advances and Retention Money' देखाइएको छ, जुन मुख्यतया ठेकेदारहरू (Contractors) को बिलबाट कट्टा गरिएको 'Retention Money' हो। नेपाल लेखामान-१ को अनुच्छेद ६० र ६९ मा दायित्वहरूलाई चालु (Current) र गैर-चालु (Non-Current) मा अनिवार्य रूपमा वर्गीकरण गर्नुपर्ने व्यवस्था छ।

साथै, NAS-1 को अनुच्छेद ६१ बमोजिम रिपोर्टिङ अवधि पछि १२ महिनाभन्दा बढी समयमा भुक्तानी गरिने दायित्वको हिस्सालाई छुट्टै पहिचान गरी खुलाउनुपर्ने व्यवस्था छ।

निर्माण कार्यको प्रकृतिअनुसार 'Defect Liability Period' सामान्यतया १ वर्षभन्दा बढी अवधिको हुने गर्दछ। तसर्थ, लेखामानको व्यवस्था अनुरुप दायित्वको भुक्तानी अवधि (Maturity Profile) विश्लेषण गरी आगामी १२ महिनाभित्र भुक्तानी हुनुपर्ने भागलाई 'Current Liability' र १२ महिनाभन्दा पछि भुक्तानी हुने भागलाई 'Non-Current Liability' मा वर्गीकरण (Segregate) गर्नुपर्ने हुन्छ।

तर, संस्थानले प्रत्येक ठेक्काको भुक्तानी तालिकाको विश्लेषण नगरी सम्पूर्ण रु.८ करोड ४१ लाख ५९ हजारलाई एकमुष्ट रूपमा चालु दायित्वअन्तर्गत राखेको छ। यसरी वर्गीकरण नछुट्ट्याउँदा वित्तीय विवरणमा 'चालु दायित्व' अधिक (Overstated) र 'गैर-चालु दायित्व' न्यून (Understated) देखिएको छ, जसले गर्दा संस्थाको कार्यशील पुँजी (Working Capital) र दीर्घकालीन दायित्वको यथार्थ चित्रण हुन सकेको छैन।

**९.२.२. प्रतिवेदन मितिमा पेस्की तथा धरौटी दायित्वको अस्तित्वको मूल्याङ्कनः** नेपाल वित्तीय प्रतिवेदनमान-९ को अनुच्छेद ५.१.१ र ४.२.१ अनुसार दीर्घकालीन प्रकृतिका वित्तीय दायित्वहरूलाई प्रारम्भिक रूपमा उचित मूल्य (Fair Value) मा र त्यसपछि प्रभावकारी ब्याज दर (Effective Interest Rate) विधिको प्रयोग गरी एमोर्टाइज्ड कस्ट (Amortized Cost) मा मापन गर्नुपर्ने अनिवार्य व्यवस्था छ। यस प्रक्रियामा भविष्यमा भुक्तानी हुने दायित्वको भाग (Non-Current portion) लाई वर्तमान मूल्य (Present Value) मा (Discounting) गरी लेखाङ्कन गरिनुपर्दछ।

तर, संस्थानले सो बमोजिम डिस्काउन्टिङ नगरेकाले वित्तीय विवरणमा प्रस्तुत दायित्वको अङ्क र सो मा गणना हुनुपर्ने ब्याज खर्च (Interest Expense) को यथार्थ विवरण प्रस्तुत हुन सकेको छैन। यसबाट नाफा/नोक्सान र दायित्वको वास्तविक अवस्थामा पर्न गएको वित्तीय असर परिमाणन (Quantification) गर्न सकिने वस्तुगत आधार उपलब्ध रहेन।

**९.२.३. आर्थिक विवरणको मितिमा पेस्की तथा धरौटी दायित्वको अस्तित्वको मूल्याङ्कनः** विगत वर्षदेखि जिम्मेवारी सर्दै आएका रकमहरूको र शाखा कार्यालयहरूले २०५५।५६ देखि अ.ल्या. गर्दै आइराखेको निर्माण व्यवसायीहरूको धरौटी रकमको विश्लेषण गरी आवश्यक समायोजन नगरिएकाले धरौटी दायित्वले यथार्थता प्रस्तुत गरेको छैन। केही उदाहरणहरु निम्नअनुसार छन्:

| शाखा | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| पोखरा | डि.एस. बिकन जे.भी. | ८,२०,१९५.६२ | विगतका आर्थिक वर्षबाट अ.ल्या. |
| बुटवल | नेपाल आदर्श निर्माण कम्पनी | ६,००,१८५.७० | विगतका आर्थिक वर्षबाट अ.ल्या. |
| प्रधान कार्यालय | जि.एन. आर बिल्डर्स | १७०,४६४.९६ | विगतका आर्थिक वर्षबाट अ.ल्या. |
| बिराटनगर | मधुसा इण्टरप्राइजेज | १,४५,५५६.७४ | विगतका आर्थिक वर्षबाट अ.ल्या. |
| भद्रपूर | बि.आर. ड्रिलगं सेवा | १,१८,०००.०० | विगतका आर्थिक वर्षबाट अ.ल्या. |
| जनकपुर | सुरु मौज्याद थप गरिएको | ३८६,७९३.७१ | विवरण नभएको |
| बुटवल | महादेव खिसी शितल चन्द्र जे.भी. | २,५६,४९७.३३ | विगतका आर्थिक वर्षबाट अ.ल्या. |

**९.३. तिर्न बाँकी ब्याजः** ब्याज दायित्व सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (PDMO) को विवरणअनुसार कुल ब्याज रु.५ अर्ब ७२ करोड ५ लाख १० हजार देखिएकोमा संस्थानको लेखाअनुसार रु.२ अर्ब १३ करोड ४० लाख ३४ हजार मात्र देखिनुले करिब रु.३ अर्ब ५८ करोड ६४ लाख ७५ हजारको फरक देखिएको छ। माथि उल्लेख गरिएबमोजिम

ऋणको सावाँ (Principal Loan Balance) को समेत हिसाब मिलान र पुष्ट्याईं (Confirmation) हुन नसकेको अवस्थामा, सो ऋणमा गणना हुने ब्याज दायित्वको यथार्थता (Accuracy) र पूर्णता (Completeness) यकिन गर्न सकिएन।

संस्थानले नेपाल सरकारसँग प्रत्येक वर्ष गर्ने ऋण सम्झौताअनुसार तोकिएको समयमा सावाँ तथा ब्याज भुक्तानी नभएमा वार्षिक १० प्रतिशतका दरले हर्जाना (Penalty) लाग्ने व्यवस्था रहेको पाईन्छ। नेपाल लेखामान ३७ को अनुच्छेद १४ अनुसार (क) विगतको घटनाको कारण वर्तमान कानूनी दायित्व सिर्जना भएको, (ख) सो दायित्व भुक्तानीका लागि आर्थिक लाभ बाहिरिने सम्भावना रहेको र (ग) सोको विश्वसनीय अनुमान गर्न सकिने अवस्थामा अनिवार्य रूपमा व्यवस्था (Provision) गर्नुपर्ने हुन्छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथा लगानीसम्बन्धी वार्षिक प्रतिवेदन, २०८१ अनुसार यस संस्थानको भाखा नाघेको सावाँ रु.३ अर्ब ७७ करोड र भाखा नाघेको ब्याज रु.५ अर्ब ७२ करोड देखिन्छ। संस्थानको ठूलो रकम भाखा नाघेको (Overdue) अवस्थामा रहँदा हर्जानाको कानूनी दायित्व सिर्जना भएता पनि संस्थानले सो बापत वित्तीय विवरणमा कुनै व्यवस्था गरेको छैन। संस्थान र PDMO बीचको हिसाबमा तात्विक फरक रहेको र सावाँको मौज्दात नै यकिन नभएको कारणले गर्दा हर्जानाबापतको कुल दायित्व यकिन (Quantify) गर्न नसकिएता पनि, NAS-३७ को अनुच्छेद ८६ बमोजिम यस्ता सम्भावित दायित्वको प्रकृति र वित्तीय असरका बारेमा लेखा टिप्पणीमा खुलासा (Disclosure) समेत गरिएको छैन।

यसरी लेखामानको व्यवस्था विपरीत हर्जानाबापतको व्यवस्था वा खुलासा नगरेकाले वित्तीय विवरणमा दायित्व र सो अवधिको खर्च न्यून (Understated) देखिन गई वित्तीय विवरणले यथार्थ चित्रण गर्न सकेको छैन।

९.४. **काठमाडौं उपत्यका खानेपानी लिमिटेड (K.U.K.L.) लाई तिर्न बाँकी रकमः** संस्थानको हिसाबमा रु.१ करोड ७५ लाख २२ हजार विगत वर्षहरूबाट हिसाबमा जिम्मेवारी मात्र सर्दै आएको पाइयो। विगत २०७४।७५ मा भुक्तानी गर्न निर्देशन दिएकोमा हालसम्म सो रकम भुक्तानी गरिएको छैन। यसरी लामो समयदेखि दायित्वहरू स्थिर (Static) रहनु र सम्बन्धित पक्षसँग हिसाब मिलान वा भुक्तानी नगरिनुले उक्त दायित्वहरूको यथार्थतामा प्रश्न सिर्जना भएको छ। सामान्य लेखा सिद्धान्तअनुसार भुक्तानी अवधि समाप्त भएपछि वा भुक्तानी गर्नु नपर्ने भएमा सो रकमलाई दायित्वबाट हटाई (Derecognition) समायोजन गर्नुपर्ने हुन्छ। तसर्थ, वर्षौं पुरानो र फर्स्यौंट नभएका यी रकमहरूको अस्तित्व (Existence) र भुक्तानी गर्नुपर्ने दायित्व (Obligation) बाँकी नै रहेको भनी आश्वस्त हुन सकिएन।

९.५. **तिर्न बाँकी लेखापरीक्षण शुल्कः** लेखापरीक्षण खर्च व्यवस्थामा रु.१ लाख ४१ हजार रहेको र सो रकम लामो समयदेखि हालसम्म भुक्तानी वा हिसाब समायोजन गरिएको छैन। नेपाल लेखामान-३७ को अनुच्छेद ५९ बमोजिम प्रत्येक प्रतिवेदन मितिमा गरिएको 'व्यवस्था' (Provision) को पुनरावलोकन गरिनुपर्दछ। यदि दायित्व भुक्तानीका लागि आर्थिक लाभ बाहिरिने सम्भावना (Probability of outflow of resources) नभएमा वा सोको औचित्य समाप्त भएमा त्यस्तो व्यवस्थालाई फिर्ता (Reverse) गरी आम्दानी जनाउनुपर्ने अनिवार्य व्यवस्था छ। तर, संस्थानले लामो समयदेखि भुक्तानी हुन बाँकी रहेको र फर्स्यौंटको कुनै आधार नभएको उक्त रकमलाई दायित्वकै रूपमा निरन्तरता दिएकाले सो रकमको औचित्य (Appropriateness) पुष्टि हुन सकेन।

## १०. कर्मचारी सुविधा व्यवस्था

**जीवन बिमा तथा अवकाश कोष व्यवस्थाः** संस्थानको जीवन बीमा कोष व्यवस्थाअन्तर्गत गत वर्ष (संशोधित) सम्म रु.१ करोड ५२ लाख ४३ हजार रहेकोमा यस वर्ष रु.१९ लाख ४२ हजार थप खर्च र रु.३० लाख भुक्तानी गरी वर्षान्तमा रु.१ करोड ४१ लाख ८६ हजार रहेकोमा एक्चुरियल प्रतिवेदनअनुसार रु.१ लाख ९ हजार आम्दानी गरी आर्थिक वर्षको अन्त्यमा जीवन बीमा कोष व्यवस्था रु.१ करोड ४० लाख ७६ हजार देखाइएको छ।

अवकाश कोष व्यवस्थाअन्तर्गत उपदान, औषधि उपचार, घर बिदा र बिरामी बिदाबापत सिर्जना हुने दायित्वमा गत वर्ष (संशोधित) सम्म रु.४८ करोड ६६ लाख ८० हजार रहेकोमा यस वर्ष रु.६ करोड ७८ लाख २८ हजार खर्चबापत थप गरी र रु.८ करोड १५ लाख ५४ हजार भुक्तानी गरी वर्षान्तमा रु.४७ करोड २९ लाख ५५ हजार रहेकोमा एक्चुरियल प्रतिवेदनअनुसार आवश्यक रु.१ करोड ५३ लाख ४४ हजार आम्दानी (खर्च रु.११ लाख ९ हजार र आम्दानी रु.१ करोड ६४ लाख ५३ हजार) लेखाङ्कन गरी आर्थिक वर्षको अन्त्यमा अवकास कोष व्यवस्था (उ, औ.उ, घ.बि, बि.बि कोष व्यवस्था रु.४५ करोड ७६ लाख १० हजार अवकाश व्यवस्था रहेको छ।

जीवन बीमा तथा अवकाश कोषको जम्मा व्यवस्था रु.४७ करोड १६ लाख ८६ हजार रहेको छ। त्यस व्यवस्थाका लागि बैङ्क खातामा रु.२५ करोड १७ लाख ६८ हजार मात्र लगानी गरेको पाइयो जुन कोषको दायित्वभन्दा रु.२१ करोड ९९ लाख १८ हजार कम रहेको छ।

११. **अन्य चालु दायित्वः** संस्थानले अन्य चालु दायित्वअन्तर्गत विगत धेरै वर्षदेखि जिम्मेवारी सार्दै ल्याएका देहायबमोजिमका 'शङ्कास्पद' (Doubtful) भनी उल्लेख गरिएका विवरणहरूलाई दायित्वको रूपमा निरन्तरता दिएको छः

- शङ्कास्पद अन्य धरौटी (कृष्णनगर): रु.५० हजार
- शङ्कास्पद बैङ्क कोषः रु.१९ हजार
- शङ्कास्पद महसुल (लहान): रु.१ लाख २४ हजार

नेपाल लेखामान-१ को अनुच्छेद १५ बमोजिम वित्तीय विवरणले संस्थाको वित्तीय अवस्थाको यथार्थ चित्रण (Fair Presentation) गर्नुपर्दछ। यसका लागि प्रत्येक प्रतिवेदन मिति (Reporting Date) मा वासलातमा रहेका दायित्वहरूको विद्यमानता (Existence) र औचित्यको अनिवार्य पुनरावलोकन (Review) गरिनुपर्दछ। लेखाको सर्वमान्य सिद्धान्त र लेखामानअनुसार दायित्व कि त निश्चित तिर्नुपर्ने (Present Obligation) हुनुपर्छ, कि त सम्भावित दायित्व (Contingent Liability) को रूपमा खुलासा हुनुपर्छ।

दायित्वको प्रकृतिमा 'शङ्कास्पद' (Doubtful) भनी वर्गीकरण गरी वर्षौंसम्म वासलातमा देखाइरहनु लेखामानको मर्म विपरीत देखिन्छ। लामो समयदेखि भुक्तानीका लागि कोही पनि दाबीकर्ता नआएको र साहु (Creditor) को पहिचानसमेत नभएका यस्ता रकमहरूले प्रतिवेदन मितिमा दायित्वको परिभाषा पुरा नगर्ने हुँदा यिनलाई दायित्वको रूपमा कायमै राख्नु औचित्यपूर्ण देखिँदैन।

यसरी दायित्वको वास्तविक स्थिति यकिन नगरी 'शङ्कास्पद' शीर्षकमा विवरणहरू प्रस्तुत गरिएकाले वित्तीय विवरणमा 'अन्य चालु दायित्व' को अङ्क यथार्थपरक देखिएको छैन।

१२. **कर्मचारी सुविधा सम्बन्धी आन्तरिक कोषहरूको लेखाङ्कन, एकीकरण तथा प्रस्तुतीकरण**

क) **प्रतिवेदन गर्ने निकायको सीमा र एकीकरण (Boundary of Reporting Entity and Integration):** संस्थानले 'जीवन बीमा कोष' र 'कर्मचारी कल्याण कोष' को हिसाब संस्थानको मूल हिसाबभन्दा अलग राखी छुट्टै वित्तीय विवरण तयार गर्ने र ती

कोषहरूको लेखापरीक्षणसमेत छुट्टै लेखापरीक्षकबाट गराउँदै आएको छ। यी कोषहरूको स्थापना र सञ्चालनको कानूनी आधार देहायबमोजिम रहेको देखिन्छः

- **जीवन बीमा कोषः** संस्थानको कर्मचारी सेवा सर्तसम्बन्धी विनियमावली, २०४९ को परिच्छेद ७, विनियम ५१ को खण्ड (ग) र (घ) बमोजिम कर्मचारीहरूको सामाजिक सुरक्षाको उद्देश्यले यो कोष खडा गरिएको हो।
- **कर्मचारी कल्याण कोषः** सोही विनियमावलीको विनियम ७७(३) को व्यवस्थाबमोजिम कर्मचारी कल्याण कोषको सञ्चालन, प्रयोग तथा व्यवस्थापन गर्ने अख्तियारी सञ्चालक समितिलाई दिइएको छ। सोही अख्तियारी प्रयोग गरी सञ्चालक समितिको ३५४औं बैठक (मिति २०६५।१२।२८) ले यस कोषको सञ्चालन र कर्मचारीलाई उपलब्ध गराइने सुविधाहरू (जस्तैः अवकाशमा थप ५ प्रतिशत उपदान) सम्बन्धी कार्यविधि तय गरेको देखिन्छ।

यी कोषहरू संस्थानभन्दा पृथक कानूनी अस्तित्व (Separate Legal Entity) भएका निकाय नभई संस्थानकै नियन्त्रणमा रहेका र संस्थान कै विनियमावली तथा सञ्चालक समितिको निर्देशनबाट सञ्चालित आन्तरिक सामाजिक सुरक्षा संयन्त्र मात्र हुन्। वित्तीय प्रतिवेदनको Conceptual Framework को अनुच्छेद ३.१० अनुसार 'प्रतिवेदन गर्ने निकाय' (Reporting Entity) भन्नाले वित्तीय विवरण तयार गर्नुपर्ने एकल निकाय वा एउटा निकायको अंश (Portion of an entity) समेत हुन सक्दछ, जुन कानूनी निकाय नै हुनुपर्ने अनिवार्य छैन। सोही संरचनाको अनुच्छेद ३.१४ ले प्रतिवेदन गर्ने निकायको सीमा (Boundary) निर्धारण गर्दा यथार्थ चित्रण (Faithful Representation) का लागि देहायका सर्तहरू पुरा हुनुपर्ने व्यवस्था गरेको छः

(क) प्रतिवेदन गर्ने निकायको सीमाभित्र स्वेच्छाचारी (Arbitrary) वा अपूर्ण (Incomplete) आर्थिक गतिविधिहरूको समूह हुनुहुँदैन,

(ख) सो निकायको सीमाभित्र आर्थिक गतिविधिहरूको पूर्ण समूह समावेश गर्दा मात्र सूचनाहरू तटस्थ (Neutral) हुन्छन्। संस्थानले आफ्नो विनियमावलीभित्र रहेका र आफूले पूर्ण नियन्त्रण गरेका यी कोषहरूको बैङ्क मौज्दात, लगानी तथा अन्य आर्थिक गतिविधिलाई मूल वित्तीय विवरणमा समावेश नगर्दा रिपोर्टिङ निकायको सीमा 'अपूर्ण' (Incomplete) हुन गएको छ। यसरी आर्थिक गतिविधिहरूको अपूर्ण समूहका आधारमा वित्तीय विवरण तयार गर्दा Conceptual Framework को अनुच्छेद ३.१४ को बर्खिलाप हुनुका साथै नेपाल लेखामान-१ को अनुच्छेद १५ बमोजिम संस्थानको समग्र वित्तीय अवस्थाको यथार्थ चित्रण (Faithful Representation) हुन सकेको छैन। तसर्थ, यी कोषहरूलाई मूल वित्तीय विवरणमा एकीकृत (Integrate) नगरी प्रस्तुत गर्दा वित्तीय विवरणले यथार्थ र पूर्ण सूचना सम्प्रेषण गर्न सकेको देखिँदैन।

**ख) कोषलाई पेस्की र दायित्वको न्यूनीकरण (Advance to Fund and Understatement of Liability):**

कर्मचारी कल्याण कोषको दायित्व भुक्तानी गर्न कोषसँग पर्याप्त सम्पत्ति नभएको (Deficit) अवस्थामा, संस्थानले आफ्नो खाताबाट भुक्तानी गरी सो रकमलाई "Advance to Fund" (कोषलाई दिएको पेस्की) भनी रु.१ करोड २९ लाख २३ हजार सम्पत्ति पक्षमा देखाएको छ भने, कर्मचारी कल्याण कोषले भने भुक्तानी गर्नुपर्ने बाँकी रकम रु.६९ लाख १२ हजार मात्र देखाएको छ। यसले दुबैबीच रु.६० लाख १० हजारको महत्वपूर्ण फरक देखाउँछ।

कानूनी रूपमा कोष संस्थाभन्दा पृथक कानूनी अस्तित्व (Separate Legal Entity) भएको निकाय नभई संस्थाकै अभिन्न अंग भएको र कोषसँग उक्त रकम फिर्ता गर्ने क्षमता (Solvency) नदेखिएको अवस्थामा, यो "Advance" रकम असुलउपर हुने सम्भावना देखिँदैन। तसर्थ, यो रकमलाई संस्थानले आफ्नो खर्च (Expense) वा दायित्व भुक्तानी (Settlement of Liability) को रूपमा लेखाङ्कन गर्नुपर्नेमा, "सम्पत्ति" (Asset) को रूपमा पुँजीकरण गर्दा संस्थाको नाफा र सम्पत्ति बढी देखिन गएको छ।

उल्लिखित कोषहरूको वित्तीय विवरण संस्थाको मूल वित्तीय विवरणसँग एकीकृत (Merge) नगरिएको हुँदा, संस्थाको वासलात र नाफा/नोक्सान हिसाबमा परेको परिमाणात्मक असर (Quantitative Impact) यकिन गर्न सकिएन।

ग) संस्थानले विगत केही वर्षदेखि जीवन बीमा कोषमा जम्मा भएको रु.१ करोड ५३ लाख २३ हजारलाई "Investment in Jeewan Beema Kosh" शीर्षकमा "अन्य दीर्घकालीन सम्पत्ति" (Other Non-Current Assets) अन्तर्गत देखाउँदै आएको छ।

- **वर्गीकरण (Classification):** कोषको वासलात विश्लेषण गर्दा उक्त "लगानी" रकमको अन्तर्निहित प्रकृति (Underlying Nature) वास्तवमा संस्थाका कर्मचारीहरूलाई प्रवाह गरिएको "कर्जा तथा सापट" (Loans and Advances) र बैङ्क मौज्दात रहेको देखिन्छ। नेपाल वित्तीय प्रतिवेदनमान-९ अनुसार नगद प्राप्त गर्ने अधिकार सिर्जना गर्ने यस्ता कर्जाहरू स्पष्ट रूपमा "वित्तीय सम्पत्ति" (Financial Assets) हुन्। तसर्थ, प्रकृतितः वित्तीय सम्पत्ति रहेको रकमलाई "अन्य दीर्घकालीन सम्पत्ति" (Other Non-Current Assets) शीर्षकमा वर्गीकरण गर्नु मापदण्ड विपरीत र भ्रामक छ।

- **मापन (Measurement):** यो रकम "वित्तीय सम्पत्ति" भएको हुनाले यसको लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान-९ को अनुच्छेद ५.१.१ बमोजिम प्रारम्भिक रूपमा (Initially) 'उचित मूल्य' (Fair Value) मा गरिनुपर्दछ। विशेष गरी बजार दरभन्दा कम ब्याजदरमा प्रवाह गरिएका कर्मचारी कर्जाहरूलाई वर्तमान मूल्य (Present Value) मा मापन गरी सोही लेखामानको अनुच्छेद ५.२.१ र ४.१.२ बमोजिम पछिल्लो मापन (Subsequent Measurement) 'एमोर्टाइज्ड कस्ट' (Amortized Cost) विधिबाट प्रभावकारी ब्याजदर प्रयोग गरी गरिनुपर्दछ।

  संस्थानले यी कर्जाहरूको असुली अवस्था र समयसापेक्ष मूल्य (Time value of money) विश्लेषण गरी सोही लेखामानको अनुच्छेद ५.५.१ बमोजिम आवश्यक नोक्सानी व्यवस्था (ECL/Impairment) कट्टी गर्नुपर्नेमा, कोषलाई एकीकृत नगरी केवल ऐतिहासिक लागत (Historical Cost) मा एकमुष्ट रूपमा देखाइरहेको छ। यसरी लेखामानबमोजिम उचित मूल्यमा मापन र नोक्सानी व्यवस्था कट्टी नगरेकाले वासलातमा संस्थानको सम्पत्तिको मूल्य अधिक मूल्याङ्कन (Overstated) भएको छ भने कर्मचारी कर्जासँग जोडिएको कर्जा जोखिम (Credit Risk) लुकेको देखिन्छ।

**१३. शाखा हस्तान्तरणः** संस्थानको सञ्चालक समितिको २०७७।५।१९ मा बसेको बैठक नं. ४३३ अनुसार धरान शाखाको मूल्याङ्कित सम्पत्ति बराबरको रकम नेपाल सरकारको ऋणबाट कट्टा हुने गरी हस्तान्तरण गर्ने निर्णय गरेको देखिन्छ र धरान शाखा २०७७।११।१६ मा स्थानीय व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको हो। त्यसैगरी हेटौंडा तथा भरतपुर शाखाहरू समेत विगत वर्षहरूमा खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण भइसकेका छन्। हस्तान्तरणपश्चात् २०७९।८० मा सम्बन्धित शाखाहरूका स्थिर सम्पत्तिहरू वासलातबाट हटाइएको भएता पनि २०८०।८१ को वित्तीय विवरणमा ती शाखाहरूसँग सम्बन्धित सम्पत्तिहरू जस्तैः करकट्टी रकम (TDS receivable) रु.११ लाख ५८ हजार, अग्रिम भुक्तानी (advances) रु.३६ लाख ४२ हजार, मौज्दात (inventory) रु.१ करोड ३२ लाख ७७ हजार तथा अन्य बाँकी रकम रु.५ करोड ३४ लाख २८ हजार अझै संस्थान कै सम्पत्तिको रूपमा प्रस्तुत भइरहेका छन्। साथै, हस्तान्तरणको मितिमा विद्यमान रहेका सम्बन्धित दायित्वहरू पनि संस्थानको वित्तीय विवरणमा यथावत प्रस्तुत भइरहेका छन्।

नेपाल वित्तीय प्रतिवेदनमानको Conceptual Framework को अनुच्छेद ५.२६ बमोजिम यदि कुनै संस्थाले सम्पत्तिको नियन्त्रण (Control) गुमाउँछ वा दायित्वको जिम्मेवारी समाप्त हुन्छ भने त्यस्ता सम्पत्ति र दायित्वलाई वासलातबाट हटाउनुपर्ने (Derecognition) अनिवार्य व्यवस्था छ। सोही संरचनाको अनुच्छेद ५.२८(a) ले हस्तान्तरण (Transfer) गरिएका यस्ता सम्पूर्ण 'Transferred Components' (जस्तैः TDS, Inventory, Advances आदि) लाई खारेज (Derecognise) गर्नुपर्ने र अनुच्छेद ५.२८(b) अनुसार हस्तान्तरण पछि बाँकी रहने हक वा दाबीलाई मात्र (Retained

Component) छुट्टै एकाईको रूपमा लेखाङ्कन गर्नुपर्ने स्पष्ट पारेको छ। सरकारबाट ऋण कट्टा हुने अन्तिम निर्णय नभएको कारण देखाई हस्तान्तरण भइसकेका सम्पत्ति र दायित्वलाई खारेज नगरी पुराना शीर्षकहरूमा कायमै राख्नु लेखामानको व्यवस्था विपरीत देखिन्छ। नियन्त्रण बाहिरका यस्ता सम्पत्ति र दायित्वहरूलाई 'डि-रिकग्नाइज' गरी नेपाल सरकारसँगको सेटलमेन्ट खाता (Settlement/Claim Account) मा मात्र स्थानान्तरण गरी सोको वास्तविक स्थिति यकिन गर्नुपर्नेमा सो नगर्दा रिपोर्टिङ सीमा (Boundary) भित्र नपर्ने र अस्तित्वमा नरहेका आर्थिक गतिविधिहरू वासलातमा समावेश हुन पुगेका छन्।

यस अवस्थाबाट वित्तीय विवरणमा प्रस्तुत सम्पत्ति तथा दायित्वहरूको अस्तित्व (existence), अधिकार तथा दायित्व (rights and obligations), पूर्णता (completeness) तथा उपयुक्त प्रस्तुतीकरण (appropriate presentation) प्रभावित भएको देखिन्छ। परिणामस्वरूप, संस्थानको वित्तीय स्थिति तथा सञ्चित नाफाले संस्थानको वास्तविक आर्थिक अवस्था यथार्थ रूपमा प्रतिबिम्बित गरेको छ भनी आश्वस्त हुन सकिएन।

१४. **बी.पी. मेमोरियल धरान आयोजनाः** वासलातमा बी.पी. मेमोरियल धरान आयोजनाअन्तर्गतको रु.२ करोड ३३ लाख ६१ हजारलाई सम्पत्तिमा पुँजीकरण (Capitalized) गरिएको र सोसँग सम्बन्धित सरकारी अनुदान रकमलाई संस्थाले वार्षिक रु.५४ हजारका दरले आम्दानीमा सार्दै (Amortization) आएको देखिन्छ। यसअनुसार २०८१ आषाढ मसान्तमा 'स्थगन गरिएको सरकारी अनुदान' (Deferred Government Grant) शीर्षकमा रु.८३ लाख ९१ हजार दायित्व बाँकी रहेको छ।

यद्यपि, उक्त आयोजनाको भौतिक संरचना हाल संस्थानको नियन्त्रण (Control) र भोगाधिकारमा नरहेको परिप्रेक्ष्यमा, नेपाल वित्तीय प्रतिवेदनमान Conceptual Framework को अनुच्छेद ५.२६ बमोजिम कुनै सम्पत्ति माथिको नियन्त्रण समाप्त भएपछि वा दायित्वको दायरामा नरहेपछि सोलाई वित्तीय विवरणबाट हटाउनुपर्ने (Derecognition) अनिवार्य व्यवस्था रहेको छ। सोही Framework को अनुच्छेद ४.३ ले सम्पत्ति हुनका लागि सो माथि संस्थाको नियन्त्रण र भविष्यमा आर्थिक लाभ (Future Economic Benefits) प्राप्त हुने सुनिश्चितता हुनुपर्ने स्पष्ट पारेको छ।

साथै, नेपाल लेखामान-१६ को अनुच्छेद ६७ ले समेत सम्पत्तिको प्रयोगबाट भविष्यमा कुनै आर्थिक लाभ प्राप्त नहुने सुनिश्चित भएमा त्यस्तो सम्पत्तिलाई वासलातबाट तत्काल हटाउनुपर्ने (Derecognize) व्यवस्था गरेको छ। यसका अतिरिक्त, नेपाल लेखामान-२० अनुसार सरकारी अनुदानलाई जुन सम्पत्तिको उपयोगी आयुसँग मिलान गरी आम्दानी जनाइने हो, सो सम्पत्ति नै संस्थाको नियन्त्रण र अस्तित्वमा नरहेको अवस्थामा बाँकी रहेको रु.८३ लाख ९१ हजारको 'स्थगन अनुदान' दायित्वलाई समेत तत्काल नाफा/नोक्सान हिसाबमा आम्दानीको रूपमा पहिचान गरी अपलेखन (Write-off) गरिनुपर्दछ।

संस्थाको नियन्त्रण र स्वामित्वमै नरहेको रु.२ करोड ३३ लाख ६१ हजार लागतको सम्पत्ति र सोसँग सम्बन्धित रु.८३ लाख ९१ हजारको दायित्वलाई वासलातमा निरन्तर देखाइएकोले संस्थाको कुल सम्पत्ति र दायित्व सोही बराबरले अधिक मूल्याङ्कन (Overstated) भएको देखिन्छ। यसरी अस्तित्वमा नरहेका आर्थिक गतिविधिहरूलाई वित्तीय विवरणमा समावेश गरिरहँदा वित्तीय विवरणले संस्थाको वास्तविक र यथार्थ अवस्था (True and Fair View) चित्रण गरेको देखिँदैन।

१५. **पोखरा ओभरहेड पानी ट्याङ्कीः** पोखरा १५ कोलपाटनमा निर्माणाधिन ओभरहेड ट्याङ्कीको संरचनाले नागरिक उड्डयन प्राधिकरणको 'Obstacle Limitation Surface (OLS)' मापदण्ड विपरीत उचाई नाघेको कारण जुन २०२१ देखि निर्माण कार्य रोकिएको छ। प्राधिकरणको मापदण्ड पालना गर्नुपर्ने कानूनी प्रावधान रहेकोले मापदण्डभन्दा बढी निर्माण भइसकेको संरचनाको भाग (Excess Structure) लाई भत्काएर उचाई घटाउनु पर्ने देखिन्छ।

यस्तो अवस्थामा, नेपाल लेखामान-३७ को अनुच्छेद १४ बमोजिम विगतको घटना (मापदण्ड विपरितको निर्माण) बाट वर्तमान कानूनी दायित्व सिर्जना भएको र सो फछ्यौंट गर्न आर्थिक स्रोतको बहिर्गमन हुने निश्चित देखिएकोले सो अनुमानित भत्काउने खर्च (Demolition Cost) का लागि अनिवार्य रूपमा 'प्रोभिजन' (Provision) खडा गर्नुपर्ने व्यवस्था छ। तर, व्यवस्थापनले उक्त संरचनालाई मापदण्डभित्र ल्याउन लाग्ने खर्चको लागि कुनै व्यवस्था गरेको देखिँदैन।

साथै, नेपाल लेखामान-३६ को अनुच्छेद ९ र १२(b) अनुसार सम्पत्तिको भौतिक क्षति वा प्रयोगविहीनताको सङ्केत देखिएमा अनिवार्य रूपमा क्षयीकरण (Impairment) परीक्षण गरी सोको मूल्य घटाउनुपर्ने व्यवस्था छ। मापदण्ड नाघेका कारण भत्काउनुपर्ने निश्चित भएको संरचनाको भागले भविष्यमा कुनै आर्थिक लाभ नदिने हुँदा सो भागको लागतलाई निर्माणाधीन आयोजना (CWIP) बाट तत्काल हटाउनुपर्ने (Write-off) वा क्षयीकरण गर्नुपर्नेमा सो गरिएको पाइएन।

तसर्थ, भत्काउन लाग्ने खर्चबापतको दायित्व (Liabilities) न्यून देखाइएको र काम नलाग्ने संरचनाको लागत बराबरले सम्पत्ति (CWIP) र नाफा अधिक मूल्याङ्कन (Overstated) भएको देखिन्छ। संस्थानले प्राविधिक मूल्याङ्कन गरी भत्काउनुपर्ने भागको लागत र भत्काउन लाग्ने खर्च यकिन नगरेकाले यसबाट वित्तीय विवरणमा परेको वास्तविक प्रभाव परिमाणन (Quantify) गर्न सकिने अवस्था रहेन।

१६. **सम्पत्ति करः** संस्थानको स्वामित्वमा रहेका तथा लालपुर्जा नभई भोगचलनमा मात्र रहेका घर जग्गाहरूको सम्पत्ति कर तथा मालपोत दस्तुरबापतको दायित्व हालसम्म लेखामा समावेश (Book) गरिएको छैन। संस्थानले नेपाल लेखामान-१ को अनुच्छेद २७ बमोजिम अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रोदभावी आधार (Accrual Basis) लाई पूर्णतः बेवास्ता गरी यस्तो निश्चित दायित्वलाई वित्तीय विवरणमा शून्य (Zero) देखाएको छ।

सम्बन्धित महानगरपालिका तथा उप-महानगरपालिकाहरूबाट प्राप्त पत्राचार, मागदाबी (Demand Notices) र संस्थानका शाखाहरूबाट प्राप्त आन्तरिक विवरणअनुसार विराटनगर र नेपालगञ्ज शाखाको २०७९।८० सम्मको यकिन भइसकेको तर लेखाङ्कन नगरिएको दायित्वको विवरण तपसिलबमोजिम रहेको छः

| विवरण | रकम |
|---|---|
| **१. विराटनगर शाखा (महानगरपालिका)** | |
| - वक्यौता सम्पत्ति कर (२०७८।७९ सम्म) | २,३४,६९,७९२ |
| - जरिवाना रकम | २,३२,८,९८१ |
| - २०७९।८० को थप दायित्व | १,१०,७५६ |
| **२. नेपालगञ्ज शाखा (उप-महानगरपालिका)** | |
| - सम्पत्ति कर (२०७९।८० सम्म) | २७,४४,४०३.१४ |
| **जम्मा यकिन दायित्व (लेखाङ्कन नभएको)** | **२,८६,५३,९३२.१४** |

माथि उल्लेखित रु.२ करोड ८६ लाख ५४ हजार रकमलाई विगत देखि नै दायित्वको रुपमा लेखाङ्कन गरिएको छैन। साथै, यी शाखाहरु लगायत संस्थानका अन्य सम्पूर्ण शाखाहरुको सम्पत्ति कर तथा मालपोत दायित्व रकमसमेत यकिन गरी लेखाङ्कन (Provisioning/Booking) गरिएको छैन।

उल्लिखित दायित्व यकिन गरी लेखाङ्कन नगरिएको हुँदा, संस्थानको वासलात र नाफा/नोक्सान हिसाबमा परेको परिमाणात्मक असर (Quantitative Impact) यकिन गर्न सकिएन।

**१७. प्रतिवेदन अवधि पछिका घटनाहरू**

नेपाल लेखामान-१० (NAS 10 - Events After the Reporting Period) को अनुच्छेद २१ अनुसार आर्थिक वर्ष समाप्त भएपछि तर वित्तीय विवरण स्वीकृत हुनु अगाडि घटेका महत्त्वपूर्ण गैर-समायोजन योग्य घटनाहरू (Material Non-adjusting Events) को प्रकृति र सोको अनुमानित वित्तीय प्रभाव टिप्पणी (Notes to Accounts) मा खुलाउनुपर्ने अनिवार्य व्यवस्था छ।

२०८०।८१ को प्रतिवेदन अवधि समाप्त भएपश्चात २०८१ साल आश्विन महिनामा आएको विनाशकारी बाढीका कारण संस्थाको पनौती मिनरल वाटर आयोजनाको मुहान, मेसिनरी तथा प्रशोधन प्लान्टमा गम्भीर क्षति पुगी सञ्चालन पूर्ण रूपमा अवरुद्ध (Completely Halted) भएको जानकारी हुन आएको छ। उक्त आयोजना हाल सञ्चालन गर्न नसकिने अवस्थामा रहेको र सोबाट संस्थाको सम्पत्तिमा हुन गएको ठूलो भौतिक क्षति तथा भविष्यको व्यवसाय सञ्चालनमा पर्न सक्ने वित्तीय प्रभाव (Financial Effect) का सम्बन्धमा वित्तीय विवरणको टिप्पणीमा कुनै खुलासा (Disclosure) गरिएको छैन।

**१८. संस्थानको निरन्तरता (Going Concern) मा तात्विक अनिश्चितताः** संस्थानले आफ्ना वित्तीय विवरणहरू 'अविच्छिन्नताको आधार' (Going Concern Basis) मा तयार पारेको भएता पनि संस्थानको वर्तमान वित्तीय स्थितिले सो मान्यताको निरन्तरतामा तात्विक अनिश्चितता (Material Uncertainty) रहेको सङ्केत गर्दछ। नेपाल लेखामान-१ को अनुच्छेद २५ बमोजिम व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा संस्थानको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्नुपर्ने र यदि सो निरन्तरतामा गम्भीर शङ्का उत्पन्न हुने कुनै घटना वा परिस्थितिहरू (Material Uncertainties) विद्यमान भएमा सोको अनिवार्य खुलासा (Disclosure) गर्नुपर्ने व्यवस्था छ।

संस्थानको सञ्चित नोक्सानी रु.१०७.९० करोड पुगेको र ऋण-पुँजी अनुपात (Debt-to-Equity Ratio) ६.२८:१ देखिएकाले स्व-पुँजीको तुलनामा ऋणको भार उल्लेखनीय रूपमा बढी भई वित्तीय सन्तुलनमा विचलन आएको देखिन्छ। साथै, चालु आर्थिक वर्षको खुद नोक्सानी रु.४३.०६ करोड पुगेको र सञ्चालन आयले प्रशासनिक तथा प्राविधिक खर्चहरू धान्न नसकेको वर्तमान अवस्थाले वित्तीय दायित्व व्यवस्थापनमा जटिलता सिर्जना गरेको छ। विशेष गरी संस्थानले जग्गाको पुनर्मूल्याङ्कनबाट सिर्जना गरेको रु.२.८६ अर्ब बराबरको गैर-नगद प्रकृतिको 'फेयर भ्यालु रिजर्भ' (Fair Value Reserve) लाई गणना नगर्ने हो भने संस्थानको कुल नेटवर्थ (Net-worth) ऋणात्मक हुन जाने देखिन्छ।

यी परिस्थितिहरूले संस्थानले भविष्यमा आफ्नो सञ्चालनलाई 'अविच्छिन्नता' को आधारमा निरन्तरता दिन सक्ने क्षमतामा तात्विक अनिश्चितता विद्यमान रहेको स्पष्ट देखिन्छ। यद्यपि, संस्थानले वित्तीय विवरण 'Going Concern' को मान्यतामा तयार पारे तापनि NAS-1 को अनुच्छेद २५ ले माग गरेबमोजिम यस तात्विक अनिश्चितताको सम्बन्धमा वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीहरू (Notes to Accounts) मा पर्याप्त खुलासा (Adequate Disclosure) गरेको छैन। नेपाल लेखापरीक्षण मान-५७० (NSA 570 Revised) को अनुच्छेद १९ बमोजिम यस्तो तात्विक अनिश्चितताको पर्याप्त खुलासा नभएको अवस्थामा सोको असरलाई लेखापरीक्षकको रायमा प्रतिबिम्बित गर्नुपर्ने व्यवस्था छ। प्रकटीकरणको यस अभावले गर्दा वित्तीय विवरणका प्रयोगकर्ताहरू संस्थानको वास्तविक वित्तीय जोखिम बारे सुसूचित हुन सक्ने अवस्था रहेन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षकअन्तर्गत उल्लेख गरिएको छ। संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)**

लेखापरीक्षणका मुख्य मामिलाले चालु अवधिको वित्तीय विवरणको लेखापरीक्षणमा अत्यधिक महत्वपूर्ण ठानिएका विषयवस्तुहरूलाई जनाउँछ। कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा वर्णन गरिएको विषय बाहेक, यस प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य कुनै मुख्य मामिलाहरु हामीले निर्धारण गरेका छैनौं।

**वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै संस्थानलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूच लगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य कानुनी तथा नियमनकारी व्यवस्थाहरु सम्बन्धी प्रतिवेदन**

**क. खानेपानी महसूल निर्धारणको प्रस्ताव पेश नगरेकोः** संस्थानले यस आर्थिक वर्षमा महसूल तथा अन्य आम्दानीतर्फ रु.१ अर्ब ३ करोड ८८ लाख ६२ हजार प्रस्तुत गरेको छ। नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम खानेपानी तथा ढल निकाससम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र महसूल असुली गर्ने जिम्मेवारी संस्थानको रहेको। त्यस्तै, खानेपानी सेवा प्रदायकले लिने महसूलको सम्बन्धमा "खानेपानी तथा सरसफाई ऐन, २०७९" बमोजिम 'खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग' बाट महसुल निर्धारण तथा पुनरावलोकन हुनुपर्ने कानूनी व्यवस्था रहेको छ। संस्थानले आफ्नो सञ्चालन खर्च स्वयम् धान्न सक्ने गरी लागत र खर्चको विश्लेषण गरी समय-समयमा महसूल पुनरावलोकन तथा परिमार्जनका लागि उक्त आयोग समक्ष कानूनी व्यवस्था अनुरूप प्रस्ताव पेश गर्ने गरेको पाइएन।

**ख. खरिद व्यवस्थापनः** संस्थानले खरिद ऐन र नियमावलीबमोजिम खरिदको गुरु योजना र खरिद योजना तयार गरेको पाइएन। लागत अनुमान तयारीमा प्रभावकारी अनुगमन, गुणस्तर नियन्त्रण, मूल्य र मात्राको मूल्याङ्कन नभएको पाइयो। विस्तृत लागत अनुमान तयार गर्न प्राविधिक नर्मस (Norms) तयार गर्ने आवश्यकता देखिन्छ। शाखागत प्रतिवेदनमा लागत अनुमान र वास्तविक स्थितिमा फरक आएकाले र शीर्षकगत बजेटमा फरक देखिएका उदाहरणहरूले प्राविधिक स्वीकृति र उचित अनुगमनको आवश्यकता देखिन्छ। यसरी बजेट र वास्तविकमा फरक आएको पुष्टि भएपछि लागत अनुमान परिमार्जन गर्ने अभ्यास गर्नुपर्ने देखिन्छ।

संस्थानले सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालनामा कडाई का साथै अन्तरिक नियन्त्रण सुढृद बनाउन आवश्यक प्रशिक्षण दिनुपर्ने देखिन्छ। संस्थानको बजेटको अख्तियारीबमोजिम सोको सही सदुपयोग भए नभएको उचित अनुगमन गर्नका साथै खरिद प्रकृयाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भएको नभएको पुष्टि गर्नुपर्ने देखिन्छ। लेखापरिक्षणको क्रममा खरिद ऐन तथा नियमावली पालना नगरेको, एउटा परियोजना तथा कार्य टुक्राई गराउने, काम लाग्ने जिन्सी र सामानहरुको लेखाजोखा नगरी लागत अनुमान गर्ने, शाखाहरुले मौजुदा सूची तयार नगरेको, लागत व्यवस्थापन प्रभावकारी नभएको, कार्य सम्पन्न लागत अनुमान र सम्झौता (बोलपत्रदाता) सँग मेल नखाने, थोक वा दरभाउ/बोलपत्रबाट खरिद नगरी फुटकर खरिद गर्ने, बोलपत्रदाताको प्राविधिक क्षमता गणना नगर्ने आदि जस्ता कार्यहरुले कुल लागत बढाउनका साथै खर्चमा मितव्ययिता नरहने देखिन्छ।

ग. **आयकर तथा आयकरको परिपालनाः** संस्थानले आयकर ऐन, २०५८ को दफा ९६ ले व्यवस्था गरेबमोजिम आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेश गर्नुपर्ने व्यवस्था भएता पनि संस्थानले हालसम्म कुनै पनि आर्थिक वर्षको आय विवरण पेश गरेको पाइएन।

**घ. कर्मचारी कार्य जिम्मेवारी र अनुशासन सम्बन्धीः** संस्थानको प्रधान कार्यालयमा कार्यरत एक स्थायी कर्मचारीलाई कुनै पनि कार्य जिम्मेवारी नदिइएको र निज कर्मचारी कार्यालय समयमा अनुपस्थित रहने गरेको भएता पनि नियमित रूपमा पारिश्रमिक भुक्तानी भइरहेको पाइयो। नेपाल खानेपानी संस्थान कर्मचारी सेवा सर्तसम्बन्धी विनियमावली, २०४९ को अनुशासन र

आचरणसम्बन्धी व्यवस्थाअनुसार कर्मचारी कार्यालय समयमा अनिवार्य उपस्थित हुनुपर्ने र तोकिएको जिम्मेवारी पुरा गर्नुपर्नेमा सोको पालना भएको देखिएन। कार्य जिम्मेवारी नतोकिनुले व्यवस्थापकीय कमजोरी र हाजिरी गरी कार्यालय समयमा अनुपस्थित रहनुले कर्मचारीको अनुशासनहिनता पुष्टि गर्दछ। नेपाल लेखामान-१९ को मर्म विपरीत सेवा प्राप्त नै नगरी पारिश्रमिक भुक्तानी हुनुले संस्थानको आन्तरिक नियन्त्रण प्रणालीमा गम्भीर प्रश्न खडा गरेको छ। तसर्थ, बिना कार्य सम्पादन भुक्तानी गरिएको पारिश्रमिकको औचित्य पुष्टि हुन नसकेकोले कार्य जिम्मेवारी नतोक्ने जिम्मेवार पदाधिकारी र नियम विपरीत अनुपस्थित रहने सम्बन्धित कर्मचारी दुवैलाई जवाफदेही बनाउनुपर्ने देखिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थानमा २०८३।१।४ मा पठाइएको छ।**

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

#### लेखापरीक्षकको राय

हामीले नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको (यस पछि "कम्पनी" भनिएको) यसै प्रतिवेदनसाथ संलग्न २०८२ आषाढ ३२ गतेको वित्तीय स्थितिको विवरण र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले सारभूत रूपमा कम्पनीको २०८२ आषाढ ३२ गतेको वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप यथार्थ चित्रण गर्दछ।

#### राय व्यक्त गर्ने आधार

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

#### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

#### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत

हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को आवश्यकतासम्बन्धी प्रतिवेदन**

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टिकरणहरू पाएका छौं।

(ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा हाम्रो रायमा, कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएको छ।

(ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय स्थिति विवरण, नाफा/नोक्सान तथा अन्य विस्तृत आम्दानी विवरण, स्वामित्व र नगद प्रवाह विवरण तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुका साथै कम्पनीले राखेको लेखासँग दुरूस्त रहेका छन्।

(घ) हामीले लेखापरिक्षणको समयमा कम्पनीको सञ्चालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

(ङ) हामीले कम्पनीमा राखेको हिसाबकिताब जाँच गर्दा कुनै पनि जालसाजी युक्त कारोवार रहेको प्रमाण हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८२।९।१८ मा पठाइएको छ।**

# वन तथा वातावरण मन्त्रालय

## नेपाल वन निगम

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले नेपाल वन निगम लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०८२ आषाढ ३२ (१६ जुलाई २०२५) को वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाहको विवरण, ईक्विटीमा भएका परिवर्तनको विवरण र प्रमुख लेखानीतिहरू तथा टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, "कैफियत सहितको राय व्यक्त गर्ने आधार" खण्डमा उल्लेख गरिएका विवरणहरूले वित्तीय विवरणमा पर्ने असरबाहेक संलग्न वित्तीय विवरणहरूले कोषको २०८२ आषाढ मसान्त (तदनुसार १६ जुलाई २०२५) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था नेपाल वित्तीय प्रतिवेदनमानअनुसार सारभूत रूपमा यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर गर्ने व्यहोरा निम्नानुसार छन्:

१. **लेखामानः** नेपाल लेखामान १९ (कर्मचारी सुविधा) बमोजिम संस्थाले आफ्ना कर्मचारीहरुलाई दिने दिर्घकालीन लाभहरु उपदान, विदाबापतको रकम र औषधि उपचार सुविधा जस्ता दायित्वको लेखाङ्कन गर्न बिमाङ्की मूल्याङ्कन (Actuarial Valuation) गर्ने व्यवस्था रहेको छ। बिमाङ्की मूल्याङ्कनअनुसार भुक्तानी गर्नुपर्नेमा सो बेगर कर्मचारी सेवा सर्त नियमावली, २०५२ (चौथो संशोधन २०७१ समेत) अनुसार भुक्तानी गर्न रु.५ करोड ८६ लाख ५२ हजार व्यवस्था गरेको छ।

२. **धरौटीः** निगमको २०८२ असार मसान्तमा तिर्न बाँकी धरौटीबापतको रकम रु.३ करोड ५२ लाख १ हजार रहेकोमा निगमले धरौटीको लागि सञ्चालन गरेको एन.एम.बी. बैङ्क (धरौटी खाता) मा रु.६६ लाख १४ हजार रहेकोले तिर्न बाँकी धरौटीभन्दा धरौटी बैङ्क खाताको रकम रु.२ करोड ८५ लाख ८७ हजारले घटी भएको पाइयो। यसरी कम हुनको कारण यकिनसहित बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन। यसरी धरौटी मौज्दात बैङ्कमा घटी देखिएको सम्बन्धमा छानबिन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। नेपाल वन निगम लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं। हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य विषयहरु**

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। ती विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय तयार गर्न सम्बोधन गरिएको छ। हामी यी मामिलाहरुमा अलग राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराबाहेक सञ्चार गर्नुपर्ने मुख्य लेखापरीक्षणका विषयहरु छैनन्।

### वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारीअन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजीको कारण त्रुटि रहित छ भनी तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा सस्थाले अविच्छिन्नताका (Going Concern) कायम गर्न सक्ने/नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ। साथै संस्था वा संस्थाको कारोवारहरु बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छिन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रुपमा जिम्मेवार रहन्छ। सुशासनसँग सम्बन्धित व्यक्तिहरु संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वस्तता प्राप्त गरी आफ्नो रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वस्तता प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण जालसाजी वा त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुको सो गलत वित्तीय विवरणलाई आधार मानी गरेको आर्थिक निर्णयमा प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरु देहायमा उल्लेख छः

१. वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु

जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरुको पालना सम्बन्धी प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाका हिसाबकितावहरु मौन रायका आधारमा उल्लेखित आधारबाहेक प्रचलित ऐनबमोजिम ठिकसँग राखिएका छन्।

३. यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा संस्थाको कारोवार सन्तोषजनक रुपमा सञ्चालन भएको र संस्थाको अख्तियारीभन्दा बाहिर रहेर गरेको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस निगममा २०८२।१२।२७ मा पठाइएको छ।**

# नेपाल वन निगम (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको लेखापरीक्षकको राय

हामीले नेपाल वन निगम लिमिटेडको (साविक द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड) यसैसाथ संलग्न ३१ असार २०८१ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब तथा अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण, ईक्विटिमा भएको परिवर्तनसम्बन्धी विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो राय, बुँदा नं. २ मा औंल्याईएका विषयले वित्तीय विवरणमा पार्ने असरबाहेक, संलग्न वित्तीय विवरणले नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम नेपाल वन निगम लिमिटेडको २०८१ आषाढ मसान्तको आर्थिक स्थिति तथा उक्त अवधिको आम्दानी र खर्चको विवरण र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर गर्ने व्यहोरा निम्नानुसार छन्:

१. निगमले नेपाल लेखामान १९ बमोजिम कर्मचारीको अवकाश सुविधालगायत दीर्घकालीन दायित्वको एक्चुरियल मूल्याङ्कन गर्नुपर्ने व्यवस्था भएकोमा निगमले आर्थिक वर्षको अन्त्यमा कर्मचारी सेवा सर्त विनियमावलीमा भएको व्यवस्थाबमोजिम समयावधिलाई गणना गरी दीर्घकालीन दायित्व लेखाङ्कन गर्ने गरेको देखियो।

२. यो वर्ष धरौटी तथा अग्रिम भुक्तानी रु.३ करोड १८ हजार ९९ हजारमा भक्तपुरको जग्गा बिक्री तथा धरौटीबापतको रु.२ करोड २० लाख १ हजार र अन्य धरौटीबापतको रु.९८ लाख ९९ हजार समावेश रहेकोमा निगमको एन.एम.बी. बैङ्कको (धरौटी खाता) मा रु.२१ लाख ८८ हजार मौज्दात रहेकोले बैङ्कमा रु.२ करोड ९७ लाख ११ हजारको घटी देखिएको छ। निगमले घटी देखिएको उक्त रकमको हिसाब मिलान गरेको छैन।

३. केन्द्रीय भवन भएको १९ रोपनी जग्गा टि.सी.एन. को नाममा मोही भनी जग्गा धनी प्रमाणपुर्जामा उल्लेख भएता पनि करिब २.५ (अनुमानित) रोपनी भोग चलन गर्दै आएको देखिन्छ। निगमको नाममा उल्लेखित जग्गा नामसारी भएको देखिएन।

हामीले नेपाल लेखापरीक्षणमान र कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गरेका छौं। ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि यथोचित आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य विषयहरु

लेखापरीक्षणका मुख्य विषयहरु हाम्रो निर्णयमा आधारित विषयहरु हुन् जुन वर्तमान अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छ, जसलाई समग्र रुपमा अन्तिम विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय निर्माण गर्न सम्बोधन गरिएको थियो। हामीले यी विषयहरुमा अलग राय प्रदान गर्दैनौं। संस्थाको लेखापरीक्षणको मुख्य विषयहरु छैन।

### वित्तीय विवरणहरु उपर व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजीको कारण त्रुटि रहित छ भनी तयारी र प्रस्तुतीकरण

गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा निगमले अविच्छिन्नताका कायम गर्न सक्ने/नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ। साथै संस्था वा संस्थाको कारोवारहरु बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छिन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रुपमा जिम्मेवार रहन्छ। सुशासनसँग सम्बन्धित व्यक्तिहरु संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन्।

### लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरु सम्पूर्ण वित्तीय विवरणहरु सारभूत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गरी लेखापरीक्षणको प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु ठगी, गल्ती वा जालसाजी निम्तिन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदि प्रयोगकर्ताहरुको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ।

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण जालसाजी वा त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुको सो गलत वित्तीय विवरणलाई आधार मानी गरेको आर्थिक निर्णयमा प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ।

### लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु

- वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरुको पालना सम्बन्धी प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेस गर्दछौं कि:

- हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं।
- हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाका हिसाबकिताबहरु मौन रायका आधारमा उल्लेखित आधारबाहेक प्रचलित ऐनबमोजिम ठिकसँग राखिएका छन्।
- यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।
- हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा संस्थाको कारोवार सन्तोषजनक रुपमा सञ्चालन भएको र संस्थाको अख्तियारीभन्दा बाहिर रहेर गरेको हाम्रो जानकारीमा आएन।
- संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस निगममा २०८२।२।७ मा पठाइएको छ।**

# वन पैदावर विकास समिति (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले वन पैदावर विकास समितिको यसैसाथ संलग्न २०८१ आषाढ मसान्तको आयव्यय हिसाब लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियतसहितको राय दिने आधार खण्डमा उल्लेख गरिएका विषयले पार्ने असरबाहेक वन पैदावर विकास समितिको वित्तीय विवरणहरुले २०८१ आषाढ मसान्तको प्राप्ति र भुक्तानीको यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय दिने आधार

कैफियत सहितको राय व्यक्त गर्ने आधार देहायबमोजिम रहेका छन्:

१. वन पैदावर विकास समितिको वित्तीय विवरणमा २०८१ आषाढ मसान्तको प्राप्ति र भुक्तानी विवरण मात्रै संग्लन छ। समितिको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सम्पूर्ण आय विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण, साथै महत्वपूर्ण लेखानीतिहरूको संक्षिप्तसहितका टिप्पणीहरू समावेश गरिएको छैन।

२. राष्ट्रिय गौरवको आयोजनामा परेको मेची महाकाली रेल मार्गको सिमरा-बर्दिबास खण्डमा पर्ने सागरनाथ वन विकास परियोजनाको क्षेत्रभित्र पर्ने जग्गा प्रयोग गर्न दिने, त्यसमा रहेका रुखहरु हटाउने तथा नदीजन्य निर्माण सामग्रीहरु भारी उपकरण प्रयोग गरी सङ्कलन एवम् प्रयोग गर्न नेपाल सरकार मन्त्रिपरिषद्को म.प.वै.स. ६१/०७३, २०७३।१२।३ मा निर्णय भएअनुसार उक्त रेल मार्ग निर्माण कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको वन क्षेत्रमा हुन सक्ने क्षतिको न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने हेतूले वन तथा भू-संरक्षण मन्त्रालय वन विकास समिति र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रेल विभागबीच २०७४।१।११ मा सम्झौता भएको पाइयो। क्षति न्यूनीकरण गर्न २०७४।१।७ मा समितिले रु.३ करोड १८ लाख ७५ हजारको लागत इष्टिमेट गरेकोमा पेस्की स्वरुप रु.१ करोड पचास लाख उपलब्ध गराउने र कार्य प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी सम्झौता भएको देखिन्छ। उक्त कार्यको लागि हालसम्म के कति रकम निकासा तथा खर्च भएको सम्बन्धमा एकीकृत विवरण तयार गरी राख्नुपर्नेमा लेखापरीक्षणको क्रममा हामीलाई सोको विवरण उपलब्ध नहुनाले वन क्षेत्रमा हुन सक्ने क्षतिको न्यूनीकरणका उपायहरु अवलम्बन गर्न परियोजनाले गरेको कार्यको प्रगति उपर यकिन गर्न सकिएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गरी सो मान अनुरुप हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षणको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वन पैदावर विकास समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित महालेखापरीक्षकको कार्यालयका कर्मचारीको आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका बुँदाहरु

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य बुँदाहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवम् व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोराबाहेक अन्य थप लेखपरीक्षणका मुख्य बुँदाहरु रहेका छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारीअन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविच्छिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार वहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मानसिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकार लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य मुख्य बुँदाहरु निम्नानुसार छन्:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरिक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस समितिमा २०८२।२।२९ मा पठाइएको छ।**

# शहरी विकास मन्त्रालय

## नगर विकास कोष

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले नगर विकास कोषको यसै प्रतिवेदनसाथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण एवम् वित्तीय विवरणसँग सम्बन्धित प्रमुख लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा, कैफियत सहितको रायका आधारहरूमा उल्लेख गरिएका विवरणहरूले वित्तीय विवरणमा पर्ने असरबाहेक संलग्न वित्तीय विवरणहरूले कोषको २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको अवस्था प्रचलित कानूनका अधिनमा रही कोषलाई लागू हुने नेपाल वित्तीय प्रतिवेदनमानअनुसार सारभूत रूपमा यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको रायका आधार**

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** कोषले नेपाल वित्तीय प्रतिवेदनमानअनुसार लगानी भएका कर्जाहरूको Incurred Loss Model अनुसार क्षयीकरण गणना गरेको छ। यो वर्षसम्म कोषले ऋण तथा सापटीको क्षयीकरणको मूल्याङ्कन गर्दा Incurred Loss Model अनुसार रु.९० करोड ७१ लाख ३८ हजार क्षयीकरणको व्यवस्था गरेको छ। कोषले नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुरूप Expected Credit Loss Model (ECL) अनुसारको क्षयीकरणको गणना गर्नुपर्दछ।

२. कोषले सम्बन्धित आयोजनासँग भएको सम्झौताअनुसार सहुलियत अवधिसहित विभिन्न आयोजनालाई प्रवाह भएको ऋणमा सहुलियत अवधिको ब्याज तथा अन्य निर्णयबमोजिमका रकम वार्षिक रूपमा पुँजीकृत गर्ने गरिएको छ। कोषले २०८१।८२ मा १० आयोजनाको सहुलियत अवधिको ब्याज रू.१ करोड ५२ लाख २४ हजार तथा अन्य निर्णयबमोजिमको १ आयोजनाको ब्याज रू.५८ लाख ६६ हजार गरी कुल रू.२ करोड ११ लाख ब्याज पुँजीकृत गरेको छ। साथै कोषले २०८१।८२ मा २ आयोजनाको २ वटा ऋण पुनर्संरचना गरेको छ। सो अवधिमा भाखा नाघेको ब्याज रकमको कम्तिमा २५ प्रतिशत असुलउपर गरी ऋण पुनर्संरचना गर्नुपर्नेमा यस वर्षमा खानेपानी उपभोक्ता संस्थामा रू.५८ लाख ६६ हजार भाखा नाघेको ब्याज र रू.४ करोड ३ लाख ५६ हजारको भाखा नाघेको सावाँ पुनर्संरचना गरेको देखियो। यसरी ब्याजको पुँजीकरण र ऋणको पुनर्संरचना गर्दा कोषको वित्तीय स्थितिमा प्रभाव पार्न सक्छ।

३. **भाखा नागेको साँवाः** रत्ननगर नगरपालिकामा लगानी भएको Bus Bays परियोजनाको (२०६६।५।२९ गते लगानी भएको तथा २०७१।१०।१ गतेदेखि भाखा नाघेको) सडक लेनलगायतका संरचना विस्तारको क्रममा नष्ट भएकोले उक्त Bus Bays परियोजना हाल सञ्चालनमा रहेको छैन। उक्त परियोजनाको रु.१ करोड ३५ लाख ६३ हजार सावाँ भाखा नाघेको देखिएको छ। उक्त परियोजनाको लगानी, जोखिममा परेको छ।

४. **आयोजनाहरुको मौज्दात समर्थन (Balance Confirmation) प्राप्त नभएकोः** नगर विकास कोषको कार्य सञ्चालन निर्देशिका (TDF Standard Operating Procedures – SOP), २०६९ मा आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्ना ऋणीहरुसँग भुक्तानी गर्न बाँकी सावाँ ब्याज रकमको आँकडासम्बन्धित ऋणीहरु समक्ष पठाई सोको मौज्दात समर्थन गराउनुपर्ने व्यवस्था गरिएको छ। कोषले ऋण लगानी उठाउन बाँकी रहेका १४६ वटा सम्बन्धित नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरूलाई मौज्दात समर्थनपत्र पठाएकोमा, ३३ वटा संस्थाबाट मात्र मौज्दात समर्थन प्राप्त भएको पाइयो। बाँकी ११३

वटा नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरूबाट रु.८ अर्ब २८ करोड ५९ लाख ११ हजारको समर्थन प्राप्त भएको देखिएन। यसर्थ उक्त मौज्दात रकम यकिन गर्न सकिएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षकअन्तर्गत उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्न कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराबाहेक सञ्चार गर्नुपर्ने कुनै पनि मुख्य लेखापरीक्षणका विषयहरु छैन।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्न जिम्मेवारी कोषको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आँकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै कोषलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कोषको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कोषको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भुलबाट मुक्त रहे नरहेको सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वस्तता प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वस्तता प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु सरोकारवालाहरुले त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।
२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजना रहेको छैन।
३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सन्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कोषको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८२।११।१० मा पठाइएको छ।**

# राष्ट्रिय आवास कम्पनी लिमिटेड

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले राष्ट्रिय आवास कम्पनी लिमिटेडको यसै प्रतिवेदनसाथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण तथा विस्तृत आम्दानी विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीतिहरु लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित बेहोराले पार्ने असरबाहेक राष्ट्रिय आवास कम्पनी लिमिटेडको २०८२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम सारभूत रुपमा सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **कर्मचारी सुविधाः** वित्तीय विवरणमा कर्मचारीको लागि व्यवस्था (अनुदान र अन्य दीर्घकालीन सुविधा) रु.३ करोड १५ लाख १७ हजार (चालु दायित्वमा - रु.४१ लाख ३३ हजार र गैर चालु दायित्वमा - रु.२ करोड ७३ लाख ८४ हजार) कम्पनीको ग्रामिण आवास कम्पनी लिमिटेड, कर्मचारी सेवा सर्त विनियमावली, २०४९ (प्रथम संशोधन, २०६५) को विनियम ८.३ अनुसार उपदान, विनियम ५.१.१ (घर बिदा) तथा विनियम ५.१.२ (बिरामी बिदा) अनुसार सञ्चित बिदा र विनियम ९.४ अनुसार औषधि उपचारको लेखाङ्कन गरिएको छ। सो व्यवस्था लेखामान १९ "Employee Benefits" को para ५७ अनुसार Projected Unit Credit Method बाट कर्मचारीको व्यवस्थाको मूल्याङ्कन र लेखाङ्कन नगरिएको पाइयो।

२. **जग्गा अतिक्रमणः** वित्तीय विवरणको लेखा टिप्पणी ३.७ अनुसार कम्पनीको योजना कार्यालय झापा, नवलपरासी, बर्दिया तथा कञ्चनपुरअन्तर्गत रहेका जग्गाहरु कम्पनीको स्वामित्वमा भएता पनि विभिन्न संस्था तथा व्यक्तिद्वारा ७९ हजार ७८४ दशमलब ८२ वर्ग मिटर अतिक्रमण भएको भनी २०७५।७६ देखिको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएकोमा हालसम्म पनि यसमा छानविन तथा यकिन गरिएको देखिएन। अतिक्रमणसम्बन्धी अद्यावधिक अभिलेख कम्पनीमा उपलब्ध हुन सकेन। यसर्थ, अतिक्रमणको वास्तविकता यकिन गर्न सकिएन।

३. **आम्दानी लेखाङ्कनः** कम्पनीसँग सम्बन्धित आन्तरिक राजस्व कार्यालयको अनुसूची १० सँग वित्तीय विवरणमा लेखाङ्कित अग्रिम आयकरको Reconciliation गर्दा रु.१ लाख ३५ हजार (जग्गा बिक्री आम्दानी रकमः रु.९० लाख २ हजार, अग्रिम आयकरलाई १.५ प्रतिशतले भाग गर्दा हुन आउने रकम) बराबरको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको तर वित्तीय विवरणमा उक्त जग्गाको आम्दानी र मालपोत कार्यालयमा तिरेको लाभकरको लेखाङ्कन नभएको र लेखा टिप्पणीमा पनि Disclose नगरिएको अवस्था छ।

४. **सम्पत्ति लेखाङ्कनः** कम्पनीले चालु सम्पत्तिमा गैर चालु सम्पत्ति, खर्च तथा अन्य कार्यालय उपकरणहरु लेखाङ्कन गरेको पाइयो। यस आर्थिक वर्षमा चालु र गैर चालु सम्पत्तिको विश्लेषण नगरी रु.४ लाख ७ हजारमा Air conditioner र अलुमिनियम इयाललगायतका सामान खरिद गरी चालु सम्पत्तिमा (उपभोग्य सामग्रीमा) लेखाङ्कन गरिएको छ।

५. **जग्गा मौज्दातः** कम्पनीको योजना कार्यालय झापाको जग्गा धनीपूर्जाको परीक्षण गर्दा कम्पनीको नाममा मेची नगरमा ४३ हजार १७२ वर्ग मिटर र पृथ्वीनगरमा १२ हजार ४१२ दशमलब ९३ वर्ग मिटर धनीपूर्जा भएता पनि मौज्दातमा मेची नगरमा ३२ हजार ६९३ वर्ग मिटर र पृथ्वीनगरमा १ हजार ६१५ दशमलब १५ वर्ग मिटर मात्र लेखाङ्कन गरेको पाइयो। पर्याप्त र उपयुक्त प्रमाण प्राप्त हुन नसकेकोले जग्गा मौज्दातको सत्यता पुष्टि गर्न सकिएन।

६. **सम्भावित दायित्वः** कम्पनीसँग सम्बन्धित मुद्दाहरु (सर्वोच्च अदालतमा-३, जिल्ला अदालतमा-४ र उच्च अदालतमा-१) विचाराधीन तथा फैसला कार्यान्वयनको क्रममा रहेका छन्। तिमल्सिना ट्रेडर्सलाई सर्वोच्च अदालतले जग्गा हस्तान्तरण गर्न परमादेश दिएको र जग्गा धरौटी रु.१ करोड ८२ लाख २९ हजार प्राप्त भएता पनि जग्गाको रेखाङ्कन गर्ने ठेकेदार (महाशक्ति निर्माण सेवा प्राइभेट लिमिटेड) बाट २०८२।६।२ मा योजना कार्यालय नवलपरासीको दर्ता नं. २०९ मा दर्ता भएको निवेदनअनुसार स्थानीय जनताको विरोधका कारण जग्गा हस्तान्तरण प्रक्रिया पूर्ण हुन नसकेको उल्लेख छ। सम्पूर्ण मुद्दा तथा दाबीहरुको विश्लेषण तथा सम्भावित दायित्वको यकिन तथा लेखा टिप्पणीमा Disclose गरेको देखिएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## प्रमुख लेखापरीक्षण विषयहरु (Key Audit Matters)

प्रमुख लेखापरीक्षण विषयहरू त्यस्ता व्यहोराहरू हुन् जुन यस आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षण कार्यका लागि महत्वपूर्ण रहेका तथा महत्वपूर्ण गलत विवरण र धेरै जोखिम रहेको विषयवस्तु (जालसाजीका कारण वा अन्य) एवम् लेखापरीक्षण नीति, स्रोत बाँडफाँट, लेखापरीक्षणको समयमा बढी प्रभाव पार्ने विषयवस्तुहरू पर्दछन्। प्रमुख लेखापरीक्षण विषयहरू वित्तीय विवरणहरूको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरू उपर लेखापरीक्षकको राय तयार गर्दा सम्बोधन गरिएको हुनाले उक्त विषयहरू उपर हामी छुट्टै राय व्यक्त गरेका छैनौं।

| लेखापरीक्षणका प्रमुख विषयहरु | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| कम्पनीको योजना कार्यालय नवलपरासी लेखापरीक्षणमा जान अगावै २०८२ भदौ २४ गतेको राष्ट्रव्यापी आन्दोलनका क्रममा कम्पनीको नवलपरासी शाखा कार्यालयमा आगलागी र तोडफोडबाट क्षतिग्रस्त भएको कुरा प्रहरीमा दर्ता भएको मुचुल्का (मितिः २०८२।६।२) बाट प्राप्त भयो। मुचुल्काअनुसार कार्यालयका सबै भौतिक भौचर, बिजक, सूची, तथा सम्पूर्ण कागजातहरु नष्ट भएको उल्लेख छ। | कम्पनीले म्यानुअल लेखा प्रणालीमा हिसाब राख्ने भएकाले स्रेस्ताबाट प्रमाणित गर्न नसकिएको कारणले वैकल्पिक लेखाविधि (Alternative Audit Procedures) बाट निरीक्षण गरियो। (Alternative Audit Procedures) देहायबमोजिम गरियो।<br>• एक लाख भन्दा बढी कारोबार भएको सम्बन्धित पक्षहरूबाट प्राप्त भएको confirmation र वित्तीय विवरणको पुष्टिकरण<br>• कम्पनीको बैंक स्टेटमेन्ट र कारोबारको पुष्टिकरण<br>• अन्तरिक राजस्व विभागमा दाखिला भएको पुँजीगत तथा लाभकर र Reverse Calculation बाट बिक्रि तथा खर्चको जाँच |
| **जग्गा मौज्दात सम्बन्धमा** | |
| कम्पनीको वित्तीय विवरणमा रु.५ करोड १५ लाख ५३ हजारको जग्गा मौज्दात रहेको छ। कम्पनीले जग्गा मौज्दातलाई खरिद मुल्यसँग सिधा सम्बन्धित खर्चहरु थपेर वर्ग मिटरको हिसाबमा मूल्याङ्कन गरेको छ। | लेखापरीक्षणमा निम्न विधिबाट जग्गा मौज्दातको परिक्षण गरियो:<br>• जग्गा धनि पुर्जा र जग्गा मौज्दातमा भएको जग्गा र क्षेत्रफलको मिलान<br>• जग्गा मौज्दातमा मूल्याङ्कन गरिएको प्रत्यक्ष सम्बन्धित खर्चहरूको प्रकृति र सिद्धान्तको आधारमा गणितीय शुद्धता मूल्याङ्कन<br>• योजना कार्यालय झापाको जग्गा मौज्दात कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा व्यक्त गरेको कारणले पुष्टि गर्न सकिएन । |

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले सो कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु

जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐनको दफा ११५(३) को बमोजिम गर्नुपर्ने थप प्रतिवेदन**

१. हामीले लेखापरीक्षणको सिलसिलामा सोधनी तथा कैफियत गरेको कुराहरुको जवाफ पायौं।

२. लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाबकिताब र विवरणहरु ऐनबमोजिम ठिकसँग राखिएको छ।

३. वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण यो प्रतिवेदनले जनाएअनुसार कम्पनीले जनाएको लेखाअनुसार दुरुस्त छ।

४. हामीलाई लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका जानकारी एवम् स्पष्टिकरणको आधारमा कम्पनीको सञ्चालक समिति वा प्रतिनिधि वा कर्मचारीले कानून विरुद्ध कामकाज गरेको वा प्रत्यक्ष रुपमा वेहिसाब गरेको वा कम्पनीलाई हानी/नोक्सानी गरेको निम्न सूचना हाम्रो जानकारीमा आएको छ।

राष्ट्रिय आवास कम्पनी लिमिटेड आर्थिक विनियमावली, २०७३ को विनियम १७९ अनुसार कम्पनीको कामकाजको लागि केन्द्रीय कार्यालयको हकमा महाप्रबन्धक र अन्य कार्यालयको हकमा कार्यालय प्रमुखको स्वीकृतिमा पेस्की दिन सकिने व्यवस्था छ। घरायसी काम काजका लागि पेस्की दिने व्यवस्था देखिँदैन। दुई जना कर्मचारीले २०७५।७६ र २०७६।७७ मा गरी रु.७ लाख ९५ हजार कार्यालय प्रमुखको स्वीकृतिमा घरायसी कामको लागि पेस्की लगेको देखियो। सो पेस्की रकमसमेत गत विगत वर्षदेखि फर्स्यौट हुन बाँकी केन्द्रीय तथा योजना कार्यालयसमेतमा गरी १० जना कर्मचारीको रु.३४ लाख ३३ हजार पेस्की हालसम्म फर्स्यौट गरेको छैन।

कम्पनीको अख्तियारीबेगर कम्पनीका कर्मचारीले विपक्षीसँग मिलापत्र गरी विपक्षीलाई दिलाएको १५ कट्ठा जग्गा बदर गरी पाउँ भनी कम्पनीले मुद्दा दायर गरेकोमा सम्मानित जिल्ला अदालत बुटवलको २०८१ बैशाख तथा सम्मानित उच्च अदालत तुलसीपुरबाट २०८२ जेठमा कम्पनीको पक्षमा फैसला भएको देखिन्छ। यसरी कम्पनीको हित विपरीत कार्य गरेको अवस्थामा पदाधिकारीलाई जिम्मेवार बनाएको देखिँदैन।

५. हामीले लेखापरीक्षणको सिलसिलामा कम्पनीमा लेखासम्बन्धी कुनै जालसाजी भएको देखेनौं।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कम्पनीमा २०८३।१।११ मा पठाइएको छ।**

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०८०।८१)

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तिय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य विस्तृत आम्दानी विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीतिहरु लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तिय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको २०८१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल वित्तीय प्रतिवेदन मानबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **नगद तथा बैङ्क मौज्दात**

कम्पनीको केन्द्रीय कार्यालयको नगद तथा बैङ्क मौज्दातको विवरण परीक्षण गर्दा ४ वटा बैङ्कमा कुल रु.६७ लाख ८५ हजार फरक भेटियो भने दुई बैङ्कको ब्यालेन्स सर्टिफिकेट भने उपलब्ध गराइएन। यस सम्बन्धी सारांश विवरण देहायबमोजिम रहेको छ।

| विवरण | २०८०।८१ (रु.) | | फरक (रु.) |
|---|---|---|---|
| | वित्तिय विवरणमा | ब्यालेन्स सर्टिफिकेटमा | |
| ग्लोबल आइ.एम.ई. बैङ्कमा | ४७१,२८९.८६ | ४७०,७८९.८६ | ५००.०० |
| नबिल बैङ्कमा | ३,२९०,४७४.२८ | ३,४९०,४७४.२८ | (२००,०००.००) |
| नेपाल बैङ्कमा | ४०,४२७.७९ | उपलब्ध नभएको | यकिन नभएको |
| राष्ट्रिय वाणिज्य बैङ्क, सानो ठिमीमा | १८,५४७,९३१.८७ | १८,५२६,७५८.६२ | ०.४५ |
| राष्ट्रिय वाणिज्य बैङ्क, ठिमीमा | (५,०२५,७१३.९०) | १,५५९,६६५.९८ | (६५,८५,३७९.८८) |
| स्ट्यान्डर्ड चार्टड बैङ्कमा | ५५७,०४२.३२ | उपलब्ध नभएको | यकिन नभएको |
| शाखाको बैङ्क मौज्दात | ३,८७३,९३१.१५ | उपलब्ध नभएको | यकिन नभएको |
| **जम्मा** | **२१,७५५,३८३.३७** | | |

२. **नेपाल सरकारबाट प्राप्त रकम सम्बन्धमा**

नेपाल सरकारले विगतमा कम्पनीलाई उपलब्ध गराएको सामग्रीको मौज्दातबापत लगानी दायित्व हिसाबमा अन्य चालु दायित्वअन्तर्गत रु.७४ लाख ४६ हजार विगत वर्षदेखि देखाउँदै आएकोमा दिनुपर्ने/नपर्ने सम्बन्धमा अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रकबाट समर्थन पत्र लिई हिसाब टुङ्गो लगाउनुपर्ने देखिन्छ।

### ३. शाखा हिसाब सम्बन्धमा

केन्द्र र शाखाहरू बीचको हिसाब मिलान गर्दा निम्नानुसार रु.३ करोड ६६ लाख ८६ हजारको मिलान हुन बाँकी रहेको देखिन्छ। यस्तो ठूलो अन्तर रकम हिसाब मिलान गर्न बाँकी हुनाले यसमा छानबिन गरी टुङ्गो लगाउनुपर्ने देखिन्छ।

| विवरण | रकम (रु.) |
|---|---|
| खुद मिलान हुन बाँकी शाखा मौज्दात | ४,०७,७९,०१०.४८ |
| समायोजन | (२,१९,३८,८४७.९९) |
| **खुद मिलान हुन बाँकी समायोजित मौज्दात** | **१,८८,४०,१६२.४९** |
| खुद शाखा खाता | १,७८,४५,४६१.७२ |
| **कुल मिलान हुन बाँकी मौज्दात** | **३,६६,८५,६२४.२१** |

### ४. अग्रिम कर सम्पत्ति सम्बन्धमा

कुनै अग्रिम कर सम्पत्ति दाबी गर्न वा कर दायित्वसँग मिलान गर्न सो अग्रिम कर सम्पत्ति आन्तरिक राजश्व विभागको इन्टिग्रेटेड ट्याक्स सिस्टमको अनुसूची १० प्रणालीमा देखिनुपर्छ, जसमा नियमानुसार करकट्टी वा अग्रिम कर तिरेको निस्सा र विवरण समय सीमामा पेस गरेको हुनुपर्दछ। कम्पनीले वित्तीय विवरणमा प्रस्तुत गरेको र अनुसूची १० प्रणालीमा देखिएको रकममा रु.३ करोड ६२ लाख ७१ हजारको भिन्नता रहेको छ। सो रकमको हिसाब मिलान गरिएको छैन। यसमा व्यवस्थापनले छानबिन गरी टुङ्गो लगाउनुपर्दछ। सो सम्बन्धी विवरण निम्नानुसार रहेको छः

| विवरण | वित्तीय विवरण अनुसार | अनुसूची १० अनुसार | फरक रकम |
|---|---|---|---|
| अघि ल्याइएको | ५,८४,२०,२४४।०० | ३,४१,७०,६५६।२३ | २,४२,४९,५८७।७७ |
| २०८०।८१ को | १,५५,३१,८४५।३१ | ३५,०९,९५५।७१ | १,२०,२१,८८९।६० |
| **जम्मा** | **७,३९,५२,०८९।३१** | **३,७६,८०,६११।९४** | **३,६२,७१,४७७।३७** |

### ५. बिक्री हिसाब सम्बन्धमा

व्यवस्थापनद्वारा प्रस्तुत वित्तीय विवरणअनुसार बिक्री र अन्य बिलयोग्य आम्दानीको जम्मा रकम रु.१ करोड ६० लाख ४५ हजार सरल बिलिङ्ग सफ्टवेयरद्वारा जारी बिक्री रजिस्टरभन्दा कम रहेको देखिन्छ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | वित्तीय विवरणबमोजिम कुल बिक्री (बिक्रीमा छुट बाहेक) | २,०६,८४,२१,३७८ |
| २ | वित्तीय विवरणबमोजिम अन्य आम्दानी | ९,०६,६९,८८३ |
| ३ | बिजक जारी गर्नु नपर्ने रकम | २०,६५,१७,२१८ |
| ४ | बिजक जारी गर्नुपर्ने रकम (१+२-३) | १,९५,२५,७४,०४३ |
| ५ | बिक्री खाताबमोजिम रकम | १,९६,८६,१९,०५४ |
| **६** | **वित्तीय विवरणमा कम बिक्री रकम (५-४)** | **१,६०,४५,०११** |

### ६. ओभरड्राफ्ट ऋण

लिमिटेडले राष्ट्रिय वाणिज्य बैङ्कबाट रु.७५ करोड रुपैयाँको सीमा भएको ओभरड्राफ्ट ऋण लिएको छ। बैङ्क सर्टिफिकेट अनुसार सो ऋणको मौज्दात रु.४० करोड ३४ लाख ५ हजार रुपैयाँ हुनुपर्नेमा कम्पनीले वित्तीय विवरणमा रु.२ करोड १९ लाख रुपैयाँ बढि हुने गरि रु.४२ करोड ५३ लाख ५ हजार रुपैयाँ ऋण देखाएको छ। यसको वास्तविकता यकिन गरिनुपर्दछ।

### ७. विविध साहु

विविध साहु शीर्षकअन्तर्गत रु.६ करोड ५७ लाख ५३ हजार रुपैयाँ मौज्दात बाँकी रहेको छ। यसमध्ये ३५६ जना साहुहरूको रु.२ करोड १९ लाख ८९ हजार रुपैयाँ मौज्दात एक वर्षभन्दा बढी समयदेखि अचल रहेको छ भने रु.१ करोड ७५ लाख ५४ हजार रुपैयाँ २०६१।६२ देखि नै फछर्यौट हुन बाँकी छ। यस्ता पुराना मौज्दातहरूका सम्बन्धमा सम्बन्धित साहुहरूबाट कुनै पनि पुष्टिकरण प्राप्त नभएकाले उक्त मौज्दातहरूको यथार्थता, दायित्वको अस्तित्व तथा फछर्यौट योग्यता यकिन गरी हिसाब अद्यावधिक गर्नुपर्दछ।

### लेखापरीक्षणको मुख्य कुराहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। उक्त विषयवस्तुहरु लेखापरीक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकीय व्यवस्था प्रति जिम्मेवारी लिनेलाई सूचित गरिएको विषयवस्तुहरु मध्येबाट गरिएका छन्। वित्तीय विवरणको लेखापरीक्षण र राय व्यक्त गर्नको लागि ती कुराहरु प्रस्तुत गरिएको छ र ती कुराहरु उपर छुट्टै राय व्यक्त गर्दैनौ। हाम्रो प्रतिवेदनमा जानकारी गराउनको लागि देहायका विषयवस्तुहरु लेखापरीक्षणका मुख्य कुराहरु हुन् भनी ठानेका छौं।

| लेखापरीक्षणको मुख्य कुराहरु | लेखापरीक्षणमा यस विषय कसरी सम्बोधन गरियो |
|---|---|
| **कम्पनीको आम्दानी**<br>कम्पनीको आम्दानीमा Other Text Books, SEE Answer Sheet, CTEVT Answer Sheet तथा Printing Service Charges बाट प्राप्त राजस्वको हिस्सा उल्लेखनीय रहेको छ। विभिन्न प्रकृतिका आम्दानी स्रोतहरू भएकोले राजस्वको पूर्णता (completeness), सही अवधि (cut-off) र सही मूल्याङ्कन (accuracy) सम्बन्धी जोखिम विद्यमान रहेको छ। त्यसैले, आम्दानीको पहिचान र मापनलाई हामीले Key Audit Matter को रूपमा लिएका छौं। | यस विषयलाई सम्बोधन गर्न हामीले कम्पनीको आम्दानी पहिचान सम्बन्धी नीतिहरूको मूल्याङ्कन गर्यौं। नमूना आधारमा बिक्री बिल, सम्झौता/अर्डर, डेलिभरी तथा सम्बन्धित समर्थन कागजातहरू परीक्षण गर्यौं। साथै, राजस्वको परीक्षण, विश्लेषणात्मक प्रक्रिया तथा व्यवस्थापनसँगको छलफलमार्फत् राजस्व सही रूपमा लेखाङ्कन भएको छ कि छैन भनी पुष्टि गर्यौं। |
| **सञ्चालन खर्च**<br>कम्पनीको सञ्चालन खर्चअन्तर्गत कागज, मसी तथा अन्य कच्चा पदार्थ, इन्धन, विद्युत तथा पानी, मेसिन मर्मतसम्भार, मुद्रणसम्बन्धी खर्च, बीमा खर्च, ह्रास कट्टी खर्च तथा अमूर्त सम्पत्तिको क्षय खर्च जस्ता खर्चहरुको रकम उल्लेखनीय रहेको छ। खर्चका विभिन्न प्रकृति र ठूलो परिमाणका कारण खर्चको पूर्णता, सही वर्गीकरण तथा सही मूल्याङ्कन सम्बन्धी जोखिम विद्यमान रहेको छ। त्यसैले, सञ्चालन खर्चलाई हामीले Key Audit Matter को रूपमा लिएका छौं। | यस विषयलाई सम्बोधन गर्न हामीले कम्पनीको खर्च पहिचान तथा वर्गीकरण सम्बन्धी लेखा नीतिहरूको मूल्याङ्कन गर्यौं। नमूना आधारमा खर्चसँग सम्बन्धित बिल, भौचर, सम्झौता तथा भुक्तानी प्रमाणहरूको परीक्षण गर्यौं। साथै, विश्लेषणात्मक प्रक्रिया र व्यवस्थापनसँगको छलफलमार्फत् खर्चहरू उचित रूपमा लेखाङ्कन भएको छ कि छैन भनी पुष्टि गर्यौं। |

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी केन्द्रको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले केन्द्रको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, केन्द्रलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको

कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। केन्द्रको व्यवस्थापनको लागि उत्तरदायी पक्षले केन्द्रको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षण मानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेको स्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाबकिताब सम्बन्धित ऐनबमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठिकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु संस्थाले राखेका हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस केन्द्रमा २०८२।१२।१० मा पठाइएको छ।**

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## तारा गाउँ विकास समिति (२०७९।८०)

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले तारा गाउँ विकास समिति (यसपछि "संस्था" भनिएको। यसै प्रतिवेदनसाथ संलग्न २०८० आषाढ ३१ (१६ जुलाई २०२३) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणमा लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक समितिको वित्तीय विवरणले २०८० असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आयव्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुः**

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थाहरूलाई २०७३।७४ बाट लागू हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रूपरेखा नेपाल लेखामानदेखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७९।८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **समितिको पुँजी तथा कोषहरुः** समितिको पुँजी रु.११ लाख ५ हजार, पुँजीगत अनुदान रु.१ करोड १० लाख ८ हजार र पुँजीगत जगेडा कोष रु.३२ करोड ९ लाख ६६ हजार गरी जम्मा रु.३३ करोड ३० लाख ७९ हजार गत विगतका वर्षहरूबाट जिम्मेवारी सर्दै आएको छ। समितिको पुँजी पुष्टि गर्न आवश्यक कागजातहरू उपलब्ध नभएकाले पुँजी रकम यकिन गर्न सकिने आधार छैन।

   पुँजीगत अनुदानअन्तर्गत विगत वर्षहरुमा विभिन्न निकायबाट पुँजीगत सम्पत्तिहरु प्राप्त भएको बखत लेखाङ्कन गरिएको तर हाल कुनै पनि कागजात उपलब्ध नहुँदा उक्त सम्पत्तिमा ह्रास कट्टी दरअनुसार प्रत्येक वर्ष ह्रास रकम समायोजन गरी पुँजीगत अनुदान कोषमा घटाउने कार्य नगरिएको अवस्था छ। पुँजीगत सम्पत्तिको ह्रास कट्टी समायोजन नहुँदा समितिको हाल खडा रहिरहेको पुँजीगत अनुदान कोष यथार्थ देखिएन।

   पुँजीगत जगेडा कोष जग्गाहरूको पुनर्मूल्याङ्कन गरी खडा गरिएको भएता पनि पुर्नमूल्याङ्कन प्रतिवेदनहरु प्राप्त नहुँदा यथार्थपरक देखिँदैन।

३. **सेयर लगानीः** समितिले आफ्नो स्वामित्वमा रहेको जग्गा ३०४ रोपनीमध्ये १५० रोपनी जग्गाको मूल्य रु.१५ करोड र अन्य भौतिक संरचनामा रु.२ करोडसमेत रु.१७ करोड तारा गाउँ रिजेन्सी होटल लिमिटेडमा सेयरको रुपमा लगानी गरेको र १५४ रोपनी जग्गा सो होटललाई भाडामा लगाएको देखिन्छ। शुरुको अवस्थामा होटलको ३९.७७ प्रतिशत सेयर समितिले प्राप्त गरेकोमा हाल कुनै औचित्यपूर्ण पुष्टयाई बेगर ९.०१ प्रतिशत कायम गरेको छ। उपरोक्त सेयर अभौतिकीकरणका लागि सिद्धार्थ क्यापिटल लिमिटेडमार्फत् सेयर अभौतिकीकरण गरिएको जानकारी दिएको छ। तर सेयर अभौतिकीकरण गरिएको सेयरको डिम्याट खाताको हालसम्म समितिले रेकर्ड अद्यावधिक गरेको छैन। यसरी समितिको सेयर हिसाब घटेको विषयमा पटक पटक प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत छ।

४. **बौद्धस्थित जग्गा स्वामित्वः** समितिले २०२६ सालमा ३४७ रोपनी ९ आना क्षेत्रफल अधिग्रहणको सूचना प्रकाशित गरी २०४८ सालमा जग्गा नापजाँच गरी समितिको नाउँमा रहेको ३०४ रोपनी जग्गामध्ये १४९ रोपनी ५ आना १ पैसा ३ दाम

क्षेत्रफल जग्गा तारा गाउँ रिजेन्सी होटल्सलाई हस्तान्तरण भएको देखिन्छ। हस्तान्तरण पछि समितिको स्वामित्वमा रहेका बाँकी जग्गाहरु ७८ हजार ६८१ दशमलब ८३ वर्ग मिटर तथा विभिन्न समयमा खरिद गरेको जग्गा क्रमश कित्ता नं. ५० (२ आना १ पैसा ३ दाम) ७७.५१ वर्ग मिटर, कित्ता नं. ५९ (४ आना २ पैसा ०.५ दाम) १४७.०६ वर्ग मिटर र कित्ता नं. ८३ (१ रोपनी ६ आना ३ पैसा २ दाम) ७२७.३५ वर्ग मिटर गरी जम्मा ७९ हजार ६३३ दशमलब ७५ वर्ग मिटर बराबरको जग्गाधनी प्रमाण पत्र (लालपूर्जा) कायम हुनपर्नेमा हाल समितिको स्वामित्वमा ७२ हजार ८०२ दशमलब ४१ वर्ग मिटरको लालपूर्जा रुजू हुन आएको देखियो भने ७ हजार ६४२ दशमलब १४ वर्ग मिटरको जग्गा धनी प्रमाणपत्र (लालपूर्जा) भने प्राप्त हुन सकेन। विगत वर्षहरुदेखि लगातार लेखापरीक्षणबाट यससम्बन्धी व्यहोरा औंल्याउँदै आएकोमा स्थिति यथावत छ।

५. **भवन तथा स्थायी संरचना निर्माणः** समितिको गत वर्षसम्म निर्माणाधिन सम्पत्तिमा रु.६६ लाख ९२ हजार रहेकोमा यस वर्ष थप रु.१९ लाख ६४ हजारसमेत रु.८६ लाख ५६ हजार बराबरको रकम भवन तथा स्थायी निर्माणमा सारी पुँजीकरण गरेको छ। समितिले हाल ह्रास कट्टीसम्बन्धी नीति आयकर ऐन, २०५८ को अनुसूची २ बमोजिम अपनाउँदै आएको छ। सो नीतिबमोजिम यदि कुनै निकायले वैशाखको सुरुवातदेखि आषाढ मसान्तसम्ममा सम्पत्ति थप गर्छ भने त्यस्ता थप गरिएका सम्पत्तिको मूल्यको एक तिहाइ भागमा हुन आउने रकममा ५ प्रतिशतका दरले ह्रास कट्टी गर्नुपर्ने हुन्छ। सोही अनरुप भवन तथा स्थायी निर्माणमा थप भएको रकम रु.८६ लाख ५६ हजारमा हुन आउने एक तिहाइ भाग (रु.२८ लाख ८५ हजार) मा ५ प्रतिशतका दरले हुन आउने रकम रु.१ लाख ४४ हजार ह्रास कट्टी गर्नुपर्ने देखिन्छ। तथापि, सो प्रावधानबमोजिम ह्रास कट्टी हुनुपर्ने रकम रु.१ लाख ४४ हजार नाफा/नोक्सान हिसाबमा देखाइएको छैन। यसरी उक्त रकम बराबरको ह्रास कट्टी नगर्नाले समितिको नाफा तथा नोक्सान हिसाबमा ह्रास कट्टीको खर्च रु.१ लाख ४४ हजारले कम देखिन्छ भने स्थायी निर्माण शीर्षकमा रु.१ लाख ४४ हजारले बढी सम्पत्ति कायम हुन गएको देखिन्छ।

६. **आसामीः** रमागृहका तीन व्यवसायी पिङ्की इन्टरनेशनल, अजन्ता इन्टरप्राइजेज र सुलक्श सेन्टरसँग सम्झौता गरी भाडामा दिएकोमा, सम्झौता अवधि २०७४।११।३० मा समाप्त भईसकेको र सोअनुसार जम्मा वार्षिक भाडा क्रमशः रु.१२ लाख ६७ हजार, रु.५ लाख ६३ हजार र रु.१४ लाख १४ हजार प्राप्त गर्नुपर्ने देखिएको छ। व्यावसायीको हकमा असुलउपरका लागि २०७७।४।१५ मा मुद्दा दायर गरी कानूनी कारवाही गरेता पनि प्रचलित कानूनबमोजिम लाग्ने थप ब्याज लेखाङ्कन नगरेको थप ब्याज लेखाङ्कन गरी अविलम्ब लेखा अद्यावधिक गरी असुल गर्नुपर्दछ। यस सम्बन्धी व्यहोरा विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत छ।

७. **पट्टा सम्झौताः** तारा गाउँ विकास समिति र चाङ्गेस्थान सप्लायर्स प्राइभेट लिमिटेडबीच २०७४।११।११ मा ३० वर्षको लागि समितिको नाममा रहेको न्यूरोडको ३ आना २ दाम जग्गा (नयाँ भवनको कुल क्षेत्रफल ६ हजार ७२८ दशमलब २८ वर्ग फिट भूमिगत तल्लासहित ५.५ तल्ला) पट्टामा लिने दिने सम्झौता भएको थियो। सम्झौताको सर्तअनुसार पहिलो दुई वर्षको निर्माण अवधिमा श्री चाङ्गेस्थान वार्षिक रु.९ लाख ५० हजारको दरले समितिलाई भाडा रकम बुझाउनुपर्ने र निर्माण अवधिसमेत जम्मा ३० वर्षको प्रति वर्ष हुने बहाल रकमलाई निर्माण अवधिभर मासिक रूपमा विभाजन गरी प्रत्येक १२ महिनाको अग्रिम र निर्माण अवधिपश्चात् वार्षिक रूपमा अग्रिम पट्टा रकम सात दिनभित्र बुझाउनुपर्ने उल्लेख छ। सम्झौताको बुँदा नं. ८.२ बमोजिम एक वर्ष म्याद नाघेर लिज रकम बुझाएमा पचास प्रतिशत थप लिज रकम लाग्ने र एक वर्षभन्दा बढी म्याद नाघी रकम बुझाएमा लाग्ने लिज रकमसहित शत प्रतिशत थप लिज रकम लाग्ने व्यवस्था छ। साथै, सम्झौताअनुसार तोकिएको अवधिभित्र लिज रकम नबुझाई म्याद नाघेको सात दिनभित्र रकम बुझाएमा लाग्ने लिज रकमको थप पाँच प्रतिशत गर्दै विभिन्न म्याद तोकी शत प्रतिशतसम्म थप लिज रकम लाग्ने व्यवस्था भएकोले सो व्यवस्थाअनुसार प्रोदभावी लेखाङ्कन व्यवस्थाअनुसार आम्दानी लेखाङ्कन गर्नुपर्दछ। चाङ्गेस्थान सप्लायर्स प्राइभेट लिमिटेडबाट प्राप्त र प्राप्त हुन बाँकी भाडा रकम देहायअनुसार देखिन्छ।

| विवरण | रकम (रु.) |
|---|---|
| वर्षको सुरुमा लिन बाँकी रकम | ५१,९१,९२९ |
| २०७९।८० को भाडा आम्दानी | १,०७,५३,५०० |
| **भुक्तानी प्राप्त** | |
| भाद्र २०७९ मा | (५०,००,०००) |
| जेठ २०८० मा | (२५,००,०००) |
| **वर्षको अन्तिममा लिन बाँकी रकम** | **८४,४५,४२९** |

लिज शुरु भएको २०७४।७५ देखि नै यस्तो लाग्ने थप लिज रकमको विवरण तयार गरी लेखाङ्कन गरी अविलम्ब लेखा अद्यावधिक तथा गृह प्रशासनको सहयोगसमेतमा असुल गर्नुपर्दछ।

८. **आयकरः** समितिले आर्जन गरेको मुनाफामा लाग्ने २५ प्रतिशत आयकर र सो आयकरको विवरण आर्थिक वर्ष अन्त्य भएको तिन महिनाभित्र पेस नगरेकोमा आयकर ऐन, २०५८ को दफा ११७, ११८ र ११९ मा उल्लेख भएको थप ब्याज, शूल्क तथा जरिवानाको लेखाङ्कन गरेको पाइएन। समितिले यस आर्थिक वर्षमा रु.४ करोड १ लाख १९ हजारको नाफा रहेकोमा २५ प्रतिशतको दरले हुन आउने आय कर रु.१ करोड ३० हजार आयकर व्यवस्था (थप ब्याज, शूल्क तथा जरिवानाबाहेक) देखाएको छैन। समितिले अघिल्ला आर्थिक वर्षमा पनि आयकरको व्यवस्था नगरेको हुँदा समितिको वित्तीय विवरणमा आयकरको दायित्व यकिन गर्न सकिएन।

९. **कर्मचारी उपदान तथा सञ्चित विदाको व्यवस्थाः** समितिले उपदान तथा सञ्चित विदाको व्यवस्था वास्तविक दायित्वको आधारमा नभई, स्वीकृत बजेटको आधारमा मात्र प्रावधान लेखाङ्कन गर्दै आएको छ। तारा गाउँ विकास समिति (कर्मचारी सेवा, सर्त र सुविधा) नियमावली, २०७९ अनुसार समितिको उपदान दायित्व रु.५ करोड ६ लाख २२ हजार र विदा सञ्चितबापतको दायित्व रु.१ करोड १० लाख ५ हजार गरी जम्मा कुल दायित्व रु.६ करोड १६ लाख २७ हजार हुनुपर्नेमा हाल वित्तीय विवरणमा उपदान तथा विदाको प्रावधान कुल दायित्व रु.४ करोड २२ लाख १८ हजार मात्र लेखाङ्कन गरेको हुँदा रु.१ करोड ९४ लाख ९ हजार कम लेखाङ्कित भएको देखिन्छ। साथै, नागरिक लगानी कोषमा उपदानबापत जम्मा गरिएको रकममा रू.३ करोड ९ लाख ५१ हजार मात्र रहेको हुँदा कोषमा जम्मा भएको रकम रु.१ करोड ९६ लाख ७१ हजारले कम देखिन्छ। यस बाहेक, उपदान र विदाको प्रावधानको बीमाङ्कीय मूल्याङ्कन (Actuarial Valuation) समेत गरिएको छैन। बीमाङ्कीय मूल्याङ्कन (Actuarial Valuation) नगरिएको हुँदा समितिको वास्तविक दायित्व यकिन गर्न सकिने अवस्था छैन।

**उपदान र बिदाको कुल दायित्व र वित्तीय विवरणमा प्रस्तुत गरिएको रकम**

| विवरण | रकम (रु.) |
|---|---|
| **व्यवस्थाको कुल दायित्व** | |
| कुल उपदान रकम | ५,०६,२२,०३४ |
| कुल बिदा सञ्चित रकम | १,१०,०५,०८५ |
| **जम्मा (क)** | **६,१६,२७,११९** |
| **वित्तीय विवरण प्रस्तुत कुल व्यवस्था** | |
| गत आर्थिक वर्ष २०७८।७९ | ४,९५,२०,१६५ |
| यस वर्षको थप | १,०८,००,००० |
| सेवा निवृत्ति भुक्तानी | (१,८१,०२,१९०) |
| **जम्मा (ख)** | **४,२२,१७,९७५** |
| **फरक (क-ख)** | **१,९४,०९,१४४** |

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती मान अनुरुपको हाम्रो जिम्मेवारीसम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौ। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य विषयहरू (Key Audit Matters)**

मुख्य लेखापरीक्षण विषयहरू ती विषयहरू हुन् जुन हालको अवधिको वित्तीय विवरणहरूका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधारखण्डमा उल्लेखित व्यहोराबाहेक सञ्चार गर्नुपर्ने कुनै पनि मुख्य लेखापरीक्षणका विषयहरू छैन।

**१. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुती हुनबाट वञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै संस्थालाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

**२. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण नभएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरूः

२.१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२.२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

२.३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

२.४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार

उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

२.५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस समितिमा २०८२।१२।१६ मा पठाइएको छ।**

# नेपाल पर्यटन बोर्ड (२०७३।७४)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको कैफियत सहितको राय

हामीले नेपाल पर्यटन बोर्डको यसै प्रतिवेदन साथ संलग्न २०७४ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असर बाहेक नेपाल पर्यटन बोर्डको २०७४ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **स्रेस्ता पेश तथा लेखापरीक्षणः** बोर्डले निम्नानुसारका गोश्वारा भौचर तथा बिल भर्पाईको स्रेस्ता लेखापरीक्षणमा पेश भएन। स्रेस्ता अद्यावधिक नराख्ने तथा पेश नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउनुपर्दछ।

| आय भौचर नं | रकम | जर्नल भौचर नं | रकम | भुक्तानी भौचर नं | रकम | पीजेभी भौचर नं | रकम |
|---|---|---|---|---|---|---|---|
| ३३१ | १८,००,००० | २८ | २०,७५० | ७१७ | ८,६४,७०० | २५५ | २,६४,६०२ |
| ३३२ | ७२,०६,००० | २९ | १५,७५० | ८०० | | | |
| | | १४१ | ९,७३,६४६ | ८०१ | | | |
| | | १५२ | ३९,४९० | ८०२ | | | |
| | | १५८ | १०,००,००,००० | १३५५ | १४,६१,२५२ | | |
| | | २०२ | १,५०,००० | १४२७ | १,३५,४०० | | |
| | | २०४ | १,५०,००० | १४४५ | ३१,१४,६४७ | | |
| | | | २१८ देखि २४० | | | | |
| | | २४६ | ९,८८७ | | | | |
| | | २४७ | ६२,१५० | | | | |
| | | २५७ | १,० | | | | |
| | | २५७ देखि २६२ | २२,९३,७८२ | | | | |
| **जम्मा** | **९०,०६,०००** | | **१०,३७,१५,४६५** | | **५५,७५,९९९** | | **२,६४,६०२** |

२. **खर्चको यथार्थताः** नेपाल पर्यटन बोर्ड आर्थिक तथा खरिद विनियमावली, २०७२ को विनियम १४(३) मा स्वीकृत रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको बिल भर्पाई र आवश्यक कागजात भए, नभएको जाँच गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भुक्तानी गर्नुपर्ने उल्लेख छ। बिल भर्पाई तथा आवश्यक कागजात बेगर खर्च लेखेको रु.४९ लाख ७० हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ।

| सि.नं. | गोश्वारा भौचर नं., मिति | कार्यक्रम | फर्म/संस्थाको नाम | रकम |
|---|---|---|---|---|
| १. | १४४६।१४।७।२०१७ | हिमालयन ट्राभल मार्ट | होटल सोल्टी काउन प्लाजा | ३११४६४७ |
| २. | ३।२७।०७।१६ | | मनकामना खाद्य उद्योग | २४७०० |
| ३. | ३०।१०।०४।२०१६ | होमिस्टे कार्यशाला | तारागाउं विकास समिति | २५०००० |
| ४. | १६५।२।१०।२०१६ | लेक्चर हल मर्मत | टंक न्यौपाने निर्माण सेवा | २२३७७४ |
| ५. | २०७।७।१०।२०१६ | कार्यक्रममा सहयोग | जारा फाउन्डेसन | २,००००० |
| ६. | ७३०।२।३।२०१७ | आरोहण तथा पर्वतारोहण अभिमुखिकरण तालिम | नेपाल माउन्टेन एकेडेमी | २३१२०० |

| | | | | |
|---|---|---|---|---|
| ७. | ८०५।३०।३।२०१७ | | ट्रेकिङ्ग एजेन्सी एसोसियसन नेपाल | ३,००००० |
| ८. | ८२९।३१।०३।२०१७ | Fam Trips Intl's press tour operator | टिकट खरीद | ३२६०७४ |
| ९. | ९१७।१६।०४।२०१७ | अवलोकन भ्रमण | Step Nepal | २९९५०० |
| | **जम्मा** | | | **४९,६९,८९४** |

३. **बैङ्क मौज्दात तथा बैङ्क रिकन्सिलेसनः** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १२(१) मा बोर्डद्वारा खोलिएको प्रत्येक बैङ्क खाताको स्टेटमेन्ट सम्बन्धित बैङ्कबाट लिई बैङ्क खाताले देखाएको मौज्दात र बोर्डको लेखाले देखाएको हिसाब मिलान गर्नुपर्ने उल्लेख छ। विनियम ३४(१)(ग) मा बोर्डले प्राप्त गर्नुपर्ने तथा प्राप्त गरेको आम्दानी वा नगद हिसाब ठिक भए नभएको तथा सङ्कलित रकम समयमा नै बैङ्क दाखिला गरी गराई लेखाङ्कन गरी लेखा अद्यावधिक राख्नुपर्ने उल्लेख छ। विनियम ३४(२)(ख) मा नगद मौज्दात तथा बैङ्क सम्पत्ति र लेखाको विवरण अद्यावधिक गर्नुपर्ने उल्लेख छ। त्यस्तै विनियम १६(५) मा बोर्डको आम्दानी तथा खर्च रकमको दैनिक तथा मासिक विवरणमा हिसाब स्पष्ट देखिने गरी लेखा राख्ने र त्यसको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। यो वर्ष बोर्डले मौज्दात विवरण भिडान तथा मासिक र वार्षिक बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन।

**अन्य मामिला**

१. नेपाल पर्यटन बोर्ड आर्थिक तथा खरिद विनियमावली, २०७२ को विनियम १४(३) मा स्वीकृत रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको बिल भर्पाई र आवश्यक कागजात भए, नभएको जाँच गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भुक्तानी गर्नुपर्ने उल्लेख छ। सो सम्बन्धी विभिन्न व्यहोरा व्यवस्थापन प्रतिनिधित्व पत्रमा विभिन्न दफामा उल्लेख गरिएको छ। बिल भर्पाई तथा आवश्यक कागजात बेगर भुक्तानी दिएकोमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ। विगतका वर्षहरुमा वासलात, आयव्यय विवरण र नगद प्रवाह विवरणमा उल्लेख्य रकम फरक परेकोले सो रकमबाट यस वर्षको वित्तीय विवरणमा पर्ने असर यकिन गरिनुपर्दछ।

२. तत्कालिन समयमा लेखापरीक्षण प्रतिवेदन जारी नभएको कारण उपलब्ध २०७५।३।१९ को प्रारम्भिक प्रतिवेदन, सो उपर प्राप्त प्रतिक्रिया तथा वित्तीय विवरणको आधारमा यो लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै बोर्डलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८२।७।२ मा पठाइएको छ।**

# नेपाल पर्यटन बोर्ड (२०७२।७३)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको कैफियत सहितको राय

हामीले नेपाल पर्यटन बोर्डको यसै प्रतिवेदनसाथ संलग्न २०७३ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक नेपाल पर्यटन बोर्डको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **खर्चको प्रमाण कागजात नभएको:** यस पर्चेज जर्नल भौचरतर्फ् जम्मा ३६० गोश्वारा भौचर भएको र उक्त भौचरबाट रु.४ करोड ३२ लाख ३६ हजार खर्च भएको लेजर खाताबाट देखिन्छ। बोर्डले गोश्वारा भौचर नं. १ देखि १९ सम्मको गोश्वारा भौचर र प्रमाण कागजातहरु राखेको पाइयो र उक्त भौचरबाट रु.७ लाख ९६ हजार खर्च भएको देखिन्छ। तत्पश्चात् गोश्वारा भौचर नं. २० देखि ३६० सम्मको खर्चको स्रेस्ता राखेको पाइएन। यस सम्बन्धमा खर्चको स्रेस्ता माग गर्दा कतिपय भौचरहरुको खर्चका प्रमाण पेमेन्ट भौचरतर्फ् भएको भनी जानकारी प्राप्त भएको र पेमेन्ट भौचरको गोश्वारा भौचर उल्लेख गरिदिएकोले पेमेन्टतर्फको ती गोश्वारा भौचर हेर्दा देहायअनुसार रु.१ करोड ३३ लाख ५८ हजारको खर्चका प्रमाण प्राप्त गरेको समेत जम्मा भौचर २४ को रु.१ करोड ४१ लाख ५४ हजारको लेखापरीक्षण गरियो। बाँकी गोश्वारा भौचर संख्या ३३६ बाट खर्च जनाएको रु.२ करोड ९० लाख ८२ हजारको खर्चको गोश्वारा भौचरलगायत प्रमाण कागजातहरु पेस हुन सकेन। अतः यस सम्बन्धमा छानबिन गरी आवश्यक कारवाही गरी स्रेस्ता लेखापरीक्षणमा पेस गर्नुपर्दछ।

| पेमेन्ट भौचरतर्फ् भएको गोश्वारा भौचर र मिति | पर्चेज जर्नल भौचरको भौचर नं. | बजेट खर्च रकम |
|---|---|---|
| १२०५-१५।७।२०१६ | ३४५-१५।७।२०१६ | ५,७०,८३४ |
| १०१६-१४।७।२०१६ | २५९-१४।७।२०१६ | ७४,६८,५८२ |
| १००७-१४।७।२०१६ | २५-१४।७।२०१६ | २५,३३,४६० |
| १०६०-१५।७।२०१६ | २८३-१५।७।२०१६ | ५,३४,७१६ |
| ८४२-१२।६।२०१६ | २१२-१२।६।२०१६ | २२,५०,१६९ |
| **जम्मा** | | **१,३३,५७,७६१** |

२. **अप्रमाणित र अनियमित खर्चहरु:** नेपाल पर्यटन बोर्डको २०७२।७३ को पारित वार्षिक नीति तथा कार्यक्रमअनुसार सम्बन्धित पर्यटन कार्यालयहरु, जिल्ला विकास समितिका कार्यालयहरु, पर्यटन प्रवर्द्धन विकास समिति, पर्यटन विभाग तथा नगरपालिका कार्यालयहरुका नाममा बजेट विनियोजित भई निकासा भएको देखिन्छ। उक्त विनियोजित बजेट निकासा दिँदा अनुसूची १ मा सरकारी निकायका प्राविधिकले तयार पारेको लगत इष्टिमेट र डिजाइनबमोजिम कार्यसम्पन्न गर्ने, रकम निकासा दिँदा दुई किस्तामा दिने र प्रथम किस्ताको प्रगति प्रतिवेदन सन्तोषजनक भएमा मात्र दोस्रो किस्ता निकासा दिने, सम्पूर्ण कार्यहरुको सुपरिवेक्षण तथा अनुगमन सम्बन्धित कार्यालयहरुले गर्ने, जेठ मसान्तभित्र उपयुक्त कार्यहरु सम्पन्न गरी सोको प्रगति प्रतिवेदन बोर्डमा पठाउने व्यवस्था मिलाउने जस्ता सर्तहरु तोकिएको पाइयो। तर लगत इष्टिमेट र डिजाइनअनुसार काम भए नभएको, सुपरिवेक्षण र अनुगमन भएको तथा सोअनुसार कार्यप्रगति प्रतिवेदन पेस भएको नदेखिएको र बजेट निकासा जेठ मसान्तपछि पनि भएको पाइयो। भुक्तानी दिएका मध्ये एकै पटकमा रु.४५ लाखभन्दा बढी निकासा पाउने कार्यालयहरु निम्नानुसार छन्:

| सि.नं. | भौचर नं. | निकासा पाउने कार्यालय | रकम |
|---|---|---|---|
| १. | ६८१ | जिल्ला विकास समितिको कार्यालय, धादिङ | ९२,५०,००० |
| २. | १२१० | जिल्ला विकास समितिको कार्यालय, धादिङ (पर्यटकीय गन्तव्य पूर्वाधार, पर्यटकीय सेवा विस्तार, धार्मिक सम्पदा संरक्षण, सांस्कृतिक केन्द्र निर्माण) | ९२,५०,००० |
| ३. | ६५९-२०७३।१।२९ | चिसापानी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, कोलहपुर, बाँके | ५८,००,००० |
| ४. | ९७३-२०७३।३।२१ | चिसापानी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, कोलहपुर, बाँके (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्लाको पर्यटकीय गन्तव्य पूर्वाधार विकास, संस्कृति संरक्षण, सांस्कृतिक केन्द्र निर्माण तथा संग्रहालय निर्माण, पर्यटकीय उद्यान पूर्वाधार विकास आदि) | ४५,५०,००० |
| ५. | ६९८-२०७३।२।३ | पर्यटन कार्यालय, सोलुखुम्बु | ५६,००,००० |
| ६. | ९६३-०७३।३।३१ | पर्यटन कार्यालय, सोलुखुम्बु (धार्मिक सम्पादहरुको संरक्षणअन्तर्गत गुम्बा जीर्णोद्धार, संरक्षण, माने संरक्षण, पदयात्रा मार्गमा पर्ने पानीका मुहानहरु संरक्षण, साँधु मर्मत आदि कार्य) | ५६,००,००० |
| ७. | ज.१०१-२०७३।१।३० | पर्यटन विभाग | ५१,७५,००० |
| ८. | ११९२-२०७३।१।३० | पर्यटन विभाग (धार्मिक सम्पादहरुको संरक्षणअन्तर्गत गुम्बा जीर्णोद्धार, संरक्षण, माने संरक्षण, पदयात्रा मार्गमा पर्ने पानीका मुहानहरु संरक्षण, साँधु मर्मत आदि कार्य) | ५१,७५,००० |
| ९. | | अन्य विभिन्न कार्यालयहरुलाई निकासा गएको | ६,२४,८७,९०० |

उपयुक्तानुसार निकासा गएको रकम खर्च गरेको स्रेस्ता लेखापरीक्षणार्थ पेश भएको छैन। अतः स्रेस्ता लेखापरीक्षणको लागि पेस हुनुपर्दछ।

३. **आम्दानी नजनाएकोः** मूल्य अभिवृद्धि करसहित जम्मा आम्दानी रु.५७ करोड ६ लाख ५८ हजार भएकोमा खुद आम्दानी रु.४६ करोड ६७ लाख ८२ हजार जनाई रु.१० करोड ३८ लाख ७६ हजार घटी आम्दानी जनाउनुको कारणसहित छानबिन गरी उक्त रकम असुल हुनुपर्दछ।

४. **बैङ्क मौज्दात तथा बैङ्क रिकन्सिलेसनः** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १२(१) मा बोर्डद्वारा खोलिएको प्रत्येक बैङ्क खाताको स्टेटमेन्ट सम्बन्धित बैङ्कबाट लिई बैङ्क खाताले देखाएको मौज्दात र बोर्डको लेखाले देखाएको हिसाब मिलान गर्नुपर्ने उल्लेख छ। विनियम ३४(१)(ग) मा बोर्डले प्राप्त गर्नुपर्ने तथा प्राप्त गरेको आम्दानी वा नगद हिसाब ठिक भए नभएको तथा सङ्कलित रकम समयमा नै बैङ्क दाखिला गरी गराई लेखाङ्कन गरी लेखा अद्यावधिक राख्नुपर्ने उल्लेख छ। विनियम ३४(२)(ख) मा नगद मौज्दात तथा बैङ्क सम्पत्ति र लेखाको विवरण अद्यावधिक गर्नुपर्ने उल्लेख छ। त्यस्तै विनियम १६(५) मा बोर्डको आम्दानी तथा खर्च रकमको दैनिक तथा मासिक विवरणमा हिसाब स्पष्ट देखिने गरी लेखा राख्ने र त्यसको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। यो वर्ष बोर्डले मौज्दात विवरण भिडान तथा मासिक र वार्षिक बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन।

**अन्य मामिला**

१. नेपाल पर्यटन बोर्ड आर्थिक तथा खरिद विनियमावली, २०७२ को विनियम १४(३) मा स्वीकृत रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको बिल भर्पाई र आवश्यक कागजात भए, नभएको जाँच गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भुक्तानी गर्नुपर्ने उल्लेख छ। सो सम्बन्धी विभिन्न बेहोरा व्यवस्थापन प्रतिनिधित्व पत्रमा विभिन्न दफामा उल्लेख गरिएको छ। बिल भर्पाई तथा आवश्यक कागजातबेगर भुक्तानी दिएकोमा सम्बन्धितलाई जिम्मेवारी बनाउनुपर्दछ। विगतका वर्षहरुमा वासलात, आयव्यय विवरण र नगद प्रवाह विवरणमा उल्लेख्य रकम फरक परेकोले सो रकमबाट यस वर्षको वित्तीय विवरणमा पर्ने असर यकिन गरिनुपर्दछ।

२. तत्कालिन समयमा लेखापरीक्षण प्रतिवेदन जारी नभएको कारण उपलब्ध २०७४।११।२१ को प्रारम्भिक प्रतिवेदन, सो उपर प्राप्त प्रतिक्रिया तथा वित्तीय विवरणको आधारमा यो लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै बोर्डलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

२. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

३. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण

प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

४. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८२।७।२ मा पठाइएको छ।**

# नेपाल पर्यटन बोर्ड, (२०७१।७२)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको कैफियत सहितको राय

हामीले नेपाल पर्यटन बोर्डको यसै प्रतिवेदनसाथ संलग्न २०७२ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक नेपाल पर्यटन बोर्डको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **घटी बैङ्क मौज्दातः** पदयात्री सूचना व्यवस्थापन प्रणालीअन्तर्गत प्राप्त हुने आयको लाग्ने कर कटाएर बाँकी हुने आम्दानीको ३० प्रतिशत टानको संस्थागत खातामा, ३० प्रतिशत बोर्डको संस्थागत खातामा, ३० प्रतिशत बोर्ड र टानको संयुक्त खातामा राख्नुपर्ने व्यवस्था पदयात्री सूचना व्यवस्थापन प्रणाली कार्यविधिमा उल्लेख छ। गत वर्षसम्म रु.१५ करोड ६७ लाख ७३ हजार आय रहेकोमा यो वर्ष रु.१४ करोड ५४ लाख ७२ हजारसमेत जम्मा रु.३० करोड २२ लाख ४५ हजार आम्दानी देखिनुपर्नेमा नविल बैङ्क र पोखराको बैङ्क खातामा रहेको मौज्दात रु.३० करोड ४० हजार देखिएकोले रु.२२ लाख ५ हजार बैङ्क घटी प्राप्त वित्तीय विवरणवाट देखिन्छ। उक्त सम्बन्धमा हिसाब यकिन हुनुपर्दछ।

२. **बैङ्क रिकन्सिलेसनः** बोर्डले प्रत्येक बैङ्क खाताको बैङ्क रिकन्सिलेसन (समायोजन) विवरण तयार गर्नुपर्नेमा गरेको देखिएन। स्रेस्ताअनुसार बोर्डको मेघा बैङ्कको खातामा रू.९५ लाख ८७ हजार ऋणात्मक देखाएको छ भने बैङ्क स्टेटमेन्टअनुसार मौज्दात रू.३ करोड ७४ लाख ९० हजार देखिएको छ। त्यसैगरी बोर्डको स्रेस्तामा नेपाल इन्भेष्टमेन्ट बैङ्क लिमिटेड चल्ती खातामा रू.११ करोड ५१ लाख ४९ हजार र सोही बैङ्कको पोखरा खातामा रू.७ करोड ९१ लाख १२ हजार मौज्दात देखाएको छ। जुन बैङ्कको अभिलेखसँग मिल्दैन। नविल बैङ्क, तिनधाराबाहेक अन्य बैङ्कहरुको मौज्दात स्रेस्तासँग मिलेको देखिँदैन।

| विवरण | स्रेस्ताअनुसारको मौज्दात | बैङ्क अनुसारको मौज्दात | फरक रकम | कैफियत |
|---|---|---|---|---|
| नगद | १७,२२२.६१ | ० | ० | |
| नेपाल इन्भेष्टमेन्ट बैङ्क लि. | ११,५१,४९,४३५.२४ | ५२,१९,८५६.५७ | १०,९९,२९,५७८.६७ | बैङ्क घटी |
| मेघा बैङ्क लिमिटेड | (९५,८६,६१०।०) | ३,७४,८९,६२६.३० | २,७९,०३,०१६.३० | बैङ्क बढी |
| नविल बैङ्क लिमिटेड | २२,०९,२८,१८०.८८ | २४,८७,४५,६१६.४० | २,७८,१७,४३५.५२ | बैङ्क बढी |
| नविल बैङ्क लिमिटेड प.से.सु. खाता | ३८,६३,५१,५६३.६६ | ० | ३८,६३,५१,५६३.६६ | श्रेस्ता पेश हुन आउन |
| नेपाल इन्भेष्टमेन्ट बैङ्क, पोखरा | ७,९१,१२,२३१.७१ | ७,९२,१३,६३४.३३ | १०१३४२.६२ | बैङ्क बढी |
| नविल बैङ्क, तिनधारा | १०,००,००,०००।० | १०,००,००,०००।० | ० | |

यसरी ५ बैङ्कमा बोर्डको लेजरभन्दा बैङ्क सर्टिफिकेटअनुसार फरक मौज्दात देखिएकोले सो फरक सम्बन्धमा छानबिन गरी प्रमाणसहित हिसाब मिलान गर्नुपर्दछ।

३. **लेखापरीक्षण कार्यक्षेत्रमा सिमितताः** बोर्डबाट यो वर्ष १२४ वटा आय भौचर रू.७६ करोड १५ लाख ४२ हजार बराबरको, ७७ वटा जर्नल भौचर रू.५२ लाख ५४ हजार बराबरको, १६ वटा भुक्तानी भौचर र रू.९८ लाख ७१ हजार बराबरको, १९६ वटा पीजेभी गोश्वारा भौचर तथा बिल भर्पाई लेखापरीक्षणमा पेश भएन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत अन्य निकायमा पनि नलगेको र लेखापरीक्षणमा पनि स्रेस्तासाथ संलग्न नरहेकोले स्रेस्ता अद्यावधिक नराख्ने पदाधिकारीलाई

आवश्यक कारवाही गरी उपरोक्त भौचर पेश गरी लेखापरीक्षण गराउनुपर्दछ। साथै लेखापरीक्षणबाट आउने कैफियत उपर पनि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई समयमा नै फछ्यौंट गर्नुपर्दछ।

४. **स्वास्थ्य उपचार भत्ताः** नेपाल पर्यटन बोर्ड कर्मचारी सेवा विनियमावली, २०६४ को विनियम ३८२ अनुसार कर्मचारी तथा निजको आश्रित परिवारको स्वास्थ बीमा गर्नुपर्नेमा नियमावलीमा भएको व्यवस्था विपरीत २०७०।२।१३ मा निमित्त कार्यकारी प्रमुखबाट २०७०।४।१३ बाट लागू हुने गरी प्रत्येक कार्मचारीलाई २ महिनाको तलबले हुने रकम स्वास्थ उपचार भत्ता भनी २०७१ माघ र फागुन महिनामा गरी रु.३७ लाख ९२ हजार खर्च लेखेको देखियो। उक्त कानून विपरीत भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

**अन्य मामिला**

१. नेपाल पर्यटन बोर्ड आर्थिक तथा खरिद विनियमावली, २०७२ को विनियम १४(३) मा स्वीकृत रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको, बिल भर्पाई र आवश्यक कागजात भए/नभएको जाँच गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भुक्तानी गर्नुपर्ने उल्लेख छ। सो सम्बन्धी व्यहोरा व्यवस्थापन प्रतिनिधित्व पत्रमा विभिन्न दफामा उल्लेख गरिएको छ। बिल भर्पाई तथा आवश्यक कागजातबेगर भुक्तानी दिएकोमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ। विगतका वर्षहरुमा वासलात, आयव्यय विवरण र नगद प्रवाह विवरणमा उल्लेख्य रकम फरक परेकोले सो रकमबाट यस वर्षको वित्तीय विवरणमा पर्ने असर यकिन गरिनुपर्दछ।

२. नेपाल पर्यटन बोर्डको २०७१।७२ को वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य २०७४।६।१९ मा शुरु भएको थियो। बोर्डको लेखामा पेस भएका कार्यक्रम प्रगति, वित्तीय विवरण एवम् भौचरहरु परीक्षण गर्दा देखिएको व्यहोराको प्रारम्भिक प्रतिवेदन २०७४।११।२१ मा जारी भएको थियो। सोही प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया तथा वित्तीय विवरणको आधारमा यो लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै बोर्डलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी

अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८२।७।२ मा पठाइएको छ।**

# नेपाल पर्यटन बोर्ड, (२०७०।७१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरिक्षकको कैफियत सहितको राय

हामीले नेपाल पर्यटन बोर्डको यसै प्रतिवेदनसाथ संलग्न २०७१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराले पार्ने असरबाहेक नेपाल पर्यटन बोर्डको २०७१ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **वित्तीय विवरण तयारीः** तुलनात्मक वासलातअनुसार स्थिर सम्पत्ति गत वर्ष रु.१ करोड ३२ लाख ७० हजार र यस वर्ष रु.१ करोड ६३ लाख ७ हजार उल्लेख गरेकोमा सोको विस्तृत विवरण तयार गरेको देखिएन। तुलनात्मक आय विवरणअनुसार गत वर्षसम्मको सञ्चित बचत ऋणात्मक उल्लेख गरेको रु.३ करोड ५६ लाख २६ हजार यस वर्ष जिम्मेवारी सारेको छैन। गत वर्षको तुलनात्मक वासलातमा समेत सो रकमको सट्टामा रु.५२ लाख ५० हजार ऋणात्मक उल्लेख गरेको छ। तुलनात्मक नगद प्रवाह विवरणअनुसार गत वर्षको अन्तिम मौज्दात रु.१९ करोड ४९ लाख ७१ हजार उल्लेख भएकोमा यस वर्ष जिम्मेवारी सार्दा सो रकमभन्दा फरक रु.२२ करोड ६९ लाख ५९ हजार जिम्मेवारी सारेको छ। त्यसैगरी यस वर्षको सञ्चालन गतिविधिबाट जम्मा नगद प्रवाह रु.१२ करोड ९५ लाख ३२ हजार उल्लेख गरेकोमा सोअन्तर्गतका आइटमहरुको जोड जम्मा रु.१४ करोड १० लाख ९४ हजार हुन आउछ। यसरी तुलनात्मक वासलात, आय विवरण र नगद प्रवाह विवरणमा मौज्दात र जोड जम्मा फरक पारेको तथा कारण बेगर फरक जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान हुनुपर्दछ।

२. **खर्चको विवरण र अनुगमनः** नेपाल पर्यटन बोर्ड र ट्रेकिङ्ग एजेन्सीज एसोसिएसन अफ नेपाल (टान) बीच पदयात्री पर्यटक सूचना व्यवस्थापन प्रणाली सम्बन्धमा २०६९।६।२८ मा भएको समझदारीपत्रको दफा १५(ख) मा पदयात्री सूचना व्यवस्थापन प्रणालीअन्तर्गत उठेको रकमको एक तिहाई टानले पाउने र उक्त रकम जिम्मेवार पर्यटनका अवधारणाअनुसार पदयात्रा पर्यटनको क्षेत्रमा आफुसँग आबद्ध कम्पनीमा कार्यरत मजदुरको बीमा, उद्धार, स्वास्थ्योपचार जस्ता सामाजिक सुरक्षालगायत मजदुरसँग प्रत्यक्ष सरोकारका विषय र टिम्स व्यवस्थापनको सन्दर्भमा हुने प्रशासनिक खर्चमा एवम् टानको क्षमता अभिवृद्धिमा तथा पदयात्रा मार्ग प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रममा अनिवार्य रुपमा नेपाल पर्यटन बोर्डसँग सहकार्य र समन्वयमा खर्च गर्न सक्नेछ भन्ने उल्लेख भएको छ। यो वर्ष बोर्डले टिम्स कार्ड आम्दानीमध्ये रु.१ करोड ६२ लाख २५ हजार टानलाई भुक्तानी दिएकोमा खर्चको विवरणका साथै प्रगति विवरण पेस भएको छैन। खर्च तथा प्रगति विवरण पेस नगरेकोमा बोर्डले अनुगमन निरीक्षण गरेको छैन। खर्चको विवरण तथा अनुगमन निरीक्षण प्रतिवेदन पेस नभएकोले भुक्तानी भएको रु.१ करोड ६२ लाख २५ हजार तोकिएकै क्षेत्रमा खर्च भएको छ भन्न सक्ने आधार भएन।

३. **बैङ्क मौज्दात तथा बैङ्क रिकन्सिलेसनः** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १२(१) मा बोर्डद्वारा खोलिएको प्रत्येक बैङ्क खाताको स्टेटमेन्ट सम्बन्धित बैङ्कबाट लिई बैङ्क खाताले देखाएको मौज्दात र बोर्डको लेखाले देखाएको हिसाब मिलान गर्नुपर्ने उल्लेख छ। विनियम ३४(१)(ग) मा बोर्डले प्राप्त गर्नुपर्ने तथा प्राप्त गरेको आम्दानी वा नगद हिसाब ठिक भए नभएको तथा सङ्कलित रकम समयमा नै बैङ्क दाखिला गरी गराई लेखाङ्कन गरी लेखा अद्यावधिक राख्नुपर्ने उल्लेख छ। विनियम ३४(२)(ख) मा नगद मौज्दात तथा बैङ्क सम्पत्ति र लेखाको विवरण अद्यावधिक गर्नुपर्ने उल्लेख छ। त्यस्तै विनियम १६(५) मा बोर्डको आम्दानी तथा खर्च रकमको दैनिक तथा मासिक विवरणमा हिसाब स्पष्ट देखिने गरी लेखा

राख्ने र त्यसको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। आम्दानी खर्च भएको ४ वर्षपछि बैङ्क मौज्दात भिडान तथा बैङ्क रिकन्सिलेसन विवरण तयार गरेकोमा बोर्डको लेजर (खाता) र बैङ्क प्रमाणपत्रअनुसार निम्न लिखित फरक देखिएकोमा सोको मनासिव आधार तथा कारणहरु पेस नगरेको अवस्था छ।

| बैङ्कको नाम | बोर्डको लेजरअनुसार | बैङ्क सर्टिफीकेट अनुसार | फरक रु. | कैफियत |
|---|---|---|---|---|
| नेपाल इन्भेष्टमेन्ट बैङ्क चल्ती | २,४९,९९,६२१।५१ | १४,६३,४३५।१३ | २,३५,३६,१८६।३८ | बैङ्क घटी |
| मेघा बैङ्क लिमिटेड | ४,५१,५१,९८०।२३ | ३,५९,२६,७५७।५२ | ९२,२५,२२२।७१ | बैङ्क घटी |
| नविल बैङ्क लिमिटेड ३७४ खाता | ७,९७,९१,४१७।३४ | १०,५५,०६,१०७।४० | २,५७,१४,६९०।०६ | बैङ्क बढी |
| नविल बैङ्क लिमिटेड (पर्यटन सेवा) | १९,८८,९१,९२४।१४ | १९,३१,२६,८१३।८६ | ५७,६५,११०।२८ | बैङ्क घटी |
| नेपाल इन्भेष्टमेन्ट बैङ्क, पोखरा | ५,५४,०७,७०६।५६ | ५,५४,०४,६६६।८३ | ३,०३९।७३ | बैङ्क घटी |

उपयुक्त तालिकाअनुसार ५ बैङ्कमा बोर्डको लेजरभन्दा बैंङ्क सर्टिफिकेटअनुसार फरक मौज्दात देखिएकोले सो फरक सम्बन्धमा छानबिन गरी प्रमाणसहित हिसाब मिलान गर्नुपर्दछ।

४. **विविध साहुः** यो वर्ष बोर्डले विविध साहुहरुमा रु.२८ करोड ६१ लाख ६४ हजार देखाएकोमा निम्नानुसार देखियो।

(क) यस वर्ष बोर्डले विभिन्न फर्म, व्यक्ति तथा संस्थाहरुलाई तिर्न बाँकी साहु शीर्षकमा देखाएको रु.७ करोड ३० लाख ६६ हजारमध्ये बोर्डकै महाशाखाहरुको नाममा तिर्न बाँकी रकम एकमुष्ठ देखाएको छ। तिर्न बाँकी रकम कुन फर्म, के काम, कति रकम हो सोको बिल भर्पाईलगायतका कागजात लेखापरीक्षणमा पेस भएको छैन। सिर्जना भएको दायित्वलाई नेपाल पर्यटन बोर्डको २०७१।४।२ मा बसेको १९२औं बैठकको निर्णय नं १ ले स्वीकृत तथा अनुमोदन गरेको छ। बोर्डले बिना बिल भर्पाई र प्रमाण कागजातबेगर दायित्व सिर्जना गरेको नियमसम्मत देखिएन।

| सि.नं. | विवरण | दायित्व सिर्जना गरेको रकम | कैफियत |
|---|---|---|---|
| १ | Corporate Program Payable | ३९,७५,५३४।४५ | बोर्ड अन्तर्गतका महाशाखाहरु |
| २ | Corporate Services Expenses Payable | ३०,३०,२३०।४५ | बोर्ड अन्तर्गतका महाशाखाहरु |
| ३ | Product Department Expenses Payable | ३,४३,३५०।०० | बोर्ड अन्तर्गतका महाशाखाहरु |
| ४ | P.R. Publicity Expenses Payable | १,५५,६८६२०।१६ | बोर्ड अन्तर्गतका महाशाखाहरु |
| | **जम्मा** | **२,२९,१७,७३५।०६** | |

(ख) यो वर्ष बोर्डले चालु दायित्वअन्तर्गत विविध साहु रकममध्ये निम्न रकमहरु नागरिक लगानी कोषमा पठाउनुपर्ने देखिएको छ। वित्तीय विवरणमा देखाएको यस्तो रकमको हिसाब फरफारक गर्नुपर्दछ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | कर्मचारी उपदान व्यवस्था | ६,४९,९०,६१७।०५ |
| २ | कर्मचारी बिदा व्यवस्था | १,९०,७७,४४४।१२ |
| ३ | कर्मचारी सुरक्षण कोष व्यवस्था | ६,२४,३६,४८८।१० |
| | **जम्मा** | **१४,६५,०४,५४९।२७** |

५. **भौचर तथा स्रेस्ता परीक्षणः** नेपाल पर्यटन बोर्ड आर्थिक विनियमावली, २०७० को विनियम १८ मा बोर्डले यस विनियमावली बमोजिम नगदी र जिन्सीको भौतिक परीक्षणसमेत गरी बोर्डको वार्षिक कारोबारको स्थिति, आयव्यय तथा अन्य हरहिसाब र वासलातसहितको आर्थिक विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र पेस गर्नुपर्ने उल्लेख छ। बोर्डको अन्तिम लेखापरीक्षणको लागि आयव्यय विवरणसहित स्रेस्ता माग गरिएकोमा केही स्रेस्ता छानबिनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लगिएको र केही स्रेस्ता हराएको भनी आंशिक स्रेस्ता मात्र पेस गरिएको छ। छानबिनको लागि लगिएको र हराएको स्रेस्ताको स्थिति यस प्रकार रहेको छ।

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानबिनको लागि लगिएको भौचर तथा स्रेस्ताः

| विवरण | भौचर संख्या | रकम |
|---|---|---|
| जर्नल भौचर | ९ | २४,३२,१७० |
| पर्चेज जर्नल भौचर | ६ | १६,५७,३४७।५५ |
| भुक्तानी भौचर | ७३२ | १९,३७,८५,३९२।९४ |

(ख) बोर्डको कार्यालयमा नभएको (हराएको) भौचर तथा स्रेस्ताः

| विवरण | भौचर संख्या | रकम |
|---|---|---|
| आम्दानी भौचर | ७ | ३३,०६,३००।३४ |
| जर्नल भौचर | १७६ | १०,७७,४३,२२९।२८ |
| पर्चेज जर्नल भौचर | २५८ | ७,४९,४२,२५८।३६ |
| भुक्तानी भौचर | ३९१ | १२,२७,७०,८१८।७९ |

**अन्य मामिलाः**

१. नेपाल पर्यटन बोर्ड आर्थिक तथा खरिद विनियमावली, २०७२ को विनियम १४(३) मा स्वीकृत रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको, बिल भर्पाई र आवश्यक कागजात भए/नभएको जाँच गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई भुक्तानी गर्नुपर्ने उल्लेख छ। सो सम्बन्धी व्यहोरा व्यवस्थापन प्रतिनिधित्व पत्रमा विभिन्न दफामा उल्लेख गरिएको छ। बिल भर्पाई तथा आवश्यक कागजातबेगर भुक्तानी दिएकोमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ। विगतका वर्षहरुमा वासलात, आय व्यय विवरण र नगद प्रवाह विवरणमा उल्लेख्य रकम फरक परेकोले सो रकमबाट यस वर्षको वित्तीय विवरणमा पर्ने असर यकिन गरिनुपर्दछ।

२. २०७०।७१ मा २०७१।१।१८ देखि २०७१।३।३ सम्म ५२ दिन कार्यालयमा तालाबन्दी भएको देखिन्छ। उक्त अवधिमा कायम मुकायम कार्यकारी प्रमुखलगायत ५ कर्मचारीले २०७१।१।१७ देखि २०७१।३।४ सम्म सादा कागजमा हाजिर जनाएको र बाँकी कर्मचारीले कार्यालयकै हाताभित्र राखिएको हाजिर कापीमा हाजिर गरेको देखिन्छ। सादा कागजमा हाजिर जनाउने ५ कर्मचारीको हाजिर बोर्ड अध्यक्षबाट प्रमाणित भएको छ। समयमा नै लेखापरीक्षण प्रतिवेदन जारी नभएको कारण उपलब्ध भएको २०७४।९।१२ को प्रारम्भिक प्रतिवेदन मस्यौदा, सो उपर प्राप्त प्रतिक्रिया तथा वित्तीय विवरणको आधारमा यो लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै बोर्डलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव

आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस बोर्डमा २०८२।७।२ मा पठाइएको छ।**

# नेपाल वायुसेवा निगम (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले नेपाल वायुसेवा निगम (यसपछि संस्था समेत भनिएको) को यसै प्रतिवेदनसाथ संलग्न २०८१ असार मसान्तको वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनसम्बन्धि विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका विषयहरुले पार्ने असरबाहेक संलग्न वित्तीय विवरणले निगमको २०८१ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको अवस्था नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप सारभूत रुपमा यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **एयरबस विमान खरिद ऋणः** निगमले एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोषसँग रू.२१ अर्ब ९७ करोड ७२ लाख र नागरिक लगानी कोषसँग रू.१२ अर्ब ऋण लिएकोमा सो सम्बन्धी बेहोरा निम्नानुसार छन्:

१.१. नेपाल वायु सेवा निगम र कर्मचारी सञ्चय कोषबीच २०७०।३।४ मा २ थान एयरबस ३२० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ को सम्झौताअनुसार १ थान एयरबस ३३० विमान खरिद गर्न नेपाल सरकारको जमानीमा रू.११ अर्ब ९९ करोड ६१ लाख ऋण लिएकोमा निगमले नियमित रूपले किस्ता र ब्याज तिर्न नसकेको र सावाँ रु.२० अर्ब ४६ करोड २९ लाख र ब्याज रु.६ अर्ब ४८ करोड ६१ लाखसमेत तिर्न बाँकी सावाँ तथा ब्याज रु.२६ अर्ब ९४ करोड ९० लाख देखाएको छ। कर्मचारी सञ्चय कोषले ब्याज र पेनाल ब्याज पुँजीकृत गरी २०८१ असार मसान्तमा सावाँ रू.२१ अर्ब ९७ करोड ७२ लाख र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रू.६ अर्ब ५९ करोड ६३ लाखसमेत रू.२८ अर्ब ५७ करोड ३५ लाख देखाएको छ। यसमा रु.१ अर्ब ६२ करोड ४५ लाख फरक पर्न आएको छ ।

१.२. नेपाल वायुसेवा निगम र नागरिक लगानी कोषबीच २०७४।२।२९ मा १ थान एयरबस ३३० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रू.१२ अर्ब ऋण लिएकोमा निगमले नियमित रूपमा किस्ता र ब्याज तिर्न नसकेको र सावाँ रु.१२ अर्ब र ब्याज रु.५ अर्ब ३८ करोड ५६ लाखसमेत तिर्न बाँकी सावाँ तथा ब्याज रु.१७ अर्ब ३८ करोड ५६ लाख देखाएको छ। नागरिक लगानी कोषले ब्याज र पेनाल ब्याजसमेत पुँजीकृत गरी २०८१ असार मसान्तमा सावाँ रु.१२ अर्ब र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रू.७ अर्ब ३९ करोड १० लाखसमेत रू.१९ अर्ब ३९ करोड १० लाख देखाएको छ। यसमा रु.२ अर्ब ५४ लाख फरक पर्न आएको छ।

निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्न बाँकी ब्याज क्रमशः रू.६ अर्ब ४८ करोड ६१ लाख र रू.५ अर्ब ३८ करोड ५६ लाख लेखाङ्कन गरेको छ। निगम र कर्मचारी सञ्चय कोषबीचको ऋण र ब्याज हिसाबमा रू.१ अर्ब ६२ करोड ४५ लाख र नागरिक लगानी कोषबीचको हिसाबमा रु.२ अर्ब ५४ लाखसमेत जम्मा रु.३ अर्ब ६२ करोड ९९ लाख फरक देखिएको छ। तोकिएको समयमा सम्झौतानुसार ऋणको सावाँ/ब्याज चुक्ता गर्नुपर्दछ।

१.३. निगमले A330 र A320 एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषसँग गरेको ऋण सम्झौतामा सावाँ र ब्याज किस्तालाई खाम्ने गरी टिकट बिक्रीबाट प्राप्त हुने कुल आयको कम्तीमा ३० प्रतिशत रकम कर्जा नियमित गर्ने प्रयोजनको निमित्त कोषले तोकेको बैङ्कमा छुट्टै विशेष कोष खडा गरी मासिक रूपमा रकम जम्मा गर्ने र सो रकम कोषको कर्जा तिर्ने प्रयोजनको निमित्त मात्र उपयोग गर्नुपर्ने उल्लेख छ। निगमले सम्झौता अनुरूप

विशेष कोष खडा गरेता पनि जम्मा गरेको देखिएन। निगमले A320 को ऋणको किस्ता तिरेको तर A330 को ऋणको किस्ता तिर्न नसकेको अवस्था छ।

२. **अन्य ऋण** - निगमले नेपाल सरकारसँग विभिन्न समयमा लिएको ऋणको सम्झौताबमोजिमको सावाँ/ब्याज तिरेको छैन। यस्तो ऋण दायित्वलाई निगमले असुरक्षित ऋणअन्तर्गत यो वर्ष रू.२ अर्ब १० करोड ११ लाख र अल्पकालीन ऋणअन्तर्गत अर्को वर्ष तिर्नुपर्ने ऋणमा रू.१ अर्ब ५८ करोड ७७ लाखसमेत रू.३ अर्ब ६८ करोड ८८ लाख देखाएको छ। नेपाल सरकारको ऋणमा तिर्न बाँकी ब्याज रु.५६ करोड ६० लाख, एम.ए.-६० सफ्ट ऋणबापतको ऋणको तिर्न बाँकी ब्याज रु.११ करोड ५५ लाख र वाई १२ ई विमानको ऋणबापतको तिर्न बाँकी ब्याज रू.९ करोड ५९ लाखसमेत जम्मा तिर्न बाँकी ब्याज रु.७७ करोड ७४ लाख रहेको छ। यसरी असुरक्षित ऋण, अल्पकालिन ऋण र सोको ब्याजसमेत गरी रु.४ अर्ब ४६ करोड ६२ लाख तिर्न बाँकी देखिन्छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक ऋण तथा लगानीको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार नेपाल सरकारले निगमलाई उपलब्ध गराएको ऋण रु.३ अर्ब ६१ करोड ६३ लाख हुँदा निगमले लेखाङ्कन गरेको ऋण रु.८४ लाख ९९ हजारले बढी देखिन्छ। हिसाब भिडान गरी रकम यकिन गर्नुपर्दछ।

३. **भाखा नाघेको ब्याज** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सार्वजनिक ऋण तथा लगानीको वार्षिक प्रतिवेदन २०८०।८१ अनुसार निगमको भाखा नाघेको सावाँ रु.१ अर्ब ८ करोड २७ लाख ७४ हजार र सोको ब्याज रु.१ अर्ब १३ करोड ४७ लाख ६८ हजारसमेत रु.२ अर्ब २१ करोड ७५ लाख ४२ हजार रहेको देखिन्छ। निगमले भाखा नाघेको ब्याज यकिन तथा सोको खर्च व्यवस्था (Provision) गरेको देखिएन।

४. **विमान सञ्चालन -** निगमले २७ अप्रिल, २०१४ मा १ थान एम.ए.६० तथा नोभम्बर १४, २०१४ मा १ थान वाई १२ ई जहाज अनुदान स्वरुप प्राप्त गरेको र २६ जनवरी, २०१७ मा एक थान एम.ए.६०, १ फेब्रुअरी, २०१७ मा वाई १२ ई १ थान तथा १३ फेब्रुअरी, २०१८ मा २ थान विमानले खरिद गरेको देखिन्छ। निगमले सो विमान सञ्चालन गर्न प्रशिक्षक पाइलट समयमा नपठाएको, तत्काल स्पेयर पार्टस उपलब्ध नभएको, स्पेयर पार्ट्स महङ्गो भएको, मापदण्डबमोजिम धावनमार्ग नरहेको, पाइलट तथा ईन्जिनियरको तालिम खर्च तथा अत्याधिक बीमा प्रिमियम जस्ता कारण देखाई सञ्चालक समितिको २०७७।३।१६ को निर्णयअनुसार सोही मितिदेखि यी सबै विमानको उडान बन्द गरेको छ। यो वर्ष बीमा, पार्किङ्ग, मर्मत सम्भारसमेत एम.ए.-६० जहाजका लागि रु.३ करोड ५० लाख र वाई १२ ई जहाजको लागि रु.३ करोड ३१ लाखसमेत रु.६ करोड ८१ लाख खर्च भएको छ।

यसरी जहाज सञ्चालन नगर्ने निर्णय गर्दा आर्थिक एवम् साखमा पर्ने असर अध्ययन गरेको देखिएन। ती जहाजबाट कुनै आम्दानी नभएको अवस्थामा समेत निगमले निरन्तर खर्च गर्नु परेकोले थप व्ययभार परेको छ। सम्भाव्यता अध्ययनदेखि विमान खरिद/सञ्चालन निर्णय गर्ने पदाधिकारीसमेतलाई सो नोक्सानी प्रति जवाफदेही बनाउनुपर्दछ।

५. **शङ्कास्पद आसामी/क्षयीकरण व्यवस्था -** नेपाल वित्तिय प्रतिवेदनमान ९ वित्तीय उपकरण र नेपाल लेखामान ३६ सम्पत्तिको क्षयीकरणअनुसार आसामीहरुको लागि शङ्कास्पद आसामीको व्यवस्था (Provision for doubtful debtor/impairment) गर्दा आसामीको समय अवधि (Ageing) र वस्तुगत आधारमा असुलीको सम्भावनाको मुल्याङ्कन गरी सोहीअनुसार उचित नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरिनुपर्छ। निगमको वित्तीय विवरणमा शङ्कास्पद आसामीको लागि व्यवस्था (Provision for doubtful debtor) गर्दा आसामीको समयावधि (Ageing) र अन्य वस्तुगत आधारमा असुलीको सम्भावनाको मूल्याङ्कन नगरी individual impairment मा गत वर्षको रु.२७ करोड १५ लाख २९ हजार जिम्मेवारी सारेको र collective impairment मा गत वर्ष रु.६ करोड ७० लाख ८१ हजार र यो वर्ष रु.५ करोड ७२ लाख ३४ हजार घटाएको छ। २०८१ आषाढ मसान्तमा रहेको आसामी रु.१ अर्ब २९ करोड ७९ लाख ८६ हजारको सम्बन्धित पार्टीबाट मौज्दात समर्थन नलिएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन।

६. **उपदान तथा कर्मचारी सुविधा -** निगमको कर्मचारी सेवा सर्त विनियमावली, २०५८ मा व्यवस्था भएबमोजिमको दीर्घकालीन कर्मचारी उपादानको दायित्वबापतको व्यवस्था रु.१ अर्ब ४७ करोड ५४ लाख र औषधि उपचार तथा बिदाको दायित्वबापतको व्यवस्था रु.१ अर्ब १७ करोड ३१ लाखसमेत २०८१ असार मसान्तसम्म निगमको दीर्घकालीन कर्मचारी दायित्व रु.२ अर्ब ६४ करोड ८५ लाख भएकोमा सो बमोजिम अवकाश कोषमा रकम जम्मा हुन सकेको छैन। यसबाट भविष्यमा दायित्व सिर्जना हुँदा कर्मचारीलाई भुक्तानी दिन नसकिने अवस्था सिर्जना हुन सक्दछ।

७. **सेयर पुँजी -** निगमको पुँजी संरचना देहायानुसार छः

(रु. लाखमा)

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| अधिकृत पुँजी | ३०,०० | ३०,०० |
| चुक्ता पुँजी | १६,२३ | १६,२३ |
| **अन्य पुँजी (ईक्विटी)** | | |
| नेपाल सरकारको लगानी | २१,७० | २१,७० |
| नेपाल सरकारको लगानी (एम.ए.-६० को लागि) | २,१३,८९ | २,१३,८९ |
| नेपाल सरकारको लगानी (वाई १२ ई को लागि) | ५८,५७ | ५८,५७ |
| **अन्य पुँजी जम्मा** | **२,९४,१६** | **२,९४,१६** |

निगमको वित्तीय विवरणअनुसार चुक्ता पुँजी रु.१६ करोड २३ लाख र अन्य पुँजी (ईक्विटी) रु.२ अर्ब ९४ करोड १६ लाख रहेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नेपाल सरकारको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार निगममा नेपाल सरकारको सेयर लगानी रु.३ अर्ब १० करोड ३९ लाख रहेको छ। नेपाल सरकारबाट लगानी भएको रकम रु.२ अर्ब ९४ करोड १६ लाखको सेयरको लगत अद्यावधिक गरेको छैन।

८. **जिन्सी मौज्दात -** चालु सम्पत्तिअन्तर्गत जिन्सी सम्बन्धी विवरण देहायअनुसार रहेको छ।

| विवरण | यस वर्ष रु. | गत वर्ष रु.. |
|---|---|---|
| Aircraft Stores | ४,१४,७४,४५,०७७ | ३,८७,३५,३४,५३२ |
| Vehicle Stores | २,२३,१७,९९१ | २,२३,१७,९९१ |
| Surface Fuel Stores | २५,००,१६३ | २५,००,१६३ |
| Catering Stores | ७,१५,९४,२२६ | ७,१५,९४,२२६ |
| Uniform Stores | ३९,९७,५५५ | ३९,९७,५५५ |
| Printing & Stationary Stores | ८१,४७,५३६ | ८१,४७,५३६ |
| Cash Value Document | ७५,६०,८४० | ७७,६१,९४३ |
| Advertising Stores | ३,०५,२३७ | ३,०५,२३७ |
| **जम्मा** | **४,२६,३८,६८,६२५** | **३,९९,०१,५९,१८४** |

नेपाल लेखामानको २ को अनुच्छेद ९ मा जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा लागत वा खुद प्राप्य मुल्यमध्ये जुन कम हुन्छ सोमा मूल्याङ्कन गरिनुपर्छ। यसरी मूल्याङ्कन गर्दा फरक पर्ने रकम नाफा/नोक्सान विवरणमा लेखाङ्कन हुनुपर्दछ। जिन्सी सामग्रीको यस वर्षको उपभोग, नयाँ खरिद, निकासी, डिस्पोज गरिएको विवरण पेस भएन। निगम सञ्चालक समितिको २०७६।१।३१ को बैठक माइन्युटमा उल्लेख भएअनुसार फेज आउट गरेको बोईङ विमान तथा यसका पार्टपूर्जाको

Ms. Fintech FAS aviation Services Company ले मूल्याङ्कन गरेको Rotable Components and tools को मुल्य अमेरिकी डलर २३ लाख ८० हजार उल्लेख भएको छ। उक्त Rotable Components and tools को मूल्याङ्कन गरेको उक्त मुल्यमा पनि बिक्री हुन सकिरहेको देखिएन। निगमको एयरक्राफ्ट्स स्टोरलगायत सबै स्टोरबाट जिन्सीको मुल्य खुलेको आईटमवाईज परिमाणको प्राप्ति, खर्च र मौज्दातको विवरण उपलब्ध नगराएकोले रु.४ अर्ब २६ करोड ३८ लाख ६९ हजारको जिन्सी मौज्दात भिडान हुन सकेन।

९. **अद्यावधिक विवरण -** निगमको २०८०।८१ को वित्तीय विवरणअनुसार एअरक्राफ्ट स्टोरको वर्षान्तको मौज्दात रु.४ अर्ब १४ करोड ७४ लाखको रहेको देखिन्छ। तर ईन्जिनियरिङ्ग विभागले मालसामानको नाम, परिमाण र मुल्य खुल्ने गरी जिन्सी मौज्दातको अद्यावधिक विवरण तयार नगरेकोले सोको यकिन गर्न सकिएन। विगतको प्रतिवेदनमा समेत यस सम्बन्धमा विषय उठान भएकोमा हालसम्मको स्थिति यथावत रहेको छ।

१०. **साङ्योगिक दायित्व र विचाराधिन मुद्दाहरु -** आन्तरिक राजश्व विभागले आयकर ऐन, २०५८ को दफा ८७(१) अन्तर्गत निगमले कर्मचारीलाई छुट दिएको टिकटबापतको रकम रु.४ करोड ३८ लाख ६६ हजार कर्मचारीको आम्दानीमा समावेश गरी ब्याज र जरिवानासहित कर निर्धारण गरेकोमा मुद्दा २०८०।१०।२ मा सर्वोच्च अदालत पुगी निर्णय हुन बाँकी रहेको छ। निगमले २०७२।७३ र २०७३।७४ को यस सम्बन्धी कर निर्धारण भएको क्रमश: रु.४ करोड २२ लाख र रु.२ करोड ९२ लाख भुक्तानी गरेको छैन। आन्तरिक राजस्व विभागले आयकर ऐन, २०५८ को दफा ८९(३) बमोजिम जहाज मर्मतमा २०७४।७५ को रु.१ करोड ६७ लाख र कर्मचारीलाई छुट टिकटबापतमा रु.२ करोड ४ लाख कर निर्धारण गरेकोमा मुद्दा राजश्व न्यायाधिकरणमा पुगेको छ।

लेखापरीक्षणको क्रममा निगमसँग सम्बन्धित अन्य २३ वटा मुद्दाहरु विभिन्न निकायमा अग्रिम आयकर, दोहोरो पारिश्रमिक, बढुवा, टिकट रकम, कम्पनीकरण विरुद्धको मुद्धा, ईन्जिन लिज/मर्मत आदि प्रकृतिका विषयहरु विचाराधिन रहेको पाइयो। यसरी विचाराधिन रहेका मुद्दाहरुबाट निगमलाई पर्न सक्ने सम्भावित नोक्सानीका लागि निगमले साङ्योगिक दायित्व (Contingent Lability) मा पर्ने सक्ने व्ययभारको रकम खुलासा गरेको पाइएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षकअन्तर्गत उल्लेख गरिएको छ। निगमको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)**

लेखापरीक्षणका मुख्य मामिलाले चालु अवधिको वित्तीय विवरणको लेखापरीक्षणमा अत्याधिक महत्वपूर्ण ठानिएका विषयवस्तुहरूलाई जनाउँछ। कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा वर्णन गरिएको विषयबाहेक, यस प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य कुनै मुख्य मामिलाहरु हामीले निर्धारण गरेका छैनौं।

**अन्य मामिलाहरु (others Matters)**

१. **व्यावसायिक योजना:** निगमको २०१४ देखि २०२१ सम्ममा ३ वटा व्यावसायिक योजना क्रमश: (२०१८-२०२८) दश वर्षे योजना, अन्तरिम व्यावसायिक योजना २०१६ र (२०२१-२०३०) को व्यावसायिक योजना रहेका छन्। निगमको पछिल्लो कार्ययोजनानुसार सन् २०२४ सम्ममा अन्तर्राष्ट्रिय उडानको लागि न्यारोबडी ८ थान, वाईडबडी २ थान र आन्तरिक उडानको लागि Trunk मा ४ थान र STOL मा ४ थान विमान थप गरी विमानको संख्या १८ पुऱ्याउने योजना रहेको छ। उक्त योजनामा अन्तर्राष्ट्रियतर्फ् दश वर्षको अवधिमा कुल सिट उत्पादनको ३.४ प्रतिशत युरोप र २.६ प्रतिशत अष्ट्रेलियामा

केन्द्रित रहने लगायतका व्यहोरा उल्लेख भएकोमा हालसम्म न्यारोबडी, वाईडबडी, Trunk र STOL लगायतका विमानहरु थप हुन सकेको छैन। त्यस्तै युरोप र अष्ट्रेलियामा उडान शुरु गर्न नसकेबाट योजनाको कार्यान्वयन अवस्था कमजोर देखिन्छ।

२. **उडान लक्ष्य प्रगतिः** २०८०।८१ को निर्धारित उडान तालिकाको कार्यान्वयन अवस्था निम्नानुसार छः

| क्षेत्र | उडान लक्ष्य | उडान भएको सङ्ख्या | उडान भएको प्रतिशत |
|---|---|---|---|
| अन्तर्राष्ट्रिय | ५१५० | ३३४२ | ६४.८९ |
| आन्तरिक | २८३८ | १६२८ | ५७.३६ |

यो वर्ष अन्तर्राष्ट्रियतर्फ् ५ हजार १५० र आन्तरिकतर्फ् २ हजार ८३८ उडान गर्ने लक्ष्य रहेकोमा अन्तर्राष्ट्रिय ३ हजार ३४२ र आन्तरिकतर्फ् १ हजार ६२८ उडानमात्र भएको पाइयो। गत वर्षको तुलनामा निगमले अन्तर्राष्ट्रियतर्फ् २३७ उडान (६.६२ प्रतिशत) घटी र आन्तरिकतर्फ् ५४ उडान (३.४३ प्रतिशत) बढी उडान सञ्चालन गरेको छ। निगमले यो वर्ष अन्तर्राष्ट्रियतर्फ् रु.२६ अर्ब ७४ करोड ८२ लाख २३ हजार र आन्तरिकतर्फ् रु.३५ करोड ३८ लाख ४३ हजार गरी कुल सञ्चालन आय रु.२६ अर्ब ९९ करोड ८५ लाखको लक्ष्य रहेकोमा निगमले रु.२० अर्ब ७४ करोड ८२ लाख २३ हजार (७६.८३ प्रतिशत) आय गरेको छ।

३. **विमान उडानः** निगमको सञ्चालक समितिले २ वाईडबडी विमान सञ्चालनको लागि २०७३।६।८ मा व्यावसायिक योजना स्वीकृत गरी खरिद गरेका जहाज निगमको स्वीकृत कार्यक्रमअनुसार जापानको नारिता, चीनको ग्वाङ्जाउ र दक्षिण कोरियाको सोलमा २०७५ चैत्र मसान्तसम्म उडान गरिसक्ने लक्ष्य रहेकोमा नारिताबाहेक अन्य गन्तव्यमा यो वर्षको अन्त्यसम्म पनि उडान भएको देखिएन। न्यारोबडी २ विमान ए३२०-ए.के.डब्लु. र ए३२०-ए.एल.जेड. को उडान प्रति दिन १२.११ र ३.७० घण्टा मात्र रहेको छ। लामो दुरीको उडान गन्तव्यको अभावमा वाईडबडी विमान पूर्ण क्षमतामा सञ्चालन गर्न सकेको छैन। वाईडबडी विमान ए३३०-ए.एल.वाई. र ए३३०-ए.एल.जेड. को उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा प्रति दिन क्रमशः ८.२७ र ८.५७ घण्टा मात्र उडान गरेको देखिन्छ।

४. **घर तथा जग्गाको आय व्यवस्थापनः** यो वर्ष निगमले केन्द्रीय कार्यालय, न्यूरोड तथा बाहिरी जिल्लाहरु नेपालगञ्ज, विराटनगर र पोखरा अवस्थित भवन, जग्गा र कबलको भाडाबापत रु.४ करोड ५२ लाख १० हजार आम्दानी गरेको देखिन्छ। २०८०।८१ मा निगमले गरेको घर बहाल सम्झौताअनुसार भाडा रु.५ करोड २४ लाख १६ हजार असुली गर्नुपर्नेमा रु. ७२ लाख ८ हजार भाडा असुल गर्न बाँकी रहेको छ। सो भाडा सम्झौताबमोजिम असुल गर्नुपर्ने देखिन्छ।

### वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी निगमको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले निगमले अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, व्यवस्थापनलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। निगमको व्यवस्थापनको लागि उत्तरदायी पक्षले निगमको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत

विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस निगममा २०८३।१।२४ मा पठाइएको छ।**

# सांस्कृतिक संस्थान

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले संस्कृतिक संस्थानको यसै प्रतिवेदन साथ संलग्न २०८२ असार मसान्तको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, नगद प्रवाह विवरण एवम् लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थानको वित्तीय विवरणहरुले २०८२ असार मसान्तको वित्तीय स्थिति उक्त मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. संस्थानले नेपाल सरकारबाट लिएको ऋणको किस्ता तथा ब्याजको हिसाबकिताब राखेको तर २०५५।५६ देखि २०७०।७१ सम्म लिएको ऋणको किस्ता तथा ब्याज तोकिएको भाखाभित्र बुझाउनुपर्नेमा सो गरेको पाइएन। २०८१।८२ असार मसान्तसम्को तिर्नुपर्ने सावाँ (किस्ता) रु.२१ करोड ७९ लाख ५६ हजार र तिनुपर्ने ब्याज रु.१६ करोड ४१ लाख १४ हजार गरी जम्मा बक्यौता रकम रु.३८ करोड २० लाख ७१ हजार रहेको छ।

२. वासलातमा रहेको कोष तथा अन्य व्यवस्थाअन्तर्गत निर्माण व्यवसाय कोष रु.६४ हजार, सञ्चित विदा तथा उपदान कोष रु.७ लाख ८० हजार, अक्षय कोष रु.५ लाख ९२ हजार र कर्मचारी कल्याण कोषको रु.४ लाख ४५ हजारसमेत जम्मा रु.१८ लाख ८१ हजार बराबर रकमको विवरण उपलब्ध नगराएकोले सो रकम यकिन गर्न सकिएन साथै सो कोषहरुको रकम अलगै कुनै लगानी वा निश्चित बैङ्क खातामा रहेको नदेखिँदा सो रकम पुष्टि हुन सकेन।

३. वासलातमा अन्य दायित्वअन्तर्गत अज्ञात निक्षेप २ हजार २००, अज्ञात बैङ्क निक्षेप रु.१ लाख ७२ हजार र धरौटीअन्तर्गत कार धरौटी रु.१० हजार रकमको विवरण उपलब्ध नगराएकोले सो रकम यकिन गर्न सकिएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गरी सो मान अनुरुप हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। सांस्कृतिक संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हामी लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यन्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविच्छिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार वहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मानसिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकार लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य मुख्य बुँदाहरु निम्नानुसार छन्:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अननुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ तर ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समय प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस समितिमा २०८३।१।२४ मा पठाइएको छ।**

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण नेपाल) (२०७९।८०)

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले नेपाल टेलिभिजन (यसपछि संस्था भनिएको) को यसै प्रतिवेदनसाथ संलग्न २०८० असार मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, ईक्विटिमा भएको परिवर्तनसम्बन्धि विवरण एवम् प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका विषयहरुले पार्ने असरबाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८० असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाहको अवस्था प्रचलित लेखा सिद्धान्तअनुसार यथार्थ चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधारहरु**

१) **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल लेखामान १ अनुसार वित्तीय विवरणले संस्थानको वित्तीय अवस्था, सञ्चालन नतिजा र नगद प्रवाह प्रस्तुत गर्नुपर्दछ। तर संस्थानले तीन वर्षको वित्तीय स्थितिको विवरण, दुई वर्षको नाफा/नोक्सानको विवरण तथा अन्य विस्तृत आम्दानी विवरण, नगद प्रवाह विवरण, साधारण सेयरमा भएको परिवर्तन र लेखासम्बन्धी प्रमुख नीतिहरु तथा अनुसूचीहरु प्रस्तुत गरेता पनि ३ आर्थिक वर्षका निःशुल्क व्यावसायिक समय सुविधा (Free Commercial Time Facility) सम्बन्धित कारोवारहरु वित्तीय विवरणमा समावेश तथा खुलासा गरिएको छैन। पुनश्चः संस्थानले वित्तीय विवरण तयार गर्दा नेपाल लेखामानहरु १, २, १०, १२, १६, २०, २३, २४, ३६ साथै एन.एफ.आर.एस. ०७, ०८ र १५ को पालना गरिएको नदेखिएकाले समेत प्रस्तुत वित्तीय विवरण NFRS अनुसार पूर्ण रुपमा तयार नभएको पाइयो। नेपाल वित्तीय प्रतिवेदनमान (एन.एफ.आर.एस.) अनुसार तयार नभएको कारणले पर्न जाने संयुक्त असर यकिन गर्न नसकिने भएको छ, जुन सारभूत तथा व्यापक हुन सक्छ।

निःशुल्क व्यावसायिक समय सुविधा (Free Commercial Time Facility) सम्बन्धित कारोवारहरु सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐनको दफा ६ अनुसार मूल्य अभिवृद्धि कर निर्धारण र असुलउपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति आपूर्तिकर्ताले बीजक जारी गरेको बखत, वा सेवाको आपूर्तिको हकमा सेवा प्रदान भएको बखत वा आपूर्तिकताले वस्तु वा सेवाको प्रतिफल प्राप्त गरेका बखत समयमध्ये जुन पहिले हुन्छ सोही समयमा त्यस्तो वस्तु वा सेवाको आपूर्ति भएको मानिने भएकाले यस्तो थप समयको मूल्य अभिवृद्धि कर नियमावली, २०५३ दफा १७ अनुसार सेवा आपूर्ति गर्दा प्रापकलाई अर्थात एजेन्सीलाई कर बीजक दिनुपर्ने व्यवस्था आकर्षित हुने अर्थात तोकिएको थप १० प्रतिशत विज्ञापन प्रसारण कर्पोरेट सुविधा दिँदा तथा थप FCT ८ प्रतिशत विज्ञापन समय थप उपलव्ध गराउँदा मूल्य अभिवृद्धि कर नियमावलीको दफा १७ आकर्षित भई बीजक जारी गर्नुपर्नेमा बीजक जारी गरेको देखिएन। यसको कारणसमेत खुलासा गरेको पाइएन।

एफ.सी.टी. सम्बन्धी विवरणको स्वतन्त्र समीक्षा (Independent Review) गराई, वित्तीय विवरणमा आवश्यक समायोजन गराई सोको खुलासा लेखानीति र टिप्पणीमा गर्नुपर्दछ।

२) **गत वर्षको जिम्मेवारीः** गत वर्षको लेखापरीक्षण भएको वासलातअनुसार जिम्मवारी सार्ने कार्य पूर्ण रुपमा नभएकाले यस वर्षको सन्तुलन परीक्षणमा देखाएअनुसारको शुरुको रकम र गत वर्षको वित्तीय विवरण (वासलात) मा भिन्नता देखिएको छ। सफ्ट्वेयरबाटै आफै automatic opening carry forward हुनुपर्नेमा यसरी फरक परेकोमा संस्थानमा विद्यमान आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकाले अविलम्ब उपरोक्त रकमहरुको आवश्यक समायोजन गरी वित्तीय विवरण एवम्

संस्थानको लेखा हिसाब अद्यावधिक तथा दुरुस्त गरी यस्तो अवस्था नदोहोरिने गरी गम्भिरताका साथ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने देखिन आएको छ। यस्तो भिन्नता संस्थाको गत वर्षको वासलातभन्दा अचल सम्पत्तितर्फ् बढी रु.६९ लाख ४४ हजार, विभिन्न लिनुपर्नेतर्फ् रु.२६ लाख ७ हजार र विभिन्न भुक्तानी गर्नुपर्ने तथा आयतर्फ् रु.५ करोड १० लाख ७६ हजार गरी जम्मा रु.६ करोड ६ लाख २६ हजार जिम्मेवारी सार्न नपर्नेमा सारेको देखिएको, केही अन्य लिन पर्ने तथा दिन पर्ने रकमहरु दोहोरो जिम्मेवारी सारेको देखिएको र अन्तर शाखा हिसाब र सञ्चित नोक्सानी हिसाब एकै शीर्षकअन्तर्गत जिम्मेवारी सारिएकोमा बिना भौचर समायोजन सञ्चित नोक्सानी हिसाब डेबिट रकम रु.२ अर्ब ६ करोड २ लाख ६२ हजारले नै अन्तर शाखा हिसाब खाता बिना भौचर सोही रकम क्रेडिट देखाई यस वर्षको वित्तीय विवरण तयार गरेको पाईयो।

प्रस्तुत वर्षको सन्तुलन परीक्षणअनुसार शुरु मौज्दात रकम अन्तर शाखा हिसाबमा जिम्मेवारी सारिएको रु.१ अर्ब ९९ करोड ४३ लाख २६ हजार र २०७८।७९ को सञ्चित नोक्सानी रकम रु.२ अर्ब ६ करोड २ लाख ६२ हजार देखिएकोमा २०७९।८० को शुरुमा सन्तुलन परीक्षणअनुसार अन्तर शाखा हिसाब तथा सञ्चित नोक्सानी हिसाबमा खुद रु.६ करोड ५९ लाख ३५ हजार (डेबिट) रकमले फरक रहेको देखियो। तर, प्रस्तुत वर्ष २०७८।७९ को वित्तीय विवरणमा अन्तर शाखा हिसाब तथा सञ्चित नोक्सानी हिसाब रकम शून्य देखाइएको पाइयो। अतः २०७८।७९ र २०७९।८० मा सम्पूर्ण समायोजन भौचरहरु ledger मा पोष्टिङ्ग गरी trial balance को आधारमा वित्तीय विवरण पुनः तयार गरी लेखापरीक्षण भएको वित्तीय विवरणसँग रुजु भएको सुनिश्चित गर्नु गराउनु पर्ने देखिएको छ।

अन्तर शाखा कारोवार तथा सञ्चित नाफा/नोक्सान हिसाब एक आपसमा गाभेर जिम्मेवारी सारेको, अन्तर शाखा कारोवारको हिसाब मिलान गत विगत वर्षहरुमा नगरिएकोमा, प्रस्तुत वर्ष पनि तयार गरेको छैन। अविलम्ब अन्तर शाखा कारोवार हिसाब विगत शुरु देखिनै हिसाब छुटयाई जिम्मेवारी सारेको आधारमा वित्तीय विवरण तयार गरी हिसाब दुरुस्त गर्नुपर्ने देखियो।

३) **अन्य सञ्चालन आयः** गत वर्षको वासलातमा प्रस्तुत नभएको Samabeshi Programme Grant तर्फ क्रेडिट जिम्मेवारी रु.१ करोड ४१ लाख ६१ हजार र Grant from Sanchar Mantralaya Prasaran Pahunch Bridhi तर्फ् क्रेडिट जिम्मेवारी रु.३ करोडले गर्दा अन्य सञ्चालन आयमा उपरोक्त बमोजिम हुने जम्मा रकम रु.४ करोड ४१ लाख ६१ हजार समावेश हुन गई अन्य सञ्चालन आय सोही रकमले अत्यधिक हुन गई नाफा/नोक्सान हिसाब प्रभावित हुन पुगेको देखिएको छ।

४) **स्याटेलाइट सेवाः** संस्थाले स्याटेलाइट सेवाबापत Asia Satellite Telecommunications Company Limited लाई एक पटक उपरोक्त कम्पनीकै नाममा र एक पटक लिज दायित्व खातामा तिर्न पर्ने रकम जम्मा गरी भौचर ईन्ट्री गरेको पाइयो। यसबाट समष्टिगत रुपमा स्याटेलाईट भाडा खर्च रु.८८ लाख ८९ हजार खर्च लेखाङ्कन गर्न नपर्नेमा लेखाङ्कन गरी सेवा लागत खर्च (Cost of Providing Services) तर्फ् देखाइएको र उपरोक्त स्याटेलाइट सेवाबापत Asia Satellite Telecommunications Company Limited लाई वित्तीय विवरणमा २ महिना ६ दिनको सेवा शूल्क रु.९० लाख ५९ हजार दोहोरो दायित्व Asia Satellite Telecommunications Company Limited को नाममा देखिन गएको पाईयो। फरक रकम रु.१ लाख ७० हजार विनिमय घटबढ हिसाबमा समायोजन गरी सुधार गर्नुपर्ने देखिएको छ।

५) **अन्तर इकाई हिसाबः** अन्तर इकाई कारोवार मासिक रुपमा रिकन्सिलियसन गर्नुपर्नेमा वर्षान्तमा पनि गरेको देखिएन। वर्षान्तमा देखिएको अन्तर हिसाब शून्य हुनुपर्नेमा क्रेडिटतर्फ्, trial balance मा नदेखिएको गत वर्षको सञ्चित नोक्सानी रकम रु.२ अर्ब ६ करोड २ लाख ६२ हजारलाई Opening GAAP Reserve 79/80 लेजरमा समावेश नगरी, वित्तीय विवरणमा अन्तर शाखा हिसाब क्रेडिटतर्फ् समावेश गरी हुन आउने खुद डेबिट रकम रु.१ करोड १८ लाख ९६ हजार अन्तर शाखा हिसाब भनी देखाई वित्तीय विवरण तयार गरिएको पाइयो। तसर्थ, उपरोक्त अन्तर शाखा हिसाब डेबिट रकम

रु.१ करोड १८ लाख ९६ हजारको पेन्डिङ्ग आइटमहरुको विवरण संस्थाले रिकन्सिलियन विवरण तयार गरेपछि मात्र यथार्थता अवगत हुने अवस्था देखिन्छ।

अन्तर इकाई हिसाब र सञ्चित नाफा/नोक्सानी हिसाब छुट्याई अन्तर इकाई हिसाब विवरण गत विगत वर्षदेखि नै तयार गरी हिसाब दुरुस्त राख्नुपर्ने देखिन्छ।

मुख्य शाखा कायालयको trial balance मा देखाईएको Opening Balance Difference Account डेबिटतर्फ् देखाईएको रकम रु.१ अर्ब ६० करोड ५५ लाख ६१ हजार एकीकृत सन्तुलन परीक्षणमा नदेखाएकाले वित्तीय विवरणमा समावेश नभएको र मुख्य शाखा कार्यालयकै trial balance अनुसार सञ्चित नोक्सानी हिसाब डेबिटतर्फ् रु.४ अर्ब १ करोड १७ लाख ७७ हजार रहेकोमा वित्तीय विवरणलाई आधार लिएको एकीकृत trial balance मा डेबिट रु.१ अर्ब ६३ करोड ९४ लाख ५६ हजार बढाई डेबिटतर्फ् सञ्चित नोक्सानी हिसाबमा रु.५ अर्ब ६५ करोड १२ लाख ३३ हजार देखाईएको आधार खुल्न आएन। साथै Opening Balance Difference Account विगतमा कसरी हुन गएको हो सो छानबिन गरेको पाइएन।

एकीकृत सन्तुलन परीक्षणको आधारमा वित्तीय विवरण तयार गर्नुपर्नेमा एकीकृत सन्तुलन परीक्षणमा केही शीर्षकगत रकमहरु समावेश नगरेको, केही शीर्षकमा रकम थप गरेकोले यसरी हिसाब फरक हुन गएको पाइयो। अतः संस्थाले अविलम्ब लेजरमा आधारित एकीकृत सन्तुलन परीक्षण तयार गरी वित्तीय विवरणसँग रुजू गरी अनुसूचीहरुमा देखाइएका रकमहरु पूर्ण रुपमा मेल खाने गरी हिसाब खाता तथा वित्तीय विवरण अद्यावधिक गर्नुपर्दछ।

६) **अधिकृत तथा जारी पुँजीभन्दा चुक्ता पुँजी बढी भएकोः** संस्थाको अधिकृत तथा जारी एवम् लिन मञ्जुर गरेको सेयर पुँजी १ करोड ५० लाख कित्ता साधारण सेयर प्रति सेयर रु.१०० का दरले रु.१ अर्ब ५० करोड चुक्ता पुँजी रहेको यस बर्ष तथा अघिल्लो वर्षहरुको वासलातबाट देखिन्छ। वासलातबमोजिम उल्लेखित अधिकृत तथा जारी पुँजीभन्दा संस्थानले रु.२ अर्ब ३९ करोड ९८ लाख ९८ हजारले बढी सेयर पुँजीबापत रकम प्राप्त गरेको देखिन्छ र सो रकमलाई अग्रिम सेयर लगानी उल्लेख गरेको छ। सो रकममध्ये नेपाल सरकार (सचिवस्तर) २०७९।३।२८ को निर्णयबमोजिम नेपाल सरकारबाट नेपाल टेलिभिजनलाई रु.३५ करोड रकम र नेपाल सरकारले प्रचलित कानून र स्वीकृत मापदण्डबमोजिम खर्च गर्ने गरी भू-उपग्रह भाडाको लागि रु.१० करोड र डिजिटल अकाईभमा रु.४ करोड ८७ लाख गरी जम्मा रु.१४ करोड ८७ लाख नेपाल टेलिभिजनको सिर्जित दायित्व भुक्तानी गर्न उल्लेख गरेकोमा अभिलेख सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग भिडान गरेको पाइएन।

७) **ऋण तमसुक विपरीत रकम उपयोग गरेकोः** नेपाल सरकारबाट २०७९।८० मा ऋण प्राप्त गरेको देखिएन। नेपाल सरकारबाट प्राप्त २०७९।८० सम्ममा रु.३८ करोड ऋण रहेको देखिन्छ। ऋण सम्झौताहरु १० वर्षका लागि भई तोकिएको भुक्तानी तालिकाअनुसार ६/६ महिनामा वार्षिक ब्याज दर ५ प्रतिशतका दरले भुक्तानी गर्नुपर्ने र तोकिएको समयमा भुक्तानी नगरेमा वार्षिक १० प्रतिशतका दरले हर्जाना लाग्ने सम्झौतामा उल्लेख छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०७९।१२।२४ को प्रमाणित कागजातअनुसार नेपाल टेलिभिजनले २०७९।८० सम्ममा वक्यौता ब्याज रु.३ करोड ८६ लाख ८० हजार र बाँकी ऋण रु.३८ करोड देखाइएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन, २०७९।८० को भाखा नाघेको सावाँ तथा ब्याजको विवरणअनुसार संस्थाको सो अवधिसम्मको भाखा नाघेको सावाँ र रु.६ करोड ९० लाख रहेको छ। संस्थाले लिएको ऋणको किस्ता तथा ब्याज भुक्तानी तालिकाबमोजिम हालसम्म नबुझाएको र हर्जनाको व्यवस्थासमेत लेखाङ्कन गरेको छैन।

८) **अचल सम्पत्तिः** संस्थानका शाखा कार्यालयहरु कोहलपुर, ईटहरी एवम् अन्य प्रसारण केन्द्रहरुमा भएका अचल सम्पत्तिहरुको वित्तीय लेखाङ्कन सम्बन्धित शाखा कार्यालय तथा प्रसारण केन्द्रहरुमा नभई मुख्यतः केन्द्रीय कार्यालयमा भएको देखिएको, केन्द्रीय कार्यालयमा उपरोक्त अचल सम्पत्ति रजिष्टर तयार नभएको, नाम नामेसीसहित संख्या तथा वित्तीय लेखाङ्कन रुजू

नभएको, एक शाखा कार्यालयबाट केन्द्रीय कार्यालय, केन्द्रीय कार्यालयबाट शाखा/प्रसारण केन्द्रमा अचल सम्पत्तिहरु हस्तान्तरण गर्दा चलानी र/वा डिबट/क्रेडिट नोट जारी गर्ने व्यवस्था नभएको, हस्तान्तरण गर्दा वित्तीय लेखाङ्कनमार्फत् गर्ने व्यवस्था नभएको, स्थिर सम्पत्तिहरुको कोडिङ्ग नगरिएको, संस्थानका सम्पूर्ण च्यानलहरु केही वर्ष अघि नै SD बाट HD मा रुपान्तरण गरिँदै आएको, भौतिक परीक्षण नगरिएको हुँदा अचल सम्पतिहरु कुन ठाउँमा अवस्थित छन्, के कति प्रयोग अवस्थामा छन्/छैनन्, के कति सञ्चालनमा छन्/छैनन्, के कति मर्मत योग्य अवस्थामा रहेका छन् आदि सम्पूर्ण व्यहोरा खोलिएको रजिष्टर तयार र अद्यावधिक नभएकोले ऐतिहासिक लागत, संख्या, खरिदको मिति, कोडिङ्ग (बार कोड), आयु, ह्रास कट्टा रकम, सञ्चालनमा रहे, नरहेको, बिक्री आदि जस्ता सम्पूर्ण व्यहोरा खोलिएको अचल सम्पत्ति रजिष्टर लेजरसँग रुजू हुने गरी तयार गर्न बाँकी देखियो। अतः वासलातमा उल्लेखित सम्पत्ति संयन्त्र र उपकरण रु.७२ करोड ११ लाख ९९ हजारको वास्तविकता यकिन हुनुपर्दछ।

९) **जग्गाः** नेपाल टेलिभिजनबाट प्राप्त भएको मिति उल्लेख नभएको जग्गाको विवरणमा यस संस्थानको कुल २२ ठाउँमा जग्गा रहेको देखिएको छ। जग्गातर्फ् स्थिर सम्पत्ति रु.३८ लाख २० हजार लेखाङ्कन गरेको पाइयो। उक्त जग्गाको आवश्यक सबै कागजातहरु संलग्न नभएकाले संस्थाले सम्पूर्ण आवश्यक कागजात प्राप्ति तथा संलग्न गरी अद्यावधिक गर्नुपर्ने देखिएको छ। सबै जग्गाहरुको उचित मुल्याङ्कन गरेर सम्पत्तिमा लेखाङ्कन गर्नुपर्नेमा सोअनुसार नगरेका देखिन्छ। उदाहरणको लागि संस्थानलाई दानमा आएको जग्गा जस्तै NTV ईटहरी शाखाले बज्राहा टोल, इटहरी-७, सुनसरीले प्रयोग गर्दै आएको नेपाल टेलिभिजनको नाममा जग्गाधनी प्रमाणपुर्जा भएको १० कट्ठा जग्गा मिति २०५५।११।२४ मा स्थानीय बासिन्दा जुल्मी थरुनीबाट बकसपत्र प्राप्त भएकोमा नेपाल लेखामान २० बमोजिम उक्त जग्गाको Fair Value लाई बकसपत्र (अनुदान) प्राप्त गरेको मितिमा आम्दानी जनाई सम्पत्ति लेखाङ्कन गर्नुपर्नेमा नगरेको, गत वर्ष नै उक्त जग्गाको बजार मूल्य चलनचल्तीअनुसार रकम रु.४ करोड (रु.४० लाख प्रति कट्ठा) रहेको र सरकारी मूल्य प्रति कट्ठा रु.१५ लाख गरी जम्मा मूल्य रु.१ करोड ५० लाख रहेको देखिएको छ। साथै, उक्त जग्गामा बनेको घरको समेत नक्सा पास गरेको पाइएन। तसर्थ, सम्पूर्ण जग्गा भवनहरुको सम्बन्धित लालपुर्जा, नक्सा, नेपाल सरकारका निर्णय आदि सङ्कलित गरी संस्थानको स्वामित्व तथा उपभोगमा रहेका सम्पूर्ण घर जग्गाको अभिलेख अद्यावधिक राख्नुपर्दछ।

१०) **सम्पति मूल्याङ्कन क्षय र ह्रासः** अचल सम्पत्तिको मूल्याङ्कन, पुनःमूल्याङ्कन तथा मूल्यमा क्षय गणना तथा ह्रासकट्टी सम्बन्धमा नेपाल लेखामान १६ अनुसार गर्नुपर्दछ। क्षयीकरणले कुनै पनि सम्पत्ति त्यसको उपयोगी मूल्यभन्दा बढी मूल्यमा प्रस्तुत हुँदैन भन्ने कुराको आश्वस्तता प्रदान गर्दछ। प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै सङ्केत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरणको परीक्षण गरिन्छ। कुनै क्षयीकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउनुपर्दछ तर सोअनुसार संस्थानमा कुनै पनि लेखानीति भएको पाइएन।

लेखानीति तथा टिप्प्पणी २.२.४ मा रहेको लेखासम्बन्धी प्रमुख नीतिहरुमा तुरुन्तै उपयोग गर्न सकिने स्थिर सम्पत्तिहरु जस्तै फर्निचर, अफिस उपकरणको हकमा खरिद गरेको वर्षमा समानुपातिक (Prorata) आधारमा ह्रास खर्च लेखिने उल्लेख भएता पनि वित्तीय विवरणमा ह्रास खर्च शुरु जिम्मेवारी रकम तथा थप खरिद रकममा सम्पूर्ण वर्षकै तोकिएको ह्रास दरले हुन आउने रकम लेखाङ्कन गरी देखाइएको छ।

नेपाल लेखामान ३६ बमोजिम यस आर्थिक वर्ष कुनै पनि सम्पत्तिहरुलाई यस लेखामानबमोजिम क्षयीकरण गरिएको छैन। क्षयीकरणले कुनै पनि सम्पत्ति त्यसको उपयोगी मूल्यभन्दा बढी मूल्यमा प्रस्तुत हुँदैन भन्ने कुराको आश्वस्तता प्रदान गर्दछ। प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै सङ्केत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरणको परिक्षण गरिन्छ। कुनै क्षयीकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउनुपर्दछ तर सोअनुसार संस्थानले लेखानीतिमा उल्लेख गरेता पनि कार्यान्वयन गरेको पाइएन।

११) **व्यापारिक तथा अन्य प्राप्त रकमः** वित्तीय विवरणबमोजिम व्यापारिक तथा अन्य प्राप्त रकम रु.४८ करोड १४ लाख १३ हजार रहेको छ। लेखापरीक्षणको क्रममा उक्त प्राप्त गर्न बाँकी रकमको निरीक्षण, अवलोकन र उपयुक्तता पुष्टि गर्न नेपाल लेखापरीक्षण मान ५०५, बाह्य समर्थनपत्र (External Confirmation), अभिलेख, कागजातहरू अर्थात उक्त रकमलाई पुष्टि गर्ने कुनै पनि कागजात उपलब्ध हुन सकेन।

१२) **हर्जाना नलिएकोः** बैङ्क ग्यारेन्टी नवीकरण स्वीकार/प्राप्ति गर्दा व्यापार निर्देशिका २०६१ (आठौं संशोधन २०७७) दफा ११ख अनुसार तोकिएको बैङ्क ग्यारेन्टी नवीकरण शूल्क र उपरोक्त निर्देशिकाबमोजिम ग्यारेन्टी नवीकरणबापतको हर्जानाको प्रावधानअनुसार ढिलाई भएको दिन गणना गरी हर्जाना लिइने व्यवस्था रहको छ। यसरी बैङ्क ग्यारेन्टी नवीकरण गर्दा असुली गर्नुपर्ने बैङ्क ग्यारेन्टी नवीकरण शूल्क रु.२४ लाख ८२ हजार, ७ ओटा बैङ्क ग्यारेन्टी नवीकरणमा असुलउपर तथा लिनुपर्ने रकम मेडिया हब प्राइभेट लिमिटेडलाई रु.२४ लाख ८२ हजार डेबिट गरी लेखाङ्कन गर्न बाँकी देखिएकोमा प्रस्तुत आर्थिक वर्षमा भौचर समायोजन नगरी २०८०।८१ मा मात्र भौचर समायोजन गरिएको देखिएकाले प्रस्तुत २०७९।८० को वित्तीय विवरण उपरोक्त समायोजन रकमले प्रभावित हुन गएको देखियो।

१३) **अग्रिम आयकरः** संस्थानले पेश गरेको २०७९।८० को आय विवरणबमोजिम अग्रिम आयकर दाबी रकम रु.६ करोड ११ लाख ६४ हजार रहेको देखिएको छ। वित्तीय विवरणको अनुसूचीमा देखाइएअनुसार संस्थानको वर्षान्तमा खुद अग्रिम आयकर रकम रु.२ करोड ५७ लाख ५९ हजार देखाइएको छ। अग्रिम आयकर Trade & Other Receivable अन्तर्गत वर्गीकरण गरी यस शीर्षकमा नदेखाइएको अग्रिम आयकर क्रमशः रु.१ करोड ४ लाख ७७ हजार र अग्रिम आयकर स्रोतमा कर कट्टा रकम र रु.५ करोड ३४ लाख ५७ हजार गरी जम्मा हुने रकम रु.६ करोड ३९ लाख ३४ हजार जोड गर्दा वर्षान्तमा अग्रिम आयकर रकम रु.८ करोड ९६ लाख ९३ हजार हुन आउँदछ। उक्त फरक रकम रु.२ करोड ८५ लाख२९ हजारको समायोजन गर्नुपर्नेमा गरेको पाइएन।

१४) **मूल्य अभिवृद्धि करः** वर्षान्तमा नेपाल टेलिभिजनको मूल्य अभिवृद्धि कर हिसाबमा खुद रकम लिनुपर्ने रकम रु.३७ लाख ७२ हजार देखाइएको छ। तर संस्थानले मास्केबारी मूल्य अभिवृद्धि कर विवरणअनुसार रकम रु.७७ लाख ९८ हजार दायित्वतर्फ् देखाइएको छ। यसरी मूल्य अभिवृद्धिकर हिसाब रु.१ करोड १५ लाख ७० हजार फरक रहेको देखिएको छ। यसरी खाता र मास्केबारी विवरणमा परेको भिन्नता रकमको लागि मूल्य अभिवृद्धि कर हिसाब मिलान विवरण तयार तथा यकिन गरेको पाइएन।

१५) **बैङ्क मौज्दातः** वित्तीय विवरणमा नगद तथा बैङ्क मौज्दात रु.१ अर्ब ३ करोड २० लाख ६६ हजार वित्तीय विवरणमा उल्लेख छ। प्रत्येक महिनामा प्रत्येक बैङ्कको रिकन्सिलेसन हिसाब रुजू गर्नुपर्नेमा वर्षान्तमा मात्र केही बैङ्कहरुको बैङ्क रिकन्सिलेसन विवरण तयार गर्ने गरिएको पाइयो। तयार गरिएको बैङ्क रिकन्सिलेसन हिसाब विवरणमा प्रत्येक मिलान हुन बाँकी मौज्दातको मिति, विवरण, मिलान मिति आदि सम्पूर्ण व्यहोरा खोली तयार गरेका पाइएन, तयार गरिएको रिकन्सिलेसन हिसाब विवरण पनि चेक गर्ने व्यवस्था नभई आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको पाइयो। अतः यसतर्फ् बैङ्क रिकन्सिलेसन कार्यलगायत पेन्डिङ्ग आइटमहरुको आवश्यक हिसाब समायोजन गरी दुरुस्त गर्न व्यवस्थापनले आवश्यक कारवाही गरी बैङ्क हिसाब दुरुस्त गर्नुपर्ने देखिन्छ। प्रस्तुत बैङ्क खाता संख्या ४४ मध्ये १५ वटा बैङ्कहरुको बैङ्क स्टेटमेन्ट प्राप्ति/उपलब्ध नभई बैङ्क रिकन्सिलेसन कार्य नै नभएको, केही बैङ्कहरुको बैङ्क स्टेटमेन्ट र / वा वर्षान्तको ब्यालेन्स कन्फर्मेसन पत्र प्राप्ति/उपलब्ध तथा कुनै बैङ्क खाताहरुको वर्षान्तको ब्यालेन्स बैङ्क स्टेटमेन्टसँग भिडान भएकोमा पनि बैङ्क रिकन्सिलेसन विवरण तयार गर्नुपर्नेमा सो नगरिएको अवस्था देखियो। यसले गर्दा संस्थाको तर्फबाट वा बैङ्कबाट के कति रकम पेन्डिङ्ग रहेको हो सो सम्बन्धमा यकिन नभएकोले बैङ्क मौज्दात रकम छानबिन तथा यकिन हुनुपर्ने देखिन्छ।

१६) **बैङ्क मुद्दति लगानीमा ब्याजः** संस्थाले प्रत्येक मुद्दति रसिदको बैङ्कको नाम, मुद्दति नम्बर, जारी मिति, समाप्ति मिति, ब्याज दर (मासिक, चौमासिक, वार्षिक खुलाई), ब्याज पाउने मिति, पाउनु पर्ने ब्याज रकम, प्राप्ति रकम, बैङ्कले खाता तोकी जम्मा

गरेको मिति जस्ता सम्पूर्ण व्यहोरा खोली मुद्दति रजिष्टर तयार गरी राखेको पाइएन। संस्थाले वर्षभरीमा मुद्दति रकमबाट हुनुपर्ने ब्याज आम्दानी रु.३ करोड ९० लाख २७ हजार देखिएकोमा सामान्यतया वर्षान्तमा मात्र ब्याज आम्दानी लेखाङ्कन गरिएको र सोमध्ये मुद्दति रसिदबापत पाउनुपर्ने ब्याज कति हो सो रकम नछुटयाई, केन्द्रीय कार्यालयतर्फ् कल खातामा पाउनुपर्ने ब्याजसहित जम्मा रु.५ करोड २४ लाख १५ हजार ब्याज आम्दानी लेखाङ्कन गरेको पाइएकाले मुद्दति निक्षेप लगानीबापत पाउनुपर्ने सम्पूर्ण ब्याज आम्दानी लेखाङ्कन भयो भएन यकिन नभएको अवस्था देखियो। संस्थाले अविलम्ब प्रत्येक पाउनुपर्ने ब्याज हिसाब रुजू चेकजाँच गरी पाउनुपर्ने ब्याजमध्ये कति ब्याज प्राप्त भई बैङ्कमा जम्मा भएको छ छैन चेकजाँच गरी ब्याज आम्दानी लेखाङ्कन भए नभएको प्रष्ट मुद्दति हिसाब रेकर्ड रजिष्टर राखी ब्याज आम्दानी रकम सुनिश्चित गरी लेखा हिसाब दुरुस्त राख्नुपर्छ।

१७) **ब्याज आम्दानीः** संस्थानको जम्मा ब्याज आम्दानी रु.९ करोड ९९ लाख १७ हजारमा नागरिक लगानी कोष ब्याज आम्दानी रु.४ करोड १४ लाख ३१ हजार समावेश भएकाले नेपाल लेखामान १९ अनुरुप उपरोक्त रकम कट्टी गरी खुद ब्याज आम्दानी देखाउनुपर्नेमा रु.३ करोड ६० लाख ९८ हाजर मात्र कट्टी गरी देखाइएकाले संस्थानले देखाएको खुद ब्याज आम्दानी रु.६ करोड ३८ लाख १९ हजारमा फरक हुन आउने रकम रु.५३ लाख ३३ हजारले ब्याज आम्दानी नाफा/नोक्सान हिसाबतर्फ् बढी प्रस्तुत हुन गएको देखियो।

१८) **जिन्सी मौज्दातः** नेपाल लेखामान २ बमोजिम जिन्सी मौज्दातको मूल्याङ्कनलाई लागत वा खुद असुली मूल्यमध्ये जुन कम हुन्छ सो रकममा गर्नुपर्नेमा गरेको पाइएन। गत विगत वर्षमा खरिद गरेको तर हाल प्रयोगमा नआउने सामानहरुको मुल्याङ्कन खुद असुली मूल्यमा (बेच्दा पाइने मुल्य) नभई परल मूल्यमा भएको पाइयो। वित्तीय विवरणको अनुसूची ६ मा विभिन्न जिन्सी मौज्दातहरु रु.१ करोड ३९ लाख ३६ हजार रहेको छ।

गत वर्षमा सञ्चित नोक्सानी हिसाब डेबिट गरी अमेरिकी डलर ७६ हजार २०१ बराबर हुने रकम रु.१ करोड ४१ हजार स्टक मौज्दात कट्टा गरी प्रस्तुत वर्षमा देखाइएको पाइयो। तर सोको प्रमाणित पुष्टयाई कागजात संलग्न भएको पाइएन। वर्षान्तमा स्टक मौज्दात समायोजनबापत सञ्चित नोक्सानी हिसाबमा रु.१ करोड ६४ लाख ६ हजार खर्च लेखाङ्कन गर्दा उपरोक्त स्टक मौज्दात कट्टा रकम रु.१ करोड ४१ हजार घटाउदा हुने रु.६३ लाख ६५ हजार प्रस्तुत वर्षको खर्च उपभोग रकम देखिएकाले सोही रकमले प्रस्तुत वर्षको नाफा/नोक्सान हिसाब प्रभावित हुन गएको देखियो।

१९) **वित्तीय विवरणअनुसारको रकम र लेखा सफ्ट्वेयरअनुसारको रकम फरक परेकोः** सहज सफ्ट्वेयरमा एकीकृत सन्तुलन परीक्षण तयार हुने व्यवस्था नभई एक्सेलमा म्यानुअली Consolidated Trial Balance तयार गरी सोको आधारमा वित्तीय विवरण तयार गर्दा वित्तीय विवरणको रकम र लेखा सफ्ट्वेयर सहजअनुसारको रकम बराबर हुनुपर्ने हुन्छ। गत वर्षको वित्तीय विवरणअनुसार शुरु जिम्मेवारी रकममा नै फरक रहेको, प्रस्तुत वर्षमा प्राप्त एकीकृत सन्तुलन परीक्षणमा केन्द्रीय कार्यालय खर्च महाशाखाको Trial Balance का केही शीर्षकगत रकमहरु समावेश नभएकाले खर्च महाशाखाको Trial Balance बाटै सिधै वित्तीय विवरणमा प्रविष्टि गरिएको देखिएको छ। यसरी वित्तीय विवरण तयार गरिएकाले केही शीर्षकहरु लेखासँग वित्तीय विवरणमा फरक पर्न गएको छ।

संस्थानको आय लेखा फाँटको सिस्टममा रु.१ अर्ब ४३ करोड ४ लाख १८ हजार रकममा "Suspense Account" मा प्रस्तुत गरिएको, सो रकम २०७१।७२ देखि नै जिम्मेवारी सरेर आएको देखिन्छ। प्रस्तुत वर्षमा सोही आय फाँटको सञ्चित नाफा/नोक्सान हिसाब केडिटतर्फ् रु.४ अर्ब ४८ करोड ७० हजार र नाफा/नोक्सान हिसाब केडिटतर्फ् रु.४५ करोड ८२ लाख ५२ हजार गर्दा जम्मा हुने रकम रु.४ अर्ब ९३ करोड ८३ लाख २२ हजारबाट उपरोक्त सस्पेन्स रकम कट्टा गर्दा बाँकी हुने क्रेडिट रकम रु.३ अर्ब ५० करोड ७९ लाख ४ हजार यस वर्षको आय फाँटको Trial Balance मा Opening Balance तर्फ Profit & Loss-Previous Year भनी पुष्टयाई आधार कागजातहरु बिना लेखा शीर्षक नै परिवर्तन र हिसाब फछर्यौट देखाइएको छ। कसरी सस्पेन्समा रहन गयो पत्ता लगाई आवश्यक प्रमाण कागजातको आधारमा छानबिनपश्चात समायोजन गर्नुपर्ने देखिन्छ।

यस वर्ष गत वर्षको देहायअनुसार मुख्य कार्यालय आय महाशाखाको लेजर (अर्थात Unit Trial) मा देखाइएको Profit & Loss-Previous Year क्रेडिट रकम रु.३ अर्ब ५० करोड ७ लाख ९० हजार, Central account adjustment a/c मा रहेको डेबिट रकम रु.३ अर्ब ४० करोड ३६ लाख ७७ हजार तथा स्रोतमा तिर्नुपर्ने आयकर हिसाब रु.१० लाख १४ हजार (डेबिट रकम) set off गरी हुन आउने खुद क्रेडिट रकम रु.१० करोड ३२ लाख १४ हजार एकीकृत trial balance मा शीर्षक नै परिवर्तन गरी Central account adjustment a/c खातामा बिना भौचर तथा आधार, समायोजन गरेको पाइयो।

| विवरण | डेबिट | क्रेडिट | कैफियत |
|---|---|---|---|
| राजस्व इकाईको ट्रायल ब्यालेन्सअनुसार | | | |
| केन्द्रीय खाता समायोजन हिसाब | ३,४०,३६,७६,६८९.८८ | | |
| नाफा/नोक्सान खाता हिसाब (अघिल्लो वर्ष) | | ३,५०,७९,०४,२८२.९२ | केन्द्रीय खाता समायोजन हिसाबमा गलत देखाइएको |
| टी.डी.एस. दायित्व | १०,१३,७५४.०२ | | केन्द्रीय खाता समायोजन हिसाबमा गलत देखाइएको |
| एकीकृत सन्तुलन परीक्षणमा देखाइएको | | | |
| केन्द्रीय खाता समायोजन हिसाब | | १०,३२,१३,८३९.०२ | |
| खाताको शीर्षक र रकममा फरक | ३,४०,४६,९०,४४३.९० | ३,४०,४६,९०,४४३.९० | |

२०) **प्रसारण तथा वितरण शूल्क नबुझाएको सम्बन्धमाः** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(१) बमोजिम, कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम प्रसारण शूल्क आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र नेपाल सरकारलाई बुझाउनुपर्ने प्रावधान रहेको छ। तर संस्थानले हालसम्म कुनै पनि प्रसारण शूल्क बुझाएको छैन र सोको लागि व्यवस्थासमेत गरेको छैन। उपनियम १क अनुसार सो अवधि पछि प्रत्येक महिनाको लागि दश प्रतिशतले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ। यस २०७९।८० मा संस्थाको कुल सञ्चालन आय रु.३६ करोड ३८ लाख ९९ हजार रहेको छ। उक्त सञ्चालन आयको २ प्रतिशतले हुने रकम रु.७२ लाख ७८ हजार हुन्छ।

२१) **नेपाल सरकारबाट प्राप्त अनुदान लेखाङ्कनः** संस्थानले यस आर्थिक वर्ष तथा गत आर्थिक वर्षहरुमा विभिन्न शीर्षकअन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान प्राप्त गर्दै आएको छ। यस आर्थिक वर्षमा रु.८ करोड ४६ लाख ६१ हजार तथा गत आर्थिक वर्षमा रु.५ करोड ५८ लाख ७ हजार प्राप्त अनुदान रकम वित्तीय विवरणको नाफा/नोक्सान हिसाबमा लेखाङ्कन भएको छ। तर गत वर्षको वासलातमा प्रस्तुत नभएको Samabeshi Programme Grant तर्फ् क्रेडिट जिम्मेवारी रु.१ करोड ४१ लाख ६१ हजार र Grant from Sanchar Mantralaya Prasaran Pahunch Bridhi तर्फ् क्रेडिट जिम्मेवारी रु.३ करोड अन्य सञ्चालन आयमा उपरोक्त बमोजिम हुने जम्मा रकम रु.४ करोड ४१ लाख ६१ हजार समावेश हुन गई अन्य सञ्चालन आय सोही रकमले अत्याधिक प्रस्तुत हुन गई नाफा/नोक्सान हिसाब सोही बमोजिम प्रभावित हुन पुगेको देखिएको छ।

नेपाल लेखामान २० (सरकारी अनुदान) को हरफ ७, ८, १२ र १६ बमोजिम अनुदान प्राप्त हुँदैमा सम्झौतामा उल्लेखित सर्तहरु पुरा भएको मानिदैँन। सरकारी अनुदान (गैर मौद्रिक अनुदानको उचित मूल्यसहित) लाई संस्थानले उल्लेखित सर्तहरु पालना गर्ने आश्वस्वता नभएसम्म र अनुदान प्राप्त हुने आश्वस्वता नभएसम्म लेखाङ्कन गर्न नमिल्ने व्यवस्था रहेको छ।

उक्त अनुदान रकम सर्तबमोजिम खर्च भएमा मात्र नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गर्नुपर्नेमा अनुदान प्राप्त गर्दा कै अवस्थामा आय लेखाङ्कन गरेको पाइयो। साथै, उक्त सहुलियत ऋणलाई नेपाल वित्तीय प्रतिवेदनमान अनुच्छेद ५.१.१

अनुसार उचित मूल्यमा मूल्याङ्कन तथा लेखाङ्कन गरिनुपर्नेमा संस्थानले सो अनुरुप गरेको छैन। उल्लेखित कारणले पर्न जाने संयुक्त असर यकिन गर्न नसकिने अवस्था छ।

२२) **उपदान कोषमा रकम अपुगः** विदाबापतको दायित्व व्यवस्था रकम रु.१५ करोड ९ लाख ८२ हजार Other Long term employee benefit obligations अन्तर्गत Employe benefit obligations तर्फ् दायित्वमा देखाइएको छ। उपदान कोषमा व्यवस्था (Present Value of funded obligation) बापत रु.६६ करोड ५७ लाख ९ हजार रहेको छ। साथै, वित्तीय विवरणमा नागरिक लगानी कोषको उपदान कोषमा भने रु.४२ करोड २१ लाख मात्र लेखाङ्कन गरेको छ। वित्तीय विवरणसँगको भिन्नता रकम रु.२४ करोड ३६ लाख ९ हजार रहेको छ। तसर्थ नेपाल लेखामान १९ अनुरुप गणना गरिएअनुसारको उपदान कोषमा रु.२४ करोड ३६ लाख ९ हजार अपुग रहेको छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी शीर्षकअन्तर्गत उल्लेख गरिएको छ। संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य मामिलाले चालु अवधिको वित्तीय विवरणको लेखापरीक्षणमा अत्यधिक महत्वपूर्ण ठानिएका विषयवस्तुहरूलाई जनाउँछ। कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा वर्णन गरिएको विषयबाहेक, यस प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य कुनै मुख्य मामिलाहरु हामीले निर्धारण गरेका छैनौं।

### विषय उपर जोड

१. **लेखा नीति तथा टिप्पणीः** नेपाल सरकारबाट वार्षिक रुपमा बजेटमा समावेश भई प्राप्त हुने रकमलाई सम्झौताबमोजिम यो आर्थिक वर्षसम्म प्राप्त रकम रु.३८ करोडलाई नेपाल सरकारको निर्देशनबमोजिम ऋण लगानीमा राखिएको छ। गत आर्थिक वर्षमा तिर्न बाँकी ऋण रकम रु.३८ करोड रहेको थियो। सो ऋण रकमको किस्ता (ब्याजसमेत) संस्थानले अहिलेसम्म पनि भुक्तानी गर्न सकेको छैन। सोको लेखा नीति तथा टिप्पणी रहेको छैन। संस्थानमा अदृश्य सम्पत्ति रहेकोले, सो सम्पत्तिको मापन गर्ने, परिशोधन गर्ने, खर्च र क्षयीकरण गर्ने कुनै पनि नीति रहेको पाइएन। उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन।

२. **कर्मचारी लाभः** कर्मचारी लाभसम्बन्धी दायित्वको गणना नेपाल लेखा मानक (NAS) १९ कर्मचारी लाभअनुसारको बीमाङ्क मूल्याङ्कनमा आधारित रहेको उल्लेख गरिएको छ। यस विषयमा हाम्रो राय परिमार्जित भएको छैन।

### अन्य मामिलाहरु

१. **बजेट व्यवस्थाः** संस्थाले हरेक वर्ष बजेट तयार गर्दा घाटामा जाने अनुमान गरेको देखिन्छ। संस्थानको आन्तरिक स्रोत साधनबाट बजेट अनुमान गरी आम्दानीले भ्याउनेसम्मको खर्च मात्र गर्ने वा चुहावट हुने खर्चहरुलाई नियन्त्रण गर्नुपर्नेमा, भएको खर्चलाई थप अरु खर्च अनुमान गरेर घाटामा बजेट बनाउने गरेको छ। सो प्रवृतिले संस्थाको भविष्यमा खर्च जुटाउन अप्ठ्यारो पर्ने अवस्था देखिन्छ। २०७९।८० मा संस्थाले अनुमानित आय रु.३९ करोड ४० लाख ८० हजार अनुमान गरेता पनि सञ्चालन खर्च भने रु.१ अर्ब ५ करोड ५८ लाख ३७ हजार अनुमान गरेको छ, जसले गर्दा रु.६६ करोड १७ लाख ५७ हजार घाटा रकम अनुमान गरेको छ।

२०७९।८० को अनुमानित बजेट निर्माण गर्ने क्रममा कम्तिमा गत आर्थिक वर्षको वास्तविक सञ्चालन आयको आधारमा प्रक्षेपण गर्नुपर्नेमा सो नगरी गत आर्थिक वर्ष झै रु.३९ करोड ४० लाख ८० हजार प्रक्षेपण गरेको पाइयो। यस वर्षको अनुमानित सञ्चालन आय गत आर्थिक वर्षको वास्तविक आयको ७८.७३ प्रतिशत मात्र रहेको छ।

साथै, संस्थानको २०७९।८० को वार्षिक कार्यक्रम तथा बजेट विवरण बनाउँदा नेपाल सरकार (सेयर लगानी) र नेपाल सरकार (ऋण लगानी), अनुमानित बैङ्क ग्यारेन्टीलाई समेत आम्दानीमा राखेको पाइयो जुन प्रचलित लेखा सिद्धान्तअनुसार मिल्ने देखिँदैन।

बजेट तथा वास्तविक आम्दानी खर्च रकमको शीर्षकगत विवरण समय सयममा तयार गरी आवश्यक अनुगमन, समिक्षा गरी सञ्चालक समितिबाट फरक देखिएको आम्दानी र खर्च रकमहरु सम्बन्धमा आवश्यक समर्थन लिने नगरेको हुँदा तुलनात्मक तालिकाको अभावमा वित्तीय विवरण दृष्टिगत गर्दा नेपाल टेलिभिजनले धेरै खर्चहरु बजेटमा छुट्टाइएको भन्दा बढी खर्च गरेको देखिन्छ।

संस्थानलाई आउँदा वर्षहरुमा कसरी सञ्चालन गर्नुपर्ने हो सम्बन्धित मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल सरकारलाई सम्पूर्ण वस्तुतथ्य (Facts and Figures) सहित संस्थानको वर्तमान अवस्था, (वित्तीय अवस्थासहित), भावी योजना वित्तीय योजना (Financial Plan) सहित तयार गरी सही कार्यान्वयन नगरे अरु थप वित्तीय समस्या आउने देखिन्छ।

२. **व्यापार निर्देशिकाः** व्यापार निर्देशिका, २०६१ अनुसार संस्थानको पुरानो बाँकी वक्यौता असुलउपर गर्ने सम्बन्धमा उधारो सीमा नाघेको रकममा बैङ्क ग्यारेन्टी उपलव्ध/नविकरण गराई असीमित समयसम्म प्रत्येक पल्ट बैङ्क ग्यारेन्टी नवीकरण गर्दा बैङ्क ग्यारेन्टी रकमको ५० प्रतिशत भुक्तानी प्राप्ति गरी वक्यौता रकम बैङ्क ग्यारेन्टी अवधिसम्म अर्थात असीमित अवधिसम्म संस्थानलाई भुक्तानी नगरे पनि हुने कायम विद्यमान व्यवस्थामा बैङ्क ग्यारेन्टी नवीकरण गर्दा संस्थानलाई हुने आम्दानी प्रचलित बैङ्क ब्याजदरको दाँजोमा न्यून भई कम लागतमा बाँकी वक्यौता राख्ने विज्ञापनदाताहरुलाई गत वर्षको दाँजोमा ह्रास आई गत वर्ष debtors turnover ratio 1.61 भएकोमा यस वर्ष 0.91 भएको अर्थात यस अनुपातअनुसार संस्थानलाई आफ्नो बिक्रीबापत लिनुपर्ने रकम औसतमा नगद प्राप्ति गर्न गत वर्ष २२६ दिन देखिएकोमा यस वर्ष ४०१ दिन हुन आएको देखियो। अतः संस्थानले मूल्य अभिवृद्धि कर ऐनको दफा १९ बमोजिम हरेक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चिस दिनभित्र बिक्री रकममा लाग्ने मूल्य अभिवृद्धि कर बुझाएको हुन्छ, तर बिक्रीबापत लिनुपर्ने रकम आसामीबाट समयामा नै प्राप्त नभएकोले समेत संस्थालाई आर्थिक भार पर्न गएको देखिएको छ। तसर्थ, समयमा बिक्रीबापत असुलउपर गर्नुपर्ने रकम वक्यौतामा प्रचलित बैङ्क ब्याजदर लगाई बैङ्क ग्यारेन्टी सुरक्षणको रुपमा मात्र स्वीकार गरी, उधारो समय सीमा तोकी, समयमा नै असुलउपर गरिने व्यवस्था गरी संस्थानकै हितमा वर्तमान व्यापार निर्देशिका, २०६१ मा यस्तो आवश्यक व्यवस्था समावेश गरी व्यापार निर्देशिका अविलम्ब संशोधन हुनुपर्ने देखिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, बोर्डलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस संस्थामा २०८२।१२।२५ मा पठाइएको छ।**

# प्रेस काउन्सिल नेपाल

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले यसै प्रतिवेदन साथ संलग्न प्रेस काउन्सिल नेपालको आषाढ २०८२ को संयुक्त वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको संयुक्त आयव्यय विवरण, संयुक्त नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा तल बुँदा नं. १ देखि ४ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संग्लन वित्तीय विवरणले काउन्सिलले २०८२ आषाढ मसान्तको वित्तीय अवस्था, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाह, अन्य विस्तृत आयको विवरणको नेपाल वित्तीय प्रतिवेदन मानबमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्टयाई गर्ने प्रमाणको छड्के परीक्षणसमेत लेखापरीक्षणमा समावेश गरेका छौं। लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

**१. बैठक भत्ता**

अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा कार्य सञ्चालन निर्देशिका, २०८१ को बुदाँ ७.१(६) अनुसार बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख नपाइने व्यवस्था छ । तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ। प्राय अधिकांश बैठकमा आमन्त्रित सदस्यको रुपमा काउन्सिलका कर्मचारीहरु रहेको र सोको लागि रु. २८०,००० बैठक भत्ता प्रदान गरेको पाइयो।

**२. वार्षिकोत्सव खर्च**

प्रेस काउन्सिल नेपालको बैठक सम्बन्धि कार्यविधि, २०७१ को बुदाँ ५ अनुसार काउन्सिलको बैठक बस्दा काउन्सिलका पदाधिकारी तथा सदस्यहरुलाई बैठक भत्ता र यातयात खर्च बाहेक अन्य सुविधाको भुक्तानी बारे व्यवस्था नरहेकोमा ऐन विपरीत ५४औं वार्षिक उत्सव समारोहको लागि पदाधिकारीहरुलाई पूर्व तयारीमा खटिएबापत जम्मा रु.१ लाख ६० हजार भुक्तानी भएको पाइयो।

**३. पुरस्कार वितरण सम्बन्ध**

प्रेस काउन्सिल कर्मचारी प्रशासन विनियमावली, २०७९ को परिच्छेद ६ को विनियम ९८(१) बमोजिम सेवामा कम्तीमा २० वर्षदेखि कार्यरत वा सेवाबाट अनिवार्य अवकाश प्राप्त गरेको कर्मचारीलाई काउन्सिलले तोकेबमोजिमको पदक, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्न सकिने व्यवस्था रहेको छ। साथै, परिच्छेद १ को विनियम २ मा उल्लेखित परिभाषाअनुसार कर्मचारी भन्नाले सेवाको स्थायी पदमा कार्यरत व्यक्ति सम्झने उल्लेख छ। प्रेस काउन्सिल नेपालले ५४औं वार्षिक उत्सवको अवसरमा करारमा रहेका तीन कर्मचारीहरुलाई रु.१ लाख ९७ हजार पुरस्कृत गरिएको पाइयो।

**४. कर्मचारीको अन्य सुविधा**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८ बुँदा नं. ११ अनुसार कोभिड १९ को सङ्क्रमण रोकथामको लागि प्रत्यक्ष रुपमा सङ्लग्न भई अग्रपङ्तिमा काम गर्ने चिकित्सक तथा स्वास्थकर्मी बाहेक सार्वजानिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविक प्रदान गरिदै आएको पोशाक खर्च, महङ्गी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेबापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्चलगायतका कुनै प्रकारको भत्ता

प्रदान नगरिने तर अत्यावश्यक विषयमा थप आर्थिक दायित्व सिर्जना हुने गरी वा खाइपाई आएको भत्ता वा सुविधामा थप हुने गरी निर्णय गर्नुपर्ने भएमा सार्वजानिक निकायले त्यस्तो निर्णय गर्नु अघि अर्थ मन्त्रालयको सहमति लिनुपर्ने उल्लेख छ। काउन्सिलले स्वीकृत नभएको खर्च निर्देशिका, २०७५ को आधारमा कर्मचारीहरुलाई थप टेलिफोन सुविधा रु.९२ हजार, पत्रिका ग्राहक शुल्क सुविधा रु.१४ हजार, इन्टरनेट महशुल सुविधा रु.१ लाख ३८ हजार भुक्तानी भएको पाइयो।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार र व्यवस्थापन पत्रमा उल्लेख गरेको बाहेक मुख्य लेखापरीक्षणका विषयहरु रहेका छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी काउन्सिलको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले काउन्सिलको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आँकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, काउन्सिललाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। काउन्सिलको व्यवस्थापनको लागि उत्तरदायी पक्षले काउन्सिलको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरणबारे पुष्ट्याइएका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।
२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस काउन्सिलमा २०८२।११।१७ मा पठाइएको छ।**

# राष्ट्रिय समाचार समिति

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले राष्ट्रिय समाचार समितिको यसैसाथ संलग्न २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण एवम् लेखानीति तथा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक समितिको वित्तीय विवरणले २०८२ असार मसान्तको वित्तीय स्थिति, उक्त अवधिको नाफा/नोक्सान तथा नगद प्रवाहको स्थिति प्रचलित लेखा तथा प्रतिवेदन मान्यता अनुरुप यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागू हुने गरी प्रभावकारी वित्तीय रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरिएको छ। तर समितिको २०८१।८२ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र सो प्रभाव महत्वपूर्ण र व्यापक हुन सक्छ।

   हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी शीर्षकमा उल्लेख गरिएको छ। समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी समितिको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले समितिको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, समितिलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले समितिको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी

अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा समितिको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस समितिमा २०८२।१२।२१ मा पठाइएको छ।**

# सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था

# अर्थ मन्त्रालय

## आर.बी.बी. सेक्युरिटिज कम्पनी

### परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Report on the Audit of the Financial Statements**

**Opinion**

We have audited the financial statements of R.B.B. Securities Company Limited ("the Company"), which comprise the statement of financial position as at 32 Ashad 2082 (16 July 2025) and the Statement of Profit or Loss, Statement of changes in equity and statement of cash flows for the year then ended, and notes to the financial statements, including material accounting policy information.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the Company as at 32 Ashad 2082 (16 July 2025), and (of) its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities* for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

We have determined that there are not any key audit matters to communicate in our report.

**Information Other that the Financial Statement and Auditor's Report Thereon**

The Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management Report, the Board of Directors and Chairman's Statement but does not include the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated. If, based on the work, we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatements, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with Nepal Standards on Auditing, we exercised professional judgment and maintained professional skepticism throughout the planning and performance of the audit. We also:

- Identify and assess the risk of material misstatement of the financial statements, whether due to fraud or error, designed and performed audit procedures responsive to those risks, and obtained audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omission, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances but not for the purpose of expressing an opinion of the effectiveness of the Scheme's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cause significant doubt on the Scheme's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosure in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicated with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identified during our audit.

**Report on Other Legal and Regulatory Requirements**

Based on our audit carried out on sampling basis, we further report that:

- We have obtained all the information and explanations, which, to the best of our knowledge and belief, were considered necessary for the purpose of our audit;
- Proper books of accounts of the Company as required by law have been kept by the Company;
- The statement of financial position as at 32 Ashad 2082 (16 July 2025) and the Statement of Profit or Loss, Statement of changes in equity and statement of cash flows for the year then ended, and notes to the financial statements, in accordance with NFRS, Companies Act,2063, Securities Act 2063, Securities Board Regulation 2064 and the same are in agreement with books of accounts;
- The Business has been conducted satisfactorily
- To the best of our knowledge and in accordance with explanations given to us-and from our examination of the books of accounts of the Company, necessary for the purpose of our audit, except as otherwise mentioned in the "Report on Other Legal and Regulatory Requirements " as above, we have not come across cases where any office holders, representative or any employee of the Scheme has acted contrary to the provisions of law, or committed any misappropriation or caused loss or damage to the Company.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।८।२८ मा पेश गरेका छन्।**

# आरबीबी मर्चेन्ट बैङ्किङ लिमिटेड

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Report on the Audit of the Financial Statements**

We have audited the accompanying Financial Statements of RBB Merchant Banking Limited (hereafter referred as "the Company") which compromise the Statement of Financial Position as at Ashad 32, 2082 (July 16, 2025), the Statement of Profit and Loss (including Other Comprehensive Income), the Statement of Change in Equity and the Statement of Cash Flow for the year then ended on that date, and a summary of the significant Accounting Policies and other explanatory information (here after referred to as "the Financial Statement").

**Opinion**

In our opinion, the accompanying Financial Statements presents fairly, in all material respects, the financial position of the company as at Ashad 32, 2082 (July 16, 2025) and its financial performance, change in equity, cash flow for the year then ended, and a summary of significant accounting policies and the other explanatory information, in accordance with Nepal Financial Reporting Standards and comply with Companies Act, 2063.

**Basis of Opinion**

We have conducted our audit of the financial statement in accordance with Nepal Standards on Auditing (NASs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements Section of our report. We are independent of the Company in accordance with the ICAN Handbook of the Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statement in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion in the financial statements.

**Key Audit Matters**

Key Audit Matters are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statement and include the most significant assessed risk of material misstatement (whether or not due to fraud) identified, including those which has the greatest effect on the overall audit strategy; the allocation of resources in the audit and directing the effort of engagement team. We summaries below the key audit matter, in arriving at our audit opinion above, together with our key audit procedures to address those matters and, as required for the public interest entities, our result from those procedures. These matters were addressed in the context of our audit of the financial statement as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

| Key Audit Matters | Auditor's Response |
|---|---|
| **Income from Depository Participants**<br><br>➢ Major portion of company's revenue consist of income from depository participants which includes revenue from Annual Maintenance Charges (DEMAT AMC), Mero Share Renewal Fees, Account Opening Fee (DEMAT) and Mero Share Registration Fee etc. Revenue from these | **Our Audit approach regarding verification of process of revenue recognition included;**<br><br>➢ Obtaining a clear understanding of the process of revenue recognition from data provided by the Depository Participants Department.<br>➢ Recalculation of revenue based on the bills issued by CDSC, as the charges to be paid to |

| | |
|---|---|
| services are recognized in the Statement of Profit and Loss when cash is received.<br>➢ The DP Department recognized revenue on cash basis, while commissions paid to CDSC and SEBON were booked on accrual basis. | it are predefined as a percentage or amount of the revenue collected.<br>➢ Reconciliation of income booked by RBB Merchant and bills issued by CDSC and SEBON. |

**Information Other Than the Financial Statements and Auditor's Report Thereon**

The Company's Management is responsible for the preparation of other information. The other information comprises the information included in the Management Report, Report of the Board of Directors and Chairman's Statement but does not include the financial statement and our auditor's report thereon.

Our opinion in the financial statements does not cover the other information and we don't express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and in doing so, consider whether the other information is materially inconsistent with the financial statements of our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information; we are required to report that fact. We have nothing to report in this regard.

**Responsibility of Management and Those Charges with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standards, and for such internal control as management determines is necessary to enable the preparation of financial statement that are free from material misstatement whether due to fraud or error.

In preparing the financial statement, management is responsible for assessing the Company's ability to continue as going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease the operation, or has no realistic alternative but to do so. The Board of Directors of the Company is responsible for overseeing the Company's financial reporting process.

**Auditors Responsibility for the Audit of the Financial Statements**

Our objective is to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatement can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decision of user taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgement and maintain professional skepticism throughout the audit.

- Identify and assess the risk of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risk, and

- Obtain audit evidence that is sufficient and appropriate to provide the basis of our opinion. The risk of not detecting a material misstatement resulting from a fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentation or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policy used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and based on the audit evidence obtain whether a material uncertainty exist related to event or condition that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusion is based on the audit evidence obtained up to the date of issue of auditor's report. However further events or condition may cause the Company to cease to continue as a going concern.
- Evaluate overall presentation, structure and content of the financial statements; include the disclosures, and whether the financial statements represent the underlying transaction and event in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the business activities within the Company to express an opinion on the Financial Statements. We are responsible for the direction, suspension and performance of the company audit. We remain solely responsible for our audit opinion.

| 2. | **Impairment of Financial Assets**<br>In accordance with NRB Directive 4 read with NFRS-9 Expected Credit Loss related guidelines 2024, issued by NRB and the Carve out of alternatives provided for Bank and Financial Institution under NFRS-9 issued by the Institute of Chartered Accountants of Nepal on August 25, 2025 for FY 2081/82, the Bank is required to measure impairment loss on financial assets based on the higher of:<br>• The amount calculated in line with the provisions set by Nepal Rastra Bank for loan loss provisioning, or<br>• The amount determined under paragraph 5.5 of NFRS 9<br><br>The impairment of loans and advances under NRB's loan loss provisioning norms involves evaluating the overdue status of loans and the proper use of loans for their intended purposes. The determination of expected credit losses (ECL) | Our audit approach regarding verification of impairment of financial assets included:<br>a. Review of overdue loans and advances by obtaining data from the Bank's system and matching with the report in accordance with NRB Directive 2.2.<br>b. Sample credit files were reviewed for the purpose of assuring the utilization of loan & advances for the intended purpose, account movement and account turnover.<br>c. Assessed the alignment of the Bank's impairment for expected credit losses computations and underlying methodology including responses to current economic conditions with its accounting policies, based on the best available information up to the date of our report.<br>d. Evaluated the design, implementation and operating effectiveness of controls over estimation of expected credit losses, which included assessing the level of oversight, review and approval of impairment for |

| | | |
|---|---|---|
| | involves significant judgment and estimates, particularly in determining the probability of default (PD), loss given default (LGD), and exposure at default (EAD) for individual loans and portfolios.<br><br>The accuracy of these estimates relies on the application of the bank's internal models, external economic factors, and management's assumptions. These assumptions include:<br>• Macro-economic factors such as GDP growth, inflation, and interest rates.<br>• Historical credit loss data used to predict future defaults.<br>• The staging of financial assets (i.e., whether loans are in Stage 1, Stage 2, or Stage 3).<br>• Model parameters such as the PD, LGD, and EAD<br>Due to the material impact of this matter on the financial statements, we have identified it as a key audit matter. | expected credit losses, policies and procedures by the Board and management<br>e. Reviewed the ECL validation report of the bank regarding the methodologies, assumptions and limitations related to the computation of ECL issued by the independent external consultant appointed by the Bank.<br>f. We found that the ECL model implemented by the Bank for the computation of impairment charges was reasonable, considering the estimates, assumptions, and judgments involved. However, given the subjectivity in the model assumptions, the risk of management bias is inherent in the estimation process. |
| 3. | **Information Technology System and Control over Financial Reporting**<br>IT controls with respect to recording transactions, generating various reports in compliance with NRB guidelines and other compliances to regulators is an important part of the process.<br><br>Such reporting is heavily dependent on the effective working of Core Banking Software (CBS) and other allied systems. We have considered this a key audit matter as any control lapses, validation failures, incorrect input data, and errors in the extraction of data may result in incorrect financial reporting. | Our audit approach regarding the information technology of the bank is based upon the Information Technology Guidelines issued by NRB and included:<br><br>a. Understanding business processes, IT Systems used to generate and support those balances and associated IT application controls and IT dependencies in manual controls.<br>b. Understanding the coding system adopted by the bank for various categories of customers.<br>c. Evaluating and testing the design and operating effectiveness of certain control activities over the integrity of the material IT systems that are relevant to financial reporting.<br>d. Understanding the feeding of the data in the system and going through the extraction of the financial information and statements from the existing IT system in the bank.<br>e. Checking the user /authority matrix for any changes in the regulations/ policy of the bank.<br>f. Review of the reports generated by the system on a sample basis and verified the interest income and expense booking regarding loans and deposits on a test basis with the CBS of the bank. |

| | | |
|---|---|---|
| 4 | **Investment valuation and impairment**<br>The bank's investments include holdings in government bonds, T-bills, and both quoted and unquoted equity instruments. The valuation of these securities is carried out in accordance with NFRS and NRB Directive requirements.<br><br>Investments in government and NRB bonds, as well as T-bills, should be recognized at an amortized cost on the reporting date. Meanwhile, other equity investments, excluding those held for trading, are to be valued at fair value through Other Comprehensive Income.<br><br>Due to the different valuation treatments based on the nature of cash flows, the adopted business model, the complexity of the calculations, and the materiality of the amounts involved, we have identified this as a Key Audit Matter. | Our audit approach regarding verification of the process of investment valuation, identification and impairment included:<br><br>a. Review of the investment of the bank and its valuation having reference to NFRS and NRB Directive 4 read with Directive 8.<br>b. Assessing the nature of the expected cash flow of the investments as well as the business model adopted by the management on the basis of available evidence/circumstances and ensure that the classification of investment is commensurate with the nature of cash flow and management's intention of holding the investment.<br>c. Test checking the effective interest rate and amortization schedule on a test basis for the investment valued at amortized cost.<br>d. Ensuring that fair valuation has been done at the closing rate in NEPSE at the year-end for quoted investment and for the unquoted investment, net assets value based on the audited financial statements or latest available unaudited financial statements. |

**Information Other than Financial Statements and Auditor's Report Thereon**

Management is responsible for the other information. The other information comprises the information included in the annual report but not included in the financial statements and our auditor's report thereon. The annual report is expected to be made available after the date of this auditor's report.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available, and in doing so, we will consider whether the other information is materially inconsistent with the financial statements, or our knowledge obtained in the audit or otherwise appears to be materially misstated.

When we read the annual report, if we conclude that there is a material misstatement therein, we are required to request management and those charged with governance to correct the material misstatement.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRSs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the bank's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Bank or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the bank's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As a part of audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the financial statements whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide an opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than one resulting from error, as fraud may involve collusion, forgery, intentional omission, misrepresentation, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of internal control.
- Conclude an appropriateness of management's use of going concern basis of accounting and, based on audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Bank's ability to continue as going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Bank to cease to continue as going concern.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Evaluate the overall presentation, structure, and content of financial statements including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities to express an opinion on the financial statements. We remain solely responsible for our audit opinion.

We communicate with those charges with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence and communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related standards.

**Report on Other Legal and Regulatory Requirement**

We further report that:

- We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
- The financial statements including the statement of financial position, statement of profit or loss, statement of other comprehensive income, statement of changes in equity, statement of cash flows including a summary of significant accounting policies and other explanatory notes have been prepared in all material respect in accordance with the provisions of the Company Act, 2063 and Bank and Financial Institution Act 2073, and they are in agreement with the books of accounts of the bank, and the accounts and records of the bank are properly maintained in accordance with the prevailing laws.
- The bank operates a centralized core accounting system, and while the statements received from the bank's branches not independently audited were adequate for the purpose of our audit.
- To the best of our information and according to the explanations given to us and from our examination of the books of account, we observed that the loans have been written off as specified, the business of the bank was conducted satisfactorily, and bank's transactions were found to be within the scope of its authority.
- We did not come across the cases of accounting-related fraud and cases where the Board of Directors or any member thereof or any employee of the bank have acted in contrary with the provisions of the law relating to accounts or caused loss or damage to the bank or committed any misappropriation of the funds of the bank or violated any directive of Nepal Rastra Bank.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस बैङ्कमा २०८२।९।४ मा पेश गरेका छन्।**

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको राय

हामीले नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) (यस पछि "कम्पनी" भनिएको) को वित्तीय विवरणहरूको लेखापरीक्षण गरेका छौं। जसमा आषाढ ३२, २०८२ (तदअनुसार जुलाई १६, २०२५) को मितिमा समाप्त हुने आर्थिक वर्षको वित्तीय स्थितिको विवरण, नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण, र वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरू, जसमा महत्त्वपूर्ण लेखानीतिहरूको सारांशसमेत समावेश छ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले कम्पनीको २०८२ आषाढ मसान्त (तदअनुसार १६ जुलाई २०२५) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य व्यापक आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनका अधिनमा रही कम्पनीलाई लागू हुने नेपाल वित्तीय प्रतिवेदनमानअनुसार सारभूत रुपमा यथार्थ चित्रण गर्दछ।

### रायको आधारहरु

हामीले नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं। यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमानअनुसारका हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ। हामीले नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यासायीहरुको आचारसंहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सान्दर्भिक आचरणको प्रावधानअनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचारसंहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं। हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

### लेखापरीक्षणसम्बन्धी मुख्य विषयहरु

यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यावसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरीक्षणसम्बन्धी मुख्य विषयहरु हुन्। यी विषयहरु वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले तल वर्णन गरिएका विषयहरूलाई हाम्रो प्रतिवेदनमा उल्लेख गरिएका लेखापरीक्षणसम्बन्धी मुख्य विषयहरूका रुपमा निर्धारण गरेका छौं।

| लेखापरीक्षणसम्बन्धी मुख्य विषयहरु | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| **१. लगानी पहिचान, मूल्याङ्कन तथा परिशोधन** | |
| यस कम्पनीको लगानीअन्तर्गत सूचीकरण भएका वा नभएका सेयरमा लगानी, ऋणपत्रमा लगानी र आवधिक वचतमा लगानी रहेको छ। उल्लेखित लगानीहरुको मूल्याङ्कन गर्दा NAS ३९ र NFRS ९ को अनुपालनमा गरिएको छ। ऋणपत्र र आवधिक वचतमा भएको लगानीलाई परिशोधित लागत मुल्यमा उल्लेखित गर्नुपर्दछ र बिक्री गर्ने मनसायले गरिएको सेयर लगानीबाहेक अन्य सेयर लगानीलाई अन्य व्यापक आयको विवरणमार्फत् उचित मुल्यमा मूल्याङ्कन गरिनुपर्दछ। | लगानी पहिचान, मूल्याङ्कन र परिशोधन प्रमाणीकरणका सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दति देहायबमोजिम रहेको छः<br>• नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कम्पनीको लगानी र यसको मुल्याङ्कनसम्बन्धी विवरणको जाँच गर्यौं।<br>• उपलब्ध प्रमाणहरूको आधारमा हामीले लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति र व्यावसायिक प्रणालीको मूल्याङ्कन गरी र सोको आधारमा लगानीको वर्गीकरण भए/नभएको बारेमा सुनिश्चित गर्‍यौं। |

| | |
|---|---|
| नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मूल्याङ्कन पद्दति, व्यावसायिक प्रणाली, गणनाको जटिलता र त्यस्ता लगानीहरुमा संलग्न रकमको महत्वलाई हाम्रो लेखापरीक्षणको मुख्य विषय मानिएको छ। | • परिशोधित लागतअन्तर्गत मूल्याङ्कन गरिएको लगानीको मूल्याङ्कनका लागि हामीले नमूना छनौट गरी प्रभावकारी ब्याजदर तथा परिशोधित तालिकाबमोजिम लगानीको मूल्याङ्कन परीक्षण गर्यौं।<br>• अन्य व्यापक आयमार्फत् मूल्याङ्कन गरिएको सूचिकृत धितोपत्रको हकमा, हामीले कम्पनीमा २०८२ आषाढ मसान्त वा सो मितिमा उपलब्ध हुन नसकेको अवस्थामा सो कारोबार मुल्यको आधारमा र सूचिकृत नभएको लगानीको हकमा लगानीमा रहेको निहित जोखिम तथा अनुमानित प्रतिफलको संयोजन गरी उचित मूल्याङ्कन गरिएको बारे सुनिश्चित गर्‍यौं। |
| **२. सूचना प्रविधि (सामान्य नियन्त्रण)** | |
| कम्पनीमा व्यवसाय सञ्चालनका लागि सूचना प्रविधि प्रणालीले महत्वपूर्ण भूमिका खेल्दछ। कम्पनीको अधिकांश व्यावसायिक कारोबारहरु कम्पनीको सूचना प्रविधि प्रणालीमार्फत् भईरहेको तथा कम्पनीको सहज कार्य सम्पादन र वित्तीय विवरणहरुको यथार्थ चित्रणका लागि पनि सूचना प्रविधि पूर्वाधारहरु महत्वपूर्ण हुने गर्दछन्।<br><br>कारोबारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरुका उत्पादनहरुको र विश्वसनीय सूचना प्रविधि, सफ्ट्वेयर तथा अन्य सम्बद्ध प्रणालीको प्रभावकारितामा भर पर्दछ।<br><br>सूचना प्रविधि प्रणालीमा भएका त्रुटिहरु, गलत तथ्याङ्क तथा प्रविष्टि तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, सेयरधनी र नियमकहरुलाई गलत प्रतिवेदन पेस हुन सक्ने भएकोले हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयको रुपमा लिएका छौं। | कम्पनीको सूचना प्रविधि प्रणालीसम्बन्धी हाम्रो लेखापरीक्षण पद्दति देहायबमोजिम रहेको छः<br>• कम्पनीद्वारा प्रयोग गरिएको सफ्ट्वेयरको कोडिङ्ग प्रणाली बारे बुझ्यौं।<br>• कम्पनीमा रहेको हाल अवस्थित सूचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरूको उत्पादन प्रक्रिया बारे बुझ्यौं।<br>• कम्पनीको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सूचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरणहरूको समेत परिमार्जन भएको सुनिश्चित गर्यौं।<br>• प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमूना कारोबारको आधारमा विश्लेषण गर्यौं। हामीले कमिसनबापतको आय, सो बापतको खर्च र लगानीकर्ताको पुँजीगत लाभकरको गणना नमूना छनौट गरी सोको आधारमा सफ्ट्वेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यौं।<br>• कम्पनीद्वारा हामीलाई उपलब्ध गराइएको ३१ असार, २०८० सूचना प्रविधि प्रणालीको लेखापरीक्षण प्रतिवेदनमा हामीले विश्वास गरी हाम्रो लेखापरीक्षण सम्पन्न गर्यौं। |

**अन्य विषयहरु**

१. **कर्मचारी कल्याण कोषको व्यवस्थाः** नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले कर्मचारी कल्याणकारी कोषको व्यवस्था करपछिको खुद मुनाफाको एक प्रतिशतले हिसाब गरी सञ्चित मुनाफाबाट ईक्विटी भएको परिवर्तनसम्बन्धी विवरणबाट कर्मचारी कल्याणकारी कोषमा रकमान्तर गरी दायित्वमा देखाएको छ।

२. **बोनस खर्चः** हामी वित्तीय विवरणका नोट नं. ३.४.२(ख) मा खुलासा गरिएको विषयतर्फ् ध्यानाकर्षण गराउँछौं। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले अर्थ मन्त्रालयको निर्देशनबमोजिम यस कम्पनीले १ प्रतिशत बोनस व्यवस्था कायम गरेकोमा श्रम अदालतले ५ प्रतिशत व्यवस्था कायम गर्न २०८२।३।५ मा फैसला भएको तर सम्मानित सर्वोच्च अदालतद्वारा २०८२।७।३० मा सो फैसाला कार्यान्वयन नगर्न अन्तरिम आदेश भएकोले यस कम्पनीले १ प्रतिशत बोनस व्यवस्था कायम गरेको छ। उक्त विषयबाट भविष्यमा दायित्व सिर्जना हुन सक्ने सम्भावना रहेता पनि त्यसको परिणाम हाल अनिश्चित रहेको छ। यस विषयमा वित्तीय विवरणमा पर्याप्त रूपमा खुलासा गरिएको छ।

**अन्य जानकारी (वित्तीय विवरण तथा त्यस उपरको लेखापरीक्षकको प्रतिवेदन बाहेकको)**

अन्य सूचना तथा जानकारीका लागि व्यवस्थापन जिम्मेवार रहेको छ। अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदनबाहेक सञ्चालक समितिको प्रतिवेदनलगायतका प्रतिवेदनहरु पर्दछन्। वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन तथा निचोड व्यक्त गर्दैनौं।

वित्तीय विवरण उपर हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असङ्गत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो। हामीले गरेको कार्यहरुको आधारमा यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निस्कर्ष निस्किएमा त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भएपश्चात् सोको अध्ययन गरी कुनै सारभूत असङ्गत तथ्यहरु रहेको निचोड निस्किएमा त्यस्ता सारभूत असङ्गत तथ्यहरुको बारेमा शासकीय भूमिका वहन गर्नेहरु समक्ष सूचित गर्नेछौं।

**वित्तीय विवरणहरूको लागि व्यवस्थापन र शासनसँग सम्बन्धित व्यक्तिहरूको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धित ऐन, नियम, अभ्यास अनुरुप यथार्थ एवम् उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारीअन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने, लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ।

वित्तीय विवरण तयार गर्दा कम्पनीको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागू हुने भएअनुसारको संस्थागत निरन्तरतासम्बन्धी व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले कम्पनी खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरतासम्बन्धी लेखाको आधार प्रयोग गर्नुपर्दछ।

शासकीय भूमिका वहन गर्नेहरुले कम्पनीको वित्तीय प्रतिवेदन तयारीको प्रक्रिया निरीक्षण गर्न जिम्मेवार छन्।

**वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएको छैनन् भन्ने कुरामा मनासिव आश्वास्ता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ। मनासिव आश्वास्ता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमानअनुसार गरिएको लेखापरीक्षणले सारभूत रुपमा गलत वर्णन भएको अवस्था सधैं पत्ता लगाउँछ भन्ने प्रत्याभूति होइन। गलत वर्णन वा समष्टिमा जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र, सो गलत वर्णनलाई सारभूत मानिन्छ।

हामीले नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यावसायिक सन्देह कायम गरेका छौं। यस क्रममा, हामीले

(क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं। जालसाजीमा मिलिभगत, जालसाजी, जानीजानी भूल गर्ने काम, गलत प्रस्तुति वा आन्तरिक नियन्त्रणको उल्लङ्घन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटिको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिमभन्दा बढी हुन्छ।

(ख) कम्पनीको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासङ्गिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षकको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन।

(ग) कम्पनीको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा तीसँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा कम्पनी अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निस्कर्ष निकालेका छौं। हाम्रो निस्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ् सेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ। तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि कम्पनीको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ।

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौं।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न कम्पनीको वित्तीय जानकारी वा व्यावसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमी कमजोरीलगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं। शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासङ्गिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेस गरेका छौं। यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकताअनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं।

**अन्य कानूनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन**

कम्पनी ऐन, २०६३ तथा धितोपत्रसम्बन्धी ऐन, २०६३ को आवश्यकता सम्बन्धित प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेस गर्दछौं किः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पूर्ण रुपमा पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाबकिताब वहिखाता स्रेस्ता र लेखासँग सारभूत रुपमा दुरुस्त रहेका छन्।

ग) हामी रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएका छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाबकिताबको नमूना परीक्षणको आधारमा कम्पनीको सञ्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी/नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ङ) कम्पनीको लेखासँग सम्बन्ध कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हामीलाई जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८२।९।४ मा पेश गरेका छन्।**

# राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०८०।८१)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेडको यसैसाथ संलग्न २०८१ असार ३१ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान खाता, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र त्यस सम्बन्धी प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असरबाहेक कम्पनीको यसैसाथ संलग्न २०८१ असार ३१ को विवरणले नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तबमोजिम सही र यर्थाथ चित्रण गर्दछ।

### कैफियत सहितको रायको लागि आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमानबमोजिम सम्पन्न गरेका छौं। ती मानबमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षकअन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountant बमोजिम हामी केन्द्रसँग स्वतन्त्र छौं र हामीले सो बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं।

### लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसारका छन्:

१. कम्पनीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्ने हुन्छ। कम्पनीले प्रस्ताव वित्तीय विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानअनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुति र खुलासा नगरिएकोले यसको एकिकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुन सक्छ।

२. कम्पनीको व्यवसाय निरन्तर रुपमा कायम रहेको अनुमानको आधारमा वित्तीय विवरण तयार गरिएको भएता पनि प्रत्येक वर्ष आम्दानीभन्दा खर्च धेरै भई नोक्सान बढ्दै गएकोले समयमा नै केन्द्रलाई पुनःसंरचना नगरिएमा नगद प्रवाह कमजोर भई केन्द्रको निरन्तरता माथि नै शङ्का उत्पन्न हुन जाने देखिन्छ।

३. नेपाल कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा ९ अनुसार साधारण सभाले पारित गरेको पाँच वर्षभित्र वितरण गर्नुपर्ने र सो अवधिभित्र वितरण नभएमा लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा, पाँच वर्ष बितिसक्दा पनि रु.२ लाख ७९ हजार लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको देखिँदैन।

४. प्रस्तावित लाभांश सञ्चालक समितिले लाभांशबापत पारित गरेको रु.२३ लाख ८० हजार धेरै वर्ष बितिसकेको हकमा साधारण सभाबाट पारित भएको छैन।

### लेखापरीक्षणका मुख्य मामलाहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वितीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवम् व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोराबाहेक अन्य थप लेखापरीक्षणका विषयवस्तुहरु रहेको छैन।

### वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको उत्तरदायित्व

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्वअन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन गर्ने र लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत पर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार वहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

### वित्तीय विवरण लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएता पनि लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जलसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइनेछ। साथै,

१. वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु त्था खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटि पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अनिश्चितताको आधारमा उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित रहेको हुन्छ तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुतीकरण, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षणमा योजनाअनुसारको कार्यक्षेत्र, कार्य समस्या र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालनासम्बन्धी प्रतिवेदन**

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सम्पूर्ण सूचना तथा स्पष्टिकरणहरु र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाबकिताब सम्बन्धित ऐनबमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएझै ठिकसँग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ) हामीले लेखापरीक्षणको समयमा दिइएको सूचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाहरुको परीक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएका बाहेक संस्थाको सञ्चालक समिति वा त्यसका सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे/गराएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

ङ) संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

च) कम्पनी ऐन, २०६३ को दफा ७६(१) मा प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने तथा सोही ऐनको दफा ८०(१) अनुसार प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित सेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक र लेखापरीक्षको प्रतिवेदन र सो सभाले गरेको निर्णयको एक प्रति कार्यालयमा पठाउनुपर्ने उल्लेख भएबमोजिम पालना नभएकोले सोको पालना हुनुपर्दछ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८२।९।१३ मा पेश गरेका छन्।**

# राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड (२०७५।७६)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### रायको अस्वीकरण

हामीले राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड (तत्कालिन राष्ट्रिय बीमा संस्थान) यसपश्चात् कम्पनी भनिएको को वित्तीय विवरणहरु लेखापरीक्षण गर्न अनुबन्ध भएका थियौं, जसमा २०७६ आषाढ ३१ गतेको वित्तीय स्थिति विवरण (Statement of Financial Position), सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान विवरण (Statement of Profit or Loss), अन्य समग्र आम्दानी विवरण (Statement of Other Comprehensive Income), नगद प्रवाह विवरण (Statement of Cash Flow), इक्विटीमा परिवर्तनको विवरण (Statement of Changes in Equity), वितरणयोग्य नाफा/नोक्सान विवरण (Statement of Distributable Profit or Loss) र महत्वपूर्ण लेखानीतिहरूको सारांशसहितको वित्तीय टिप्पणीहरू समावेश छन्।

हाम्रो यसै प्रतिवेदनको राय अस्वीकरणको आधार अनुच्छेदमा वर्णन गरिएका गम्भिर विषयहरूका कारण वित्तीय विवरण उपर लेखापरीक्षण राय स्थापित गर्ने आधारका रूपमा पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न नसकेको कारण हामीले कम्पनीको यसैसाथ संलग्न वित्तीय विवरणहरूमा कुनै राय व्यक्त गरेका छैनौं।

### राय अस्वीकरणको आधार

हामीले कम्पनीको २०७५।७६ को लेखासम्बन्धी अभिलेखको परीक्षण र उच्च तह तथा व्यवस्थापकीय कर्मचारीहरूसँग गरेको छलफलको आधारमा वित्तीय विवरणमा सारभूत रूपमा असर गर्ने निम्न लिखित बुँदाहरूमा लेखापरीक्षण राय स्थापित गर्न चाहिने पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौं:

१. सरकारी स्वामित्वको राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडले वर्षौंदेखि निरन्तर संरचनात्मक र सञ्चालन चुनौतीहरूको सामना गर्दै आएको छ। नेपालको सबैभन्दा पुरानो जीवन बीमा कम्पनीहरू मध्ये एक हुनुको बावजुद कम्पनीले गतिशील बीमा बजारमा प्रतिस्पर्धात्मक गति कायम राख्न सकेको छैन। २०७५।७६ मा कम्पनी खुद प्रिमियम सङ्कलनमा चौथो स्थानमा छ तर खुद नाफामा ९औं स्थानमा झरेको छ, जसले समग्र जीवन बीमा क्षेत्रको तुलनामा कार्यसम्पादनमा उल्लेखनीय कमी, सञ्चालन अक्षमता र घटेको नाफालाई प्रतिविम्बित गर्दछ। धेरै निजी क्षेत्रका नयाँ जीवन बीमा कम्पनीहरूले नाफाको हिसाबले कम्पनीलाई पहिले नै उछिनेका छन्, जसले कम्पनीको प्रतिस्पर्धात्मक क्षमतामा प्रश्न चिन्ह खडा गरेको छ।

२. नेपाल बीमा प्राधिकरणद्वारा जारी गरिएको सोल्भेन्सी मार्जिन निर्देशिका, २०७१ अनुसार प्रत्येक जीवन बीमकले न्यूनतम १.५ प्रतिशत सोल्भेन्सी मार्जिन कायम राख्नु अनिवार्य छ। तर नियुक्त बीमाङ्की जी.एन. अग्रवालद्वारा २०७५।७६ सम्मको जारी गरिएको प्रारम्भिक बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनमा कम्पनीको सोल्भेन्सी मार्जिन नकरात्मक ३.६२ प्रतिशत गणना गरिएको छ, जुन नेपाल बीमा प्राधिकरणको आवश्यक न्यूनतमभन्दा धेरै कम हो।

३. कम्पनीले ग्लोबल आइ.एम.ई. बैङ्क लिमिटेड (तत्कालीन पब्लिक डेभलपमेन्ट बैङ्क लिमिटेड), मो मुद्दति बचतमा लगानी गरेको रु.१ करोड ७५ लाख २०६७।२।१३ मै पाकिसकेको भएता पनि उक्त रकम हालसम्म कम्पनीको बैङ्क खातामा जम्मा भएको देखिएन।

४. २०७५।७६ मा कम्पनीका २७ जना कर्मचारीहरु अवकाश भएका छन्। उनीहरुले कर्मचारी ऋण सुविधा उपयोग गरी सो बापत बीमालेख पनि लिएका छन्। कम्पनीले उक्त कर्मचारीलाई अवकाशको समयमा उनीहरुको बीमालेखबापत रु.५ करोड २८ लाख ३३ हजार अग्रिम बोनस प्रदान गरेको छ। बीमालेख अवधि समाप्त पूर्वनै बोनस रकम तय नहुने हुँदा अग्रिम बोनस दिनु उचित देखिँदैन। उक्त बीमालेखमा २०७५।७६ मा कर्मचारीहरुको अवकाश पछि कुनै पनि बीमा शुल्क प्राप्त नभएको र ऋण रकमको पनि कुनै भुक्तानी भएको देखिँदैन। उक्त ऋणको सुरक्षणमा राखिएको धितो पनि फुकुवा भै सकेकोले उक्त ऋणको असुली जोखिमपूर्ण देखिन्छ साथै बीमालेखको निरन्तरतामा पनि जोखिम रहेको पाइयो।

५. कम्पनीले वित्तीय विवरणमा सम्पत्ति र आम्दानीको मौज्दात समायोजन गर्न बैङ्क अनिश्चय (suspense) खाता, बीमालेख अनिश्चय (suspense) ऋण खाता, कर्मचारी अनिश्चय (suspense) ऋण खाता र बीमा अभिकर्ता अनिश्चय (suspense) ऋण खाता खडा गरेको छ। यी अनिश्चय (suspense) खाताहरू आन्तरिक लेखाका तथ्याङ्कहरू र बाह्य वा विभागीय कागजातहरू जस्तै बैङ्क विवरणहरू, IT प्रणालीबाट उपलब्ध MIS विवरणहरू र लगानीबीचको भिन्नताहरू मिलाउन प्रयोग गरिएका छन्। उचित मेलमिलाप बिना यस्ता समायोजनहरू धेरै हदसम्म प्रमाणित समर्थन कागजातहरु वा लेखापरीक्षण प्रमाणको सट्टा उपलब्ध केही कागजातहरू वा व्यवस्थापनको स्पष्टिकरणहरूमा मात्र आधारित छन्। बैङ्क अनिश्चय (suspense) खाता मा विकास बैङ्कमा रहेको मुद्दति बचतको मिलान नभएको रकम, वाणिज्य बैङ्कमा रहेको बैङ्क मौज्दात मिलान नभएको रकम, सेयरमा लगानी र लाभांश आम्दानीसँग सम्बन्धित ठूला कारोबारहरू समावेश छन्। बैङ्क अनिश्चय (suspense) खाता अन्तर्गत रु.४५ करोड ९७ लाख ६९ हजार डेबिट रु.४२ करोड ९ लाख २१ हजार क्रेडिट समायोजन गरी खुद रु.३ करोड ८८ लाख ४८ हजार डेबिट समायोजन गरिएको छ। त्यस्तै रु.२५ करोड २५ लाख २९ हजार, रु.२ करोड ९४ लाख ८८ हजार र रु.४ लाख ४२ हजार बराबरको IT प्रणालीबाट उपलब्ध विवरण र लेखा प्रणालीमा फरक परेको (लेखा प्रणालीमा कम भएको) क्रमशः बीमालेख ऋण, कर्मचारी ऋण र बीमा अभिकर्ता ऋणको रकमलाई अनिश्चय (suspense) खाता खोली समायोजन गरिएको छ। यसरी अनिश्चय (suspense) खातामार्फत् गरिएको समायोजन नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमान र लेखाको सर्वमान्य सिद्धान्त अनुरुप छैन।

| क्र.सं. | विवरण | डेबिट रकम (रु.) | क्रेडिट रकम (रु.) |
|---|---|---|---|
| **क. बैङ्क अनिश्चय (suspense) खाता** | | | |
| १. | विकास बैङ्कमा रहेको मुद्दति बचतको मिलान नभएको रकमको समायोजन | ५,११,४७,८६५ | - |
| २. | वाणिज्य बैङ्कमा रहेको बैङ्क मौज्दात मिलान नभएको रकमको समायोजन | ४,००,४६,२८१ | - |
| ३. | अपर तामाकोशीको गत वर्षको बढी ऋण भुक्तानी देखाइएको रकमको समायोजन | २,८४,३०८ | - |
| ४. | नेपाल इन्भेष्टमेन्ट बैङ्क लिमिटेड संस्थापक सेयर र नेपाल हाउजिङ सेयरमा गरिएको लगानीको समायोजन | - | २७,३२,९०,१५८ |
| ५. | सुरक्षा निक्षेप खाता समायोजन | २७,३२,९०,१५८ | - |
| ६. | हाइड्रो ईलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको छुटेको लाभांश आम्दानी लेखाङ्कन गरी समायोजन | ९,५०,००,००० | - |
| ७. | अज्ञात निक्षेप (Unidentified Deposit) हटाई समायोजन | - | १४,७६,३०,८९४ |
| **जम्मा** | | **४५,९७,६८,६१२** | **४२०,९२१,०५२** |
| **खुद (डेबिट)** | | **३,८८,४७,५६०** | |
| **ख. बीमालेख अनिश्चय (suspense) ऋण खाता** | | | |
| १. | बीमालेख ऋणको अपुग रकमको समायोजन | - | २५,२५,२९,२१५ |
| **जम्मा** | | - | **२५,२५,२९,२१५** |
| **खुद (क्रेडिट)** | | - | **२५,२५,२९,२१५** |
| **ग. कर्मचारी अनिश्चय (suspense) ऋण खाता** | | | |
| १. | कर्मचारी ऋणको अपुग रकमको समायोजन | - | २,९४,८८,४०८ |
| **जम्मा** | | - | **२,९४,८८,४०८** |
| **खुद (क्रेडिट)** | | - | **२,९४,८८,४०८** |
| **घ. बीमा अभिकर्ता अनिश्चय (suspense) ऋण खाता** | | | |
| १. | बीमा अभिकर्ता ऋणको अपुग रकमको समायोजन | - | ४,४२,२३४ |
| **जम्मा** | | - | **४,४२,२३४** |
| **खुद (क्रेडिट)** | | - | **४,४२,२३४** |

| | | |
|---|---|---|
| **जम्मा कुल** | ४५,९७,६८,६१२ | ७०,३३,८०,९०९ |
| **जम्मा खुद (क्रेडिट)** | - | २४,३६,१२,२९७ |

६. कम्पनीले यस आर्थिक वर्षको लागि नेपाल वित्तीय प्रतिवेदनमानअनुसार पनि आफ्नो वित्तीय प्रस्तुतीकरण प्रतिवेदनहरू तयार गरेको छ। नेपाल वित्तीय प्रतिवेदनमानअनुसारको ढाँचामा वित्तीय प्रतिवेदन प्रस्तुतीकरण गरेता पनि सम्बन्धित नेपाल वित्तीय प्रतिवेदनमानका व्यवस्थाहरूको पूर्ण पालना गरेको आश्वस्तता प्राप्त गर्न सकिएन। यसै प्रतिवेदनमा अन्यत्र उल्लेखित सर्वमान्य लेखा सिद्धान्त विपरीत लेखाङ्कन गरिएका विषयवस्तुका अतिरिक्त निम्नानुसारको कारोबारमा गरिएका लेखाङ्कनसमेत सम्बन्धित नेपाल वित्तीय प्रतिवेदनमानअनुसार भएको छैन र सोको असरका बारेमा लेखासम्बन्धी व्याख्यात्मक टिप्पणीमा पर्याप्त खुलासा गरेको छैन।

| **नेपाल वित्तीय प्रतिवेदनमान** | **नेपाल वित्तीय प्रतिवेदनमानअनुसार हुनुपर्ने** | **जीवन बीमा कम्पनीले अवलम्बन गरेको** |
|---|---|---|
| लेखाको अवधारणात्मक आधारशीला | सम्पत्ति भनेको विगतका घटनाहरूको परिणाम स्वरूप कम्पनीद्वारा नियन्त्रित वर्तमान आर्थिक स्रोत हो जसबाट भविष्यमा आर्थिक लाभ प्राप्त गर्ने सुनिश्चितता रहेको हुन्छ। | अन्य सम्पत्तिअन्तर्गत डेफर्ड खर्च शीर्षकमा रु.६ करोड ८७ लाख ५१ हजार (गत वर्ष रु.९९ लाख ७४ हजार) र अनिश्चय खाता (Suspense Account) शीर्षकमा रु.२४ करोड ३६ लाख १२ हजार प्रस्तुतीकरण गरिएको छ जसलाई सम्पत्ति शीर्षकमा लेखाङ्कन गर्न मिल्दैन। |
| नेपाल लेखामान ८ लेखानीतिहरू, लेखा अनुमानमा परिवर्तनहरू र त्रुटिहरु | कम्पनीले अघिल्लो अवधिको महत्त्वपूर्ण त्रुटिहरू पत्ता लागेपछि पहिलो पटक प्रकाशनका लागि स्वीकृत वित्तीय विवरणमा त्यस्ता त्रुटिहरूलाई निम्न तरिकाले पश्चात् सुधार गर्नुपर्दछः<br>(क) त्रुटि भएको अघिल्लो अवधिको प्रस्तुत गरिएका तुलना तथ्याङ्कहरूलाई पुनः प्रस्तुतीकरण (restatement) गर्ने, वा<br>(ख) यदि त्रुटि सबैभन्दा प्रारम्भिक प्रस्तुत गरिएको अघिल्लो अवधिभन्दा पहिला भएको हो भने, सबैभन्दा प्रारम्भिक प्रस्तुत गरिएको अघिल्लो अवधिको सम्पत्ति, दायित्व र स्वामित्व (पुँजी) को प्रारम्भिक मौज्दातहरूलाई पुनःप्रस्तुतीकरण गर्ने। | अघिल्लो अवधिको त्रुटिहरू समायोजन भनी गरिएका निम्न कारोवारहरूलाई चालु आर्थिक वर्षकै कारोवार सरह आम्दानी वा खर्च लेखाङ्कन गरिएको छ। नमूना परीक्षणका आधारमा पत्ता लागेका उदाहरणहरूः<br>(क) विभिन्न शीर्षकहरूमा सम्पत्ति रु.४ अर्ब ४९ करोड ७० लाख ९४ हजार र<br>(ख) विभिन्न शीर्षकहरूमा दायित्व रु.१ अर्ब २८ करोड ६१ लाख ४२ हजार समायोजन गरिएको।<br>यसरी समायोजन गरेका रकमहरूको पूर्ण विवरण र पुष्टि गर्ने आधारहरू उपलब्ध नभएकोले यसबाट पर्न सक्ने असर यकिन गर्न सकिने अवस्था छैन। |
| नेपाल वित्तीय प्रतिवेदनमान ९ वित्तीय साधनहरू | FVTOCI/AC मा मापन गरिएका वित्तीय साधनहरूको लेनदेन खर्चहरू (Transactions cost) वित्तीय साधनहरूको मूल्यमा समायोजन गर्नुपर्दछ। AC मा मापन गरिएका वित्तीय साधनहरुको आय लेखाङ्कन गर्दा प्रभावकारी ब्याजदर विधि प्रयोग गरेर गर्नुपर्दछ। वित्तीय साधनहरुको मापन उचित मुल्यमा गर्नुपर्दछ। | लेखा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदनमानको मापदण्ड उल्लेख गरिएता पनि सम्बन्धित वित्तीय साधनहरूको शुरूमा लेखाङ्कन गर्दा लेनदन खर्चहरू समावेश गरी लेखाङ्कन गरेको छैन। साथै, मानअनुसार वित्तीय साधनहरूको प्रकृतिअनुसार आय लेखाङ्कन गरिएको छैन। नेप्सेमा सूचिकृत संस्थामा गरिएको सेयर लगानीबाहेक अन्य वित्तीय साधनहरूको मापन परल मुल्यमा नै गरिएको छ। |
| नेपाल लेखामान १९ कर्मचारी लाभ | भविष्यमा भुक्तानी गरिने लाभसहित कर्मचारीले सेवा प्रदान गरेको खण्डमा कम्पनीले दायित्व लेखाङ्कन गर्नुपर्दछ। साथै, परिभाषित लाभ योजनाको लागि बीमाङ्कीय मूल्याङ्कन गरी दीर्घकालीन दायित्व यकिन गर्नुपर्दछ। | बीमाङ्कीय मूल्याङ्कन नगरी हचुवाको भरमा यस वर्ष पेन्सन तथा उपदानबापत रु.१ करोड ५० लाख व्यवस्था थप गरिएको छ। |
| नेपाल लेखामान ३७ व्यवस्था, सम्भावित | प्रतिवेदनको समयमा प्रत्येक व्यवस्था एवम् सम्भावित दायित्वको पुनरावलोकन गरी आवश्यकताअनुसार रकम समायोजन गर्नुपर्दछ। | कम्पनीले वित्तीय विवरणमा उल्लेखित व्यवस्थाहरूको पुनरावलोकन गरी समायोजन गर्ने गरेको छैन। साथै, सम्भावित दायित्वको वर्तमान अवस्था यकिन गरेको छैन। |

| | | |
|---|---|---|
| दायित्व तथा सम्भावित सम्पत्ति | | २०७३।७४ सम्मको २०७५।३।३२ मा राजश्व कार्यालयले कर निर्धारण गरी आयकरबापत थप माग गरेको रु.९ करोड ३७ लाख १६ हजार तथा मुल्य अभिवृद्धि करबापत थप माग गरेको रु.९७ लाख ५८ हजारका सम्बन्धमा प्रशासनिक समिक्षा आवेदन पेश गरिएकोमा हालसम्म सोको सुनुवाई नभएको भएता पनि वित्तीय विवरणमा सो बापत व्यवस्था नगरेको र तत्सम्बन्धी खुलासासमेत गरेको छैन। |
| नेपाल लेखामान ३८ अमूर्त सम्पत्ति | अमूर्त सम्पत्तिहरूलाई छुट्टै लेखाङ्कन तथा प्रस्तुतीकरण गर्नुपर्दछ। | सफ्टवेयर जस्ता अमूर्त सम्पत्तिलाई कार्यालय सम्पत्तिअन्तर्गत देखाइएको छ। |
| नेपाल वित्तीय प्रतिवेदनमान ४ बीमा अनुबन्ध (करार) | बीमाकर्ताको बीमा दायित्व पर्याप्त छ भनी हरेक प्रतिवेदन समयमा यकिन गर्नुपर्दछ। | कम्पनीले तत्कालीन अवस्थामा अवलम्बन गरिएको नीति अनुरुप २०७०।७१ देखि २०७२।७३ सम्मको जीवन बीमा कोषको बीमाङ्कीय मूल्याङ्कन गरी २०८१।५।१७ मा नेपाल बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त गरेको र २०७३।७४ देखि २०७५।७६ सम्मको जीवन बीमा कोषको बीमाङ्कीय मूल्याङ्कन गरी २०८२।१।१४ मा नेपाल बीमा प्राधिकरणबाट स्वीकृति लागि पेस गरिएको। हरेक प्रतिवेदन समयमा बीमाकर्ताको बीमा दायित्व पर्याप्त छ भनी यकिन गर्ने गरी बीमाङ्कीय मूल्याङ्कन नगरिएको। |
| नेपाल वित्तीय प्रतिवेदनमान १४ उचित मुल्य मापन | कम्पनीले आफ्नो वित्तीय विवरणका प्रयोगकर्ताहरूलाई निम्न दुबै कुराहरूको मूल्याङ्कन गर्न मद्दत गर्ने जानकारी खुलासा गर्नेछः<br>(क) प्रारम्भिक मान्यता पछि वित्तीय स्थितिको विवरणमा आवर्ती वा गैर-आवर्ती आधारमा उचित मुल्यमा मापन गरिएका सम्पत्ति र दायित्वहरूको लागि, ती मापनहरू विकास गर्न प्रयोग गरिएका मूल्याङ्कन प्रविधिहरू र इनपुटहरू।<br>(ख) महत्त्वपूर्ण अवलोकन गर्न नसकिने इनपुटहरू (स्तर ३) प्रयोग गरेर पुनरावर्ती उचित मुल्य मापनको लागि, अवधिको लागि नाफा वा नोक्सान वा अन्य व्यापक आयमा मापनको प्रभाव। | उचित मुल्य मापनअनुसारको सम्पत्तिको मुल्य तथा सोको गणनाबाट नाफा/नोक्सानमा के कति समायोजन गर्नुपर्दछ भन्ने यकिन नगरिएको र सो सम्बन्धमा लेखासम्बन्धी टिप्पणीमा पर्याप्त खुलासा गरिएको छैन। |

७. लेखाको अवधारणात्मक आधारशीला र लेखाको सर्वमान्य सिद्धान्तअनुसार बीमाङ्कीय मूल्याङ्कन सही र सुसंगत वित्तीय विवरण तथ्याङ्कहरूमा आधारित हुनुपर्छ। मूल्याङ्कन परिणामहरूको विश्वसनीयता, जीवन बीमा कोष पर्याप्तता परीक्षण र नियामक अनुपालन सुनिश्चित गर्न बीमाङ्कीय मूल्याङ्कनको लागि प्रदान गरिएको तथ्याङ्क लेखापरीक्षण गरिएको वित्तीय विवरणहरूसँग मेल खानुपर्छ। बीमाङ्कीय मूल्याङ्कनको लागि प्रदान गरिएका तथ्याङ्कहरू र वित्तीय विवरणहरूमा उल्लेख गरिएका तथ्याङ्कहरू बीच निम्नानुसार असमानता देखिएः

| क्र.सं. | विवरण | बीमाङ्कीय मूल्याङ्कनमा उल्लेख रकम (रु.) | वित्तीय विवरण अनुसार रकम (रु.) | भिन्नता रकम (रु.) |
|---|---|---|---|---|
| १. | जीवन बीमा कोष | १९,९७,४१,४२,०२२ | २१,४२,८९,४५,७५४ | (१,४५,४८,०३,७३२) |
| २. | सरकारी धितोपत्रहरू | ५९,००,००,००० | ३९,००,००,००० | २०,००,००,००० |
| ३. | ऋणपत्रहरू | ९३,९३,८९,००० | १,१३,९३,८९,००० | (२०,००,००,०००) |
| ४. | पब्लिक लिमिटेड कम्पनीको साधारण सेयर (बजार मुल्य) | ७,१०,१७,२६,०९९ | ७,३०,४२,७८,९७३ | (२०,२५,५२,८७४) |

| | | | | |
|---|---|---|---|---|
| ५. | नगद र बैङ्क मौज्दात | ५६,७९,९७,६५५ | ५१,५६,५१,०६९ | ५,२३,४६,५८६ |
| ६. | कर्मचारी ऋण | १९,२४,२१,४२८ | २२,१९,०९,८३६ | (२,९४,८८,४०८) |
| ७. | माथिल्लो तामाकोशीलाई ऋण | ३,१४,९९,०३,०२४ | ३,१४,९६,१८,७१६ | २,८४,३०८ |
| ८. | लगानीबाट प्राप्त हुने आम्दानी | १०,७५,८८,४३६ | १५,२८,६५,१४९ | (४,५२,७६,७१३) |
| ९. | पुनःबीमाकर्ताबाट प्राप्य | १४,३५,०५,२९८ | १,५६,०८,९०० | १२,७८,९६,३९८ |

यी भिन्नताले वित्तीय विवरणहरूसँग पूर्ण रूपमा मेल नखाने तथ्याङ्कहरू प्रयोग गरेर बीमाङ्कीय मूल्याङ्कन गरिएको सङ्केत गर्दछ। जसले जीवन बीमा कोष पर्याप्तता र सोल्भेन्सी मार्जिनमा बीमाङ्कीय दायित्वहरूको सम्भावित कम वा बढी विवरण, गलत विवरणको जोखिम रहेको देखिन्छ।

८. नेपाल वित्तीय प्रतिवेदनमान ४ बीमा अनुबन्ध (करार), जीवन बीमा कोष, बीमा दायित्व र सम्बन्धित शीर्षकहरुको रकमको सही प्रस्तुति सुनिश्चित गर्न वित्तीय विवरणहरूमा बीमा सम्झौता दायित्वहरूको बीमाङ्कीय मूल्याङ्कन समावेश गर्नुपर्छ। यस बाहेक, नेपाल बीमा प्राधिकरणद्वारा आवश्यक भएअनुसार, बीमाङ्कीय मूल्याङ्कन परिणामहरू सोही प्रतिवेदन अवधिको वित्तीय विवरणहरूमा विधिवत रूपमा प्रतिविम्बित हुनुपर्छ। कम्पनीले २०७५।७६ सम्मको लागि प्रारम्भिक बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन प्राप्त गरी २०८२ वैशाख १४ मा नेपाल बीमा प्राधिकरणमा स्वीकृतिको लागि पेस गरिसकेको छ। यद्यपि, २०७५।७६ को वित्तीय विवरणहरूमा बीमाङ्कीय मूल्याङ्कनअनुसारको समायोजन गरिएको छैन।

९. नेपाल लेखामान १ अनुसार वित्तीय विवरणहरूले तुलनात्मक जानकारी निरन्तर प्रस्तुत गर्नुपर्छ। साथै, नेपाल लेखामान ८ अनुसार अघिल्लो अवधिको कुनै पनि रकमको पूर्नतालिकीकरण वा पूर्नवर्गीकरण गरेमा खुलासा गर्नुपर्छ, जसमा परिवर्तनको प्रकृति र यसको वित्तीय प्रभाव समावेश हुन्छ। २०७५।७६ को वित्तीय विवरणमा २०७४।७५ सँग सम्बन्धित बीमा सम्झौता दायित्वहरूमा कुल परिवर्तन र खुद परिवर्तनको लागि खुलासा गरिएका तथ्याङ्कहरू २०७४।७५ को लेखापरीक्षण गरिएको वित्तीय विवरणहरू भन्दा निम्नानुसार फरक रहेको छः

| जीवन बीमा योजना | बीमा सम्झौता दायित्वमा कुल परिवर्तन | | | बीमा सम्झौता दायित्वमा खुद परिवर्तन | | |
|---|---|---|---|---|---|---|
| | २०७४।७५ को लेखापरीक्षण गरिएको वित्तीय विवरणअनुसार (रु.) | २०७५।७६ अनुसार २०७४।७५ को रकम (रु.) | फरक (रु.) | २०७४।७५ को लेखापरीक्षण गरिएको वित्तीय विवरण अनुसार (रु.) | २०७५।७६ अनुसार २०७४।७५ को रकम (रु.) | फरक (रु.) |
| एन्डोमेन्ट | १,२४,८३,४६,५६४ | १,९८,८७,०६,२९० | (७४,०३,५९,६४६) | १,२४,८३,४६,५६४ | १,९८,८७,०६,२९० | (७४,०३,५९,६४६) |
| एन्टिसिपेटेड | १,३१,८१,६६८ | (७९,०४,२०१) | २,१०,८५,८६९ | १,३१,८१,६६८ | (७९,०४,२०१) | २,१०,८५,८६९ |
| बात्सल्य | २,८३,६८,३५२ | - | २,८३,६८,३५२ | २,८३,६८,३५२ | - | २,८३,६८,३५२ |
| बाल | ३०,३३,५१,४१२ | ४८,४१,८१३ | २९,८५,०९,५९९ | ३०,३३,५१,४१२ | ४८,४१,८१३ | २९,८५,०९,५९९ |
| संयुक्त | ८१,६९,८७० | - | ८१,६९,८७० | ८१,६९,८७० | - | ८१,६९,८७० |
| बाल उमङ्ग | ४,०४,६२,९४७ | - | ४,०४,६२,९४७ | ४,०४,६२,९४७ | - | ४,०४,६२,९४७ |
| जीवन सुरक्षा | ३३,१७,२२,०२६ | (१,२२,४७५) | ३३,१८,४४,५०१ | ३३,१७,२२,०२६ | (१,२२,४७५) | ३३,१८,४४,५०१ |
| जीवन बन्धु | १,१९,१८,५०७ | - | १,१९,१८,५०७ | १,१९,१८,५०७ | - | १,१९,१८,५०७ |
| **जम्मा** | **१,९८,५५,२१,३४६** | **१,९८,५५,२१,३४६** | - | **१,९८,५५,२१,३४६** | **१,९८,५५,२१,३४६** | - |

२०७४।७५ को कुल रकम दुबै आर्थिक वर्षहरूमा समान रहे तापनि, २०७५।७६ को वित्तीय विवरणमा जीवन बीमा योजनाअनुसारको विभाजन २०७४।७५ को लेखापरीक्षण गरिएको वित्तीय विवरणमा प्रस्तुत गरिएको तथ्याङ्कसँग मेल भएको देखिएन।

१०. नेपाल लेखामान १ - वित्तीय विवरणको प्रस्तुतीकरणअनुसार वित्तीय विवरणहरूले बीमालेख ऋणसहित सम्पत्ति र दायित्वहरूको वास्तविक प्रकृति र वर्गीकरण प्रतिविम्बित गर्नुपर्छ र लागू हुने ठाउँमा बीमालेख प्रकारअनुसार उचित खुलासा सुनिश्चित गर्नुपर्छ। बीमालेख धारकहरूलाई प्रदान गरिएको बीमालेख ऋणहरू २०७५।७६ (गत वर्षसहित) को वित्तीय विवरणको नोट ११.ख मा छुट्टै वर्गीकृत गरिएको छैन, बीमालेख ऋणसँग सम्बन्धित सम्पूर्ण रकमलाई सम्बन्धित बीमालेख प्रकारहरूमा विभाजन नगरी एन्डोमेन्ट बिमालेख ऋण शीर्षकअन्तर्गत समावेश गरिएको छ।

११. नेपाल वित्तीय प्रतिवेदनमान ४ बीमा अनुबन्ध (करार) र सामान्य बीमा लेखा अभ्यासअनुसार कुल आर्जित बीमा शुल्क गणना गर्दा सो आर्थिक वर्षसँग सम्बन्धित बीमा शुल्कलाई मात्र आर्जित बीमा शुल्कको रुपमा आम्दानी जनाई आउने आर्थिक वर्षसँग सम्बन्धित बीमा शुल्कलाई आर्जन नभएको बीमा शुल्कको रुपमा गणना गर्नुपर्नेमा कम्पनीले कुल आर्जित बीमा शुल्क गणना गर्दा सुरुवाती मौज्दातमा रहेको आर्जन नभएको बीमा शुल्क रु.८७ करोड १३ लाख ३७ हजारलाई २०७५।७६ को आर्जित बीमा शुल्कमा गणना गरेता पनि चालु वर्षको लागि आर्जन नभएको बीमा शुल्कको अन्तिम मौज्दात गणना गरी कटौती गरिएको छैन। फलस्वरूप, कुल आर्जित प्रिमियम सही रूपमा प्रस्तुत गरिएको छैन र २०७५।७६ को वित्तीय विवरणमा आर्जित बीमा शुल्क आम्दानी वास्तविकभन्दा धेरै उल्लेख भएको छ।

१२. नेपाल वित्तीय प्रतिवेदनमान ४ बीमा अनुबन्ध (करार) र सामान्य बीमा लेखा अभ्यासअनुसार बीमा र पुनर्बीमा गतिविधिहरूको पारदर्शिता सुनिश्चित गर्न पुनःबीमकहरूको हिस्सा छुट्टै खुलासा गर्दै बीमा सम्झौताहरू कुल कारोबारको आधारमा प्रस्तुत गरिनुपर्छ। कम्पनीले पुनर्बीमा कारोबारलाई खुद आधारमा मात्र उल्लेख गरेको छ। बीमा शुल्क, कमिसन, दाबी र बीमा दायित्वसँग सम्बन्धित पुनःबीमकको भाग छुट्टै खुलासा गरिएको छैन। फलस्वरूप, आर्जन गरेको बीमा शुल्क, बीमा शुल्क हस्तान्तरण, कमिसन आय, दाबी र बीमा दायित्व जस्ता सुचकहरू गलत रूपमा प्रस्तुत भएका छन्।

**१३. वित्तीय विवरण प्रस्तुतीकरण गर्दा समायोजन गरिएका रकमहरू समर्थन गर्ने कागजात उपलब्ध नरहेको**

२०७५।७६ को वित्तीय विवरण तयार गर्दा गत विगत वर्षहरु सहित यस वर्षको विभिन्न शीर्षकमा समायोजन गरिएको रकम रु.४ अर्ब ५० करोड ३० लाख ७६ हजारलाई समर्थन वा पुष्टि गर्ने कागजातहरु उपलब्ध छैन ।

| शिर्षक | कुल डेविट रकम | कुल क्रेडिट रकम | डेविट (क्रेडिट) रकम |
|---|---|---|---|
| सम्पत्ति | ६,४३,४१,२९,०९१ | १,९२,४६,५४,४८५ | ४,५०,९४,७४,६०६ |
| दायित्व | १,८४,१७,२५,२७० | १,६४,२९,९८,९२४ | १९,८७,२६,३४६ |
| आम्दानी | - | २०,०८,२०,७२१ | (२०,०८,२०,७२१) |
| खर्च | १,०४,९८,५०५ | १,४८,०२,२९६ | (४३,०३,७९१) |
| **जम्मा** | **८,२८,६३,५२,८६६** | **३,७८,३२,७६,४२५** | **४,५०,३०,७६,४४१** |

**१४. स्थिर सम्पत्ति स्वामित्वको कागजात उपलब्ध नभएको**

प्रधान कार्यालय रहेको रु.७६ लाख ९८ हजार (परल मुल्य) बराबरको जग्गा तथा भवनको स्वामित्वको कागजात उपलब्ध भएको छैन।

**१५. लगानी सम्बन्धमा**

१५.१ **नेपाल वित्तीय प्रतिवेदनमान ९ -** वित्तीय साधनहरू अनुसार दोस्रो बजारमा सूचीकृत धितोपत्र लगानीहरूलाई प्रत्येक प्रतिवेदन मितिमा उचित मुल्यमा मापन गर्न आवश्यक हुने र नेपाल वित्तीय प्रतिवेदनमान १३ - उचित मुल्य मापनअनुसार, दोस्रो बजारमा सूचीकृत धितोपत्र लगानीहरूलाई प्रतिवेदन मितिमा दोस्रो बजारमा भएको अन्तिम कारोबार मुल्यलाई उचित मुल्य मापनको लागि प्रयोग गरिनुपर्ने भन्ने व्यवस्था रहेकोमा निम्न उल्लेखित सूचीकृत धितोपत्रहरुको

उचित मुल्य मापन नेपाल वित्तीय प्रतिवेदनमानअनुसार नभई लागत वा पुरानो उचित मुल्यहरू प्रयोग गरी प्रस्तुत गरिएका छन्:

| विवरण | वित्तीय विवरण अनुसार सेयर संख्या | वित्तीय विवरण अनुसार बजार मुल्य (रु.) | २०७६ आषाढ मसान्तको नेपाल स्टक एक्सचेन्ज अनुसार बजार मुल्य (रु.) | भिन्नता (रु.) |
|---|---|---|---|---|
| **साधारण सेयरमा लगानी (सूचिकृत)** | | | | |
| एन.आई.डी.सी. क्यापिटल मार्केट लिमिटेड | ४,६८,५४५ | १५१।०० | १००।०० | ५१।०० |
| सनराइज बैङ्क लिमिटेड (हाल लक्ष्मी सनराइज बैङ्क लिमिटेड) संस्थापक सेयर | ४,६६,६५८ | २४८।०० | १६५।०० | ८३।०० |
| रिलायन्स फाइनान्स लिमिटेड संस्थापक सेयर | १,८५,४३८ | १००।०० | ११९।०० | (१९।००) |
| नेपाल इन्भेष्टमेन्ट बैङ्क लिमिटेड संस्थापक सेयर | १२,३८,०४२ | २२१।०० | ४६८।०० | (२४७।२६) |
| **म्युचुअल फण्डमा लगानी (सूचिकृत)** | | | | |
| नागरिक इन्टरनेशनल म्युचुअल फन्ड योजना | १०,००,००० | १०।०० | १०।१८ | (०।१८) |
| एन.आई.सी. एशिया ग्रोथ फण्ड | १०,००,००० | १०।०० | १०।२८ | (०।२८) |

१५.२ कम्पनीले वित्तीय विवरणमा प्रस्तुत गरिएको सूचीकृत धितोपत्रहरुमा लगानी गरेको र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको मेरो सेयर पोर्टलमा उपलब्ध तथ्याङ्कभन्दा निम्नानुसार फरक देखिएको छः

| विवरणहरू | वित्तीय विवरण अनुसार सेयर संख्या | मेरो सेयर अनुसारको सेयर संख्या | फरक सेयर संख्या |
|---|---|---|---|
| **साधारण सेयरमा लगानी (सूचिकृत)** | | | |
| एन.आई.सी. एशिया बैङ्क लिमिटेड | १,०५,८७६ | १,०५,८७७ | (१) |
| जनता बैङ्क नेपाल लिमिटेड (हाल ग्लोबल आइ.एम.ई. बैङ्क लिमिटेड) | ४,३६,८०२ | ३,८४,७६३ | ५२,०३९ |
| एन.आई.डी.सी. क्यापिटल मार्केट लिमिटेड | ४,६८,५४५ | - | ४,६८,५४५ |
| लक्ष्मी बैङ्क लिमिटेड (हाल लक्ष्मी सनराइज बैङ्क लिमिटेड) | १२,१५,३४३ | १२,१५,३४४ | (१) |
| ग्लोबल आइ.एम.ई. बैङ्क लिमिटेड | - | ९८,८९३ | (९८,८९३) |
| जनता बैङ्क नेपाल लिमिटेड (हाल ग्लोबल आइ.एम.ई. बैङ्क लिमिटेड) संस्थापक सेयर | - | ४,८४,७९८ | (४,८४,७९८) |
| नेपाल इन्भेष्टमेन्ट बैङ्क लिमिटेड संस्थापक सेयर | १२,३८,०४२ | १४,६४,०८२ | (२,२६,०४०) |

## १६. बीमालेखको धितोमा प्रवाह भएको कर्जाको विवरण उपलब्ध नभएको

बीमालेखको धितोमा प्रवाह भएका कर्जा मौज्दात रु.१ अर्ब ९० करोड ४० लाख ५३ हजार (गत वर्ष रु.१ अर्ब ४७ करोड ७८ लाख ७७ हजार) को कर्जा प्रवाह मिति, कर्जा रकम के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम असुल गर्न बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज लिन बाँकी छ भन्ने विस्तृत विवरण उपलब्ध छैन।

## १७. अग्रिम आयकरको विवरण उपलब्ध नभएको र खर्च कट्टी आयकर ऐन, २०५८ अनुसार नभएको

कम्पनीले वित्तीय स्थिति विवरणमा देखाएको अग्रिम आयकर मौज्दात रु.४ अर्ब ४२ करोड ३० लाख ४४ हजार (गत वर्ष रु.४ अर्ब ८ करोड ९२ लाख ३७ हजार) को विस्तृत विवरण उपलब्ध छैन।

आयकर ऐन, २०५८ अनुसार वास्तविक खर्च मात्र करयोग्य खर्चको रुपमा कटौती गर्न पाइन्छ। उपदान जस्ता व्यवस्था खर्चको हकमा वास्तविक रूपमा भुक्तानी नगरेसम्म कटौती योग्य हुने छैनन्। कम्पनीले २०७५।७६ को लागि आयकर गणना गर्दा रु.१ करोड ५० लाख रुपैयाँको उपदान व्यवस्थाबापत करयोग्य खर्चको रुपमा कटौती गरेको छ। यद्यपि, वास्तविक उपदान खर्च कटौती गरिएको छैन। कम्पनीको लेखा प्रणालीबमोजिम २०७५।७६ मा उपदानबापत रु.५

करोड ७ लाख ४३ हजार रकम भुक्तनी भएको देखिएता पनि करयोग्य खर्चको रुपमा कटौती गरेको छैन। जसले करयोग्य खर्चको बढाई चढाई रुपमा कटौती हुन गई करयोग्य आय फरक आउने र कर परीक्षणको क्रममा सम्भावित कर जोखिम हुने हुन्छ।

## १८. अन्य सम्पत्ति

### १८.१. राष्ट्रिय बीमा कम्पनी लि. सँग पाउनुपर्ने हिसाब मिलान नगरेको

कम्पनीले वित्तीय स्थिति विवरणमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग पाउनुपर्ने देखाएको रु.२८ करोड ५७ लाख ८८ हजार (गत वर्ष रु.२७ करोड २४ लाख ७१ हजार रकमको समर्थन पत्र लिई मौज्दात यकिन गर्ने वा हिसाब भिडान गरेको छैन।

### १८.२. पुनर्बीमकसँगको लिन बाँकि रकम उचित मेलमिलाप बिनानै समायोजन गरिएको

कम्पनीले वित्तीय स्थिति विवरणमा देखाएको पुनर्बीमकबाट प्राप्त हुन बाँकी रकम रु.१ करोड ५६ लाख ९ हजार (गत वर्ष रु.१२ करोड ९४ लाख ८७ हजार) को विस्तृत विवरण उपलब्ध छैन। कम्पनीले यस आर्थिक वर्षमा लेखा प्रणालीमा देखिएको पुनर्बीमक - जनरल इन्स्योरेन्स कर्पोरेशन अफ इन्डियासँग लिनुपर्ने रकमलाई रु.१४ करोड ३५ लाख ५ हजारबाट घटाएर रु.१ करोड ५६ लाख ९ हजारमा समायोजन गरेको छ। यी समायोजनहरू कारोबार र लेनदेनहरूको उचित मेलमिलाप नगरी प्रत्यक्ष रूपमा जीवन बीमा कोषमा दाखिला गरिएको छ। समायोजनहरू प्रमाणित समर्थन कागजातहरूको सट्टा इमेल सञ्चारको आधारमा गरिएको देखिन्छ। यो अभ्यासले जीवन बीमा कोष, साथै कम्पनीको पुनर्बीमकहरूसँगको प्राप्य रकम गलत प्रस्तुत, भ्रामक वित्तीय प्रतिवेदन र नियामक गैर-अनुपालना हुन सक्छ।

## १९. अन्य वित्तीय सम्पत्ति

### १९.१. विविध आसामीको विवरण उपलब्ध नभएको

विविध आसामीअन्तर्गत उल्लेखित मौज्दात रु.७८ लाख ७४ हजार (गत वर्ष रु.७७ लाख २४ हजार) को कुन व्यक्तिबाट के बापत  कति वर्षदेखि रकम प्राप्त हुन बाँकी रहेको हो सो खुल्ने आयुगत विस्तृत विवरण उपलब्ध छैन र सम्बन्धित आसामीबाट समर्थन पत्र प्राप्त गरी वास्तविक अवस्था यकिन गरिएको छैन।

## २०. पेन्सन तथा उपदान व्यवस्थाको पर्याप्तता यकिन गर्ने आधार नभएको

पेन्सन तथा उपदान व्यवस्थाअन्तर्गत यस वर्षसम्म रु.८ करोड ९० लाख ८६ हजार (गत वर्ष रु.१२ करोड ४८ लाख २८ हजार) व्यवस्था रहेकोमा यस वर्ष मात्र गरेको छ भने रु.१ करोड ५० लाख (गत वर्ष रु.१ करोड ५० लाख) थप व्यवस्था गरेको छ। तर थप व्यवस्था रकम गणना गरेको आधार उपलब्ध नभएकोले कम्पनीको कर्मचारी नियमावली, २०५४ तथा सर्वमान्य लेखा सिद्धान्तअनुसार बीमाङ्कीय मूल्याङ्कन नगरेको कारण कर्मचारीलाई उपदान, निवृतिभरण, सञ्चित विदा, आदि दायित्व भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने आधार छैन।

## २१. बीमाङ्कीय करार दायित्व विवरण पुष्टि गर्ने आधार नरहेको

बीमाङ्कीय करार दायित्व शीर्षकअन्तर्गत यस वर्ष रु.२१ अर्ब ८२ करोड ६१ लाख ९० हजार (गत वर्ष रु.१५ अर्ब ८ करोड ७१ लाख ९२ हजार) मौज्दात रहेको छ। हामीलाई प्राप्त बीमाङ्कीय मूल्याङ्कनको लागि उपलब्ध गराइएको विवरणको यथार्थता पुष्टि गर्ने आधार छैन।

## २२. अग्रिम बीमा शुल्क यकिन गर्ने आधार नरहेको

यस वर्ष अन्य दायित्वअन्तर्गत रहेको अग्रिम बीमा शुल्क मौज्दात रु.६ करोड ६३ लाख २४ हजार (गत वर्ष रु.९३ करोड ३२ लाख ३४ हजार) रहेको छ। जसलाई पुष्टि गर्ने आधार तथा समर्थन कागजातहरू प्राप्त गरी मौज्दात यकिन गरिएको छैन।

## २३. पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी

२३.१ पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी शीर्षकअन्तर्गत गत वर्ष रु.४९ करोड २४ लाख ४९ हजार रहेकोमा यस वर्षको अन्त्यमा रु.१ करोड १७ लाख ४ हजार रहेको छ। भुक्तानी गर्न बाँकी रकममा कमी भएको रु.४८ करोड ७ लाख ४५ हजारलाई पुष्टि गर्ने पुनर्बीमा शुल्कको गणनाको आधार तथा कहिलेदेखि कति रकम भुक्तानी गर्न बाँकी रहेको हो सो देखिने विस्तृत विवरण उपलब्ध छैन र सम्बन्धित पुनर्बीमकबाट मौज्दात समर्थन पत्र प्राप्त गरी मौज्दात यकिन गरेको छैन। कम्पनीले यस आर्थिक वर्षमा लेखा प्रणालीमा देखिएको पुनर्बीमक - नेपाल पुनर्बीमा कम्पनी लिमिटेडलाई तिर्नुपर्ने रकम रु.५७ करोड १७ लाख ४२ हजारबाट घटाएर रु.१ करोड १७ लाख ४ हजारमा समायोजन गरेको छ। यी समायोजनहरू कारोबार र लेनदेनहरूको आधारमा उचित मेलमिलाप नगरी प्रत्यक्ष रूपमा जीवन बीमा कोषमा दाखिला गरिएको छ। समायोजनहरू प्रमाणित समर्थन कागजातहरूको सट्टा इमेल सञ्चारको आधारमा गरिएको देखिन्छ। यो अभ्यासले जीवन बीमा कोष, साथै कम्पनीको पुनर्बीमकलाई भुक्तानी योग्य रकम गलत प्रस्तुत, भ्रामक वित्तीय प्रतिवेदन र नियामक गैर-अनुपालना हुन सक्छ।

२३.२. पुनर्बीमा शुल्क रकमको गणना पुनर्बीमा सम्झौता अनुरूप गर्नुपर्नेमा सोअनुसार गणना गरेको पुष्टि गर्ने आधार छैन। बीमा शुल्क आम्दानीको १.२५ प्रतिशतले हुन आउने एकमुष्ट रकम रु.७ करोड ९२ लाख ९२ हजार (गत वर्ष रु.५ करोड ४६ हजार) खर्च व्यवस्था गरेको छ। साथै, पुनर्बीमा कमिसन आय गणना गरी लेखाङ्कन गरेको छैन।

## २४. अन्य दायित्वअन्तर्गतको बीमा सेवा शुल्कको विवरण उपलब्ध नभएको

बीमा सेवा शुल्कको विवरण उपलब्ध नभएको तथा गत वर्ष भुक्तानी गर्न बाँकी बीमा सेवा शुल्क रु.११ करोड ३६ लाख ५८ हजार रहेकोमा यस वर्ष रु.३ करोड ७४ लाख ४१ हजार (गत वर्ष रु.३ करोड ९५ लाख ३७ हजार) ले वृद्धि भई रु.१५ करोड १० लाख ९९ हजार मौज्दात रहेकोमा बीमा सेवा शुल्क वृद्धि गरेको गणनाको आधार तथा भुक्तानी गरिएको र गर्न बाँकी रहेको रकमको विस्तृत विवरण उपलब्ध छैन।

## २५. अन्य दायित्व अन्तर्गतको ग्लष्मभलतषष्भम म्भउयकष्त ब्अअयगलत को विवरण उपलब्ध नभएको

कम्पनीको लेखा प्रणालीमा २०७५।७६ मा रु.१४ करोड ७६ लाख ३९ हजार बराबरको रकम Unidentified Deposit Account मा राखेकोमा सो रकमको मार्फत् आएको हो खुल्ने विस्तृत विवरण छैन। कम्पनीले २०७५।७६ को वित्तीय विवरण तयार गर्ने क्रममा उक्त Unidentified Deposit Account लाई बैङ्क अनिश्चय (suspense) खातामार्फत् समायोजन गरी शून्य बनाएको छ। यसरी बैङ्क मौज्दातमा गरिएको समायोजन नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमान र लेखाको सर्वमान्य सिद्धान्त अनुरुप छैन।

## २६. अन्य वित्तीय दायित्व

### २६.१. अभिकर्तालाई दिन बाँकी रकमको विवरण उपलब्ध नभएको

कम्पनीले वित्तीय स्थिति विवरणमा अभिकर्तालाई दिन बाँकी हिसाबअन्तर्गत रु.७१ लाख २२ हजार (गत वर्ष रु.८३ लाख २४ हजार) मौज्दात उल्लेख गरेको भएता पनि व्यक्तिगत एवम् आयुगत विवरण उपलब्ध छैन।

### २६.२. विविध साहुको विवरण उपलब्ध नभएको

विविध साहुअन्तर्गत वित्तीय स्थिति विवरणमा देखाएको मौज्दात रु.१ करोड १० लाख ३४ हजार (गत वर्ष रु.७४ लाख ६२ हजार) को आयुगत विस्तृत विवरण उपलब्ध छैन र सम्बन्धित पार्टीबाट समर्थन पत्र प्राप्त गरी मौज्दात यकिन गरेको छैन।

## २७. बैङ्क मौज्दात विवरण र समायोजन

कम्पनीको नाममा कतिवटा बैङ्क खाताहरू सञ्चालनमा रहेको छ भन्ने पूर्ण विवरण उपलब्ध छैन। साथै, कम्पनीको लेखा प्रणालीअनुसार बैङ्क मौज्दात रु.५१ करोड ६८ लाख ५० हजार (गत वर्ष रु.१ अर्ब २१ करोड ९९ लाख ९२ हजार) रहेको र बैङ्क खाताहरूको मौज्दात पुष्टि गर्ने उपलब्ध बैङ्क मौज्दात समर्थन पत्रअनुसार बैङ्क मौज्दात रु.४७ करोड ६८ लाख ४ हजार मात्र रहेकोमा उक्त फरक रकमलाई बैङ्क अनिश्चय (suspense) खातामार्फत् समायोजन गरिएको छ। यसरी बैङ्क मौज्दातमा गरिएको समायोजन नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमान र लेखाको सर्वमान्य सिद्धान्त अनुरुप छैन।

## २८. भुक्तानी हुन बाँकी दाबीबापत व्यवस्था यकिन गर्ने आधार नभएको

भुक्तानी हुन बाँकी दाबी भुक्तानी रकमअन्तर्गत वित्तीय विवरणमा देखाएको रु.३९ करोड ७२ लाख ४५ हजार (गत वर्ष रु.३२ करोड ३० लाख ९४ हजार) को विस्तृत विवरण उपलब्ध नभएकोले भुक्तानी हुन बाँकी दाबीबापतको व्यवस्था रकम पर्याप्त भए नभएको यकिन गर्ने आधार छैन।

## २९. बीमा कारोवारसम्बन्धी आम्दानी तथा खर्चहरू पूर्ण रुपमा यकिन गर्न नसकिएको

**२९.१** बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) द्वारा जारी गरिएको जीवन बीमा व्यवसाय गर्ने बीमकको वित्तीय विवरणसम्बन्धी निर्देशन, २०६७ को बुँदा नं. ८ अनुसार, बीमकले बीमा शुल्कको आम्दानी नगद प्राप्तिको आधारमा जनाउनुपर्ने भनी उल्लेख गरेकोमा कम्पनीले बीमितले बीमा शूल्क बैङ्क खातामा जम्मा गरेको डिपोजिट स्लिप आफ्नो काउण्टरमा पेस गरी रसिद काटेपछि मात्र आम्दानी जनाउने प्रचलन रहेको र कतिपय बैङ्कको हिसाब मिलान नभई ठूलो रकम हिसाब मिलान हुन बाँकी रहेको अवस्थामा बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) ले तोकेबमोजिम वास्तविक बीमा आम्दानी लेखाङ्कन भएको छ भन्ने आधार छैन।

२९.२. जोखिमाङ्कन (Underwriting) गरिएका बीमालेखहरूको बीमा शुल्क आम्दानीको हकमा वित्तीय विवरणअनुसार रु.६ अर्ब ३४ करोड ३३ लाख ८९ हजार (गत वर्ष रु.४ अर्ब ३७ लाख १४ हजार) मौज्दात रहेको तर जोखिमाङ्कन शाखाबाट विवरण उपलब्ध नगराएको कारण सो लाई पुष्टि गर्ने सम्बन्धित बीमालेखसहितको विस्तृत विवरण यकिन गरेको छैन।

२९.३. नाफा/नोक्सान विवरणमा दावी भुक्तानी खर्च शीर्षकअन्तर्गत रु.२ अर्ब ७० करोड ४५ लाख ७० हजार (गत वर्ष रु.३ अर्ब १० करोड ७९ लाख ६८ हजार) लेखाङ्कन गरेको भएता पनि कम्पनीको दाबी भुक्तानीको निमित्त अभिलेख राखिने दाबी भुक्तानी रजिष्टरमा प्रविष्ट गरेको रकमको विवरण उपलब्ध नगराएको कारण सो लाई पुष्टि गर्ने सम्बन्धित बीमालेखसहितको विस्तृत विवरण यकिन गरेको छैन।

२९.४. अभिकर्ता कमिशन खर्चबापत वित्तीय विवरणमा रु.१३ करोड ९६ लाख ११ हजार (गत वर्ष रु.१३ करोड ८१ लाख ५ हजार) मौज्दात प्रस्तुत गरेको तर कम्पनीले अभिकर्ता कमिशन रजिष्टरमा प्रविष्ट गरेको रकमको विवरण उपलब्ध नगराएको कारण सो लाई पुष्टि गर्ने सम्बन्धित बीमालेखसहितको विस्तृत विवरण यकिन गरेको छैन।

२९.५. कम्पनीको नियमानुसार प्रथम वर्षको बीमा गर्दा बीमितको स्वास्थ्य परीक्षण गरेबापतको खर्च रु.३९ लाख ८ हजार (गत वर्ष रु.३६ लाख ६६ हजार) लेखाङ्कन गरेको भएता पनि सो लाई पुष्टि गर्ने सम्बन्धित बीमालेखसहितको विस्तृत विवरण उपलब्ध छैन।

## ३०. लगानी, कर्जा तथा अन्यबाट प्राप्त आयको विस्तृत विवरण नभएको

३०.१. कम्पनीले यस आर्थिक वर्षसम्म सेयर तथा म्युचुअल फण्डमा रु. ७ अर्ब ३२ करोड ४२ लाख ७९ हजार (गत वर्ष रु.५ अर्ब ७९ करोड ७ लाख २० हजार) लगानी गरेबाट रु.६ करोड ८१ लाख ३४ हजार (गत वर्ष रु.७

करोड ८ लाख ६७ हजार) आम्दानी लेखाङ्कन गरेको भएता पनि कुन लगानीबाट कुन अवधिको कति रकम आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन।

३०.२. बैङ्क तथा वित्तीय संस्थामा खोलिएको "कल" खाताबाट भएको ब्याज आम्दानीबापत रु. ३ करोड ९१ लाख ५८ हजार (गत वर्ष रु.७ करोड ६३ लाख ६५ हजार) आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त खाताहरूबाट प्राप्त भएको ब्याज आम्दानी रकमसहितको विस्तृत विवरण उपलब्ध छैन।

३०.३. अन्य आय विविध शीर्षकअन्तर्गत रु.३२ लाख १४ हजार (गत वर्ष रु.३७ लाख ५१ हजार) आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त आम्दानी के बापत आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन।

३०.४. बीमालेखको धितोमा दिइएको कर्जाबाट प्राप्त ब्याज आम्दानी (आय) शीर्षकअन्तर्गत रु.११ करोड ५३ लाख ३९ हजार (गत वर्ष रु.१३ करोड ८४ लाख ४३ हजार) लेखाङ्कन गरेको भएता पनि कुन बीमालेखको धितोमा कर्जा प्रवाह भएको हो, प्राप्त हुनुपर्ने ब्याज कति हो, सोमध्ये कति ब्याज प्राप्त भएको हो र प्राप्त हुन बाँकी ब्याज कति छ खुल्ने विस्तृत विवरण उपलब्ध छैन।

३०.५. अन्य प्रत्यक्ष आम्दानी शीर्षकअन्तर्गत रु.२ करोड ३६ हजार (गत वर्ष रु.१ करोड ७५ लाख ९० हजार) बीमा शूल्क ढिलो प्राप्त भएबापतको ब्याज आम्दानीबापत लेखाङ्कन गरिएको भएता पनि उक्त रकम कुन बीमितबाट कति समयको ब्याज स्वरूप प्राप्त भएको हो खुल्ने विस्तृत विवरण उपलब्ध छैन।

## ३१. गत विगत वर्षको लेखापरीक्षण कैफियतहरू सम्बोधन नगरेको

२०७४।७५ सम्मको लेखापरीक्षण प्रतिवेदनमा कैफियत जनाइएका वित्तीय विवरणमा गहन असर पर्ने विषयहरूको विवरण तयार नगरेको र त्यस्ता रकमहरू २०७५।७६ को वित्तीय विवरणमा समायोजन वा हिसाब मिलान नगरेको कारण त्यस्ता रकमहरूले २०७५।७६ को वित्तीय विवरणमा के कस्तो असर परेको छ भन्ने यकिन गर्न सकिने अवस्था छैन।

## ३२. २०७५।७६ पश्चातका आर्थिक वर्षहरूको हिसाब अद्यावधिक नभएको

कम्पनीको २०७५।७६ पछिको लेखा, हिसाबकिताब तथा वित्तीय विवरण तयारी कार्य सम्पन्न भई नसकेको तथा २०७५।७६ को के कति रकम पछिल्ला वर्षहरूमा समायोजन गरेको विवरण तयार नगरेको कारण हामीले २०७५।७६ मा उल्लेखित रकमहरूको हालसम्मको अवस्था र प्रतिवेदन अवधिपश्चात् घटेका घट्ना एवम् कारोवारहरूको समिक्षा गर्न सकिने अवस्था छैन।

## ३३. सम्बन्धित कानूनी नियमनकारी तथा लेखामानका व्यवस्थाहरुको पालना नगरेको

### ३३.१. बीमा व्यवसाय इजाजत पत्र नवीकरण नगरी व्यवसाय सञ्चालनमा रहेको

तत्कालिन बीमा ऐन, २०४९ दफा ११ अनुसार बीमकले आफ्नो दर्ताको प्रमाणपत्रको नवीकरणको लागि प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) को कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था रहेको छ। तथापी कम्पनीले २०७५।७६ को बीमा व्यवसाय प्रमाणपत्र २०८०।८।१५ मा मात्र नवीकरण गरेको पाइयो।

### ३३.२. बीमा ऐन, २०४९ बमोजिम चुक्ता पुँजी कायम नभएको

कम्पनीले तत्कालिन बीमा ऐन, २०४९ को दफा १२(ख) अनुरुप कम्तिमा रु.२ अर्ब ५० करोड चुक्ता पुँजी कायम गरेको हुनुपर्नेमा २०७५।७६ मा रु.१२ करोड ९३ लाख (गत वर्ष रु.१२ करोड ९३ लाख) मात्र चुक्ता पुँजी कायम रहेकोले सम्बन्धित ऐनको पालना भएको छैन।

**३३.३.** सेवा शुल्क समय समयमा बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) मा दाखिला नगरेका कम्पनीले बीमा ऐन, २०४९ को दफा ३६ तथा ४० अनुरुप बीमा शुल्कको १ प्रतिशत सेवा शुल्क बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) मा प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्नेमा यस आर्थिक वर्षको सेवा शुल्क रु.६ करोड २६ लाख ४१ हजारसहित विगत वर्षहरूको वक्यौता गरी रु.१५ करोड १० लाख ९९ हजार सेवा शुल्क समयमा नबुझाएकोले सम्बन्धित ऐनको पालना भएको छैन।

**३३.४. लगानी एअरमार्क गर्ने व्यवस्था पालना नभएको**

कम्पनीले बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) को परिपत्र नं. ३० अनुसार लगानी एअरमार्क गर्नुपर्ने व्यवस्था पालना गरेको छैन।

**३३.५. सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण नगरेको**

आयकर ऐन, २०५८ को दफा २७ बमोजिम सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण गरी कर्मचारीको आयमा कर गणना गर्दा समावेश गर्ने नगरेकोले आयकर ऐनअनुसार पारिश्रमिक अग्रिम आयकर कट्टि भएको छैन।

## ३४. लेखा प्रणाली जोखिमपूर्ण रहेको

कम्पनीको दैनिक कार्य सम्पादन (जस्तैः बीमा शुल्क आम्दानीको विवरण, दाबी भुक्तानीको विवरण, कमिशन खर्चको विवरण) का निमित्त आफैंले विकास गरेको सफ्ट्वेयर विगत २३ वर्षदेखि प्रयोगमा रहेको तर उक्त सफ्टवेयर Microsoft Windows 98 मा मात्र सञ्चालन गर्न मिल्ने, साथै सफ्ट्वेयरको Graphical User Interface, GUI समेत विकास नगरेकोले आवश्यक प्रतिवेदनहरु हेर्न कोडको प्रयोग गर्नुपर्ने कारणले आवश्यक प्रतिवेदन कम्प्युटर शाखाबाहेक अन्य शाखाबाट निकाल्न नसक्दा कम्पनीको प्रयोग गरेको सफ्ट्वेयरको उपयोगिता तथा प्रभावकारिता एकदमै न्यून रहेको छ।

सफ्ट्वेयरको सम्पूर्ण जिम्मेवारी कम्पनीमा करारमा रहेका एक कर्मचारीमा मात्र निहित रहनु, उक्त कर्मचारीबाहेक अन्य कसैले पनि आवश्यक प्रतिवेदन, ब्याकअप राख्न नसक्नु र नगरिनु, ब्याकअप व्यवस्थापनका लागि आवश्यक ठोस कार्यहरु जस्तै, ब्याकअपको लग नराखिनु, डाटा रिकभरीसम्बन्धी कुनै किसिमको लिखित योजना नहुनु, आदिले कम्पनीको कम्प्युटराइज्ड लेखा तथा नियमित कार्य सम्पादन प्रणाली एकदमै जोखिमयुक्त रहेको छ। साथै, २०७५।७६ मा, कम्पनीद्वारा प्रयोग गरिएको लेखा सफ्ट्वेयर (HARATI) मा गडबढी भई तथ्याङ्कहरु हराएको र पछि उक्त तथ्याङ्कहरु पहिले नै तयार गरिएको भौचरबाट व्यवस्थापनले सफ्ट्वेयरमा प्रविष्ट गरेको थियो, जसले गर्दा उक्त तथ्याङ्कहरुको विश्वसनीयतामा प्रश्न उठेको छ।

## ३५. आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको

लेखासँग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित रूपमा नराख्नु, कारोबार भएकै समयमा क्रमबद्ध रुपमा भौचरहरू पोष्टिङ्ग नगर्नु, भौचरहरू कारोबार पुष्टि गर्ने समुचित कागजातबिना एवम् आधिकारिक व्यक्तिबाट प्रमाणित नगरी वित्तीय विवरणमा समायोजन गर्नु, बैङ्क खाता जस्तो हिसाब नियमित तबरले भिडान नगर्नु र लामो समयदेखि वक्यौता रहेका रकमहरूको हिसाब मिलान एवम् समायोजन नगर्नु, पुनर्बीमकको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु, आदि कारणले विद्यमान आन्तरिक नियन्त्रण प्रणाली अत्यन्तै कमजोर भई वित्तीय विवरणमा उल्लेखित रकमहरूको औचितता एवम् वास्तविक अवस्था यकिन गर्न सकिने अवस्था छैन।

बैङ्क हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनुपर्ने तथा दिनुपर्ने, आम्दानी तथा खर्च तथा दायित्व हिसाबका सहायक खाताहरू अद्यावधिक गर्ने नगरेको, बजेट तथा वास्तविक आम्दानी खर्चको भिन्नता परीक्षण नगरेको र गोश्वारा हिसाबले देखाएको मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरू तयार गर्ने परिपाटिका कारण वित्तीय विवरणहरूको विश्वसनीयतामा प्रश्न चिन्ह खडा भएको छ। साथै, कम्पनीले प्रमुख लेखानीतिहरू र अन्य लेखासम्बन्धी व्याख्यात्मक

टिप्पणीहरूमा वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्वहरू, आम्दानी तथा खर्चहरूको गणना तथा लेखाङ्कनसँग सम्बन्धित नीति तथा अवधारणाको उचित रूपमा खुलासा (Adequate Disclosure) गर्ने गरेको छैन।

हाम्रो परीक्षणका क्रममा ज्ञात हुन आएका आन्तरिक नियन्त्रण प्रणालीका कमजोरीका विषयहरू हामीले छुट्टै जारी गरेको प्रारम्भिक लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरेका छौं।

माथि उल्लेखित मामिलाहरूको नतिजाका कारण हामी वित्तीय स्थिति विवरण (Statement of Financial Position), सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान विवरण (Statement of Profit or Loss), अन्य समग्र आम्दानी विवरण (Statement of Other Comprehensive Income), नगद प्रवाह विवरण (Statement of Cash Flow), इक्विटीमा परिवर्तनको विवरण (Statement of Changes in Equity) वितरण योग्य नाफा/नोक्सान विवरण (Statement of Distributable Profit or Loss) र महत्वपूर्ण लेखानीतिहरूको सारांशसहितको वित्तीय टिप्पणीहरू रेकर्ड गरिएको वा रेकर्ड नगरिएका रकमहरूको विस्तृत विवरण उपलब्ध नभएका कारण के कस्तो समायोजन आवश्यक हुन सक्छ सो निर्धारण गर्न असमर्थ छौं।

वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय व्यवस्था वहन गर्ने अख्तियारीको उत्तरदायित्व, प्रचलित कानून तथा लेखा सिद्धान्त अनुरूप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्वअन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, सोको कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन गर्ने कार्य र लेखानीतिहरूको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरणहरू तयार गर्दा कम्पनीको अविच्छिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविच्छिन्नतासँग सम्बन्धित जानकारीहरू खुलासा गर्ने दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ।

कम्पनीको वित्तीय प्रतिवेदन प्रक्रियासम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा रहेको हुन्छ।

वित्तीय विवरण प्रति लेखापरीक्षकको जिम्मेवारी नेपाल लेखापरीक्षणमानअनुसार कम्पनीको वित्तीय विवरणहरूको लेखापरीक्षण गर्ने र लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने जिम्मेवारी हाम्रो दायित्व हो।

यद्यपि, हाम्रो प्रतिवेदनको राय अस्वीकरणको आधार अनुच्छेदमा वर्णन गरिएका कुराहरूको कारणले गर्दा, हामीले संलग्न वित्तीय विवरणहरूमा लेखापरीक्षण राय स्थापित गर्ने आधार प्रदान गर्न पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौं।

वित्तीय विवरणहरूको लेखापरीक्षणसँग सम्बन्धित नेपालमा प्रचलित सान्दर्भिक नैतिक आवश्यकताहरू अनुसार हामी कम्पनीबाट स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरू अनुरूप हाम्रा अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेका छौं।

**अन्य कानूनी तथा नियामक व्यवस्थाहरूको परिपालना**

लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरणहरू उपलब्ध गराइएको।

- कम्पनी ऐन, २०६३ अनुरुप कम्पनीले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको पाइएन। यस सम्बन्धी विवरणहरू अघिल्ला अनुच्छेदहरूमा उल्लेख गरिएको छ,

- लेखापरीक्षणका लागि प्राप्त भएको वित्तीय विवरणहरु प्रचलित कानूनबमोजिम निर्धारण गरिएको लेखामान अनुरूप नभएको र त्यस्ता विवरणहरू कम्पनीले राखेको लेखासँग दुरूस्त नरहेको। यस सम्बन्धी विवरणहरू अघिल्ला अनुच्छेदहरूमा उल्लेख गरिएको छ,
- लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरूको आधारमा लेखापरीक्षकको रायसाथ प्रस्तुत वित्तीय स्थिति विवरणले कम्पनीको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा/नोक्सानी विवरण र नगद प्रवाह विवरणले क्रमशः कम्पनीको नाफा/नोक्सान र नगद प्रवाहको समुचित चित्रण गरेको यकिन गर्न नसकिएको,
- सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानून विरुद्ध काम काज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरे वा गराएको व्यहोरा लेखापरीक्षणका क्रममा हाम्रो जानकारीमा आएन,
- कम्पनीमा लेखासम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा लेखापरीक्षणका क्रममा हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।७।१६ मा पेश गरेका छन्।**

# राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड (२०७४।७५)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### रायको अस्वीकरण

हामीले राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड (तत्कालिन राष्ट्रिय बीमा संस्थान) यसपश्चात कम्पनी भनिएको को वित्तीय विवरणहरू लेखापरीक्षण गर्न अनुबन्ध भएका थियौं, जसमा २०७५ आषाढ ३२ गतेको वासलात, सोहि मितिमा समाप्त आर्थिक बर्षको नाफा/नोक्सान हिसाब, एकीकृत आयव्यय हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा परिवर्तनको विवरण र महत्वपूर्ण लेखानीतिहरूको सारांशसहितको वित्तीय टिप्पणीहरू समावेश छन्।

हाम्रो यसै प्रतिवेदनको राय अस्वीकरणको आधार अनुच्छेदमा वर्णन गरिएका गम्भिर विषयहरूका कारण वित्तीय विवरण उपर लेखापरीक्षण राय स्थापित गर्ने आधारका रूपमा पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न नसकेको कारण हामीले कम्पनीको यसैसाथ संलग्न वित्तीय विवरणहरूमा कुनै राय व्यक्त गरेका छैनौं।

### राय अस्वीकरणको आधार

हामीले कम्पनीको २०७४।७५ को लेखासम्बन्धी अभिलेखको परीक्षण र उच्च तह तथा व्यवस्थापकीय कर्मचारीहरूसँग गरेको छलफलको आधारमा वित्तीय विवरणमा सारभूत रूपमा असर गर्ने निम्न लिखित बुँदाहरूमा लेखापरीक्षण राय स्थापित गर्न चाहिने पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौं:

१. यस वर्ष कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमानअनुसार पहिलो पटक आफ्नो वित्तीय प्रतिवेदनहरू तयार गरेको हो। नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको ढाँचामा वित्तीय प्रतिवेदन प्रस्तुतीकरण गरेता पनि सम्बन्धित नेपाल वित्तीय प्रतिवेदनमानका व्यवस्थाहरूको पूर्ण पालना गरेको आश्वस्तता प्राप्त गर्न सकिएन। यसै प्रतिवेदनमा अन्यत्र उल्लेखित सर्वमान्य लेखा सिद्धान्त विपरीत लेखाङ्कन गरिएका विषयवस्तुका अतिरिक्त निम्नानुसारको कारोवारमा गरिएका लेखाङ्कनसमेत सम्बन्धित नेपाल वित्तीय प्रतिवेदनमानअनुसार भएको छैन र सोको असरका बारेमा लेखासम्बन्धी व्याख्यात्मक टिप्पणीमा पर्याप्त खुलासा गरेको छैन।

| नेपाल वित्तीय प्रतिवेदनमान | नेपाल वित्तीय प्रतिवेदनमानअनुसार हुनुपर्ने | जीवन बीमा कम्पनीले अवलम्बन गरेको |
|---|---|---|
| लेखाको अवधारणात्मक आधारशीला | सम्पत्ति भनेको विगतका घटनाहरूको परिणामस्वरूप कम्पनीद्वारा नियन्त्रित वर्तमान आर्थिक स्रोत हो जसबाट भविष्यमा आर्थिक लाभ प्राप्त गर्ने सुनिश्चितता रहेको हुन्छ। | अन्य सम्पत्तिअन्तर्गत डेफर्ड खर्च शीर्षकमा रु.९९ लाख ७४ हजार प्रस्तुतिकरण गरिएको छ जसलाई सम्पत्ति शीर्षकमा लेखाङ्कन गर्न मिल्दैन। |
| नेपाल लेखामान ८ लेखानीतिहरू, लेखा अनुमानमा परिवर्तनहरू र त्रुटिहरू | कम्पनीले अघिल्लो अवधिको महत्त्वपूर्ण त्रुटिहरू पत्ता लागेपछि पहिलो पटक प्रकाशनका लागि स्वीकृत वित्तीय विवरणमा त्यस्ता त्रुटिहरूलाई निम्न तरिकाले पश्चात् सुधार गर्नुपर्दछः<br>(क) त्रुटि भएको अघिल्लो अवधिको प्रस्तुत गरिएका तुलना तथ्याङ्कहरूलाई पुनः प्रस्तुतीकरण (restatement) गर्ने, वा<br>(ख) यदि त्रुटि सबैभन्दा प्रारम्भिक प्रस्तुत गरिएको अघिल्लो अवधिभन्दा पहिला भएको हो भने, सबैभन्दा प्रारम्भिक प्रस्तुत गरिएको अघिल्लो अवधिको सम्पत्ति, दायित्व र स्वामित्व (पुँजी) को प्रारम्भिक मौज्दातहरूलाई पुनः प्रस्तुतीकरण गर्ने। | अघिल्लो अवधिको त्रुटिहरू समायोजन भनी गरिएका निम्न कारोवारहरूलाई चालु आर्थिक वर्षकै कारोवार सरह आम्दानी वा खर्च लेखाङ्कन गरिएको छ। नमूना परीक्षणका आधारमा पत्ता लागेका उदाहरणहरूः<br>(क) विभिन्न शीर्षकहरूमा आय रु.८ करोड १५ लाख २५ हजार,<br>(ख) विभिन्न शीर्षकहरूमा खर्च रु.१ करोड ७४ लाख ९७ हजार,<br>(ग) विभिन्न शीर्षकहरूमा सम्पत्ति रु.६ करोड ३५ लाख ८९ हजार र<br>(घ) विभिन्न शीर्षकहरूमा दायित्व रु.४ लाख ३९ हजार समायोजन गरिएको। |

| | | |
|---|---|---|
| | | यसरी समायोजन गरेका रकमहरूको पूर्ण विवरण र पुष्टि गर्ने आधारहरू उपलब्ध नभएकोले यसबाट पर्न सक्ने असर यकिन गर्न सकिने अवस्था छैन। |
| नेपाल वित्तीय प्रतिवेदनमान ९ वित्तीय साधनहरू | FVTOCI/AC मा मापन गरिएका वित्तीय साधनहरूको लेनदेन खर्चहरू (Transactions cost) वित्तीय साधनहरूको मुल्यमा समायोजन गर्नुपर्दछ।<br>AC मा मापन गरिएका वित्तीय साधनहरुको आय लेखाङ्कन गर्दा प्रभावकारी व्याजदर विधि प्रयोग गरेर गर्नुपर्दछ। वित्तीय साधनहरुको मापन उचित मुल्यमा गर्नुपर्दछ। | लेखा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदनमानको मापदण्ड उल्लेख गरिएता पनि सम्बन्धित वित्तीय साधनहरूको शुरूमा लेखाङ्कन गर्दा लेनदन खर्चहरू समावेश गरी लेखाङ्कन गरेको छैन।<br>साथै, मानअनुसार वित्तीय साधनहरूको प्रकृतिअनुसार आय लेखाङ्कन गरिएको छैन। नेप्सेमा सूचिकृत संस्थामा गरिएको सेयर लगानीबाहेक अन्य वित्तीय साधनहरूको मापन परल मुल्यमा नै गरिएको छ। |
| नेपाल लेखामान १९ कर्मचारी लाभ | भविष्यमा भुक्तानी गरिने लाभसहित कर्मचारीले सेवा प्रदान गरेको खण्डमा कम्पनीले दायित्व लेखाङ्कन गर्नुपर्दछ। साथै, परिभाषित लाभ योजनाको लागि बीमाङ्कीय मूल्याङ्कन गरी दीर्घकालीन दायित्व यकिन गर्नुपर्दछ। | बीमाङ्कीय मूल्याङ्कन नगरी हचुवाको भरमा यस वर्ष पेन्सन तथा उपदानबापत रु.१ करोड ५० लाख व्यवस्था थप गरिएको छ। |
| नेपाल लेखामान ३७ व्यवस्था, सम्भावित दायित्व तथा सम्भावित सम्पत्ति | प्रतिवेदनको समयमा प्रत्येक व्यवस्था एवम् सम्भावित दायित्वको पुनरावलोकन गरी आवश्यकताअनुसार रकम समायोजन गर्नुपर्दछ। | कम्पनीले वित्तीय विवरणमा उल्लेखित व्यवस्थाहरूको पुनरावलोकन गरी समायोजन गर्ने गरेको छैन। साथै, सम्भावित दायित्वको वर्तमान अवस्था यकिन गरेको छैन। आर्थिक वर्ष ..... सम्मको २०७५।३।३२ मा राजश्व कार्यालयले कर निर्धारण गरी आयकरबापत थप माग गरेको रु.९ करोड ३७ लाख १६ हजार तथा मुल्य अभिवृद्धि करबापत थप माग गरेको रु.९७ लाख ५८ हजारका सम्बन्धमा प्रशासनिक समिक्षा आवेदन पेस गरिएकोमा हालसम्म सोको सुनुवाई नभएको भएता पनि वित्तीय विवरणमा सो बापत व्यवस्था नगरेको र तत्सम्बन्धी खुलासासमेत गरेको छैन। |
| नेपाल लेखामान ३८ अमूर्त सम्पत्ति | अमूर्त सम्पत्तिहरूलाई छुट्टै लेखाङ्कन तथा प्रस्तुतीकरण गर्नुपर्दछ। | सफ्ट्वेयर जस्ता अमूर्त सम्पत्तिलाई कार्यालय सम्पत्तिअन्तर्गत देखाइएको छ। |
| नेपाल वित्तीय प्रतिवेदनमान ४ बीमा अनुबन्ध (करार) | बीमाकर्ताको बीमा दायित्व पर्याप्त छ भनी हरेक प्रतिवेदन समयमा यकिन गर्नुपर्दछ। | कम्पनीले तत्कालीन अवस्थामा अवलम्बन गरिएको नीति अनुरुप २०७०।७१ देखि २०७२।७३ सम्मको जीवन बीमा कोषको बीमाङ्कीय मूल्याङ्कन गरी २०८१।५।१७ मा नेपाल बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त गरेको र सो बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनअनुसार बीमाङ्कीय दायित्वभन्दा जीवन बीमा कोष बढी रहेको गणना विवरण समावेश रहेता पनि बीमा प्राधिकरणको निर्देशनमा पोलिसी होल्डर कोषमा नै राखिएको छ। २०७३।७४ र २०७४।७५ को बीमाङ्कीय मूल्याङ्कन गरिएको छैन। |

| | | |
|---|---|---|
| नेपाल वित्तीय प्रतिवेदनमान १४ उचित मुल्य मापन | कम्पनीले आफ्नो वित्तीय विवरणका प्रयोगकर्ताहरूलाई निम्न दुबै कुराहरूको मूल्याङ्कन गर्न मद्दत गर्ने जानकारी खुलासा गर्नेछः<br>(क) प्रारम्भिक मान्यतापछि वित्तीय स्थितिको विवरणमा आवर्ती वा गैर-आवर्ती आधारमा उचित मुल्यमा मापन गरिएका सम्पत्ति र दायित्वहरूको लागि, ती मापनहरू विकास गर्न प्रयोग गरिएका मूल्याङ्कन प्रविधिहरू र इन्पुटहरू।<br>(ख) महत्त्वपूर्ण अवलोकन गर्न नसकिने इन्पुटहरू (स्तर ३) प्रयोग गरेर पुनरावर्ती उचित मुल्य मापनको लागि, अवधिको लागि नाफा वा नोक्सान वा अन्य व्यापक आयमा मापनको प्रभाव। | उचित मुल्य मापनअनुसारको सम्पत्तिको मुल्य तथा सोको गणनाबाट नाफा/नोक्सानमा के कति समायोजन गर्नुपर्दछ भन्ने यकिन नगरिएको र सो सम्बन्धमा लेखासम्बन्धी टिप्पणीमा पर्याप्त खुलासा गरिएको छैन। |

## २. वित्तीय विवरण कम्पनीले राखेको लेखासँग दुरुस्त नरहेको

लेखापरीक्षणका लागि उपलब्ध गराएको वित्तीय विवरण र कम्पनीले राखेको लेखामा निम्नानुसारको फरक रहेको तर के कस्तो समायोजनका गर्नुपर्ने हो सो सम्बन्धी विस्तृत सूचना तथा विवरणहरू उपलब्ध हुन सकेन।

क) कम्पनीले प्रयोग गरेको लेखाप्रणालीमा लेखापरीक्षणपश्चात् कायम रहेको मौज्दातअनुसार लेखा अद्यावधिक गर्नुपर्नेमा सो नगरी वित्तीय विवरणमा नै सोझै गत वर्षको लेखापरीक्षण भएको मौज्दात अ.ल्या. गरी चालु आर्थिक वर्षको वित्तीय विवरण बनाउने गरेको छ। जसले गर्दा २०७३।७४ को परिष्कृत वित्तीय विवरणअनुसारको मौज्दात र लेखा प्रणालीमा प्रवृष्टि गरेको रकममा निम्नानुसारको भिन्नता रहेको छः

| विवरण | लेखा प्रणालीमा प्रविष्टि गरिएको अ.ल्या. रु. | लेखापरीक्षण गरिएको वित्तीय विवरणको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| सम्पत्ती | १८,३४,९८,५९,४९८।४४ | १८,३३,१३,०९,१४०।७७ | १,८५,५०,३५७।६६ |
| इक्विटि तथा दायित्व | (१८,६१,८३,८५,७०१।३६) | (१८,३३,१३,०९,१४०।७७) | (२८,७०,७६,५६०।५९) |
| कुल जम्मा | (२६,८५,२६,२०२।९२) | | (२६,८५,२६,२०२।९३) |

ख) २०७४।७५ हकमा कम्पनीले प्रयोग गरेको लेखा प्रणालीअनुसारको मौज्दात र लेखापरीक्षणका लागि उपलब्ध वित्तीय विवरणमा निम्नानुसारको फरक रहेको छ।

| विवरण | लेखा प्रणाली अनुसारको मौज्दात रु. | लेखापरीक्षणका लागि उपलब्ध वित्तीय विवरण अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| **सम्पत्ति** | २४,१७,४५,६१,१७६।२६ | २१,६३,३१,९१,७२७।३७ | २,५४,१३,६९,४४८।८९ |
| नगद मौज्दात | १,७२,०१,९६,७९९।७७ | १,२१,९९,९२,१८३।९१ | ५०,०२,०४,६१५।८६ |
| चालु कर सम्पत्ति | ४,०८,९२,२४,४५४।८२ | १,११,९८,०५,३८७।७५ | २,९६,९४,१९,०६७।०७ |
| लगानी | १३,६९,३७,६४,४३९।२५ | १४,२५,९९,४४,७४२।४५ | (५६,६१,८०,३०३।२०) |
| कर्जा | ४,४५,९७,८४,३११।१५ | ४,५६,१७,७४,०३३।१२ | (१०,१९,८९,७२१।९७) |
| अन्य सम्पत्ति | १५,१८,१८,४१३।४० | ४१,१९,३१,५०४।१५ | (२६,०१,१३,०९०।७५) |
| अन्य वित्तीय सम्पत्ति | ३,८६,७९,३१५।८७ | ३,८६,५०,४३३।०३ | २८,८८२।८४ |
| स्थिर सम्पत्ति (खुद) | २,१०,९३,४४२।०० | २,१०,९३,४४२।९६ | (०।९६) |
| **इक्विटि तथा दायित्व** | (१८,८२,०१,२५,५८१।०४) | (२१,२३,२२,५१,५४१।२६) | २,४१,२१,२५,९६०।२२ |
| महा विपत्ती जगेडा | (८७,४९,६७९।३६) | (६,३१,१८,२५८।३९) | ५,४३,६८,५७९।०३ |
| बीमाङ्कीय करार दायित्व | (१४,५८,०६,६९,२३०।१५) | (१५,०८,७१,९२,४७४।३३) | ५०,६५,२३,२४४।१८ |

| | | | |
|---|---|---|---|
| पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी | (३७,७८,८६,१८०।८८) | (४९,२४,४९,३३९।४७) | ११,४५,६३,१५८।५९ |
| अन्य इक्विटि | (३,१८,८६,२८,७००।५०) | (२,८९,९३,५९,६६०।०७) | (२८,९२,६९,०४०।४३) |
| अन्य वित्तीय दायित्व | २,०८,०९,३२९।०६ | (८,२८,१७,४३६।७८) | १०,३६,२६,७६५।८४ |
| अन्य दायित्व | (१५,९१,९७,६८७।६३) | (१,०६,५०,५७,०७२।३१) | ९०,५८,५९,३८४।६८ |
| व्यवस्थाहरु | (१९,६८,२०,७१९।३९) | (२५,०४,५३,३८७।३४) | ५,३६,३२,६६७।९५ |
| सञ्चित नाफा | (१९,९६,८२,७१२।१९) | (१,१६,२५,०३,९१२।५६) | ९६,२८,२१,२००।३७ |
| सेयर पुँजी | (१२,९३,००,०००।००) | (१२,९३,००,०००।००) | - |
| **कुल जम्मा** | **५,३५,४४,३५,५९५।२२** | **४०,०९,४०,१८६।११** | **४,९५,३४,९५,४०९।११** |

## ३. वित्तीय विवरण प्रस्तुतीकरण गर्दा समायोजन गरिएका रकमहरु समर्थन गर्ने कागजात उपलब्ध नरहेको

२०७४।७५ को वित्तीय विवरण तयार गर्दा विगत वर्षहरूको विभिन्न शीर्षकमा समायोजन गरिएको रु.१ अर्ब ३१ करोड ९ लाख २४ हजार समर्थन वा पुष्टि गर्ने कागजातहरू उपलब्ध छैन।

| शीर्षक | कुल डेबिट रु. | कुल क्रेडिट रु. | डेविट (क्रेडिट) रु. |
|---|---|---|---|
| सम्पत्ति | १,२५,८६,९७,२१५.६९ | १,१९,५१,०८,०५१.७२ | ६,३५,८९,१६३.९७ |
| दायित्व | ८,६४,१९६.०० | ४,२५,२११.१९ | ४,३८,९८४.८१ |
| आम्दानी | ३,२६,२७,२९१.४१ | ११,४१,५२,३९३.४४ | (८,१५,२५,१०२.०३) |
| खर्च | १,८७,३५,६०५.०५ | १२,३८,६२१.२९ | १,७४,९६,९८३.७६ |
| **जम्मा** | | | **१,३१,०९,२४,३०८.१५** |

## ४. स्थिर सम्पत्ति स्वामित्वको कागजात उपलब्ध नभएको

प्रधान कार्यालय रहेको रु.३२ लाख २७ हजार (परल मूल्य) बराबरको जग्गा तथा भवनको स्वामित्वको कागजात उपलब्ध गर्नेतर्फ् कुनै प्रगति भएको छैन।

## ५. कर्जाको विस्तृत विवरण उपलब्ध नभएको

५.१. अभिकर्ता कर्जाको विवरण उपलब्ध नभएको अभिकर्ता कर्जा शीर्षकअन्तर्गत मौज्दात रहेको रु.६२ लाख ३० हजार (गत वर्ष रु.९० लाख ८० हजार) को कर्जा वितरण मिति, शुरुको मौज्दात, यस वर्ष थप भएको रकम, असुल भएको रकम, अन्तिम मौज्दात, कर्जाको किसिम, वक्यौता आयु वर्गीकरण, आदि खुल्ने विवरण उपलब्ध छैन।

५.२. कर्मचारी कर्जाको विवरण उपलब्ध नभएको कर्मचारी कर्जा शीर्षकअन्तर्गत मौज्दात रहेको रु.२१ करोड ७० लाख ३० हजार (गत वर्ष रु.२४ करोड ९६ लाख ६१ हजार) को कर्जा वितरण मिति, शुरुको मौज्दात, यस वर्ष थप भएको रकम, असुल भएको रकम, अन्तिम मौज्दात, वक्यौता आयु वर्गीकरण, आदि खुल्ने विस्तृत विवरण उपलब्ध छैन।

### ५.३. बीमालेखको धितोमा प्रवाह भएको कर्जाको विवरण उपलब्ध नभएको

बीमालेखको धितोमा प्रवाह भएका कर्जा मौज्दात रु.१ अर्ब ४७ करोड ७८ लाख ७७ हजार (गत वर्ष रु.१ अर्ब ५७ करोड ७१ लाख ९८ हजार) को कर्जा प्रवाह मिति, कर्जा रकम के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम असुल गर्न बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज लिन बाँकी छ भन्ने विस्तृत विवरण उपलब्ध छैन।

### ६. अग्रिम आयकरको विवरण उपलब्ध नभएको

कम्पनीले वासलातमा देखाएको अग्रिम आयकर मौज्दात रु.४ अर्ब ८ करोड ९२ लाख ३७ हजार (गत वर्ष रु.३ अर्ब ६८ करोड ९९ लाख १८ हजार) को विस्तृत विवरण उपलब्ध छैन।

### ७. अन्य सम्पत्ति

#### ७.१. राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग पाउनुपर्ने हिसाब मिलान नगरेको

कम्पनीले वित्तीय स्थिति विवरणमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग पाउनुपर्ने देखाएको रु.२७ करोड २४ लाख ७१ हजार (गत वर्ष रु.२६ करोड २८ लाख ८५ हजार) रकमको समर्थन पत्र लिई मौज्दात यकिन गर्ने वा हिसाब भिडान गरेको छैन।

#### ७.२. पुनर्बीमकसँगको लिन बाँकी विवरण उपलब्ध नभएको

कम्पनीले वित्तीय स्थिति विवरणमा देखाएको पुनर्बीमकबाट प्राप्त हुन बाँकी रकम रु.१२ करोड ९४ लाख ८७ हजार (गत वर्ष रु.१२ करोड ४४ लाख ८१ हजार) को विस्तृत विवरण उपलब्ध छैन, तथा सम्बन्धित पुनर्बीमकबाट समर्थन पत्र प्राप्त गरी मौज्दात यकिन गरेको छैन।

### ८. अन्य वित्तीय सम्पत्ति

#### ८.१. विविध आसामीको विवरण उपलब्ध नभएको

विविध आसामीअन्तर्गत उल्लेखित मौज्दात रु.७७ लाख २४ हजार (गत वर्ष रु.७२ लाख ५ हजार) को कुन व्यक्तिबाट के बापत कति वर्षदेखि रकम प्राप्त हुन बाँकी रहेको हो सो खुल्ने आयुगत विस्तृत विवरण उपलब्ध छैन र सम्बन्धित आसामीबाट समर्थन पत्र प्राप्त गरी वास्तविक अवस्था यकिन गरिएको छैन।

### ९. जगेडा तथा कोषको आधार स्पष्ट नभएको

संस्थानको पुँजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा क्रमशः रु.९१ हजार, रु.३ करोड ३७ लाख ४७ हजार र रु.६५ लाख मौज्दात रहेको छ जसमा गत वर्षको मौज्दातमा यस वर्ष कुनै थपघट भएको छैन। जगेडा कोषबाट के कति कुन शीर्षकमा छुट्याउनुपर्ने कारण र सम्बन्धित आर्थिक वर्ष खुल्ने विवरण उपलब्ध छैन।

### १०. महाविपत्ति कोषको पर्याप्तता यकिन नगरेको

महाविपत्ति कोषमा मौज्दात रकमको पर्याप्तता यकिन गर्ने आधार रहेको छैन। जीवन बीमा वित्तीय निर्देशिका, २०६७ को बुँदा नं. २३ अनुसार बीमकले महाविपत्ति कोष कायम गनुपर्नेमा कम्पनीले महाविपत्ति कोषमा यस वर्ष रु.५१ लाख ८१ हजार (गत वर्ष रु.३ लाख ७३ हजार) जम्मा गरेका तथा सो कोषमा यस वर्षसम्मको मौज्दात रु.१ करोड ४५ लाख ८१ हजार (गत वर्ष रु.९४ लाख १ हजार) रहेकोमा जीवन बीमा वित्तीय निर्देशिका अनुरुप पर्याप्त भए नभएको यकिन गर्ने आधार स्पष्ट छैन।

### ११. पेन्सन तथा उपदान व्यवस्थाको पर्याप्तता यकिन गर्ने आधार नभएको

पेन्सन तथा उपदान व्यवस्थाअन्तर्गत यस वर्ष रु.१ करोड ७९ लाख ६३ हजार (गत वर्ष रु.१ करोड ४७ लाख ९३ हजार) भुक्तानी गरेको छ भने रु.१ करोड ५० लाख (गत वर्ष रु.१ करोड ५० लाख) थप व्यवस्था गरेको छ। तर थप व्यवस्था रकम गणना गरेको आधार उपलब्ध नभएकोले कम्पनीको कर्मचारी नियमावली, २०५४ तथा सर्वमान्य लेखा सिद्धान्तअनुसार एक्चुयरी मूल्याङ्कन २०६५।६६ देखि नगरेको कारण कर्मचारीलाई उपदान, निवृत्तिभरण, सञ्चित विदा, आदि दायित्व भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने आधार छैन।

### १२. जीवन बीमा कोष विवरण पुष्टि गर्ने आधार नरहेको

जीवन बिमा कोष शीर्षकअन्तर्गत यस वर्ष रु.१९ अर्ब ४६ करोड २३ लाख २६ हजार मौज्दात रहेको छ। हामीलाई प्राप्त बीमाङ्कीय मूल्याङ्कनको लागि उपलब्ध गराइएको विवरणको यथार्थता पुष्टि गर्ने आधार छैन।

### १३. अग्रिम बीमा शुल्क यकिन गर्ने आधार नरहेको

यस वर्ष चालु दायित्वअन्तर्गत रहेको अग्रिम बीमा शुल्कमा रु.६ करोड १८ लाख ९८ हजार रहेको छ। जसलाई पुष्टि गर्ने आधार तथा समर्थन कागजातहरू प्राप्त गरी मौज्दात यकिन गरिएको छैन।

### १४. पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी

#### १४.१. विवरण उपलब्ध नभएको

पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी शीर्षकअन्तर्गत गत वर्ष रु.४४ करोड २४ लाख ३ हजार रहेकोमा यस वर्षको अन्त्यमा रु.४९ करोड २४ लाख ४९ हजार रहेको छ। भुक्तानी गर्न बाँकी रकममा वृद्धि भएको रु.५ करोड ४६ हजारलाई पुष्टि गर्ने पुनर्बीमा शुल्कको गणनाको आधार तथा कस-कसलाई कहिलेदेखि कति रकम भुक्तानी गर्न बाँकी रहेको हो सो देखिने विस्तृत विवरण उपलब्ध छैन र सम्बन्धित पुनर्बीमकबाट मौज्दात समर्थन पत्र प्राप्त गरी मौज्दात यकिन गरेको छैन।

१४.२. पुनर्बीमा शुल्क रकमको गणना पुनर्बीमा सम्झौता अनुरुप गर्नुपर्नेमा सो सम्झौता अनुरुप गणना गरेको पुष्टि गर्ने आधार छैन। बीमा शुल्क आम्दानीको १ प्रतिशतले हुन आउने एकमुष्ट रकम रु.५ करोड ४६ हजार (गत वर्ष रु.३ करोड ९२ लाख २९ हजार) खर्च व्यवस्था गरेको छ। साथै, पुनर्बीमा कमिशन आय गणना गरी लेखाङ्कन गरेको छैन।

### १५. चालु दायित्वअन्तर्गतको बीमाङ्कीय सेवा शुल्कको विवरण उपलब्ध नभएको

बीमाङ्कीय सेवा शुल्कको विवरण उपलब्ध नभएको तथा गत वर्ष भुक्तानी गर्न बाँकी बीमाङ्कीय सेवा शुल्क रु.९ करोड ५१ लाख २१ हजार रहेकोमा यस वर्ष रु.३ करोड ९५ लाख ३७ हजार (गत वर्ष रु.३ करोड ९ लाख ९१ हजार) ले वृद्धि भई रु.११ करोड ३६ लाख ५८ हजार मौज्दात रहेकोमा बीमाङ्कीय सेवा शुल्क वृद्धि गरेको गणनाको आधार तथा भुक्तानी गरिएको र गर्न बाँकी रहेको रकमको विस्तृत विवरण उपलब्ध छैन।

### १६. अन्य वित्तीय दायित्व

#### १६.१. अभिकर्तालाई दिन बाँकी रकमको विवरण उपलब्ध नभएको

कम्पनीले वित्तीय स्थिति विवरणमा अभिकर्तालाई दिन बाँकी हिसाबअन्तर्गत रु.८३ लाख २४ हजार (गत वर्ष रु.७५ लाख ८२ हजार) मौज्दात उल्लेख गरेको भएता पनि व्यक्तिगत एवम् आयुगत विवरण उपलब्ध छैन।

#### १६.२. विविध साहुको विवरण उपलब्ध नभएको

विविध साहुअन्तर्गत वित्तीय स्थिति विवरणमा देखाएको मौज्दात रु.७४ लाख ६२ हजार (गत वर्ष रु.१ करोड ५९ लाख ७३ हजार) को आयुगत विस्तृत विवरण उपलब्ध छैन र सम्बन्धित पार्टीबाट समर्थन पत्र प्राप्त गरी मौज्दात यकिन गरेको छैन।

### १७. बैङ्क मौज्दात यकिन गर्ने आधार तथा बैङ्कसम्बन्धी अन्य विवरणहरु उपलब्ध नभएको

कम्पनीको नाममा कतिवटा बैङ्क खाताहरू सञ्चालनमा रहेको छ भन्ने पूर्ण विवरण उपलब्ध छैन। साथै, गत वर्ष १६३ बैङ्क खाता वित्तीय विवरणमा समावेश गरिएकोमा यस वर्ष ६३ बैङ्क खाता सञ्चालनमा रहेको जानकारी गराएको भएता पनि वित्तीय विवरणमा २४४ बैङ्क खाता समावेश गरिएको तर ती बैङ्कहरूको बैङ्क हिसाब मिलान विवरण उपलब्ध छैन।

साथै, कम्पनीको वित्तीय विवरणमा बैङ्क मौज्दात रु.१ अर्ब २१ करोड ९९ लाख ९२ हजार (गत वर्ष रु.१ अर्ब १२ करोड ४४ लाख ७४ हजार ऋणात्मक) रहेको छ। त्यस्तै, बैङ्क खाताहरुको मौज्दात पुष्टि गर्ने उपलब्ध बैङ्क मौज्दात समर्थन पत्रअनुसार बैङ्क मौज्दात रु.५३ करोड ८८ लाख ५५ हजार मात्र रहेको छ।

**१८. भुक्तानी हुन बाँकी दाबीबापत व्यवस्था यकिन गर्ने आधार नभएको**

भुक्तानी हुन बाँकी दाबी भुक्तानी रकमअन्तर्गत वित्तीय विवरणमा देखाएको रु.३२ करोड ३० लाख ९४ हजार (गत वर्ष रु.७४ करोड ४१ लाख ४३ हजार) को विस्तृत विवरण उपलब्ध नभएकोले भुक्तानी हुन बाँकी दाबीबापतको व्यवस्था रकम पर्याप्त भए नभएको यकिन गर्ने आधार छैन।

**१९. बीमा कारोवारसम्बन्धी आम्दानी तथा खर्चहरु पूर्ण रुपमा यकिन गर्न नसकिएको**

१९.१. बीमा प्राधिकरण (तत्कालीन बीमा समिति) द्वारा जारी गरिएको जीवन बीमा व्यवसाय गर्ने बीमकको वित्तीय विवरणसम्बन्धी निर्देशन, २०६७ को बुँदा नं. ८ अनुसार, बीमकले बीमा शुल्कको आम्दानी नगद प्राप्तिको आधारमा जनाउनुपर्ने भनी उल्लेख गरेकोमा कम्पनीले बीमितले बीमा शुल्क बैङ्क खातामा जम्मा गरेको डिपोजिट स्लिप आफ्नो काउण्टरमा पेस गरी रसिद काटेपछि मात्र आम्दानी जनाउने प्रचलन र कतिपय बैङ्कको हिसाब मिलान नभई ठूलो रकम हिसाब मिलान हुन बाँकी रहेको अवस्थामा बीमा समितिले तोकेबमोजिम वास्तविक बीमा आम्दानी लेखाङ्कन भएको छ भन्ने आधार छैन।

१९.२. जोखिमाङ्कन (Underwriting) गरिएका बीमालेखहरूको बीमा शुल्क आम्दानीको हकमा जोखिमाङ्कन शाखाबाट प्राप्त विवरणअनुसार रु.४ अर्ब ५८ करोड २३ लाख ९५ हजार मौज्दात रहेकोमा वित्तीय विवरणअनुसार रु.४ अर्ब ३७ लाख १४ हजार मौज्दात रहेको छ। जसअनुसार फरक परेको रु.५७ करोड ८६ लाख ८१ हजार (गत वर्ष रु.५३ करोड ९२ लाख ४३ हजार) हिसाब भिडान गरी वास्तविक रकम यकिन गरेको छैन।

१९.३. नाफा/नोक्सान विवरणमा दाबी भुक्तानी खर्च शीर्षकअन्तर्गत रु.३ अर्ब १० करोड ७९ लाख ६८ हजार (गत वर्ष रु.३ अर्ब ३९ करोड ८६ लाख ९ हजार) लेखाङ्कन गरेको भएता पनि कम्पनीको दाबी भुक्तानीको निमित्त अभिलेख राखिने दाबी भुक्तानी रजिष्टरमा रु.६४ करोड ७८ लाख ३० हजार (गत वर्ष रु.२ अर्ब ८७ करोड ७६ लाख ३३ हजार) मौज्दात रहेको छ। यी दुई विवरणबीचको फरक रकम रु.२ अर्ब ४६ करोड १ लाख ३५ हजार (गत वर्ष रु.५२ करोड ९ लाख ७७ हजार) को हिसाब भिडान गरी वास्तविक रकम यकिन गरेको छैन।

१९.४. अभिकर्ता कमिशन खर्चबापत वित्तीय विवरणमा रु.१३ करोड ८१ लाख ५ हजार (गत वर्ष रु.११ करोड १५ लाख ४६ हजार) मौज्दात प्रस्तुत गरेको भएता पनि कम्पनीको अभिकर्ता कमिशन रजिष्टरमा रु.२ करोड ६६ लाख ९१ हजार मात्र मौज्दात रहेको छ। यी दुई विवरणबीचको फरक रकम रु.११ करोड १४ लाख १४ हजारको हिसाब भिडान गरी वास्तविक रकम यकिन गरेको छैन।

१९.५. कम्पनीको नियमानुसार प्रथम वर्षको बीमा गर्दा बीमितको स्वास्थ्य परीक्षण गरेबापतको खर्च रु.३६ लाख ६६ हजार (गत वर्ष रु.४४ लाख) लेखाङ्कन गरेको भएता पनि सो लाई पुष्टि गर्ने सम्बन्धित बीमालेखसहितको विस्तृत विवरणहरू उपलब्ध छैन।

**२०. लगानी, कर्जा तथा अन्यबाट प्राप्त आयको विस्तृत विवरण नभएको**

२०.१. कम्पनीले यस आर्थिक वर्षसम्म सेयर तथा म्युचुअल फण्डमा रु.१ अर्ब ६५ करोड ८८ लाख २१ हजार (गत वर्ष रु.१ अर्ब ५२ करोड ८७ लाख ९९ हजार) लगानी गरेबाट रु.७ करोड ८ लाख ६७ हजार (गत वर्ष रु.४ करोड ७५ लाख) आम्दानी लेखाङ्कन गरेको छ। तर, कुन लगानीबाट कुन अवधिको कति रकम आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन।

२०.२. बैङ्क तथा वित्तीय संस्थामा खोलिएको "कल" खाताबाट भएको ब्याज आम्दानीबापत रु.७ करोड ६३ लाख ६५ हजार (गत वर्ष रु.४ करोड ७६ लाख ५१ हजार) आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त खाताहरुबाट प्राप्त भएको ब्याज आम्दानी रकमसहितको विस्तृत विवरण उपलब्ध छैन।

२०.३. अन्य आय (विविध) शीर्षकअन्तर्गत रु.३७ लाख ५१ हजार (गत वर्ष रु.१३ लाख ५१ हजार) आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त आम्दानी के बापत आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन।

२०.४. बीमालेखको धितोमा दिइएको कर्जाबाट प्राप्त ब्याज आम्दानी (आय) शीर्षकअन्तर्गत रु.१३ करोड ८४ लाख ४३ हजार (गत वर्ष रु.१२ करोड २७ लाख ४ हजार) लेखाङ्कन गरेको भएता पनि कुन बीमालेखको धितोमा कर्जा प्रवाह भएको हो, प्राप्त हुनुपर्ने ब्याज कति हो, सो मध्ये कति ब्याज प्राप्त भएको हो र प्राप्त हुन बाँकी ब्याज कति छ खुल्ने विस्तृत विवरण उपलब्ध छैन।

२०.५. अन्य प्रत्यक्ष आम्दानी शीर्षकअन्तर्गत रु.१ करोड ७५ लाख ९० हजार (गत वर्ष रु.१ करोड ५४ लाख ६१ हजार) बीमा शुल्क ढिलो प्राप्त भएबापतको ब्याज आम्दानीबापत लेखाङ्कन गरिएको भएता पनि उक्त रकम कुन बीमितबाट कति समयको ब्याज स्वरुप प्राप्त भएको हो खुल्ने विस्तृत विवरण उपलब्ध छैन।

## २१. गत विगत वर्षको लेखापरीक्षण कैफियतहरू सम्बोधन नगरेको

२०७३।७४ सम्मको लेखापरीक्षण प्रतिवेदनमा कैफियत जनाइएका वित्तीय विवरणमा गहन असर पर्ने विषयहरूको विवरण तयार नगरेको र त्यस्ता रकमहरू २०७४।७५ को वित्तीय विवरणमा समायोजन वा हिसाब मिलान नगरेको कारण त्यस्ता रकमहरूले २०७४।७५ को वित्तीय विवरणमा के कस्तो असर परेको छ भन्ने यकिन गर्न सकिने अवस्था छैन।

## २२. २०७४।७५ पश्चातका आर्थिक वर्षहरूको हिसाब अद्यावधिक नभएको

कम्पनीको २०७४।७५ पछिको लेखा, हिसाबकिताब तथा वित्तीय विवरण तयारी कार्य सम्पन्न भई नसकेको तथा २०७४।७५ को के कति रकम पछिल्ला वर्षहरूमा समायोजन गरेको विवरण तयार नगरेको कारण हामीले २०७४।७५ मा उल्लेखित रकमहरूको हालसम्मको अवस्था र प्रतिवेदन अवधिपश्चात घटेका घटना एवम् कारोवारहरूको समिक्षा गर्न सकिने अवस्था छैन।

## २३. सम्बन्धित कानूनी नियमनकारी तथा लेखामानका व्यवस्थाहरुको पालना नगरेको

### २३.१. बीमा व्यवसाय इजाजत पत्र नवीकरण नगरी व्यवसाय सञ्चालनमा रहेको

तत्कालिन बीमा ऐन, २०४९ दफा ११ अनुसार बीमकले आफ्नो दर्ताको प्रमाणपत्रको नवीकरणको लागि प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा बीमा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ। तथापी कम्पनीले २०६४।६५ बीमा व्यवसाय प्रमाणपत्र नवीकरण गरेको छैन।

### २३.२. बीमा ऐन, २०४९ बमोजिम चुक्ता पुँजी कायम नभएको

कम्पनीले तत्कालिन बीमा ऐन, २०४९ को दफा १२(ख) अनुरुप कम्तिमा रु.२ अर्ब ५० करोड चुक्ता पुँजी कायम गरेको हुनुपर्नेमा २०७४।७५ मा रु.१२ करोड ९३ लाख (गत वर्ष रु.१२ करोड ९३ लाख) मात्र चुक्ता पुँजी कायम रहेकोले सम्बन्धित ऐनको पालना भएको छैन।

### २३.३. सेवा शुल्क समयमा समयमा बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) मा दाखिला नगरेका

कम्पनीले बीमा ऐन, २०४९ को दफा ३६ तथा ४० अनुरुप बीमा शुल्कको १ प्रतिशत सेवा शुल्क बीमा समितिमा प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्नेमा यस आर्थिक वर्षबापतको सेवा शुल्क रु.३ करोड ९५ लाख ३७ हजारसहित

विगत वर्षहरुको वक्यौता गरी रु.३ करोड ९ लाख ९१ हजार सेवा शुल्क समयमा नबुझाएकोले सम्बन्धित ऐनको पालना भएको छैन।

२३.४. **लगानी एअरमार्क गर्ने व्यवस्था पालना नभएको**

कम्पनीले बीमा समितिको परिपत्र नं. ३० अनुसार लगानी एअरमार्क गर्नुपर्ने व्यवस्था पालना गरेको छैन।

२३.५. सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण नगरेको आयकर ऐन, २०५८ दफा २७ बमोजिम सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण गरी कर्मचारीको आयमा कर गणना गर्दा समावेश गर्ने नगरेकोले आयकर ऐनअनुसार पारिश्रमिक अग्रिम आयकर कट्टि भएको छैन।

## २४. लेखा प्रणाली जोखिमपूर्ण रहेको

कम्पनीको दैनिक कार्य सम्पादन (जस्तैः बीमा शुल्क आम्दानीको विवरण, दाबी भुक्तानीको विवरण, कमिशन खर्चको विवरण) का निमित्त आफैंले विकास गरेको सफ्ट्वेयर विगत २३ वर्षदेखि प्रयोगमा रहेको तर उक्त सफ्टवेयर Microsoft Windows 98 मा मात्र सञ्चालन गर्न मिल्ने, साथै सफ्ट्वेयरको Graphical User Interface, (GUI) समेत विकास नगरेकोले आवश्यक प्रतिवेदनहरु हेर्न कोडको प्रयोग गर्नुपर्ने कारणले आवश्यक प्रतिवेदन कम्प्युटर शाखाबाहेक अन्य शाखाबाट निकाल्न नसक्दा कम्पनीको प्रयोग गरेको सफट्वेयरको उपयोगिता तथा प्रभावकारिता एकदमै न्यून रहेको छ।

सफ्ट्वेयरको सम्पूर्ण जिम्मेवारी कम्पनीमा करारमा रहेका एक कर्मचारीमा मात्र निहित रहनु, उक्त कर्मचारीबाहेक अन्य कसैले पनि आवश्यक प्रतिवेदन, ब्याकअप राख्न नसक्नु र नगरिनु, ब्याकअप व्यवस्थापनका लागि आवश्यक ठोस कार्यहरु जस्तै, ब्याकअपको लग नराखिनु, डाटा रिकभरीसम्बन्धी कुनै किसिमको लिखित योजना नहुनु, आदिले कम्पनीको कम्प्युटराइज्ड लेखा तथा नियमित कार्य सम्पादन प्रणाली एकदमै जोखिमयुक्त रहेको छ।

**२५.** आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लेखासँग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित रुपमा नराख्नु, कारोवार भएकै समयमा क्रमबद्ध रुपमा भौचरहरू पोष्टिङ्ग नगर्नु, बैङ्क खाता जस्तो हिसाब नियमित तवरले भिडान नगर्नु र लामो समयदेखि वक्यौता रहेका रकमहरूको हिसाब मिलान एवम् समायोजन नगर्नु, पुनर्बीमाको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु, आदि कारणले विद्यमान आन्तरिक नियन्त्रण प्रणाली अत्यन्तै कमजोर भई वित्तीय विवरणमा उल्लेखित रकमहरूको वास्तविक अवस्था यकिन गर्न सकिने अवस्था छैन।

बैङ्क हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनुपर्ने तथा दिनुपर्ने, आम्दानी तथा खर्च तथा दायित्व हिसाबका सहायक खाताहरू अद्यावधिक गर्ने नगरेको, बजेट तथा वास्तविक आम्दानी खर्चको भिन्नता परीक्षण नगरेको र गोश्वारा हिसाबले देखाएको मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरु तयार गर्ने परिपाटिका कारण वित्तीय विवरणहरूको विश्वसनीयतामा प्रश्नचिन्ह खडा भएको छ। साथै, कम्पनीले प्रमुख लेखानीतिहरु र अन्य लेखासम्बन्धी व्याख्यात्मक टिप्पणीहरूमा वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्वहरू, आम्दानी तथा खर्चहरुको गणना तथा लेखाङ्कनसँग सम्बन्धित नीति तथा अवधारणाको उचित रुपमा प्रस्तुत (Adequate Disclosure) गर्ने गरेको छैन।

हाम्रो परीक्षणका क्रममा ज्ञात हुन आएका आन्तरिक नियन्त्रण प्रणालीका कमजोरीका विषयहरू हामीले छुट्टै जारी गरेको व्यवस्थापन पत्रमा उल्लेख गरेका छौं।

माथि उल्लेखित मामिलाहरूको नतिजाका कारण हामी वित्तीय स्थिति विवरण (Statement of Financial Position), सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान विवरण (Statement of Profit or Loss), अन्य समग्र आम्दानी विवरण (Statement of Other Comprehensive Income), नगद प्रवाह विवरण (Statement of Cash Flow), ईक्विटीमा परिवर्तनको विवरण (Statement of Changes in Equity), वितरणयोग्य नाफा/नोक्सान विवरण (Statement of Distributable Profit or Loss) र महत्वपूर्ण लेखानीतिहरूको सारांशसहितको वित्तीय टिप्पणीहरू रेकर्ड गरिएको वा रेकर्ड

नगरिएका रकमहरूको विस्तृत विवरण उपलब्ध नभएका कारण के कस्तो समायोजन आवश्यक हुन सक्छ सो निर्धारण गर्न असमर्थ छौं।

वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय व्यवस्था वहन गर्ने अख्तियारीको उत्तरदायित्व प्रचलित कानून तथा लेखा सिद्धान्त अनुरूप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्वअन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, सोको कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरूको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरणहरु तयार गर्दा कम्पनीको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविच्छिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ।

कम्पनीको वित्तीय प्रतिवेदन प्रक्रियासम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा रहेको हुन्छ।

वित्तीय विवरण प्रति लेखापरीक्षकको जिम्मेवारी नेपाल लेखापरीक्षणमानअनुसार कम्पनीको वित्तीय विवरणहरूको लेखापरीक्षण गर्ने र लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने जिम्मेवारी हाम्रो दायित्व हो। यद्यपि, हाम्रो प्रतिवेदनको राय अस्वीकरणको आधार अनुच्छेदमा वर्णन गरिएका कुराहरूको कारणले गर्दा, हामीले संलग्न वित्तीय विवरणहरूमा लेखापरीक्षण राय स्थापित गर्ने आधार प्रदान गर्न पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौं।

वित्तीय विवरणहरूको लेखापरीक्षणसँग सम्बन्धित नेपालमा प्रचलित सान्दर्भिक नैतिक आवश्यकताहरू अनुसार हामी कम्पनीबाट स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरू अनुरूप हाम्रा अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेका छौं।

**अन्य कानूनी तथा नियामक व्यवस्थाहरुको परिपालना**

लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरणहरु उपलब्ध गराइएको।

- कम्पनी ऐन, २०६३ अनुरुप कम्पनीले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको पाइएन। यस सम्बन्धी विवरणहरू अघिल्ला अनुच्छेदहरूमा उल्लेख गरिएको छ,
- लेखापरीक्षणका लागि प्राप्त भएको वित्तीय विवरणहरु प्रचलित कानूनबमोजिम निर्धारण गरिएको लेखामान अनुरूप नभएको र त्यस्ता विवरणहरू कम्पनीले राखेको लेखासँग दुरुस्त नरहेको। यस सम्बन्धी विवरणहरू अघिल्ला अनुच्छेदहरूमा उल्लेख गरिएको छ,
- लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरूको आधारमा लेखापरीक्षकको रायसाथ प्रस्तुत वित्तीय स्थिति विवरणले कम्पनीको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा/नोक्सानी विवरण र नगद प्रवाह विवरणले क्रमशः कम्पनीको नाफा/नोक्सान र नगद प्रवाहको समुचित चित्रण गरेको यकिन गर्न नसकिएको,
- सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानून विरुद्ध कामकाज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानि/नोक्सानी गरे वा गराएको व्यहोरा लेखापरीक्षणका क्रममा हाम्रो जानकारीमा आएन,
- कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा लेखापरीक्षणका क्रममा हाम्रो जानकारीमा आएन ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।१।१५ मा पेश गरेका छन्।**

# राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७७।७८)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### १. राय व्यक्त नगरिएको

हामी राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षण कार्य गर्न संलग्न भएका थियौं, जसमा आषाढ ३१, २०७८ समाप्तिको बासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, एकीकृत आयव्यय हिसाब, नगद प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखानीति तथा लेखासम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण समावेश रहेका छन्।

राय व्यक्त नगरिएको आधार भन्ने अनुच्छेदमा राय व्यक्त गर्न नसकिनेका लागि वर्णन गरिएका विषयवस्तुहरूको महत्वको कारणले हुन जाने कुल प्रभावको पर्याप्त तथा उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न असमर्थ भएका छौं। तसर्थ, ती वित्तीय विवरणहरू उपर हामी राय व्यक्त गर्न नसक्ने अवस्थामा छौं।

### २. राय व्यक्त नगरिनुका आधार

लेखापरीक्षणबाट राय व्यक्त गर्न नसक्ने आधारका रूपमा वित्तीय विवरणहरूमा गहन असर पार्ने व्यहोराहरू निम्नानुसार रहेका छन्:

#### २.१. सस्पेन्स (Suspense) हिसाब

कम्पनीको २०७४।७५ को वित्तीय विवरणमा "RBS to RBCL Suspense A/c" शीर्षकमा रहेको रु.३३ करोड ६७ हजारलाई उल्ट्याएर विविध असामीमा समावेश गर्दा आवश्यक सहायक कागजात तथा राष्ट्रिय बीमा संस्थानबाट मौजदात समर्थन प्रमाणपत्र प्राप्त नभएको र उक्त कारोबारको असर २०७७।७८ मा पनि प्रभावकारी रहेको छ। सो रकममध्ये कम्पनीको २०७४।७५ मा विभिन्न खाता शीर्षकमा रु.७ करोड ५७ लाख ८० हजारको कुल डेबिट समायोजन गरिएको छ र सो समायोजनको पुष्टि हुने पर्याप्त आधार तथा प्रमाण उपलब्ध हुन सकेको छैन। बाँकी रकम रु.२५ करोड ४२ लाख ८७ हजार Sundry Payable शीर्षकको खातामा स्थानान्तरण गरिएको पाइयो। सो रकम रु.२५ करोड ४२ लाख ८७ हजार यस २०७७।७८ मा अन्य वित्तीय दायित्वअन्तर्गत Sundry Creditors मा रहेको छ।

#### २.२. राष्ट्रिय बीमा संस्थानसँगको हिसाब

कम्पनीले यस आर्थिक वर्षको अन्त्यमा अन्य दायित्वअन्तर्गत Payables to Rastriya Beema Sansthan शीर्षकमा रू.४ करोड ३५ हजार (Cr), जसको शुरू मौज्दातको रूपमा अघिल्लो आर्थिक वर्षबाट सारिएको रू.४ करोड ७४ लाख ९४ हजार (Cr) अर्थात् दिनुपर्ने देखाइएको छ। अन्तिम मौज्दात रू.४ करोड ३५ हजार (Cr) DUE FROM/TO LIFE खाताबाट रू.५ करोड २६ लाख ४६ हजार (Cr) र STAFF LOAN ADJ LIFE (RASTRIYA BEEMA SANSTHAN) खाताबाट रू.१ करोड २६ लाख ११ हजार (Dr) समायोजन भएर आएको देखिन्छ। उक्त रकमहरूको वास्तविक विवरणको पूर्ण रूपमा समायोजन/हिसाब मिलान हुन नसकेको तथा सो लाई पुष्टि गर्ने कुनै प्रमाण हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन।

#### २.३. लामो समय देखिको बीमा दाबी भुक्तानी नभएको

बीमा नियमावली, २०४९ को नियम ३२ को उपनियम ४ बमोजिम सर्भेयरले बीमकसमक्ष प्रतिवेदन पेस गरेको साधारणतया पैंतीस दिनभित्र बीमकले दायित्व ठहर गरी बीमितलाई निर्जीवन बीमाको दाबी भुक्तानी गर्नुपर्ने हुन्छ। कम्पनीले यस आर्थिक वर्षसम्ममा देहायका बाँकी बीमा दाबीहरु लामो अवधिदेखि फछर्यौट नभएको देखिन्छ।

| विवरण | रकम (रु) |
|---|---|
| चालु आर्थिक वर्षमा परेको भुक्तानी हुन बाँकी दाबी (२०७७।७८ को) | ५३,१९,४२,७५८।६७ |
| एक आर्थिक वर्ष अघिको (२०७६।७७ को) | २६,६१,००,९६८।८३ |

| | |
|---|---|
| दुई आर्थिक वर्ष अघिको (२०७५।७६ को) | १०,०३,८२,७११।२२ |
| तीन आर्थिक वर्ष वा सोभन्दा अघिको (२०७४।७५ वा सोभन्दा अघिको) | ४१,३९,८२,०७६।४४ |
| **जम्मा** | **१,३१,२४,०८,५१५।१६** |

## २.४. बीमा शुल्क प्राप्त नगरी बीमा जोखिम स्वीकार

बीमा ऐन, २०४९ को दफा २७ अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली २०४९ को ३६(ग) अनुसार बीमितले बीमा शुल्क नबुझाएसम्म बीमक र बीमितबीचमा कारोबार भएकै नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै कम्पनीले बीमा प्रिमियम रकम बाँकी राखी बीमा स्वीकार गरेको पाइयो। बीमा प्रिमियम प्राप्त नभई बीमा आम्दानी बाँधेको र जोखिम वहन गरको बाँधेको उपयुक्त देखिँदैन। साथै, उक्त रकमको पुष्टि गर्ने कुनै विवरण प्राप्त हुन सकेन।

## २.५. प्रवन्धपत्रअनुसारको सेयर संरचना नरहेको

कम्पनीको प्रवन्धपत्रअनुसार ७० प्रतिशत संस्थापक सेयर र ३० प्रतिशत सर्वसाधारण सेयर रहने व्यवस्था रहेको छ। साथै, ७० प्रतिशत संस्थापक सेयरमध्ये नेपाल सरकारको ४१.०३ प्रतिशत, कर्मचारी सञ्चय कोषको १९.३७ प्रतिशत तथा नेपाल बैङ्क लिमिटेडको ९.६० प्रतिशत सेयर रहने व्यवस्था रहेको छ। तर, २०७८ आषाढ मसान्तको कम्पनीको सेयर संरचना माथि उल्लेख गरेबमोजिम रहेको पाइएन। साथै, कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित सेयर लगत हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन।

| **शेयरधनीको विवरण** | **प्रवन्धपत्र अनुसार (प्रतिशतमा)** | **२०७८ आषाढ मसान्तको सेयर संरचना (प्रतिशतमा)** |
|---|---|---|
| नेपाल सरकार | ४१.०३ | ४७.५० |
| कर्मचारी सञ्चय कोष | १९.३७ | २२.०० |
| नेपाल बैङ्क लिमिटेड | ९.६० | १०.९६ |
| सर्वसाधारण | ३०.०० | १९.५४ |
| **जम्मा** | **१००.००** | **१००.००** |

## २.६. बैङ्क मौज्दात तथा लेखा अद्यावधिक सम्बन्धी

२०७७।७८ को बैङ्क मिलान विवरण (BRS) मा कुल रु.६ लाख ५१ हजारको पहिचान नभएको भिन्नता देखिएको छ। यी भिन्नताहरूको प्रकृति पुष्टि गर्न पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाणहरू हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन। यस आर्थिक वर्षको अन्त्यसम्ममा कम्पनीको बैङ्क खाताहरुबाट भएको जम्मा रु.२१ लाख १४ हजार बराबरको भुक्तानी तथा कम्पनीको बैङ्क खाताहरुमा जम्मा रु.५५ लाख ८३ हजार बराबरको प्राप्ति कम्पनीको वित्तीय विवरणमा अद्यावधिक गरिएको छैन।

## २.७. कर्मचारीलाई प्रदान गरेको कर्जा सम्बन्धी

कर्मचारीलाई प्रदान गरिएका केही कर्जाको अवधि समाप्त भइसकेको र सो ऋण लिने कर्मचारीहरू अवकाश भइसकेको भएता पनि कर्मचारीले भुक्तान गर्न बाँकी कर्जा रकम असुलउपर गरिएको छैन। असुलउपर गर्नुपर्ने कर्जाको जम्मा रकम रू.७ करोड ६५ लाख ५४ हजार रहेको छ। साथै, विभिन्न म्याद भएका केही कर्जा कर्मचारीको सेवाकालभन्दा लामो अवधिका लागि प्रदान गरेको पाइयो। यस आर्थिक वर्षको अन्त्यसम्ममा केही कर्मचारीको ऋण खातामा रु.९५ लाख २० हजार नकारात्मक ब्यालेन्स देखिएको छ, र सो रकम शुल्क वा ब्याजसँग मात्र सम्बन्धित नरहेको पाइयो। साथै, कर्मचारीलाई प्रदान गरेको कर्जाको लेखाजोखा व्यवस्थित ढङ्गले राखिएको पाइएन।

संस्थाले कर्मचारीहरूलाई सहुलियतपूर्ण ब्याजदरमा उपलब्ध गराएको कर्जामा प्राप्त भएको वास्तविक ब्याज रकम र विद्यमान बजार ब्याजदरको हिसाबले प्राप्त हुनुपर्ने ब्याज रकमबीचको अन्तर ब्याज रकम कर्मचारीहरूको करयोग्य आयमा समावेश नगरी कर दायित्व गणना गरिएको पाइयो। आयकर ऐन, २०५८ को दफा ८ बमोजिम यस्तो ब्याज अन्तर कर्मचारीको करयोग्य लाभ मानिने हुँदा सो रकम करयोग्य आयमा समावेश गर्नुपर्ने देखिन्छ।

## २.८. विभिन्न लेनदेन हिसाबमा गरिएको व्यवस्थाको अनुमान विश्वसनीय नभएको

कम्पनीका पुराना हिसाब मिलान नभएका खाताहरु विगत लामो अवधिदेखि अ.ल्या. हुँदै आएकोमा यस सम्बन्धी पुष्ट्याई हुने कागजात उपलब्ध हुन सकेका छैनन्, जसको विवरण निम्नबमोजिम रहेको छ।

| Acc. Code | Account Head | Opening Balance | | Closing Balance | |
|---|---|---|---|---|---|
| | | Debit | Credit | Debit | Credit |
| 239 | SELF -EMPLOYED FUND | - | 300,000 | - | 300,000 |
| 947 | RASTRIYA BEEMA SANSTHAN (S.CR) | - | 10,514,588 | - | 10,514,588 |
| 1328 | RASRTRIYA BEEMA SANSTHAN. (INSURED AC HO) | - | 153,371 | - | 153,371 |
| 1680 | PAYABLE TO REINSURERS (MISC.) | - | 60,342,733 | - | 60,342,733 |
| 1731 | STAFF LOAN ADJ LIFE (RASTRIYA BEEMA SANSTHAN) | 12,611,279 | - | 12,611,279 | - |
| 1982 | CLAIM PAYABLE (AMOUNT NOT CLAIMED) | - | 2,291,766 | - | 2,291,766 |
| 1991 | CLIENTS A/C | 14,888,210 | - | 14,888,210 | - |
| 1995 | REINSURERS A/C | 60,489,464 | - | 60,489,464 | - |

## २.९. नेपाल पुनर्बीमा कम्पनी लिमिटेडमा भएको लगानी पुनर्मूल्याङ्कन सम्बन्धी

यस कम्पनीले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको ३२ लाख २६ हजार ५२४ कित्ता संस्थापक सेयरमा लगानी गरेको छ। २०७७।७८ मा नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको संस्थापक सेयरको बजार मूल्य उपलब्ध नहुँदा सार्वजनिक सेयरको बजार मूल्यलाई आधार राखी रु.१ हजार ५९४ प्रति शेयरको दरले सेयर पुनर्मूल्याङ्कन गरिएको छ जुन NFRS १३ बमोजिम रहेको देखिँदैन। तसर्थ, नेपाल पुनर्बीमा कम्पनी लिमिटेडमा भएको लगानीको पुर्नमूल्याङ्कनले NFRS १३ बमोजिम कम्पनीको लगानीको यथार्थ चित्रण गर्दैन।

नेपाल लेखापरीक्षणमान ५६० बमोजिम हामीले २०८२।७।३० मा जारी गरेको लेखापरीक्षण प्रतिवेदनमा माथि उल्लेख भएबमोजिम लगानीको पुर्नमूल्याङ्कनमा NFRS १३ को परिपालना नभएको र सोहीअनुसार संशोधित लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ।

## ३. अन्य विषयहरु

यो स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनको रायका अतिरिक्त नेपाल बीमा प्राधिकरणका प्रयोगार्थ सोही मितिमा अर्को रायसहितको लेखापरीक्षकको प्रतिवेदन जारी गरिएको छ।

## ४. वित्तीय विवरणहरू प्रति व्यवस्थापन र शासकीय व्यवस्था वहन गर्ने अख्तियारीको उत्तरदायित्व

विद्यमान सान्दर्भिक कानूनहरू, नेपाल वित्तीय प्रतिवेदनमान (NFRS), कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९), नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) को निर्देशन अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्वअन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने,

आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरणहरू तयार गर्दा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको व्यवसायको अविच्छिन्नताको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषयवस्तुहरूको स्तरीयता विवरण देखाउनुपर्ने वा अविच्छिन्नतासँग सम्बन्धित जानकारीहरू खुलासा गर्ने दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ। राष्ट्रिय बीमा कम्पनी लिमिटेडको वित्तीय प्रतिवेदन प्रक्रियासम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा रहेको हुन्छ। राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सञ्चालक समिति कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ।

## ५. वित्तीय विवरणहरू प्रति लेखापरीक्षकको उत्तरदायित्वः

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ नै भन्ने हुँदैन। त्रुटिहरू जालसाजी वा गल्तीबाट निम्तिन्छन् र ती त्रुटिहरूले अलग-अलगवा समग्र रूपमा वित्तीय विवरणहरूको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौं।

### वित्तीय विवरणहरूको लेखापरीक्षणको उत्तरदायित्व सम्बन्धी अन्य कुराहरूः

- नेपाल वित्तीय प्रतिवेदनमानअनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यावसायिक क्षमताको प्रयोग गरेका छौं। वित्तीय विवरणहरू उपर जालसाजी वा भूलबाट हुन सक्ने भौतिक सारभूत त्रुटिहरूको पहिचान र जोखिमको मूल्याङ्कन गरेका छौं। हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरू केलाई यी जोखिमको न्यूनीकरण गर्न आवश्यक लेखापरीक्षण प्रक्रियाहरू समेत अवलम्बन गरेका छौं।
- भूलबाट हुने त्रुटिभन्दा जालसाजीबाट हुने त्रुटि पत्ता नलाग्ने जोखिम अधिक हुन्छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई, निकाय सुहाउँदो लेखापरीक्षण प्रक्रिया तयार गर्नका लागि संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीति, लेखा अनुमान एवम् वित्तीय विवरणहरूसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याङ्कन गरेका छौं।
- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निस्कर्षलाई हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरूको आधारमा मूल्याङ्कन गरेका छौं। भविष्यमा हुन सक्ने जोखिमको सम्भावनालाई नकार्न नसकिने हुनाले आगामी दिनहरूमा अविच्छिन्नता रहने कुराको आश्वासन दिन सकिदैंन।
- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरूको पूर्ण रूपले पालना गरिएको तथा हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विवरणहरू आएको खण्डमा सञ्चालक समितिलाई जानकारी गराउने भन्ने सूचित गरिएको।

### अन्य कानूनी र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन

हाम्रो छड्के लेखापरीक्षण तथा हामीले पाएसम्मको सूचना एवम् लेखापरीक्षणको सिलसिलामा हामीलाई प्राप्त जानकारी र स्पष्टिकरणहरूको आधारमा देहायबमोजिम प्रतिवेदन पेश गर्दछौंः

(क) माथि बुँदा नं. २ (राय व्यक्त नगरिनुका आधार) मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरू सन्तोषजनक पाएका छौं।

(ख) माथि बुँदा नं. २ (राय व्यक्त नगरिनुका आधार) मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा कम्पनीको हिसाबकिताबहरू प्रचलित कानूनबमोजिम ठिकसँग राखिएका छन्।

(ग) माथि बुँदा नं. २ (राय व्यक्त नगरिनुका आधार) मा उल्लेखित अवस्थाहरूले पार्ने प्रभावबाहेक यस प्रतिवेदनकासाथ संलग्न वासलात, नाफा/नोक्सान हिसाब, ईक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण कम्पनीले राखेको हिसाबकिताब बमोजिम छन्।

(घ) लेखापरीक्षणको सिलसिलामा कम्पनीको सञ्चालक समिति वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत काम गरेको वा अनियमित कार्य गरेको वा कम्पनीको हित विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन।

(ङ) कम्पनीको हिसाबकिताबहरूमा कुनै पनि जालसाजी गरिएको हाम्रो जानकारीमा आएन।

(च) हाम्रो रायमा कम्पनीले असमाप्त जोखिमको लागि पर्याप्त जगेडा बीमा ऐनबमोजिम राखेको छ।

(छ) कम्पनीले लेखासँग सम्बन्धित कारोबार भएकै समयमा हिसाबकिताबको लेखा नराख्नु, विभिन्न सम्पत्ति तथा दायित्वको रूपमा रहेको उठाउनुपर्ने तथा दिनुपर्ने रकमको तेस्रो पक्षबाट संस्थागत पुष्टिकरण समयमा नलिनु, बैङ्क खाताको समयमा हिसाबमिलान तथा आवश्यक समायोजन नगर्नु, केही स्थिर सम्पत्तिको सुरक्षाको लागि यथोचित व्यवस्था नगर्नु जस्ता आन्तरिक नियन्त्रण प्रणालीको कमजोरी देखिएकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा यथेष्ट सुधार गर्नुपर्ने देखिन्छ। उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको अभावमा कम्पनीको कार्यदक्षता, मितव्ययिता, कार्यकुशलता, जोखिम व्यवस्थापन प्रणाली तथा नीति नियमको परिपालनामा कमी रहेको दृष्टिगत गरिएको छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।७।३० मा पेश गरेका छन्।**

# राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७६।७७)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### १. राय व्यक्त नगरिएको

हामी राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षण कार्य गर्न संलग्न भएका थियौं, जसमा आषाढ ३१, २०७७ समाप्तिको बासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, एकीकृत आयव्यय हिसाब, नगद प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखानीति तथा लेखासम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण समावेश रहेका छन्।

राय व्यक्त नगरिएको आधार भन्ने अनुच्छेदमा राय व्यक्त गर्न नसकिनेका लागि वर्णन गरिएका विषयवस्तुहरूको महत्वको कारणले हुन जाने कुल प्रभावको पर्याप्त तथा उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न असमर्थ भएका छौं। तसर्थ, ती वित्तीय विवरणहरू उपर हामी राय व्यक्त गर्न नसक्ने अवस्थामा छौं।

### २. राय व्यक्त नगरिनुका आधार

लेखापरीक्षणबाट राय व्यक्त गर्न नसक्ने आधारका रूपमा वित्तीय विवरणहरूमा गहन असर पार्ने व्यहोराहरू निम्नानुसार रहेका छन्:

#### २.१. सस्पेन्स (Suspense) हिसाब

कम्पनीको २०७४।७५ को वित्तीय विवरणमा "RBS to RBCL Suspense A/c" शीर्षकमा रहेको रु. ३३ करोड ६७ हजारलाई उल्ट्याएर विविध असामीमा समावेश गर्दा आवश्यक सहायक कागजात तथा राष्ट्रिय बीमा संस्थानबाट मौज्दात समर्थन प्रमाणपत्र प्राप्त नभएको र उक्त कारोबारको असर २०७६।७७ मा पनि प्रभावकारी रहेको छ। सो रकममध्ये कम्पनीको २०७४।७५ मा विभिन्न खाता शीर्षकमा रु.७ करोड ५७ लाख ८० हजारको कुल डेबिट समायोजन गरिएको छ र सो समायोजनको पुष्टि हुने पर्याप्त आधार तथा प्रमाण उपलब्ध हुन सकेको छैन। बाँकी रकम रु.२५ करोड ४२ लाख ८७ हजार Sundry Payable शीर्षकको खातामा स्थानान्तरण गरिएको पाइयो। सोही रकम रु.२५ करोड ४२ लाख ८७ हजार यस २०७६/७७ मा अन्य वित्तीय दायित्वअन्तर्गत Sundry Creditors मा रहेको छ।

#### २.२. राष्ट्रिय बीमा संस्थानसँगको हिसाब

कम्पनीले यस आर्थिक वर्षको अन्त्यमा अन्य दायित्वअन्तर्गत Payables to Rastriya Beema Sansthan शीर्षकमा रू.४ करोड ७४ लाख ९४ हजार (Cr), जसको शुरू मौज्दातको रूपमा अघिल्लो आर्थिक वर्षबाट सारिएको रू.४ करोड ६६ लाख ६८ हजार (Cr) अर्थात दिनुपर्ने देखाइएको छ। अन्तिम मौज्दात रू.४ करोड ७४ लाख ९४ हजार (Cr) DUE FROM/TO LIFE खाताबाट रू.६ करोड १ लाख ५ हजार (Cr) र STAFF LOAN ADJ LIFE (RASTRIYA BEEMA SANSTHAN) खाताबाट रू.१ करोड २६ लाख ११ हजार (Dr) समायोजन भएर आएको देखिन्छ। उक्त रकमहरूको वास्तविक विवरणको पूर्ण रूपमा समायोजन/हिसाब मिलान हुन नसकेको तथा सो लाई पुष्टि गर्ने कुनै प्रमाण हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन।

#### २.३. लामो समयदेखिको बीमा दाबी भुक्तानी नभएको

बीमा नियमावली, २०४९ को नियम ३२ को उपनियम ४ बमोजिम सर्भेयरले बीमकसमक्ष प्रतिवेदन पेस गरेको साधारणतया पैंतीस दिनभित्र बीमकले दायित्व ठहर गरी बीमितलाई निर्जीवन बीमाको दाबी भुक्तानी गर्नुपर्ने हुन्छ। कम्पनीले यस आर्थिक वर्षसम्ममा देहायका बाँकी बीमा दाबीहरु लामो अवधिदेखि फछर्यौंट नभएको देखिन्छ।

| | |
|---|---|
| चालु आर्थिक वर्षमा परेको भुक्तानी हुन बाँकी दाबी (२०७६।७७ को) | ३७,७३,१६,२२६.४१ |
| एक आर्थिक वर्ष अघिको (२०७५।७६ को) | १२,२२,६१,९४०.२२ |
| दुई आर्थिक वर्ष अघिको (२०७४।७५ को) | १६,५१,०३,०८२.५७ |

| | |
|---|---|
| तीन आर्थिक वर्ष वा सोभन्दा अघिको (२०७३।७४ वा सोभन्दा अघिको) | २७,६८,६५,९९३.८७ |
| **जम्मा** | **९४,१५,४७,२४३.०७** |

## २.४. बीमा शुल्क प्राप्त नगरी बीमा जोखिम स्वीकार

बीमा ऐन, २०४९ को दफा २७ अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली २०४९ को ३६(ग) अनुसार बीमितले बीमा शुल्क नबुझाएसम्म बीमक र बीमितबीचमा कारोबार भएकै नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै कम्पनीले बीमा प्रिमियम रकम बाँकी राखी बीमा स्वीकार गरेको पाइयो। बीमा प्रिमियम प्राप्त नभई बीमा आम्दानी बाँधेको र जोखिम वहन गरको बाँधेको उपयुक्त देखिँदैन। साथै, उक्त रकमको पुष्टि गर्ने कुनै विवरण प्राप्त हुन सकेन। यस शीर्षकअन्तर्गत शुरू मौज्दातको रूपमा रु.८ करोड ५० लाख ९६ हजार र अन्तिम मौज्दातको रूपमा रु.१२ लाख ११ हजार देखिन्छ।

## २.५. प्रवन्धपत्रअनुसारको सेयर संरचना नरहेको

कम्पनीको प्रवन्धपत्रअनुसार ७० प्रतिशत संस्थापक सेयर र ३० प्रतिशत सर्वसाधारण सेयर रहने व्यवस्था रहेको छ। साथै, ७० प्रतिशत संस्थापक सेयरमध्ये नेपाल सरकारको ४१.०३ प्रतिशत, कर्मचारी सञ्चय कोषको १९.३७ प्रतिशत तथा नेपाल बैङ्क लिमिटेडको ९.६० प्रतिशत सेयर रहने व्यवस्था रहेको छ। तर, २०७७ आषाढ मसान्तको कम्पनीको सेयर संरचना माथि उल्लेख गरेबमोजिम रहेको पाइएन। साथै, कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित सेयर लगत हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन।

| सेयरधनीको विवरण | प्रवन्धपत्र अनुसार (प्रतिशतमा) | २०७७ आषाढ मसान्तको सेयर संरचना (प्रतिशतमा) |
|---|---|---|
| नेपाल सरकार | ४१.०३ | ४७.५० |
| कर्मचारी सञ्चय कोष | १९.३७ | २२.०० |
| नेपाल बैङ्क लिमिटेड | ९.६० | १०.९६ |
| सर्वसाधारण | ३०.०० | १९.५४ |
| **जम्मा** | **१००.००** | **१००.००** |

## २.६. बैङ्क मौज्दात तथा लेखा अद्यावधिक सम्बन्धी

२०७६।७७ को बैङ्क मिलान विवरण (BRS) मा कुल रु.६३ लाख ५७ हजारको पहिचान नभएको भिन्नता देखिएको छ। यी भिन्नताहरूको प्रकृति पुष्टि गर्न पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाणहरू हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन। यस आर्थिक वर्षको अन्त्यसम्ममा कम्पनीको बैङ्क खाताहरुबाट भएको जम्मा रु.५ करोड ९ लाख १८ हजार बराबरको भुक्तानी तथा कम्पनीको बैङ्क खाताहरुमा जम्मा रु.५ करोड ९४ लाख ७९ हजार बराबरको प्राप्ति कम्पनीको वित्तीय विवरणमा अद्यावधिक गरिएको छैन।

## २.७. विभिन्न लेनदेन हिसाबमा गरिएको व्यवस्थाको अनुमान विश्वसनीय नभएको

कम्पनीका पुराना हिसाब मिलान नभएका खाताहरु विगत लामो अवधिदेखि अ.ल्या. हुँदै आएकोमा यस सम्बन्धी पुष्ट्याई हुने कागजात उपलब्ध हुन सकेका छैनन्, जसको विवरण निम्नबमोजिम रहेको छ।

| Account No. | Account Head | Opening | | Closing | |
|---|---|---|---|---|---|
| | | Debit | Credit | Debit | Credit |
| 1995 | Reinsurers A/C | 60,489,464.43 | - | 60,489,464.43 | - |
| 239 | SELF EMPLOYED FUND | - | 300,000.00 | - | 300,000.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| 1680 | PAYABLE TO REINSURERS | - | 60,342,733.30 | - | 60,342,733.30 |
| 1991 | Clients A/C | 14,888,209.82 | - | 14,888,209.82 | - |
| 521 | Medical (Regular) Short Term Advance | 313,284.78 | - | 313,284.78 | - |
| 889 | Insured A/C Ho | 414,805.44 | - | 452,531.54 | - |
| 947 | Rastriya Beema Sansthan (S.Cr) | - | 10,514,587.81 | - | 10,514,587.81 |
| 1328 | Rastriya Beema Sansthan (Insured A/C Ho) | - | 153,371.30 | - | 153,371.30 |

### ३. अन्य विषयहरु

यो स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनको रायका अतिरिक्त नेपाल बीमा प्राधिकरणका प्रयोगार्थ सोही मितिमा अर्को रायसहितको लेखापरीक्षकको प्रतिवेदन जारी गरिएको छ।

### ४. वित्तीय विवरणहरू प्रति व्यवस्थापन र शासकीय व्यवस्था वहन गर्ने अख्तियारीको उत्तरदायित्व

विद्यमान सान्दर्भिक कानूनहरू, नेपाल वित्तीय प्रतिवेदनमान (NFRS), कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ (तत्कालिन बीमा ऐन, २०४९), नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) को निर्देशन अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्वअन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरणहरू तयार गर्दा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको व्यवसायको अविच्छिन्नताको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषयवस्तुहरूको स्तरीयता विवरण देखाउनुपर्ने वा अविच्छिन्नतासँग सम्बन्धित जानकारीहरू खुलासा गर्ने दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ। राष्ट्रिय बीमा कम्पनी लिमिटेडको वित्तीय प्रतिवेदन प्रक्रियासम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा रहेको हुन्छ। राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सञ्चालक समिति कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ।

### ५. वित्तीय विवरणहरू प्रति लेखापरीक्षकको उत्तरदायित्वः

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू जालसाजी वा भूलवाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ नै भन्ने हुँदैन। त्रुटिहरू जालसाजी वा गल्तीबाट निम्तिन्छन् र ती त्रुटिहरूले अलग-अलगवा समग्र रूपमा वित्तीय विवरणहरूको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौं।

### वित्तीय विवरणहरूको लेखापरीक्षणको उत्तरदायित्व सम्बन्धी अन्य कुराहरूः

- नेपाल वित्तीय प्रतिवेदनमानअनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यावसायिक क्षमताको प्रयोग गरेका छौं। वित्तीय विवरणहरू उपर जालसाजी वा भूलबाट हुन सक्ने भौतिक सारभूत त्रुटिहरूको पहिचान र जोखिमको मूल्याङ्कन गरेका छौं।

हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरू केलाई यी जोखिमको न्यूनीकरण गर्न आवश्यक लेखापरीक्षण प्रक्रियाहरू समेत अवलम्बन गरेका छौं।

- भूलबाट हुने त्रुटिभन्दा जालसाजीबाट हुने त्रुटि पत्ता नलाग्ने जोखिम अधिक हुन्छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई, निकाय सुहाउँदो लेखापरीक्षण प्रक्रिया तयार गर्नका लागि संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीति, लेखा अनुमान एवम् वित्तीय विवरणहरूसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याङ्कन गरेका छौं।
- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निस्कर्षलाई हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरूको आधारमा मूल्याङ्कन गरेका छौं। भविष्यमा हुन सक्ने जोखिमको सम्भावनालाई नकार्न नसकिने हुनाले आगामी दिनहरूमा अविच्छिन्नता रहने कुराको आश्वासन दिन सकिदैंन।
- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरूको पूर्ण रूपले पालना गरिएको तथा हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विवरणहरू आएको खण्डमा सञ्चालक समितिलाई जानकारी गराउने भन्ने सूचित गरिएको।

**अन्य कानूनी र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

हाम्रो छड्के लेखापरीक्षण तथा हामीले पाएसम्मको सूचना एवम् लेखापरीक्षणको सिलसिलामा हामीलाई प्राप्त जानकारी र स्पष्टिकरणहरूको आधारमा देहायबमोजिम प्रतिवेदन पेश गर्दछौंः

(क) माथि बुँदा नं. २ (राय व्यक्त नगरिनुका आधार) मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरू सन्तोषजनक पाएका छौं।

(ख) माथि बुँदा नं. २ (राय व्यक्त नगरिनुका आधार) मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा कम्पनीको हिसाबकिताबहरू प्रचलित कानूनबमोजिम ठिकसँग राखिएका छन्।

(ग) माथि बुँदा नं. २ (राय व्यक्त नगरिनुका आधार) मा उल्लेखित अवस्थाहरूले पार्ने प्रभावबाहेक यस प्रतिवेदनकासाथ संलग्न वासलात, नाफा/नोक्सान हिसाब, ईक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण कम्पनीले राखेको हिसाबकिताब बमोजिम छन्।

(घ) लेखापरीक्षणको सिलसिलामा कम्पनीको सञ्चालक समिति वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत काम गरेको वा अनियमित कार्य गरेको वा कम्पनीको हित विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन।

(ङ) कम्पनीको हिसाबकिताबहरूमा कुनै पनि जालसाजी गरिएको हाम्रो जानकारीमा आएन।

(च) हाम्रो रायमा कम्पनीले असमाप्त जोखिमको लागि पर्याप्त जगेडा बीमा ऐनबमोजिम राखेको छ।

(छ) कम्पनीले लेखासँग सम्बन्धित कारोबार भएकै समयमा हिसाबकिताबको लेखा नराख्नु, विभिन्न सम्पत्ति तथा दायित्वको रूपमा रहेको उठाउनुपर्ने तथा दिनुपर्ने रकमको तेस्रो पक्षबाट संस्थागत पुष्टिकरण समयमा नलिनु, बैङ्क खाताको समयमा हिसाबमिलान तथा आवश्यक समायोजन नगर्नु, केही स्थिर सम्पत्तिको सुरक्षाको लागि यथोचित व्यवस्था नगर्नु जस्ता आन्तरिक नियन्त्रण प्रणालीको कमजोरी देखिएकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा यथेष्ट सुधार गर्नुपर्ने देखिन्छ। उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको अभावमा कम्पनीको कार्यदक्षता, मितव्ययिता, कार्यकुशलता, जोखिम व्यवस्थापन प्रणाली तथा नीति नियमको परिपालनामा कमी रहेको दृष्टिगत गरिएको छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।१।१३ मा पेश गरेका छन्।**

# राष्ट्रिय वाणिज्य बैङ्क

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Report on the Audit of Consolidated Financial Statements**

**Qualified Opinion**

We have audited the accompanying financial statements of Rastriya Banijya Bank Limited ("the Bank"), and Consolidated Financial Statements of the Group (the Bank and its subsidiaries), which comprise the Consolidated Statement of Financial Position as at Ashadh 32, 2082 (corresponding to July 16, 2025), the Consolidated Statement of Profit or Loss, the Consolidated Statement of Other Comprehensive Income, the Consolidated Statement of Cash Flows, and the Consolidated Statement of Changes in Equity for the year then ended, along with Notes forming part of the Consolidated Financial Statements, and a summary of significant accounting policies.

In our opinion, except for the effects of the matters described in the Basis of Qualified Opinion section, the accompanying consolidated financial statements present fairly, in all material respects, the consolidated financial position of the Bank and the Group as at Ashadh 32, 2082 (July 16, 2025), and their consolidated financial performance and consolidated cash flows for the year then ended in accordance with the Nepal Financial Reporting Standards (NFRS).

***Basis for Qualified Opinion***

We conducted our audit of the consolidated financial statements in accordance with Nepal Standards on Auditing (NSA). Our responsibilities under those Standards are further described in the *Auditor's Responsibilities for the Audit of the Consolidated Financial Statements* section of our report. We are independent of the Group in accordance with the Handbook of the Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal (ICAN) and we have fulfilled other ethical responsibilities in accordance with ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the consolidated financial statements except the following:

(a) We were unable to obtain sufficient and appropriate audit evidence enabling us to determine the effect on equity of the Bank/Group in case of:
   - Net balance of un-reconciled inter-branch transactions, amounting to NPR 572.91 million (Credit NPR 1,268.15 million and Debit NPR 695.25 million).
   - Unidentified and un-reconciled balances of NPR 38.58 million in credit (Debit NPR 137.14 million and Credit NPR 175.72 million) have been carried forward for several years due to which probable recovery and obligation could not be identified. These balances are unclaimed liabilities, unidentified deposits and overdue/matured fixed deposits, bills payable, cash in transit, prepayments and advances, debit/credit card transactions, other liabilities etc.

(b) The Bank's Property, Plant and Equipment consist of land at Head Office-Singha Durbar Plaza and Branch Office- Lahan where title deeds are not in Bank's name [total market value NPR 4,237.65 million as per independent engineer's valuation in Ashadh 2080], however possession and use of such land (including building constructed over it) is with the Bank.

(c) The Bank has made accumulated provision of NPR 23,124.29 million towards the Liabilities for Employee Defined Benefit Obligation (pension, gratuity, endowment life insurance fund and accumulated leave) as on 32 Ashad, 2082 including additional provision of NPR 2,101.23 million for the current financial year, based on the actuary valuation which has taken increment of 3% for pension. The factors, input and assumptions used in the valuation are not compatible with historical

trends of the bank like average historical increment rate for pension growth is 3.47% over the period of last five years. The fund provision requires technical expertise of actuary in addition to historical incremental trends to ascertain the impact in the financial statements. Thus, the amount of provision made will vary as the actuary considers several assumptions for valuation of Employee Defined Benefit Obligation such as discount rate, mortality, salary increment, retirement benefit increment and withdrawal, etc.

***Key Audit Matters***

Key Audit Matters are those matters that, in our professional judgment, were of most significance in our audit of the Consolidated Financial Statements of the current period. These matters were addressed in the context of our audit of the Consolidated Financial Statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. Except for the matters described in the *Basis for Qualified Opinion* section, we have determined that the matters described below to be the key audit matters to be communicated in our report:

| Key Audit Matter | How the Key Audit Matter was Addressed |
|---|---|
| **a. Interest Income Recognition** | |
| The Bank has implemented Interest Income Recognition, 2025 issued by Nepal Rastra Bank effective from Shrawan 2081. The guidelines require staging of loans (Stage 1, 2, 3) with different recognition methods – accrual basis for Stage 1 & 2 based on coupon interest rate and cash basis (incremental) for Stage 3 assets. The transitional arrangement involves complex quarterly tracking at account level and reconciliation between interest suspense, accrued interest, and actual collections.<br><br>Given the significant changes in interest recognition process, manual interventions during transition, technical understanding of NFRS 9 and aforesaid NRB guidelines and risk of misstatement in interest income, we considered this as a key audit matter.<br><br>Refer Note no 3.14 to Financial Statements. | Our audit approach included:<br>a. Obtained understanding of the Bank's implementation framework and tested interest computation processes at account level.<br>b. Testing of the interest income recording with manual computation on sample borrower.<br>c. Understanding as to how the Bank's management monitor their business, analyze its credit portfolio and the interest income thereon.<br>d. Verified staging classification (Stage 1, 2, 3) for sample loans based on ECL guidelines and tested stage migration reports.<br>e. For Stage 3 assets, tested cash basis approach by tracing collections to Bank statements, recalculating interest suspense movements, and verifying that suspense does not exceed accrued interest. |
| **b. Impairment of Loans and Advances to Customers** | |
| As per NFRS 9 including carve-out issued by ICAN, the bank shall measure impairment loss on loans and advances, which is the higher of:<br>a. Amount derived as per norms prescribed by NRB for loan loss provisioning or<br>b. Amount determined as per para 5.5 of NFRS adopting the expected credit loss model.<br><br>As per the norms prescribed by NRB, provision at the prescribed rate shall be created on the loans and advances based on overdue status of loans and advances as well as utilization status of the facility, status of security etc. Hence, assessment of availability and accuracy of data for impairment | Our audit approach included:<br>a. Reviewing the overdue status of loans and advances by obtaining data from the system and matching the same with NRB 2.2 report.<br>b. Reviewing sample credit files to assure the utilization of loan & advances for the intended purpose, account movement and account turnover.<br>c. Assessing the alignment of the Bank's impairment for expected credit losses computations and underlying methodology including responses to current economic conditions with its accounting policies, based on the best available information up to the date of our report.<br>d. Evaluating the design, implementation and operating effectiveness of controls over estimation of expected |

| | |
|---|---|
| under NRB provisioning norms is regarded as key audit matters.<br><br>Loan loss provision on loans and advances measured at amortized cost is NPR. 13,766,129,362 which is higher of ECL Model and NRB regulatory provisions and the same has been disclosed in note 3.5.8 of the financial statement.<br>We have considered this a key audit matter due to<br>• The involvement of significant management judgements, assumptions and level of uncertainty associated with estimating future cash flows to recover such loans and advances; and<br>• The materiality of the reported amount of expected credit losses.<br><br>Key areas of significant judgements, assumptions and estimates made by management in the assessment of expected credit losses for loans and advances include credit risk grading and historical loss experience. These are subject to inherently heightened levels of estimation uncertainty. Such key estimates, judgments and assumptions are disclosed in note 3.5.8 of financial statement. | credit losses, which included assessing the level of oversight review and approval of impairment for expected credit losses, policies and procedures by the board and management.<br>e. Testing the completeness, accuracy and reasonableness of the underlying data used in the expected credit loss computations by agreeing details to relevant source documents and accounting records.<br>f. Evaluating the reasonableness of credit quality assessments and related stage classifications including review of ECL validation report.<br>g. Review of IT system to provide loan loss provision based on overdue payments.<br>h. On sampling basis, verification of accuracy of provision against non-performing loan calculated by the IT system and manual calculation sampling basis.<br><br>In addition to the above, the following procedures were performed:<br>i. For loans and advances assessed on an individual basis for impairment:<br>• Tested the arithmetical accuracy of the underlying individual impairment calculations.<br>• Evaluated the reasonableness of key inputs used in the impairment for expected credit losses made with economic conditions. Such evaluations were carried out considering the value and timing of cash flow forecasts particularly relating to elevated risk industries and status of recovery actions of the collaterals.<br>j. For loans and advances assessed on a collective basis for impairment:<br>• Tested the key inputs and the calculations used in the impairment for expected credit losses.<br>• Assessed the reasonableness of judgements, estimates used by the Management in the underlying methodology and the management overlays. Our testing included reasonableness of forward-looking information used, economic scenarios considered, and probability weighting assigned to each scenario. |
| **c. Information Technology System and Control over Financial Reporting** | |
| IT controls with respect to recording transactions, generating various reports in compliance with NRB guidelines and other compliances to regulators is an important part of the process. Such reporting is heavily dependent on the effective working of Core Banking Software (CBS) and other allied systems. In this regard, the Bank is operating Pumori IV as its Core Banking Software, along with supporting systems, for processing transactions, maintaining | Our audit approach regarding the information technology of the bank is based upon the Information Technology Guidelines issued by NRB and included:<br>a. Understanding of the business processes, IT Systems used to generate and support those balances and associated IT application controls and IT dependencies in manual controls.<br>b. Evaluating and testing the design and operating effectiveness of certain control activities over the |

| | |
|---|---|
| accounting records, and producing statutory and regulatory reports.<br><br>We have considered this a key audit matter as any control lapses, validation failures, incorrect input data, and errors in the extraction of data may result in incorrect financial reporting. | integrity of the material IT systems that the relevant to financial reporting.<br>c. Understanding the feeding of the data in the system and going through the extraction of the financial information and statements from the IT system existing in the Bank.<br>d. Reviewing the user /authority matrix for any changes in the regulations/ policy of the Bank<br>e. Reviewed the reports generated by the system on a sample basis and verified the interest income and expense booking regarding loans and deposits on a test basis with the CBS of the Bank. |
| **d. Investment Valuation and Impairment** | |
| Investment of the Bank comprises investment in government bonds, T-bills, investment in quoted and unquoted equity instruments. The valuation of the aforesaid securities has been done in compliance with NFRS and NRB Directive.<br><br>No financial statements have been available for investments in the Subsidiary (Everest Food Ltd.) and investment in associates (Butwal Suti Dhago Udhyog, Himal Cement Company Ltd. and Gorakhkali Rubber Udyog Ltd.) which have been fully impaired. The Bank also made investments in shares of unquoted companies, a few of them are not in operation.<br><br>Investment in Himal Cement Company (HCC) was made by erstwhile NIDC Development Bank Ltd (NPR 36,892,100) which originally held 80.90% shares in HCC, which has been reduced to 26.74% after the Government of Nepal (Financial Comptroller General Officer) invested NPR 100 million in the year 2071 B.S. Land and buildings owned by HCC including at Chovar were taken over for Intermodal Container Depot and other facilities as per the decision of the government, however, liquidation of HCC is still in process with the agreed purchase consideration from the government thus Bank's share in compensation is still to be determined and progressed.<br><br>Given the varieties of treatments in the valuation of investment based on the nature of cash flow, the business model adopted, the complexity of calculations and the significance of the amount involved in such investments, we have considered this a Key Audit Matter.<br><br>*(Ref. Note 4.5, 4.8, 4.10, 4.11 5.8.4, 5.8.5 and 5.26 to the financial statements)* | Our audit approach regarding verification of the process of investment valuation, identification and impairment included:<br>a. Review of the investment of the Bank and its valuation having reference to NFRS and NRB Directives.<br>b. Assess the nature of the expected cash flow of the investments as well as the business model adopted by the management on the basis of available evidence/circumstances and ensured that the classification of investment is commensurate with the nature of cash flow and management's intention of holding the investment.<br>c. Test check the effective interest rate and amortization schedule on a test basis for the investment valued at amortized cost.<br>d. Review the decisions and correspondences made with HCC and Government of Nepal.<br>e. Ensure that fair valuation has been done at the closing rate in NEPSE at the year-end for quoted investment and for the unquoted investment, net assets value based on the certified financial reports. |
| **e. Property, Plant and Equipment (PPE)** | |

| | |
|---|---|
| The valuation of Property, Plant and Equipment is a significant and complex area of the audit due to its materiality and the subjectivity involved in fair values. The Bank's PPE includes significant assets subject to estimation uncertainties, particularly in determining fair values. | Our audit approach regarding verification of property, plant and equipment included:<br>a. Confirming that PPE is initially recorded at historical cost and verify the accuracy of the cost basis by examining invoices, contracts and other relevant documentation.<br>b. Confirming that existence and ownership of significant PPE by physically inspecting assets, reviewing title deeds, and confirming ownership documentation.<br>c. Assessing the appropriateness of management's assumption and the application of professional judgement in the revaluation process.<br>d. Evaluating the qualifications and experience of the independent valuators engaged by the Bank for the valuation, including review of their methodologies.<br>e. Ensuring that the valuation methods applied are consistent with relevant accounting standards.<br>f. Assessing the adequacy of supporting documentation including the valuation report and related evidence. |

***Other Matters***

We did not audit the financial statements of subsidiary companies, namely RBB Merchant Banking Limited and RBB Securities Company Limited. The financial statements and other financial information have been audited by other auditors whose reports have been furnished to us by the management. Our opinion on the financial statements so far as it relates to the accounts and disclosures included in respect of the subsidiary is based solely on the report of other auditors.

Our opinion on the consolidated financial statements is not modified in respect of the above matter.

***Information Other than the Consolidated Financial Statement and Auditors' Report Thereon***

The Bank's Management is responsible for the other information. The other information comprises the information included in the Management Report, the Board of Directors, and Chairman's Statement but does not include the consolidated financial statements and our auditor's report thereon. Our opinion on the consolidated financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the consolidated financial statements, our responsibility is to read the other information and in doing so, consider whether the other information is materially inconsistent with the consolidated financial statements, or our knowledge obtained during our audit or otherwise appears to be materially misstated. As the other information documents are in the process of completion, the management has provided written representation that the final version of the documents will be provided when available thus we have nothing to report in this regard.

***Responsibility of Management and Those Charged with Governance for the Consolidated Financial Statements***

Management is responsible for the preparation and fair presentation of the consolidated financial statements in accordance with Nepal Financial Reporting Standards and for such internal control as management determines is necessary to enable the preparation of consolidated financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the consolidated financial statements, management is responsible for assessing the Group's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Group or to cease operations or has no realistic alternative but to do so. Those charged with Governance are responsible for overseeing the Group's financial reporting process.

***Auditors' Responsibilities for the Audit of Consolidated Financial Statements***

Our objectives are to obtain reasonable assurance about whether the consolidated financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with Nepal Standards on Auditing (NSA) will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these consolidated financial statements.

As part of an audit in accordance with NSA, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the consolidated financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purposes of expressing an opinion on the effectiveness of the Group's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management,
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Group's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the consolidated financial statements or if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Group to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the consolidated financial statements, including the disclosures, and whether the consolidated financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Group to express an opinion on the consolidated financial statements. We are responsible for the direction, supervision, and performance of the group audit. We remain solely responsible for our audit opinion.

We have communicated with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in

internal control that we identify during our audit. A separate management letter outlining such findings and deficiencies has been issued on this date.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

***Report on Other Legal and Regulatory Requirements***

We further report that:

- We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
- The consolidated financial statements including the consolidated statement of financial position, consolidated statement of profit or loss, consolidated statement of other comprehensive income, consolidated statement of changes in equity, consolidated statement of cash flows including a summary of significant accounting policies and other explanatory notes have been prepared in all material respect in accordance with the provisions of the Company Act, 2063, and they are in agreement with the books of accounts of the Bank; and the accounts and records of the Bank are properly maintained in accordance with the prevailing laws.
- In our opinion, the returns received from the branches of the bank are adequate for the audit purpose, though the statements are independently not audited.
- To the best of our information and according to the explanations given to us and from our examination of the books of account of the Bank, except as disclosed in Note 5.7.3 to the financial statements, we did not come across the cases where the Board of Directors or any member thereof or any employee of the Bank have acted deliberately in contrary with the provisions of the law relating to accounts or caused loss or damage to the Bank or committed any misappropriation or violated any directive of Nepal Rastra Bank.
- To the best of our information and according to the explanations given to us, in the course of our audit, we did not come across cases where the business of the Bank and transactions were not conducted within the scope of its authority. We observed that the loans have been written off as specified and we did not come across cases of accounting-related fraud and cases where the board of directors or any director or any office bearer of the Bank has acted contrary to the provisions of law or caused loss or damage to the Bank or committed any misappropriation of the funds of the Bank.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस बैङ्कमा २०८२।१२।१२ मा पेश गरेका छन्।**

# विशालबजार कम्पनी लिमिटेड (२०७७।७८)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### १. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले विशाल बजार कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०७८ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक कम्पनीको वित्तीय विवरणहरुले २०७८ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको नाफा/नोक्सान र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम यथार्थ चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्।

२.१. **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाले आर्थिक वर्ष २०७४ बाट सबै सूचीकृत कम्पनीहरुमा लागू हुने गरी नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेको छ। यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

२.२. **कबल भाडा फैसला कार्यान्वयनः**

**क) ०६७-cr-०२२२ को फैसला कार्यान्वयन गर्ने सम्बन्धमाः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नेपाल सरकार वादी रहेको कम मुल्यमा कबल भाडामा दिई दिलाई बढी मुल्यमा भाडामा लगाई भ्रष्टाचार गरेको मुद्दा सम्मानित सर्वोच्च अदालतबाट २०७३।८।२६ मा भएको फैसलाबमोजिमको लगत तथा कार्य गर्न यस कम्पनीलाई २०७४।३।१६ र २०७४।३।१८ को पत्रबाट प्रेषित गरेको अवस्था छ। २०७३।८।२८ को फैसलाअनुसार प्रतिवादी रविन्द्रलाल श्रेष्ठबाट बिगो रु.३६ लाख ७३ हजार विशाल बजार कम्पनीले भरी पाउने समेत ठहर गरेको अवस्था छ। उपरोक्त बिगो मुलुकी ऐन दण्ड सजायको ४२ नं. बमोजिम दिलाई भराई पाउन हाल प्रतिवादीहरुको जायजेथा फेला परेको अवस्था नहुँदा फेला परेको वखत सम्मानित अदालतलाई जानकारी गराउने भनी ४०६७-cr-०२२२ फैसला कार्यान्वयनको लागि कम्पनीले सम्मानित काठमाडौं जिल्ला अदालतमा २०७४ चैत्र महिनामा निवेदन पत्र पेस गरेको देखिएको छ।

**ख) ०६७-CI-०३२३ को फैसला कार्यान्वयन गर्ने सम्बन्धमाः** प्रस्तुत मुद्दा माथि दफा ३.१(क) मुद्दासँग अन्तरप्रभावी देखिँदा उक्त मुद्दामा उल्लिखित आधार कारणहरु समेतबाट प्रस्तुत मुद्दामा पनि अख्तियार दुरुपयोग निवारण आयोगबाट २०६५।११।२५ मा निर्णय भई तत्पश्चातका घरभाडा कम्पनीमा दाखिला गर्ने ठहऱ्याई भएको निर्णय सम्मानित सर्वोच्च अदालतको २०७३।८।२६ को फैसला ०६७-CI-०३२३ बाट देखिँदा सोअनुसार २०६५ साल फाल्गुणपश्चातको भाडा कम्पनीमा दाखिला गर्न पर्ने ठहर भएको देखिएकोमा २०६५ साल चैत्रदेखिको भाडा रकम सम्झौता कागजातहरुको आधारमा निक्र्यौल गरी व्यवस्थापनले असुली गर्नुपर्ने देखिएको छ। यस सम्बन्धमा कम्पनीले सम्मानित काठमाडौं जिल्ला अदालतमा निवेदन पत्र पेस गरेको देखिएको र दुबै फैसला ०६७-cr-०२२२ र ०६७-CI-०३२३ प्रतिवादी सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनमा गएको र प्रस्तुत वर्ष पश्चातः अनुमति प्रदान भई सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधीनमा रहेकोले फैसला कार्यान्वयन हुन नसकेको अवस्था रहेको कम्पनीले जनाएको छ।

**ग)** सम्मानित सर्वोच्च अदालतको उपरोक्त दुबै फैसलाबमोजिम लिनुपर्ने रकमको लेखाङ्कन कम्पनीले गरेको छैन।

२.३. २०७०।४।१० मा अनुसन्धानको सिलसिलामा कम्पनीको २०४२।२।४ देखि २०७०।३।३१ सम्मको निर्णय पुस्तिका, पसल कबल भाडामा दिने सम्झौता र अन्य कागजात अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माग गरेबमोजिम पठाइएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पठाउनुपर्ने भन्ने बुझिएकोले कम्पनीमा फिर्ता हुन नसकेको व्यहोरा कम्पनीले जानकारी दिएको अवस्था रहेको छ।

२.४. २०५५।५६ र २०५६।५७ मा क्रमशः रु.११ लाख ४२ हजार र रु.२१ लाख २ हजार गरी जम्मा रु.३२ लाख ४४ हजार भई आएको आयकर सम्भाव्य दायित्वमा देखाई सो बापत थप व्यवस्था गरिएको छैन। २०६४।६५ र २०६५।६६ को संशोधित आयकर निर्धारण भई खुद थप दाखिला गर्न बाँकी रकम क्रमशः रु.४.४३ करोड र रु.४.०५ करोड गरी हुने जम्मा रु.८.४८ करोड कम्पनीले सम्भावित दायित्वतर्फ् देखाई सो बापत थप व्यवस्था गरिएको छैन। आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. २, बबरमहल विरुद्ध कम्पनीले २०७४।१।५ मा सम्मानित सर्वोच्च अदालतमा दिएको पुनरावेदन मुद्दा विचाराधीन अवस्थामा रहेकोमा हाल उक्त मुद्दा कम्पनीको सञ्चालक समितिको २०७८।७।२६ को बैठकले फिर्ता लिई निर्धारित आयकर तथा शुल्कबापतको रकम रु.८ करोड ४९ लाख ५६ हजारमा धरौटी दाखिला गरेको रकम कट्टि गरी नपुग रु.५ करोड २७ लाख ७० हजार २०७८।८।२८ मा दाखिला गरी सोको जानकारी आन्तरिक राजस्व कार्यालयमा गराई हिसाब फरफारक गरिएको छ।

२.५. नेपाल लेखामान १२ आयकरअनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएको कर आधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखा आधारबीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नुपर्ने हुन्छ। यद्यपी कम्पनीले स्थगन कर गणना गरेको छैन।

२.६. कम्पनीले जरिवाना आम्दानीको लेखाङ्कन नीति प्रोदभावी आधारमा नगरी नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको छ। जुन नेपाल लेखामान सिद्धान्त तथा नीति अनुरुप देखिँदैन। प्रस्तुत २०७७।७८ मा जरिवाना प्रोदभावी आधारमा नभई नगद प्राप्तिको आधारमा आम्दानी गरिएकोले सोको प्रभाव वित्तीय विवरणमा पर्न गएको छ।

२.७. कम्पनीले २०७३।७४ देखि २०७७।७८ सम्मको लागि बोनसको प्रावधान गरी व्यवस्था गरेता पनि हालसम्म सो रकम वितरण गरेको छैन। बोनस ऐन, २०३० अनुसार सो बोनस वितरण गनुपर्ने भएता पनि वितरण नभएकाले बोनस ऐनको उल्लङ्घन भएको देखिन्छ। यसका कारण भविष्यमा जरिवाना, ब्याज वा थप कर दायित्व तिनुपर्ने सम्भावना रहन्छ। कम्पनीले यो अवस्थामा लागू हुने कानूनको पालना नगरेको स्थितिमा पर्दछ।

हामीले नेपाल लेखापरीक्षणमानबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेका छौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## ३. लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनुपर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

## ४. अन्य विषयहरु

**पसल बहाल सम्बन्धमा**

क) कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुकूल हुने गरी कम्पनीले विद्यमान विनियमावली परिमार्जन गर्न कम्पनीमा कार्यरत कानूनी सल्लाहकारमार्फत् यथाशीघ्र मस्यौदा तयार गर्न लगाई सञ्चालक समितिमा

पेस गर्न व्यवस्थापनलाई निर्देशन २०७१।७।२८ मा दिइएको र कम्पनीको तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग विरुद्ध सम्मानित सर्वोच्च अदालतमा २०६५ साल चैत्र महिनामा परेको रिट निवेदन पनि २०७२।२।२६ मा खारेजी भईसकेको र उपरोक्त फैसलामा पनि कम्पनीको विनियमावलीमा आवश्यक सुधार गरी पसल कबल भाडामा लगाउने प्रक्रियामा सुधार गर्न सार्वजनिक खरिद ऐन/नियमको प्रक्रिया अवलम्बन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०६५।११।२५ मा निर्णय गरी दिएको निर्देशन कानून प्रतिकुल भन्न मिलेन भनी समेत यस कम्पनीको रिट निवेदन खारेज हुने ठहरेको विद्यमान अवस्थामा उपरोक्त विनियमावली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएको छैन।

ख) कम्पनीको बहाल आम्दानी पछिल्लो पटक विभिन्न पसलहरुको टेण्डर आव्हान गरी बहालमा लगाइएका केही पसलहरुको औसत टेण्डर आव्हान दर र बहालमा लगाइएका केही पसलहरुको औसत दरले गणना गर्दा वार्षिक रु.१३ करोड १५ लाख ९० हजार बहाल आम्दानी न्यून रहन गएको आङ्कलन गरिएको छ। २०७५।७६ को आयकर निर्धारण गर्दा सो न्यून आम्दानी रकम रु.१३ करोड १५ लाख ९० हजारबापत हुने रकम रु.३ करोड २८ लाख ९८ हजार आयकर सम्भाव्य दायित्वमा देखाई सो बापत थप व्यवस्था गरिएको छैन। सो कारण साविकमा भएको करारनामा भङ्ग गर्न कानूनी व्यवधान अड्चन आई टेण्डर आव्हान गरी बहालमा लगाइएको अन्य पसलहरुको औसत टेण्डर आव्हान दर र बहाल दरअनुसार आम्दानी गर्न नसक्नु रहेको छ।

ग) औद्योगिक व्यवसाय ऐन, २०७६ का दफा ५४ मा व्यवस्था भएअनुसार व्यावसायिक सामाजिक जिम्मेवारी वहन प्रयोजनको लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तिमा एक प्रतिशत रकम छुट्याउनुपर्ने व्यवस्था भएता पनि सोको पालना नभएको। कम्पनीले यो अवस्थामा लागू हुने कानूनको पालना गरेका नदेखिएकाले कानूनको परिपालन गर्नुपर्ने देखिन्छ।

## ५. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरु गहन रुपले जालसाजी वा त्रुटिबाट हुन सक्ने गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्म (Going Concern) लाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनका लागि उत्तरदायी पक्षले वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

## ६. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भुलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ सो लाई प्राथमिकता दिइन्छ।

नेपाल लेखापरीक्षणमानअन्तर्गतको लेखापरीक्षण अवधिभर हामी पेशागत निर्णय लिनुका साथै पेशागत सन्देहबाट पालना गर्छौं। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

- वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आंकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटि पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेका छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा कम्पनीले अविच्छिन्न रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेका निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासा बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण कम्पनी अविच्छिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।
- सुशाासनको लागि जिम्मेवारहरु समक्ष जानकारी गराइएका विषयहरु यो अवधिको वित्तीय विवरणको लेखापरीक्षणका सर्वाधिक महत्वपूर्ण विषयहरु भएको कारणले ती कुराहरु नै लेखापरीक्षणको मुख्य विषय भएको निर्धारण गरिएको छ। सो कुराहरु कानून वा नियमनले छेकेको र एकदमै बिरलै अवस्थामा सो कुरा प्रतिवेदनमा उल्लेख गरिएको कारणले हुने सार्वजनिक हितभन्दा त्यसको प्रतिकूल परिणाम भारी हुने निर्धारण गरिएको भन्दा बाहेकका अवस्थाहरुमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वर्णन गर्छौं।

## ७. अन्य कानूनी र नियामक आवश्यकताहरु उपरको प्रतिवेदन

क) लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ एवम् स्पष्टिकरण उपलब्ध भएका छन्।

ख) कम्पनीले हिसाबकिताब स्रेस्ता प्रचलित कानूनबमोजिम माथि कैफियतसहितको राय व्यक्त गर्ने आधारमा उल्लेखितबाहेक ठिकसँग राखेका छन्। संलग्न वित्तीय विवरणहरु कम्पनीले राखेको लेखासँग दुरुस्त रहेका छन्।

ग) कम्पनी ऐन, २०६३ को दफा ७६(१) अनुसार कम्पनीले प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पूरा भएको छ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७२।७३ बाट सो सभा नभएको तथा सोही ऐनको दफा ८०(१) अनुसार कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित सेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण,

सञ्चालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनुपर्ने उल्लेख भएबमोजिम पालना नभएको, कर्मचारी कल्याणकारी कोषको २०७२।७३ देखि लेखापरीक्षण नभएको, धितोपत्र निष्काशन नियमावली, २०७३ को दफा २६(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र तोकिएबमोजिमको वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेस गर्नुपर्ने व्यवस्थाहरुको पालना नगरिएको देखियो।

घ) कम्पनीले सेयर लाभांश भुक्तानी दिन बाँकी २०४६।४७ देखि २०६५।६६ सम्म रु.३० लाख ९१ हजार रकम देखिएको छ। कम्पनी ऐन, २०६३ को दफा १८२ अनुसार ५ वर्षसम्म भुक्तानी दाबी नभएको रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने प्रावधान भएकोले सो व्यवस्था पालना नगरिएको देखियो।

ङ) हाम्रो विचारमा तथा हामीलाई उपलब्ध गराइएका सूचना तथा जानकारी एवम् स्पष्टिकरणको आधारमा कम्पनीको सञ्चालक समिति वा प्रतिनिधिले कानून विरुद्ध कामकाज वा हानी/नोक्सानी वा वेहिसाब गरेको देखिएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।११।१५ मा पेश गरेका छन्।**

# विशालबजार कम्पनी लिमिटेड (२०७६।७७)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### १. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले विशाल बजार कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०७७, आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक कम्पनीको वित्तीय विवरणहरुले २०७७ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको नाफा/नोक्सान र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम यथार्थ चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्।

**२.१. नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाले आर्थिक वर्ष २०७४ बाट सबै सूचीकृत कम्पनीहरुमा लागू हुने गरी नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेको छ। यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

**२.२. कबल भाडा फैसला कार्यान्वयनः**

**क) ०६७-cr-०२२२ को फैसला कार्यान्वयन गर्ने सम्बन्धमाः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नेपाल सरकार वादी रहेको कम मुल्यमा कबल भाडामा दिई दिलाई बढी मुल्यमा भाडामा लगाई भ्रष्टाचार गरेको मुद्दा सम्मानित सर्वोच्च अदालतबाट २०७३।८।२६ मा भएको फैसलाबमोजिमको लगत तथा कार्य गर्न यस कम्पनीलाई २०७४।३।१६ र २०७४।३।१८ को पत्रबाट प्रेषित गरेको अवस्था छ। २०७३।८।२६ को फैसलाअनुसार प्रतिवादी रविन्द्रलाल श्रेष्ठलाई रु.१ करोड २ लाख ८४ हजार जरिवाना भई बिगो रु.१ करोड २ लाख ८४ हजार विशाल बजार कम्पनीले भरिपाउने र प्रतिवादी देवेन्द्रलाल श्रेष्ठबाट बिगो रु.३६ लाख ७३ हजार विशाल बजार कम्पनीले भरिपाउने समेत ठहर गरेको अवस्था छ। उपरोक्त बिगो मुलुकी ऐन दण्ड सजायको ४२ नं. बमोजिम दिलाई भराई पाउन हाल प्रतिवादीहरुको जायजेथा फेला परेको अवस्था नहुँदा फेला परेका बखत सम्मानित अदालतलाई जानकारी गराउने भनी ४०६७-cr-०२२२ फैसला कार्यान्वयनको लागि कम्पनीले सम्मानित काठमाडौं जिल्ला अदालतमा २०७४ चैत्र महिनामा निवेदन पत्र पेश गरेको देखिएको छ।

**ख) ०६७-CI-०३२३ फैसला कार्यान्वयन गर्ने सम्बन्धमाः** प्रस्तुत मुद्दा माथि दफा ३.१ (क) मुद्दासँग अन्तरप्रभावी देखिँदा उक्त मुद्दामा उल्लिखित आधार कारणहरु समेतबाट प्रस्तुत मुद्दामा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट २०६५।११।२५ मा निर्णय भई तत्पश्चातका घरभाडा कम्पनीमा दाखिला गर्ने ठहर्‍याई भएको निर्णय सम्मानित सर्वोच्च अदालतको २०७३।८।२६ को फैसला ०६७-CI-०३२३ बाट देखिँदा सोअनुसार २०६५ साल फाल्गुणपश्चातको भाडा कम्पनीमा दाखिला गर्नुपर्ने ठहर भएको देखिएकोमा २०६५ चैत्रदेखिको भाडा रकम सम्झौता कागजातहरुको आधारमा निक्यौंल गरी व्यवस्थापनले असुली गर्नुपर्ने देखिएको छ। यस सम्बन्धमा कम्पनीले सम्मानित काठमाडौं जिल्ला अदालतमा निवेदन पत्र पेश गरेको देखिएको र दुबै फैसला ०६७-cr-०२२२ र ०६७-CI-०३२३ प्रतिवादी सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनमा गएको र प्रस्तुत वर्षपश्चात् अनुमति प्रदान भई सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचारधीनमा रहेकोले फैसला कार्यान्वयन हुन नसकेको अवस्था रहेको कम्पनीले जनाएको छ।

**ग)** सम्मानित सर्वोच्च अदालतको उपरोक्त दुबै फैसलाबमोजिम लिनुपर्ने रकमको लेखाङ्कन कम्पनीले गरेको छैन।

**२.३.** २०७०।४।१० मा अनुसन्धानको सिलसिलामा कम्पनीको २०४२।२।४ देखि २०७०।३।३१ सम्मको निर्णय पुस्तिका, पसल कबल भाडामा दिने सम्झौता र अन्य कागजात अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माग गरेबमोजिम पठाइएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पठाउनुपर्ने भन्ने बुझिएकोले कम्पनीमा फिर्ता हुन नसकेको व्यहोरा कम्पनीले जानकारी दिएको अवस्था रहेको छ।

**२.४.** २०५५।५६ र २०५६।५७ मा क्रमशः रु.११ लाख ४२ हजार र रु.२१ लाख २ हजार गरी जम्मा रु.३२ लाख ४४ हजार माग भई आएको आयकर सम्भाव्य दायित्वमा देखाई सो बापत थप व्यवस्था गरिएको छैन। २०६४।६५ र २०६५।६६ को संशोधित आयकर निर्धारण भई खुद थप दाखिला गर्न बाँकी रकम क्रमशः रु.४.४३ करोड र रु.४.०५ करोड गरी हुने जम्मा रु.८.४८ करोड कम्पनीले सम्भावित दायित्वतर्फ् देखाई सो बापत थप व्यवस्था गरिएको छैन। आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २, बबरमहल विरुद्ध कम्पनीले २०७४।१।५ मा सम्मानित सर्वोच्च अदालतमा दिएको पुनरावेदन मुद्दा विचाराधीन अवस्थामा रहेकोमा हाल उक्त मुद्दा कम्पनीको सञ्चालक समितिको २०७८।७।२६ को बैठकले फिर्ता लिई निर्धारित आयकर तथा शुल्कबापतको रकम रु.८ करोड ४९ लाख ५६ हजारमा धरौटी दाखिला गरेको रकम कट्टि गरी नपुग रु.५ करोड २७ लाख ७० हजार २०७८।८।२८ मा दाखिला गरी सोको जानकारी आन्तरिक राजस्व कार्यालयमा गराई हिसाब फरफारक गरिएको छ।

**२.५.** नेपाल लेखामान १२ "आयकर" अनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएको कर आधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखा आधारबीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नुपर्ने हुन्छ। यद्यपी कम्पनीले स्थगन कर गणना गरेको छैन।

**२.६.** कम्पनीले जरिवाना आम्दानीको लेखाङ्कन नीति प्रोदभावी आधारमा नगरी नगद प्राप्तिको आधारमा लेखाङ्कन गरेको छ। जुन नेपाल लेखामान सिद्धान्त तथा नीति अनुरुप देखिँदैन। प्रस्तुत २०७६।७७ मा जरिवाना प्रोदभावी आधारमा नभई नगद प्राप्तिको आधारमा आम्दानी गरिएकोले सोको प्रभाव वित्तीय विवरणमा पर्न गएको छ।

**२.७.** २०७५।५।२५ को चौथो संशोधनसमेतको बोनस नियमावलीको नियम ६(१) अनुसार ५ प्रतिशतले हुने रकम रु.८४ लाख ६८ हजार मात्र कर्मचारी बोनस व्यवस्था गर्नुपर्नेमा कम्पनीले प्रस्तुत २०७५।७६ को आय विवरणमा ८ प्रतिशतले रु.१ करोड ३५ लाख ४८ हजार व्यवस्था गरेको देखिएकाले बढी व्यवस्था गरेको रकम रु.५० लाख ८१ हजार बोनस नियमावली अनुरुप देखिँदैन। प्रस्तुत आर्थिक वर्षमा बढी व्यवस्था गरेको रकमको समायोजन यस आर्थिक वर्षमा गरिँदा सोको प्रभाव वित्तीय विवरणमा पर्न गएको छ।

**२.८.** कम्पनीले २०७३।७४ देखि २०७६।७७ सम्मको लागि बोनसको प्रावधान गरेता पनि हालसम्म सो रकम वितरण गरेको छैन। बोनस ऐन, २०३० अनुसार सो बोनस वितरण गर्नुपर्ने भएता पनि वितरण नभएकाले बोनस ऐनको उल्लङ्घन भएको देखिन्छ। यसका कारण भविष्यमा जरिवाना वा ब्याज तिर्नुपर्ने सम्भावना रहन्छ। कम्पनीले यो अवस्था लागू हुने कानूनको पालना नगरेको स्थितिमा पर्दछ।

हामीले नेपाल लेखापरीक्षणमानबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेका छौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## ३. लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन् जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनुपर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

### ३.१. अन्य विषयहरु

**पसल बहाल सम्बन्धमाः**

क) कम्पनीले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुकूल हुने गरी कम्पनीको विद्यमान विनियमावली परिमार्जन गर्न कम्पनीमा कार्यरत कानूनी सल्लाहकारमार्फत् यथाशीघ्र मस्यौदा तयार गर्न लगाई सञ्चालक समितिमा पेश गर्न व्यवस्थापनलाई निर्देशन २०७१।७।२८ मा दिइएको र कम्पनीको तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग विरुद्ध सम्मानित सर्वोच्च अदालतमा २०६५ साल चैत्र महिनामा परेको रिट निवेदन पनि २०७२।२।२६ मा खारेजी भइसकेको र उपरोक्त फैसलामा पनि कम्पनीको विनियमावलीमा आवश्यक सुधार गरी पसल कबल भाडामा लगाउने प्रक्रियामा सुधार गर्न सार्वजनिक खरिद ऐन/नियमको प्रक्रिया अवलम्बन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०६५।११।२५ मा निर्णय गरी दिएको निर्देशन कानून प्रतिकुल भन्न मिलेन भनी समेत यस कम्पनीको रिट निवेदन खारेज हुने ठहरेको विद्यमान अवस्थामा उपरोक्त विनियमावली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएको छैन।

ख) कम्पनीको बहाल आम्दानी पछिल्लो पटक विभिन्न पसलहरुको टेण्डर आब्हान गरी बहालमा लगाइएका केही पसलहरुको औसत टेण्डर आब्हान दर र बहालमा लगाइएका केही पसलहरुको औसत दरले गणना गर्दा वार्षिक रु.१३ करोड १५ लाख ९० हजार बहाल आम्दानी न्यून रहन गएको आङ्कलन गरिएको छ। २०७५।७६ को आयकर निर्धारण गर्दा सो न्यून आम्दानी रकम रु.१३ करोड १५ लाख ९० हजारबापत हुने रकम रु.३ करोड २८ लाख ९८ हजार आयकर सम्भाव्य दायित्वमा देखाई सो बापत थप व्यवस्था गरिएको छैन। सो कारण साविकमा भएको करारनामा भङ्ग गर्न कानूनी व्यवधान अड्चन आई टेण्डर आब्हान गरी बहालमा लगाइएका अन्य पसलहरुको औसत टेण्डर आब्हान दर र बहाल दरअनुसार आम्दानी गर्न नसक्नु रहेको छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले जालसाजी वा त्रुटिबाट हुन सक्ने गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, कम्पनीलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यर्थाथपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्म (Going Concern) लाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

कम्पनीको व्यवस्थापनका लागि उत्तरदायी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नु पर्दछ ।

## ५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले

सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ।

नेपाल लेखापरीक्षणमानअन्तर्गतको लेखापरीक्षण अवधिभर हामी पेशागत निर्णय लिनुका साथै पेशागत सन्देहबाट पालना गछौं। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

- वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्टयाईका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आंकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटि पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा कम्पनीले अविच्छिन्न रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितीहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण कम्पनी अविच्छिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।
- सुशासनको लागि जिम्मेवारहरु समक्ष जानकारी गराइएका विषयहरु यो अवधिको वित्तीय विवरणको लेखापरीक्षणका सर्वाधिक महत्वपूर्ण विषयहरु भएको कारणले ती कुराहरु नै लेखापरीक्षणको मुख्य विषय भएको निर्धारण गरिएको छ। सो कुराहरु कानून वा नियमनले छेकेको र एकदमै बिरलै अवस्थामा सो कुरा प्रतिवेदनमा उल्लेख गरिएको कारणले हुने सार्वजनिक हितभन्दा त्यसको प्रतिकूल परिणाम भारी हुने निर्धारण गरिएको भन्दा बाहेकका अवस्थाहरुमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वर्णन गछौं।

## ६. अन्य कानूनी र नियामक आवश्यकताहरु उपरको प्रतिवेदन

क) लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ एवम् स्पष्टिकरण उपलव्ध भएका छन्।

ख) कम्पनीले हिसाबकिताब स्रेस्ता प्रचलित कानूनबमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखितबाहेक ठिकसँग राखेका छन्। संलग्न वित्तीय विवरणहरु कम्पनीले राखेको लेखासँग दुरुस्त रहेका छन्।

ग) कम्पनी ऐन, २०६३ को दफा ७६(१) अनुसार कम्पनीले प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पुरा भएको छ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७२।७३ बाट सो सभा नभएको तथा सोही ऐनको दफा ८०(१) अनुसार कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित सेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनुपर्ने उल्लेख भएबमोजिम पालना नभएको, कर्मचारी कल्याणकारी कोषको २०७२।७३ देखि लेखापरीक्षण नभएको, धितोपत्र निष्काशन नियमावली, २०७३ को दफा २६(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र तोकिएबमोजिमको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्थाहरुको पालना नगरिएको देखियो।

(घ) कम्पनीले सेयर लाभांश भुक्तानी दिन बाँकी २०४६।४७ देखि २०६५।६६ सम्म रु.३० लाख ९१ हजार देखिएको छ। कम्पनी ऐन, २०६३ को दफा १८२ अनुसार ५ वर्षसम्म भुक्तानी दाबी नभएको रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने प्रावधान भएकोले सो व्यवस्था पालना नगरिएको देखियो।

(ङ) हाम्रो विचारमा तथा हामीलाई उपलव्ध गराइएका सूचना तथा जानकारी एवम् स्पष्टिकरणको आधारमा कम्पनीको सञ्चालक समिति वा प्रतिनिधिले कानून विरुद्ध कामकाज वा हानी/नोक्सानी वा बेहिसाब गरेको देखिएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।३।२५ मा पेश गरेका छन्।**

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### १. वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित प्रतिवेदन

#### १.१. लेखापरीक्षकको कैफियत सहितको राय

हामीले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (यस पछि "कम्पनी" भनिएको) को वित्तीय विवरण, जसमा ३२ आषाढ, २०८२ (तदनुसार जुलाई १६, २०२५) को मितिमा समाप्त हुने आर्थिक वर्षको वित्तीय स्थितिको विवरण, नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु पर्दछन्, सोअनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं।

"कैफियत सहितको राय व्यक्त गर्ने आधार" शीर्षकअन्तर्गत समावेश भएका विषयवस्तुले पार्ने असरबाहेक हाम्रो रायमा, वित्तीय विवरणहरुले ३२ आषाढ, २०८२ को संस्थाको वित्तीय अवस्थाका विवरणले सो मितिको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरणले अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) तथा लेखाको सर्वमान्य सिद्धान्तअनुसार यथार्थ चित्रण गर्दछ।

#### १.२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

बोनस नियमावली, २०३९ (चौथो संशोधन) को नियम ६(२) मा नेपाल सरकारको स्वामित्वमा नाफा आर्जन गर्ने उद्देश्यले नेपाल सरकारले तोकिदिएको क्षेत्रमा स्थापना भएको एकाधिकार प्राप्त प्रतिष्ठानले आफूले आर्जन गरेको प्रत्येक आर्थिक वर्षको खुद नाफाको १ प्रतिशत बोनस छुट्टयाउनुपर्ने व्यवस्था रहेको छ, तर कम्पनीले २०८१।८२ को वित्तीय विवरणमा आयकर अघिको खुद नाफाको ५ प्रतिशत रकम कर्मचारी बोनस छुट्याई रु.३ करोड ८५ लाख ८९ हजार बढी बोनस खर्च लेखाङ्कन गरेकोले रु.३ करोड ८५ लाख ८९ हजारले नाफा घटेको पाइयो।

हामीले नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं। त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको उत्तरदायित्व खण्डमा थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको व्यावसायिक लेखापालनका लागि आचारसंहिताको हाते पुस्तकलगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचरणहरुको आधारमा हामी यस कम्पनीबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको व्यावसायिक लेखापालनका लागि आचारसंहिताको हाते पुस्तकबमोजिम अन्य आचरणको जिम्मेवारी पुरा गरेका छौं। हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

### २. लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरु

यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यावसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरु हुन्। यी विषयहरु वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले तल वर्णन गरिएका विषयहरूलाई हाम्रो प्रतिवेदनमा उल्लेख गरिएका लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरूका रुपमा निर्धारण गरेका छौं।

| लेखापरीक्षण सम्बन्धी मुख्य विषयहरु | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| **१. सूचना प्रविधि (सामान्य नियन्त्रण)** | |
| कम्पनीमा व्यवसाय सञ्चालनका लागि सूचना प्रविधि प्रणालीले महत्वपूर्ण भूमिका खेल्दछ। कम्पनीको अधिकांश व्यावसायिक कारोबारहरु कम्पनीको सूचना प्रविधि प्रणाली मार्फत् भईरहेको तथा कम्पनीको सहज कार्य सम्पादन र वित्तीय विवरणहरुको यथार्थ चित्रणको लागि पनि सूचना प्रविधि पूर्वाधारहरु महत्वपूर्ण हुने गर्दछन्।<br><br>कारोबारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरुका उत्पादनहरुको र विश्वसनीय सूचना प्रविधि, सफ्ट्वेयर तथा अन्य सम्बद्ध प्रणालीको प्रभावकारितामा भर पर्दछ।<br><br>सूचना प्रविधि प्रणालीमा भएका त्रुटिहरु, गलत तथ्याङ्क तथा प्रविष्टि तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, सेयरधनी र नियमकहरुलाई गलत प्रतिवेदन पेस हुन सक्ने भएकोले हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयको रुपमा लिएका छौं। | कम्पनीको सूचना प्रविधि प्रणालीसम्बन्धी हाम्रो लेखापरीक्षण पद्दती देहायबमोजिम रहेको छः<br>• कम्पनीद्वारा प्रयोग गरिएको सफ्ट्वेयरको कोडिङ्ग प्रणाली बारे बुझ्यौं।<br>• कम्पनीमा रहेको हाल अवस्थित सूचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरूको उत्पादन प्रक्रिया बारे बुझ्यौं।<br>• कम्पनीको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सूचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरणहरूको समेत परिमार्जन भएको सुनिश्चित गर्यो।<br>• प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यो। हामीले विभिन्न आय र खर्चको नमुना छनौट गरी सोको आधारमा सफ्ट्वेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यो।<br>• कम्पनीद्वारा हामीलाई उपलब्ध गराइएको सूचना प्रविधि प्रणालीको लेखापरीक्षण प्रतिवेदनमा हामीले विश्वास गरी हाम्रो लेखापरीक्षण सम्पन्न गर्यो। |

## ३. अन्य विषयहरु

### ३.१. सेयर संरचना

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पूर्ण स्वामित्वमा स्थापित तथा सञ्चालित सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा २०८१।२।९ गतेको माननीय मन्त्रिस्तरको निर्णयअनुसार नेपाल सरकार, अर्थ मन्त्रालयको प.स.वि.क्षे.व्य.सं.स. ८०/८१, चलानी नं. ९१९, २०८१।३।२४ गतेको पत्र कार्यान्वयन गरी नेपाल सरकारको ४९.०७ प्रतिशत सेयर स्वामित्व कायम भएको छ। यस अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडको १४ लाख ७२ हजार कित्ता सेयर नेपाल सरकार, अर्थ मन्त्रालयलाई प्रति कित्ता रु.१०० को दरले हस्तान्तरण गर्ने निर्णय भएता पनि कम्पनी रजिष्ट्रारको कार्यालयबाट सेयर लगत प्रमाणित भईसकेको भने देखिएन।

### ३.२. नेपाल सरकारको अनुमति र स्वीकृति सम्बन्धी

सरकारी स्वामित्व भएको कम्पनीको पूर्ण सहायक कम्पनी (Wholly Owned Subsidiary) को स्वामित्वसमेत मातृ कम्पनी सरह नै हुनुपर्ने साथै, नेपाल सरकार (अर्थ मन्त्रालय) को प्रत्यक्ष ४९.०७ प्रतिशत सेयर स्वामित्व कायम हुने गरी नयाँ सेयर संरचना लागू भएपश्चात् पनि प्रत्यक्ष/अप्रत्यक्ष गरी करिब ९० प्रतिशत सेयर स्वामित्वसमेत नेपाल सरकारकै रहने तथा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ अनुसार महालेखापरीक्षकको परामर्शमा लेखापरीक्षक नियुक्ति हुने परिप्रेक्ष्यमा यस कम्पनीका महत्वपूर्ण रणनैतिक र दीर्घकालिन निर्णयहरु गर्नुपूर्व नेपाल सरकारको अनुमति र स्वीकृतिमा गर्नुपर्ने अवस्था देखिन्छ। कम्पनीले प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुखको नियुक्ति, सेवा सुविधाको निर्धारण गर्दा तथा प्रबन्धपत्र/नियमावलीमा संशोधन गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिने गरेको देखिएन।

### ४. अन्य जानकारी (वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेकको)

वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदनबाहेकका अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो। अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदनबाहेक अध्यक्षको प्रतिवेदन तथा कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) अनुसारका प्रतिवेदनहरु पर्दछन।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं। वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असङ्गत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो। हामीले गरेको कार्यहरुको आधारमा यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निस्कर्ष निस्किएमा त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भएपश्चात् सोको अध्ययन गरी कुनै सारभूत असङ्गत तथ्यहरु रहेको निचोड निस्किएमा त्यस्ता सारभूत असङ्गत तथ्यहरुको बारेमा शासकीय भूमिका वहन गर्नेहरु समक्ष सूचित गर्नेछौं। व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### ५. वित्तीय विवरणहरूको लागि व्यवस्थापन र शासनसँग सम्बन्धित व्यक्तिहरूको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ। वित्तीय विवरणहरु तयार गर्दा कम्पनीको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस जिम्मेवारीअन्तर्गत कम्पनीलाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ। शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो।

### ६. वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छन् वा छैनन् भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्तता एक उच्च तहको आश्वासन भएता पनि सारभूत त्रुटिहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमानहरु अनुरुप लेखनपरीक्षणमा समेत उक्त सारभूत त्रुटिहरु सधैं पहिचान हुन्छ भन्ने आश्वस्तता रहँदैन। गलत प्रस्तुति, जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभाव पार्न सक्ने उपयुक्त अपेक्षा गरिन्छ भन्ने उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामीले पेशागत विवेक र व्यावसायिक सन्देह कायम राखी पेशागत अभ्यास गरेका छौं। यस क्रममा हामीले:

क) वित्तीय विवरणमा जालसाजी या त्रुटिबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुका जोखिम पहिचान तथा मूल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण सङ्कलन गरेका छौं। मिलिभगत, ठगी, जानाजानी चुक, जानाजान छोड्ने काम, गलत प्रतिनिधित्व

वा आन्तरिक नियन्त्रण प्रणालीको उल्लङ्घन समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ।

ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितासम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासङ्गिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गरेका छौं।

ग) व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखासम्बन्धि खुलासाहरुको मूल्याङ्कन गरेका छौं।

घ) व्यवस्थापनले प्रयोग गरेका व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसँग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निस्कर्ष निकालेमा लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापी भविष्यका घटना तथा अवस्थाको कारणले पनि कम्पनीको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ।

ङ) वित्तीय विवरणको समग्र प्रस्तुतीकरणको ढाँचा र खुलासासहितको विषयवस्तु तथा अन्तर्निहित कारोवार एवम् घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्याङ्कन गरेका छौं।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य विषयका अतिरिक्त लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराएका छौं। यस प्रतिवेदनमा उल्लेखित रायको अतिरिक्त व्यवस्थापनले सुधार गर्नुपर्ने अन्य व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

शासकीय भूमिका वहन गर्नेहरु समकक्ष प्रासङ्गिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा समेत जानकारी गराएका छौं।

## ७. अन्य कानूनी तथा नियामक निकायका आवश्यकतासँग सम्बन्धित प्रतिवेदन

कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्ध ऐन, २०६३ को आवश्यकता सम्बन्धित प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दाछौं कि:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टिकरण सन्तोषजनक रुपमा प्राप्त गरेका छौं।

ख) हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएको छ।

ग) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित ३२ आषाढ, २०८२ को वित्तीय अवस्थाका विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाबकिताब, वहिखाता स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानून विरुद्ध कुनै कामकाज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन।

ङ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले लेखासम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।८।५ मा पेश गरेका छन्।**

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## नेपाल आयल निगम

### परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Report on the Audit of the Financial Statements**

**Qualified Opinion**

We have audited the accompanying Financial Statements of Nepal Oil Corporation Limited (hereinafter referred to as 'the Company'), Kathmandu which comprise the Statement of Financial Position as at Ashad 32, 2082 (July 16, 2025), Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flow for the year then ended, and Notes to the Financial Statements, including a summary of Significant Accounting Policies.

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid Financial Statement read together with Notes forming part of the financial statement except for the effects of the matter described in the "Basis for Qualified Opinion" section of our report, the accompanying financial statements present fairly, in all material respects, the financial position of the company as at Ashadh 32, 2082 and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs) and comply with Companies Act, 2063.

**Basis for Qualified Opinion**

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the company in accordance with the Handbook of the Code of Ethics for Professional Accountants issued by the Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants 2023. We believe that the audit evidence we have obtained are sufficient and appropriate to provide a basis for our qualified audit opinion on the financial statements.

Following are the basis of qualification.

a) The Price Stabilization Fund (PSF), a special-purpose government fund, is held by the Company in a fiduciary capacity. However, the assets, income, and fund balances of the PSF have been included in the Company's financial statements. As at the reporting date, the Company has recognized a PSF-related liability amounting to **NPR 2,993.52 crore**, against which bank and fixed deposit balances of **NPR 1,844.29 crore** have been reported. Consequently, an unfunded balance of **NPR 1,149.23 crore** remains outstanding and is yet to be deposited into the designated PSF bank account, indicating that the fiduciary nature of the PSF and the earmarked assets has not been adequately reflected in the financial statements. Further, as disclosed in Note 2.4.22 to the financial statements, the Company has utilized **NPR 1,025 crore** from the PSF as interest-free borrowings based on decisions of the PSF Board of Directors. However, the prevailing PSF regulations do not provide for lending to the Company and permit utilization of the fund only in the form of subsidies. Accordingly, the Company is required to compensate the PSF for the opportunity cost that would have accrued had the funds been invested by the PSF. The financial impact arising from the concessional nature of this transaction, including the notional interest benefit, has not been appropriately measured or recognized in the financial statements.

b) As discussed in note 2.4.16 of the Notes of financial statement, the company assesses impairment based on expected credit losses (ECL) model. However, the model as per the policy is not prepared and impairment provision for financial assets is done as per management estimate.

- ❖ Old receivable amounting to **NPR 9.96 crore** as receivable not recovered and adequate provision for same has not been made.
- ❖ Balance confirmations were not received to confirm the various receivable and payable balances. Company has been maintaining provision for doubtful debt amounting to **NPR 3.85 crore** since earlier years and without confirmations from various parties, whether adequate provision has been made could not be ascertained.

c) The Company has unreconciled and unsettled balances amounting to **NPR 5.64 crore** (Credit) in the Goods Received Not Invoiced (GRNI) clearing account, **NPR 0.25 crore** (Debit) in the Purchase Clearing Account, **NPR 1.09 crore** (Debit) in the Stock Adjustment Account, and **NPR 1.99 lakh** in inter-branch accounts. These accounts are required to be regularly reconciled and settled and should not carry outstanding balances. The continued existence of such unreconciled balances indicates weaknesses in reconciliation processes and results in uncertainty regarding the accuracy and completeness of the financial statements.

d) Although bank reconciliation statements were prepared, several bank accounts contained unreconciled items requiring reconciliation, including **NPR 2.57 crore** credited by banks but not recorded by NOC, **NPR 0.16 cror**e debited by banks but not recorded by NOC, **NPR 0.26 crore** debited by NOC but not reflected in bank statements, and stale cheques amounting to **NPR 0.14 crore**. In addition, negative balances were noted in 33 call and current accounts aggregating **NPR 12.43 crore**, and 64 non-operating bank accounts remained open. Failure to timely reconcile bank balances, adjust identified differences, address negative balances, and close non-operating accounts indicates weaknesses in fund management and adversely affects the fair presentation of the financial statements.

Key Audit Matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon. And we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters to be communicated in our report:

| S.no. | Key Audit Matters | Audit Response |
|---|---|---|
| a) | **Licenses & Approvals:**<br>The Company had purchased the Survey License from Remit Hydro Limited and also obtained Generation license from Department of Electricity Development. Furthermore, Company is in the process of entering into a Power Purchase Agreement with Nepal Electricity Authority, but has not obtained it till our audit period. Thus, we have considered it as the key audit matter. | Our audit approach includes analysis of past from and estimation of future events. Pertaining to possibility of the agreement. Further, we have also obtained the reasonable assurance of Those Charged with Governance along with current efforts as corroborative evidence. |
| b) | **Investment in Non-Current Assets:**<br>Investment in fixed assets comprises of Capital Work-In- Progress amounting to NRs. 441,154,840 and Property, Plant & Equipment | Our audit approach regarding assessment of Capital Work-In- Progress includes assessment of nature of expense and period when the management intends to use these |

| | | |
|---|---|---|
| | amounting to NRs. 45.429,042. We have verified outstanding impairment losses. The Capital Work-In-progress not depreciated and amortized as the project is still in construction period. | assets. We have verified outstanding impairment losses, depreciation & amortization on every class of assets and have carried out test of controls for such expenses. The provisions for impairment. Depreciation are adequately made. |

**Information Other than the Financial Statements and Auditor's Report Thereon**
The Company's Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management Report. Report of the Board of Directors and Chairman's statement but does not include the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information: we are required to report that fact. We have nothing to report in this regard.

**Responsibility of Management and Those Charged with Governance for the Financial Statements**
Management is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Accounting Standards, and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable. Matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

The Board of Directors are responsible for overseeing the Company's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**
Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional scepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit

evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations. Or the override of internal control.

- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists. We are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or. If such disclosures are made, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However. Future events or conditions may cause the Company to cease to continue as a going concern.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable. Related safeguards.

**Report on Other Legal and Regulatory Requirements**

Based on our examination. We would like to further report that:

i. We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit.

ii. The Company has kept proper books of accounts as required by law, in so far as it appears from our examination of those books of account.

iii. The Statement of Financial Position, Statement of Profit or Loss (including other Comprehensive Income), the Statement of Change in Equity and the Statement of Cash Flows and attached Schedules dealt with by this report are in agreement with the books of account maintained by the Company.

iv. During our examination of the books of account of the Company, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the Company has acted contrary to the provisions of law or caused loss or damage to the Company and

V. We have not come across any fraudulence in the accounts, based on our sample examination of the books.

❖ माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८२।८।११ मा पेश गरेका छन्।

# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Opinion**

We have audited the financial statements of **Hydroelectricity Investment and Development Company Limited,** which comprise the Statement of Financial Position as at Ashad 32, 2082 (16th July, 2025) and Statement of Profit or Loss & Other Comprehensive Income, Statement of Cash Flow for the period, Statement of changes in equity and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements of the Company read together with the Significant Accounting Policies and Notes to the Accounts forming part of the accounts for the year ended Ashad 32, 2082 (16th July, 2025) are prepared, in all material respects and gives a true and fair view, in accordance with applicable Nepal Financial Reporting Standards and comply with provisions of the Companies Act, 2063.

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgement, were of most significance in the audit of the financial statements of the current period. These matters were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon, and we have determined that there are no key audit matters to communicate in our report.

**Other Matters**

We would like to draw your attention to the following other matters observed during our audit of financial statements for the financial year 2081-82.

**(1) Consolidation of Financial statements**

We did not audit the financial statements and other financial information of Remit Hydro Ltd. and Simbhuwa Remit Hydro Ltd as at Ashad 32, 2082 (16th July, 2025) which is considered in consolidated financial statements. The Financial statements and other financial information of these companies have been audited by other auditors whose report had been furnished to us by the management and our opinion on the financial statements in so far as it relates to the accounts included in respect of these subsidiaries are based solely on the report of other auditors.

**(2) Insufficient adherence to Hydropower Monitoring Guidelines:**

Hydropower Monitoring Guidelines 2079 prescribes in sufficient detail how the investments in equity projects by HIDCL should be monitored which includes detailed reports, different formats and annexures that should be prepared. On review on relevant documents, we found that actual presentation of equity invested projects lacked substantially. The gap between required presentation

and actual presentation is quite big which clearly represents insufficient adherence to the required Hydropower Monitoring Guidelines, 2079.

**(3) Restructuring of Remit Hydro Ltd. and Simbhuwa Remit Hydro Ltd:**

As per Memorandum of Understanding signed on Falgun 11, 2079 between Hydroelectricity Investment & Development Corporation Limited, Nepal Electricity Authority (NEA) and Vidhyut Utpadan Company Ltd.(VUCL), the shares of Remit hydro and Simbhuwa Remit hydro were restructured from 51% to 15%.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation of the financial statements in accordance with the Generally Accepted Accounting Principles (GAAPs) and Nepal Financial Reporting Standards (NFRS) prevalent in Nepal and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters relating to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the company's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with Nepal Standards on Auditing (NSAs) will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As a part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

a) Identify and assess the risk of material misstatement of the financial statement, whether due to fraud and error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.

b) Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the company's internal control.

c) Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exist related to events or conditions that may cast significant doubt on the company's going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, of such disclosures are inadequate, to modify our opinion, our conclusions are based on the audit evidence obtained up-to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.

d) Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management.

We communicate with those charged with governance regarding among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

**Report on Other Legal and Regulatory Requirements**

As per the requirements of Section 115 of the Companies Act, 2063 (First Amendment 2074), we further report that:

a) We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.

b) In our opinion the Company has kept proper books of account as required by law so far, as appears from our examinations of those books.

c) The financial statements agree with the books of account.

d) In our opinion and to the best of our information and according to the explanation given to us, the financial statement the said Balance Sheet, Income Statement and Cash Flow Statement, read together with the notes forming part of the accounts give the information required by the Companies Act 2063 (First Amendment 2074) in the manner so required and give a true and fair view:

   i. In the case of Balance Sheet, of the state of affairs of the Company as at 32 Ashad, 2082 (16th July, 2025); and

   ii. In the case of Income Statement, of the results of operations of the Company for the year ended on 32 Ashad, 2082 (16th July, 2025); and

   iii. In the case of the Cash Flow Statement, of Cash inflow and outflow of Company for the year ended on that date.

e) Neither we have come across any of the information about the misappropriation of fund by the directors or any of the representative or company's staffs during the course of our audit nor have we received any such information from the management.

f) No accounting fraud has been observed during the course of our audit.

❖ माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।८।२१ मा पेश गरेका छन्।

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## दोलखा दुग्ध उद्योग लिमिटेड

### परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

हामीले दोलखा दुग्ध उद्योग लिमिटेडको यसैसाथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आम्दानी विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण, एवम् महत्वपूर्ण लेखाङ्कन नीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

**हाम्रो राय**

हाम्रो रायमा दोलखा दुग्ध उद्योग लिमिटेडको संलग्न वित्तीय विवरणले कम्पनीको २०८२ असार ३२ गतेको वित्तीय स्थिति तथा उक्त अवधिको वित्तीय सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमानअनुसार सही र यथार्थ चित्रण गर्दछ।

**रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं। यसै प्रतिवेदनको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमान अनुसारको हाम्रा जिम्मेवारीको थप वर्णन गरिएको छ। हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यावसायीहरूको आचारसंहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सान्दर्भिक नैतिक आवश्यकता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of the Code of Ethics for Professional Accountants" अनुरूप हामी वित्तीय विवरणहरूको लेखापरीक्षण गर्न स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरू र प्रावधानहरूको पालना गरेका छौं। हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)**

लेखापरीक्षणका मुख्य मामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन्। सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै राय व्यक्त गर्दैनौं।

हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरी मुख्य लेखापरीक्षण व्यहोराहरुको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं:

| क्र. सं. | लेखापरीक्षण अवलोकनको विषयहरु | लेखापरीक्षकको सम्बोधन |
|---|---|---|
| १. | **कम्पनीमा सहकारी संस्थाको सेयर स्वामित्व रहेको**<br>सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा ६ ले स्पष्ट रूपमा सहकारी संस्थाहरूलाई निजी फर्म तथा कम्पनीहरूको सेयरमा लगानी गर्न र स्थिर सम्पत्ति किन्न प्रतिबन्ध लगाएको छ। | हाम्रो निरीक्षणका क्रममा यस कम्पनीमा सहकारी संस्थाहरूको पनि स्वामित्व रहेको पाइएको छ। हामी कम्पनीलाई सहकारी संस्थाको स्वामित्वमा रहेका ती सेयरहरूलाई अनुपातिक आधारमा अन्य विद्यमान सेयरधनीहरूमा पुनःवितरण गर्ने, यदि विद्यमान सेयरधनीहरूले ती थप सेयरहरू लिन सहमति नजनाएमा, ती सेयर असहमति जनाउने सेयरधनीबाहेक अन्य सेयरधनीहरूलाई पुनःवितरण गर्न सुझाव दिन्छौं। |
| २. | **मौज्दातको बीमा**<br>यस कम्पनी डेरी प्रोडक्ट उत्पादनमा संलग्न भएकाले, कम्पनीमा बिजुली र ठूलो परिमाणमा काठ इन्धनको रूपमा प्रयोग गरिन्छ। यसले | कम्पनीमा २०८२ आषाढ मसान्तमा १.७३ करोड बराबरको व्यापारिक मौज्दात विद्यमान रहेको पाइन्छ। यो भनेको कम्पनीको २०८१।८२ को कुल बिक्रीको २० प्रतिशत हुन आउँछ तर कम्पनीले यी सामानहरुको बीमा गरेको पाइएन। हामी यस |

| | | |
|---|---|---|
| | कुनै पनि बेलामा अनियन्त्रित रुपमा आगो लाग्ने र साथसाथै गोदाममा मौजुदा सामानहरुको चोरी हुन सक्ने सम्भावनाको जोखिम सधैं रहिरहनेछ जसका कारण कम्पनीमा ठूलो हानी/नोक्सानी हुने सम्भावना उत्पन्न गर्न सक्छ। | कम्पनीलाई माथि उल्लिखित नोक्सानीका जोखिमहरूलाई रोक्नको लागि तुरुन्तै प्राथमिकताका आधारमा कम्पनीको गोदाममा मौजुदा रहेको सामानहरूको बीमा गराउन सुझाव दिन्छौं। |
| ३. | **उच्च कर्मचारी पेस्की रकम**<br>उच्च कर्मचारी पेस्की दिँदा कम्पनीको नगद प्रवाहमा नकारात्मक असर पर्नुका साथसाथै पेस्की रकम असुली नहुने वा डुब्ने जोखिम रहन्छ। | वित्तीय वर्षको समापन मितिमा कम्पनीको कर्मचारी राम भण्डारीको नामको रु.११ लाख ११ हजारको पेस्की रहेको पाइयो, जुन उक्त कर्मचारी स्वयम्को मासिक तलबभन्दा झण्डै पचास गुणा बढी रहेको पाइयो। हामी कर्मचारी पेस्कीसम्बन्धी नीति तयार गरी अधिकतम सीमा, उद्देश्य, स्वीकृति तह तथा असुली प्रक्रिया स्पष्ट गरी कार्यान्वयन गर्न सुझाव दिन्छौं। |
| ४. | **स्टक तथा उत्पादन अभिलेख**<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुँदा उत्पादन लागतको गलत गणना भई वित्तीय विवरणमा भ्रामक सूचना प्रस्तुत हुने सम्भावना हुनुका साथसाथै असामान्य क्षति, चोरी वा अपव्यय पत्ता नलाग्ने जोखिम रहन्छ। | लेखापरीक्षणको क्रममा कम्पनीले स्टक मुभमेन्ट रजिस्टर (Stock Movement Register) राखेको देखिएन। साथै, वित्तीय वर्षभरी उत्पादनको विवरण, उत्पादन प्रक्रियामा प्रयोग भएको दूधको परिमाण, मानक खपत अनुपात (Milk Consumption Ratio), सामान्य क्षति (Normal Wastage) तथा असामान्य क्षति (Abnormal Wastage) सम्बन्धी कुनै पनि अभिलेख व्यवस्थापनले कायम गरेको पाइएन।<br>यसका अतिरिक्त, दूध खरिददेखि उत्पादनमा प्रयोग, बिक्री तथा समापन स्टकसम्मको स्पष्ट र निरन्तर ट्राकिङ्ग (end-to-end tracking) गर्ने कुनै औपचारिक प्रतिवेदन वा प्रणाली उपलब्ध गराइएको देखिएन। यसले कच्चा पदार्थ, उत्पादन र तयार मालको आवागमनलाई विश्वसनीय रूपमा पुष्टि गर्न नसकिने अवस्था सिर्जना गरेको छ। दूध खरिद, उत्पादन खपत, बिक्री तथा समापन स्टकलाई जोड्ने एकीकृत उत्पादन तथा स्टक प्रतिवेदन प्रणाली विकास गर्न सुझाव दिन्छौं। |
| ५. | **लिन दिन बाँकी हिसाब**<br>यदि Write off गर्नुपर्ने रकमहरू लेखा प्रणालीबाट हटाइएन भने, कम्पनीको वास्तविक वित्तीय अवस्था प्रतिविम्बित हुँदैन। | कम्पनीको भुक्तानी लिनुपर्ने व्यापार आसामी हिसाब र भुक्तानी दिनुपर्ने साहु हिसाब लामो समयदेखि कम्पनीको खातामा सोही रकम रहिरहेको पाइयो। साथै कम्पनीले Ageing बनाउने नीति पनि लिएको पाइएन र ३ वर्षभन्दा बढी समयदेखि रहिआएको त्यस्ता रकमलाई Write off गर्नुपर्नेमा सो गरिएको समेत पाइएन।<br>कम्पनीले भुक्तानी लिनुपर्ने व्यापार आसामी असुलीका लागि वक्यौता असुली प्रक्रिया द्रुत, प्रभावकारी र व्यवस्थित बनाउनुपर्ने साथै Ageing बनाउने नीति लिई Write off गर्नुपर्ने रकमलाई आवश्यकताअनुसार लेखा प्रणालीबाट हटाउन सुझाव दिन्छौं। |

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप यथार्थ र निष्पक्ष चित्रण गर्ने, वित्तीय विवरणहरू तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। उक्त जिम्मेवारीअन्तर्गत वित्तीय विवरण तयारी र प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको खाका तयार गर्ने,

कार्यान्वयन गर्ने तथा कायम राख्ने कार्यहरू पर्दछन्। जसमा वित्तीय विवरणहरू त्रुटि तथा जालसाजीको कारणले सार्वजनिक रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने उपयुक्त लेखानीतिहरूको छनोट र कार्यान्वयन गर्ने आवश्यकताअनुसार लेखा अनुमान गर्ने कार्यहरू समेत पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थालाई विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा बन्द गर्नु बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक संस्थाको निरन्तर सञ्चालनका लागि संस्थाको क्षमता मूल्याङ्कन गर्ने, प्रस्तुत गर्ने र निरन्तर सञ्चालनको आधारमा वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ।

सञ्चालक समिति कम्पनीको वित्तीय रिपोर्टिङ्ग प्रक्रियाको निरीक्षणको लागि जिम्मेवार छ।

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उत्तरदायित्व समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव मारवासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरणको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरु:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत रुपमा गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको स्पष्टिकरण प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरू सन्तोषजनक पाएका छौं।

२. यस प्रतिवेदनका साथ संलग्न वित्तीय अवस्थाको विवरण, आम्दानी विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण कम्पनीले राखेको हिसाब किताबबमोजिम छन्।

३. आयकर ऐनको दफा ९४ अनुसार, व्यवसाय वा लगानीबाट करयोग्य आय हुने व्यक्तिले प्रत्येक आय वर्षमा तीन किस्तामा अनुमानित कर भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। यी किस्ताहरू क्रमशः पौष, चैत र असारमा भुक्तानी गर्नुपर्ने हुन्छ। तर लेखापरीक्षणको क्रममा कम्पनीले सोही अनुरुप अनुमानित कर विवरण पेस गरेको पाइएन।

४. मुल्य अभिवृद्धि कर ऐनको दफा २३ अनुसार प्रत्येक मुल्य अभिवृद्धि करमा दर्ता रहेको संस्थाले कर अवधि समाप्त भएको २५ गतेभित्र सो कर अवधिको विवरण पेस गरी आवश्यक कर दाखिला गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। तर कम्पनीले २०८१ श्रावण र भाद्र, २०८२ आषाढको कर विवरण तोकिएको समयमा पेस गरेको पाइएन।

५. ढुवानी सेवामा मुल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८० को दफा ५ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिहरुबाट ढुवानी साधन भाडामा लिने वा ढुवानी सेवा प्राप्त गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर लाग्ने मुल्यमा भुक्तानीको समय वा सेवा प्राप्त गरेको समयमध्ये जुन पहिले हुन्छ सो समयमा अनुसूचीबमोजिमको फाराम भरी मुल्य अभिवृद्धि कर निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ। तर कम्पनीले यस निर्देशिकाको पालना गरेको पाइएन।

६. मासिक सवारी भाडा खर्चसम्बन्धी अभिलेखको परीक्षण गर्दा, प्रस्तुत विवरणमा भाडा रकम, भुक्तानी मिति र गन्तव्य स्थान मात्र उल्लेख गरिएको पाइयो। तर, सम्बन्धित बिक्री/ढुवानी चलानी (Invoice) वा कुन सामान ढुवानी गरिएको हो भन्ने स्पष्ट सन्दर्भ कागजातहरू संलग्न वा अभिलेखित गरिएको देखिएन।

७. लेखापरीक्षणको क्रममा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणाली र लेखा तथा अभिलेखमा देखिएका कमी कमजोरीहरुमा सुधारका व्यहोरा समेटिएको व्यवस्थापन प्रतिवेदन छुट्टै जारी गरिएको छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८२।९।१३ मा पेश गरेका छन्।**

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## साझा भण्डार सहकारी संस्था लिमिटेड

### परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय (Qualified Opinion)**

हामीले साझा भण्डार सहकारी संस्था लिमिटेडको (जसलाई यसपछि संस्था भनिएको) यसैसाथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको २०८१।८२ को नाफा/नोक्सान हिसाबको विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनसम्बन्धि विवरण एवम् महत्वपूर्ण लेखाङ्कन नीतिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणले, कैफियत सहितको रायको आधारमा उल्लेख भएको विषयले पार्ने असरबाहेक २०८२ आषाढ ३२ गतेको वित्तीय स्थिति तथा उक्त अवधिको नाफा/नोक्सान हिसाब र नगद प्रवाहको नेपाल लेखापरीक्षणमानअनुसार सही र यर्थाथ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु (Basis of Qualified Opinion)**

हामीले नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं। यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमानअनुसारका हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ। हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचारसंहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सान्दर्भिक आचरणको प्रावधानअनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचारसंहिताहरुका अन्य प्रावधानहरुको पनि पालना गरेका छौं। हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

क. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको स्थिर सम्पत्तिअन्तर्गत समूह 'घ' का मेसिनरी तथा औजार र पम्प मर्मत सुधारको चालु आर्थिक वर्षको अ.ल्या. रकम रु.३ लाख ५ हजारको विस्तृत विवरण प्राप्त नभएको तर प्राप्त जानकारी अनुसार उक्त मेसिनरी तथा औजार र पम्प मर्मत सुधारको पुँजीगत खर्च स्वयम्भु पेट्रोल पम्पसँग सम्बन्धित रहेको पाइयो। उक्त पम्प सञ्चालनको लागि करार अवधि समाप्त भएको तर नवीकरण नभएको र सम्बन्धित स्थिर सम्पत्तिहरु संस्थाको अधिनमा नरहेको हुँदा निसर्ग गर्नुपर्नेमा सो नगरेको हुँदा वित्तीय विवरणको यथार्थ चित्रण नभएको पाइयो। उक्त रकमको सही लेखाङ्कन गर्दा वासलातको सम्पत्ति तथा जायजेथा रु.३ लाख ५ हजारले घट्ने र सोही रकमले खर्च वृद्धि हुने देखिन्छ।

ख. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको बैङ्क मौज्दात रु.१७ लाख ८२ हजारमध्ये रु.२ लाख ७० हजार बराबरको हिसाब मिलानको लागि बैङ्क समर्थनपत्र नभएको पाइयो। साथै, उक्त रकम गत आर्थिक वर्षबाट जिम्मेवारी सारी ल्याएकोमा यस वर्ष कुनै पनि थपघट नभई खाताहरु निष्क्रिय रहेको तर्फ् व्यवस्थापन एवम् सञ्चालक समितिको आवश्यक ध्यानाकर्षित गरिएको छ। जम्मा २२ वटा बैङ्क खाताहरुमध्ये २० वटा खाताको रु.२ लाख ९९ हजार बराबरको खाता निष्क्रिय रहेको छ। कुनै कुनै बैङ्कहरुमा संस्थाको खाता अनुरुप मौज्दात नरहेको भन्ने जानकारी प्राप्त भएबाट सोही रकमले नोक्सानी व्यवस्था सिर्जना गर्नुपर्नेतर्फ् ध्यानाकर्षण गरिएको छ।

ग. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको आसामी, पेस्की र धरौटी हिसाबअन्तर्गत विभिन्न कर शीर्षकहरुमा रहेको अ.ल्या. रकम रु.१७ लाख ९६ हजारको यथार्थ प्रयोजन, कारोवारको यथार्थ समय जस्ता विवरणहरु प्राप्त हुन नसकेको र प्राप्त जानकारी अनुसार सो रकम १० वर्षभन्दा पहिलेदेखि नै अ.ल्या. रकमको रुपमा सारिएको हुँदा सो रकमको सही लेखाङ्कन

भए नभएको यकिन गर्न सकिएन भनी गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भयको पाइयो। सो रकमलाई असुल हुन नसक्ने खराब रकमको नोक्सानी व्यवस्था लेखाङ्कन गर्दा वासलातको सम्पत्ति तथा जायजेथा रु.१७ लाख ९६ हजारले घट्ने र सोही रकमले खर्च वृद्धि हुने देखिन्छ। यस वर्षको अन्त्यमा विभिन्न अग्रिम कर शीर्षकहरुमा रु.५५ लाख ३६ हजार रहेको पाइयो।

घ. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको आसामी, पेस्की र धरौटी हिसाबअन्तर्गत विभिन्न ग्राहकहरुबाट पाउनुपर्ने रकम रु.३ लाख ४७ हजार, विगत ७/८ वर्ष अघि नै करार अवधि समाप्त भएका इन्द्रायणी आयल स्टोर र ऋषि एण्ड ब्रदर्सबाट पाउनुपर्ने रकम रु.६० लाख ४४ हजार, अन्यबाट पाउनुपर्ने रु.८१ लाख ५ हजार, कर्मचारीबाट असुल गर्न बाँकी रु.२३ लाख ९६ हजार रहेको र सो रकमहरु अन्यत्र उल्लेख गरेबाहेक विगत १० वर्षभन्दा पहिलेदेखि नै अ.ल्या. रकमको रुपमा सारिएको हुँदा असुलउपर हुने न्यून सम्भावना रहेको पाइयो। संस्थाले उक्त रकमहरुको व्यवस्था नगरेकोले सोही रकम बराबरले जोखिम व्यवस्था गर्दा वासलातको सम्पत्ति तथा जायजेथामा फरक हुने देखिन्छ।

ङ. संस्थाको वित्तीय विवरणमा प्रस्तुत गरिएको सेयर पुँजी र सहकारी कार्यालयको लागतअनुसार रु.१७ हजारको भिन्नता रहेको पाइयो। सो रकमलाई सही लेखाङ्कन गर्दा वासलातको पुँजी रु.१७ हजारले घटबढ हुने देखिन्छ।

**महत्वपूर्ण मामिला (Emphasis of Matter)**

हामी, लेखासँग सम्बन्धित टिप्पणीहरुको बुँदा नं. ४.९.१ मा रहेको बिक्री आम्दानीमा ध्यानाकर्षण गराउन चाहन्छौं जहाँ संस्थाको प्रमुख कारोवार शून्य रहेको पाइयो र संस्थाले आम्दानीका अन्य वैकल्पिक स्रोत पहिचान गर्न नसकेको पाइयो। संस्थाले हाल मध्यपुर आयल सप्लायर्सको प्यान नं. बाट कारोबार सञ्चालन गरेको र खुद मुनाफालाई बुँदा नं. ४.९.२ अन्तर्गत अन्य व्यावसायिक आम्दानीमा प्रस्तुत गर्ने गरेको, संस्थाको मुख्य आम्दानीमा जग्गा र भवनबाट प्राप्त हुने बाहाल रकम रहेको र सो बाहेक संस्थाको नाममा अन्य कुनै व्यवसाय सञ्चालनमा नरहेको पाइयो। उक्त टिप्पणीको सम्बन्धमा हाम्रो राय संशोधित नरहेको उल्लेख गर्दछौं।

**मुख्य लेखापरीक्षण मामिलाहरु (Key Audit Matters)**

मुख्य लेखापरीक्षण मामिलाहरु, ती विषयहरू हुन्, जुन हाम्रो व्यावसायिक निर्णयमा, आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थिए। यी मामिलाहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र वित्तीय विवरणमा राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको छ, र हामीले यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले निम्न उल्लेख गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा मुख्य लेखापरीक्षण मामिलाहरुको रूपमा निर्धारण गरेका छौंः

| लेखापरीक्षणका प्रमुख विषयहरु | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| **आसामी, पेस्की तथा धरौटी हिसाब**<br>संस्थाले विभिन्न व्यक्ति तथा कम्पनीहरुसँग असुलउपर गर्न बाँकी रकम तथा विगतका वर्षहरुमा समायोजन नभएका कर रकमहरु, कर्मचारीहरुसँग असुल गर्न बाँकी र धरौटी रकम कुल सम्पत्ति तथा जायजेथाको ८३ प्रतिशतभन्दा धेरै भएको हुँदा सो विषयलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ।<br><br>**चालु दायित्व तथा व्यवस्थाहरु**<br>संस्थाले विभिन्न व्यक्ति तथा कम्पनीहरुसँग खरिद तथा खर्चबापत दिनुपर्ने बाँकी रकम, उपदान तथा औषधोपचार व्यवस्था, कर्मचारी दायित्व, धरौटी र अन्य दायित्व रकमहरु कुल पुँजी, जगेडा कोष तथा दायित्वको झण्डै | **आसामी, पेस्की तथा धरौटी हिसाबको सम्बन्धमा हाम्रो लेखापरीक्षणको प्रक्रिया देहायबमोजिम रहेको छः**<br>क) आसामी, पेस्की तथा धरौटी हिसाबका मापन प्रचलित लेखा पद्दति बमोजिम रहे नरहेको समिक्षा गरिएको।<br>ख) उक्त रकमहरुको प्रयोजन यथार्थपरक रहे नरहेको र कारोवारको वास्तविक समय (आर्थिक वर्ष) जाँच गरिएको।<br>ग) वित्तीय विवरणमा प्रस्तुत रकमहरुलाई संस्थाको भौतिक अभिलेखहरुसँग (लेजर तथा भौचर) जाँच गरिएको।<br>घ) चालु आर्थिक वर्षमा भएका कारोवारहरुको पुष्टि हुने कागजातहरु जाँच गरिएको।<br><br>**लेखापरीक्षणको नतिजाः** |

| | |
|---|---|
| शत प्रतिशत रकम भएको हुँदा सो विषयलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ। | कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुमा र प्रतिवेदनमा अन्यत्र उल्लेख भएका बाहेक संस्थाले अपनाएको लेखानीति पर्याप्त रहेको र सोअनुसार नै लेखाङ्कन गरिएको पाइयो।<br><br>**चालु दायित्व तथा व्यवस्थाहरुको सम्बन्धमा हाम्रो लेखापरीक्षणको प्रक्रिया देहायबमोजिम रहेको छः**<br>क) चालु दायित्व तथा व्यवस्थाहरुको मापन प्रचलित लेखा पद्दतिबमोजिम रहे नरहेको समिक्षा गरिएको।<br>ख) उक्त रकमहरुको प्रयोजन यथार्थपरक रहे नरहेको र कारोबारको वास्तविक समय (आर्थिक वर्ष) जाँच गरिएको।<br>ग) वित्तीय विवरणमा प्रस्तुत रकमहरुलाई संस्थाको भौतिक अभिलेखहरुसँग (लेजर तथा भौचर) जाँच गरिएको।<br>घ) चालु आर्थिक वर्षमा भएका कारोवारहरुको पुष्टि हुने कागजातहरु जाँच गरिएको।<br><br>**लेखापरीक्षणको नतिजाः**<br>प्रतिवेदनमा अन्यत्र उल्लेख भएका बाहेक संस्थाले अपनाएको लेखानीति पर्याप्त रहेको र सोअनुसार नै लेखाङ्कन गरिएको पाइयो। |

**वित्तीय विवरणहरुका लागि व्यवस्थापन तथा शासकीय भूमिकामा रहेकाको जिम्मेवारी**

नेपाल लेखामान (वा सम्बन्धित ऐन अन्य नियम कानून, अभ्यास) अनुरुप वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। उक्त जिम्मेवारीअन्तर्गत वित्तीय विवरण तयारी र प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको खाका तयार गर्ने, कार्यान्वयन गर्ने, तथा कायम राख्ने कार्यहरु पर्दछन्। जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखानीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकताअनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन्। निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मूल्याङ्कन र निकायलाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतयाः वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामा नै तयार गर्ने र सोको उपयुक्त खुलासा गर्ने कार्यको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। शासकीय भूमिकामा रहेकाहरुको जिम्मेवारी निकायको वित्तीय प्रतिवेदन प्रक्रियाको रेखदेख गर्ने रहेको छ।

**वित्तीय लेखापरीक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उत्तरदायित्व समष्टिगत रुपमा वित्तीय विवरणहरु त्रुटि वा जालसाजीका कारण सारभूत गलत आँकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो। मनासिव माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा सारभूत गलत आँकडायुक्त प्रस्तुतीकरणको सधैं पहिचान हुन्छ नै भन्ने प्रत्याभूति हुँदैन। गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगत कारणले त्यस्ता वित्तीय विवरणको आधारमा लिने आर्थिक निर्णयहरुमा असर गर्दछ भने सारभूत ठहरिन्छ।

**अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन**

वित्तीय विवरण उपर प्रतिवेदनमा उल्लेख भएका कैफियतहरु बाहेक देहायका व्यहोराहरु प्रतिवेदन गर्दछौं।

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचनाहरु र स्पष्टिकरण प्राप्त।

ख. ऐनबमोजिम संस्थाले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको छ।

ग. यसै प्रतिवेदनको माथि कैफियतको बुँदाहरुमा र अन्यत्र उल्लेख भएको बाहेक, संलग्न वासलात, नाफा/नोक्सानीको हिसाब र नगद प्रवाह विवरण प्रचलित कानूनबमोजिम निर्धारण गरिएको लेखा मापदण्ड अनुरुप तयार भएको छ। त्यस्ता विवरणहरु संस्थाले राखेको लेखासँग दुरुस्त रहेको छ।

घ. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, हाम्रो रायमा प्रस्तुत वासलातले संस्थाको आर्थिक अवस्थाको तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा/नोक्सानी हिसाब र नगद प्रवाह विवरणले क्रमशः संस्थाको नाफा/नोक्सान र नगद प्रवाहको समुचित चित्रण गर्दछ।

ङ. संस्थामा चालु आर्थिक वर्षमा लेखासम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन।

च. लेखापरीक्षणको क्रममा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमी कमजोरीहरु सुधारका व्यहोरा समेटिएको व्यवस्थापन पत्र जारी गरिएको छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८२।९।२४ मा पेश गरेका छन्।**

# साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### कैफियत सहितको राय

हामीले साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको यसैसाथ संलग्न २०८२ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तनसम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक संस्थाको वित्तीय विवरणले २०८२ असार मसान्तको वित्तीय स्थिति, उक्त अवधिको नाफा/नोक्सान तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तबमोजिम यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाले २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई लागू हुने गरी नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेको छ। यद्यपि संस्थाको संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएको छैन। जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

२. **असामी**: संस्थाको वासलातमा गत वर्ष असामी रू.१३ करोड ९७ लाख ९ हजार र यस वर्ष रू.१३ करोड ८९ लाख ७३ हजार रहेको छ। अधिकांश असामीको मौज्दात अस्तित्वमा नरहेको र विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको व्यवस्थापनको भनाई छ। संस्थाले उक्त रकम असुल गर्न प्रभावकारी प्रक्रिया अगाडी बढाउनुपर्दछ। साथै, नउठ्ने असामी रकमको व्यवस्थापन सम्बन्धमा आवश्यक नीति बनाई व्यवस्था (Provisioning) गर्ने र छानबिन गरी आवश्यक समायोजन गर्नुपर्दछ।

३. **सण्ड्री क्रेडिटर्स**: सण्ड्री क्रेडिटर्स गत वर्ष रू.२४ करोड १३ लाख ४४ हजार र यस वर्ष रू.२३ करोड ४७ लाख ४२ हजार रहेको छ। यसमध्ये यस आर्थिक वर्षको कारोवार रकम मिलेता पनि सो संस्थाको प्रविष्टिमा भएको त्रुटिको कारण र केही आपूर्तिकर्ताहरुको हाल अस्तित्वमा नभएको कारण जिम्मेवारी सर्दै आएको देखिन्छ। यस सम्बन्धमा छानबिन गरी आवश्यक समायोजन गर्नुपर्दछ।

४. **बैङ्क हिसाव**: संस्थाको बैङ्क मौज्दात गत वर्ष रू.३ करोड ७८ लाख ७४ हजार र यस वर्ष रू.३ करोड ६५ लाख ६० हजार रहेको छ। कुल ११७ बैङ्क खातामध्ये १०६ बैङ्क खाताको डेबिटतर्फ रू.२६ करोड १६ लाख ७४ हजार र क्रडिटतर्फ रू.२५ करोड ७४ लाख २३ हजार गरी कुल रू.४२ लाख ५१ हजारको बैङ्क समर्थनपत्र भेटिएन। संस्थाले समयमा डाटा प्रविष्टि नगरेको, नयाँ सफ्टवेयर प्रयोगमा ल्याउँदा सहि प्रविष्टि नभएको र बैङ्क खाता दोहोरो प्रविष्टि भएको आदि कारणले गर्दा बैङ्क हिसाब यथार्थ परक छैन। बैङ्क हिसाब भिडान गर्ने र कारोवार नभएको बैङ्क खाता बन्द गरी बैङ्कको हिसाबकिताब अद्यावधिक गर्नुपर्ने देखिन्छ।

५. **औषधि खरिद**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) बमोजिम रु.२५ लाखसम्मको औषधि सोझै खरिद, नियम ८४(१क) बमोजिम रु.५० लाखसम्मको खरिद सिलबन्दीबाट, रु.५० लाखभन्दा बढीको खरिद गर्नु परेमा बोलपत्रबाट गर्नुपर्ने उल्लेख छ। तर संस्थाले गत वर्ष रु.५२ करोड १७ लाख र यस वर्ष रु.५७ करोड ४ लाख ५७ हजारको खरिद सोझै खरिदको माध्यमबाट गरेको छ। संस्थाले उल्लेखित खरिद कानून पालना हुने गरी औषधि खरिद गर्नुपर्दछ।

६. **शाखा हिसाब:** संस्थाले तोकिएको समयमा अन्तर शाखा हिसाब मिलान गरी वित्तीय विवरण तयार गर्नुपर्दछ। यस वर्षको अन्त्यमा अन्तर शाखा लिनुपर्ने (डेबिट) रु.४ अर्ब ७ करोड ५१ लाख र दिनुपर्ने (क्रेडिट) रु.४ अर्ब १२ करोड ३७ लाख २३ हजार रहेको छ। खुद अन्तर शाखा हिसाब रु.४ करोड ८६ लाख २४ हजार दिनुपर्ने रहेको देखिन्छ। लेखापरीक्षणका क्रममा हालको आर्थिक वर्षका शाखा हिसाब कारोवारहरू मिलान भईसकेको पाइयो भने उक्त फरक रकम आर्थिक वर्ष २०७७।७८ बाट निरन्तर रूपमा सारिँदै आएको देखियो। उक्त दायित्व वास्तविक नभएता पनि वासलातमा देखिएकाले संस्थाको वास्तविक आर्थिक अवस्था यथार्थ रूपमा चित्रण नभएको अवस्था देखियो। मानवीय त्रुटि तथा सफ्ट्वेयरमा गलत दाखिलाका कारण उक्त समस्या उत्पन्न भएको देखिँदा, यसलाई यथाशीघ्र सच्याई शाखा हिसाब मिलान गर्न आवश्यक देखिन्छ।

७. **घर भाडा:** संस्थाले घरभाडा असुली तथा लेखाङ्कन सम्बन्धित दुई पक्षबीच भएको भाडा सम्झौतामा उल्लेखित सर्त, दर, अवधि तथा भुक्तानी तालिकाअनुसार गर्नुपर्छ। यस वर्ष संस्थाको वासलातमा रू.३ करोड ४५ लाख ७५ हजार घरभाडा लिन बाँकी देखिएको छ। यसमध्ये रू.१ करोड ३१ लाख १६ हजार मात्र २०८२ पौष ४ सम्म असुल भएको छ र बाँकी रकम रु.२ करोड १४ लाख ६० हजार असुल हुन सकेको देखिँदैन। साथै, बाँकी घरभाडा असुलीका लागि आवश्यक औपचारिक पत्राचार, सम्बन्धित निकायहरूसँगको सहकार्य तथा कानूनी प्रक्रिया अपनाइएको पर्याप्त प्रमाण उपलब्ध भएन। उक्त भाडा सम्झौतामा उल्लेखित भुक्तानी तालिकाअनुसार असुल गर्नुपर्दछ।

हामीले नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं। यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमानअनुसारका हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ। हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचारसंहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सान्दर्भिक आचरणको प्रावधानअनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचारसंहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं। हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार र व्यवस्थापन पत्रमा उल्लेख गरेको बाहेक मुख्य लेखापरीक्षणका विषयहरु रहेका छैनन्।

### वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाको उत्तरदायित्व

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएका नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप वित्तीय विवरणहरू यथार्थ र उचित चित्रण गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ। वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर सञ्चालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखानीति प्रयोग गरी वित्तीय विवरणहरू तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको रहेको छ। संस्थाको सञ्चालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव

आश्वासन प्राप्त भएता पनि नेपाल वित्तीय प्रतिवेदनमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराईन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य कानूनी तथा नियमक निकायको आवश्यकता सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षणका सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टिकरण सन्तोषजनक रूपमा पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरूको आधारमा, हाम्रो रायमा संस्थाको हिसाबकिताब तथा लेखा प्रचलित ऐनबमोजिम राखिएको छ। संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको, संस्थाको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

३. यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र संलग्न अनुसूचीहरू तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाबकिताब, स्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टिकरणका आधारमा एवम् संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून

विपरीत कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको स्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस लिमिटेडमा २०८२।९।२४ मा पेश गरेका छन्।**

# वन तथा वातावरण मन्त्रालय

## जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

### परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको रायः**

हामीले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड (यस पछि "कम्पनी" भनिएको) को यसैसाथ संलग्न २०८२ आषाढ ३२ गतेको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु (यसपछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं।

कैफियत सहितको रायका आधार शीर्षकअन्तर्गत समावेश भएका विषयवस्तुले पार्ने असरबाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम् जानकारी तथा हामीलाई दिइएको स्पष्टिकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा कम्पनीको २०८२ आषाढ ३२ को वित्तीय स्थिति तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको वित्तीय अवस्था र नगद प्रवाहले नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको रायका आधारः**

क) **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०७७ असार ११ गते प्रकाशित गरेको सूचना अनुरुप २०७७ साउन १ गतेदेखि नेपाल लेखा प्रतिवेदनमान कार्यान्वयनको लागि प्रभावकारी गर्नुपर्ने व्यवस्था रहेको। पूर्ववर्ती लेखापरीक्षकद्वारा प्रस्तुत गरिएको लेखापरीक्षकको रायमा पनि सो कुरालाई जोड दिइएको पाइयो। उल्लेखित सूचना तथा सुझावहरुमा नेपाल लेखा प्रतिवेदनमान कार्यान्वयन गर्नुपर्ने भनी कम्पनीलाई जानकारी गराई रहँदा पनि वित्तीय विवरणहरु सो अनुरुप नगरिएको पाइयो।

कम्पनीले नेपाल लेखा प्रतिवेदनमान १ "First-time Adoption of Nepal Financial Reporting Standards" अनुरुप वित्तीय विवरणहरु तयार गर्नुपर्दछ।

ख) **कर्मचारी सुविधाः** नेपाल लेखामान १९ "Employee Benefits" बमोजिम जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले उपदान, बिदा र Medical Benefit गणना गर्दाको बखतमा Plan Assets र Defined Benefit Obligation को गणना गरी लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेता पनि सो अनुरुप नगरिएको पाइयो। यद्यपि कम्पनीको मूल्याङ्कन बेगर उपदान तथा औषधि उपचारबापत वर्षान्तमा जम्मा व्यवस्था रु.९ करोड ५२ लाख ३३ हजार गरेको पाइयो।

ग) **जिन्सीः** कम्पनीको वासलतमा जिन्सी मौज्दात रु.२१ करोड ६७ लाख ११ हजार रहेको छ। नेपाल लेखामान-२ बमोजिम जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा खुद ग्राह्य मूल्य अथवा लागत मूल्यमध्ये जुन कम आउँछ त्यसमा मापन गर्नुपर्ने व्यवस्था रहेता पनि कम्पनीले जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा लागत मूल्यमा मात्र मापन गरिएको देखियो।

घ) **ह्रास कट्टीः** नेपाल लेखामान १६ "Property, Plant and Equipment" अनुसार कुनै पनि सम्पत्ति प्रयोगका लागि उपलब्ध भएपछि सम्पत्तिको ह्रासकट्टी सोही दिनदेखि गरिनुपर्नेमा कम्पनीले सम्पत्ति प्रयोगका लागि उपलब्ध भएपछि यसको ह्रासकट्टी आय कर अनुरुप गरेको पाइयो।

ङ) **आयकरः** नेपाल लेखामान १२ आयकरअनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएका कर आधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखा आधारबीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नुपर्नेछ। सामान्यतया स्थगन कर सबै करयोग्य अस्थायी भिन्नतामा गणना गर्नुपर्दछ। कट्टि योग्य अस्थायी भिन्नताको समायोजनको लागि करयोग्य आय उपलब्ध हुन सक्ने सम्भावना रहेको कट्टियोग्य अस्थायी भिन्नतामा समेत स्थगन कर गणना गर्नुपर्दछ। स्थगन कर गणना

गर्दा त्यस्ता अस्थायी फरकहरू खपत हुने वा मुक्त हुने आर्थिक वर्षमा प्रभाव हुने करको दर प्रयोग गर्नुपर्नेछ। करको दरमा भएको परिवर्तनले परिवर्तन गर्ने स्थगन कर सम्पत्ति वा दायित्व करको दर परिवर्तन भएको वर्षमा समायोजन गर्नुपर्दछ। यद्यपी यस कम्पनीले माथि उल्लेखित स्थगन कर गणना गरेको छैन।

च) **साहुः** साहुसँगको बाँकी मौज्दातको प्रमाणीकरणको लागि मौज्दात प्रमाणीकरणको निमित्त लेखापरीक्षकले माग गरेकोमा सो उपलब्ध गराउन नसकिने जवाफ प्राप्त भयो। जसले गर्दा साहुको वास्तविक स्थिति यकिन गर्न सकिएन। लिनपुर्ने तथा पेस्की हिसाबअन्तर्गत रहेका रकमको ३ महिना, ६ महिना, १२ महिना र सोभन्दा बढी आयुअनसुारको वर्गीकरण गरिएको छैन। कम्पनीले लिनुपर्ने तथा दिनुपर्ने रकमको समर्थन पत्र सङ्कलन गरी राख्नुपर्नेमा नराख्दा वित्तीय विवरणमा प्रस्तुत गरेको लिनुपर्ने तथा दिनुपर्ने रकम पुष्टि गर्न सकिएन।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमानबमोजिम सम्पन्न गरेका छौं। नेपाल लेखापरीक्षणमानबमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षकअन्तर्गत थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको "द हयाण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी कम्पनीसँग स्वतन्त्र छौं र हामीले सो ह्याण्डबुकबमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं। हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षण मामिलाः**

| क्र.सं. | मुख्य लेखापरीक्षण मामिला | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|---|
| १ | **बिक्री आम्दानीः**<br>नेपाल वित्तीय प्रतिवेदनमान १५ (Revenue from Contracts with Customer) अनुसार जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले बिक्रेतालाई आफ्नो उत्पादन बिक्री गर्दा five step revenue recognition model अपनाउनुपर्ने हुन्छ। बिक्री गर्ने सामानको जोखिम र स्वामित्वको हस्तान्तरण गरेपछि मात्र कम्पनीले आम्दानी बाँध्नुपर्ने हुन्छ जुन मुख्यतया सामग्रीको डेलिभरी भएपछि र आम्दानी प्राप्त हुन सक्ने भरपर्दो सम्भावना सिर्जना भएपश्चात मात्र लेखाङ्कन गर्न सकिन्छ।<br>कम्पनीले यस आर्थिक वर्षमा गरेको बिक्री र सो सँग सम्बन्धित आम्दानीको लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुरुप भए वा नभएको साथै समयमै लेखाङ्कन भए वा नभएको प्रमाणीकरण गर्न जोखिम रहेको। | कम्पनीले बिक्रीबाट आर्जन गरेको आम्दानीको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको विधि निम्नअनुसार रहेकोः<br>नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार five step revenue recognition model अपनाई कम्पनीले गरेको आम्दानी र सोको लेखाङ्कन तल अनुरुप चेकजाँच गरिएकोः<br>१. बिक्रेतासँग सम्झौताको पहिचान<br>२. सम्झौतामा कार्यसम्पादनको दायित्व<br>३. बिक्री हुने वस्तुको मूल्य पहिचान<br>४. कार्यसम्पादन दायित्वमा बिक्री मूल्यको वितरण गर्नुपर्ने<br>५. कार्यसम्पादन गर्नुपर्ने दायित्व पुराभए पछि आम्दानी पहिचान गर्ने प्रक्रिया ।<br>कम्पनीको आम्दानी पहिचान गर्नको निमित्त लेखाङ्कन गरेको आम्दानीको विवरण र सोको विश्वसनीयता पुष्टिकरण गर्नको लागि लेखाङ्कन गर्ने प्रक्रिया, सम्बन्धीत कागजात, नियम तथा नियमावलीको पालना गरे नगरेको चेकजाँच गरिएको।<br>कम्पनीले आन्तरिक राजस्व विभागमा भरेको खरिद तथा बिक्रीको आयकर विवरण र कम्पनीको बिक्री हिसाब भिडान गरी बिक्रीको चेकजाँच गरिएको। |
| २ | **खरिद प्रक्रियाः**<br>जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले यस आर्थिक वर्षमा गरेको खरिदको, ढुवानी सेवा, परामर्श सेवा | कम्पनीले गरेको खरिदको प्रक्रिया, औचित्यताको प्रमाणीकरण गर्नको निमित्त हामीले अपनाएको विधिहरुः<br>१. खरिद ऐन तथा नियमावलीबमोजिम भए नभएको चेकजाँच गरिएको। |

| | | |
|---|---|---|
| | र अन्य खरिद सार्वजनिक खरिद ऐन, २०६३ र कम्पनीको खरिद नियमबमोजिम हुनुपर्ने।<br><br>खरिद प्रक्रियाले कम्पनीमा एक मुख्य भूमिका खेलेको हुँदा सो सँग सम्बन्धित प्रक्रिया, खरिद नीति तथा लेखाङ्कन गर्ने विधिहरुको पहिचान गर्नुपर्ने देखिएको। | २. लागत अनुमान, बोलपत्र आह्वान तथा खरिद कर्ताको छनोटको प्रक्रिया।<br>३. खरिद सामग्रीको चेकजाँच तथा सोको पहिचान र लेखाङ्कनको चेकजाँच। |

**विषय वस्तुमा जोड दिएको परिच्छेद (Emphasis of Matter Paragraph):**

हामी वित्तीय विवरणका प्रयोगकर्ताहरुको तल उल्लेखित विषयमा ध्यानाकर्षण गर्न चाहान्छौः

क) २०८१।१२।१५ गते, अनाधिकृत व्यक्तिहरु कार्यालय क्षेत्रभित्र प्रवेश गरी ढुङ्गा प्रहार, बर्बादी र आगजनी गरिएको हुँदा प्रयोगशाला भवन, सञ्चो कारखाना, प्रशासनिक भवन र कम्पनीका सवारी साधनहरूलाई गम्भीर रूपमा क्षति पुगेको र केन्द्रीय गोदाममा भण्डारण गरिएका उत्पादनहरू (विशेष गरी सञ्चो र जडीबुटी तेलहरू) र कच्चा सामग्रीहरूको महत्वपूर्ण मात्रा आगोबाट नष्ट हुनुका साथै लुटिएको छ। कम्पनीले राजावादी आन्दोलन भएपछि क्षतिको अध्ययन गर्न कार्यदल खडा गरेको र सो कार्यदल अनुरुप क्षति गणना गर्दा जम्मा रु.१६ करोड २३ लाख ५९ हजारको क्षति भाएको देखाएको छ। कम्पनीले सो बीमा कम्पनीको केन्द्रीय कार्यालयको गोदाममा रहेको अन्य सरसामान जस्तै सुगन्धित तेल, सार, सञ्चो, हर्वलकेयर, केरा, जडीबुटी, केमिकल्सहरुको स्टकको बीमा गरेको तर कम्पनीको भवन, कार्यालय सामग्री तथा गाडीहरुको बीमा गरेको छैन।

कम्पनीले राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग policy no: KTM/PRI/GPI/F/76/77/00144 अन्तर्गत जम्मा रु.१६ करोड ५९ लाख ७ हजारको बीमा गरेको थियो। बीमा कम्पनीले रु.१३ करोड ४७ लाख १० हजार बराबरको दुर्घटनाबाट भएको हानीको अनुमान गरेको छ। २०८२।३।२४ मा ग्लोबल आइ.एम.ई. बैङ्कको चेक नं. ८७३६४०९४ बाट सिद्धार्थ बैङ्कमा बीमा कम्पनीले रु.७५ लाख बराबरको रकम भुक्तानी गरेको छ। सो विवरण लेखानीति एवम् लेखासँग सम्बद्ध टिप्पणीहरुको बुँदा नं. २.८.१. मा उल्लेखित छ।

ख) नेपाल सरकारको मन्त्रिपरिषद्को २०५१।५।१३ को निर्णयअनुसार खारेजीमा परेका जडीबुटी फर्म तथा कार्यालयहरूको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भएको जायजेथा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा नेपाल सरकारको सेयर लगानीको रूपमा हस्तान्तरण गर्ने निर्णय भएको थियो। सो निर्णयबमोजिम जडीबुटी तथ्याङ्क सङ्कलन कार्यालय, महेन्द्रनगरको रु.२० लाख १ हजार, जडीबुटी संरक्षण तथा प्रशोधनशाला नेपालगञ्जको रु.३५ लाख ३ हजार र तरहराको रु.१ करोड ५० हजार गरी जम्मा रु.१ करोड ५५ लाख ५५ हजार बराबरको जायजेथा बेचबिखन गर्न नपाउने सर्तमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा नेपाल सरकारको सेयरको रुपमा लगानी गर्ने निर्णय भएकोले रु.१ करोड ५५ लाख ५४ हजार अग्रिम सेयर अन्तर्गत वित्तीय विवरणको अनुसूची १क मा प्रस्तुत भएको छ।

ग) नेपाल सरकार (सचिवस्तर) को २०७७।३।३ को निर्णयअनुसार २०७७।३।४ माग गरिएको ऋण तमसुक साथै नेपाल सरकार, अर्थ मन्त्रालयको पत्र संख्या ०७६।७७ चलानी नं. २३९, २०७७।३।४ को पत्रअनुसार वार्षिक ५ प्रतिशत ब्याजदरमा समान किस्तामा ७ वर्षभित्र सावाँ ब्याज बुझाउने तरिकाले २०७७।३।४ गते रु.८ करोड ऋण उपलब्ध भएको छ।

अर्थ मन्त्रालय सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, काठमाडौंको २०८०।९।२२ को लिखत अनुरुप रु.१२ करोड ७ वर्ष (२०८७ पौष) भित्र वार्षिक ५ प्रतिशतका दरले पूर्वाधार विकास कार्यका लागि ऋण प्राप्त भएको देखिन्छ। उपरोक्त ऋणहरूमा लाग्ने ब्याज खर्चलाई दायित्व सिर्जनन गरी अनुसूची ९क मा लेखाङ्कन गरिएको छ।

माथि उल्लेखित विषयहरुले हाम्रो राय परिमार्जन गरिएको छैन ।

**अन्य मामिला (Other Matters):**

क) सञ्चालक समितिको ३६१औं निर्णय नं. ३६१/१८५२ अनुसार तामागढी शाखामा तत्कालिन महाप्रबन्धकद्वारा कम्पनीको कर्मचारी सेवा सर्त विनियमावली विपरीत करारमा कर्मचारी नियुक्ति गरिएको सम्बन्धमा उजुरी परेको थियो। उक्त विषयमा २०७५।१।५ मा सचिवस्तरीय निर्णयबाट गठन गरिएको छानबिन समितिको प्रतिवेदनको निस्कर्षअनुसार कम्पनीको कर्मचारी सेवा सर्त विनियमावलीको विनियम २८क उपविनियम २(क) विपरीत ६ जना कर्मचारी करारमा नियुक्त गरिएको देखियो। समितिको सिफारिसबमोजिम ती कर्मचारीहरूको करार सेवा २०७५।३।१ देखि रद्द गर्ने तथा निजहरूले प्राप्त गरेको तलब भत्ता सम्बन्धित महाप्रबन्धकबाट सरकारी बाँकी सरह असुलउपर गर्नुपर्ने निर्णय भएको भएता पनि हालसम्म कर्मचारी हटाएको बाहेक अन्य कारबाही प्रक्रिया अघि बढाएको देखिएन।

ख) कम्पनीले वस्तु उत्पादनका क्रममा विभिन्न जडीबुटीजन्य उत्पादनका सूत्र तथा "सञ्चो बाम" को लोगो जस्ता बौद्धिक सम्पत्ति विकास गरेको भएता पनि सोको रीतपूर्वक दर्ता गरी कानूनी अधिकार सिर्जना गरेको देखिएन। सो कारण ती बौद्धिक सम्पत्तिबाट प्राप्त हुन सक्ने रोयल्टी तथा अन्य आर्थिक लाभबाट कम्पनी वञ्चित भएको अवस्था छ।

ग) कम्पनीको उत्पादनमा प्रयोग हुने सञ्चो बाम र सञ्चो बामको लोगोको ट्रेडमार्क दर्ता आवेदन रोकी दर्ता आवेदन खारेज गरी सजायसमेत गरी पाउँ भनी उद्योग विभागमा २०७४।३।१३ मा बौद्धिक सम्पत्तिको लागि कानूनी व्यावसायिक मञ्चको तर्फबाट दर्ता नं. १५४ र ६३७ मा उजुरी दर्ता भएकोले हालसम्म उक्त उजुरी प्रति कुनै काम कारबाही नभएको साथै, उक्त उजुरी सम्बन्धमा कम्पनीको वित्तीय विवरणमा खुलासा गरेको छैन।

माथि उल्लेखित विषयहरुले हाम्रो राय परिमार्जन गरिएको छैन।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाको उत्तरदायित्वः**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यावहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कम्पनी निरन्तर सञ्चालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकबमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखानीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ। कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि सञ्चालक समिति तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरु जिम्मेवारी छन्।

**वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्वः**

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटिहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटिहरु सधैं पहिचान हुन्छन् भन्ने आश्वस्तता रहदैंन। गलत प्रस्तुति, जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यावसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं। क्रमश हामीलेः

क) वित्तीय विवरणमा जालसाजी वा त्रुटिबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण सङ्कलन गर्दछौं। मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण

प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।

ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितासम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासङ्गिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं।

ग) व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखासम्बन्धी खुलासाहरुको मूल्याङ्कन गर्दछौं।

घ) व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसँग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यावसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निस्कर्ष निकालेकामा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापी भविष्यका घटना तथा अवस्थाहरुले कम्पनी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ।

ङ) वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासासहितको विषयवस्तु तथा अन्तर्निहित कारोवार एवम् घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं। हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं।

सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई प्रासङ्गिक नैतिक आवश्यकता पालना गरेको जानकारीसहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धी प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं।

**अन्य कानूनी र नियमक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदनः**

कम्पनी ऐन, २०६३ को दफा ११५(३) बमोजिमः

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टिकरणहरु पाएका छौं।

(ख) हामीले लेखापरीक्षण गरेका स्रेस्ताहरुको आधारमा कैफियत सहितको रायका आधारमा उल्लेखित रायबाहेक, हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठिकसँग राखिएको छ।

(ग) यो प्रतिवेदनसँग सम्बन्धित वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) ले तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुपर्नेमा सो गरिएको छैन।

घ) हामीले लेखापरीक्षणको समयमा कम्पनीको सञ्चालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८३।१।१६ मा पेश गरेका छन्।**

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## नेपाल डिजिटल पेमेन्ट्स कम्पनी

### परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**Opinion**

We have audited the accompanying financial statements of Nepal Digital Payments Company Limited (hereinafter referred to as "Company"), which comprise statement of financial position as at Ashad 32, 2082 (July 16, 2025) and statement of profit or loss, statement of other comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and a summary of significant accounting policies and notes to the financial statements.

In our opinion, the accompanying financial statements give a true and fair view of the financial position of the Company as at Ashad 32, 2082, its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Opinion**

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of the Financial Statements section of our report. We are independent of the Company and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

**Key Audit Matters**

Key audit matters are matters based on our judgment, are of most significance in the audit of the financial statements of the current period, which were addressed in the context of the audit of the financial statements as a whole, and in forming our opinion thereon. We do not provide separate opinion on these matters.

We have determined that there are no key audit matters to communicate in our report.

**Other Information**

Management is responsible for other information. Other information comprises the information included in Annual Report and Report of Board of Directors but does not include the financial statements and our reports thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, consider whether the other information is materially inconsistence with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appear to be materially misstated. When we read the annual report, if we conclude that there is material misstatement, therein, we are required to request management and those charged with governance to correct the material misstatement.

**Responsibilities of the Management and Those charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting standards (NFRSs) and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the company's ability to continue as a going concern, disclosing as applicable matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations or has no realistic alternative but to do so, those charged with governance are responsible for overseeing the Company's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements. As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.
- We communicate with those charged with governance regarding among other matters, the planned scope and timing of the audit and significant audit findings including any significant deficiencies in internal control that we identify during our audit.

**Report on Other Legal and Regulatory Requirements**

On the basis of our examination, we would like to further report that:

a) We have obtained all the information and explanations, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit.

b) The accounts and records of the Company have been maintained as required by law and practice in a manner to reflect the real affairs of the Company.

c) The statement of financial position, statement of financial performance and the statement of cash flow dealt with by this report are in agreement with the books of account of the Company.

d) In our opinion and to the best of our information and according to explanations given to us, the Board of Directors, the representative or any employee of the Company has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the company deliberately or acted in a manner that would jeopardized the interest and security of the Company and the business of the Company appears to have been conducted satisfactorily.

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश बेहोराको विस्तृत विवरण परामर्श दिइएका लेखापरीक्षकले त्यस कम्पनीमा २०८२।८।१२ मा पेश गरेका छन्।**

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)

## परामर्श दिइएका लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### QUALIFIED OPINION

We have audited the Standalone Financial Statements of Nepal Doorsanchar Company Limited ("Nepal Telecom"/"the Company") which comprise the Statement of Financial Position (SOFP) as at Ashadh 32, 2082 (July 16, 2025), and Statement of Profit or Loss (SOPL), Statement of Other Comprehensive Income (OCI), Statement of Changes in Equity and Statement of Cash Flows for the year then ended, and Notes to the Standalone Financial Statements, including a Summary of Significant Accounting Policies.

In our opinion, except for the effects of the matter described in the Basis for Qualified Opinion section of our report, the accompanying Financial Statements read with the Notes to the Financial Statements present fairly, in all material respects, the financial position of the Company as at 32 Ashadh, 2082 (July 16, 2025), and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards.

### BASIS FOR QUALIFIED OPINION

**A. 4G/LTE Project – Contract Expiry, Liquidated Damages, and Irregular Payments**

The Company entered the contract for the nationwide 4G/LTE network covering Core and Radio Access Network (RAN) I and II, with an aggregate contract value of NPR 19.68 billion, which were required to be completed within 12 months by February 2020 (Falgun 16, 2076). Due to non-completion within the stipulated period, the Board extended the contract up to April 14, 2022 (Chaitra end 2078). No further extension was formally approved until Kartik 12, 2082, when management (Managing Director) approved an extension up to December 31, 2026, based on Board Decision No. 4162 (ka) dated Ashwin 9, 2082.

Notwithstanding the expiry of the contract, the Company continued transactions with the contractor and made payments amounting to NPR 530 million during FY 2081-82 (Previous Year NPR 971 million). Such transactions undertaken without a valid contract are irregular. As of Ashadh-end 2082, the Company capitalized 4,186 sites (100% achievement) and paid NPR 16.04 billion.

Furthermore, the Company has not recognized or claimed liquidated damages as provided under the contract for delayed completion. Accordingly, income is understated by the amount of liquidated damages, which could be up to a maximum of 10% of the total contract price. We were unable to determine the exact amount of liquidated damages due to lack of management estimation and documentation.

**B. Property, Plant and Equipment – Derecognition, Impairment, and Revaluation**

The Company's policy relating to derecognition of Property, Plant and Equipment (PPE) has significant limitations. As at Ashadh-end 2082, the gross carrying amount of Plant & Machinery was NPR 79.37 billion (Previous Year: NPR 77.21 billion), with accumulated depreciation and impairment of NPR 62.02 billion (Previous Year: NPR 55.34 billion), resulting in a net carrying amount of NPR 17.35 billion (Previous Year: NPR 21.00 billion).

Legacy copper cable systems with a written-down value (WDV) of NPR 310.31 million continue to be recognized as PPE, although NPR 153 million has been provided as impairment during FY 2081-82. Additionally, scrap and obsolete PPE exist but have not been fully identified, derecognized, or auctioned or disposed of, and the extent and value thereof could not be reliably determined.

The financial statements also include buildings with a carrying amount of NPR 3.56 billion (Previous Year: NPR 3.43 billion). We observed that several buildings lack valid legal ownership documents and certain buildings are not generating economic benefits. Further, due to the lack of prompt auction or disposal of obsolete assets and weak physical condition management of plant and machinery, including copper cables, we were unable to assess the consequential impact, if any, on the fair value of PPE.

During the year, the Company revalued land and buildings, recognizing a revaluation surplus of NPR 1,681 million for land and NPR 147 million for buildings. We noted that, in cases where market prices were unavailable or lower than the government-fixed rates, the valuator used prices fixed by the local government as a benchmark. As per NFRS 13, fair value represents the price that would be received to sell an asset in an orderly transaction between market participants at the measurement date. Since government-fixed prices are meant for taxation purposes and may not reflect market participant assumptions, we were unable to determine the fairness of the revalued land amounts.

**C. Inventory and Capital Work-in-Progress – Impairment Assessment**

The Company's accounting policy requires impairment provisioning for inventory based on classification, i.e., 25% for slow-moving, 50% for non-moving, and 100% for obsolete items. As at Ashadh-end 2082, inventories amounting to NPR 2.73 billion (Previous Year: NPR 3.53 billion) were recorded under Capital Work-in-Progress and NPR 282 million (Previous Year: NPR 521 million) under Inventory.

The impairment assessment is based solely on inventory classification without adequate consideration of usability, condition, or future economic benefits. We noted that certain obsolete items have been classified as regular inventory. Further, persistent over-procurement, accumulation of slow-moving and non-moving items, lack of timely disposal, and weak physical inventory management raise concerns regarding value for money and propriety.

Accordingly, we were unable to determine the adequacy of impairment provisioning and the consequential impact, if any, on the carrying value of inventory and work-in-progress.

**D. Wireline Segment – Operating Losses and Impairment Indicators**

The Wireline segment, comprising investments in FTTH amounting to NPR 12.66 billion and PSTN amounting to NPR 310.31 million, incurred an operating loss of NPR 242.58 million during the year (Previous Year: NPR 533.77 million) against total revenue of NPR 2.69 billion (Previous Year: NPR 3.40 billion).

In respect of FTTH services, the Company has deployed 4,283 Fiber Distribution Cabinets and 2,252,910 Fiber Access Points (FAPs), of which only 481,542 were occupied as at the reporting date, representing a utilization rate of 23.96%. The segment generated revenue of NPR 1.67 billion during the year (Previous Year: NPR 2.17 billion). These factors indicate weak cost recovery, declining revenue, and uncertainty regarding the long-term viability of the technology.

Management has performed an impairment assessment of the FTTH segment and concluded that no impairment was required during the year. However, the segment has incurred continuous and persistent operating losses for the past five years since inception, accompanied by a low utilization rate of FAPs and a decline in revenue during the year. These conditions indicate the existence of significant impairment indicators. Due to limitations in management's impairment assessment and the lack of sufficient appropriate audit evidence supporting the recoverability assumptions, we were unable to determine whether the carrying amount of the segment's assets, amounting to NPR 6.94

billion, is recoverable. Accordingly, there is material uncertainty regarding the timing of cost recovery and the long-term profitability and sustainability of the FTTH segment as a cash-generating unit (CGU).

**E. Asset Retirement Obligation (ARO) – Network Towers on Leased Properties**

The Company has installed network towers on leased properties, including rooftops of residential buildings and schools. At the expiry or early termination of lease agreements, the Company may be required to dismantle and restore these sites, resulting in unavoidable future costs.

As at Ashadh-end 2082, the Company had 3,834 towers installed on leased properties. However, no provision for Asset Retirement Obligation has been recognized, and management has not estimated the related obligation. This represents non-compliance with Nepal Financial Reporting Standards (NFRS) requirements, which require recognition of a provision for present obligations arising from asset installation when the obligation can be reliably estimated. We were unable to determine the impact of this omission on the financial statements.

**F. Sundry Creditors – Long-Outstanding and Unconfirmed Balances**

The financial statements include sundry creditors amounting to NPR 7.98 billion (Previous Year NPR 8.92 billion), which comprise several long outstanding and unexplained balances. These include, among others, NPR 31.6 million relating to bank cheque returns, NPR 62.8 million relating to bid bond forfeited in July 2016 and other liability of a foreign party, NPR 63.47 million relating to employee-related liabilities, other liabilities of NPR 542.68 million outstanding for more than five years, and meeting allowance payable of NPR 4.7 million, of which NPR 1.52 million is outstanding for more than two years.

No balance confirmations were obtained from the respective creditors. Given the age, nature, and lack of supporting documentation for these balances, we were unable to verify their existence, accuracy, and completeness.

We have conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditors Responsibilities for the Audit of the Financial Statements section of our Report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities and ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our qualified opinion.

**EMPHASIS OF MATTER**

We draw attention to the following matters disclosed in the financial statements, which, in our judgment, are of such importance that they are fundamental to users' understanding of the financial statements. **Our opinion is not modified in respect of these matters.**

**A. Convergent Real-Time Billing (CRTB) System – AMC Contract and New Billing System (Note 13.2.3)**

The Annual Maintenance Contract (AMC) for the Convergent Real-Time Billing (CRTB) system between Nepal Telecom and the AMC contractor was originally signed on December 21, 2011. As per the contract terms, the AMC could be renewed annually at the option of Nepal Telecom, with the cost of each subsequent year equal to the previous year's cost less a 5% discount.

Contrary to the annual renewal provision, the Company entered into a consolidated AMC agreement for a period of four plus one years on January 8, 2023, covering the period from September 20, 2022 to September 19, 2027. A case relating to this matter is pending before the Special Court, and the amount under litigation (बिगो रकम) is NPR 334.82 million (USD 2,443,620).

Further, to procure a new billing system, a bid was invited on March 18, 2025 (Chaitra 05, 2081), and the technical evaluation was completed on August 24, 2025 (Bhadra 08, 2082). However, the financial proposal has not yet been opened, and the procurement process remains stalled. Considering the critical nature of the billing system and the lead time required for vendor onboarding, any further delay may pose operational and financial risks and could even disrupt the continuity of the Company's core business functions. The existing CRTB AMC is scheduled to expire on September 18, 2027 (Ashwin 02, 2084).

**B. Employees' Bonus Provision – Basis of Computation and Pending Litigation (Note 9.3)**

As per the letter issued by the Ministry of Finance dated Baishakh 16, 2081, employees' bonus is required to be calculated based on operating profit, amounting to NPR 5.86 billion for FY 2081-82, NPR 4.17 billion for FY 2080-81, and NPR 4.41 billion for FY 2079-80. However, the Company has calculated, and recognized employees' bonus based on total profit, amounting to NPR 9.85 billion for FY 2081-82, NPR 11.43 billion for FY 2080-81, and NPR 11.74 billion for FY 2079-80. A court case challenging the Ministry of Finance decision is pending, and no bonus has been paid for FY 2079-80 and FY 2080-81. As a result, the cumulative difference in bonus provision amounts to NPR 928 million, comprising NPR 199 million for FY 2081-82, NPR 363 million for FY 2080-81, and NPR 366 million for FY 2079-80.

**C. Defined Benefit Obligation and Funding Gap (Note 13.2)**

As per the actuarial valuation conducted as at Ashadh-end 2082, the Company's defined benefit obligation amounts to NPR 38.29 billion. During the year, the Company contributed NPR 13.15 billion to the plan assets, bringing the total plan assets to NPR 28.56 billion. Consequently, a funding shortfall of NPR 9.73 billion remains as at the reporting date.

**D. Trade and Other Receivables – Old and Unexplained Balances (Note 10.1.4)**

The gross balance of sundry debtors and trade receivables amounts to NPR 3.20 billion, against which the Company has recognized an expected credit loss of NPR 2.10 billion, resulting in a net carrying amount of NPR 1.10 billion.

The sundry debtors balance includes receivables from the public, ministries, government offices, domestic interconnection, and international interconnection services. It also includes old receivables amounting to NPR 286.28 million relating to PSTN services, for which supporting details and documentation were not available for review and assessment of recoverability.

**E. Prepayments and Advances – Long-Outstanding and Unconfirmed Balances (Note 9.1)**

The financial statements include prepayments amounting to NPR 368.07 million, other non-financial assets of NPR 639.07 million, and advances to suppliers for the supply of goods and services totaling NPR 1,158.95 million. Significant components of these balances include advances to NEA of NPR 100.87 million, the Road Department of NPR 60.27 million, inter-company balances of NPR 4.30 million, and advances to contractors with no subsequent transactions amounting to NPR 48.12 million.

Of these balances, NPR 162.30 million has been outstanding for more than three years and NPR 78.91 million for more than five years the balances of which are not confirmed.

**OTHER AUDIT MATTERS**

The following matters are presented that are other than those presented or disclosed in the financial statements that, in our judgment, are relevant to users' understanding of the audit, the auditor's responsibilities, or the auditor's report. The audit opinion is not modified because of these matters.

**A. Role of Board of Directors**: The Company is operating in an environment marked by delay in decision making in technology selection, procurement, and contract management, which requires urgent correction through proactive and timely decision-making aligned with organizational objectives and operational needs. Delays in procuring appropriate technology, particularly in critical systems such as the Billing System, pose serious risks to business continuity and may have severe operational and financial consequences. These risks are further heightened during periods of frequent changes in top management, often arising from investigations or charges by the CIAA, which can adversely affect management morale and discourage decisive, long-term decision-making. In such circumstances, the Board's role becomes paramount, and it must exercise strong leadership and assume responsibility for steering the Company through uncertainty to protect its sustainability and long-term interests.

**B. Business Strategy of the Company:** In the context of the rapidly evolving global telecommunications industry, the absence of a properly documented business strategy and a clear mid- to long-term plan exposes the Company to significant operational and existential risks. Although a Strategy Plan Document (Vision 2030) has been placed before the Board which is yet to be formally endorsed. There is an urgent need to prepare and approve a comprehensive, written business strategy that clearly articulates the Company's vision, mission, and strategic objectives, along with defined roadmaps for short-term (1–3 years), medium-term (3–5 years), and long-term horizons. The strategy should be forward-looking and aligned with emerging industry trends such as 5G, the Internet of Things (IoT), and artificial intelligence to ensure the Company's sustained competitiveness and relevance.

**C. Restructuring of the Company:** Board of Directors of the Company (Meeting Number 961 dated Kartik 26, 2079) had decided to conduct an Organization and Management Survey (O & M Survey) for restructuring of the Company and to plan and implement a Voluntary Retirement Scheme (VRS), but it has not been implemented. In view of the huge expenditure for employee's salary, benefit, and expenses (NPR 7.96 billion in FY 2081-82 and NPR 8.68 billion in FY 2080-81) and the changed operational and market context, an Organization and Management Survey (O&M Survey) should be conducted for restructuring of the Company and to assess and determine the optimum number and appropriate mix of employees required by the Company.

**D. Effective Human Resource Management:** The practice of "unpaid *Kaaj*" (where per diem and travel costs are not reimbursed) continues to prevail, reflecting an employee-induced practice rather than a requirement arising from the Company's operational needs. The number of such instances have increased to 638 employees (3,630 person days) during the FY 2081-82. There is a noticeable imbalance in manpower deployment, with shortages in rural areas and surpluses in urban locations. Additionally, substantial expenditure has been incurred on outsourced human resources, alongside significant spending on casual labor, indicating inefficiencies in workforce planning and utilization.

**E. Procurement Practices:** The Company's procurement practices reveal significant weaknesses, particularly the absence of prudent procurement discipline. Procurement decisions have frequently been driven by budget availability rather than actual operational needs, resulting in the acquisition of surplus assets that remain idle. We observed the instances of needless procurement (NPR 275.23 million), split procurement (3 instances of NPR 74 million), additional or supplementary procurements (11 instances of NPR 738 million) and procurement approvals exceeding prescribed authority limits. The additional or supplementary procurements are based on existing contracts which are executed without cost estimate and needs assessment. Furthermore, procurement planning and cost estimation processes have not adhered as per fundamental principles of public procurement and, in some cases, reflect misinterpretation of contractual provisions. The accumulation of substantial underutilized, non-moving, and idle assets indicates a clear misalignment between procurement strategies and operational requirements, raising serious concerns about the effectiveness and prudence of the Company's procurement approach.

**F. Effectiveness of INOC:** The Integrated Network Operation Centre (INOC) is operational with core technical staff and representatives from relevant departments such as WSD (Wireless Service Department) and WCSD (Wireline Customer Service Department); however, its overall effectiveness remains limited. Recurrent service outages have been observed, yet management has not calculated the estimated monetary losses. While systems have been developed to identify risks associated with service outages, no formal risk assessment has been undertaken to implement appropriate corrective and preventive measures or to promote evidence-based decision-making. Outage tickets continue to be generated manually through separate software systems, leading to delays in resolution and compromised service quality. Moreover, insights gained from outage tracking have not been adequately translated into preventive actions or policy-level improvements.

**G. Third-Party Managed Services:** Although contractual provisions exist to impose penalties on the Contractor for delays in service restoration, these have not been enforced, with responsibility for outages frequently attributed to Nepal Telecom. Despite outsourcing restoration of 2G and 3G services, accountability for service disruptions remains unclear, and a strategic review of technology transfer and the appropriate balance between in-house capability and outsourcing has not been undertaken. During FY 2081-82 alone, the Company incurred substantial expenditure on outsourced repair and maintenance services, with spending NPR 399.30 million (NPR 70.34 million for Warranty and NPR 328.96 million for Outsourcing Contractor) covering core systems, 2G/3G networks, and related network domains. Review of the service scope suggests that many of these activities could be managed internally, particularly given Company's continued investment in staff training, and the annual expenditure for foreign training is also significant (NPR 17.8 million annually on an average). Vendor reports further indicate that most site outages arise from power interruptions or damaged cables, which fall outside the managed service scope and remain Company's responsibility. A critical review of the continuation of managed services and the preparation of a transparent, verifiable calculation of managed service fees are therefore necessary.

**१३.३.** बीमा कोषले पुरानो लेखा सफ्ट्वेयरबाट नयाँ लेखा सफ्ट्वेयरमा तथ्याङ्क स्थानान्तरण गर्दा भुक्तानी भइसकेका सहभागीहरुको पनि तथ्याङ्क स्थानान्तरण भएको र उक्त ८१ हजार २८९ सहभागीहरुको अन्तिम मौज्दात रु.४६ करोड ५३ लाख ऋणात्मक देखिन्छ।

१३.४. राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोषको वित्तीय विवरणअन्तर्गत नगद तथा नगद सामानमा मौज्दात रु.५ करोड १३ लाख ऋणात्मक देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं। त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको वित्तीय विवरणहरुको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले संस्थाका पेशागत सदस्यहरुका लागि जारी गरेको आचारसंहितालगायत वित्तीय विवरणहरुको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी संस्थाबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले संस्थाका पेशागत सदस्यहरुका लागि जारी गरेको आचारसंहिताबमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं। हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)**

मुख्य लेखापरीक्षण विषयहरु, ती विषयहरू हुन्, जुन हाम्रो व्यावसायिक निर्णयमा, आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थिए। यी मामिलाहरू हाम्रो लेखापरीक्षणको सन्दर्भमा र वित्तीय विवरणहरुमा राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको छ, र हामीले यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले निम्न उल्लेख गरिएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा मुख्य लेखापरीक्षण विषयहरुहरूको रूपमा निर्धारण गरेका छौं:

| लेखापरीक्षणका प्रमुख विषयहरु | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| लगानीको पहिचान, मापन तथा क्षयीकरण संस्थाको लगानीअन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, नेपाल राष्ट्र बैङ्कको बचत तथा ऋण पत्रमा गरेको लगानी र विभिन्न संस्थाहरुको ऋण तथा सेयरमा गरिएको लगानी रहेको छ। लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताका आधारमा लगानीको पहिचान, मापन तथा क्षयीकरणको विषयलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ। | लगानीको पहिचान, मापन तथा क्षयीकरणको सम्बन्धमा हाम्रो लेखापरीक्षणको प्रकृया देहायबमोजिम रहेको थियो:<br>क) लगानीको मापन नेपाल लेखामानबमोजिम रहे/नरहेको समीक्षा गरिएको।<br>ख) संस्थाको Business Model अपेक्षित नगद प्रवाहको समिक्षा गरिएको।<br>ग) सूचिकृत लगानीको मापन २०८२ आषाढ ३२ गतेको बजार मुल्यबमोजिम रहे/नरहेको चेकजाँच गरिएको तथा सूचिकृत नरहेको लगानीको मूल्याङ्कन परल मुल्यको आधारमा गरिएको।<br>घ) लेखापरीक्षणको नतिजाः<br>लगानीको पहिचान, मापन तथा क्षयीकरणमा संस्थाले अपनाएको लेखानीति पर्याप्त रहेको र सोअनुसार नै लेखाङ्कन गरिएको। |

**अन्य जानकारी**

अन्य जानकारीको जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहन्छ। अन्य जानकारीमा वार्षिक प्रतिवेदनमा समावेश जानकारीहरु पर्दछन् तर वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन भने समावेश हुँदैनन्। लेखापरीक्षकलाई वार्षिक प्रतिवेदन यस लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति पश्चात प्राप्त हुने अपेक्षा रहेको छ। वित्तीय विवरणहरु माथिको हाम्रो रायले अन्य जानकारी समावेश गर्दैन र हामी यस सम्बन्धमा कुनै प्रकारको आश्वस्त निस्कर्ष प्रदान गर्दैनौं।

वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारीको अध्ययन गर्नु हो र यसरी अध्ययन गर्दा यस्ता अन्य जानकारीहरु वित्तीय विवरणहरु तथा लेखापरीक्षणको क्रममा प्राप्त हाम्रो ज्ञानसँग सारभूत रुपमा गलत भए/नभएको विचार गर्नुपर्दछ। हाम्रो जिम्मेवारी तथा कार्यहरुको आधारमा यदि अन्य जानकारी सारभूत रुपमा गलत भएको हाम्रो निस्कर्ष रहेमा सो तथ्यलाई हामीले प्रतिवेदनमा समावेश गर्नुपर्दछ। हामीले वार्षिक प्रतिवेदनको अध्ययन गर्दा सोमा सारभूत रुपमा गलत विवरण भएको भन्ने हाम्रो निस्कर्ष रहेमा सो विषयलाई हामीले शासकीय भूमिका वहन गर्नेहरुलाई सूचित गर्नुपर्दछ।

### वित्तीय विवरणहरु उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरणहरु तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापन हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि संस्थाको व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थाको लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकका कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक संस्थालाई अविछिन्न लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। शासकीय कार्यभार वहन गर्ने पक्षले संस्थाको सम्प्रेषण प्रकृया निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण जालसाजी वा त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरणलाई वित्तीय विवरणहरुलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२) लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३) संस्थाको व्यवस्थापनले वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणहरुमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५) संस्थाको व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणहरु सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणहरुले संस्थाको कारोवार र घटनाहरुलाई यथार्थ रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६) अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७) शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस कोषमा २०८२।९।९ मा पठाइएको छ।**

# नेपाल बीमा प्राधिकरण

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### लेखापरीक्षकको राय

हामीले बीमा प्राधिकरणको यसै प्रतिवेदनसाथ संलग्न २०८२ आषाढ ३२ (१६ जुलाई, २०२५) को वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाहको विवरण, ईक्विटीमा भएका परिवर्तनको विवरण र प्रमुख लेखानीतिहरू तथा टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कोषको २०८२ आषाढ मसान्त (तदनुसार १६ जुलाई, २०२५) को वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सारभूत रूपमा यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधार

हामीले नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। प्राधिकरणको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले सोही उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य विषयहरु

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। ती विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय तयार गर्न सम्बोधन गरिएको छ। हामी यी मामिलाहरुमा अलग राय प्रदान गर्दैनौं। लेखापरीक्षणसम्बन्धी मुख्य विषयहरु देहायअनुसारका छन्:

| क्र.सं. | मुख्य लेखापरीक्षणका विषयहरु | लेखापरीक्षकले अवलम्बन गरेका प्रक्रियाहरु |
|---|---|---|
| १. | सेवा शुल्क आम्दानी | अवलम्बन गरेका प्रकृयाहरु:<br>• नेपाल बीमा प्राधिकरणको सेवा शुल्क आम्दानी बीमकहरुको अपरिष्कृत वित्तीय विवरणहरुको आधारमा प्रोदभावी आधारमा लेखाङ्कन गरे/नगरेको परीक्षण गरेका छौं।<br>• हामीले नेपाल बीमा प्राधिकरणमा पेस गरिएका जीवन तथा निर्जीवन बीमकहरुको अपरिष्कृत वित्तीय विवरणहरुमा देखिएको कुल बीमा प्रिमियम आम्दानीको ०.७५ प्रतिशत र लघु बीमकहरुको अपरिष्कृत वित्तीय विवरणहरुमा देखिएको कुल बीमा प्रिमियम आम्दानीको ०.५ प्रतिशत सेवा शुल्क आम्दानीको रुपमा लेखाङ्कन भए/नभएको परीक्षण गरेका छौं।<br>• बीमकहरुको लेखापरीक्षणपश्चात् कुल बीमा प्रिमियम आम्दानीमा फेरबदल भएमा बाँकी रकममा सेवा शुल्क आम्दानी समायोजन भए/नभएको पनि व्यवस्थापनसँग छलफल र चेकजाँच गरेका छौं। |
| २. | मुद्दति निक्षेप लगानी तथा ब्याज आम्दानी | अवलम्बन गरेका प्रक्रियाहरु:<br>• नेपाल बीमा प्राधिकरणले मुद्दति निक्षेपमा गरेको लगानी मुद्दति निक्षेप रसिद र लगानी उप-समितिको निर्णयको आधारमा चेकजाँच गरेका छौं।<br>• मुद्दति निक्षेपमा भएको ब्याज आम्दानी विभिन्न बैङ्कहरुले प्रदान गरेको आम्दानी पुष्टि गर्ने कागजातहरुको आधारमा परीक्षण गरेका छौं। |

| | | |
|---|---|---|
| | | • ब्याज आम्दानी प्रोदभावी आधारमा लेखाङ्कन भए/नभएको र गणना गर्ने आधारको चेकजाँच गरेका छौं। |

### वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी

सम्बन्धित ऐन/नियम र नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्राधिकरणको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले प्राधिकरणको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै प्राधिकरणलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यर्थाथपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। प्राधिकरणको व्यवस्थापनको लागि उत्तरदायी पक्षले प्राधिकरणको वित्तीय सम्प्रेषण निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वस्तता प्राप्त गरी आफ्नो रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वस्तता प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण जालसाजी वा त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुको सो गलत वित्तीय विवरणलाई आधार मानी गरेको आर्थिक निर्णयमा प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरु देहायमा उल्लेख छः

१. वित्तीय विवरणमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य

विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस प्राधिकरणमा २०८३।१।१४ मा पठाइएको छ।**

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## नेपाल पशु चिकित्सा परिषद्

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले नेपाल पशु चिकित्सा परिषद्को यसै प्रतिवेदनसाथ संलग्न २०८२ असार मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार शीर्षकमा उल्लेख भएका विषयले पार्ने असरबाहेक परिषद्को वित्तीय विवरणले २०८२ असार मसान्तको वित्तीय स्थिति तथा उक्त मितिमा अन्त्य भएको आर्थिक वर्षको आम्दानी एवम् खर्च तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तअनुसार सारभूत रुपमा यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **वित्तीय प्रतिवेदिनमानः** संस्थाको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम तयार नगरिएकोले वित्तीय विवरणले सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चको उचित रूपमा वर्गीकरण, मापन तथा जानकारी नेपाल वित्तीय प्रतिवेदनमानमा तोकिएबमोजिम गर्दैन। यस कारणले वित्तीय विवरणका शीर्षकहरू, सम्बन्धित रकमहरू तथा व्याख्यात्मक टिप्पणीहरूमा पर्न सक्ने असरहरुको समष्टिगत रुपमा यकिन गर्न सकिँदैन।

२. **कर विवरणः** आयकर ऐन, २०५८ बमोजिम परिषद्ले व्यावसायिक प्रकृतिको स्थायी लेखा नम्बर लिएकोमा वार्षिक आय विवरण पेस गर्नुपर्नेमा सो गर्ने गरेको छैन। जसकारण हालसम्म आन्तरिक राजस्व विभागको प्रणालीमा परिषद् नन् फाईलर रहेको देखिन्छ। व्यावसायिक प्रकृतिको स्थायी लेखा नम्बर लिई नन् फाईलर रहँदा यसले गर्ने कारोवारमा कानूनी अड्चन हुने अवस्था रहन्छ।

   हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण गर्यौं। ती मान अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्य विषयहरु**

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यी विषयहरुमा अलग राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने विषयमा उल्लेखित व्यहोराबाहेक सञ्चार गर्नुपर्ने कुनै पनि लेखापरीक्षणका मुख्य विषयहरु छैन।

**वित्तीय विवरण उपर व्यवस्थापन र शासकीय कार्यभार वहन गर्ने व्यक्तिको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी परिषद्को व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरू गहन रूपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ। साथै, परिषद्लाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ। परिषद्को व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरू:

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस परिषद्मा २०८२।१२।११ मा पठाइएको छ।**

# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### राय

हामीले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् (जसलाई यसपछि संस्था भनिएको) को यसै प्रतिवेदनसाथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण विवरण, नगद प्रवाहमा भएको परिवर्तनसम्बन्धी विवरण, कोष तथा जगेडामा भएको परिवर्तनसम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संस्थाको संलग्न वित्तीय विवरणले २०८२ असार मसान्तको वित्तीय अवस्थाको स्थिति तथा उक्त अविधिको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधार

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरिक्षणका मुख्य मामिलाहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। सञ्चार गर्नुपर्ने कुनै पनि मुख्य लेखापरीक्षणका विषयहरु छैन।

### वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिकामा रहेकाको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, संस्थालाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले निगमको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरूले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरूः

१. वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरू तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत

आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरू वा परिस्थितिहरूमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरूमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरू वा परिस्थितिहरूका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरूका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरूलाई उचित रूपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रतासम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस परिषद्मा २०८२।१२।८ मा पठाइएको छ।**

# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् (२०८०।८१)

## लेखापरीक्षकको राय सहितको प्रतिवेदन

### राय

हामीले पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को यसैसाथ संलग्न २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान विवरण विवरण, नगद प्रवाहमा भएको परिवर्तनसम्बन्धी विवरण, कोष तथा जगेडामा भएको परिवर्तनसम्बन्धी विवरण एवम् प्रमुख लेखानीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असरबाहेक परिषद्को वित्तीय विवरणले २०८१ असार मसान्तको वित्तीय स्थिति, उक्त अवधिको नाफा/नोक्सान तथा नगद प्रवाहको स्थितिको प्रचलित नेपाल वित्तीय प्रतिवेदनमानमा भएको व्यवस्था अनुरुप यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधारहरु

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। परिषद्को वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। राय व्यक्त गर्ने आधार खण्डमा उल्लेखित व्यहोराबाहेक सञ्चार गर्नुपर्ने कुनै पनि मुख्य लेखापरीक्षणका विषयहरु छैन।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी निगमको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले परिषद्को अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आङ्कलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, परिषद्लाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। परिषद्को व्यवस्थापनको लागि उत्तरदायी पक्षले निगमको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधैं पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारीसम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत

आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरणसम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजनाअनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस परिषद्मा २०८२।४।२६ मा पठाइएको छ।**

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## गुठी संस्थान (२०७९।८०)

### लेखापरीक्षकको राय सहितको प्रतिवेदन

**लेखापरीक्षकको कैफियत सहितको राय**

हामीले गुठी संस्थानको २०७९।८० को यस प्रतिवेदन साथ संलग्न केन्द्रिय आय-व्यय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो रायमा संलग्न केन्द्रिय आय-व्यय विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक गुठी संस्थानको २०८० आषाढ मसान्तको आय व्ययको सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **स्थिर सम्पत्तिः** संस्थानले आफ्नो स्वामित्वमा भएको जग्गा, भवनहरु, कार्यालय उपकरणहरु तथा अन्य स्थिर चल तथा अचल सम्पत्तिको लगत दुरुस्त तथा अद्यावधिक राखेको देखिँदैन। संस्थानले आफ्नो सम्पत्तिको संरक्षण र नियन्त्रणको लागि भौतिक परीक्षण नगरेको तथा संकेत सहितको लगत राख्ने गरेको छैन।

२. **वक्यौता असुलीः** संस्थानको स्वीकृति वा बिना स्वीकृति गुठी जग्गाको उपयोग भएकोमा रु.१६ अर्ब ७२ करोड २४ लाख ९९ हजार रकम २०७९।८० सम्म संस्थानले लिनुपर्ने भनी प्रत्येक वर्ष संस्थाको नीति, कार्यक्रम तथा बजेट राख्ने गरेको देखिन्छ। उपरोक्त बाँकी वक्यौता रकम संस्थानले सरकारको विभिन्न मितिमा भएको निर्णयअनुसार पाउनुपर्ने वक्यौता नेपाल सरकारसँग पत्राचार गरी उठाउनुपर्ने तर्फ् कुनै कारवाही बढाएको देखिँदैन।

३. **जग्गाको अतिक्रमणः** गुठी संस्थानको नाममा रहेका जग्गा अतिक्रमण नहुने गरी कुनै कदम नचालिएको र प्राप्त विवरणअनुसार धनुषा जिल्लामा ४३.५ विगाहा, महोत्तरीमा १२२ विगाहा, बारामा २७ विगाहा, पर्सामा ७ विगाहा तथा काठमाडौं, ललितपुर र भक्तपुरमा गरी क्रमशः १४, १२ र २ रोपनी जग्गा अतिक्रमण भएको देखिन्छ। यद्यपी संस्थानले यसको पूर्ण लगत भने तयार नगरेकोले बाँकी सबै जसो जिल्लामा भएका अतिक्रमण भएका जग्गाको एकीकृत तथा अद्यावधिक लगत तयार गरेको छैन।

४. **लेखा प्रणालीः**

- गुठी संस्थानले २०८० आषाढ मसान्तको नेपाल वित्तीय प्रतिवेदनमान वा नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धि लेखानीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरण उपलब्ध नगराई २०७९।८० को आर्थिक विवरण मात्र उपलब्ध गराएको हुँदा हामीले गुठी संस्थानको यसै प्रतिवेदन साथ संलग्न २०८० आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरणको लेखापरीक्षण गरी प्रतिवेदन गरेका छौं।
- गुठी संस्थानको आर्थिक प्रशासन विनियमावली, २०६३ को विनियम ४.१(१) बमोजिम संस्थानको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित हुनेछ भन्ने व्यवस्था रहेकोमा संस्थानले भौचर तयार गर्दा दोहोरो लेखा प्रणाली अवलम्बन गरेको भएता पनि स्थिर सम्पत्ति खरिदलाई सिधै खर्चमा लेखाङ्कन गरेको, स्थिर सम्पत्तिमा घर, टहरा, मठ, मन्दिर, गाडी आदिको मूल्याङ्कन सहितको अद्यावधिक लेखाङ्कन नभएको, पेस्कीको किताब अद्यावधिक नरहेको, ऐनअनुसार गुठीका अधिनमा कायम भएका जग्गाहरुको लगत अद्यावधिक नरहेको तथा त्यसको मूल्याङ्कन नभएको, उठनुपर्ने राजश्वको हिसाब राख्ने नगरेको तथा स्थिर सम्पत्ति, लिनुपर्ने, दिनुपर्ने, खर्च तथा आम्दानीको सन्तुलन परीक्षण तयार नगरेको कारण संस्थानको लेखा ऐन र विनियमावली अनुरुप दोहोरो लेखा प्रणालीको आधारमा राखिएकोमा विश्वस्त हुने आधार देखिएन।

- संस्थानको घर टहरा, पोखरी तथा जग्गाको आयलाई प्रोदभावीको आधारमा राखिएको छ भने जग्गाबाट उठेको नगद तथा जिन्सी, मालपोतलगायतको आयलाई नगद लेखा प्रणालीमा लेखाङ्कन गरेको र बाँकी वक्यौताको हिसाब गरी आयमा राख्ने गरेको देखिँदैन।
- संस्थानले राजश्वको बैङ्क खाता नेपाल राज्यभरको एउटै रहेको, राजश्वको वक्यौताको हिसाब नगरेकोले सबै कार्यालयबाट उठेको राजश्व सबै नै राजश्व खातामा जम्मा भएको यकिन गर्ने गरी बैङ्क हिसाब भिडान भएको देखिँदैन। साथै, संस्थानले समयमै बैङ्क हिसाब मिलान तथा भिडान विवरण तयार नगर्ने तथा आवश्यक हिसाब समायोजन नगर्ने भएकोले स्रोत नखुलेका निक्षेप दाखिला रकमलाई आर्थिक विवरणमा अस्पष्ट आम्दानी भनी खुलाएको पाइयो। यस वर्ष गुठी कोषको आर्थिक विवरणमा रु.१९ लाख २६ हजार, गुठीको साधारण आयमा रु.५७ लाख ९८ हजार र पेन्सन कोषको आर्थिक विवरणमा रु.५३ लाख ५४ हजार अष्पष्ट आय भनी देखाइएको छ।
- संस्थानले यस वर्ष रु.२५ लाख २५ हजारको पुँजीगत खरिदलाई स्थिर सम्पत्तिमा पुँजीगत खर्च नदेखाई आर्थिक विवरणमा लेखाङ्कन गरेको छ भने दिएको पेस्की रकमलाई पेस्की फछर्यौट नहुँदै खर्चमा समावेश गर्ने गरेको पनि देखिन्छ। यसबाट संस्थानको पुँजीगत खर्च तथा सञ्चालन खर्च यकिन हुन सकेन।

५. **आम्दानीः** संस्थानको यस वर्षको आम्दानी रु.४२ करोड ४५ लाख ९७ हजार रहेको देखिन्छ। संस्थानले घर पसल बहाल,तैनथी जग्गा, बगैंचा, पोखरी, आदिको ठेक्काबापत प्राप्त गर्न बाँकी रकम संस्थानले प्रोदभावी रुपमा लेजरमा देखाउने गरेता पनि बाँकी रकम आर्थिक विवरणमा उल्लेख गर्ने नगरी असुल उपर भएको नगद मात्र आर्थिक विवरण देखाउने गरेको सो हिसाबको लेजर रिकर्ड अद्यावधिक भएको देखिँदैन भने संस्थानको जग्गाको मालपोत तथा कुतको हिसाब भने नगद आधार मात्र लेखाङ्कन गर्ने गरेबाट मालपोतलगायतको उठ्नु पर्ने रकम संस्थानले यकिन गरेको देखिँदैन। यसबाट संस्थानले आर्थिक विवरणमा देखाएका आयको रकम संस्थानको वास्तविक हुनुपर्ने आयभन्दा कम तथा अपुरो देखिन आएको देखिन्छ।

हामीले नेपाल सरकार लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान वा नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसार वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आँकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, संस्थानलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न संस्थालाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटि भएमा सो त्रुटि सधैं पत्ता लाग्छ भन्ने छैन। त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु निम्नानुसार छन्:

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचनालगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटि पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
- लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शङ्का उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यान आकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ। शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

❖ **माथि उल्लिखित प्रतिवेदनमा समावेश विषयको विस्तृत बेहोरा त्यस परिषद्मा २०८२।४।२६ मा पठाइएको छ।**

## अनुसूची २: पूर्ण स्वामित्व भएका संस्थाको लेखापरीक्षण बक्यौता

| सि.नं. | संस्था | आर्थिक वर्ष | संख्या |
|---|---|---|---|
| १ | नेपाल पर्यटन बोर्ड | २०७४।७५ देखि २०८१।८२ | ८ |
| २ | नेपाल रेल्वे कम्पनी | २०७८।७९ देखि २०८१।८२ | ४ |
| ३ | राष्ट्रिय सहकारी नियमन प्राधिकरण | २०७९।८० देखि २०८१।८२ | ३ |
| ४ | गोरखापत्र संस्थान | २०७९।८० देखि २०८१।८२ | ३ |
| ५ | उदयपुर सिमेन्ट उद्योग लिमिटेड | २०७९।८० देखि २०८१।८२ | ३ |
| ६ | हेटौंडा सिमेन्ट उद्योग लिमिटेड | २०८०।८१ र २०८१।८२ | २ |
| ७ | गुठी संस्थान | २०८०।८१ र २०८१।८२ | २ |
| ८ | तारा गाउँ विकास समिति | २०८०।८१ र २०८१।८२ | २ |
| ९ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | २०८०।८१ र २०८१।८२ | २ |
| १० | नेपाल टेलिभिजन संस्थान | २०८०।८१ र २०८१।८२ | २ |
| ११ | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | २०८१।८२ | १ |
| १२ | नेपाल वायुसेवा निगम | २०८१।८२ | १ |
| १३ | नेपाल खानेपानी संस्थान | २०८१।८२ | १ |
| १४ | खाद्य व्यवस्था तथा व्यापार कम्पनी | २०८१।८२ | १ |
| १५ | काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | २०८१।८२ | १ |
| १६ | दुग्ध विकास संस्थान | २०८१।८२ | १ |
| १७ | वन पैदावार विकास समिति | २०८१।८२ | १ |
| १८ | नेपाल धितोपत्र बोर्ड | २०८१।८२ | १ |
| १९ | नेपाल नागरिक उड्डयन प्राधिकरण | २०८१।८२ | १ |
| २० | सामाजिक सुरक्षा कोष | २०८१।८२ | १ |
| | **जम्मा** | | ४१ |

## अनुसूची २कः अधिकांश स्वामित्व भएका संस्थाको लेखापरीक्षण बक्यौता

| सि.नं. | संस्था | आर्थिक वर्ष | संख्या |
|---|---|---|---|
| १ | नेपाल ओरिण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड | २०६५।६६ देखि २०८१।८२ | १७ |
| २ | राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड | २०७६।७७ देखि २०८१।८२ | ६ |
| ३ | साझा प्रकाशन सहकारी संस्था लिमिटेड | २०७८।७९ देखि २०८१।८२ | ४ |
| ४ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | २०७८।७९ देखि २०८१।८२ | ४ |
| ५ | विशाल बजार कम्पनी लिमिटेड | २०७८।७९ देखि २०८१।८२ | ४ |
| ६ | गोरखकाली रबर उद्योग लिमिटेड | २०७९।८० देखि २०८१।८२ | ३ |
| ७ | विराटनगर जुट मिल्स | २०७९।८० देखि २०८१।८२ | ३ |
| ८ | काठमाडौं उपत्यका खानेपानी लिमिटेड | २०८०।८१ र २०८१।८२ | २ |
| ९ | अपर तामाकोशी जलविद्युत कम्पनी | २०८१।८२ | १ |
| १० | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र | २०८१।८२ | १ |
| ११ | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | २०८१।८२ | १ |
| १२ | नेपाल मेटल कम्पनी लिमिटेड | २०८१।८२ | १ |
| १३ | साझा यातायात सहकारी संस्था लिमिटेड | २०८१।८२ | १ |
| | **जम्मा** | | **४८** |

महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं
नेपाल